
संघीय संसद्, प्रतिनिधि सभामा पेश गरेको छानबिन प्रतिवेदन, २०७९

सर्वोच्च अदालतको प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबराको विरुद्ध संघीय संसद्, प्रतिनिधि सभामा नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६१ बमोजिम पेश भएको महाभियोगको प्रस्ताव सम्बन्धी छानविन

प्रतिवेदन



संघीय संसद

प्रतिनिधि सभा

महाभियोग सिफारिस समिति

असोज, २०७९

मितिः २०७९।०६।०१

सम्माननीय सभामुखज्यू,
प्रतिनिधि सभा,
सिंहदरबार।

विषयः <u>छानबिन अनुसन्धान प्रतिवेदन पेश गरेको।</u>

सर्वोच्च अदालतको प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवराको विरुद्धमा संघीय संसद्, प्रतिनिधि सभाका ९८ जना माननीय सदस्यहरुले पेश गर्नु भएको महाभियोग प्रस्ताव प्रतिनिधि सभाको २०७९।०४।२२ को बैठकको निर्णयअनुसार मिति २०७९।०४।२४ मा यस समितिमा प्राप्त हुन आएको थियो। उक्त प्रस्तावमा उल्लेख भएका आरोपहरुको बारेमा छानबिन गरी प्रस्तावमा उल्लेख भएका विषयहरुको आधार र कारण विद्यमान भए नभएको सम्बन्धमा समितिको निष्कर्ष सहितको यो प्रतिवेदन प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६४ को प्रयोजनको लागि यसै साथ संलग्न गरी सम्माननीय सभामुखज्यू मार्फत सम्मानीत प्रतिनिधि सभा समक्ष पेश गरेको छु।

राम बहादुर विष्ट
सभापति
महाभियोग सिफारिस समिति

मन्तव्य

संघीय संसद, प्रतिनिधि सभाका माननीय सदस्य श्री देव प्रसाद गुरुङ्ग, माननीय सदस्य श्री पुष्पा भुसाल र माननीय सदस्य श्री जीवन राम श्रेष्ठ प्रस्तावक र माननीय सदस्य श्री मिनेन्द्र प्रसाद रिजाल समेत ९८ जना माननीय सदस्यहरुले सर्वोच्च अदालतका प्रधान न्यायाधीश श्री चोलन्द्र शमशेर जबराको विरुद्ध संघीय संसद सचिवालयमा मिति २०७८।११।०१ गते महाभियोगको प्रस्ताव दर्ता गराउनु भएको थियो। नेपालको संविधानको धारा १०१ को उपधारा (३) बमोजिम प्रतिनिधि सभाको मिति २०७८।११।२२ मा बसेको बैठकबाट महाभियोग सिफारिस समितिको गठन भएको थियो। महाभियोगको प्रस्ताव पेश गर्ने आधार र कारण विद्यमान भए नभएको छानबिन गरी प्रतिवेदन पेश गर्न प्रतिनिधि सभाको मिति २०७९।४।२२ को बैठकको निर्णअनुसार मिति २०७९।४।२४ गते महाभियोग सिफारिस समितिमा महाभियोगको प्रस्ताव प्राप्त भयो। समितिमा महाभियोगको प्रस्ताव प्राप्त भएपछि उक्त प्रस्तावको सम्बन्धमा अनुसन्धान एवं छानविन गर्ने प्रयोजनको लागि मिति २०७९।५।०१ गते देखि समितिको बैठक प्रारम्भ गरी विस्तृत अध्ययन, प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरासँग सोधपुछ एवम् बयान लिने तथा सरोकार वाला व्यक्ति सँग प्रमाण एवम् जानकारी लिने काम गरियो।

महाभियोग जस्तो गम्भीर विषयवस्तुको छानबिन एवं अनुसन्धान गरी छोटो समयमा प्रतिवेदन पेश गर्ने कार्य आफैमा चुनौतिपूर्ण हुँदा हुँदै पनि समितिले आफ्नो जिम्मेवारी तोकिएको समयसिमा भित्रै पूरा गरी मिति २०७९।६।०१ मा नै प्रतिवेदन तयार गरेको थियो। उक्त प्रतिवेदन समितिको बैठकमा पेश भएपछि समितिमा समेत विस्तृत छलफल पश्चात् आवश्यक परिमार्जन समेत गरियो। समितिले आफ्नो कार्य सम्पन्न गर्ने क्रममा विभिन्न कानुन व्यवसायीहरुसँग तथा अन्य सम्बद्ध निकायसँग छलफल गर्नुका साथै प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबराले विभिन्न मुद्दामा गरेका आदेश एवम् फैसला समेतको पनि अध्ययन गरिएको थियो।। विस्तृत अधययन, सोधपुछ एवम् बयान लिने तथा छलफल एवं अनुसन्धानबाट देखिन आएको तथ्यहरुको आधारमा अनुसूची सहितको यो प्रतिवेदन तयार गरी मिति २०७९।६।०१ गतेको बैठकको निर्णय बमोजिम सम्माननीय सभामुखज्यू मार्फत यस गरिमामय सदन समक्ष पेश गरेको छु।

अन्त्यमा, समितिको बैठकमा नियमित उपस्थित भई यो प्रतिवेदन तयार गर्ने कार्यमा महत्वपूर्ण योगदान दिनु हुने सबै माननीय सदस्यहरुलाई हार्दिक धन्यवाद दिन्छु।

यो प्रतिवेदन तयार गर्ने क्रममा छलफलमा आउनु भएका विभिन्न कानुन व्यवसायी लगायत समितिको सूचना बमोजिम विभिन्न कागजात उपलब्ध गराई सहयोग गर्ने सबै सम्बद्ध निकाय एवम् व्यक्तिहरुलाई समेत समितिको तर्फबाट धन्यवाद ज्ञापन गर्दछु।

साथै, समितिको बैठक संचालन र यो प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न समिति सचिव श्री लक्ष्मी प्रसाद गौतम एवम् समितिको सचिवालयमा रहि समितिको कार्यसम्पादनमा सहयोग गर्नु भएका सचिवालयका कर्मचारीहरुको सहयोगको सह्राहना गर्दछु।

धन्यवाद।

राम बहादुर विष्ट
सभापति
महाभियोग सिफारिस समिति

मितिः २०७९।६।०१

महाभियोग सिफारिस समितिमा रहनु भएका माननीय सदस्यहरुको विवरण :

क्र.सं.	माननीय सदस्यहरुको नाम	पद	हस्ताक्षर
१.	माननीय श्री राम बहादुर विष्ट	सभापति	
२.	माननीय श्री एकवाल मियाँ	सदस्य	
३.	माननीय श्री कल्याणी कुमारी खड्का	सदस्य	
४.	माननीय श्री कृष्णभक्त पोखरेल	सदस्य	
५.	माननीय श्री प्रमोद साह	सदस्य	
६.	माननीय श्री मिन बहादुर विश्वकर्मा	सदस्य	
७.	माननीय श्री यशोदा गुरुङ सुवेदी	सदस्य	
८.	माननीय श्री रेखा शर्मा	सदस्य	
९.	माननीय श्री लालबाबु पण्डित	सदस्य	
१०.	माननीय श्री विष्णुप्रसाद पौडेल	सदस्य	
११.	माननीय डा. शिवमाया तुम्बाहाङ्फे	सदस्य	

संघीय संसद

प्रतिनिधि सभा

महाभियोग सिफारिस समिति

२०७९

विषयसूची

			पेज नं.
परिच्छेद - १ प्रारम्भिक			
१.१	पृष्ठभूमि		१-२
१.२	समितिको कार्य क्षेत्र		२
१.३	छानबिनको विधि		२-३
१.४	छानबिनको सीमा		३-४
परिच्छेद - २ कार्य प्रारम्भ तथा विवरण संकलन सम्बन्धी			
२.१	कार्य प्रारम्भ		५
२.२	पत्राचारको विवरण		५-७
२.३	विभिन्न निकायबाट प्राप्त हुन आएका पत्रहरुको संक्षिप्त विवरण		८-२४
२.४	विभिन्न व्यक्ति तथा पदाधिकारीबाट स्वेच्छाले प्राप्त हुन आएका जानकारीहरुको संक्षिप्त विवरण		२५-३०
परिच्छेद — ३ महाभियोग प्रस्तावसम्बन्धी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय अभ्यास सम्बन्धी सामान्य जानकारी			
३.१	महाभियोगको प्रस्ताव		३१
३.२	महाभियोग सम्बन्धी केही अन्तर्राष्ट्रिय अभ्यास		३१-३२
३.३	नेपालमा महाभियोग प्रस्ताव सम्बन्धी व्यवस्था		३३
३.४	संवैधानिक व्यवस्था		३३-३४
३.५	प्रतिनिधि सभा नियमावली, २०६५ मा भएको व्यवस्था		३४-३८
३.६	महाभियोग प्रस्ताव सम्बन्धी संसदीय प्रक्रिया		३९-४१
परिच्छेद — ४ अध्ययन, छानबिन तथा विश्लेषण			
४.१	अध्ययन		४२-५३
४.२	छानबिन तथा विश्लेषण		५४-५७

परिच्छेद — ५ कानुन व्यवसायीहरुले व्यक्त गरेको विचार एवम् तथ्यहरुको संक्षिप्त विवरण		
५	कानुन व्यवसायीहरुले व्यक्त गरेको विचार एवम् तथ्यहरुको संक्षिप्त विवरण	५८-६७
परिच्छेद — ६ निष्कर्ष तथा सिफारिस		
६	निष्कर्ष तथा सिफारिस	६७-६८

परिच्छेद -१

प्रारम्भिक

१.१ पृष्ठभूमि

नेपालको संविधानको धारा १०१ को उपधारा (३) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६२ को उपनियम (१) बमोजिम संघीय संसद्, प्रतिनिधि सभाको मिति २०७८।११।२२ को निर्णयबाट महाभियोग सिफारिस समिति गठन भएको हो। संविधान र कानुनको गम्भीर उल्लंघन गरेको, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको वा आचार संहिताको गम्भीर उल्लंघन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको आधारमा प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्यले नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीका विरुद्ध महाभियोगको प्रस्ताव पेश गर्न सक्ने र त्यसरी प्रस्ताव पेश गर्ने आधार र कारण विद्यमान भए नभएको छानबिन गरी प्रतिनिधि सभामा सिफारिस सहितको प्रतिवेदन प्रस्तुत गर्ने प्रयोजनको लागि एघार सदस्यीय महाभियोग सिफारिस समिति रहने संवैधानिक र कानुनी व्यवस्था छ। त्यस्तो प्रस्ताव प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतबाट पारित भएमा सम्बन्धित व्यक्ति पदबाट मुक्त हुनेछ। साथै, संविधानको धारा १०१ को उपधारा (५) बमोजिम महाभियोगबाट पदमुक्त हुने व्यक्तिले संविधानको गम्भीर उल्लंघन गरेको वा कार्यक्षमताको अभाव वा खराब आचरण वा पदीय दायित्वको पालन इमानदारीपूर्वक नगरेको वा आचार संहिताको गम्भीर उल्लंघन गरेको भन्ने आधारमा प्राप्त सूचना, जानकारी वा उजूरी ग्राह्य रहेको भनी प्रतिनिधि सभाका कम्तीमा तीन जना सदस्यले प्रमाणित गरी पेश गरेमा महाभियोग सिफारिस समितिले त्यस्तो उजूरीमाथि संघीय कानुन बमोजिम छानबिन गरी महाभियोग सम्बन्धी कारबाहीका लागि प्रतिनिधि सभा समक्ष सिफारिस गरेमा महाभियोगको प्रस्ताव पेश हुन सक्ने संवैधानिक व्यवस्था रहेको छ।

नेपालको संविधानको धारा १०१ को उपधारा (३) र प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६२ को व्यवस्था बमोजिम प्रतिनिधि सभाको मिति २०७८।११।२२ को बैठकको निर्णयले संघीय संसदका ११ जना माननीय सदस्यहरु रहनु भएको देहाय बमोजिमको महाभियोग सिफारिस समितिको गठन भएको।

क्र.सं.	माननीय सदसयहरुको नाम
१	माननीय एकवाल मियाँ
२.	माननीय श्री कल्याणी कुमारी खड्का
३.	माननीय श्री कृष्णभक्त पोखरेल
४.	माननीय श्री प्रमोद साह
५.	माननीय श्री मिन बहादुर विश्वकर्मा
६.	माननीय श्री यशोदा गुरुङ सुवेदी

७.	माननीय श्री राम बहादुर विष्ट
८.	माननीय श्री रेखा शर्मा
९.	माननीय श्री लालबाबु पण्डित
१०.	माननीय श्री विष्णुप्रसाद पौडेल
११.	माननीय डा. शिवमाया तुम्बाहाङ्फे

सर्वोच्च अदालत (यसपछि "अदालत" भनिएको) को प्रधान न्यायाशीश श्री चोलेन्द्र शमशेर जवराको विरुद्धमा प्रतिनिधि सभाका माननीय सदस्य श्री देव प्रसाद गुरुङ्ग, माननीय सदस्य श्री पुष्पा भुसाल र माननीय सदस्य श्री जीवन राम श्रेष्ठ प्रस्तावक र माननीय सदस्य श्री मिनेन्द्र प्रसाद रिजाल समेत ९८ जना माननीय सदस्यहरुको हस्ताक्षर सहितको महाभियोगको प्रस्ताव नेपालको संविधानको धारा १०१ को उपधारा (२) बमोजिम मिति २०७८।११।०१ गते संघीय संसद सचिवलायमा दर्ता भएको थियो। मिति २०७८।११।०१ मा प्रधान न्यायाधीश श्री चोलेन्द्र जबरालाई नेपालको संविधानको धारा १०१ को उपधारा (६) बमोजिम कार्य सम्पादन गर्न नपाउने पत्र संघीय संसद सचिवलायबाट पठाइएको थियो।

यसरी दर्ता भएको महाभियोगको प्रस्ताव सम्बन्धमा प्रतिनिधि सभाको विभिन्न मितिमा बसेका बैठकहरुमा छलफल भए पश्चात प्रतिनिधि सभाको मिति २०७९/०४/२२ को बैठकको निर्णय बमोजिम संघीय संसद सचिवालय, कार्यव्यवस्था शाखाको प.सं. २०७९।८० च.नं. ०६ मिति २०७९।०४।२३ को पत्रसाथ मिति२०७९/०४/२४ गते महाभियोग सिफारिस समितिमा उक्त प्रस्ताव प्राप्त हुन आएको थियो। महाभियोगको प्रस्ताव पेश गर्ने आधार र कारण विद्यमान भए नभएको छानबिन गरी सिफारिस पेश गर्ने प्रयोजनको निमित्त समितिमा विभिन्न मितिमा पटक-पटक बैठक बसी विस्तृत अध्ययन एवं छलफल तथा प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरासँग सोधपुछ एवं बयान समेत गरिएको थियो। त्तपश्चात समितिको मिति २०७९/०६/०१ गते बसेको निर्णयबाट उक्त प्रस्ताव उपर छानबिन गरी .....।

१.२ समितिको कार्य क्षेत्र

महाभियोगको प्रस्ताव उपर छानबिनको प्रयोजनको लागि समितिले आफ्नो आन्तरिक कार्यविधि बनाई उक्त कार्यविधि मिति २०७९।०५।०८ को निर्णयअनुसार पारित गरेको थियो। प्रतिनिधि सभा नियमावली, २०७५ ले तोकेको कार्यविधि र समितिको महाभियोग सिफारिस समितिको आन्तरिक कार्यविधि, २०७९ मा व्यवस्था भए बमोजिमका कार्यक्षेत्र भित्र सिमित रहेर समितिले आफ्नो कार्य सम्पन्न गरेको छ।

१.३ छानबिनको विधि

महाभियोगको प्रस्तावको आधार र कारण भए नभएको छानबिन गरी प्रतिवेदन पेश गर्न प्रतिनिधि सभाको मिति २०७९।०४।२२ को बैठकको निर्णयअनुसार मिति २०७९।०४।२४ गते महाभियोग सिफारिस समितिमा महाभियोगको प्रस्ताव प्राप्त भयो। सर्वप्रथम मिति २०७९।०५।०८ मा समितिको

कार्यविधि निर्माण गरियो। समितिमा महाभियोगको प्रस्ताव प्राप्त भएपछि उक्त प्रस्तावको सम्बन्धमा अनुसन्धान एवं छानबिन गर्ने प्रयोजनको लागि मिति २०७९/०५/०१ गते देखि समितिको बैठक प्रारम्भ गरी विस्तृत अध्ययन गरियो। समितिको विभिन्न बैठकहरुमा महाभियोगको प्रस्ताव सम्बन्धमा विस्तृत अध्ययन एवं छलफल भएपछि उक्त प्रस्तावमा उल्लिखित विषयवस्तुका सम्बन्धमा आवश्यक अनुसन्धान एवं छानबिन गरियो। साथै समितिले महाभियोग आरोपका सम्बन्धमा प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरासँग सोधपुछ एवं बयान समेत गरेको थियो।

महाभियोगको प्रस्ताव पेश गर्ने आधार र कारण विद्यमान भए नभएको सम्बन्धमा छानबिन गर्न देहाय बमोजिमको विधि अवलम्बन गरिएको थियो।

१. महाभियोगको लगाइएको आरोपसँग सम्बन्धित विषयमा प्रमाण, कागजात तथा जानकारी समितिमा उपलब्ध गराइदिन यस विषयमा सरोकार राख्ने निकाय वा व्यक्ति सबैबाट सार्वजनिक सूचना प्रकाशन गरी त्यस्तो प्रमाण कागजात माग गर्ने निर्णय भएअनुसार त्यस्तो प्रमाण, कागजात तथा जानकारी समितिमा उपलब्ध गराइदिन गोरखापत्र राष्ट्रिय दैनिकमा मिति २०७९/०५/१० गते समितिले सूचना प्रकाशन गरेको।
२. महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयमा कानुन तथा न्याय क्षेत्रसँग सम्बन्धित राष्ट्रियस्तरका संघ संस्था वा निकायसँग पत्राचार गरी सम्बन्धित कागजात, विवरण तथा जानकारी माग गर्ने निर्णय भएअनुसार नेपाल बार एशोसियशन लगायतका संघ संस्थासँग कागजात, विवरण तथा जानकारी उपलब्ध गराउन समितिबाट पत्राचार गरिएको।
३. महाभियोगको आरोप सम्बन्धमा प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरासँग सोधपुछ एवम् बयान लिइएको।
४. श्री चोलेन्द्र शमशेरको कार्यकालमा भए गरेका कार्य तथा उहाँ समेतबाट भएका आदेश तथा फैसलाको सम्बन्धमा अध्ययन एवं छलफल गरेको।
५. महाभियोग प्रस्तावमा उल्लेख भएका सम्बद्ध पदाधिकारी तथा व्यक्तिलाई बैठकमा आमन्त्रण गरी छलफल गरेको।
६. प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबराले बयानका क्रममा नाम लिएका व्यक्ति तथा पदाधिकारीलाई आमन्त्रण गरी छलफल गरेको।

१.४ छानबिनको सीमा

महाभियोगको प्रस्तावमा माननीय सदस्यहरुले उठाउनु भएका विषयवस्तुको आधारमा खास गरी छानबिनको दायरालाई देहाय बमोजिमको बुँदाहरुमा केन्द्रीत रही छानबिन तथा अनुसन्धान गरिएको थियोः-

१. प्रतिनिधि सभाका माननीय सदस्यहरु ९८ जनाले दर्ता एवं पेश गर्नु भएको महाभियोग प्रस्तावका आरोपहरुका सम्बन्धमा अध्ययन एवं छलफल गरिएको।

२. महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयमा कानुन तथा न्याय क्षेत्रसँग सम्बन्धित राष्ट्रियस्तरका संघसंस्था वा निकायसँग पत्राचार गरी कागजात विवरण तथा जानकारी माग गरिएकोमा ती संघसंस्था वा निकायबाट प्राप्त भएका कागजातको अध्ययन एवं विश्लेषण गरिएको।
३. महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयमा प्रमाण, कागजात तथा जानकारी समितिमा उपलब्ध गराइदिन यस विषयमा सरोकार राख्ने निकाय वा व्यक्तिबाट सार्वजनिक सूचना प्रकाशन गरी प्रमाण कागजात तथा जानकारी माग गरिएकोमा, प्राप्त प्रमाण, कागजात तथा जानकारीको अध्ययन एवं विश्लेषण गरिएको।
४. प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबराले गरेका आदेश एवं फैसलाको अध्ययन एवं विश्लेषण गरिएको।

संघीय संसद, प्रतिनिधि सभाका सदस्यले महाभियोग प्रस्तावमा उल्लेख गरेका महाभियोग लगाउनु पर्ने कारण तथा आधारहरुको सन्दर्भमा अध्ययन गर्ने सिलसिलामा विभिन्न निकाय, संस्था र व्यक्तिहरुसँग औपचारिक तथा अनौपचारिक छानबिन, सोधपुछ, अन्तरक्रिया एवं छलफल गरियो। सोही सिलसिलामा विभिन्न निकायमा पत्राचार पनि गरिएको थियो। पत्राचार पश्चात प्राप्त हुन आएका पत्रहरुमा उल्लिखित व्यहोरामा कुनै अस्पष्टता भएको विषयमा सम्बद्ध पदाधिकारीसँग पुनःआमन्त्रण गरी छलफल गर्ने कार्य पनि गरियो। साथै, महाभियोगको प्रस्तावसँग सम्बन्धित विषयका सन्दर्भमा सचिवालयमा स्वेच्छाले निवेदन, कागजात तथा जानकारीहरु पनि प्राप्त हुन आएका थिए।

परिच्छेद -२

कार्य प्रारम्भ तथा विवरण संकलन सम्बन्धी

२.१ कार्यप्रारम्भ

समितिले निर्धारण गरेको छानबीनको विधि तथा सीमा अनुरुप महाभियोगको प्रस्ताव उपर छानबिन प्रारम्भ गर्ने क्रममा समितिको मिति २०६९/०५/०८ को निर्णयानुसार सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरालाई मिति २०७९/०५/१५ गते बुधबार विहान ११:०० बजे सोधपुछ तथा बयानको लागि समिति समक्ष उपस्थित हुन अनुरोध गरिएको थियो र महाभियोगमा लगाइएको आरोपसँग सम्बन्धित विषयमा कानुन तथा न्याय क्षेत्रसँग सम्बन्धित राष्ट्रियस्तरका संघ संस्था वा निकायसँग पत्राचार मार्फत र महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयमा प्रमाण कागजात तथा जानकारी समितिमा उपलब्ध गराईदिन यस विषयमा सरोकार राख्ने निकाय तथा व्यक्ति सबैबाट सार्वजनिक सूचना प्रकाशन गरी त्यस्तो प्रमाण कागजात वा जानकारी उपलब्ध गराईदिन अनुरोध गरिएको थियो।

२.२ पत्राचारको विवरण

क्र.सं.	पत्रको मिति	चलानी नं.	पत्राचार गरिएको निकाय/व्यक्ति	पत्राचारको विवरण	कैफियत
१	०५/०९/२०७९	२१	सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा	नेपालको संविधानको धारा १०१ को उपधारा (३) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६२ बमोजिम गठित महाभियोग सिफारिस समितिको निर्णयानुसार मिति २०७९/०५/१५ गते बुधबार विहान ११:०० बजे सोधपुछ तथा बयानको लागि समिति समक्ष उपस्थित हुन अनुरोध	
२	०५/०९/२०७९	२२	नेपाल बार एशोसियशन	महाभियोग सिफारिस समितिको निर्णयानुसार महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयका कागजात, विवरण तथा जानकारी तीन (३) दिनभित्र समिति समक्ष उपलब्ध गराई दिनु हुन अनुरोध	
३		२३	सर्वोच्च अदालत बार एशोसियशन		
४		२४	कानुन व्यवसायी संघ		
५		२५	नेपाल डेमोक्रेटिक लयर्स एशोसियशन		
६		२६	गणतान्त्रिक प्रगतिशील कानुन		

			व्यवसायी संगठन		
७		२७	प्रगतिशील तथा पेशागत कानुन व्यवसायी संगठन		
८		२८	संघीय कानुन व्यवसायी संघ		
९		२९	समाजवादी कानुन व्यवसायी संगठन		
१०		३३	पूर्व न्यायाधीश फोरम नेपाल		
११	०५/०९/२०७९	३०	गोरखापत्र संस्थान	महाभियोग सिफारिस समितिको सूचना मिति २०७९/०५/१० मा प्रकाशन हुने व्यवस्थाको लागि अनुरोध	सूचना प्रकाशन
१२	०५/२९/२०७९	३८	सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री दीपक कुमार कार्की	सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शमसेर ज.ब.रा.ले संविधान विपरित तथा पदीय जिम्मेवारी विपरितका कार्यहरु गरी नेपालको संविधानको धारा १०१ को उपधारा (२) मा व्यवस्था भए बमोजिम निजले संविधान र कानुनको गम्भीर उल्लंघन गरेको, कार्यक्षमताको अभाव भएको, खराब आचरण भएको, इमानदारी पूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको र आचार संहिताको गम्भीर उल्लंघन गरेको भनि नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६१ समेत बमोजिम महाभियोग प्रस्ताव पेश भई नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) बमोजिम गठित महाभियोग सिफारिस समितिमा छानबिन कारबाहिको प्रक्रिया चलिरहेको र निजले बयानको क्रममा नाम उल्लेख गरेका व्यक्ति तथा पदाधिकारीसँग बुझ्नुपर्ने भएकोले समितिको निर्णयानुसार देहाय बमोजिम हुने बैठकमा उपस्थित भै छानबिन कार्यमा सहयोग गर्नुहुन अनुरोध	
१३		३९	मा. न्यायाधीश श्री प्रकाशमान सिंह राउत		
१४		४०	मा. न्यायाधीश श्री हरिकृष्ण कार्की		
१५		४१	मा. न्यायाधीश श्री आनन्दमोहन भट्टराई		
१६		४२	मा. न्यायाधीश श्री हरिप्रसाद फुयाँल		
१७		४३	मा. न्यायाधीश श्री इश्वरप्रसाद खतिवडा		
१८		४४	पूर्व प्र.न्या. श्री अनुपराज शर्मा		
१९		४५	पूर्व प्र.न्या. श्री मिन बहादुर रायमाझी		
२०		४६	पूर्व प्र.न्या. श्री शुशिला कार्की		

२१		४७	पूर्व प्र.न्या. श्री कल्याणप्रसाद श्रेष्ठ		
२२		४८	वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल		
२३		४९	वरिष्ठ अधिवक्ता श्री रमण कुमार श्रेष्ठ		
२४		५०	वरिष्ठ अधिवक्ता श्री शम्भु थापा		
२५		५१	वरिष्ठ अधिवक्ता श्री बद्रीबहादुर कार्की		
२६		५२	वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ		
२७		५३	वरिष्ठ अधिवक्ता श्री लिलामणी पौडेल		
२८		५४	अधिवक्ता श्री ओमप्रकाश अर्याल		
२९		५५	ने.बा.ए अध्यक्ष श्री पूर्णमान शाक्य		
३०		५६	श्री महालक्ष्मी उपाध्याय "डिना"		
३१	२०७९/५/३१	५७	न्याय परिषद् सचिवालय	प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबराले पेश गरेको आ.व. २०७८/०७९ को सम्पत्ति विवरण उपलब्ध गराइदिने सम्बन्धमा।	

२.३ विभिन्न निकायबाट प्राप्त हुन आएका पत्रहरुको संक्षिप्त विवरण

महाभियोग सिफारिस समितिको मिति २०७९/०५/०९ गतेको पत्राचार बमोजिम समितिमा प्राप्त हुन आएका सूचना/कागजात/जानकारी/प्रमाणको संक्षेपीकरण विवरण

क्र.सं.	दर्ता नं.	दर्ता मिति	प्राप्त भएको पत्र/कागजातको मिति	पठाउने कार्यालय/ व्यक्ति	विषय	संलग्न कागजात	पाना संख्या	कागजातको मुख्य विवरण	कैफियत
१	४	२०७९/०५/१२	२०७९/०५/१२	नेपाल बार एशोसियसन	कागजात विवरण तथा जानकारी सम्बन्धमा	महाभियोग सिफारिस समितिमा पेश भएको पत्र	६	महाभियोग प्रस्तावलाई पुष्टि गर्न महाभियोग आरोपसँग सम्बन्धित कागजात विवरण जानकारी लगायतका ३५ बुँदे आरोप समावेश भएको	
						न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता वा भ्रष्टाचार एवम् विचौलियाबाट हुनसक्ने क्रियाकलापहरु र त्यसको रोकथामको लागि चाल्नुपर्ने उपायहरुको सम्बन्धमा पेश गरेको प्रतिवेदन, २०७८	२३४	पूर्व प्रतिवेदनका सुझावहरुको सानन्दर्भिकता र निरन्तरताको औचित्य तथा सरोकारवालहरुको सुझाव एवम् सूचनाहरुको अध्ययन गरी न्यायपालिकाको वर्तमान अवस्था विश्लेषण र त्यस्ता समस्याहरुको नियन्त्रणका लागि सर्वोच्च अदालत, न्याय परिषद, न्याय सेवा आयोग, महान्यायाधिवक्ताको कार्यालय, नेपाल बार एसोसिएसन, नेपाल कानुन व्यवसायी परिषद लगायतका निकायहरुले गर्नुपर्ने नीतिगत,	

								संरचनागत, कार्यगत र वातावरणीय सुधारको उपाय सम्बन्धी सुझाव प्रस्तुत गरिएको	
						विभिन्न अदालतका आदेश/फेसलाहरु	सबैगरी करिब ५००	रामसुन्दर राय वि. उच्च अदालत पाटन समेतको बन्दीप्रत्यक्षीकरण मुद्दा ०७६-WH-०३७३को फैसला, शोभा चिपालु मास्के समेत वि. गोविन्द बहादुर चिपालुको अंश मुद्दा ०६८- CI-०९११ को आदेश फैसला, नेपाल सरकार वि. सिद्ध बाबा रामकृष्णाचार्य श्री वैष्णवकृष्ण दासको जवरजस्ती करणी मुद्दा २६-०७६-C१-०३०४ र ०७७-CS-०७२४ को फैसला, प्रेरणा राज्यलक्ष्मी वि. नेपाल सरकार मुद्दा ०७१-WO-०६२८ र ०७३-NF-०००४ को फैसला, अबुल खैर शाह वि. मोहन देवी श्रेष्ठ समेत को मुद्दा ०६५-CI-०४५९, ०६५-CI-०४५८, ०६५-CI-०४५७, ०६५-CI-०४५६ समेत मुद्दाको	

								फैसला, याक एण्ड यति लि. वि. नेपाल सरकारको मुद्दा ०७३-WO-१०६५, ०७१-FN-०४६२, ०७१-WO—०५४४ समेतको परमादेश कृष्णमान सिंह वि. महेन्द्रमान सिंहको मुद्दा ०६९-NF-०००..... को फैसला , अधिवक्ता विष्णुप्रसाद घिमिरे वि. संघीय संसद समेत को मुददा ०७४-Wc-००२० को फैसला, Vanrise Solutions S.A.L वि. नेपाल दुरसंचार प्राधिकरणको मुद्दा ०७५-WO- १२३५ को आदेश, रञ्जन प्रसाद कोइराला वि. नेपाल सरकार को कर्तव्य ज्यान मुद्दा ०७२ — CR-१९३७ को फैसला, गणेश रेग्मी वि. सर्वोच्च अदालत समेतको मुद्दा ०७८-WC-००३५ को मुद्दा फेसला	

						सर्वोच्च अदालत भवन निर्माणका पत्राचार र टिप्पणी	४	सर्वोच्च अदालतको नयाँ भवन निर्माणका लागि बोलपत्र आव्हान गरिएकोमा दर्ता हुन आएका ४ वटा बोलपत्रहरु मध्येको संयुक्त उपक्रम कायम Bina Puri- Kalika – Samanantar JV अन्तर्गत कालिका कन्सट्रक्सन प्रा.लि सार्वजनिक खरिद अनुगमन कार्यालयको भ्रष्टाचार अभियोग सूचीमा रहेकोले बोलपत्र मूल्याङ्कन प्रक्रियामा समावेश गर्न मिल्ने वा नमिल्ने भन्ने प्रश्नमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ र अन्तर्गतको नियमावली बमोजिम सम्मानित अदालत तथा मातहतबाट हुने खरिदको हकमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५क.को अवस्थामा सार्वजनिक खरिद ऐनको दफा २३ र२५ बमोजिम मूल्याङ्कन हुन सक्ने तर त्यहाँ बाटै निर्णय गर्नु भन्ने	

								व्यहोराको पत्र र मिति कालिका कन्सट्रक्सन प्रा.लि विरुद्ध मिति २०७५/८/२०मा दायर भएको मुद्दा पश्चात पनि अन्य मन्त्रालयबाट समेत उक्त बोलपत्रदाताको बोलपत्र मूल्याङ्कन भएको देखिएको आधारमा मूल्याङ्कन प्रक्रियामा समावेश गर्न प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबराबाट सदर गरिएको निर्णय	
						समाचार लिङ्कहरु	३	प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबरा विरुद्धको समाचारहरुका लिङ्क	
						Online समाचार प्रिन्ट	करिब ५००	प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबरा विरुद्धको समाचारहरु	

२	५	२०७९/०५/१२	२०७९/०५/१२	सर्वोच्च अदालत बार एशोसियसन	महाभियोग सम्बन्धी आवश्यक कागज प्रमाण उपलब्ध गराइएको सम्बन्धमा	महाभियोग सिफारिस समितिमा पेश भएको पत्र	१०	महाभियोग प्रस्तवसँग सम्बन्धित २३ बुँदे विवरण उल्लिखित पत्र	५/१२ र ५/१३ को पत्र सहित
						सम्पति शुद्धिकरण अनुसन्धान विभागमा अनुसन्धानका लागि चोलेन्द्र शम्शेर जबरा विरुद्ध प्रा.डा गोविन्द के.सीको ध्यानाकर्षण निवेदन	६	बृहत नागरिक आन्दोलनको तर्फबाट प्रा.डा. गोविन्द के.सीले सर्वोच्च अदालतका न्यायाधीश हरिकृष्ण कार्की संयोजक रहनु भएको समितिले मिति २०७८/०४/१४ मा प्र.न्या. समक्ष पेश गरेको न्यायपालिकामा हुनसक्ने विकृति, विसंगति, अनियमितता, भ्रष्टाचार एवं विचौलियाबाट हुनसक्ने क्रियाकलापहरु र त्यसको रोकथामका लागि चाल्नुपर्ने उपायरुको सम्बन्धमा पेश गरेको प्रतिवेदन,२०७८, प्रतिनिधि सभाका सभामुख एवं प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने संसदीय दलहरु समक्ष पेश गरेको नेपाल बार एसोसिएसनद्धारा प्रकाशित प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबराको बहिर्गमन किन? भन्ने १७ बुँदे आधारपत्र (पुस्तिका) को ४.१५	

								को प्रकरण तथा आमसञ्चार माध्यमबाट निरन्तर रुपमा प्रकाशित तथ्यपरक समाचारहरु र अन्य सूचना सामाग्रीहरुलाई आधार बनाई सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४ बमोजिम कसैले सम्पत्ति शुद्धिकरण सम्बन्धी कसुर गरेको, गर्न लागेको वा गरिरहेको कुरा थाहा पाउने व्यक्तिले उजुरी वा जानकारीका आधारमा वा त्यस्तो कसुरका सम्बन्धमा विभागको कर्मचारीले कुनै स्रोतबाट पाएको सुचना वा जाकारीका आधारमा कसुरको जाँचबुझ, अनुसन्धान र अभियोजन गर्न सक्ने अख्तियारी विभागलाई प्रदान भएकोमा चोलेन्द्र शमशेर जबरा स्वयं र उहाँसँग सम्बद्ध रहेको भ्रष्ट गिरोहका व्यक्तिहरुको सम्बन्धमा हालसम्म पनि सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागबाट कुनै जाँचबुझ वा अनुसन्धान भएको नदेखिनु आम नागरिकका लागि गम्भीर चिन्ताको विषय हो भनी चोलेन्द्र शमशेर जबरा, परिवारका सदस्य एवं नातेदार र विचौलियाको समेत काम	

								गर्नेको प्रभावकारी अनुसन्धान तथा कारबाहीको लागि ध्यानाकर्षण र सो सम्बन्धी पूरक सूचना पत्र ।	
						सर्वोच्च अदालतको नयाँ भवन निर्माण सम्बन्धी निर्णयका टिप्पणी/आदेशको प्रतिलिपी	६	सर्वोच्च अदालतको नयाँ भवन निर्माणका लागि बोलपत्र आव्हान गरिएकोमा दर्ता हुन आएका ४ वटा बोलपत्रहरु मध्येको संयुक्त उपक्रम कायम Bina Puri- Kalika – Samanantar JV अन्तर्गत कालिका कन्सट्रक्सन प्रा.लि सार्वजनिक खरिद अनुगमन कार्यालयको भ्रष्टाचार अभियोग सूचीमा रहेकोले बोलपत्र मूल्याङ्कन प्रक्रियामा समावेश गर्न मिल्ने वा नमिल्ने भन्ने प्रश्नमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ र अन्तर्गतको नियमावली बमोजिम सम्मानित अदालत तथा मातहतबाट हुने खरिदको हकमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५क.को अवस्थामा	

								सार्वजनिक खरिद ऐनको दफा २३ र२५ बमोजिम मूल्याङ्कन हुन सक्ने तर त्यहाँ बाटै निर्णय गर्नु भन्ने व्यहोराको पत्र र मिति कालिका कन्सट्रक्सन प्रा.लि विरुद्ध मिति २०७५/८/२०मा दायर भएको मुद्दा पश्चात पनि अन्य मन्त्रालयबाट समेत उक्त बोलपत्रदाताको बोलपत्र मूल्याङ्कन भएको देखिएको आधारमा मूल्याङ्कन प्रक्रियामा समावेश गर्न प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबराबाट सदर गरिएको निर्णय	
						सर्वोच्च अदालत बार कार्य समितिबाट भएका निर्णय/माइन्यूटको प्रतिलिपी र विज्ञप्ति	४	मिति २०७८/०७/१५ गते सर्वोच्च बार एशोसिएशन कार्यसमितिकोको बैठकमा नेपाल बार एशोसिएशनमा प्रस्तुत गरिने	

								सुझाव सम्बन्धमा छलफल गरि सम्माननीय प्रधान न्यायाधीश श्री चोलन्द्र शमशेर जबराले न्यायिक नेतृत्व गर्न सम्पूर्ण रुपमा असफल भएको हुँदा न्यायपालिकालाई थप संकटबाट जोगाउन समूचित निकासको लागि मार्ग प्रशस्त गर्न प्रधान न्यायधीश समक्ष आग्रह गर्ने गरी यस बार एशोसिएशनबाट २०७८ कार्तिक ८ गते विज्ञप्ति प्रकाशन गरेकोमा ने.बा.ए पनि समेत कार्तिक ९ गते विज्ञप्ति प्रकाशन गरेको र कार्तिक २१ र २२ गते ९० वटै बार एशोसिएसनका अध्यक्षज्यू र सचिवज्यूहरुलाई कार्यक्रममा आमन्त्रिण गरिएको उल्लेख गर्दै उक्त कार्यक्रममा प्रधान न्यायाधीशको बहिर्गमन किन? भन्ने समेतको ९ बुँदे आरोपको सुझाव प्रस्तुत गर्ने निर्णय र सोही अनुसारको मिति २०७८/११/१ को विज्ञप्ति	
						नेपाल बारको राष्ट्रिय सम्मेलन २४ बुँदे घोषणापत्र र मानव		न्यायपालिकामा रहेका विकर्ति, विसंगति र भ्रष्टाचार निर्मुलनका लागि सर्वोच्च अदालतका माननीय	

						अधिकार सम्बन्धी राष्ट्रिय सम्मेलन २०७८ को १६ बुँदे घोषणापत्र		श्री हरिकृष्ण कार्कीको संयोजकत्वमा गठित समितिद्धारा तयार गरिएको प्रतिवेदनको कार्यान्वयनका लागि क्रमिक रुपमा लागू गर्न आव्हान प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबरा को बहिर्गमन समग्र न्यायपालिका सुधारको प्रस्थान विन्दु भएको र तत्पश्चात पनि सुधारको अभियान जारी राख्न माग न्यायपालिकामा सर्वोच्च अदालतका पूर्व न्यायाशीशको अध्यक्षतामा कानून व्यवसायी, न्यायाधीश एवं अन्य सरोकारवाल पक्ष समेतको सहभागितामा उच्चस्तरीय न्यायिक जाँचबुझ आयोग गठन गर्नका लागि नेपाल सरकार समझ अनुरोध लगायत	
						नेपाल बार एशोसियसनद्धारा प्रकाशित प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबराको बहिर्गमन किन? हातेपुस्तक	४	नेपाल बार एशोसिएसनले प्र.न्या विरुद्द विभिन्न १७ बुँदे आरोप लगाई आफ्नो आन्दोलनको कारण र औचित्य प्रष्ट पार्दै प्र.न्याको वहिर्गमन र न्यायपालिकाको सुधारको लागि सम्पूर्ण सरोकारवालहरुमा आव्हान गरिएको	

								। नेपालको संविधानको मूल्य, आदर्श, उद्देश्य ,सैवैधानिक दर्शन तथा मर्म अनुरुपको स्वतन्त्र, सक्षम, निश्पक्ष र जिम्मेवार न्यायपालिका निर्माण गर्न न्यायको अन्तिम सहारा-अदालतको सर्वोच्च निकायमा पदासीन प्रधान न्यायाधीश बाटै न्यायलयलाई निजी सम्पत्ति सरह स्वेच्छाचारी ढंगले दुरुपयोग गर्दै न्यायपालिकाभित्रको विकृति विसंगती भ्रष्टाचार र विचौलयाहरुको प्रवेश लगायत चरम उत्कर्षमा पुर्याएको, न्यायिक नेतृत्वको सक्षमता, इमान्दारिता, संवैधानिक नैतिकता र आचारण एवं कार्यक्षमता नभएको तथा संसदीय सुनुवाई हुँदा गरेका प्रतिवद्धता, पदीय जिम्मेवारी/दायित्व, जनआस्था अनुरुप न्यायालयको प्रभावकारिता, कार्यात्मकता र श्रीवृद्धि गर्न असक्षम रहेको जिकिर	

								न्यायपालिकाको स्वतन्त्रता,निष्पक्षता र सक्षमता विरुद्ध कार्यपालिकासँग साँठगाठ गरि मन्त्रीपरिषद्, संवैधानिक आयोग तथा अन्य आयोगमा भाग खोजेको, संवैधानिक परिषद् सम्बन्धी अध्यादेश, राजनीतिक दल सम्बन्धी ऐन संशोधन गर्ने अध्यादेश लगायतका मुद्दाहरुको समयमै सुनुवाई नगरी कार्यपालिकीय शक्ति रिझाएको, संवैधानिक अंगका पदाधिकारीको नियुक्ति सम्बन्धमा परेका रिट निवेदनको एक वर्ष सम्म पनि प्रारम्भिक सुनुवाई समेत नगरी न्यायमा अवरोध गरेको, सबै तहको अदालत र विशेष अदालतको न्यायाधीश नियुक्ति,सरुवा र काज मापदण्ड विपरित मनोमानी ढंगले आपसी भागवण्डालाई प्रश्रय दिई अनियमितता गरेको, मुद्दाको पेशी र न्यायाधीस तोक्दा खास र स्वार्थ्य मिश्रित मुद्दाहरु आफ्नो इजलास वा आफ्नो नियन्त्रणमा पर्ने गरी इजलास तोक्ने र परिवारका सदस्य, आफन्त, आफूद्धारा नियुक्त न्यायाधीश र पदाधिकारीलाई	

								विचौलियाको रुपमा संलग्न गराई भ्रष्टाचार,आर्थिक चलखेल र अवैध सम्पत्ति आर्जन गरेको लगायतका आरोपहरु	
						अनलाइन खबरमा प्रकाशित समाचार	१११	प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबरा विरुद्धको समाचारहरु	२०७८ साउन देखि २०७९ सम्म
						विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचार	७ फाइल	प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबरा विरुद्धको समाचारहरु	
३	६	२०७९/०५/१३	२०७९/०५/१२	पूर्व न्यायाधीश फोरम, नेपाल	कागजात विवरण तथा जानकारी उपलब्ध गराउने सम्बन्धमा	पत्र	१	वादी नेपाल सरकार र प्रतिवादी रञ्जन कोइराला भएको कर्तव्य ज्यान मुद्दा सम्बन्धी मिसिल झिकाइ छानबीन गरी निष्कर्षमा पुग्नुपर्ने र न्यायाधीश आचार संहिता, २०६५ को विपरित हुने गरी माथिको मुद्दामा प्राइम टि.भि.मा दिएको अन्तर्वाताको प्रतिलिपी छानबीन गर्नुपर्ने ।	
						न्यायपालिकाको वर्तमान स्थितिको विश्लेषण	४	अदालतमा विद्यमान विकृति, वेथिति वा विसंगतिहरु औल्याई न्यायपालिकाको वर्तमान स्थितिको १६ बुँदे विश्लेषणको सूक्ष्म रुपमा अध्ययन गरी निष्कर्षमा पुग्नु पर्ने ।	

						विज्ञप्ति	१	निर्माणाधीन सर्वोच्च अदालत भवन र भक्तपुर जिल्ला अदालतको भवन निर्माणमा भएको अनियमितता छानबीन गरी तथ्य यकिन गर्नुपर्ने	
						नागरिकताको प्रतिलिपी	१		
						सर्वोच्च अदालतको फैसलाको प्रतिलिपी	१६७		
४	१०	२०७९/०५/१४	२०७९/०५/१४	प्रगतिशील तथा पेशागत कानून व्यवसायी संगठन, नेपाल	विवरण तथा जानकारी उपलब्ध गराइएको सम्बन्धमा	पत्र	२	सम्माननीय प्रधान न्यायाधीश उपर महाभियोगको प्रस्तावलाई सत्ता पक्षबाट महाभियोग पारित हुने भयले करिब ६ महिनाभन्दा बढी समयसम्म यथास्थितिमा राखि महाभियोगको प्रक्रियालाई विलम्ब गरिएको कार्य गलत रहेको ठहर प्रतिनिधि सभामा पूर्वाग्रह राखेर वा आफ्नो अनुकूल राजनैतिक वातावरण बनाउने वा अन्य कुनै	

								निहित स्वार्थ राखि वस्तुगत तथ्य र पर्याप्त प्रमाण वेगर महाभियोगको प्रस्ताव दर्ता हुनु महाभियोगको दुरुपयोग र दुर्भाग्यपूर्ण रहेको संसद विघटनजस्तो राजनैतिक विषयलाई संवैधानिक विषयलाई संवैधानिक इजलाशमा नेतृत्व गरी संविधान र संविधानको उल्लङ्घन, दल विभाजन सम्बन्धी अध्यादेश विरुद्धपरेका मुद्दाको गाम्भीर्यतालाई महशुस नगरी समयमै सुनुवाई हुने व्यवस्था नगरी संवैधानिक कर्तव्य पालना नगरेको इजलास गठनमा पदीय कर्तव्य पालना नगरेको देखिन्छ । प्र.न्या. माथि लागेका विभिन्न आरोपहरु निरोपण गर्न समितिबाटै निजलाई बोलाई सत्यतथ्य खुलाउन आवश्यक परे मिसिल कागजात, न्याय परिषदका निर्णय, निजको बैङ्क स्टेटमेन्ट, सम्पत्तिको स्रोत यकिन गर्नुपर्ने । सम्माननीय प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबरा माथि लगाइएका आरोप हाल बहालवाला वा सेवा निवृत्त अन्य न्यायाधिश	

								माथि पनि प्रक्षेपित हुने	
५			२०७९/०५/२९	सर्वोच्च अदालत	जानकारी सम्बन्धमा।		१	महाभियोगसम्बन्धी कारवाही प्रक्रियाका सन्दर्भमा यस अदालतका न्यायाधीशले उपरोक्त लेखी आएअनुसार महाभियोग सिफारिस समितिमा उपस्थित हुनु र निजसँग सोधपुछ, सवाल-जवाफ गरिनु स्वतन्त्र न्यायपालिका, शक्तिपृथकीकरणको सिद्धान्त र नेपालको संविधानले अङ्गिकार गरेका मान्यताहरु समेतका कुनै पनि दृष्टिले संविधानसम्मत्, उचित र शोभनीय नहुने हुँदा प्राप्त हुन आएको पत्रानुसार कोही पनि न्यायाधीश उपस्थित हुन नमिल्ने भएकोले सोही बेहोराको जानकारी महाभियोग सिफारिस सिमितमा तत्काल लेखी पठाई दिने।	
६			२०७९/०५/३१	न्याय परिषद् सचिवालय	सम्पत्ति विवरण सम्बन्धमा।	प्र.न्या. को सम्पत्ति विवरण।	६	सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवराले पेश गरेको दुई आर्थिक वर्षको सम्पत्ति विवरण।	

२.४ विभिन्न व्यक्ति तथा पदाधिकारीबाट स्वेच्छाले प्राप्त हुन आएका जानकारीहरुको संक्षिप्त विवरण

महाभियोग सिफारिस समितिको मिति २०७/०५/१० गते प्रकाशित सूचना बमोजिम समितिमा स्वस्पूर्त र स्वेच्छाले प्राप्त हुन आएका सूचना/कागजात/जानकारी/प्रमाणको संक्षेपीकरण विवरण

क्र.सं.	दर्ता नं.	दर्ता मिति	प्राप्त भएको पत्र/कागजातको मिति	पठाउने कार्यालय/व्यक्ति	विषय	संलग्न कागजात	पाना संख्या	कागजातको मुख्य विवरण	कैफियत
१	१	२०७९/०५/१२	२०७९/०५/१२	जफर अन्सारी	निलम्बित प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबराका विरुद्धमा	पत्र विवरण	२	क्यापिटल मर्चेन्ट बैंकबाट सोझा साधारण व्यक्तिको परिचय चोरी भूमाफिया सहित नेपाल राष्ट्र बैंकको संलग्नतामा सिआइबिले विना अनुसन्धान निर्दोषलाई फसाएको मुद्दामा तत्कालिन गभर्नर डा युवराज खतिवडा र हालका गभर्नर महाप्रसाद अधिकारीले मुख्य रजिस्टार लाल बहादुर कुँवर मार्फत न्यायाधीशहरु आनन्द मोहन भट्टराइ र प्रकाश ढुंगानाको इजलासमा बहस प्रभावित गरि बहस नोट लिइ सकेता पनि फैसला नगरेको विषयमा प्र.न्या. चोलेन्द्र शमशेरको भित्री संलग्नता रहेको	Tirthaoli @outlook.co m email मार्फत प्राप्त

						विभिन्न पत्रिकामा प्रकाशित समाचारहरु संलग्न	३७	प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबरा विरुद्धको समाचारहरु	
२	२	२०७९/०५/१२	२०७९/०५/१२	उमेश बानियाँ	महाभियोगको प्रस्ता पुष्टि हुने प्रमाण पेश गरेको सम्बन्धमा	निवेदन	१	प्रधानन्यायाधीस श्री चोलेन्द्र शमशेर जबराले आर्थिक चलखेल गरि न्यायपरिषदबाट भएको छानबीन र कारबाहीको सिफारिसलाई अवमूल्यन गरी कारवाहिको सट्टा बढुवा गरेकोले महाभियोगको पुष्टि भएको	
						नागरिकताको प्रतिलिपी	१		
						न्यायपरिषदमा पेश गरेको निवेदन लगायत	१०	एकै अदालतको एकै इजलासबाट उस्तै प्रकृतिका मुद्दाहरु(आयल स्टोर्सको कालोबजारी)मा एकै न्यायाधीशज्यूबाट फैसला गर्दा फरक फरक किसिमको फैसला गर्ने अनावश्यक रुपमा मुद्दा छिन्नमा ढिलासुस्ती गर्ने, आर्थिक रकम लेनदेन गरेको विना आधार कारण म उजुरीकर्तालाई चर्को सजाय गर्ने गरी फेसला गरेको हुँदा अन्यायिक फैसला गर्ने उपर छानबीन गरी कारवाही गरी पाउँ ।	

						पत्रिकाको समाचार प्रतिलिपी	४	प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबरा विरुद्धको समाचारहरु	
						काभ्रेपलाञ्चोक जिल्ला अदालतको निर्णय / फैसला	१४	काभ्रेपलाञ्चोक जिल्ला अदालतको नेपाल सरकार वि. श्री राम श्रेष्ठ समेतको मुद्दा CR-२१७ को निर्णय नम्बर १७५, काभ्रेपलाञ्चोक जिल्ला अदालतको नेपाल सरकार वि. ठाकुर प्रसाद बजगाईको मुद्दा CR-२७६ को निर्णय नम्बर २५, काभ्रेपलाञ्चोक जिल्ला अदालतको नेपाल सरकार वि. ठाकुर प्रसाद बजगाईको को मुद्दा CR-२२६ को निर्णय नम्बर २४, काभ्रेपलाञ्चोक जिल्ला अदालतको नेपाल सरकार वि. राजेन्द्र प्रसाद गौतम समेतको को मुद्दा CR-२५२को निर्णय नम्बर १०, काभ्रेपलाञ्चोक जिल्ला अदालतको नेपाल सरकार वि. बिनोद बञ्जाराको को मुद्दा CR-१९८ को निर्णय नम्बर १०४, र काभ्रेपलाञ्चोक जिल्ला अदालतको नेपाल सरकार वि. उमेश बानियाँ समेतको को मुद्दा CR-१९७ को	

								निर्णय नम्बर ३२,	
३	३	२०७९/०५/१२	२०७९/०५/१२	जफरुल हुसेन अन्सारी	राष्ट्रघातीलाई आवश्यक कार्यवाही गरि पाउँ	निवेदन	२	प्रधान न्यायाधीश चोलेन्द्र शमसेर जबराले व्यक्तिगत आर्थिक लाभ हुने गरि नाता साइनो पर्ने प्रमोद विक्रम शाहलाई अरबौ मुल्य पर्ने बीरगंज म.न.पा-२ स्थित राष्ट्रिय सम्पदा छपकैयापोखरी जिल्ला अदालत पर्सा र पुनरावेदन अदालतको फैसला अनुसार सार्वजनिक कायम भएकोमा सो फैसला उलटी गरी प्रमोद विक्रम शाहको हकमा फैसला गरेको न्याय बेचुवा राष्ट्रघाती चोलेन्द्र शमशेर जबराको सम्पति समेत छानबीन गरी हदसम्मको कारवाही गरिपाउ ।	
						नागरिकताको प्रतिलिपी	१		
						पत्रिका समाचारको प्रतिलिपी	१६	प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबरा विरुद्धको समाचारहरु	
						सर्वोच्च अदालतको फैसला	१२	प्रमोद विक्रम शाह वि. रामदयाल प्रसाद यादव भएको नापी दर्ता बदर मुद्दा २०६८-CI-०४०० को फैसला	
४	७	२०७९/०५/१३	२०७९/०५/१२	प्रधान न्यायाधीश	ज्वाला संग्रौला	पत्र	१	निम्न प्रासङ्गिक प्रश्नहरु समावेश	NirimaKharel @email.com

				चोलेन्द्र राणा	सहित सबै खाले भ्रष्टाचार पीडित युवा समूह उल्लेख			भएको --चोलेन्द्रलाई भ्रष्ट देख्ने तपाईं माननीय कति चोखो? साँढे वकिलहरु र झोले न्यायाधिशहरु कति चोखो? संसदीय सुनुवाई समितिका माननीय सदस्यज्यूहरुले पहिले यिनको बिगत थाहा हुँदाहुदै किन नियुक्तिमा अनुमोदन गर्नुभयो ? आफुले पनि उनीबाट घुस पाएर हो ?	मार्फत प्राप्त
५	८	२०७९/०५/१३	२०७९/०५/१३	ओरेण्टल को-अपरेटिभ लि. निक्षेपकर्ता हकहित संरक्षण समिति	सर्वोच्च अदालतका प्र.न्या. समेतबाट सहकारी ऐन, २०७४ विपरित भएका फैसला आदेश सम्बन्धमा	निवेदन पत्र	२	ओरेण्टल को अपरेटिभ लि.का तत्कालिन अध्यक्ष सुधिर बस्नेत विरुद्ध दायर मुद्दमा प्रधानन्यायाधिश चोलेन्द्र शमशेर जबराका भाई प्रभु शमशेर जबरा मार्फत ठूलो रकम चलखेल गरी सहकारी ऐन २०७४ को विपरित बस्नेतको पक्षमा फैसला गरेको ओरेण्टल को अपरेटिभ लि. लाई सरकारबाट समस्याग्रस्त घोषित गरिएकोमा मुद्दा नं. ०७५-WO-०३४१ मार्फत सो घोषणा खारेजी गरि ठगी कार्यलाई प्रोत्साहन गरेको प्र.न्या जबरा का सहि नभएको	श्रीमान् अध्यक्ष नेपाल बार एशोसिएसनलाई सम्बोधित पत्र समितिमा दर्ता

								मुद्दा नं ०७५-WO-०१३७, र ०७५-WO-०५६९ खारेज र पुनरावलोकन हुनपर्ने	
६	९	२०७९/०५/१३	२०७९/०५/१२	दिपेन्द्र कँडेल	राष्ट्रपतिले गरेको प्रतिनिधि सभा विघटनलाई असंवैधानिक भन्दै जारी गरेको परमादेशको फैसला तयार गर्दा कानुन मिचेको	पत्र	१	मिति २०७९/०५/१० को समितिको सार्वजनिक सूचना बमोजिम सूचना/जानकारी पेश गरेको सर्वोच्च अदालत नियमावली, २०७४ धारा ९१ को उपधारा (३) बमोजिम फैसला गर्दा अनुसूची ११ बमोजिम नभएको र फैसलाको पाना नं कतै टाइप र कतै हस्तलिखित रहेको तथा कुनै पाना नेपाली कागजको भएको र कुनै पाना नेपाली कागजको नभएको	आफै उपस्थित भई पत्र र फैसलाको प्रति र e-mail मार्फत समेत फैसलाको मुख्य कुरा उल्लेख
						नागरिकताको प्रतिलिपी	१		
						सर्वोच्च अदालतको फैसलाको प्रतिलिपी	१६७		

परिच्छेद -३

महाभियोग प्रस्तावसम्बन्धी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय अभ्यास सम्बन्धी सामान्य जानकारी

३.१ महाभियोगको प्रस्ताव

Impeachment शब्द ल्याटिन भाषाको impedicare बाट आएको हो, जसको नेपली अर्थ महाभियोग भन्ने हुन्छ। Impeachment शब्दको अर्थ सार्वजनिक पद धारणा गरेको वा पदमा वहाल रहेको व्यक्तिलाई पद मुक्त अर्थात् "It generally leads to remove from office" भन्ने कुरालाई जनाउँछ। कानुनको प्रसिद्ध Black Law Dictionary ले Impeachment अर्थात् महाभियोगलाई "The act (by a Legislature) of calling for the removal from office of a public official" भनी उल्लेख गरेको पाइन्छ।

सार्वजनिक पद धारण गर्ने र राज्य कोषबाट तलब सुविधा ग्रहण गर्ने राज्यका महत्वपूर्ण पदमा आसीन हुने केही उच्च पदस्थ पदाधिकारीलाई जनप्रतिनिधिमूलक संस्था अर्थात व्यवस्थापिकाप्रति जिम्मेवार बनाउने क्रममा त्यस्ता पदाधिकारीलाई कार्यक्षमताको अभाव वा खराब आचरणका आधारमा व्यवस्थापिकाले महाभियोग प्रस्ताव पारित गरी हटाउने लोकतान्त्रिक प्रक्रियालाई महाभियोगको प्रस्ताव भनिन्छ। महाभियोग प्रस्ताव शक्ति सन्तुलनको सिद्धान्तको एक महत्वपूर्ण अंग हो। यस्तो प्रस्ताव संसदमा पेश हुन्छ र विभिन्न प्रक्रियाहरू पुरा गरी संसदको दुई तिहाई बहुमतले पारित गरेर त्यस्तो पदाधिकारीलाई पदबाट हटाइन्छ। राज्यका त्यस्ता केही पदमा रहेका पदाधिकारीहरू, जसले कुनै पनि प्रकारको गल्ती गर्दैनन् भन्ने मान्यता रहेको हुन्छ र कथम कदाचित गलत कार्य भए अन्य प्रकारले कारवाही गर्ने प्रावधान नरहने हुँदा त्यस्ता पदाधिकारीहरूलाई महाभियोगको प्रस्ताव पारित गरी पदबाट हटाउने अभ्यास रहेको पाइन्छ।

३.२ महाभियोग सम्बन्धी केही अन्तर्राष्ट्रिय अभ्यास

महाभियोग लगाउने सम्बन्धमा अन्य मुलुकमा पनि संवैधानिक तथा कानूनी व्यवस्था भएको पाइन्छ। अमेरिका, बेलायत, भारत, पाकिस्तान, फिलिपिन्स, दक्षिण कोरिया, ईरान, ब्राजिल, बुल्गेरिया, जर्मनी, आयरल्याण्ड, नर्वे, चेक रिपब्लिक, रुस लगायत अन्य मुलुकमा महाभियोग सम्बन्धी व्यवस्था रहेको पाइन्छ। प्रायः सबै मुलुकहरूमा संसदको दुई तिहाई सदस्यहरूले महाभियोगको पक्षमा मत दिएमा त्यस्तो प्रस्ताव पारित हुने प्रचलन रहेको देखिन्छ। महाभियोगको प्रस्तावद्वारा विभिन्न मुलुकका राष्ट्रपति लगायत अन्य संवैधानिक निकायका पदाधिकारीहरूलाई पद मुक्त गर्ने गरेको पाइन्छ।

महाभियोग प्रस्तावका सम्बन्धमा केही प्रजातान्त्रिक मुलुक (अमेरिका, वेलायत भारत) हरूमा रहेको व्यवस्थालाई क्रमशः प्रस्तुत गरिएको छ।

राष्ट्रपतीय शैलीको राजनीतिक व्यवस्था भएको संयुक्त राज्य अमेरिकामा व्यवस्थापिका (कंग्रेस) ले राष्ट्रपति, प्रधानन्यायाधीश, न्यायाधीशहरू र संवैधानिक एवं सरकारी पदाधिकारी विरुद्ध महाभियोग लगाउन सक्ने संवैधानिक व्यवस्था छ। अमेरिकी संविधानको धारा १, भाग २ (५) र भाग ३ (६ र ७) मा उल्लेख भए अनुसार महाभियोग सम्बन्धी सम्पूर्ण अधिकार अमेरिकी कंग्रेस (हाउस अफ रिप्रिजेन्टेटिभ्स र सिनेट) मा निहित रहन्छ। महाभियोग सम्बन्धी सुनुवाईमा भाग लिनु अघि सिनेटरहरूले शपथ लिनु पर्ने प्रावधान रहेको छ। राष्ट्रपति विरुद्धको सुनुवाईमा प्रधानन्यायाधीशले अध्यक्षता गर्ने गर्दछन्। कम्तिमा दुई तिहाई सदस्यहरूको सहमति बिना कोही पनि दोषी ठहरिदैनन्। महाभियोग सम्बन्धी अभियोगको निर्णयबाट पद मुक्तिसम्मको सजाय हुने र त्यस्तो आरोप प्रमाणित भएको व्यक्ति संयुक्त राज्य अमेरिका अन्तर्गत कुनै पनि निकायमा लाभको पद ग्रहण गर्न अयोग्य मानिन्छ।

संयुक्त अधिराज्य (बेलायत) लगायत यस प्रकारको शासन प्रणाली अवलम्वन गरेका मुलुकहरूमा पनि महाभियोग सम्बन्धी अभ्यास रहेको पाइन्छ। बेलायतमा लिखित संविधान नभएको र महाभियोग सम्बन्धी व्यवस्था संसदद्वारा निर्मित कानूनद्वारा व्यवस्थित हुने गरेको देखिन्छ। यस सम्बन्धी प्रावधान सन् १३७६ देखि शुरु भएको पाइन्छ। अर्थात् बेलायतको इतिहासमा सन् १७०० अघि तत्कालीन बेलायती पार्लियामेन्ट क्युरीया रेजिस (Curia Regis) को न्यायिक अधिकार अन्तर्गत रहेर महाभियोग लगाइने गरिन्थ्यो भने हाउस अफ पार्लियामेन्टको रुपमा हाउस अफ कमन्स र हाउस अफ लर्डस् गरी दुई सदनको व्यवस्था भएपछि महाभियोग लगाउने अधिकार हाउस अफ पार्लियामेन्टको अधिकारक्षेत्र अन्तर्गत रहेको देखिन्छ। सन् १७०१ मा आएको "Settlement Act" ले उच्च अदालत र पुनरावेदन अदालतका न्यायाधीशहरूलाई संसदका दुवै सदनबाट हटाउन सक्ने व्यवस्था गरेको पाइन्छ। हाल यो शक्ति "Senior Courts Act, 1981" मा व्यवस्थित गरिएको छ।

भारतमा राष्ट्रपति, प्रधानन्यायाधीश र न्यायाधीशहरूलाई संसदको दुवै सभा (लोक सभा र राज्य सभा) मार्फत् महाभियोग लगाउन सकिने संवैधानिक व्यवस्था रहेको छ। भारतको संवैधानिक व्यवस्था अनुसार लोक सभामा एक सय वा सोभन्दा बढी र राज्य सभामा पचास वा सोभन्दा बढी सांसदले हस्ताक्षर गरेर महाभियोग प्रस्ताव दर्ता गर्न सक्ने व्यवस्था छ। महाभियोग प्रस्ताव उपर छानविन गर्न समिति गठन गर्न सक्ने र सो समितिमा सभाध्यक्षले सुप्रिम कोर्टका न्यायाधीश, हाइकोर्टका मुख्य न्यायाधीश जस्ता व्यक्तित्व समेत मनोनयन गर्न सक्दछन्। भारतको संविधानको धारा ६१ मा राष्ट्रपतिलाई संविधानको उल्लङ्घन गरेको अभियोगमा महाभियोग लगाउन सकिने प्रावधान राखिएको छ। सदनको एक चौथाई सदस्यले उक्त प्रस्ताव ल्याउन सक्ने र दुई तिहाई बहुमतले सो प्रस्ताव पारित गरेमा राष्ट्रपति पदमुक्त हुने व्यवस्था छ। सर्वोच्च अदालतका न्यायाधीशको हकमा खराब आचरण वा असक्षम भएको भनी महाभियोग प्रस्ताव पेश गर्न सकिने र संविधानको धारा १२४ (४) अनुसार संसदको दुवै सदनबाट महाभियोग सम्बन्धी निर्णय लिने व्यवस्था गरेको देखिन्छ।

३.३ नेपालमा महाभियोग प्रस्ताव सम्बन्धी व्यवस्था

नेपालको संविधानमा राष्ट्रपति, उपराष्ट्रपति र नेपालको प्रधानन्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारी विरूद्ध महाभियोग लाग्न सक्ने व्यवस्था रहेको छ। नेपालको संविधान, महाभियोग (कार्यविधि नियमित गर्ने) ऐन, २०५९ र प्रतिनिधि सभा नियमावली, २०७५ र राष्ट्रिय सभा नियमावली, २०७५ ले यस सम्बन्धमा व्यवस्था गरेको छ।

३.४ संवैधानिक व्यवस्था

संविधानको धारा १०१ को उपधारा (१) मा संविधान र कानूनको गम्भिर उल्लंघन गरेको आधारमा प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्यले राष्ट्रपति वा उपराष्ट्रपति विरूद्ध महाभियोगको प्रस्ताव पेश गर्न सक्ने र त्यस्तो प्रस्ताव संघीय संसदको दुवै सदनको तत्कालिन कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुईतिहाई बहुमतबाट पारित भएमा राष्ट्रपति र उपराष्ट्रपति पदबाट मुक्त हुने व्यवस्था छ।

त्यसैगरी संविधानको धारा १०१ को उपधारा (२) मा संविधान र कानुनको गम्भिर उल्लंघन गरेको, कार्यक्षमताको अभाव वा खराव आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको वा आचारसंहिताको गम्भीर उल्लंघन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको आधारमा प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यले नेपालको प्रधानन्यायाधीश वा सर्वोच्चका अदालतका न्यायाधीश, न्यायपरिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख वा पधाधिकारीका विरुद्ध महाभियोगको प्रस्ताव पेश गर्न सकिने र त्यस्तो प्रस्ताव प्रतिनिधिसभाको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई बहुमतबाट पारित भएमा सम्वन्धित व्यक्ति पदबाट मुक्त हुने व्यवस्था रहेको छ।

संविधानको धारा १०१ को उपधारा (३) मा उपधारा (२) बमोजिमको कुनै व्यक्तिको विरूद्ध महाभियोगको प्रस्ताव पेश गर्ने आधार र कारण विद्यमान भए नभएको छानबिन गरी सिफारिस गर्ने प्रयोजनका लागि प्रतिनिधि सभामा एघार जना सदस्य रहेको एक महाभियोग सिफारिस समिति रहने व्यवस्था छ।

संविधानको धारा १०१ को उपधारा (४) मा उपधारा (३) बमोजिमको समितिमा प्रतिनिधि सभाका एघार जना सदस्य रहने व्यवस्था छ।

संविधानको धारा १०१ को उपधारा (५) मा उपधारा (२) बमोजिम महाभियोगबाट पदमुक्त हुने व्यक्तिले संविधानको गम्भीर उल्लंघन गरेको वा कार्यक्षमताको अभाव वा खराब आचरण वा पदीय दायित्वको पालन इमानदारीपूर्वक नगरेको वा आचार संहिताको गम्भीर उल्लंघन गरेको भन्ने आधारमा प्राप्त सूचना, जानकारी वा उजुरी ग्राह्य रहेको भनी प्रतिनिधि सभाका कम्तीमा तीन जना सदस्यले प्रमाणित गरी पेश गरेमा उपधारा (३) बमोजिमको समितिले त्यस्तो उजुरीमाथि संघीय कानुन बमोजिम छानबिन गरी

महाभियोग सम्बन्धी कारबाहीका लागि प्रतिनिधि सभा समक्ष सिफारिस गरेमा उपधारा (२) बमोजिम महाभियोगको प्रस्ताव पेश हुन सक्ने व्यवस्था छ।

संविधानको धारा १०१ को उपधारा (६) मा उपधारा (२) बमोजिम महाभियोगको कारबाही प्रारम्भ भएपछि नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीले त्यस्तो कारबाहीको टुंगो नलागेसम्म आफ्नो पदको कार्य सम्पादन गर्न पाउने छैन भन्ने व्यवस्था छ।

संविधानको धारा १०१ को उपधारा (७) मा उपधारा (१) वा (२) बमोजिम महाभियोगको आरोप लागेको व्यक्तिलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्ने भन्ने व्यवस्था रहेको।

संविधानको धारा १०१ को उपधारा (८) मा यस धारा बमोजिम महाभियोगको प्रस्ताव पारित भई पदमुक्त भएका राष्ट्रपति वा उपराष्ट्रपति, नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीले पदमा रहँदा कुनै कसूर गरेको भए त्यस्तो कसूरमा संघीय कानुन बमोजिम कारबाही गर्न बाधा पर्ने छैन भन्ने व्यवस्था रहेको।

संविधानको धारा १०१ को उपधारा (९) मा उपधारा (१) वा (२) बमोजिम महाभियोगको प्रस्ताव पारित भई पदमुक्त भएको व्यक्तिले त्यस्तो पदबाट पाउने कुनै सुविधा लिन र भविष्यमा कुनै पनि सार्वजनिक पदमा नियुक्ति वा मनोनयन हुन सक्ने छैन भन्ने व्यवस्था रहेको।

संविधानको धारा १०१ को उपधारा (१०) मा महाभियोग सम्बन्धी अन्य व्यवस्था संघीय कानुन बमोजिम हुने व्यवस्था रहेको।

महाभियोगको प्रस्ताव पेश हुनेदेखि पारित गर्नेसम्मका सम्पूर्ण प्रक्रिया प्रतिनिधि सभा नियमावली, २०७५ र राष्ट्रिय सभा नियमावली, २०७५ मा व्यवस्था गरिएको छ। कुनै पनि पदाधिकारी विरुद्धको महाभियोग प्रस्ताव प्रतिनिधि सभामा मात्र पेश हुन सक्ने व्यवस्था छ। राष्ट्रपति र उपराष्ट्रपति विरुद्धको प्रस्ताव प्रतिनिधि सभाबाट पारित भएपछि राष्ट्रिय सभामा समेत प्रक्रियामा जाने व्यवस्था छ भने अन्य पदाधिकारी विरुद्धको प्रस्ताव प्रतिनिधि सभाबाटै टुंगिने व्यवस्था छ।

३.५ प्रतिनिधिसभा नियमावली, २०७५ मा भएको व्यवस्था

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६१ को उपनियम (१) मा संविधानको धारा १०१ को उपधारा (२) बमोजिमका पदाधिकारीका विरुद्ध महाभियोगको प्रस्ताव पेश गर्नु परेको आधार र कारण खुलाई त्यस्तो प्रस्ताव पेश गर्ने सूचना महासचिव वा निजको अनुपस्थितिमा सचिवलाई दिनुपर्ने व्यवस्था रहेको छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६१ को उपनियम (२) मा उपनियम (१) बमोजिमको प्रस्ताव प्राप्त भएपछि महासचिव वा निजको अनुपस्थितिमा सचिवले सभामुख समक्ष पेश गर्नेछ। त्यस्तो प्रस्ताव दर्ता भएको मितिले सात दिनपछिको कुनै बैठकमा छलफल हुने गरी सभामुखले दिन र समय तोक्ने व्यवस्था रहेको छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६१ को उपनियम (३) मा प्रतिनिधि सभाको अधिवेशन चालू नरहेको अवस्थामा उपनियम (१) बमोजिमको प्रस्ताव पेश गर्ने सदस्यले त्यस्तो प्रस्ताव दर्ता भएको मितिले बढीमा पन्ध्र दिनभित्र बैठक बस्ने गरी संविधानको धारा ९३ को उपधारा (३) बमोजिम अधिवेशन आह्वान समेतको माग गर्नुपर्ने व्यवस्था रहेको छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६१ को उपनियम (४) मा उपनियम (३) बमोजिम अधिवेशन आह्वान गरिएको अवस्थामा त्यस्तो अधिवेशन प्रारम्भ भएको तीन दिनभित्रको कुनै बैठकमा महाभियोगको प्रस्ताव उपर छलफल हुने गरी दिन र समय तोकिने व्यवस्था रहेको छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६१ को उपनियम (५) मा उपनियम (२) वा (४) बमोजिम तोकिएको दिन र समयमा सभामुखले नाम बोलाएपछि प्रस्तावक सदस्यले महाभियोगको प्रस्ताव बैठकमा प्रस्तुत गर्नेछ र निजले चाहेमा प्रस्ताव पेश गर्नु अघि वक्तव्य दिन सक्नेछ भन्ने व्यवस्था रहेको छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६१ को उपनियम (६) मा उपनियम (५) बमोजिम प्रस्ताव पेश भएपछि सभामुखले सो प्रस्तावमा छलफल हुने समयावधि निर्धारण गर्नेछ र सो छलफल समाप्त भएपछि सभामुखले त्यस्तो प्रस्तावलाई नियम १६१ बमोजिमको महाभियोग सिफारिस समितिमा पठाउनेछ भन्ने व्यवस्था रहेको छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६१ को उपनियम (७) मा उपनियम (१) बमोजिम महाभियोगबाट पदमुक्त हुने व्यक्तिले संविधानको गम्भीर उल्लङ्घन गरेको वा कार्यक्षमताको अभाव वा खराब आचरण वा पदीय दायित्वको पालन इमानदारीपूर्वक नगरेको वा आचार संहिताको गम्भीर उल्लङ्घन गरेको भन्ने आधारमा प्राप्त सूचना, जानकारी वा उजुरी ग्राह्य रहेको भनी कम्तीमा तीन जना सदस्यले प्रमाणित गरी पेश गरेमा नियम १६२ बमोजिमको समितिले त्यस्तो उजुरीमाथि छानबिन गरी महाभियोग सम्बन्धी कारबाहीका लागि सभा समक्ष सिफारिस गरेमा महाभियोगको प्रस्ताव पेश हुन सक्नेछ भन्ने व्यवस्था रहेको छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६१ को उपनियम (८) मा उपनियम (७) बमोजिम समितिले प्रारम्भिक अनुसन्धान गर्दा सम्बन्धित व्यक्तिलाई महाभियोग लाग्न सक्ने मनासिब र पर्याप्त आधार देखिएमा महाभियोगको सिफारिस पेश गर्न सक्नेछ। यसरी पेश भएको सिफारिस बैठकमा निर्णयार्थ

पेश गर्दा प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाई सदस्यले समर्थन गरेमा महाभियोगको कारबाहिको प्रक्रिया प्रारम्भ हुनेछ भन्ने व्यवस्था रहेको छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६१ को उपनियम (९) मा उपनियम (१) र (८) बमोजिम महाभियोगको कारबाही प्रारम्भ भएपछि आरोपित नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीले त्यस्तो कारबाहीको टुङ्गो नलागेसम्म आफ्नो पदको कार्य सम्पादन गर्न पाउने छैन भन्ने व्यवस्था रहेको छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६२ को उपनियम (१) मा संविधानको धारा १०१ को उपधारा (२) बमोजिमका पदाधिकारीका विरुद्ध महाभियोगको प्रस्ताव पेश गर्नु परेको आधार र कारण विद्यमान भए-नभएको छानबिन गरी सिफारिस गर्ने प्रयोजनका लागि प्रतिनिधि सभामा एक महाभियोग सिफारिस समिति रहने व्यवस्था छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६२ को उपनियम (२) मा महाभियोग सिफारिस समितिमा एघार जना सदस्य रहने व्यवस्था छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६२ को उपनियम (३) मा महाभियोग सिफारिस समितिको गठन सम्बन्धी प्रस्ताव कार्य व्यवस्था परामर्श समितिको परामर्श लिई सभामुखले बैठकमा पेश गर्ने व्यवस्था छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६२ को उपनियम (४) मा महाभियोग सिफारिस समितिका सदस्यले आफूमध्येबाट समितिको सभापति चयन गर्ने व्यवस्था छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६३ को उपनियम (१) मा नियम १६१ बमोजिम महाभियोगको प्रस्ताव प्राप्त भएपछि महाभियोग सिफारिस समितिले यथाशीघ्र कारबाही प्रारम्भ गर्नु पर्ने व्यवस्था छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६३ को उपनियम (२) मा उपनियम (१) बमोजिम समितिले कारबाही प्रारम्भ भएपछि आरोपित पदाधिकारीलाई सात दिनभित्र निजलाई लागेको आरोपको सफाई पेश गर्ने उचित मौका दिई आवश्यक अनुसन्धान गर्नु पर्ने व्यवस्था छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६३ को उपनियम (३) मा उपनियम (२) बमोजिम पेश गरेको सफाई सन्तोषजनक नभएमा वा तोकिएको म्याद भित्र त्यस्तो पदाधिकारी आफैं उपस्थित भई कुनै सफाई पेश नगरेमा महाभियोग सिफारिस समितिले आफ्नो सिफारिस सहितको प्रतिवेदन सदन समक्ष पेश गर्ने व्यवस्था छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६३ को उपनियम (४) मा महाभियोग सिफारिस समितिले आफ्नो कारबाही प्रारम्भ गरेको मितिले बढीमा तीन महिनाभित्र सिफारिस सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६३ को उपनियम (५) मा महाभियोग सिफारिस समितिले आफ्नो आन्तरिक कार्यविधि आफै व्यवस्थित गर्ने व्यवस्था छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६४ को उपनियम (१) मा महाभियोग सिफारिस समितिले आफ्नो सिफारिस सहितको प्रतिवेदन सभामा प्रस्तुत गर्ने व्यवस्था छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६४ को उपनियम (२) मा उपनियम (१) बमोजिमको प्रतिवेदनमाथि बैठकमा छलफल हुने दिनको कम्तीमा दुई दिन अगावै सो प्रतिवेदन सबै सदस्यलाई वितरण गरिने व्यवस्था छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६५ को उपनियम (१) मा सभामुखले तोकेको दिन र समयमा महाभियोग सिफारिस समितिको सभापति वा निजको अनुपस्थितिमा सभामुखले तोकेको सो समितिको अन्य कुनै सदस्यले समितिको प्रतिवेदनमाथि विचार गरियोस् भनी बैठकमा प्रस्ताव पेश गर्ने व्यवस्था छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६५ को उपनियम (२) मा उपनियम (१) बमोजिम प्रस्ताव पेश भएपछि सो प्रतिवेदन माथि बैठकमा छलफल हुने व्यवस्था छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६५ को उपनियम मा (३) उपनियम (२) बमोजिम छलफल हुँदा कुनै सदस्यले सो प्रतिवेदनमा संशोधन पेश गर्न वा कुनै विशेष कुराको सम्बन्धमा पुनः छानबिन गर्न प्रतिवेदनलाई महाभियोग सिफारिस समितमा फिर्ता पठाइयोस् भन्ने प्रस्ताव पेश गर्न सक्ने व्यवस्था छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६५ को उपनियम मा (४) उपनियम (३) बमोजिम महाभियोग सिफारिस समितिमा फिर्ता पठाइयोस् भन्ने प्रस्ताव स्वीकृत भएमा सो प्रतिवेदन उक्त समितिमा पठाइनेछ र समितले पनि सात दिनभित्र पुनः छानबिन गरी आफ्नो प्रतिवेदन बैठकमा पठाउने व्यवस्था छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६६ को उपनियम (१) मा नियम १६५ को उपनियम (२) बमोजिम प्रतिवेदन माथि छलफल समाप्त भएपछि वा सोही नियमको उपनियम (४) बमोजिम महाभियोग सिफारिस समितको प्रतिवेदन बैठकमा पुनः प्राप्त भएपछि समितिको सभापतिले वा निजको

अनुपस्थितिमा सभामुखले तोकेको सो समितिको अन्य कुनै सदस्यले प्रतिवेदनमा उल्लिखित सिफारिस स्वीकृत गरियोस् भन्ने प्रस्ताव पेश गर्न सक्ने व्यवस्था छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६६ को उपनियम (२) मा उपनियम (१) बमोजिम प्रस्ताव पेश भएपछि सो प्रतिवेदनमा कुनै सदस्यले चाहेमा संशोधन पेश गर्न सक्ने व्यवस्था छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६६ को उपनियम (३) मा उपनियम (१) बमोजिम पेश भएको प्रस्ताव वा उपनियम (२) बमोजिम पेश भएको संशोधनमाथि संक्षिप्त छलफल भएपछि सभामुखले सबै संशोधन निर्णयार्थ बैठकमा पेश गर्नु पर्नेछ र त्यसपछि प्रतिवेदनमा उल्लिखित सिफारिसलाई निर्णयार्थ बैठकमा प्रस्तुत गरिने व्यवस्था छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६६ को उपनियम (४) मा महाभियोगको प्रस्तावमाथि सभाको निर्णय सदस्यको दस्तखत सहितको मत विभाजनद्वारा हुने व्यवस्था छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६६ को उपनियम (५) मा उपनियम (४) बमोजिमको निर्णयको जानकारी महासचिव वा निजको अनुपस्थितिमा सचिवले नेपाल सरकारलाई दिने व्यवस्था छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६६ को उपनियम (६) मा कुनै पदाधिकारीको विरुद्धमा यस परिच्छेद बमोजिम प्रस्तुत प्रस्तावमा छानबिन गरी महाभियोग प्रमाणित हुन्छ भन्ने ठहरका साथ महाभियोग सिफारिस समितिले पेश गरेको प्रतिवेदन प्रतिनिधि सभाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाई बहुमतबाट पारित भएमा सम्बन्धित पदाधिकारी पदमुक्त हुने व्यवस्था छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६६ को उपनियम (७) मा महाभियोगको प्रस्ताव पारित भई पदमुक्त भएका नेपालको प्रधान न्यायधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीले पदमा रहँदा कुनै कसूर गरेको भए त्यस्तो कसूरमा संघीय कानुन बमोजिम कारबाही गर्न बाधा पर्ने छैन भन्ने व्यवस्था छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६६ को उपनियम (८) मा यस परिच्छेद बमोजिम महाभियोगको प्रस्ताव पारित भई पदमुक्त भएको व्यक्तिले त्यस्तो पदबाट पाउने कुनै सुविधा लिन र भविष्यमा कुनै पनि सार्वजनिक पदमा नियुक्ति वा मनोनयन हुन सक्ने छैन भन्ने व्यवस्था छ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६७ मा प्रचलित कानुनमा, जुनसुकै कुरा लेखिएको भए तापनि महाभियोग सम्बन्धी कारबाही यसै परिच्छेदमा व्यवस्था भए बमोजिम हुने व्यवस्था छ।

३.६ महाभियोग प्रस्ताव सम्बन्धी संसदीय प्रक्रिया

राष्ट्रपति वा उपराष्ट्रपति र नेपालको प्रधानन्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारी विरूद्धका सम्बन्धमा केही विषयमा अलग अलग र अधिकांश विषयमा समान प्रकृतिको व्यवस्था गरेको पाइन्छ।

प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाई सदस्यले महाभियोगको प्रस्ताव पेश गर्नु परेको आधार र कारण खुलाई सोको सूचना महासचिव वा निजको अनुपस्थितिमा प्रतिनिधि सभाको सचिवलाई दिन सक्ने व्यवस्था छ। संवैधानिक निकायका प्रमुख वा पदाधिकारी विरूद्धको हकमा भने यसका अतिरिक्त देहाय बमोजिमको थप प्रक्रियाबाट समेत महाभियोगको प्रस्ताव पेश हुन सक्ने व्यवस्था छः

प्राप्त सूचना, जानकारी वा उजुरीका आधारमा प्रतिनिधि सभाका कम्तीमा तीन जना सदस्यले प्रमाणित गरी पेश गरेमा महाभियोग सिफारिस समितिले छानबिन गरी प्रारम्भिक अनुसन्धान गर्ने र महाभियोग लाग्न सक्ने मनासिव र पर्याप्त आधार देखी समितिले सभा समक्ष सिफारिस गरेको प्रस्ताव प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाई सदस्यले समर्थन गरेमा महाभियोगको कारबाहीको प्रक्रिया प्रारम्भ हुने व्यवस्था छ।

राष्ट्रपति वा उपराष्ट्रपतिको विरूद्धको प्रस्तावको हकमा महाभियोग प्रस्ताव दर्तापछि भएको मितिले सात दिनभित्रको कुनै बैठकमा र अन्य पदाधिकारीको हकमा सात दिनपछिको कुनै बैठकमा छलफल हुने गरी दिन र समय तोक्नुपर्ने व्यवस्था छ भने अधिवेशन चालू नरहेको अवस्थामा महाभियोगको प्रस्तावसँगै प्रस्ताव दर्ता गर्दा बढीमा पन्ध्र दिनभित्र बैठक बस्ने गरी प्रतिनिधि सभाको अधिवेशनको आह्वानको माग समेत गर्नुपर्ने र यसरी अधिवेशन आह्वान भएको ३ दिनभित्रको कुनै पनि बैठकमा छलफल हुनेगरी दिन र समय तोक्नुपर्ने व्यवस्था छ।

सभामुखबाट महाभियोगको प्रस्तावका सम्बन्धमा छलफलका लागि तोकिएको दिन र समयमा बसेको बैठकमा प्रस्तावक सदस्यले महाभियोगको प्रस्ताव बैठकमा प्रस्तुत गर्ने र निजले चाहेमा प्रस्ताव पेश गर्नु अघि वक्तव्य दिन सक्ने व्यवस्था छ। छलफल समाप्त भएपछि प्रस्तावक सदस्यले चाहेमा बैठकको अनुमति लिई प्रस्ताव फिर्ता लिन पनि सक्ने व्यवस्था छ।

प्रस्तावक सदस्यले प्रस्ताव फिर्ता नलिएमा राष्ट्रपति वा उपराष्ट्रपति विरुद्धको महाभियोगको प्रस्तावको हकमा सभामुखले एघार सदस्यीय एक जाँचबुझ समिति गठन गर्न प्रस्ताव पेश गरी समिति गठन गर्न सक्ने व्यवस्था छ भने अन्य पदाधिकारी विरूद्धको महाभियोगको प्रस्तावको हकमा भने महाभियोग सिफारिस समिति समक्ष पठाइने व्यवस्था छ।

जाँचबुझ समिति तथा महाभियोग सिफारिस समितिले आरोपित व्यक्तिलाई सफाई पेश गर्ने मनासिव मौका दिई सबै तथ्यमा विचार गरी महाभियोग प्रमाणित हुन्छ वा हुँदैन भन्ने कुराको ठहर गरी कारण र आधार खुलाई सिफारिस सहितको प्रतिवेदन तीन महिनाभित्र बैठकमा पेश गर्नुपर्छ।

सभामा पेश भएको प्रतिवेदनमाथि बैठकमा छलफल हुने दिनको कम्तीमा दुई दिन अगावै सो प्रतिवेदन सबै सदस्यलाई वितरण गर्नुपर्ने, तोकेको दिन र समयमा समितिको प्रतिवेदन माथि विचार गरियोस् भनी बैठकमा प्रस्ताव पेश हुने र प्रतिवेदन माथि छलफल हुने व्यवस्था छ।

प्रतिवेदनमा सभामुखले उपयुक्त ठहर्याएको रूपमा संशोधन पेश गर्न वा कुनै विशेष कुराको सम्बन्धमा पुनः छानबिन गर्न प्रतिवेदनलाई समितिमा फिर्ता पठाउन समेत सक्ने र फिर्ता पठाइएको सम्बन्धमा समितिले सात दिनभित्र पुनः छानबिन गरी प्रतिवेदन बैठकमा पेश गर्नु पर्ने व्यवस्था छ।

यस्तो प्रतिवेदन उपर कुनै सदस्यले चाहेमा संशोधन समेत पेश गर्न सक्ने, संशोधनमाथि संक्षिप्त छलफल हुने, सबै संशोधन निर्णयको लागि बैठकमा पेश हुने र प्रतिवेदनमा उल्लिखित सिफारिसलाई सभाको निर्णयका लागि बैठकमा प्रस्तुत गर्ने व्यवस्था छ।

महाभियोगको प्रस्तावमाथि सभाको निर्णय सदस्यको दस्तखत सहितको मत विभाजनद्वारा हुन्छ र प्रतिनिधि सभाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाई बहुमतबाट पारित भएमा राष्ट्रपति र उपराष्ट्रपतिको हकमा सो महाभियोगको प्रस्ताव सन्देश सहित राष्ट्रिय सभामा पठाइन्छ भने नेपालको अन्य पदाधिकारीको हकमा प्रतिनिधि सभाबाट प्रक्रिया टुंगिन्छ र सम्बन्धित पदाधिकारी पदमुक्त हुन्छ।

राष्ट्रपति वा उपराष्ट्रपति विरूद्धको महाभियोग प्रस्ताव पारित भई प्रतिनिधि सभाबाट राष्ट्रिय सभामा प्राप्त हुन आएमा सभाका सचिवले उक्त प्रस्तावलाई अधिवेशन चालू रहेको अवस्थामा बैठकमा टेबुल गर्नुपर्ने र सदनको अधिवेशन चालु नरहेको अवस्थामा प्रतिनिधि सभाले त्यस्तो प्रस्ताव पारित गरेको मितिले सात दिनमा नबढ्ने गरी अध्यक्षको निर्देशनमा सचिवले सभाको बैठक बोलाउने व्यवस्था छ। यसरी सभामा प्रस्ताव टेबुल भएको मितिले बढीमा सात दिनभित्र अध्यक्षले उक्त प्रस्ताव उपर बैठकमा छलफल हुने गरी दिन र समय तोक्ने, तोकिएको दिन र समयमा कुनै सदस्यले महाभियोगको प्रस्ताव बैठकमा प्रस्तुत गर्ने, प्रस्ताव पेश भएपछि कार्यव्यवस्था परामर्श समितिको परामर्श लिई अध्यक्षले दलिय प्रतिनिधित्वको आधारमा एघार जना सदस्य रहेको जाँचबुझ समिति गठन गर्न बैठकमा प्रस्ताव पेश गर्ने, त्यसरी प्रस्ताव पेश गर्दा आरोप लागेको राष्ट्रपति वा उपराष्ट्रपतिसँग स्पष्टीकरण माग्ने, प्रमाण बुझ्ने र सो प्रयोजनका लागि समाह्वान जारी गर्ने लगायतका अधिकार समेतको प्रस्ताव हुनुपर्ने, उक्त प्रस्तावमा संशोधन पेश गर्न सक्ने लगायतका व्यवस्थाहरू राष्ट्रियसभा नियमावली, २०७५ मा गरिएको छ।

अध्यक्षले अन्यथा निर्णय गरेमा बाहेक जाँचबुझ समितिले समिति गठन भएको मितिले बढीमा तीस दिनको मात्र हुने, तोकिएको म्यादभित्र पूरा गर्न नसकेमा कारण खुलाई म्याद थपको लागि अध्यक्ष मार्फत बैठकसमक्ष अनुरोध भएमा बैठकले बढीमा पन्ध्र दिनको म्याद थप गर्न सक्ने व्यवस्था छ।

राष्ट्रिय सभाबाट गठन भएको जाँचबुझ समितिले प्रतिनिधि सभामा गठन भएको जाँचबुझ समितिले गरेझै सम्पूर्ण प्रक्रिया पुरा गरी सिफारिस सहितको प्रतिवेदन बैठकमा प्रस्तुत गर्नु पर्ने व्यवस्था छ। यसरी पेश भएको प्रतिवेदन उपर प्रतिनिधि सभामा भएका सबै प्रक्रियाहरू अवलम्वन गरिन्छन्। कुनै विशेष कुराको सम्बन्धमा पुनः छानबिन गर्न प्रतिवेदनलाई जाँचबुझ समितिमा फिर्ता पठाइएमा समितिले बढीमा पन्ध्र दिनभित्र पुनः छानबिन गरी बैठकमा प्रतिवेदन पेश गर्नु पर्दछ।

प्रतिवेदनमाथि छलफल समाप्त भएपछि वा समितिमा पुनः पठाइएको प्रतिवेदन प्राप्त भएपछि प्रतिवेदनमा उल्लिखित सिफारिस स्वीकृत गरियोस् भन्ने प्रस्ताव पेश हुने र बैठकमा निर्णयार्थ प्रस्तुत गर्ने व्यवस्था छ।

राष्ट्रिय सभामा समेत महाभियोगको प्रस्तावमाथि निर्णय गर्दा सदस्यको दस्तखत सहितको मत विभाजनद्वारा हुन्छ। सदनमा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाई बहुमतबाट पारित भएमा राष्ट्रिय सभाबाट समेत उक्त प्रस्ताव पारित भएको मानिन्छ।

संघीय संसदको दुवै सदनबाट दुई तिहाई बहुमतबाट पारित भएमा सम्बन्धित राष्ट्रपति वा उपराष्ट्रपति स्वतः पदमुक्त हुने व्यवस्था छ।

महाभियोगको प्रस्ताव पारित भई पदमुक्त भएको राष्ट्रपति वा उपराष्ट्रपति, नेपालको प्रधानन्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीले पदमा रहँदा कुनै कसूर गरेको भए त्यस्तो कसूरमा संघीय कानून बमोजिम कारबाही गर्न बाधा नपर्ने तथा पदमुक्त भएको व्यक्तिले त्यस्तो पदबाट पाउने कुनै सुविधा लिन र भविष्यमा कुनै पनि सार्वजनिक पदमा नियुक्ति वा मनोनयन हुन समेत नसक्ने व्यवस्था रहेको छ।

परिच्छेद -४

अध्ययन, छानबिन तथा विश्लेषण

४.१ अध्ययन

प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबराले विभिन्न मुद्दामा गर्नुभएका केही आदेश एवं फैसलाहरुको अध्ययन एवं विश्लेषण गर्दा देहाय अनुसारको देखिन आएको छ।

क्र. सं.	मुद्दा	मुद्दा नं.	मुद्दाका पक्षहरु		फैसला तथा आदेशहरुको (ठहर खण्ड) संक्षिप्त विवरण	फैसला तथा आदेश भएको मिति
			वादी	प्रतिवादी		
१.	मुद्दा उत्प्रेषण परमादेश समेत	०७१-WO-०५४४	मनोज सुवेदी	नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय समेत	यस स्थितिमा यसै अदालतबाट विपक्षी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७१।०१।०५ को निर्णय र सो बमोजिम कार्यान्वयनको लागि निवेदकलाई लेखिएको पत्र समेत कार्यान्वयन नगर्नु नगराउनु भनि अन्तरिम आदेश जारी भैसकेको र सो आदेश हाल सम्म कायम रहेको अवस्थामा सोही मिति २०७१।०१।०५ कै निर्णय बमोजिम भनि निवेदकले संचालन गरिरहेको उक्त क्यासिनो बन्द गर्नु भनि पुनः मिति २०७१।८।५ मा विपक्षी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले निवेदकको उक्त क्यासिनो बन्द गर्ने गराउने सम्बन्धमा लेखेको पत्र र सोही आधारमा सुरक्षाको व्यवस्था गरेको भन्ने गृह मन्त्रालयको मिति २०७१।०९।२५ को पत्र समेतबाट निवेदकलाई अपूरणीय क्षति हुन सक्ने अवस्था देखिदा सुविधा र	२०७१।१०।०८।५

					संतुलनको आधारमा निवेदकले संचालन गरी आएको उक्त क्यासिनो रोयल संचालन कार्य बन्द नगर्नु र नगराउनु भनि मिति २०७१।०८।०५ को पत्र समेत कार्यान्वयन नगर्नु नगराउनु भनि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ (१) बमोजिम अन्तरिम आदेश गरिदिएको छ। आदेशको जानकारी विपक्षीहरुलाई दिई लिखित जवाफ परेपछि प्रस्तुत रिट निवेदन पनि लगाएको रि.नं. ०७१-WO-०२१० संग साथै राखी पेश गर्नु।	
२.	उत्प्रेषणयुक्त परमादेश	०७१-WO-०६२८	का.जि.का.म.न.पा. वडा नं. १३ बस्ने राजबहादुर सिंहको श्रीमती प्रेरणा राज्य लक्ष्मी सिंह	नेपाल सरकार मन्त्रिपरिषद् समेत	मिति २०६४।०७।२० र २०६४।०९।२२ मा लागू भएको नेपाल ट्रष्ट अध्यादेश, २०६४ र नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ३ र सोको स्पष्टीकरण तथा दफा ४ बमोजिम राजा विरेन्द्र, रानी ऐश्वर्य, निजका छोराहरु दीपेन्द्र शाह र निराजन शाहको नामको सम्पत्तिसम्म नेपाल ट्रष्टमा जाने कानुनी व्यवस्था भएको र सो बाहेक राजपरिवारका अन्य सदस्यको नामको सम्पत्ति सो ट्रष्टमा जाने कानूनी व्यवस्था नभएकोमा राजा वीरेन्द्र र निजका परिवारको मिति २०५८।२।१९ मा देहावसान पश्चात् मिति २०६२।०२।०६ मा रैकर परिणत भई "श्री ५ महाराजधिराज" को नाममा दर्ता हुन आएको दावीको कि.नं. २५ को १५-१-०-० अर्थात ०,७६६४.६० वर्गमीटरको छाउनी स्थित घर जग्गा तत्कालीन श्री ५ महाराजधिराज ज्ञानेन्द्रबाट आफ्नी छोरी पूर्व अधिराजकुमारी प्रेरणा राज्यलक्ष्मी सिंह (शाह) लाई मिति २०६२।०२।१० मा दाइजो स्वरूप बकस दिएको निज निवेदीकाको हक भोगको उक्त घरजग्गा निजलाई बुझ्दै नबुझी सूचना वा जानकारी समेत नदिई निजको हक	

					समाप्त हुने गरी २०६४ सालमा बनी लागू भएको नेपाल ट्रष्टको कार्यालयको नाममा ऐनको दफा ३ समेतको आधार भनी उक्त ट्रष्टको नाममा नामसारी भएको भन्ने भूमि सुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६४।९।१ को पत्र, मालपोत कार्यालय कलंकीको मिति २०६४।०९।०३ को पत्र र नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०६७।०७।०८ को निर्णय समेत नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ३ र ४ विपरीत हुनुको साथै यस अदालतबाट प्रतिपादित ने.का.प. २०६८, मंसिर, निर्णय नं. ८६६३, पृष्ठ १२७६ तथा प्राकृतिक न्यायको सिद्धान्त समेत प्रतिकूल रहेको र विपक्षीहरूको सो निर्णय र कार्यहरुबाट निवेदीकाको सम्पत्ति सम्बन्धी हकमा आघात पुगेको देखिएकोले निवेदन दावीको जग्गा नेपाल ट्रष्ट अन्तर्गत ल्याउने गरी भएको विपक्षी मन्त्रिपरिषद्को निर्णय, भूमि सुधार तथा व्यवस्था मन्त्रालय, मालपोत कार्यालय कलंकीको तत् तत् मितिको पत्र र तत्पश्चातको सबै काम कारवाही एवं पत्र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ।	
३.	हक कायम समेत	०६५-CI-०४५६	का.जि.का.म.न.पा वडा नं. २२ बस्ने अबुल खैर शाह	का.जि.का.म.न.पा. वडा नं. ३ बस्ने मोहन देवी श्रेष्ठ समेत	उपरोक्त आधारबाट वादीको पिताले मिति २०१८।१२।१४ को राजीनामा लिखतबाट क्षे.फ. १-४-०-० जग्गा खरिद गरेको हुँदा पारित राजीनामाको लिखतमा उल्लिखित क्षेत्रफल भन्दा बढी अर्थात २-७-१ समुच्चा जग्गा वादी कै हुने भन्न मिल्ने पनि देखिन आउदैन। तसर्थ साविक हा.न. १५ हाल विवादित कि नं. ८ को क्षेत्रफल २-७-१ जग्गा मध्ये प्रतिवादीको	२०७२।०३।०२। ४

					पिता जलाल शाहले विक्री गरेको मिति २०१८।१२।१४ को राजीनामा लिखतमा उल्लिखित पूर्व तर्फ आफ्नै बाँकी जग्गा राखी पश्चिम तर्फ राजिनामा लिखत बमोजिम क्षे.फ. १-४-० वादीको हुने भई बाँकी क्षे.फ. १-३-१ सम्म प्रतिवादीको हक कायम हुने देखिन्छ। यसरी कि.नं. ८ को क्षे.फ. २-७-१ जग्गा मध्ये वादीको क्षे.फ. १-४-० जग्गामा र प्रतिवादीको क्षे.फ. १-३-१ जग्गामा प्रतिवादीको हक कायम हुने ठहर भएतापनि यसै लगाउको ०६५-CI-०४५७ मिलापत्र बदर मुद्दामा अमिनुदिन मिया र यी प्रतिवादी अबुल खैर शाहबीच हा.न. १५ को वादीलाई बिक्री गरिदिएको ज.रो. १-४-० जग्गा बाहेकको जग्गा मध्ये क्षे.फ. १-०-० जग्गा लिनु दिनु गरी भएको मिति २०५१।०३।१४ को मिलापत्र बदर गरी पाँउ भनि यीनै वादीले दिएको फिराद दावी बमोजिम मिलापत्र बदर हुने ठहराएको पुनरावेदन अदालतको फैसला उल्टि भइ बादी दावी नपुग्ने गरी आज यसै इजलासबाट फैसला भएको हुँदा उक्त कि.नं. ८ को क्षे.फ. २-७-१ जग्गा मध्ये बादीका पिता रामशंकरले प्राप्त गरेको लिखत बमोजिम ज.रो.१-४-०-० बादीको हककायम हुने र सो देखि बाहेक बाँकी रहेको जग्गा मध्ये यिनै प्रतिवादी अबुल खैर शाहसँगको मिलापत्रबाट ज.रो.१-०-० प्राप्त गर्ने अमिनुदिन मियाको भाग छुट्याई बाँकी ज.रो.०-३-१ जग्गा बाँकी हुने भएतापनि सुरु काठमाडौं जिल्ला अदालतको मिति २०५८।०१।०९ को नक्सा मुचुल्काबाट हालको नयाँ नापीमा उल्लिखित कि.नं. ८ मा ज.रो. ३-१-२ क्षेत्रफल देखिइ बढ कायम भएको	

					हुँदा सोही आधारमा बाँकी ज.रो. ०-१३-२ मा प्रतिवादी अबुल खैर शाहको हक कायम हुने ठहर्छ। सो बमोजिम नभएको सुरु काठमाडौं जिल्ला अदालतको मिति २०५९।१२।१९ को फैसला सदर हुने ठहराएको पुनरावेदन अदालत पाटनको मिति २०६३।०१।१७ को फैसला सो हदसम्म मिलेको नदेखिदा केही उल्टि हुने ठहर्छ।	
४.	मिलापत्र बदर	०६५-CI-०४५७	का.जि.का.म.न.पा वडा नं. २२ को हाल का.म.न.पा वडा नं. ५ टंगाल बस्ने अबुल खैर शाह	रामशंकर श्रेष्ठको श्रीमती का.जि.का.म.न.पा. वडा नं. ३ बस्ने मोहन देवी श्रेष्ठ समेत	यसमा यसै लगाउको ०६५-CI-०४५६ को हक कायम समेत मुद्दाबाट यीनै वादीका पिता स्व. रामशंकरले हा.न. १५ बाट जम्मा ज.रो. १-४-० प्राप्त गरेको र सो हा.न. १५ को जग्गा सर्भे नापीमा कि.न. ८ कायम भई नापी भएको भन्ने पुष्टि भएको अवस्था छ। सो बमोजिम यी वादीका पिताले र.न. २८५३ बाट प्राप्त गरेको जग्गामा यी वादीको हक कायम हुने गरी आज यसै इजलासबाट फैसला भएको अवस्था छ। यी वादीका पितालाई दिएको उक्त हा.न. १५ को ज.रो. ३-१-३-२ मध्ये १-४-० बाहेक बाँकी रहेको ज.रो २-७-१ मध्येबाट अबुल खैर शाह र अमिनुदिन मिया बिच ज.रो. १-०-०- अमिनुदिन मियाले पाउने र बाँकी १-७-१ अबुल खैर शाहको हकमा रहने गरी भएको उक्त मिलापत्रबाट यी वादीहरुको हकमा कुनै असर परेको वा वादीहरुको हकको जग्गा लिनु दिनु गरी मिलापत्र भएकोसमेत नदेखिएको अवस्थामा, लगाउको ०६५-CI-०४५६ को हक कायम मुद्दामा विवेचित आधार कारणसमेतबाट वादी दावी बमोजिम मिलापत्र बदर हुने भन्न मिलेन। अतः उपरोक्तानुसार मिति २०५१।३।१४ को मिलापत्र यथावत् कायम हुने भइ वादी दाबी पुग्न नसक्ने	२०७२।०३।२।४

					ठहर्याउनु पर्नेमा सो नगरि वादीहरुको दावी बमोजिम मिलापत्र बदर हुने ठहर्याएको शुरु काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०६३।०१।१७ को फैसला मिलेको नदेखिंदा उल्टी हुने ठहर्छ।	
५.	मिलापत्र बदर	०६५-CI-०४५८	का.जि.का.म.न.पा वडा नं. २२ बस्ने अबुल खैर शाह	का.जि.का.म.न.पा. वडा नं. ३ बस्ने मोहन देवी श्रेष्ठ समेत	यसमा यसै लगाउको ०६५-CI-०४५६ को हक कायम समेत मुद्दाबाट यीनै वादीका पिता स्व. रामशंकरले हा.न. १५ बाट जम्मा ज.रो. १-४-० प्राप्त गरेको र सो हा.न. १५ को जग्गा सर्भे नापीमा कि.न. ८ कायम भई नापी भएको भन्ने पुष्टि भएको अवस्था छ। सो बमोजिम यी वादीका पिताले र.न. २८५३ बाट प्राप्त गरेको जग्गामा यी वादीको हक कायम हुने गरी आज यसै इजलासबाट फैसला भएको अवस्था छ। यी वादीका पितालाई दिएको उक्त हा.न. १५ को ज.रो. ३-१-३-२ मध्ये ज.रो. १-४-० बाहेक बाँकी रहेको ज.रो. २-७-१ मध्येबाट अबुल खैर शाह र अमिनुदिन मिया बिच ज.रो. १-०-०- अमिनुदिन मियाले पाउने र बाँकी १-७-१ अबुल खैर शाहको हकमा रहने गरी भएको उक्त मिलापत्रबाट यी वादीहरुको हकमा कुनै असर परेको वा वादीहरुको हकको जग्गा लिनु दिनु गरी मिलापत्र भएको समेत नदेखिएको अवस्थामा, लगाउको ०६५-CI-०४५६ को हक कायम मुद्दामा विवेचित आधार कारणसमेतबाट वादी दावी बमोजिम मिलापत्र बदर हुने भन्न मिलेन। अतः उपरोक्तअनुसार मिति २०५१।३।१४ को मिलापत्र यथावत कायम हुने भइ वादी दावी पुग्न नसक्ने ठहर्याउनु पर्नेमा सो नगरि वादीहरुको दावी बमोजिम मिलापत्र बदर हुने ठहऱ्याएको शुरु काठमाडौं जिल्ला	२०७२।०३।०२। ४

					अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०६३।०१।१७ को फैसला मिलेको नदेखिंदा उल्टी हुने ठहर्छ।	
६.	हक कायम समेत	०६५-CI-०४५९	का.जि.का.म.न.पा वडा नं. २२ बस्ने अबुल खैर शाह	का.जि.का.म.न.पा. वडा नं. ३ बस्ने मोहन देवी श्रेष्ठ समेत	मुद्दाका वादी अबुल खैर शाहवीच हा.न. १५ को जग्गा मध्ये प्रस्तुत मुद्दाका प्रतिवादीका पति पिता राम शंकरलाई विक्री गरिदिएको ज.रो. १-४-० जग्गा बाहेकको जग्गा मध्ये क्षे.फ. १-०-० जग्गा लिनु दिनु गरी भएको मिति २०५१।०३।१४ को मिलापत्र बदर गरी पाँउ भनि प्रस्तुत मुद्दाका प्रतिवादीले दिएको फिराद दावी बमोजिम मिलापत्र बदर हुने ठहराएको पुनरावेदन अदालतको फैसला उल्टि भइ बादी दावी नपुग्ने गरी आज यसै इजलासबाट फैसला भएको हुँदा उक्त कि.नं. ८ को क्षे.फ. २-७-१ जग्गा मध्ये प्रस्तुत मुद्दाका प्रतिवादीका पति पिता रामशंकरले प्राप्त गरेको लिखत बमोजिम ज.रो. १-४-०-० सम्म प्रस्तुत मुद्दाका प्रतिवादीको हक कायम हुने र सो देखि बाहेक बाँकी रहेको जग्गा मध्ये यिनै वादी अबुल खैर शाहसँगको मिलापत्रबाट ज.रो. १-०-० प्राप्त गर्ने अमिनुदिन मियाको माग छुट्टाई बाँकी ज.रो. ०-३-१ जग्गा बाँकी हुने भए तापनि सुरु काठमाडौं जिल्ला अदालतको मिति २०५८।०१।०९ को नक्सा मुचुल्काबाट हालको नयाँ नापीमा उल्लिखित कि.नं. ८ मा ज.रो. ३-१-२ क्षेत्रफल देखिइ बढ कायम भएको हुँदा सोही आधारमा बाँकी ज.रो. ०-१३-२ मा यी वादी अबुल खैर शाहको हक कायम हुने ठहर्छ।" भनी आज यसै इजलासबाट फैसला भइसकेको हुँदा प्रस्तुत मुद्दामा पनि सोही मुद्दामा विवेचना गरिएका आधार प्रमाणहरुबाट पुनरावेदन अदालत	२०७२।०३।०२।४

					पाटनको मिति २०६३।०१।१७ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई कालिमाटी वडा नं. ५ कि.नं. ८ क्षेत्रफल ३-१-३-२ रोपनी जग्गा मध्ये पूर्व तर्फबाट क्षेत्रफल ०-१३-२ रोपनी जग्गामा पुनरावेदक वादी अबुल खैर शाहको हक कायम हुने ठहर्छ।	
७.	उत्प्रेषण परमादेश समेत	०७३-WO-१०६५	का.जि.का.म.न.पा वडा नं. १ दरबारमार्गमा अवस्थित होटल याक एण्ड यति लि.को तर्फबाट अख्तियारप्राप्त गरी आफ्नो हकमा समेत ऐ.का. शेयरधनी एवं सञ्चालक ऐ.ऐ. बस्ने राधेश्याम सराफ समेत	नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत	विवेचित आधार प्रमाणबाट निवेदकको नाउँमा रहेको क्यासिनोको तिर्न पर्ने कर, दस्तुर आदिको तिर्नुपर्ने दायित्व निवेदक कै हुने हुँदा सो कर दस्तुर सम्बन्धमा सम्बन्धित कार्यालयमा आफैं उपस्थित भई प्रमाण पेस गरी कानुनी कारवाही गर्नुपर्ने प्रकृतिको हुँदा प्रस्तुत रिट निवेदनबाट निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। साथै यस अदालतबाट मिति २०७४।०२।०२ मा भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुन्छ। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिनु।	२०७५।०३।१२।३
८.	हक कायम दर्ता नामसारी समेत	०६९-NF-०००....	का.जि.का.म.न.पा.वडा नं.११ त्रिपुरेश्वर बस्ने कृष्णमान सिंह	का.जि.का.म.न.पा.वडा नं.११ भोटेवहाल बस्ने हंसमानको मुद्दा सकार गर्ने प्रकाशमान सिंह समेत	वादी कृष्णमानको नाममा पारित भएको २०१३।१०।२८ को फार्छेपत्र र २०१५ सालमा वादीका नाममा नक्सा पास गरी बनाएको घर र जग्गाको विषयलाई प्रतिवादीहरुले स्वीकार गरी अन्यथा भन्न सकेको नदेखिएको अवस्थामा २०२१।७।२७ को बण्डापत्रबाट वादी कृष्णमानको भागमा वण्डा भएको घर जग्गालाई २०४८।४।८ को निर्णयले कुनै पनि असर गर्न सक्ने नहुँदा २०२१।७।२७ को वण्डापत्रको लिखतलाई वादी प्रतिवादीहरु बीचको अंशवण्डाको आधिकारिक र अन्तिम लिखत मान्नुपर्ने देखिंदा यस	२०७६।०१।१९।५

					अदालतको संयुक्त इजलासको फैसलासँग सहमत हुन सकिएन। उपरोक्त आधार र कारणहरुबाट यस अदालतको संयुक्त इजलासबाट भएको मिति २०६६।६।२८ को फैसला उल्टी भै शुरु काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०६०।२।१६ को फैसला र उक्त फैसलालाई सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०६३।१०।८ को फैसला सदर हुने ठहर्छ।	
९.	कर्तव्य ज्यान	०७२-CR-१९३७	नेपाल सरकार	काठमाडौं जिल्ला, इचङ्गुनारायण गा.वि.स. वडा नं. ६ घर भई हाल कारागार कार्यालय डिल्लीबजार थुनामा रहेका रन्जनप्रसाद कोइराला	पुनरावेदक प्रतिवादी रन्जनप्रसाद कोइरालालाई जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने हो की भन्ने सम्बन्धमा विचार गर्दा मृतक गीता ढकाल (कोइराला) र पुनरावेदक प्रतिवादी रन्जनप्रसाद कोइरालाबीच २०५० सालमा विवाह भै निजहरुबाट १४ वर्षका आयूष कोइराला र ११ वर्षका आर्यन कोइराला गरी दुई छोराहरुको जायजन्म भएपश्चात् निज छोराहरुको आमा गीता ढकाल (कोइराला) को मिति २०६८।९।२७ मा पुनरावेदक प्रतिवादीको कर्तव्यबाट मृत्यु भएको देखियो। मिसिल संलग्न प्रमाण कागजहरुबाट मृतक र पुनरावेदक प्रतिवादीबाट दुई छोराहरुको जायजन्म भएपछि निजहरु बीचको दाम्पत्य जीवन सुमधुर हुन नसकी दुवै जना एक अर्काबाट लामो समयदेखि अलग अलग घरमा बस्दै आएको अवस्थामा मिति २०६८।९।२७ गतेका दिन मृतक बस्ने घरमा प्रतिवादी रन्जनप्रसाद कोइराला जाँदा मृतक श्रीमती गीता ढकालले व्यापारको लागि पैसा मागेको कारणबाट उठेको विवादमा दुवै जना बीच झैं-झगडा वादविवाद हुँदा सो अवस्थामा रीस उठी आवेगमा आई पुनरावेदक प्रतिवादी रन्जनप्रसाद कोइरालाले गीता	२०७७।०३।१५।२

					ढकाल कोइरालालाई धकेल्दा टाउको भित्तामा ठोकिई मृत्यु भएको, वारदात हुँदाको पृष्ठभूमि सहितको अवस्था र परिस्थितिलाई हेर्दा वारदात मृतकको कारण र जरियाबाट प्रतिवादी आवेशमा आई उठेको रीसबाट भएको भन्ने सम्मको अवस्था देखिनुको साथै निजको मृत्यु पश्चात् नाबालक छोराहरुको हेरचाह, संरक्षण एवं शिक्षा दीक्षा लगायतका कार्यहरु अभिभावक विहिनताको कारणले अनिश्चय र अन्योलता हुन गई उनीहरुको हितमा समेत दुरगामी प्रभाव पर्न जाने कारणले उपरोक्त सजाय गर्दा चर्को पर्न जाने जस्तो चित्तमा लागेको हुँदा पुनरावेदक प्रतिवादीलाई सावित मुलुकी ऐन, अ.बं. १८८ नं. तथा हाल प्रचलित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७ (क) बमोजिम ८ वर्ष ६ महिना कैद सजाय गर्दा पनि सजायको मकसद पुरा हुने देखिएकोले पुनरावेदक प्रतिवादी रन्जनप्रसाद कोइरालालाई ८ वर्ष ६ महिना कैद हुने ठहर्छ।	
१०.	अंश चलन	०६८-CI-०९११	का.जि.का.म.न.पा.वडा नं.११ थापाथली माईतीघर भै हाल ऐ.ऐ. वडा नं.२९ ठमेल बस्ने शोभा चिपालु मास्के समेत	का.जि.का.म.न.पा.वडा नं.११ थापाथली बस्ने गोविन्दबहादुर चिपालु	पुनरावेदक वादीका बाबुको अंशभाग निजको मृत्यु पश्चात निजको श्रीमती वादीको आमामा रहने र आमाको मृत्यु पश्चात आमामा रहेको निजको अंशभाग आमालाई स्याहार सुसार गरी पालन पोषण गर्ने वादी छोरीहरुले अंश अपुताली पाउने कानुनी तथा न्यायोचित कारण हुँदा यस अदालतबाट मिति २०७४।१।१० मा तायदाती माग्दा लिएका कानुनी आधार बमोजिम वादी प्रतिवादीबाट क्रमशः मिति २०७४।२।४ र २०७४।३।१४ मा पेश गरिएको तायदाती फाँटवारीमा उल्लिखित अचल जग्गा जमिन मध्ये वादीले बकसपत्रबाट प्राप्त गरेका पर्सा जिल्ला सावित विरगंज नगरपंचायत आदर्शनगर	२०७७।०९।०७।३

					कि.नं.७८१ र ७८२ हाल ऐ. विरगंज नगरपालिका वडा नं.१३ कि.नं.४६ र मकवानपुर हेटौडा न.पा.वडा नं.४ कि.नं.३४९० र ३४९१ का जग्गा र प्रतिवादी उषा प्रधान चिपालुले बकसपत्रबाट प्राप्त गरेको भनिएका तायदाती फाँटवारीमा उल्लिखित काठमाडौं किर्तिपुर न.पा.वडा नं.२ कि.नं.२२० र रुपन्देही जिल्ला खवनगाई १ कि.नं.३३ का जग्गाहरुलाई बाहेक गरी बाँकी रहेका तायदाती फाँटवारीमा उल्लिखित सम्पूर्ण जग्गाहरुलाई वादी प्रतिवादीका बाबुहरुमा २ भाग लगाई २ भागको १ भाग वादीहरुले आफ्नो बाबुआमाको अंशभागबाट अंश अपुताली पाउने ठहर्छ। यसरी पुनरावेदक वादीहरुले आफ्नो बाबुआमाको अंशभागबाट अंश अपुताली पाउने देखिंदा वादी दावी नपुग्ने ठहर्याएका शुरु काठमाडौं जिल्ला अदालतको मिति २०६६।१२।२४ को फैसला सदर हुने ठहर्याएका पुनरावेदन अदालत पाटनको मिति २०६७।७।१६ को फैसला कानुन सम्मत मिलेको नदेखिंदा उल्टी हुने भई पुनरावेदक वादीहरुले फिराद दावी बमोजिम २ भागको १ भाग अंश अपुताली पाउने भई चलन समेत चलाई पाउने ठहर्छ।	
११.	संविधानसंग बाझिएको कानुन अमान्य र बदर घोषित गरी पाउँ	०७४-WC-००२०	जिल्ला पाल्पा बगनासकाली गा.पा.वडा नं.८ घर भै हाल का.जि.का.म.न.पा. वडा नं.२९ बस्ने वर्ष ४१ को अधिवक्ता विष्णुप्रसाद घिमिरे	संघीय संसद समेत	मुद्दामा संकलित अन्य प्रमाणको मूल्यांकनका आधारमा आरोप दावी ठहर हुने वा नहुने कुराको न्यायिक निरुपण गर्नु नै पर्ने हुन्छ। यसरी न्याय निरुपण गर्दा हाल मुद्दाको सुनुवाई अन्तिम भई नसकेका वा न्यायिक प्रकृयामा रहेका विवादका सन्दर्भमा उपरोक्त अनुसार अमान्य र बदर घोषित गरिएको अख्तियार दुरुपयोग अनुसान्धान आयोग नियमावली, २०५९ को नियम ३० मा रहेको प्रावधान अनुसार संकलन गरिएको अर्थात,	२०७८।०१।०८।४

					प्रत्यर्थी आयोग स्वयमले नै दिई पठाएको सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो। केवल यही कारणबाट मुद्दा नै खारेज हुने वा भए गरिएका सबै काम कारवाही बदर हुने होइनन्। तसर्थ, प्रस्तुत प्रसंगमा थप उल्लेख वा विवेचना गरिरहन परेन।	
१२.	उत्प्रेषण, परमादेश समेत	०७५-WO-१२३५	लेवनानको कानुन बमोजिम संस्थापित 9th Floor, Vanrise Bldg, Hazmieh Highway, Beirut, Lebanon मा रजिष्टर्ड कार्यालय रहेको Vanrise Solutions S.A.L., (Offshore) को तर्फबाट अ.प्रा. अधिवक्ता कैलाश पाण्डेको वा एशोदा कुमारी पाण्डे	नेपाल दुरसञ्चार प्राधिकरण, कमलादी, काठमाडौं	नेपाल दुरसंचार प्राधिकरणले आह्वान गरेको बोलपत्र कानुन सम्मत नै रहेको, आशयपत्र माग गर्दा ऐनले तोके बमोजिमका प्रतिस्पर्धीहरु रहे भएको, प्राधिकरणले तोकेका विभिन्न शर्त र मापदण्ड निवेदक कम्पनीले पालना गरेको, बोलपत्र प्रस्ताव माग गरी सबैको उपस्थितिमा प्राविधिक तथा आर्थिक बोलपत्रहरु खोली मूल्याँकनको कार्य समेत भईसके पछि उच्चतम अंक प्राप्त गर्ने कम्पनीसँग सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३७ अनुसार प्रस्तावदातासँग छलफल गरी ऐ. ऐनको दफा ३८ मा भएको व्यवस्था अनुसार खरिद सम्झौता गर्नुपर्नेमा सो नगरी विना आधार र कारण सम्पूर्ण खरिद प्रक्रिया नै रद्द गर्ने गरी गरेको नेपाल दुरसंचार प्राधिकरणको मिति २०७६।०१।२९ (तदनुसार मे/१२, २०१९) को पत्र उत्प्रेषणको आदेशद्वारा बदर हुने र निवेदक कम्पनीसँग बोलपत्र आव्हान बमोजिमको कानुनी प्रक्रिया पुरा गरी अग्रिम खरिद प्रक्रिया सम्पन्न गर्नु गराउनु भनी विपक्षीको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ।	२०७८।०१।१४।३

४.२ छानबिन तथा विश्लेषण

उत्प्रेषण परमादेश समेत (०७१-WO-०५४४) सम्बन्धमा

यस स्थितिमा यसै अदालतबाट विपक्षी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७१।०१।०५ को निर्णय र सो बमोजिम कार्यान्वयनको लागि निवेदकलाई लेखिएको पत्र समेत कार्यान्वयन नगर्नु नगराउनु भनि अन्तरिम आदेश जारी भैसकेको र सो आदेश हाल सम्म कायम रहेको अवस्थामा सोही मिति २०७१।०१।०५ कै निर्णय बमोजिम भनि निवेदकले संचालन गरिरहेको उक्त क्यासिनो बन्द गर्नु भनि पुनः मिति २०७१।८।५ मा विपक्षी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले निवेदकको उक्त क्यासिनो बन्द गर्ने गराउने सम्बन्धमा लेखेको पत्र र सोही आधारमा सुरक्षाको व्यवस्था गरेको भन्ने गृह मन्त्रालयको मिति २०७१।०९।२५ को पत्र समेतबाट निवेदकलाई अपूरणीय क्षति हुन सक्ने अवस्था देखिदा सुविधा र संतुलनको आधारमा निवेदकले संचालन गरी आएको उक्त क्यासिनो रोयल संचालन कार्य बन्द नगर्नु र नगराउनु भनि मिति २०७१।०८।०५ को पत्र समेत कार्यान्वयन नगर्नु नगराउनु भनि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ (१) बमोजिम अन्तरिम आदेश गरिदिएको छ भनी सम्मानित सर्वोच्च अदालतबाट मिति २०७१।१०।०८।५ मा फैसला आदेश गरेको देखियो।

यस आदेशबाट क्यासिनोबाट राज्यलाई प्राप्त हुनुपर्ने राजश्व गुमी राज्यलाई राजश्व घाटा भएको पाइयो। लोकतान्त्रिक शासन व्यवस्था भएका मुलुकमा राज्यका तीनवटै अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले गर्ने कार्य संविधानद्वारा नै निर्दिष्ट गरिएको हुन्छ ।नेपालको संविधानले पनि सोही तथ्यलाई आत्मसात गरी संविधानमै राज्यका प्रमुख तीन अंगको छुट्टा छुट्टै भूमिका निर्धारण गरेको छ।

उत्प्रेषण परमादेश (०७१-WO-०६२८) सम्बन्धमा

मिति २०६४।०७।२० र २०६४।०९।२२ मा लागू भएको नेपाल ट्रष्ट अध्यादेश, २०६४ र नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ३ र सोको स्पष्टीकरण तथा दफा ४ बमोजिम राजा विरेन्द्र, रानी ऐश्वर्य, निजका छोराहरु दीपेन्द्र शाह र निराजन शाहको नामको सम्पत्तिसम्म नेपाल ट्रष्टमा जाने कानुनी व्यवस्था भएको र सो बाहेक राजपरिवारका अन्य सदस्यको नामको सम्पत्ति सो ट्रष्टमा जाने कानूनी व्यवस्था नभएकोमा राजा वीरेन्द्र र निजका परिवारको मिति २०५८।२।१९ मा देहावसान पश्चात् मिति २०६२।०२।०६ मा रैकर परिणत भई "श्री ५ महाराजधिराज" को नाममा दर्ता हुन आएको दावीको कि.नं. २५ को १५-१-०-० अर्थात ०,७६६४.६० वर्गमीटरको छाउनी स्थित घर जग्गा तत्कालीन श्री ५ महाराजधिराज ज्ञानेन्द्रबाट आफ्नी छोरी पूर्व अधिराजकुमारी प्रेरणा राज्यलक्ष्मी सिंह (शाह) लाई मिति २०६२।०२।१० मा दाइजो स्वरूप बकस दिएको निज निवेदीकाको हक भोगको उक्त घरजग्गा निजलाई बुझ्दै नबुझी सूचना वा जानकारी समेत नदिई निजको हक समाप्त हुने गरी २०६४ सालमा बनी लागू भएको नेपाल ट्रष्टको कार्यालयको नाममा ऐनको दफा ३ समेतको आधार भनी उक्त ट्रष्टको नाममा नामसारी भएको भन्ने भूमि सुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६४।९।१ को पत्र, मालपोत

कार्यालय कलंकीको मिति २०६४।०९।०३ को पत्र र नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०६७।०७।०८ को निर्णय समेत नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ३ र ४ विपरीत हुनुको साथै यस अदालतबाट प्रतिपादित ने.का.प. २०६८, मंसिर, निर्णय नं. ८६६३, पृष्ठ १२७६ तथा प्राकृतिक न्यायको सिद्धान्त समेत प्रतिकूल रहेको र विपक्षीहरूको सो निर्णय र कार्यहरुबाट निवेदीकाको सम्पत्ति सम्बन्धी हकमा आघात पुगेको देखिएकोले निवेदन दावीको जग्गा नेपाल ट्रष्ट अन्तर्गत ल्याउने गरी भएको विपक्षी मन्त्रिपरिषद्को निर्णय, भूमि सुधार तथा व्यवस्था मन्त्रालय, मालपोत कार्यालय कलंकीको तत् तत् मितिको पत्र र तत्पश्चातको सबै काम कारवाही एवं पत्र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको भनी सम्मानित सर्वोच्च अदालतबाट आदेश भएको देखिन्छ ।

लोकतान्त्रिक शासन व्यवस्था भएका मुलुकमा राज्यका तीनवट्टै अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले गर्ने कार्य संविधानद्वारा नै निर्दिष्ट गरिएको हुन्छ ।नेपालको संविधानले पनि सोही तथ्यलाई आत्मसात गरी संविधानमै राज्यका प्रमुख तीन अंगको छुट्टा छुट्टै भूमिका निर्धारण गरेको छ। नेपालको संविधानले प्रदान गरेको क्षेत्राधिकारको विपरित हुने गरी अर्को निकायको क्षेत्राधिकारमा प्रधान न्यायाधीशको पदीय हैसियतले दवावमा पारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् र भूमि सुधार तथा व्यवस्था मन्त्रालयको कार्यमा हस्तक्षेप गरेको पाईयो। गलत एवं शक्तिपृथकीकरण विपरित कार्य भएमा अधिकार क्षेत्रभित्र रही आदेश गर्नु पर्ने थियो। यसमा सार्वजनिक सम्पति हिनामिना गर्ने मनशाय समेत देखियो।

हक कायम समेत (०६५-CI-०४५६) सम्बन्धमा

उपरोक्त आधारबाट वादीको पिताले मिति २०१८।१२।१४ को राजीनामा लिखतबाट क्षे.फ. १-४-०-० जग्गा खरिद गरेको हुँदा पारित राजीनामाको लिखतमा उल्लिखित क्षेत्रफल भन्दा बढी अर्थात २-७-१ समुच्चा जग्गा वादी कै हुने भन्न मिल्ने पनि देखिन आउदैन। तसर्थ साविक हा.न. १५ हाल विवादित कि नं. ८ को क्षेत्रफल २-७-१ जग्गा मध्ये प्रतिवादीको पिता जलाल शाहले विक्री गरेको मिति २०१८।१२।१४ को राजीनामा लिखतमा उल्लिखित पूर्व तर्फ आफ्नै बाँकी जग्गा राखी पश्चिम तर्फ राजिनामा लिखत बमोजिम क्षे.फ. १-४-० वादीको हुने भई बाँकी क्षे.फ. १-३-१ सम्म प्रतिवादीको हक कायम हुने देखिन्छ। यसरी कि.नं. ८ को क्षे.फ. २-७-१ जग्गा मध्ये वादीको क्षे.फ. १-४-० जग्गामा र प्रतिवादीको क्षे.फ. १-३-१ जग्गामा प्रतिवादीको हक कायम हुने ठहर भएतापनि यसै लगाउको ०६५-CI-०४५७ मिलापत्र बदर मुद्दामा अमिनुदिन मिया र यी प्रतिवादी अबुल खैर शाहबीच हा.न. १५ को वादीलाई बिक्री गरिदिएको ज.रो. १-४-० जग्गा बाहेकको जग्गा मध्ये क्षे.फ. १-०-० जग्गा लिनु दिनु गरी भएको मिति २०५१।०३।१४ को मिलापत्र बदर गरी पाँउ भनि यीनै वादीले दिएको फिराद दावी बमोजिम मिलापत्र बदर हुने ठहराएको पुनरावेदन अदालतको फैसला उल्टि भइ बादी दावी नपुग्ने गरी आज यसै इजलासबाट फैसला भएको हुँदा उक्त कि.नं. ८ को क्षे.फ. २-७-१ जग्गा मध्ये बादीका पिता रामशंकरले प्राप्त गरेको लिखत बमोजिम ज.रो.१-४-०-० बादीको हककायम हुने र सो देखि बाहेक बाँकी रहेको जग्गा मध्ये यिनै प्रतिवादी अबुल खैर शाहसँगको मिलापत्रबाट ज.रो.१-०-० प्राप्त गर्ने

अमिनुदिन मियाको भाग छुट्याई बाँकी ज.रो.०-३-१ जग्गा बाँकी हुने भएतापनि सुरु काठमाडौं जिल्ला अदालतको मिति २०५८।०१।०९ को नक्सा मुचुल्काबाट हालको नयाँ नापीमा उल्लिखित कि.नं. ८ मा ज.रो. ३-१-२ क्षेत्रफल देखिइ बढ कायम भएको हुँदा सोही आधारमा बाँकी ज.रो. ०-१३-२ मा प्रतिवादी अबुल खैर शाहको हक कायम हुने ठहर्छ। सो बमोजिम नभएको सुरु काठमाडौं जिल्ला अदालतको मिति २०५९।१२।१९ को फैसला सदर हुने ठहराएको पुनरावेदन अदालत पाटनको मिति २०६३।०१।१७ को फैसला सो हदसम्म मिलेको नदेखिदा केही उल्टि हुने ठहर्छ भनी सम्मानित सर्वोच्च अदालतबाट फैसला भई आएको छ।

प्रस्तुत मुद्दामा फैसला गर्दा प्रचलित कानुनको गलत व्याख्या गरी फैसला गरेको देखियो।

उत्प्रेषण परमादेश समेत (०७३-WO-१०६५) सम्बन्धमा

विवेचित आधार प्रमाणबाट निवेदकको नाउँमा रहेको क्यासिनोको तिर्न पर्ने कर, दस्तुर आदिको तिर्नुपर्ने दायित्व निवेदक कै हुने हुँदा सो कर दस्तुर सम्बन्धमा सम्बन्धित कार्यालयमा आफैं उपस्थित भई प्रमाण पेस गरी कानुनी कारवाही गर्नुपर्ने प्रकृतिको हुँदा प्रस्तुत रिट निवेदनबाट निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। साथै यस अदालतबाट मिति २०७४।०२।०२ मा भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुन्छ। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिनु भनी सम्मानित सर्वोच्च अदालतबाट मिति २०७५।०३।१२।०३ मा फैसला भई आएको छ।

यसमा प्रधान न्यायाधीश चोलेन्द्र शमसेर जबराबाट संविधान तथा विद्यमान ऐनको प्रतिकुल हुने गरी क्यासिनोबाट राज्यले असुल गर्नुपर्ने ठूलो धनराशीका कर, दस्तुर मासिने गरी आदेश भएको देखियो।

कर्तव्य ज्यान (०७२-CR-१९३७) सम्बन्धमा

पुनरावेदक प्रतिवादी रन्जनप्रसाद कोइरालालाई जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने हो की भन्ने सम्बन्धमा विचार गर्दा मृतक गीता ढकाल (कोइराला) र पुनरावेदक प्रतिवादी रन्जनप्रसाद कोइरालाबीच २०५० सालमा विवाह भै निजहरुबाट १४ वर्षका आयूष कोइराला र ११ वर्षका आर्यन कोइराला गरी दुई छोराहरुको जायजन्म भएपश्चात् निज छोराहरुको आमा गीता ढकाल (कोइराला) को मिति २०६८।९।२७ मा पुनरावेदक प्रतिवादीको कर्तब्यबाट मृत्यु भएको देखियो। मिसिल संलग्न प्रमाण कागजहरुबाट मृतक र पुनरावेदक प्रतिवादीबाट दुई छोराहरुको जायजन्म भएपछि निजहरु बीचको दाम्पत्य जीवन सुमधुर हुन नसकी दुवै जना एक अर्काबाट लामो समयदेखि अलग अलग घरमा बस्दै आएको अवस्थामा मिति २०६८।९।२७ गतेका दिन मृतक बस्ने घरमा प्रतिवादी रन्जनप्रसाद कोइराला जाँदा मृतक श्रीमती गीता ढकालले व्यापारको लागि पैसा मागेको कारणबाट उठेको विवादमा दुवै जना बीच झैं-झगडा वादविवाद हुँदा सो अवस्थामा रीस उठी आवेगमा आई पुनरावेदक प्रतिवादी रन्जनप्रसाद कोइरालाले गीता ढकाल कोइरालालाई धकेल्दा टाउको भित्तामा ठोकिई मृत्यु भएको, वारदात हुँदाको

पृष्ठभूमि सहितको अवस्था र परिस्थितिलाई हेर्दा वारदात मृतककै कारण र जरियाबाट प्रतिवादी आवेशमा आई उठेको रीसबाट भएको भन्ने सम्मको अवस्था देखिनुको साथै निजको मृत्यु पश्चात् नाबालक छोराहरुको हेरचाह, संरक्षण एवं शिक्षा दीक्षा लगायतका कार्यहरु अभिभावक विहिनताको कारणले अनिश्चय र अन्योलता हुन गई उनीहरुको हितमा समेत दुरगामी प्रभाव पर्न जाने कारणले उपरोक्त सजाय गर्दा चर्को पर्न जाने जस्तो चित्तमा लागेको हुँदा पुनरावेदक प्रतिवादीलाई सावित मुलुकी ऐन, अ.बं. १८८ नं. तथा हाल प्रचलित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७ (क) बमोजिम ८ वर्ष ६ महिना कैद सजाय गर्दा पनि सजायको मकसद पुरा हुने देखिएकोले पुनरावेदक प्रतिवादी रन्जनप्रसाद कोइरालालाई ८ वर्ष ६ महिना कैद हुने ठहर्छ भनी सम्मानित सर्वोच्च अदालतबाट मिति २०७७।०३।१५।२ मा फैसला भई आएको छ।

यसमा प्रधान न्यायाधीश चोलेन्द्र शमसेर जबराबाट संविधान तथा विद्यमान ऐनको प्रतिकुल हुने गरी हत्या जस्ता जघन्य अपराध गर्ने रन्जनप्रसाद कोइराला जसलाई जन्मकैद भैइसकेको व्यक्तिलाई भावनामा बगी सजायलाई घटाउने गरी मुलुकी ऐन अ.वं.१८८ नं. को गलत व्याख्या र प्रयोग गरेको देखियो।

परिच्छेद - ५

प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरालाई लगाइएको महाभियोगको आरोपको छानविन सम्बन्धमा समिति समक्ष उपस्थित भई विभिन्न कानुन व्यवसायीहरुले व्यक्त गर्नु भएको विचार एवं तथ्यबारे संक्षिप्त विवरण देहाय अनुसार छः-

मितिः २०७९।०५।३०

<u>वरिष्ठ अधिवक्ता श्री पूर्णमान शाक्यः-</u>

- सर्वोच्च अदालतमा इजलास गठन गर्दा वरिष्ठताको नजर अन्दाज गरेको।
- आफू अनुकूलका न्यायाधीश राखेको र आफूले चाहेको फैसला गर्ने गरी इजालस गठन गरेको।
- इजलास गठन गर्दा Pick and Choose गर्ने गरेको।
- दुई जना न्यायाधीशको कारण इजलास Deadlock हुन लागेको थियो।
- दोस्रो पटकको संसद विघटनको मुद्दामा सुनुवाई हुन नसक्ने अवस्था आएका कारण एउटा मध्यस्तताको रुपमा सल्लाह सम्म दिएको हो।
- वरिष्ठताको आधारमा इजलास गठन गर्न माग गरेको हो।
- कुन न्यायाधीशलाई राख्ने वा नराख्ने भनेर Particular न्यायाधीशको नाम दिएको होइन्/छैन्।
- गुठी मुद्दाको सम्बन्धमा भनसुन गरेको कुरा आधारहीन एवं झुट्टा हो।
- स्वतन्त्र न्यायपालिका र कानुन व्यवसायीको आचार संहिताको विरुद्ध हुने गरी भनसुन गर्ने कार्य भएको छैन। प्र.न्या. चोलेन्द्रले कुनै प्रमाण पेश गरेका छैनन्।
- उनले लगाएका आरोप आधारहीन एवं औचित्यहीन छन्।
- उहाँको सम्बन्धमा कुनै पूर्वाग्रह छैन्।
- देशलाई न्यायालय चाहिन्छ भनेर उहाँको वहिरगमनको लागि कदम चालेको हो।

<u>वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठः-</u>

- उहाँको वहिरगमनको किन आन्दोलन गर्यौं?
- हाम्रो विचार समितिमा दर्ज हुन आवश्यक छ।
- न्यायापालिकामा भएको भ्रष्टाचार, विकृति, विसङ्गतिका सन्दर्भमा हामीले आवाज उठाएका थियौं।

- प्र.न्या. चोलेन्द्रका कारण अदालतमा बिचौलिया बढे। भ्रष्टाचार बढ्यो। अनि बाध्य भएर भ्रष्टाचारको नाइके भन्न पर्ने अवस्था आयो।
- प्र.न्या.ले चाहे ८० प्रतिशत समस्या समाधान गर्न सक्छ।
- प्र.न्या. चोलेन्द्रको पालामा मुद्दाको पेशी तोक्दा अमुक न्यायाधीशकोमा जाने। त्यही अनुसार फैसला हुने।
- विकृति, विसङ्गति मुक्त अदालतको लागि उहाँको वहिरगमन का उठायौ।
- विकृति, विसङ्गति रोक्न गोला प्रथा/प्रणालीको माग गर्यौं।
- हाम्रो पहिलो माग न्यायपालिकामा सुधार हो।
- न्यायालय बचाउन प्र.न्या. चोलेन्द्रको राजीनामा माग गरिएको हो।
- तेज बहादुर केसीले टेलिभिजनमा दिएको अन्तर्वार्ताबाट पनि चोलेन्द्रले रञ्जन कृष्ण कोइरलाको मुद्दामा गरेको चलखेल थाहा पाउन सकिन्छ।
- न्यायाधीश नियुक्तिमा योग्य, सक्षम एवं असल मान्छे परेनन् भनेर हामीले कुरा सम्म राखेको हो।
- पुन देवी मर्हजनले मेरो ल फर्ममा सर्भिस गरेको होइन्/छैन्। मैले उहाँलाई न्यायाधीश बनाउन सिफारिस गरेको पनि होइन्। यस विषयमा प्रमाण दिए म कानुन बमोजिम सजाय भोग्न तयार छु।
- रञ्जन कृष्ण कोइरालाको मुद्दामा तारा रेग्मीको जग्गा बेच बिखन गरी रुपैयाँ लिएको सुनेको छु। अनुसन्धान होस्।
- हंसमानको सिंहको मुद्दामा गलत फैसला भएको छ।
- न्यायपालिका सुधारको लागि उहाँको वहिरगमनको आन्दोलन गर्यौं।
- प्र.न्या. चोलेन्द्रले समितिमा उपस्थित भएर आफू माथि लागेको आरोप सम्बन्धमा जवाफ नदिएर अन्य कानुन व्यवसायीलाई आरोपित गर्ने कार्य गलत छ।
- माननीय सदस्यज्यूहरुले महाभियोग प्रस्तावमा अमूल्य सुझाव एवं ऐतिहासिक सिफारिस दिनुहुनेछ भन्ने अपेक्षा छ।
- न्यायपालिकाको सुधारका लागि यहाँको अमूल्य योगदान हुने विश्वास गर्दछु।

अधिवक्ता लिलामणि पौडेलः-

- न्यायपालिकाको स्वतन्त्रता र शुद्धताको लागि चालेको कदमलाई संसदले Ownership लिएको छ।
- म न्याय खरिद बिक्रीमा संलग्न छैन्।
- व्यक्तिगत लाभको लागि प्र.न्या. चोलेन्द्रसँग भेटघाट एवं भनसुन गरेको छैन्। त्यसो गरेको प्रमाण दिए म License च्यात्न तयार छु।
- म मुख्य न्यायाधीश हुन वा सन्जिव लामालाई न्यायाधीश बनाउन आग्रह गरेको छैन्।
- उहाँ सँग सबै नेतालाई मिलाउने वा खल्तीमा राख्न सक्ने सामर्थ्य छ।
- न्यायापालिकामा भएको विकृति, विसङ्गति एवं भ्रष्टाचार हटाउने Commitment लिएको छु।
- न्याय परिषद्को बैठकमा प्र.न्या. जवराले उच्च अदालतमा मुख्य न्यायाधीश ७ बाट १२ जना र न्यायाधीश १६० बाट १८९ बनाउने प्रस्ताव गर्नुभएको थियो।
- उहाँको प्रस्तावलाई मैले विरोध गरेको हुँ।
- उहाँले मलाई बालुवाटार लिन पठाएर, फकाउने प्रयास गर्नुभएको थियो।
- संविधान कानुनले न्युनतम योग्यता तोकेको छ। तर न्यायाधीश नियुक्ति गर्दा उच्चत्तम योग्यता भएका व्यक्तिलाई न्यायाधीश नियुक्ति गर्नु पर्छ भन्ने माग गरेका हौ।
- संविधानले समानुपातिक एवं समावेशी हिसाबले गर्नु पर्ने व्यवस्था गरेको हुँदा न्यायाधीश नियुक्ति हुँदा पनि समावेशी हुनु पर्छ भन्ने माग गरेको हो।
- उहाँमा राजनीतिज्ञमा, व्यापारीमा हुनुपर्ने सबै गुण छन्। तर न्यायाधीशमा हुनु पर्ने कुनै पनि गुण छैन्।

वरिष्ठ अधिवक्ता श्री शम्भु थापाः

- भ्रष्ट प्रधान न्यायाधीश बाहिरुन, स्वतन्त्र न्यायपालिका सदा सर्वदा रहिरहोस्।
- संविधान सभाले लेखेको संविधान अन्तिम मानिन्छ।
- संविधान सभाका सदस्यले लेखेको यो संविधान हो।
- संविधान बनाइदैन, संविधान विकास हुन्छ।
- संसदीय व्यवस्था २०१५ देखि शुरु भएको भएता पनि संसदको कार्यकाल स्पष्ट भएन।
- यो महाभियोग कसरी आयो भन्ने विषयमा म केही राख्न चाहन्छु;

- न्यायालय सुधारको लागि समिति बनाइयो।
- Judicial Reform Committee ले विभिन्न स्थानमा अन्तक्रिया गर्यो।
- न्यायालय भ्रष्टचारको दलदलमा छ।
- मलाई सुखद् होला प्रधान न्यायाधीश भ्रष्टाचारी र न्यायलयमा भ्रष्टाचार छ भन्दा?
- यो बडो दुःखद् कुरा हो।
- भ्रष्टाचार भइरहेको छ। तर चोलेन्द्र शमशेर विरुद्ध कसैले बोल्ने हिम्मत गरेका थिएनन्। हामीले बोल्यौ।
- २०७१ सालमा चोलेन्द्रजी को नाम सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस हुँदा पनि हामीले विरोध गरेका थियौ।
- महाभियोग प्रस्ताव पास वा फेल जे होला तर के प्र.न्या. चोलेन्द्रबाट न्याय सम्भव होला? मेरो प्रश्न छ।
- यी विवादग्रस्त न्यायाधीश हुन्।
- शुशिला कार्की र तर्कराज भट्टले एउटा मुद्दामा आदेश गर्ने क्रममा चोलेन्द्र शमशेरमा न्यायाधीश हुने गुण छैन भनेर लेख्नुभएको छ।
- तत्कालिन नेकपा एकालेले २०७१ सालमा चोलेन्द्र शमशेरलाई सर्वोच्च प्रवेशमा रोक्ने भनेको थियो।
- हामीलाई पहिला नै न्यायाधीश दिएका थिए। तर हामीले न्यायाधीशको पद लिएनौ।
- प्र.न्या.चोलेन्द्रले बयानको क्रममा केही न केही आरोप लगाउनु पर्ने भएर हामीलाई आरोपित गरे।
- चोलेन्द्रले उच्च अदालतमा हुँदा Marriage खेल जुवा होइन भनेर आदेश गरे। पैसा बरामद भएको थियो। बरामद भएन भने।
- उहाँले Prime TV को अन्तर्वार्ता कार्यक्रममा मलाई फकाउने प्रयास गर्नुभएको छ।
- मैले नै लोकमान सिंहको भ्रष्टाचारको विरुद्धमा बोलेको थिए।
- चोलेन्द्र पञ्चायतकालीन बेतनधारी कर्मचारी हुन्।
- सुरेन्द्र प्रसाद सिंह सेवा निवृत हुनुपर्छ भनेर मुद्दा हाले चोलेन्द्रले त्यहाँबाट मोल तोल गर्न सुरु गरे। अनि पछि सुरेन्द्र प्रसाद सिंहको पालामा न्यायाधीश नियुक्त भए।
- चोलेन्द्र उच्च अदालतमा लामो समयसम्म अस्थायी न्यायाधीश भएका हुन्। राजाको शासन कालमा स्थायी न्यायाधीश भएका हुन्।

- चोलेन्द्रले कुन मुद्दामा भ्रष्टाचार गरेनन्?
- उहाँले भाईको सम्बन्धमा उठेका विषयमा प्रमाण दिनु पर्ने होइन् समितिमा?
- रञ्जन कृष्ण कोइरालाको मुद्दामा के कसरी सफाई दिन मिल्छ?
- उनले Bench Shopping गरे।
- प्र.न्या.ले न्याय मार्ने घुस खाने कार्य गरेका छन्।
- बार स्वतन्त्र एउटा संस्था हो।
- हामीले राजनीतिक दललाई न्यायालय सुर्धान आग्रह गरेका हौं।
- न्यायाधीश फोरमले सर्वप्रथम विज्ञप्ति जारी गरी उनको राजीनामा माग गरेको हो।
- सर्वोच्च अदालतको न्यायाधीशले नै बेन्च बहिस्कार गरेका हुन्।
- महाभियोग प्रस्ताव पास गर्ने/नगर्ने यहाँहरुको विवेक हो।
- इजालस गठन गर्दा वरिष्ठताको आधारमा गर्नु पर्नेमा स्वेच्छाचारी ढंगले इजलास गठन गरेपछि हामीले आपत्ति जनाएका हौं।
- प्रधान न्यायाधीशले जे पाए त्यही गर्न पाइने होइन नि। Judiciary Cabinet System जस्तो होइन नि।
- चोलेन्द्र शमशेर संलग्न भएको अध्यादेश मार्फत संवैधानिक नियुक्तिको विषयमा चोलेन्द्र रहित इजलास हुनुपर्ने माग गरेका हौं।
- संवैधानिक परिषद्को संरचनामा परिवर्तन हुने गरी संसदले कानुन बनाउन पाँउदैन भने अध्यादेश मार्फत कसरी संशोधन गर्न मिल्छ?
- न्यायाधीशमा अयोग्य व्यक्ति नियुक्ति गरियो भनेर संसदीय सुनवाई समितिमा गएँ। अदालतमा पनि गएँ। तर मेरो कुराको सुनुवाई भएन।
- संविधान बमोजिम महाभियोग मर्दैन। उहाँले समितिमा आएर संसद बोल्ने क्रममा संसदको मानहानी गर्नुभएको छ।
- विशेष अदालतको इजलासले स्वतन्त्रपूर्वक काम गर्यो। पैसा आएन भनेर त्यहाँका न्यायाधीशको सरुवा गर्नुभएको हो।
- मलाई मेरो प्रधान न्यायाधीश भ्रष्टाचारी हो र न्यायालयमा भ्रष्टाचार छ भन्दा दुःख लागेको छ।
- माननीय सदस्यहरु Independent Judiciary नमर्ने गरी काम गर्नु होला।
- उहाँले तमाम भ्रष्टाचार गरेको र भ्रष्टाचारी आचरण भएकाले विरोध गर्नुपरेको हो।

- प्र.न्या. चोलेन्द्र सर्वोच्च अदालत फर्केर आए भने म उनको इजलासमा बहस गर्ने छैन।
- भारतमा हामीले सुरु गरेको Automation System को बारेमा लेख्न छलफल गर्न थालिएको छ।

<u>वरिष्ठ अधिवक्ता श्री हरिहर दाहालः</u>

- समितिलाई ठूलो जिम्मेवारी आएको छ।
- २०३४ साल बैशाखबाट म ल Practice गरिराख्या छु।
- नयन बहादुर खत्री देखि चोलेन्द्र शमशेर समेत २२ जना प्रधान न्यायाधीशको पालामा वकालत गरे।
- चोलेन्द्र शमशेरको पालामा फेरि भ्रष्टाचार एवं विकृति बढ्यो।
- २०५६ सालमा देखि बेन्च बार समन्वय गठन भएको।
- समन्वय समितिको तर्फबाट आजसम्म म सदस्य छु।
- राजनीतिक एवं आर्थिक चलखेल भएका मुद्दामा इजलास गठन गर्दा प्रधान न्यायाधीश राणाको वदनियत देखिन्छ।
- प्रधान न्यायाधीश राणाले कनिष्ठ कनिष्ठ न्यायाधीशको इजलास तोक्ने तथा कहिले आफू र कनिष्ठ न्यायाधीश राखेर इजलास गठन गर्ने र भने बमोजिमको आदेश गर्ने गरेको।
- आज साँझ मुद्दा फलानो न्यायाधीशको इजलासमा पर्छ भन्ने सूचना आँउछ। भोलि उनै न्यायाधीशको इजालसमा पर्ने धेरै पटक भएको छ।
- न्यायाधीश सरुवा तथा नियुक्तिको कुरा गरेको छैन।
- योग्य सक्षम व्यक्ति न्यायाधीश नियुक्त हुन पर्ने माग गरेका हौं।
- रञ्जन कोइरालाको मुद्दा हंसमानको मुद्दामा उहाँले धेरै चलखेल गर्नु भएको छ।
- संवैधानिक इजलासलाई सिङ्गल इजलासबाट सुनुवाई नगर्नु भन्ने आदेश गर्ने परिपाटि मिलाउनुभयो।
- मैले Client को सेवा गरेको छु। तर कुनै मुद्दा कुनै न्यायाधीशको इजलासमा हुनुपर्छ भनेर आजसम्म भनेको छैन।
- माननीय न्यायाधीश हरिकृष्ण कार्कीले इजलासमा बस्दिन भनेर राम्रो घोषणा गर्नुभयो।
- महाभियोगको जण संसद विघटनको मुद्दा होइन। भ्रष्टाचार हो। यसमा यहाँहरु स्पष्ट हुनुहोला।

- चोलेन्द्र शमशेरका कारण गोला प्रथा माग गर्यौं।
- गोला प्रथा निष्पक्षताको लागि हो।
- गोला प्रथा मुद्दा सेटीङ्गका विरुद्धमा हो।
- प्रधान न्यायाधीश चोलेन्द्रले आफू चोखो हुन हामीलाई लाञ्छना लगाएका हुन्
- महाभियोग प्रस्ताव एउटा संसद विघटन भएपश्चात पनि अर्को संसदमा सर्छ।
- महाभियोग प्रस्ताव निष्क्रिय हुदैंन।
- संविधान बमोजिम टुंगो नलागे सम्म आरोपित व्यक्ति आफ्नो पदमा कामकाज गर्न पाउने छैन भन्ने व्यवस्था रहेको छ।
- सार्वभौम सत्ता सम्पन्न प्रतिनिधि सभाबाट ऐतिहासिक निर्णय होस् भन्ने चाहन्छु/चाहान्छौं।

<u>वरिष्ठ अधिवक्ता श्री रमण कुमार श्रेष्ठः</u>

- समितिमा आफ्नो कुरा राख्न पायौं। खुशी लागेको छ।
- चोलेन्द्र शमशेर पुनरावेदन अदालतमा न्यायाधीश नियुक्त हुँदा पनि विवाद भएको थियो।
- शुशिला कार्कीले एउटा मुद्दामा प्रधान न्यायाधीश चोलेन्द्रलाई कारबाही गर्नु पर्ने आदेश गर्नु भएको छ।
- विवादै विवादका बीचमा उहाँ न्यायाधीश नियुक्त हुनुभयो र अहिले पनि उहाँ विवादको घेरा भित्र हुनुहुन्छ।
- हामीले त्यसै आन्दोलन गरेको हो र? धेरै आधार एवं कारणहरु छन्।
- प्रधान न्यायाधीश चोलेन्द्रले कतिपय मुद्दामा चेक लिएका छन्। कतिपय मुद्दामा जग्गा एवं नगद लिएका छन्।
- हाम्रो अभियान न्यायापालिका सुद्धिकरणको लागि हो।
- सर्वोच्च अदालतको पञ्च वर्षिय रणनीति लगायत अन्य प्रतिवेदनमा अदालतमा भ्रष्टचार छ भन्ने कुरा आएका छन्।
- बार भनेको अदालत रहे मात्र रहन्छ।
- हरि कृष्ण कार्कीको प्रतिवेदनमा एउटा न्यायाधीशले अर्को न्यायाधीशलाई घुस खुवाउने तथा बिचौलियाको रुपमा काम गर्छन भनेर उल्लेख भएको छ।
- हामीले Client सँग मुख देखाउन नसक्ने अवस्था भयो। न्याय खरिद बिक्री भयो। अनि बाध्य भएर आन्दोलन गर्यौं।

- १९ जना न्यायाधीशले ४० दिन सम्म आन्दोलन गर्ने एवं इजलास बहिस्कार गर्नुभएको छ।
- महाभियोग लागेको व्यक्ति महाअभियुक्त हो। महाभियोगमा आरोपित हुन्।
- महाभियोग अर्को सदनमा पनि जान्छ। कारबाहीको टुंगो नलागे सम्म प्रधान न्यायाधीश चोलेन्द्रले पदको कामकाज गर्न पाउनु हुदैंन।
- पूर्व प्रधान न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, कानुन व्यवसायी, दलहरु खराब तर उहाँ मात्रै ठीक भन्ने होला त? यो हुनै नसक्ने कुरा हो।
- महाभियोग लागेका व्यक्ति पुनः आफ्नो पदमा फर्किएर काम गरेको विश्वमा उदाहरण नै छैन्।
- प्र.न्या.चोलेन्द्रको फैसलाले संविधान असफल पार्ने तथा संविधान भताभुङ्ग पार्ने खालका छन्।

<u>अधिवक्ता श्री ओमप्रकाश अर्यालः</u>

- अधिवक्ता पुन्देवी महर्जनले न्याय परिषद समक्ष २०७६।४।९ मा वैयक्तिक विवरण पेस गर्नु भएको हो। उहाँले २०५८ सालमा विएल, २०६३ सालमा एमए र २०६५ सालमा एलएलएम उत्तीर्ण गर्नु भएको छ। उहाँले अभिवक्ताको रुपमा २०५५ सालदेखि र अधिवक्ताको रुपमा २०६० सालदेखि, अर्थात् आजभन्दा २४ बर्ष अघिदेखि कानूनको अभ्यास गर्नुको साथसाथै कानूनी अनुसन्धान, अध्यापन तथा प्रशिक्षण गर्दै आउनु भएको हो। २०६३ सालमा, अर्थात् आज भन्दा १६ बर्ष अघि म ओमप्रकाश अर्यालसंग विवाह हुनुपूर्व २०६१ सालदेखि एक बर्ष सम्म उहाँ सर्वोच्च अदालतको वैतनीक कानून व्यवसायी रहनु भएको थियो। महाअभियोगको आरोप लागेका प्रधान न्यायाधीश चोलन्द्र शमशेर जवराले दावी गरे जस्तो अधिवक्ता महर्जन कहिल्यै पनि नेपाल वार एशोसिएशनका निवर्तमान अध्यक्ष चण्डेश्वर श्रेष्ठको ल फर्ममा आवद्ध हुनु भएको छैन। महाअभियुक्तले कुप्रचार गरे जस्तो तत्कालिन नेपाल बार एशोसिएशनका अध्यक्ष श्रेष्ठले अधिवक्ता महर्जनको हकमा कुनै सरोकार व्यक्त गरेको भन्ने कुरामा कदापि विश्वास लाग्दैन। (नोटः अधिवक्ता पुन्देवी महर्जन स्वयंको स्पष्टीकरणमा आधारित)

- प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जवरा विरुद्ध सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागमा प्रतिशोधपूर्वक उजुरी दायर गरिएको भन्ने निजले लगाएको आरोपको कुरा छ, त्यसको पृष्ठभूमि भनेको निज न्यायिक आचरणबाट विचलित भइ आफु, आफ्नो परिवारका सदस्य, नातागोता, आसेपासे तथा विचौलियाको गिरोह खडा गरी संगठित रुपमा भ्रष्टाचार तथा गैरकानूनी वा धुर्त्याइँपूर्वक असुली (र्‍याकेटरिङ) गरेको भन्ने समाचारहरु व्यापक रुपमा प्रकाशित भएको र उक्त समाचार पुष्टी हुन सक्ने आधारहरु देखिएको हुँदा सोको सूचना

साधिकार निकाय सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागमा दिने कार्यमा मेरो प्रत्यक्ष संलग्नता रहेकोमा विवाद छैन । डा.गोविन्द केसीको नेतृत्वमा २०७८।९।११, २०७८।९।२० र २०७८।१०।१८ मा निज समेतका विरुद्ध विभागमा उजुरीहरु दिइएको हो । नेपाल बार एशोसिएशनले निजको वहिर्गमनको लागि आन्दोलन सुरु गरेको लामो अवधि व्यतित भइ सकको, उक्त आन्दोलनले निज र निजसंग सम्बन्धित व्यक्तिहरुले अवैध आर्जनबाट कमाएको सम्पत्ति छानवीन गर्नुपर्ने माग गरेको तथा वृहत नागरिक आन्दोलनले २०७८।८।९ मा आयोजना गरेको बालुवाटार न्याय मार्चमा समेत यही माग दोहोरिएको हुँदा विभागमा उजुरी दिनु परेको हो । अतः निजसंग व्यक्तिगत रुपमा प्रतिशोध लिन उजुरी गरिएको भन्ने महाअभियुक्तको कुप्रचारमा कुनै सत्यता छैन ।

- प्रधान न्यायाधीश भइ सकेको व्यक्तिबाट यो स्तरको कुचेष्टा हुनु देश कै लागि दुर्भाग्य हो । नैतिक रुपमा च्यूत भएको व्यक्तिले मात्र गरीमामय संसदीय समितिमा आएर यस्तो अनर्गल प्रचारको कुचेष्टा गर्न सक्दछ । सम्मानीत समितिमा वयान दिइरहेको महाअभियुक्तले अरुको हक, अधिकार र मर्यादामा आँच पुर्‍याउने यस्तो कुचेष्टा गरिरहँदा तत्काल रोकथाम गर्न पहल सम्म पनि नगरिनु संसदीय मर्यादाका हिसावले विडम्बनापूर्ण देखिन्छ ।

परिच्छेद - ६

निष्कर्ष तथा सिफारिस

प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवराका विरुद्ध महाभियोग लगाउनुपर्ने देहायका आधार र कारण विद्यमान भएकोले निजलाई महाभियोग लगाउन प्रतिनिधिसभा समक्ष सिफारिस गर्दछौं।

१ वादी नेपाल सरकार र प्रतिवादी रञ्जनकृष्ण कोइराला भएको कर्तव्य ज्यान मुद्दामा सजाय घटाइ कानुनको गम्भीर रुपमा उल्लंघन गरेको।

२ संवैधानिक नियुक्ति सम्बन्धी मुद्दलाई सुनुवाई प्रक्रियामा नलगी न्यायाधीशले पालना गर्नु पर्ने आचार संहिताको गम्भीर उल्लंघन गरेको।

३ संसद विघटन सम्बन्धी मुद्दामा संलग्न पाँचै जना न्यायाधीशलाई महाभियोग लगाईदिनु भनी निजले समितिमा बयानका क्रममा भनेको देखिंदा न्यायापालीकाले स्वतन्त्रतापूर्वक गर्नुपर्ने काम नगरी कार्यकारिणीका मानिससँग सल्लाह गर्ने गरेको पुष्टी भई निष्पक्ष रुपमा कार्य सम्पादन गर्ने कार्य क्षमताको अभाव रहेको देखिएको।

४ सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सर्वोच्च अदालत भवन निर्माण सम्बन्धी ठेक्कामा अन्तर्राष्ट्रिय वोलपत्र आव्हान नगरी कानुनको गम्भीर उल्लंघन गरेको।

५ संवैधानिक नियुक्ति सम्बन्धी बैठकमा निष्पक्ष भुमिका खेल्न नसकेको।

६ कानून व्यवसायी, पक्ष लगायतका न्यायका उपभोक्ताले अदालत प्रति विश्वासै हुन नसक्ने वातावरण बनाई न्यायपालीकाको स्वतन्त्रतामाथि प्रश्न चिन्ह खडा भएको ।

७ कृष्णमान विरुद्ध हंसमान सिंहको मुद्दा, प्रेरणा शाहको मुद्दा, वीरगञ्जको सार्वजनिक पोखरी सम्बन्धी मुद्दा, क्यासीनोको सञ्चालन तथा राजश्व सम्बन्धी मुद्दा, एनसेलको कर छलीको मुद्दा लगायतमा कानुनको व्याख्यामा गम्भीर त्रुटि गरेको देखिएको।

८ निज प्रधान न्यायाधीश नियुक्ति हुनु पूर्व भएको संसदीय सुनुवाईमा गरेका प्रतिबद्धता पूरा गर्न नसकि पदीय जिम्मेवारी र कर्तव्य पूरा गर्न नसकेको ।

९ न्याय प्रशासनको अन्तिम जिम्मेवारी लिने संवैधानिक व्यवस्था बमोजिमको कर्तव्य पूरा गर्न नसकेको।

<u>थप सुझावहरुः-</u>

१ उपरोक्त केही विषयमा थप अध्ययन, अनुसन्धान अझै गर्नु पर्ने देखिएको तर यस संसदमा पर्याप्त समय अभाव भएकोले संविधानको धारा १०१ को उपधारा (६) बमोजिम अर्को प्रतिनिधिसभाको बैठकमा पेश गरी टुंगो लगाउनु पर्ने।

२ आरोप लागेका प्रधान न्यायाधीश चोलेन्द्र जवराले सर्वोच्चको भवन निर्माणमा अनियमितता गरेको र विभिन्न मुद्दामा आर्थिक लेनदेन गरी अकुत सम्पत्ति कमाएको विषयमा थप अध्ययन कार्य अगाडि बढाउन श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग र श्री सम्पत्ति शुद्धिकरण विभागमा लेखि पठाउन समेत सिफारिस गरिन्छ।

<u>कागजात सम्बन्धमाः</u>

महाभियोगको आरोपको छानबिनको क्रममा समितिले विभिन्न व्यक्ति तथा निकायबाट प्राप्त गरेको कागजातहरु समिति सचिवालयमा सुरक्षित रहेका छन्।

महाभियोग सिफारिस समितिको बहुमतको प्रतिवेदनका सम्बन्धमा फरक मत

प्रतिनिधि सभाका ९८ जना माननीय सदस्यले २०७८ फागुन १ गते नेपालको संविधानको धारा १०१ (२) वमोजिम प्रतिनिधि सभा समक्ष प्रधान न्यायाधिश चोलेन्द्र शम्सेर जबरा विरुद्ध दर्ता गर्नु भएको महाभियोग प्रस्तावका सम्बन्धमा महाअभियोग सिफारिस समितिको बहुमतको निर्णय तथा प्रतिवेदनका सम्वन्धमा हामी देहायबमोजिमको फरक मत दर्ज गर्दछौं :

१. प्रतिनिधि सभाको अधिवेशन चालु रहेको अवस्थामा महाभियोग प्रस्ताव दर्ता भएको थियो । प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६१ (२) का अनुसार त्यस्तो प्रस्ताव दर्ता भएको मितिले सात दिन पछिको बैठकमा छलफल हुनेगरी सभामुखले मिति र समय तोक्नु पर्ने व्यवस्था छ । प्रतिनिधि सभाको अधिवेशन नचलेको अवस्थामा समेत महाअभियोग प्रस्तावमा छलफल गर्ने प्रयोजनका लागि संविधानको धारा ९३ (३) वमोजिम १५ दिन भित्र अधिवेशन आह्वान गर्नु पर्ने व्यवस्था छ । प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६१ (४) मा यसरी अधिवेशन आह्वान भई प्रतिनिधिसभको बैठक बसेको तीन दिन भित्र महाभियोगको प्रस्ताव उपर छलफल हुने गरी बैठकको मिति र समय तोक्नु पर्ने व्यवस्था छ । उल्लेखित कानूनी व्यवस्थाले महाअभियोग प्रस्तावलाई उच्च प्राथमिकताका साथ अघि बढाउनु पर्छ भन्ने स्पष्ट गरेको छ । तर प्रतिनिधि सभाका सभामुखले प्रस्तुत महाअभियोगका सम्बन्धमा माथी उल्लेखित कानुनी व्यवस्थालाई पूर्णत वेवास्ता गर्नु भयो ।

२. प्रमुख प्रतिपक्ष, सञ्चार माध्यम र आम नागरिकको दवाव पश्चात २०७८ फाल्गुण २२ गते मात्र महाभियोग सिफारिस समिति गठन भएको थियो । महाभियोग सिफारीश समिति गठन भएको एक सातापछि २०७८ फागुन २९ गते प्रतिनिधिसभामा महाभियोग प्रस्ताव पेश भएको थियो र सो सम्वन्धमा छलफलको लागि सभामुखबाट २०७८ चैत्र २ गते देखिको मिति तोकिएको थियो । तर सभामुखबाट निर्धारण गरिएको मितिमा छलफल हुनु अगावै २०७८ चैत १ गते प्रतिनिधि सभाको अधिवेशन अन्त्य गरेर गठवन्धन सरकारले महाभियोगका सम्बन्धमा

सदनमा छलफल गर्न र प्रकृया अघि बढाउन नदिने षडयन्त्र गऱ्यो । यसबाट सरकार र सत्तारुढ गठवन्धनले महाभियोगका सम्बन्धमा प्रमाण संकलन गर्न, परिक्षण गर्न, महाअभियोग सिफारिस समितिबाट सिफारिस सहितको प्रतिवेदन प्रस्तुत गर्न र चालु अधिवेशनमै निर्णय गर्न चाँहदैन भन्ने स्पष्ट भएको छ । महाभियोग प्रस्तावमा उठाइएका बिषयहरुको परिक्षण गर्न र प्रतिनिधिसभामा निर्णयार्थ प्रस्तुत गर्नका लागि होइन, स्वतन्त्र न्यायालयलाई सत्तारुढ गठवन्धनको दवावमा राख्नका लागि ल्याइएको थियो भन्ने छर्लङ्ग भएको छ ।

३. बजेट अधिवेशन २०७९/०२/०३ गतेबाट प्रारम्भ भएको थियो । बजेट अधिवेशन प्रारम्भ भएपछि पनि महाभियोगको कारवाहीका सम्वन्धमा सभामुखले प्रतिनिधि सभामा छलफल गर्ने वातावरण बनाउनु भएन । प्रस्तावक मानीय सदस्यहरुले पनि महाअभियोगको प्रस्ताव अघि बढाउन चाहनु भएन । हामीले शीघ्राती शीघ्र छलफलको प्रकृया अगाडि बढाउन निरन्तर दवाव दिदै आयौं । सदन भित्र र बाहिरको चौतर्फी दवाव पछि २०७९/०४/२२ गते मात्र प्रतिनिधि सभामा महाभियोग प्रस्ताव उपर छलफल हुने र सो प्रस्ताव महाभियोग सिफारिश समितिमा पठाउने परिस्थिति निर्माण भएको हो ।

४. नेपालको संविधानले सर्वोच्च अदालतका न्यायाधिश तथा सम्वैधानिक निकायका पदाधिकारी माथीको महाभियोगका सम्वन्धमा धारा १०१ को उपधारा (२) देखि (९) सम्म व्यवस्था गरेको छ र उपधारा (१०) मा महाभियोग सम्वन्धी अन्य व्यवस्था संघीय कानून वमोजिम हुने उल्लेख गरेको छ । महाभियोग (कार्यविधि नियमित गर्ने) ऐन, २०५९ र प्रतिनिधिसभा नियमावली, २०७५ ले महाअभियोगका सम्बन्धमा विधि र प्रकृया निर्धारण गरेको छ । प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६३ (४) तथा महाभियोग (कार्यविधि नियमित गर्ने) ऐन, २०५९ को दफा ६ अनुसार महाअभियोग सिफारिस समितिले महाभियोग सम्वन्धमा तीन महिना भित्र कार्य सम्पन्न गर्ने गरी कार्यावधि निर्धारण गरेको छ । मनासिव कारण परेमा बढिमा ३० दिनको अवधि थप गर्न सकिने व्यवस्था छ । तर प्रतिनिधि सभाको निर्वाचन हुने मिति (२०७९/०८/०४) तोकिएर प्रतिनिधि सभाको कार्यकाल २०७९ असोज १ गते

समाप्त हुने निश्चित भएपछि मात्र महाभियोगको प्रकृया पुरा नहोस् र समितिको सिफारिस सहितको प्रतिवेदन प्रतिनिधि सभामा निर्णयार्थ प्रस्तुत नहोस् भन्ने मनसायले २०७९/४/२२ गते मात्र महाभियोग प्रस्ताव महाभियोग सिफारीश समितीमा पठाउने निर्णय गरियो । यस्तो अवस्थामा पनि महाभियोग सिफारिस समितिले महाभियोग सिफारीश समितिको आन्तरिक कार्यविधि, २०७९ पारित गरी कार्य प्रारम्भ गरेको र तदारुकताका साथ अघि बढाएको थियो । हामीले २०७९/०५/०८ गते सम्पन्न समितिको बैठकमा देहाय बमोजिमका तीन वुँदे मत प्रस्तुत गरेका थियौ र उक्त विषयमा सभामुखको धारणा माग गरेका थियौ :

क. प्रधान न्यायाधिश जस्तो जिम्मेवार पदाधिकारीका विरुद्ध दर्ता भएको महाभियोग प्रस्तावलाई प्रकृयामा अघि नवढाईकन करिव ६ महिना सम्म होल्ड गर्नु को उद्देश्य र कारण के हो ?

ख. प्रतिनिधिसभा नियमावलीले दिएको तीन महिनाको समय महाभियोग सिफारिस समितीले प्रयोग गर्न नसक्ने परिस्थिति निर्माण गर्नुको कारण के हो ?

ग. महाभियोग सिफारिस समितिले प्रतिवेदन प्रस्तुत गरे पछि चालु अधिवेशन मै छलफल हुनेछ र निर्णयार्थ प्रस्तुत हुनेछ भन्ने प्रतिवद्धता चाहान्छौ ।

५. हामीले उक्त वैठकमा उल्लेख गरेका विषयहरु अहिले पनि उत्तिकै सान्दर्भिक र महत्वपूर्ण छन् भन्ने पुष्टि भएको छ । हामी नेपालको संविधान जारी भए पछिको निर्वाचित प्रतिनिधिसभामा पहिलो पटक महाभियोग प्रस्तावका सम्बन्धमा कारवाहीको प्रकृयामा छौं । हामीले अहिले गर्ने काम कारवाहीले भविष्यलाई समेत मार्ग दर्शन गर्नु पर्दछ । प्रस्तुत महाभियोग प्रस्तावलाई प्रकृयागत रुपमा पूर्ण र सारवान रुपमा परिणाममुखी हुने कुरा सुनिश्चित गरिनु पर्दछ । महाअभियोग प्रस्तावमा उल्लेखित आरोप र त्यससंग जोडिएर आएका प्रश्नहरुका सम्बन्धमा निष्पक्ष रुपमा छानवीन गरी सत्य-तथ्य यकिन गर्नु पर्दछ । प्रकृया, तथ्य पहिचान र निर्णय सम्बन्धी समितिको काम-कार्वाहीलाई कसैले चुनौती दिन नसकोस् भनेर ध्यान दिनु पर्दछ । हामी महाअभियोगका सम्बन्धमा नेपालको संविधान, महाभियोग (कार्यविधि नियमामित गर्ने)

ऐन २०५९, प्रतिनिधिसभा नियमावली २०७५ तथा सर्मितिले बनाएको महाभियोग सिफारिश सर्मितिको आन्तरिक कार्यविधि २०७९ ले निर्धारण गरेको प्रकृयाका आधारमा प्रमाण एवम् तथ्य संकलन गर्नु पर्दछ र विधिसम्मत ढंगले निर्णयमा पुग्नु पर्दछ ।

६. २०७८/०४/२४ मा महाअभियोग सिफारिस सर्मितिलाई प्राप्त महाभियोग प्रस्तावमा मूलभूत रुपमा निम्न विषयहरु उल्लेख गरिएका छन् :

क. प्रधान न्यायाधिशले कार्यपालिकासंग सम्वन्ध स्थापित गरी लेनदेनमा आधारित भई काम गरेको ।

ख. मुद्दा-मामिलामा अनुचित प्रभावमा परि न्याय सम्पादन गरेको ।

ग. भ्रष्टाचारजन्य कार्य गरे-गराएको ।

घ. प्रधान न्यायाधिशको हैसियतले सर्वोच्च अदालत तथा मातहतको न्यायालयको नेतृत्व गर्न नसकेको ।

महाअभियोग सिफारिस समितिले प्रस्तुत महाअभियोगका सम्बन्धमा शुरु देखि नै अत्यन्त महत्व, सक्रियता र व्यस्तताका साथ कार्य गर्दै आएको छ । तर पनि प्रस्तुत आरोपका सम्वन्धमा समिति निष्कर्षमा पुग्नको लागि आवश्यक पर्ने निम्न कार्यहरु सम्पन्न हुन सकेको छैन :

क. महाभियोग र बयानका क्रममा सर्मितिले ठहर गरी पत्राचार गरेको कागजात, मिसिल, सम्पत्ति विवरण लगायत अन्य कतिपय महत्वपूर्ण प्रमाणहरु समितिले प्राप्त गर्न, अध्ययन गर्न र त्यसका आधारमा निर्णयमा पुग्न सकेको छैन ।

ख. महाभियोग प्रस्तावका प्रस्तावकहरुलाई सर्मितिमा बोलाई छलफल गर्नु पर्ने र प्रस्तावकहरुबाट थप प्रमाण प्राप्त गर्नु पर्ने सामान्य जिम्मेवारीसमेत पुरा भएको छैन ।

ग. २०७९/०५/३० गते सम्पन्न समितीको बैठकको निर्णय अनुरुप महाअभियोगबाट आरोपित प्रधान न्यायाधिस चोलेन्द्र शम्सेर जबरा तथा निजको परिवारका सदस्य तथा अन्य नातेदारहरुको नाममा भएको सम्पत्ति विवरण, श्रोतको आधार, सम्पत्ति सुद्धिकरण विभागमा परेको उजुरी तथा सो सम्वन्धमा भएको काम कारवाही सम्वन्धि कागजात तथा महाभियोग प्रस्ताव सम्वन्धित अन्य कागजात तथा प्रमाणहरु सम्वन्धित निकाय तथा व्यक्तिहरुबाट झिकाउने भनी निर्णय भएकोमा सो वमोजिमका अधिकाँश कागजातहरु हाल सम्म प्राप्त भएको छैन ।

घ. समय अभावको कारणले गर्दा प्राप्त हुनुपर्ने काजगत तथा प्रमाणहरु प्राप्त हुन नसकेको अवस्थामा महाअभियोगमा लगाईएको आरोपका सम्बन्धमा अध्ययन, विश्लेषण र यथार्थ यकिन गरी निर्णय गर्न सकिने अवस्था रहेन । त्यस अतिरिक्त समय अभावकै कारणले गर्दा समितिमा प्राप्त भएका कागजात, बयान लगायतका बिषयहरुमा निर्णय हुन त के छलफल सम्म पनि हुन सकेको छैन ।

ङ. आज ३ बजे बस्ने समितिको बैठकमा छलफल गर्नका लागि आजै १२.४५ बजे वितरण गरिएको अपुरो मस्यौदा प्रतिवेदन उपर छलफल गर्ने र निर्णयमा पुग्ने अवस्था र अर्थ नै रहेन । त्यसरी नै महाअभियोग प्रस्तावमा उल्लेख भएका र सोसंग सम्बन्धित प्रत्येक आरोपका सम्बन्धमा एक-एक गरी छलफल गर्न र निर्णयमा पुग्न सक्ने अवस्था नै रहेन ।

७. महाअभियोग सिफारिस समिति महाभियोग प्रस्तावको बिषयमा निर्णय गर्ने र प्रतिनिधि सभा समक्ष सिफारिस गर्ने महत्वपूर्ण निकाय हो । यसले गर्ने कार्यहरु निश्पक्ष, पारदर्शि र स्वीकारयोग्य हुनु पर्दछ । महाभियोग प्रस्तावका प्रस्तुतकर्ता बाहेकका माननीय सदस्यहरु रहेर निश्पक्ष छानविन गर्नु पर्नेमा अभियोजनकर्ताहरु स्वयं नै समितिमा रहेर न्यायाधिशको रुपमा कार्य गर्ने गलत नजीर स्थापित गरिनु हुदैन । यसवाट समितिको काम कार्वाहीको निश्पक्षता र विश्वसनीयता माथी प्रश्न उठ्ने अवस्था सिर्जना गरिएको छ । यस सम्वन्धमा समिति र सार्वजनिक संचार माध्यमहरुमा प्रश्न उठे पछि पनि महाभियोग समितिमा रहनु भएका माननीय

सदस्यहरुले छानविनको प्रकृयावाट अलग हुन आवश्यक ठान्नु भएन । उजुरीकर्ता आँफै न्यायाधिशको भूमिकामा रहेर तयार गरिने प्रतिवेदन प्राकृतिक न्यायको सिद्धान्त विपरित हुन्छ ।

८ महाअभियोग सिफारिस समितिले महाभियोग प्रस्तावका सम्वन्धमा निर्णयमा पुग्नु अघि प्रमाण संकलन र वस्तुनिष्ट विश्लेषण गर्नु जरुरी हुन्छ । तर महाअभियोग सिफारिस समितिलाई कानुनले निर्धारण गरे बमोजिमको समय उपलब्ध गराउन सकिने अनुकूल अवस्था हुँदाहुँदै पनि सत्ता गठवन्धन र सभामुखबाट कार्य सम्पादन गर्न समय अभाव हुने गरी महाभियोग सिफारिस समिति समक्ष प्रस्ताव पठाइएको हुनाले समितिले आफ्नो जिम्मेवारी पुरा गर्न नसक्ने अवस्था सृजना भयो । समितिले आफूलाई प्राप्त जिम्मेवारीका सम्वन्धमा निरन्तर कार्य गर्दा समेत विधमान प्रतिनिधि सभाको कार्यकाल (असोज १, २०७९) भित्रै प्रस्तुत महाभियोगको सम्वन्धमा निर्णयमा पुग्न, सिफारिस सहितको प्रतिवेदन तयार गर्न र प्रस्तुत गर्न सकिने अवस्था रहेन । बहुमतको नामको कथित प्रतिवेदन वस्तुत प्रतिवेदन नै होइन । आँशिक रुपमा संकलित कागज पुलिन्दालाई प्रतिवेदन मान्न सकिदैन । यसमा प्रतिवेदनको कुनै पनि अङ्ग पुगेको छैन ।

तसर्थ, महाभियोग सिफारिस समितिले हालसम्म गरेका काम-कारवाहीको विवरण, महाभियोगबाट आरोपित प्रधान न्यायाधिश चोलेन्द्र शम्सेर जबरासंगको बयान, मिसिल, सम्पत्ति विवरण, समितिको वैठकको माईन्युट, बयानको अडियो भिजुअल र समितिलाई प्राप्त भएका अन्य सम्पूर्ण कागजात तथा सामाग्रीहरु संघीय संसद सचिवालयमा बुझाउने ।

विष्णु प्रसाद पौडेल - विष्णु प्रसाद पौडेल

एकवाल मिया - एकवाल मिया 2079/03/09

डा. श्यामा नुमेवाहाङ्फे - डा. श्यामा नुमेवाहाङ्फे

लाल बाबु पण्डित - लाल बाबु पण्डित

कृष्ण भक्त पोखरेल - कृष्ण भक्त पोखरेल

फ्याक्स प्रसारण

२०६९।१।१७

सम्माननीय सभामूखज्यू,
संघीय संसद सचिवालय,
सिंहदारबार, काठमाणडै ।

मार्फत :-
महासचिव,
संघीय संसद सचिवालय,
सिंहदारबार, काठमाणडै ।

सम्माननीय सभामूखज्यू,
प्रतिनिधि सभा नियमावली २०७५ को दफा ९६१ (२) बमोजिम पेश गरेको छु ।
मिति २०७८।११।०१

श्री महासचिव,

२०७८।११।१

दर्ता नं.: ०१
मिति: २०७८।११।०१
समय: ११:१० बजे

बिषय : महाभियोग प्रस्ताब पेश गर्ने सूचना बारे ।

महोदय,

सम्माननिय प्रधान न्यायाधीश श्री चोलेन्द्र संशेर ज.ब.रा.ले तल उल्लेखित संविधान विपरित तथा पदिय जिम्मेवारी विपरितका कार्यहरुगरी नेपालको संविधानको धारा १०१ को उपधारा (२) मा व्यवस्था भए बमोजिम निजले संविधान र कानूनको गम्भीर उल्लंघन गरेको,कार्यक्षमताको अभाव भएको, खराब आचरण भएको, इमान्दारीपूर्वक आफ्नो पदिय कर्तब्य पालना नगरेको र आचार संहिताको गम्भीर उल्लंघन गरेकोले नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा महाभियोग (कार्यविधि नियमित गर्ने) ऐन, २०५९ को दफा ३ को उपदफा (१) र (२) एवं प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६१ समेत बमोजिम प्रतिनिधिसभामा तत्काल कायम रहेका हामी एक चौथाई भन्दा बढी सदस्यहरु मै यो महाभियोग प्रस्ताव पेशहुने सूचना गरेका छौ :

महाभियोग लगाउनु पर्ने आधार र कारणहरु :

१. लोकतन्त्र, मानवअधिकार, जनताको न्याय, विधिको शासन, सवैधानिक सर्वोच्चता एवं स्वतन्त्र, सक्षम, निश्पक्ष र जिम्मेवार न्यायपालिकाको जगेर्ना गर्न वर्तमान प्रधान न्यायाधीश असक्षम रहेका छन,

२. सर्वोच्च अदालत लगायत न्यायपालिका भित्र नै निजको कार्यकालमा अतिशय विकृति, विसंगती, भ्रष्टाचार तथा विचौलियाहरुले प्रवेश पाएको र प्रभाव वढाउदै लगेको अवस्था बिद्यमान छ,

३. नेपालको संविधानले स्वतन्त्र, सक्षम, निश्पक्ष र जिवाफदेही न्यायपालिकाको परिकल्पना गरी तदनुरुपको संवैधानिक प्रवन्ध गरेको छ । संविधानले परिकल्पना गरेको मूल्य र आदर्श सहितको न्यायपालिकाको लागि न्यायाधीशहरुलाई सोही अनुरुपको सेवा सुविधा र सेवाका शर्तहरु संविधान र कानूनद्धारा नै तोकिएका छन् । शक्ति पृथकीकरण र शक्ति सन्तुलन सिद्धान्तका सम्पूर्ण अवयवहरुलाई आत्मसात गरी नेपालको संविधानले न्यायपालिका तथा त्यसमा कार्यरत न्यायाधीशहरुलाई स्वतन्त्र र निर्भिकताको साथ इमान्दारीतापूर्ण ढंगले पदीय कर्तव्य निर्वाह गर्ने संवैधानिक दायित्व सुम्पिई त्यो शर्तमा नेपाली जनताले बुझाएको करबाट स्थापित सर्व-संचित कोषवाट निजहरुले पारिश्रमिक, सेवा र सुविधा प्राप्त गर्ने व्यबस्था गरेको छ । संविधानको पवित्र उद्देश्य र संवैधानिक दर्शनलाई सम्पूर्ण रुपमा भताभुंग र नष्ट गर्ने गरी स्वयं पदासीन निज प्रधान न्यायाधीशवाट उक्त संवैधानिक जिम्मेवारीलाई आफ्नो निजी सम्पत्ति सरह स्वेच्छाचारी ढंगले देखादेखी दुरुपयोग गरेकोले नेपालको सिंगो न्याय क्षेत्र र कानूनको रक्षा

प्रतिलिपि कमाउँछ
२०७८।१।१९

एवं स्वतन्त्र र सक्षम न्यायपालिकाको श्रीवृद्धि गर्नु पर्ने अहंम दायित्व बोकेका प्रधान न्यायाधीशले सो अनुरुपको कर्तव्य पालन गर्न असक्षम तथा पूर्णतः विफल हुन पुगेका छन्,

४. न्यायपालिका संविधानको अन्तिम ब्याख्याता हो भने यसको नेतृत्व गर्ने प्रधान न्यायाधीश न्यायप्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्राप्त पदाधिकारी हुन । प्रधान न्यायाधीशले नियुक्ति हुनासाथ संविधान र कानूनको संरक्षण, सम्बर्धन र रक्षाका लागि सपथ लिएको मानिन्छ । तर, दुर्भाग्य नै भन्नु पर्छ नेपालको न्यायिक नेतृत्वमा पदासीन प्रधान न्यायाधीश श्री चोलेन्द्र संशेर ज.ब.रा.का कार्यहरु एकपछि अर्को विवादास्पद, आपत्तिजनक पदीय मर्यादा र आचरण विपरित एवं संविधान र कानून विपरित हुँदै गएका छन् । लोकतन्त्रमा न्यायापालिकालाई संविधानको अन्तिम ब्याख्याता र राज्यका अन्य अंगहरुमाथि शक्ति सन्तुलन (Check and Balance) कायम राख्ने महत्वपूर्ण निकायका रुपमा लिइन्छ । सक्षम एवं सशक्त न्यायालयको अभावमा सिंगो संविधान र त्यसले परिकल्पना गरेका कुनै पनि व्यवस्थाहरु यथार्थतामा कार्यात्मक (Functional) र जीवन्त हुन सम्भव छैन । यसका लागि न्यायालय सम्पूर्ण रुपमा स्वतन्त्र, सक्षम, निष्पक्ष, स्वच्छ, भ्रष्टाचारमुक्त र जिम्मेवार हुन जरुरी हुन्छ । "न्याय र शीलता" न्यायालयको पहिलो गुण (Virtue) हो । त्यसैले न्यायालयलाई न्यायको अन्तिम उपाय(LastResort) भनिएको हो । जसको प्राप्ती केवल स्वच्छ,सक्षम र स्वतन्त्र न्यायालयबाट मात्र सम्भव छ । संविधानमा अन्तरनिहित प्रस्तुत दर्शनको यथार्थ कार्यान्वयनका लागि न्यायिक नेतृत्वगर्ने प्रधान न्यायाधीशको सक्षमता, इमान्दारिता, संवैधानिक नैतिकता र आचरण सवै भन्दा अहं हुन जान्छ । कुनै पनि बहालवाला प्रधान न्यायाधीशसंग एउटा सफल संविधान र स्वतन्त्र न्यायपालिकाले अपेक्षा गर्ने र गरेका कुनैपनि गुण र विषेशताहरु प्रधान न्यायाधीश राणासँग अब बाँकी नरहेकोले निजलाई पदमा कायम राखीरहन न्यायिक मूल्य र मर्यादाले उपयुक्ति देखिदैन,

५. प्रधान न्यायाधीशको उच्च पदीय जिम्मेवारीका अतिरिक्त नेपालको संविधानको धारा १३६ द्धारा पदासीन प्रधान न्यायाधीशलाई अति उच्च विश्वासकासाथ प्रदान गरेको संवैधानिक दायित्व पूरा गर्न सम्माननिय प्रधान न्यायाधीश राणा असक्षम रहेको, न्यायालयको साख, इज्जत, प्रतिष्ठा, प्रभावकारिता र जनआस्थालाई श्रीवृद्धि गर्ने संवैधानिक दायित्वबाट निज पूर्ण रुपमा बिमुख र विफल भएको तथा प्रधान न्यायाधीश राणामा पदीय जिम्मवारी, संवैधानिक आचरण र नैतिकता एवं कार्यक्षमता समेत नदेखिएको कारणले निजलाई महाभियोग लगाउनु पर्ने पर्याप्त आधार, कारण एवं अवस्था विद्यमान देखिएको छ,

६. संवैधानिकता परीक्षण गर्न दायर भएका रिट निवेदनहरुको समयमै निज प्रधान न्यायाधीश राणाले निरुपणको व्यवस्था गर्नु पर्नेमा पदीय जिम्मेवारी विपरितका कार्य गरी न्यायमा बिचलन ल्याएका छन । वस्तुतः न्यायिक अधिकार न्याय छिटो छरीतो निरुपणका लागि हो न कि न्यायिक पदाधिकारीको आफ्नो वा अन्य कसैको निहित स्वार्थ परिपूर्तिको लागि दुरुपयोग गर्ने हो,

७. संवैधानिक परिषदको सदस्यको हैसियतमा प्रधान न्यायाधीश राणा आफू समेत संलग्न भई विभिन्न संवैधानिक अंगका पदाधिकारीहरुको नियुक्ति सम्वन्धमा परेका रिट निवेदनहरुको एक वर्ष सम्म पनि प्राराम्भिक सुनुवाईसम्म पनि नगरी न्यायमा गम्भीर अवरोध र विचलनको अवस्था सृजना गरेको सार्वजनिक भएको यथार्थ हो । प्रधान न्यायाधीश राणाबाट गरिएको विचलन, अवरोध छिप्न सक्दैन र जगजाहेर भइसकेको छ । प्रधान न्यायाधीशले आफूले अध्यक्षता गर्नु पर्ने संबैधानिक इजलाशको काम

प्रतिलिपि प्रमाणित
2065/9/19

कारबाहीलाई अबरुद्ध गरी संबिधानको कार्यान्वयनमै गम्भीर अवरोध सृजना गरेको प्रमाणित तथ्यले निजले पदीय कर्तब्य पालना नगरेको प्रमाणित भएको ,

८. सशस्त्र प्रहरीका तत्कालिन बरिष्ठ अधिकृत रञ्जन कृष्ण कोइराला सम्लग्न ज्यान मुद्धामा मातहत अदालतवाट भएको फैसला उल्टी गरी गैर कानूनी ढंगले कैद घटाएको प्रश्नमा उक्त मुद्धा पुनः सर्वोच्च अदालतमा विचाराधीन रहेकोमा त्यस्तो संगीन मुद्धाको शिघ्र सुनुवाई गरी गराई न्यायिक मूल्य पुनर्स्थापित गर्नु पर्नेमा आफैले पटक पटक पेशी स्थागित गरेको र त्यति संवेदनशील बिचाराधीन मुद्दालाई प्रभावितगर्ने गरी सार्वजनिक रुपमै फैसलाको ब्याख्या गर्दै त्यसको प्रतिरक्षा गरेको देखिएको छ । प्रधान न्यायाधीशले सरकारी प्रवक्ता जस्तो भई इजलाश बाहिर आफ्नो फैसलाबारे बोल्दै हिंड्नु र टिकाटिप्पणी गर्नु अदालतको गरिमा र पदीय मर्यादा अनुकुलको आचरण होईन, हुन सक्दैन,

९. भ्रष्टाचारको अभियोग लागेका मुद्धाको छिटो छरितो सुनुवाई गर्ने प्रयोजनका लागि विशिष्टकृत अदालतको रुपमा विशेष अदालतको गठन र शिघ्र न्याय सम्पादनको व्यवस्था विगत २ दशक अघिदेखि भएकोमा उक्त अदालतमा महिनौ देखि न्यायाधीशको पदपूर्ती गर्न अनिच्छुक रही निजले सो विशेष न्याय प्रक्रियामा समेत अवरोध सृजना गरेका छन,

१०. प्रधान न्यायाधिश तथा न्यायाशीहरुले आफूसँग सम्बन्धित वा आफ्नो स्वार्थ सन्निहित मुद्धाको सुनवाईमा आफु संलग्न नहुने भनि संवैधानिक इजलाशवाटै निर्णय गरे पश्चातपनि प्रधान न्यायाधीश राणाले इजलासमा बसेर व्यक्त गरेको आफ्नो राय विपरीतको विषयवस्तु बनाई संवैधानिक इजलासको सुनुवाई रोकी पाँउ भनी परेको रिट निवेदनलाई अस्वाभाविक तरिकाले निजले पूर्व-अभ्यास विपरित एकल इजलास समक्ष पेशीमा चढाई संवैधानिक इजलाशलाई अनिश्चित कालसम्म अबरुद्ध गर्ने प्रबन्ध मिलाउन प्रधान न्यायाधीश चोलेन्द्र शमशेर ज.ब.रा. ले मूख्य भूमिका निर्वाह गरी संविधानको धारा १३७ ले प्रदान गरेको अधिकारको स्पष्टतः दुरुपयोग गरेको देखिएको छ,

११. प्रधान न्यायाधीशको नियुक्तको क्रममा संसदीय समितिबाट सुनुवाई हुँदाका वखत निज प्रस्तावित प्र. न्या. राणाले सार्वभौम संसद समक्ष गरेका प्रतिवद्धता विपरित न्यायाधीशको पदपूर्ति र उचित समय भित्र मुद्दाको फर्स्योट गर्न असक्षम रही निरन्तर न्यायमा अवरोध सृजना गरी आफू संविधानतः प्रधान न्यायाधिशको नेतृत्वको जिम्मेवारी बहन गर्न पूर्ण असक्षम सिद्ध भैसकेको र संसदीय सुनुवाईका बखत व्यक्त निजको प्रतिबद्धता निजका काम कारबाहीबाट झूठो सावित हुन गएको छ,

१२. संवैधानिक परिषदको पदेन सदस्यको रुपमा कार्यपालिकासंग हिस्सेदारी माग गरी संवैधानिक आयोग तथा अन्य आयोगहरुमा आधार, कारण र मापदण्ड समेत निर्धारण नगरी आफ्ना परिवारका सदस्य तथा निकटका व्यक्तिहरुलाई प्रधान न्यायाधीश राणाले नियुक्तिको सिफारिश गरेको कुरा सार्वजनिक भइसकेकोले पनि त्यस्तो सम्मानीत पदमा आसीन व्यक्तिले प्रधान न्यायाधीशको पदको घोर अपमान एवं दुरुपयोग हुने गरेको पुष्टी भएको छ,

१३. न्यायपालिकाको विकृति, विसंगति र भ्रष्टाचारको सम्वन्धमा अध्ययन गर्न आफैंद्वारा गठित माननीय न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वको समितिको प्रतिवेदन प्राप्त भएपछि पनि सो प्रतिवेदन लागु गर्न अनिच्छुक तथा असक्षम देखिएको र सो प्रतिवेदन बुझ्ने क्रममा तत्काल कार्यान्वयनको प्रतिबद्धता प्रधान न्यायाधीश राणाले व्यक्त गरेपनि सोही प्रतिवेदनका बिरुद्धमा अभिव्यक्ति दिई पदिय मर्यादा विपरीत कार्य गरेको प्रष्ट छ,

प्रतिलिपि क्रमाङ्क
२०६९।१।१९
संसदीय सचिवालय

१४. सर्वोच्च अदालतमा साप्ताहिक तथा दैनिक मुद्धाको पेशी र न्यायाधीश तोक्दा कुनै निश्चित आधार, मापदण्ड र मान्य प्रचलन एवं अभ्यासको पालना नगरी, मनोमानी र अपारदर्शी आधारमा इजलास गठन गर्ने र मुद्धा तोक्ने, न्यायाधीश तोक्दा खास खास किसिमका मुद्दाहरु आफ्नो इजलाशमा वा नियन्त्रणमा पर्ने गरी इजलाश तोकेर न्यायापालिकालाई निरन्तर विवादमा ल्याएको र न्यायपालिकाभित्र न्यायाधीशहरुका बिचमा पत्रि गुट-उपगुट सृजना गरी न्याय दिन बसेका न्यायाधीशबीच नै आशंका, अन्योल र उदासीनताको वातावरण सृजना गरी अदालतको न्यायिक कार्य सञ्चालनमा वाधा-अबरोध पुऱ्याएको ।

१५. न्यायपरिषदको अध्यक्षको हैसियतले सबै तहका अदालतका न्यायाधीशहरुको नियुक्ति गर्दा निश्पक्ष एवं पारदर्शी रुपमा गर्नु पर्नेमा मनोमानी ढंगले नियुक्ति गरेको, नियुक्त भएका कतिपय व्यक्तिहरुको योग्यता, क्षमता र अनुभव नभएकोले त्यस्तो गैर कानूनी नियुक्तिको कानूनी र नैतिक दायित्व निज प्रधान न्यायाधीशबाट पालना नभएको, निजको सक्रियतामा नियुक्त न्यायाधीशहरु स्वीकार्यतामा नै प्रश्न चिन्ह खडा भएको छ,

१६. आफ्नै परिवारका सदस्य र नातागोताका व्यक्तिहरु एवं आफूले नियुक्त गरेका कतिपय न्यायाधीश र पदाधिकारीहरुलाई विचौलियाको रुपमा संलग्न गराई भ्रष्टाचार र अनियमितता गरी अबैध सम्पत्ति आर्जन गर्ने गराउने कार्यमा सम्लग्न रहेको, निजले आफ्ना परिवारका नाममा जोडेका सम्पत्तिको विवरण सार्वजनिक भएपछिको जानकारीबाट पनि प्रधान न्यायाधीश राणाको आचरण, पदीय मर्यादासँग अमिल्दो र विल्कुल अस्वाभाविक देखिन आएको छ । त्यतिमात्र होईन, यसबाट प्रधान न्यायाधीशको सम्मानित पद मुलुकको संविधान र कानूनको रक्षा गर्न वा भोका निमुखा अन्यायमा परेका जनताको रक्षाका लागि होईन आफू र आफ्ना परीवार एवं सीमित घेराका निहित स्वार्थी विचौलियाहरुको हकहितको सम्वर्द्धन र संरक्षण गर्नका लागि निजबाट पदको दुरुपयोग भइरहेको भन्ने जनमानसमा पर्न गई न्यायापालिकाको छविमा गम्भीर असर र अनास्था उत्पन्न हुनगएको छ । साथै प्रधानन्यायाधिश स्वयं भ्रष्टाचार र अनियमितता गरी अबैध सम्पत्ति आर्जन गर्ने गराउने कार्यमा सम्लग्न रहेको विषयमा सम्पत्ति सुद्धीकरण लगायतका नियमनकारी निकायमा छानविनको माग भै उजुरी समेत परेकोले यस सम्वन्धमा समेत छानविन गर्न महाअभियोगको कारवाहि चल्न आवश्यक रहेको छ,

१७. मिति २०७८।०७।०८ पश्चात निज प्रधान न्यायाधीश राणामाथिको आशंका र अविश्वास तथा निज स्वयंको गैरन्यायिक आचरणका कारणले इजलाशमा निज बस्न नसकेको, संविधानले परिकल्पना गरेको सक्रिय प्रधान न्यायाधीशको अवधारणा निश्कृय हुन गएको छ । प्रधान न्यायाधीश राणाले आफ्नै कार्य तथा आचरणबाट निज प्रधान न्यायाधीशको पदीय जिम्मेवारी पालना गर्न गराउन असक्षम एवं असमर्थ रहेको निर्विवाद सिद्ध छ । कोभिड जस्तो संक्रमणबाट पिडित भई अस्पताल भर्ना भएको अवधिमा समेत बिदामा नबसी प्रचलित कोभिड संक्रमण सम्बन्धी कानूनको उल्लंघन गर्नेकार्य गरी सर्वोच्च अदालतलाई जानी जानी नेतृत्वविहिन बनाई नेपालको संविधानको धारा १२९(६) को ठाडो उल्लंघन गरेको,

१८. अन्य एवं सहकर्मी माननीय न्यायाधीहहरु प्रधान न्यायाधीशसंग इजलाशमा संगै बसी न्याय सम्पादन गर्न तयार नभएको तथ्यलाई निज स्वयंले स्वीकार गर्दै प्रधान न्यायाधीशको रुपमा निजमाथि आक्षेप लाग्दा पनि केवल हाजीर जनाएर निवास फर्कने गरेबाट प्रधान न्यायाधीश राणाको नेतृत्वमा सर्वोच्च अदालत सञ्चालन हुन असम्भव हुन गएको छ,

प्रतिलिपि क्रमाङ्क
२०७१
२०७९।१।१९

१९. प्रधान न्यायाधीश सहित बसी बैठक सञ्चालन गरी संबैधानिक र कानूनी कर्तब्य पालना गर्नु पर्ने न्यायपरिषद एवं न्याय सेवा आयोगको बैठक लामो अवधिदेखि बस्न नसकेको, यसका कारण न्यायाधीश एवं न्याय सेवाका कर्मचारीको नियुक्ति, सरुवा, बढुवा लगायत वृत्ति विकासको अनिवार्य कार्यहरु अबरुद्ध हुन पुगेको जानकारी राख्दा राख्दै पनि विगत ३ महिना देखि सर्वोच्च अदालत लगायत सम्पूर्ण न्यायपालिका नेतृत्वविहिन तथा जिम्मेवारीविहिन स्थितिमा पुऱ्याएको साथै सर्वोच्च अदालतको पूर्ण बैठक समेत कानून एवं संविधान सम्मत रुपमा बसाउन नसक्ने लज्जास्पद अवस्था खडा गरेका छन । यसका अतिरिक्त न्यायप्रशासन ऐन २०७३ बमोजिम न्याय परिषदले मात्र न्यायाधिशको सरुवा गर्न सक्नेमा उच्च विषेश अदालत समेतका न्यायाधिशलाई काज सरुवा गरी पदको दुरुपयोग गरेको अवस्था छ ,

२०. मुलुकको कानून प्रणालीलाई दीर्घकालीन प्रभाव छाड्ने विधिशास्त्रीय महत्वको कुनै योगदान पुर्याउन निज प्रधान न्यायाधीश असफल भएका छन् । जनताका निमित्त अन्धकार र बिचौलियाका निमित्त सुरक्षित स्वर्गको रुपमा (Safe heaven) न्यायपालिकालाई स्थापित गर्ने र सञ्चालन गर्ने असंवैधानिक एवं अमर्यादित हरकतबाट न्यायपालिकालाई मुक्ति दिलाउनु अपरिहार्य भएको छ,

२१. पूर्व न्यायाधीश, नागरीक समाज, नेपाल बार एशोसिएशन एवं सर्वोच्च अदालत बार एशोसिएशन समेतबाट प्रधान न्यायाधीशको कार्यमा गम्भीर प्रश्न खडा गरी अविश्वास प्रकट गरेको र उल्लिखित बार एशोसिएशनले प्रधान न्यायाधीशको सर्वोच्च अदालत प्रवेशमा रोक लगाउन १०० दिन भन्दा अघि देखि धर्ना, जुलुस, सभा सम्मेलन समेतका विभिन्न कार्यक्रम गर्दै आएको र सिंगो न्यायिक प्रणाली अबशाद(Depression)को स्थितिमा रही संवैधानिक प्रणाली सुसञ्चालन हुनमा बाधा उत्पन्न भईरहेको र तत्काल यो परिस्थितिबाट न्यायोचित निकास दिनका लागि महाभियोगद्धारा निजको पदमुक्ति अति आवश्यक हुन आएको छ । नेपाल राष्ट्रको सबैभन्दा सम्मानित एवं मर्यादित राख्नु र देखिनु पर्ने प्रधान न्यायाधीशको पदलाई आफ्नै गैरजिम्मेवारीपन, अधिकारको दुरुपयोग एवं अनैतिक आचरणको कारणले अत्यन्त विवादित बनाई न्यायिक गतिरोध सृजना गरेकोले प्रधान न्यायाधीश श्री चोलेन्द्र संशेर ज.ब.रा.लाई महाभियोग प्रस्ताव पारित गरी पदमुक्त गर्नुको कुनै विकल्प छैन,

अत, उपरोक्त वर्णित आधार, प्रमाण र कारणहरुबाट नेपालको संविधानको धारा १०१ को उपधारा (२) अवस्था विद्यमान हुनआएकोले सोही धारा अनुरुप निज बिरुद्ध महाअभियोगको प्रस्ताव पेश गरेका छौ । यो प्रस्तावलाई विधिपूर्वक अगाडि बढाई निजलाई पदमुक्त गरी पाऊँ ।

प्रस्तावक प्रतिनिधि सभा सदस्यहरु

१. देव प्रसाद गुरुङ (प्रमुख सचेतक, नेकपा माओवादी केन्द्र)
२. पुष्पा भुसाल (पौडेल) सचेतक, नेकपा
३ जीवन राम श्रेष्ठ प्रमुख सचेतक नेकपा एकीकृत समाजवादी

समर्थक प्रतिनिधि सभा सदस्यहरु

१. मिथिलेश प्रसाद रिजाल

प्रतिलिपि समाजपत्र

संसद सचिवालय

२०६९।१।१९

२	[illegible]	[illegible]
३	महेन्द्र कुमारी लिम्बु	
४	डिला [illegible] पैत	[illegible]
५	रेंगमती थापा	[illegible]
६	संवत आरा खानम हलवाईवा	[illegible]
७	[illegible]	[illegible]
८	बहादुर सिंह लामा (तामाङ)	[illegible]
९	मान बहादुर विश्वकर्मी	[illegible]
१०	मिना [illegible]	[illegible]
११	अभिषेक प्रताप शाह	[illegible]
१२	पद्म [illegible] चौधरी	[illegible]
१३	[illegible]	[illegible]
१४	मीन बहादुर विश्वकर्मा	[illegible]
१५	लाल काजि [illegible]	[illegible]

प्रतिलिपि प्रमाणित

20/6/19

१६	मोहन आचार्य	
१७	तेजुलाल चौधरी	
१८	सीताराम महतो	
१९	[illegible]	
२०	[illegible]	
२१	[illegible]	
२२	पार्वता डि. सी. (चौधरी)	
२३	राजेन्द्र कुमार केवट	
२४	सत्यनारायण शर्मा खनाल	
२५	विमला नेपाली	
२६	[illegible]	
२७	देवेन्द्र राज कण्डेल	
२८	राम बहादुर विष्ट	
२९	नमता चौधरी	Namita
३०	किशोर सिंह राठौर	

प्रतिलिपि प्रमाणित

2065/4/99

31	श्रीमती कौशल्या	श्रीमती कौशल्या
32	स्मृति नाथ चौधरी-	स्मृति
33	सुभाष कोहली	सुभाष कोहली
34	प्रमोद कु. यादव	
35	लक्ष्मी परियार	
36	प्रकाश रखाडली रतेही	
37	संजय कुमार- गौतम	
38	हिरा गुप्ता	

प्रतिलिपि प्रमाणित

2068/9/19

३५	अन्जना विशंखे	
४०	अमनलाल मोदी	
४१	अमृता थापा	
४२	इन्दु कुमारी शर्मा	
४३	ओनसरी घर्ती	
४४	कमला रोका	
४५	कृष्णबहादुर महरा	
४६	गंगा बहादुर तामाङ	
४७	गजेन्द्र बहादुर महत	
४८	गिरिराजमणि पोखरेल	
४९	चक्रपाणी खनाल	
५०	चाँदतारा कुमारी	
५१	चुडामणी खड्का	
५२	छक्क बहादुर लामा	
५३	जयपुरी घर्ती	
५४	टेक बहादुर बस्नेत	
५५	दिल कुमारी साह	
५६	दुर्गा कुमारी वि.क.	
५७	दुर्गा बहादुर रावत	

प्रतिलिपि प्रमाणित

2068/9/99

५८	धर्मशिला चापागाँई	
५९	पूर्ण कुमारी सुवेदी	
६०	मातृका प्रसाद यादव	
६१	यशोदा गुरुङ सुवेदी	
६२	रामकुमारी चौधरी	
६३	रामेश्वर राय यादव	
६४	रेखा शर्मा	
६५	वर्षमान पुन	
६६	विना मगर	
६७	शक्ति बहादुर बस्नेत	
६८	शिव कुमार मण्डल	
६९	श्याम कुमार श्रेष्ठ	
७०	सत्य पहाडी	
७१	सन्त कुमार थारु	
७२	सुदन किराँती	
७३	सुरेन्द्र कुमार कार्की	
७४	सुरेश कुमार राई	
७५	सुरेशचन्द्र दास	
७६	हरिबोल प्रसाद गजुरेल	
७७	हरिराज अधिकारी	
७८	हित बहादुर तामाङ	

८०- गोपाल बहादुर बम

८१-कृष्ण लाल महर्जन

८२-कल्याणी कुमारी खड्का

८३. धन बहादुर बुढा

८४. पार्वती कुमारी विशुङ्के

८५. सोम प्रसाद पाण्डेय

८६. कालिला खातुन

८७. सरला कुमारी यादव

८८ मैटमणि चौधरी

८९. पुष्पा कुमारी कर्ण कायस्त

९०. हिदा चन्द्र के० सी०

९१. लछमी कुमारी चौधरी

९२. वीना देवी बुढाथोकी

९३. सलिना हुसेन

९४. मुकुन्द न्यौपाने

९५. तिरा देवी थेम

प्रतिलिपि प्रमाणित
२०७९/१/११

संघीय संसद

संसद भवन, सिंहदरबार
काठमाडौं, नेपाल

प.सं :- ०७८/७९
च.नं :- ४६

मिति : २०७८ फागुन १ गते

०/८

श्री राष्ट्रपतिको कार्यालय,
शीतल निवास, काठमाण्डौं ।

श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाण्डौं ।

श्री सवैधानिक परिषदको कार्यालय,
सिंहदरबार, काठमाण्डौं ।

श्री सर्वोच्च अदालत,
रामशाहपथ, काठमाण्डौं ।

श्री न्याय परिषद,
रामशाहपथ, काठमाण्डौं ।

सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर जबरा,
सर्वोच्च अदालत, रामशाहपथ, काठमाण्डौं ।

विषय : जानकारी सम्बन्धमा ।

सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर जबराले लोकतन्त्र, मानव अधिकार, जनताको न्याय, विधिको शासन, सवैधानिक सर्वोच्चता एवं स्वतन्त्र, सक्षम र जिम्मेवार न्यायपालिकाको जर्गेना गर्न असक्षम रहेको उल्लेख गर्दै समग्र न्यायपालिका भित्र नै निजको हालसम्मको कार्यकालमा अतिशय विकृती विसगती तथा भ्रष्टाचार भएको देखिएको, नेपालको संविधानको परिकल्पना बमोजिम स्वतन्त्र, सक्षम, निष्पक्ष र जवाफदेहि न्यायपालिकाको परिकल्पना एवं आदर्शलाई परिपालना गर्न, शक्ति पृथकीकरण तथा शक्ति सन्तुलनलाई आत्मसाथ गर्न तथा न्यायपालिका सञ्चालनको क्रममा आर्थिक पारदर्शिता एवं सदुपयोग गर्न तथा स्वतन्त्र सक्षम न्यायपालिकाको श्रीवृद्धी गर्न पूर्णत विफल हुन पुगेको, प्रधान न्यायाधीशका कार्यहरु एकपछि अर्को विवादास्पद, आपत्तीजनक, पदिय मर्यादा, आचरण विपरित एवं संविधान र कानून विपरित हुन गएको, न्यायालयको साख, इज्जत, प्रतिष्ठा, प्रभावकारिता र जनआस्थालाई श्रीवृद्धी गर्ने सवैधानिक दायित्वबाट निज पूर्ण रुपमा विफल र विमुख भएको, सवैधानिकता परिक्षण गर्न दायर भएका रिट निवेदनहरुको समयमै निजले निरुपणको व्यवस्था गर्नु पर्नेमा पदिय जिम्मेवारी विपरितका कार्य गरी न्यायमा विचलन ल्याएको, संवैधानिक परिषदको सदस्यको हैसियतमा निज समेत संलग्न भई विभिन्न सवैधानिक अगका पदाधिकारीको नियुक्ती सम्वन्धमा परेका रिट निवेदनहरुको एक वर्षसम्म पनि प्रारम्भिक सुनुवाईसम्म नगरी न्यायमा गभीर अवरोध र विचलनको अवस्था श्रृजना गरेको, निजले अध्यक्षता गर्नु पर्ने सवैधानिक इजलाशको कामकारवाहीलाई अवरुद्ध गरी संविधानको कार्यान्वयनमा नै गंभिर अवरोध श्रृजना गरेको, सशस्त्र प्रहरीका तत्कालिन वरिष्ठ अधिकृत रञ्जन कोईरालाको फैसला उल्टागरी गैरकानूननी ढंगले कैद घटाएको प्रश्नमा उक्त मुद्दा पुनः सर्वोच्च अदालतमा विचाराधिन रहेकोमा त्यस्तो संगीन मुद्दा आफैले पटक पटक पेशी स्थगित गरेको, विशेष अदालतमा महिनौसम्म न्यायाधीश पद पूर्ति नगरेको, आफ्नो स्वार्थ सन्निहित मुद्दाको सुनुवाईमा आफू संलग्न नहुने भनी सवैधानिक इजलाशबाट निर्णय गरे पश्चात पनि त्यस्ता मुद्दामा सवैधानिक

संघीय संसद

संसद भवन, सिंहदरबार
काठमाडौं, नेपाल

ईजलाशको मुद्दा रोकी पाउँ भनी परेको रिट निवेदनलाई अस्वभाविक तरिकाले निजले अवरुद्ध गर्ने प्रबन्ध मिलाउने भूमिका खेलेको, निजको संसदीय सुनुवाईको बखत निजले व्यक्त गरेको प्रतिवद्धता निजका कामकारबाहीबाट झुटो ठहरेको, संवैधानिक परिषद्को पदेन सदस्यको रुपमा कार्यपालिकासंग हिस्सेदारी माग गरी संवैधानिक आयोग तथा अन्य आयोगहरुमा आधार र मापदण्ड समेत निर्धारण नगरी आफ्ना मानिस नियुक्तीको सिफारिस गरेको कुरा सार्वजनिक भएको, न्यायपालिकाको विकृती, विसंगती र भ्रष्टाचारको सम्बन्धमा आफैद्वारा गठित माननीय न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वको समितिको प्रतिवेदन प्राप्त भएपछि प्रतिवेदन लागू गर्न अनिच्छुक भएको, साप्ताहिक तथा दैनिक पेशी सूची तोक्दा मनोमानी र अपारदर्शी ढंगले तोकेको, न्यायाधीशहरुको नियुक्ती गर्दा निश्पक्ष र पारदर्शी रुपमा नगरेको, परिवारका सदस्य र नातागोताका व्यक्ति तथा न्यायधिश र पदाधिकारीलाई विचौलीयाको रुपमा प्रयोग गरी भ्रष्टाचार गरेको, मिति २०७८/०७/०८ पश्चात निज माथीको आशंका र अविश्वासले इजलाशमा निज बस्न नसकी संविधानले परिकल्पना गरेको सक्रिय प्रधान न्यायाधीशको अवधारणा निष्कृय हुन पुगेको, अन्य सहकर्मी न्यायाधीशहरु इजलाशमा संगै बसी निजसंग न्याय सम्पादन गर्न तयार नभएको, न्याय सेवा आयोगको बैठक बस्न नसकेको, आम नागरिकबाट गभीर प्रश्न उठेका लगायतका उल्लेखित कारणहरुले गर्दा निजले पदअनुकूलको आचरण नगरेको एवं संविधान र कानूनको गम्भीर उलंघन गरेको कारण उल्लेख गरी प्रतिनिधि सभाका तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाई भन्दा बढी सदस्यहरुले नेपालको संविधानको धारा १०१ र प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६१ बमोजिम आज मिति २०७८/११/०१ गते निज विरुद्ध दिएको महाअभियोगको सूचना यस सचिवालयमा सम्माननीय सभामुखज्यूलाई महासचिव मार्फत प्राप्त हुन आएको छ ।

नेपालको संविधानको धारा १०१ को उपधारा (६) मा महाअभियोगको कारबाही प्रारम्भ भएपछि नेपालको प्रधान न्यायाधीशले त्यस्तो कारबाहीको टुगो नलागेसम्म आफ्नो पदको कार्यसम्पादन गर्न पाउने छैन भन्ने संवैधानिक व्यवस्था रहेको तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६१ को उपनियम (९) मा महाअभियोगको कार्य प्रारम्भ भएपछि आरोपित नेपालको प्रधान न्यायाधीशले त्यस्तो कारबाहीको टुगो नलागेसम्म आफ्नो पदको कार्य सम्पादन गर्न पाउने छैन भन्ने व्यवस्था रहेको र सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर जबरा विरुद्ध महाअभियोगको कारबाही प्रारम्भ भएको हुँदा नेपालको संविधानको धारा १०१ को उपधारा (६) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६१ को उपनियम (९) बमोजिम उक्त महाअभियोगको कारबाहीको टुगो नलागेसम्म निजले आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने व्यहोरा जानकारी गराउँदछु ।

महाअभियोगको छायाँ प्रति यसैसाथ संलग्न छ ।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव

अनुसूची ३ : महाभियोग सिफारिस समितिमा रहनुभएका माननीय सदस्यहरुको विवरण

(स्रोत- संघीय संसद सदस्य २०७४ परिचयात्मक पुस्तिका -२०७८)

क्र. स	माननीय सदस्यहरुको नाम	स्थायी ठेगाना	जन्म मिति /नागरिकता नं. /जारि मिति/ जिल्ला	उमेर	प्रतिनिधित्व गरेको दल	सम्पर्क नं.
१.	माननीय श्री एकवाल मियां	परवानीपुर-१, बारा	२०२६ जेठ १५ / १२७९/६२३/२०४२-४-३/ बारा	५३ वर्ष २ महिना	लो.स.पा	९८४५०३५१२५ ९८५५०४५६१९
२.	माननीय श्री कल्याणी कुमारी खड्का	चन्द्रपुर-५, रौटहट	२०२१ मंसिर १०/ १०९२/२०४१-८-३/ रौटहट	५७	ने.क.पा (ए.स.)	९८१८४४७९५०
३.	माननीय श्री कृष्णभक्त पोखरेल	भरतपुर-१०, चितवन	२०२४ असार २०/३५/२०७०/२०४१-३-१९/ चितवन	५५	ने.क.पा (एमाले)	९८५५०५५९९५
४.	माननीय श्री प्रमोद साह	मलंगवा-६, सर्लाही	२०३५ पुस ८/५९१९१०९८/२०५६-३-१५/ सर्लाही	४३	ज.स.पा नेपाल	९८५४०३६०६८
५.	माननीय श्री मिन बहादुर विश्वकर्मा	धरान-१५, सुनसरी	२०२४ चैत्र १६/२९०५/१२०५८/२०४२-०८२३/ भोजपुर	५४	ने.का.	९८५१०६०६९०
६.	माननीय श्री यशोदा गुरुङ सुवेदी	नासो-४, मनाङ	२०२५ भदौ ०३/५७५/२०४७-०१-३१/ मनाङ	५३ वर्ष ११ महिना	ने.क.पा (माओवादी केन्द्र)	९८५१११५६०१
७.	माननीय श्री राम बहादुर विष्ट	पन्चदेवल-४, अछाम	२००९ माघ १७/१/७/६२१/२०४६-२-३/ अछाम	६९	ने.का.	९८४९६७९९८८
८.	माननीय श्री रेखा शर्मा	घोराही-१८, दाङ	२०२६ असोज ९/५६१/१३६९/२०४४-१२-०५/ दाङ	५२	ने.क.पा (माओवादी केन्द्र)	९८५१११३२१८
९.	माननीय श्री लालबाबु पण्डित	बिराटनगर-१२, मोरङ	२०१५ मंसिर१९/७७५९/२२८६/२०३२-०३-०६/ झापा	६३	ने.क.पा (एमाले)	९८४१५६४५३९
१०.	माननीय श्री विष्णुप्रसाद पौडेल	बुटवल-८, रुपन्देही	२०१६ मंसिर १५/१६३२/२०३३-१२-१८/ स्याङ्गजा	६२	ने.क.पा (एमाले)	९८५१०६०२८८
११.	माननीय डा. शिवमाया तुम्बाहाङ्फे	उर्लाबारी-५, मोरङ	२०२० माघ ४/३४७८/२०४३-५-४/ मोरङ	५८	ने.क.पा (एमाले)	९८५१२८४४०८

अनुसूची ४: महाभियोग सिफारिस समितिको आन्तरिक कार्यविधि, २०७९

महाभियोग सिफारिस समितिको आन्तरिक कार्यविधि, २०७९

नेपालको संविधानको धारा १०१ को उपधारा (३) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६२ बमोजिम प्रतिनिधि सभाको मिति २०७८।११।२२ को बैठकको निर्णय अनुसार गठित महाभियोग सिफारिस समितिको आन्तरिक काम कारवाहीलाई सुव्यवस्थित र प्रभावकारी बनाउन आवश्यक भएकोले,

प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६३ को उपनियम (५) ले दिएको अधिकार प्रयोग गरी महाभियोग सिफारिस समितिले यो आन्तरिक कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "महाभियोग सिफारिस समितिको आन्तरिक कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुसन्धान" भन्नाले आरोप लागेको व्यक्तिलाई लगाइएको आरोप उपर प्रचलित कानून बमोजिम गरिने सबै प्रकारको अनुसन्धान सम्झनु पर्छ।

(ख) "आरोप लागेको व्यक्ति" भन्नाले संविधानको धारा १०१ को उपधारा (२) वा (५) तथा नियमावलीको नियम १६१ को उपनियम (१) वा (७) बमोजिम महाभियोग लगाउनको लागि प्रस्ताव पेश भएको वा उजुरी परेको नेपालको प्रधान न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारी सम्झनु पर्छ।

(ग) "उजुरी" भन्नाले संविधानको धारा १०१ को उपधारा (५) तथा नियमावलीको नियम १६१ को उपनियम (७) बमोजिम समिति समक्ष प्राप्त हुन आएको सूचना जानकारी वा उजुरी सम्झनु पर्छ।

(घ) "नियमावली" भन्नाले प्रतिनिधि सभा नियमावली, २०७५ सम्झनु पर्छ।

(ङ) "सचिव" भन्नाले महाभियोग सिफारिस समितिको सचिव सम्झनु पर्छ र सो शब्दले सचिवको अनुपस्थितिमा सचिव भई कार्य गर्ने व्यक्तिलाई समेत जनाउँछ।

(च) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ।

(छ) "सभापति" भन्नाले समितिको सभापति सम्झनु पर्छ र सो शब्दले सभापतिको अनुपस्थितिमा समितिको सभापतिको रुपमा काम गर्ने समितिको ज्येष्ठ सदस्यलाई समेत जनाउँछ।

(ज) "समिति" भन्नाले संविधानको धारा १०१ को उपधारा (३) तथा नियमावलीको नियम १६२ बमोजिम गठित महाभियोग सिफारिस समिति सम्झनु पर्छ।

(झ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

३. **<u>समितिको बैठक:</u>** (१) समितिको बैठक सभापतिले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

तर समितिको एक तिहाई सदस्यहरुले बैठक बोलाउन लिखित अनुरोध गरेमा त्यस्तो अनुरोध गरेको तीन दिनभित्र सभापतिले बैठक बोलाउनु पर्नेछ।

(२) सचिवले सभापतिको निर्देशनमा सदस्यहरुलाई समितिको बैठकको कार्यसूचीको जानकारी त्यस्तो बैठक बस्नुभन्दा सामान्यतया एक दिन अगावै गराउनेछ।

(३) समितिको बैठकको अध्यक्षता सभापतिले गर्नेछ।

(४) सभापतिको अनुपस्थितिमा बैठकको अध्यक्षता समितिको ज्येष्ठ सदस्यले गर्नेछ।

४. **<u>बैठकमा अनिवार्य उपस्थित हुनु पर्ने:</u>** समितिको बैठकमा सदस्य अनिवार्य उपस्थित हुनु पर्नेछ।

तर कुनै सदस्य समितिको बैठकमा उपस्थित हुन नसक्ने भएमा सोको कारण सहितको जानकारी सभापतिलाई गराउनु पर्नेछ।

५. **<u>बैठक निर्धारित समयमा शुरु हुने:</u>** समितिको बैठक निर्धारित समयमा नै शुरु हुनेछ।

तर कुनै कारणले समितिको निर्धारित बैठक बस्न नसकेमा सभापतिले त्यस्तो बैठक स्थगित गरी अर्को बैठक बोलाउनेछ र त्यसको जानकारी सचिव वा समितिको सचिवालयले सबै सदस्यहरुलाई दिनु पर्नेछ।

६. **<u>कार्यसूची र कागजात उपलब्ध गराउने:</u>** समितिको बैठकको कार्यसूची र छलफलको विषयसँग सम्बन्धित कागजात आवश्यकतानुसार समितिका सदस्यहरुलाई सचिवले उपलब्ध गराउनेछ।

७. **<u>बैठकको सञ्चालन र छलफल:</u>** (१) सभापति वा बैठकको अध्यक्षता गर्ने सदस्यले समितिको प्रत्येक बैठकको प्रारम्भ र अन्त्यको घोषणा गर्नेछ।

(२) बैठकको शुरुमा नै कार्यसूचीमा परेको विषयको प्रकृति र महत्व समेतलाई ध्यानमा राखी बैठकको समयावधि तय गरिनेछ।

(३) सभापतिले आवश्यकतानुसार सदस्यहरुले बोल्ने समयको निर्धारण गरी छलफल प्रारम्भ गर्नेछ।

(४) समितिको बैठकको निर्णय सामान्यतया सर्वसम्मतबाट हुनेछ।

तर सर्वसम्मती कायम हुन नसकेमा बहुमतबाट निर्णय हुनेछ।

८. **<u>उजुरी उपरको छलफल:</u>** (१) समिति समक्ष प्राप्त हुन आएको उजुरी उपर देहाय बमोजिमको विषयमा छलफल र विश्लेषण गरी महाभियोग लाग्न सक्ने मनासिब र पर्याप्त आधार भए नभएको यकिन गर्नु पर्नेछः-

(क) उजुरीको गाम्भीर्यता, औचित्य, कारण वा आवश्यकताको सम्बन्धमा प्रारम्भिक छलफल गर्ने,

(ख) उजुरीमा उल्लेख भएको विषयवस्तुको सत्य तथ्यका सम्बन्धमा गहन अध्ययन तथा विश्लेषण गर्ने,

(ग) उजुरी ग्राह्य रहेको प्रमाणित गर्ने प्रतिनिधि सभाका सदस्यहरुलाई आवश्यकता अनुसार समितिमा आमन्त्रित गरी उजुरीको विषयवस्तु तथा औचित्य सम्बन्धमा छलफल गर्ने,

(घ) सूचना जानकारी वा उजुरी तयार पार्ने प्रतिनिधि सभाका सदस्यहरु बाहेक अन्य व्यक्ति भए समितिले आवश्यक देखेमा त्यस्ता व्यक्तिलाई समितिमा बोलाई उजुरीको आधिकारिकता सम्बन्धमा आवश्यक छलफल गर्ने,

(ङ) अन्य आवश्यक कार्यहरु गर्ने।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संविधानको धारा १०१ को उपधारा (५) तथा नियमावलीको नियम १६१ को उपनियम (७) बमोजिम उजुरी ग्राह्य रहेको भनी प्रमाणित गर्ने प्रतिनिधि सभाका कम्तीमा तीन जना सदस्यहरुले सभापति समक्ष सात दिनभित्र उपस्थित भई सनाखत नगरेसम्म त्यस्तो उजुरीले समितिमा प्रवेश पाएको मानिने छैन र त्यस्तो उजुरी उपर कुनै पनि किसिमको छानविन नगरी तामेलीमा राख सकिनेछ।

(३) यस दफा बमोजिम उजुरीको छानविन गर्दा कानून सम्मत नदेखिएमा वा ग्राह्य नभएमा वा उजुरी सत्य तथ्यमा आधारित भएको देखिन नआएमा सोही व्यहोरा जनाई तामेलीमा राख्नु पर्नेछ।

९. **<u>सफाईको मौका दिनुपर्ने</u>:** (१) संविधानको धारा १०१ को उपधारा (२) वा (५) तथा नियमावलीको नियम १६१ को उपनियम (१) वा (७) बमोजिम आरोप लागेको व्यक्तिलाई जुन कारण र आधारमा महाभियोगको प्रस्ताव पेश भएको हो सो सम्बन्धमा वा समिति समक्ष पेश हुन आएको उजुरीको सम्बन्धमा समितिले कारवाही अगाडि बढाउनु पर्ने अवस्था देखिएमा सोही कारण र आधार खुलाई आरोप लागेको व्यक्तिलाई समयावधि तोकि आफ्नो सफाई पेश गर्ने मौकाको लागि लिखित सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सफाई पेश गर्ने मौका दिदा अन्य कुराका अतिरिक्त देहायका कुराहरु स्पष्ट खुलाउनु पर्नेछः-

(क) कुन आरोपमा निजलाई महाभियोगको प्रस्ताव पेश गरिएको हो सोको विवरण,

(ख) कुन आरोप कुन कुन तथ्यमा आधारित छन् र सोको उपलब्ध भएसम्मको विवरण।

(३) उपदफा (१) बमोजिम पठाएको सूचना आरोप लागेको व्यक्तिले बुझिलिन इन्कार गरेमा वा निजलाई सम्बन्धित निकाय वा निवासमा फेला पार्न नसकेमा वा निजको ठेगानामा सूचना पठाउने कार्यमा कुनै किसिमले अवरोध भएमा त्यस्तो सूचना अभिलेख हुन सक्ने गरी राष्ट्रिय दैनिक पत्रिकमा प्रकाशित गरिनेछ। त्यसरी सूचना सार्वजनिक गरिएकोमा आरोप लागेको व्यक्तिले सूचना पाएको मानिनेछ।

(४) यस दफा बमोजिम सफाईको मौकाको सूचना पाएपछि आरोप लागेको व्यक्तिले सूचनामा दिइएको अवधिभित्र आफ्नो सफाई पेश नगरेमा वा पेश गरेको सफाई सन्तोषजनक नभएमा समितिले सोही बमोजिम मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने सम्बन्धमा आवश्यक निर्णय गर्नेछ।

(५) यस दफा बमोजिम आरोप लागेको व्यक्तिले पेश गरेको सफाईका सम्बन्धमा थप प्रष्ट हुन आवश्यक ठानेमा समितिले त्यस्तो व्यक्तिसँग पुनः जानकारी माग गर्न सक्नेछ।

१०. **<u>अनुसन्धान एवं छानबिन सम्बन्धी कार्यविधि:</u>** समितिले आरोपको छानबिनको क्रममा देहायको कुनै वा सबै कार्य गर्न सक्नेछः-

(क) आरोप लागेको व्यक्तिलाई समितिमा उपस्थित गराई सोधपुछ गर्ने, जानकारी लिने वा बयान गराउने,

(ख) आरोप लागेको व्यक्तिलाई कुनै लिखित वा कागजात पेश गर्न आदेश दिने,

(ग) आरोपसँग सम्बन्धित कुनै कागजात वा प्रमाण कुनै निकाय वा कार्यालयबाट झिकाउने वा पेश गर्न लगाउने,

(घ) कुनै सरकारी वा सार्वजनिक निकाय तथा कार्यालय वा अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने,

(ङ) आरोप लागेको व्यक्ति कार्यरत रहेको निकाय वा त्यस्तो व्यक्तिसँग सम्बन्धित अन्य स्थानको आवश्यकता अनुसार खानतलासी, अवलोकन तथा निरीक्षण गर्ने,

(च) महाभियोग प्रस्ताव पेश गर्ने सदस्यलाई आवश्यकता अनुसार बुझ्ने,

(छ) समितिले आवश्यक ठानेको अन्य प्रमाण बुझ्ने,

(ज) छानबिनसँग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्ने।

११. **<u>प्रतिवेदन तयार गर्ने:</u>** (१) समितिले आरोप उपर छानबिनको कार्य समाप्त भएपछि आफ्नो सिफारिस सहितको प्रतिवेदन तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराका अतिरिक्त देहायका कुराहरु खुलाउनु पर्नेछ:-

(क) आरोपको संक्षिप्त विवरण,

(ख) छानबिनको क्रममा अवलम्बन गरिएको प्रक्रिया तथा संकलन गरिएका प्रमाण,

(ग) छानबिनबाट पत्ता लागेको वास्तविक सत्य तथ्य सम्बन्धी विवरण,

(घ) अनुसन्धान गर्दा समितिले ठहर गरेको वा निष्कर्ष निकालेको विषय,

(ङ) खण्ड (घ) बमोजिम ठहर गर्न वा निष्कर्ष निकाल्न लिइएका आधार तथा प्रमाणहरु,

(च) प्रस्ताव पेश गर्ने आधार र कारण विद्यमान भए नभएको कुरा सम्बन्धमा समितिको सिफारिस,

(छ) समितिले आवश्यक ठानेका अन्य कुराहरु।

(३) उपदफा (१) बमोजिम प्रतिवेदन तयार गर्ने सिलसिलामा समितिमा सर्वसम्मती हुन नसकेमा समितिमा भिन्न राय व्यक्त गर्ने सदस्यको रायलाई समेत समावेश गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।

१२. **<u>प्रतिवेदन पेश गर्ने:</u>** दफा ११ बमोजिम तयार भएको प्रतिवेदन समितिले नियमावलीको नियम १६४ बमोजिम प्रतिनिधि सभा समक्ष पेश गर्नु पर्नेछ।

१३. **<u>पुन: छानबिन सम्बन्धी कार्यविधि:</u>** (१) दफा १२ बमोजिम प्रतिनिधि सभा समक्ष पेश गरेको प्रतिवेदन नियमावलीको नियम १६५ को उपनियम (४) बमोजिम पुन: छानबिनको लागि समिति समक्ष फिर्ता हुन आएमा समितिले सो सम्बन्धमा संविधान, नियमावली तथा यस कार्यविधि बमोजिम पुन: छलफल एवं विश्लेषण गरी आवश्यक देखिएमा थप छानबिन गरी पुन: प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छलफल, विश्लेषण वा थप छानबिन गर्दा तत् सम्बन्धमा प्रतिनिधि सभाले कुनै विषयमा निर्देशन दिएको भए समितिले त्यस्तो विषयमा समेत छानबिन गरी

प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ।

१४. **उपसमिति गठन गर्न सक्ने:** (१) आरोप लागेको व्यक्तिको सम्बन्धमा अनुसन्धान एवम् छानविन सम्बन्धी कार्य गरी प्रतिवेदन पेश गर्नको लागि समितिका सदस्यहरु मध्येबाट समितिले उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उपसमितिले संविधान, नियमावली र यस कार्यविधिको अधिनमा रही समितिले तोकेको अवधिभित्र आफ्नो प्रतिवेदन समिति समक्ष पेश गर्नु पर्नेछ।

१५. **कार्य प्रारम्भ भएको मानिने:** समिति समक्ष कुनै पनि उजुरी वा प्रस्ताव प्राप्त भएपछि सो उजुरी वा प्रस्तावको विषयमा समितिको पहिलो बैठक बसेको मितिलाई नियमावलीको नियम १६३ को उपनियम (४) बमोजिम समितिले आफ्नो कारवाही प्रारम्भ गरेको मिति मानिनेछ।

१६. **समितिको काम कारवाही:** समितिको निर्णय, प्रतिनिधि सभामा पेश भएको प्रतिवेदनको एक प्रति सक्कल लगायत समितिसँग सम्बन्धित अन्य कागजातहरु सभापतिको निर्देशन अनुसार सचिवले व्यवस्थित गरी राख्नेछ।

१७. **समितिको गोप्य बैठक:** (१) महाभियोग प्रस्ताव सम्बन्धी कुनै विषयको छलफल गोप्य बैठकमा गर्न समितिले आवश्यक ठानेमा सो विषयको छलफल गोप्य बैठकमा गरिनेछ।

(२) समितिको गोप्य बैठक बसेको समयमा समितिका सदस्य र सचिवालयका कर्मचारी बाहेक कुनै पनि व्यक्ति बैठकमा बस्न पाउने छैन्।

तर सभापतिले अनुमति दिएका व्यक्तिका हकमा यो व्यवस्था लागू हुने छैन।

१८. **सूचनाको गोप्यता:** आरोप लागेको व्यक्तिको उजुरी एवम् छानविनको सिलसिलामा समितिलाई प्राप्त भएको सूचना वा जानकारी र समितिले बुझेको वा सदस्यले व्यक्त गरेको विचार वा संकलन गरेको प्रमाणलाई गोप्य राखिनेछ।

१९. **समितिको निर्णय बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख नभएका विषयहरु संविधान तथा नियमावली र समितिको निर्णय बमोजिम हुनेछ।

२०. **सहयोग लिन सक्ने:** (१) समितिको कामसँग सम्बन्धित विषयमा समितिले संघीय संसद सचिवालयका कर्मचारी, मर्यादापालक, सुरक्षा निकाय, निजामती कर्मचारी लगायत अन्य सरोकारवालासँग आवश्यक सहयोग लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सहयोग माग गरेमा समितिलाई त्यस्तो सहयोग यथाशिघ्र उपलब्ध गराउनु सम्बन्धित निकाय, कर्मचारी, व्यक्ति वा पदाधिकारीको कर्तव्य हुनेछ।

२१. **बचाउ:** यो कार्यविधि प्रारम्भ हुनु भन्दा अगाडि समितिमा प्राप्त उजुरी यसै कार्यविधिको प्रक्रिया बमोजिम कारवाही गरिनेछ।

समितिबाट स्वीकृत मितिः २०७९।०५।०८

अनुसूची ५ : महाभियोग सिफारिस समितिको कार्यतालिका


महाभियोग सिफारिस समितिको कार्यतालिका
(२०७९।०५।०१ – २० गतेसम्म)

क्र. सं.	कामको विवरण	समयावधि	जिम्मेवार व्यक्ति वा निकाय	कैफियत
१.	आन्तरिक कार्यविधिको मस्यौदा तयार तथा आन्तरिक कार्यविधि परिमार्जन सहित स्वीकृत गर्ने र कार्यतालीकाको मस्यौदा तयार तथा कार्यतालीका परिमार्जन सहित स्वीकृत गर्ने।	८ दिन (भदौ १-८ गते सम्म)	समिति, सचिवालय	
२.	• महाभियोगमा लगाईएको आरोपसँग सम्बन्धित विषयमा कानुन तथा न्याय क्षेत्रसँग सम्बन्धित राष्ट्रियस्तरका संघ संस्था वा निकायसँग पत्राचार गरी कागजात, विवरण तथा जानकारी माग गर्ने। • महाभियोग लगाईएको आरोपसँग सम्बन्धित विषयमा प्रमाण, कागजात तथा जानकारी समितिमा उपलब्ध गराई दिन यस विषयमा सरोकार राख्ने निकाय वा व्यक्ति सबैबाट सार्वजनिक सूचना प्रकाशन गरी त्यस्तो प्रमाण, कागजात तथा जानकारी माग गर्ने।	४ दिन (भदौ ९-१२ गते सम्म)	समिति	
३.	प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरालाई मिति २०७९।०५।१५ गते बुधबार बिहान ११:०० बजे सोधपुछ गर्न तथा बयान गराउन बोलाउने।	७ दिन (भदौ ९-१५ गते सम्म)	समिति	
४.	महाभियोगमा लगाईएको आरोपसँग सम्बन्धित प्राप्त दस्तावेज, फैसला, लिखत तथा प्रमाण र कागजातहरु लगायतका डकुमेन्टहरु अध्ययन तथा छलफल गर्ने।	२ दिन (भदौ १६-१७ गते सम्म)	समिति	
८.	संकलित प्रमाण तथा कागजात, बैठकमा उठेका विषय, प्रधान न्यायाधीशसँग गरिएको सोधपुछ, जानकारी तथा बयान र सम्बन्धीत निकाय तथा व्यक्तिसँग गरिएको छलफल लगायतका बिषय समेटी तयार गरिएको प्रतिवेदनको मस्यौदा माथि छलफल गर्ने तथा प्रतिवेदन तयार गर्ने।	२ दिन (भदौ १९-२० गते सम्म)	समिति	

- कार्यतालिका बमोजिमका कार्यक्रमहरुलाई आवश्यकता अनुसार परिमार्जन गर्न सकिने।
- महाभियोगमा लगाईएको आरोपसँग सम्बन्धित प्राप्त दस्तावेज, फैसला, लिखत तथा सम्बन्धित प्रमाण र कागजात लगायतका डकुमेन्टहरुको अध्ययन र विश्लेषण निरन्तर रुपमा हुने।

स्वीकृत मितिः- २०७९।०५।०८

अनुसूची ६ : ने.क.पा (एमाले)बाट प्रतिनिधित्व गर्ने माननीय सदस्यहरुको मत



यसमा यस कार्यालय अन्तर्गतका विभिन्न समितिको २०६८ साल भाद्र २८ गतेको बैठकका लागि सत :

१. यस कार्यालयको प्रशासन अनुसार २०६८ साल भाद्र २६ गते पश्चात गठित बैठकभत्ता लिनुपर्ने समितिको बैठकको समय समितिका सदस्यहरु बैठकमा उपस्थित हुन आवश्यक हुनेगरी तोकिएर पठाइनु आवश्यक छ । यस अनुसार कार्यको जिम्मेवारी समितिका संयोजकले लिनु पर्नेछ ।

२. समितिको छलफल - सम्पादित कार्यबारे प्रतिवेदन तयार गराउनुपर्नेमा यसबारे सूचना पत्रमा खुलाइएको छैन । यसरी सूचना खुलाउँदा गलत सूचना पत्रमा खुलाइएको भएको हुनाले आम नागरिकमा पनि यस्तो सूचना खुलाउने गर्न समितिको बैठकको प्रत्यक्ष प्रभावको हेरफेर गर्नु पर्नेछ ।

शिव प्रसाद पौडेल

लालबहादुर पाण्डे
२०६८-९-२८

२०६८ भाद्र २८

२०६८ भाद्र २८

कृष्ण प्रसाद पोखरेल

०६८।९।२८

अनुसूची ७: महाभियोग सिफारिस समितिका बैठकका निर्णयहरु

बैठक संख्या: १

नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६२ बमोजिम गठित महाभियोग सिफारिस समितिको मिति २०७९।०५।०५ गते बुधवार बिहान ११.३० बजे बसेको बैठकको निर्णयहरु:

१. आगामी बैठकमा महाभियोग सिफारिस समितिको आन्तरिक कार्यविधि मस्यौदा माथि छलफल गरी निर्णय गर्ने।

२. महाभियोग सिफारिस समितिको सचिवालयले आगामी बैठकमा समितिको कामकारबाही सम्बन्धी कार्यतालिका प्रस्तुत गर्ने।

३. समितिको अर्को बैठक सूचना गरी बस्ने गरी आजकी बैठक स्थगित गरियो।

बैठक संख्या: २

नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६२ बमोजिम गठित महाभियोग सिफारिस समितिको मिति २०७९।०५।०७ गते मंगलवार दिनको ३.०० बजे बसेको बैठकका निर्णयहरु:-

१. महाभियोग सिफारिस समितिको मिति २०७९।०५।०८ गते बुधवार दिनको २.०० बजे बस्ने बैठकमा आन्तरिक कार्यविधिको मस्यौदा र समितिको कामकारबाही सम्बन्धी कार्यतालिका प्रस्तुत गर्ने।

बैठक संख्या: ३

नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६२ बमोजिम गठित महाभियोग सिफारिस समितिको मिति २०७९।०५।०८ गते बुधबार दिनको २.०० बजे बसेको बैठकका निर्णयहरु -

१. महाभियोग सिफारिस समितिको आन्तरिक कार्यविधि, २०७९, संशोधन सहित स्वीकृत गर्ने।
२. महाभियोग सिफारिस समितिको कार्यसूचीका परिमार्जन सहित स्वीकृत गर्ने।
३. प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबराज्यू मिति २०७९।०५।१५ गते, बुधबार बिहान ११:०० बजे सोधपुछ तथा बयानका लागि बोलाउने।
४. समितिको अर्को बैठक सूचना गरी बस्ने गरी आजको बैठक स्थगित गर्ने।

बैठक संख्या: ४

नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६२ बमोजिम गठित महाभियोग सिफारिस समितिको मिति २०७९।०५।१५ गते बुधवार दिउसको ११.०० बजे बसेको बैठकका निर्णयहरु:-

१. प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरासँग महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयमा व्यवस्थित, मर्यादित एवं सहज ढंगबाट सीधापुछ गर्ने तथा बयान लिने।

२. प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरासँग महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयमा सोधपुछ तथा बयान लिने कार्यको अडियो तथा भिडियो रेकर्डिङ आवश्यकता अनुसार सञ्चार माध्यमलाई उपलब्ध गराउने।

३. प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरासँग महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयका प्रश्न नम्बर १ देखि ४ समम सोधपुछ तथा बयान लिने कार्य गरियो।

४. प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरासँग महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयमा सोधपुछ तथा बयान लिने कार्यलाई निरन्तरता दिन प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरालाई मिति २०७९।०५।१६ गते, बिहीबार दिउसो ११:०० बजेको बैठकमा उपस्थितिको लागि जानकारी गराउने।

बैठक संख्या: ५

नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६२ बमोजिम गठित महाभियोग सिफारिस समितिको मिति २०७९।०५।१६ गते बिहीबार बिहानको ११.०० बजे बसेको बैठकका निर्णयहरू:-

१. प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबराबाट महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयका प्रश्न नम्बर ५ देखि ६ सम्म सोधपुछ तथा बयान लिने कार्य गरियो।

२. प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबराबाट महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयमा सोधपुछ तथा बयान लिने कार्यलाई निरन्तरता दिन प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरालाई मिति २०७९।०५।१९ गते, आईतबार बिहान ११:०० बजेको बैठकमा उपस्थितिको लागि जानकारी गराउने।

बैठक संख्याः ६

नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम १६२ बमोजिम गठित महाभियोग सिफारिस समितिको मिति २०७९।०४।१९ गते आईतबार बिहानको ११.०० बजे बसेको बैठकका निर्णयहरुः-

१. प्रधान न्यायाधीश श्री बोलेन्द्र शमशेर जबरासँग महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयका प्रश्न नम्बर ७ देखि १९ समम सोधपुछ तथा बयान लिने कार्य गरियो।

२. प्रधान न्यायाधीश श्री बोलेन्द्र शमशेर जबरासँग महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयमा सोधपुछ गरी बयान लिने कार्यलाई निरन्तरता दिन प्रधान न्यायाधीश श्री बोलेन्द्र शमशेर जबरालाई मिति २०७९।०४।२६ गते, आईतबार दिनको १२:३० बजेको बैठकमा उपस्थितिको लागि जानकारी गराउने।

बैठक संख्या: ७

नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६२ बमोजिम गठित महाभियोग सिफारिस समितिको मिति २०७९।०५।२६ गते आईतबार दिनको १२.३० बजे बसेको बैठकका निर्णयहरु:-

१. प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबराबाट महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विवरणका प्रत्र नम्बर १२ देखि ३५ समम सोधपुछ तथा बयान लिने कार्य भरियो।

२. प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबराबाट महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विवरणमा सोधपुछ तथा बयान लिने कार्यलाई निरन्तरता दिन प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरालाई मिति २०७९।०५।२८ गते, मंगलबार बिहान ११:०० बजेको बैठकमा उपस्थितिको लागि जानकारी गराउने।

बैठक संख्याः ८

नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम १६२ बमोजिम गठित महाभियोग सिफारिस समितिको मिति २०७९।०५।२८ गते मंगलवार दिनहन ११.०० बजे बसेको बैठकका निर्णयहरुः

१ प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरासँग महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयका प्रश्न नम्बर ३६ देखि ४३ समम सोधपुछ तथा बयान लिने कार्य गरियो।

२ यस महाभियोग सिफारिस समितिको प्रवक्ताका रुपमा समिति सचिव श्री लक्ष्मी प्रसाद गौतमलाई तोकने।

३ समितिको अर्को बैठक मिति २०७९ भदौ २१ गते बुधवार दिनहन ९.०० बजे बस्ने गरी आजको बैठक स्थगित गरियो।

बैठक संख्या ९

नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६२ बमोजिम गठित महाभियोग सिफारिस समितिको मिति २०७९।०५।२९ गते बुधबार बिहान ९.०० बजे बसेको बैठकका निर्णयहरू:-

१. यस महाभियोग सिफारिस समितिसँ प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबराबाट गरिएको सोधपुछ तथा बयानको क्रममा निजले नाम उल्लेख गरेका व्यक्ति तथा पदाधिकारीलाई बुझ्नुपर्ने भएकोले सर्वोच्च अदालतका सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री दीपककुमार कार्की, माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा, माननीय न्यायाधीश श्री आनन्दमोहन भट्टराई, माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत, माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, पूर्व प्रधान न्यायाधीश, कानुन व्यवसायी तथा अन्य कुनै आवश्यक व्यक्तिहरुलाई बोलाई जानकारी लिने।

२. यस समितिले गरेको बाम्मकतरबहीको प्रतिवेदन लेखन कार्य सचिवालयलाई जिम्मा दिने।

३. समितिको अर्को बैठक मिति २०७९ भदौ ३० गते सिहीबार बिहान ८.०० बजे बस्ने गरी आजको बैठक स्थगित गरियो।

बैठक संख्या: १०

नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६२ बमोजिम गठित महाभियोग सिफारिस समितिको मिति २०७९।०५।२० गते बिहीबार दिनको ३.०० बजे बसेको बैठकका निर्णयहरु:-

१. यस महाभियोग सिफारिस समितिले प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबराबीरुद्ध गरिएको सोधपुछ तथा बयानको क्रममा निजले नाम उल्लेख गरेका कानुन व्यवसायी क्रमशः श्री चण्डेश्वर श्रेष्ठ, श्री लिलामणी पौडेल, श्री शम्भु थापा, श्री हरिहर दाहाल, श्री रमण कुमार श्रेष्ठ, श्री ओमप्रकाश अर्याल र श्री पुर्णमान साक्यहरुलाई समितिमा बोलाई सो विषयमा सोधपुछ तथा जानकारी लिने कार्य गरियो।

२. प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबराको सम्पत्ति विवरण न्यायपरिषद सचिवालयबाट माग गर्ने।

३. समितिको अर्को बैठक मिति २०७९ मंसीर ३१ गते शुक्रवार बिहान ९.०० बजे बस्ने गरी आजको बैठक स्थगित गरियो।

बैठक संख्या: ११

नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६२ बमोजिम गठित महाभियोग सिफारिस समितिको मिति २०७९।०५।३१ गते शुक्रवार बिहान ९.०० बजे बसेको बैठकको निर्णयहरू:-

१) प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरासँग गोरखको सोधपुछ तथा बयान लिने क्रममा उठेका विषयका सम्बन्धमा पूरक प्रश्न सोध्ने कार्य जारी रहने।

२ समितिको अर्को बैठक मिति २०७९ असोज १ गते शनिवार बिहान ९.३० बजे बस्ने गरी आजको बैठक स्थगित गरियो।


बैठक संख्या: १२

नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६२ बमोजिम माहेश्वर महाभियोग सिफारिस समितिको मिति २०७९।०६।०१ गते शनिश्चार बिहान ८.३० बजे बसेको बैठकको निर्णयहरू:-

१. महाभियोग सिफारिस समितिको कार्यसूचीका सम्बन्धमा प्रतिवेदन मस्यि समितिमा छलफल गरि उक्त प्रतिवेदन बहुमतले पारित गरियो।

२. महाभियोग सिफारिस समितिको कार्यसूचीको पारित प्रतिवेदन सम्माननीय सभामुखज्यू मार्फत प्रतिनिधि सभा समक्ष पेश गर्ने।

अनुसूची ८: गोरखापत्रमा मिति २०७९/०५/१० गते प्रकाशित सार्वजनिक सूचना



गोरखापत्र मिति २०७९/०५/१०

संघीय संसद

प्रतिनिधि सभा

महाभियोग सिफारिस समितिको सूचना

सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शमसेर जवराका विरुद्ध नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६१ बमोजिम प्रतिनिधि सभाका एक चौथाई भन्दा बढी सदस्यहरूले महाभियोग प्रस्ताव पेस गर्नु भएकोमा सो महाभियोग प्रस्ताव सम्बन्धमा नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६२ बमोजिम प्रतिनिधि सभाबाट गठित महाभियोग सिफारिस समितिको मिति २०७९।५।८ को बैठकले "महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयमा प्रमाण, कागजात तथा जानकारी समितिमा उपलब्ध गराइदिन यस विषयमा सरोकार राख्ने निकाय वा व्यक्ति सबैबाट सार्वजनिक सूचना प्रकाशन गरी त्यस्तो प्रमाण, कागजात तथा जानकारी माग गर्ने।" निर्णय भएकोले त्यस्तो प्रमाण, कागजात तथा जानकारी भए यो सूचना प्रकाशन भएको मितिले तीन (३) दिनभित्र यस समितिमा आइपुग्ने गरी पठाइदिनुहुन अनुरोध छ।

सुभाव दिने ठेगाना

महाभियोग सिफारिस समिति

संघीय संसद सचिवालय, सिंहदरबार

फोन नं: ०१-४२००१२८, ०१-४२००२३१

इमेल: scommittee_hr@parliament.gov.np

अनुसूची ९ : महाभियोग सिफारिस समितिको पत्राचार सम्बन्धी विवरण



०/८

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

च.नं. : ०७६।८७
चलानी नं. : ९७

मिति: २०८९/०५/०९

श्री नेपाल बार एसोसिएसन,
रामशाहपथ, काठमाडौं ।

विषय :- कागजात, विवरण तथा जानकारी उपलब्ध गराइने सम्बन्धमा ।

सम्माननीय प्रधान न्यायाधीश श्री बोलेन्द्र शमशेर ज.ब.रा. उपर नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम ९६१ बमोजिम प्रतिनिधि सभाका एक चौथाईभन्दा बढी सदस्यहरुले महाभियोग प्रस्ताव पेश गर्नु भएकोमा सो महाभियोगको प्रस्ताव सम्बन्धमा नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम १६२ बमोजिम प्रतिनिधि सभाबाट गठित महाभियोग सिफारिस समितिको मिति २०८९/४/८ को बैठकले "महाभियोगका लगाइएको आरोपसँग सम्बन्धित विषयमा कानुन तथा न्याय क्षेत्रसँग सम्बन्धित राष्ट्रियस्तरका छाता संस्था वा निकायसँग पत्राचार गरी सम्बन्धित कागजात, विवरण तथा जानकारी माग गर्ने" निर्णय भएकोले महाभियोग लगाइएकाे आरोपसँग सम्बन्धित विषयका कागजात, विवरण तथा जानकारी तीन (३) दिनभित्र समितिमा समक्ष उपलब्ध गराई दिनु हुन मिति २०७९/०५/०८ को महाभियोग सिफारिस समितिको निर्णयानुसार अनुरोध छ। महाभियोग प्रस्तावसँग सम्बन्धित देहाय बमोजिमका कागजात पर्याप्त संलग्न गरी पठाइएको व्यहोरा समेत अनुरोध गर्दछु।

सलग्न कागजात:

१. सम्माननीय सभामुखज्यू समक्ष पेश गरेको महाभियोग प्रस्तावको छायाप्रति पाना- ६
२. संघीय संसदको प.सं. ०५८/७९, च.नं. ४६, मिति २०७८ फागुन १ को पत्रको छायाप्रति पाना-१

(लक्ष्मी प्रसाद गौतम)
समिति सचिव

O/C

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

०४८ बस्ने, जिरहाना
काठमाडौं, नेपाल
फोन नं.०१-४२००१३१,०१-४२००१२८

च.नं. : ०८३।८०
च.नं. : ३५

मिति: २०७९/०५/०९

श्री सर्वोच्च अदालत बार एसोसियसन,
रामशाहपथ, काठमाडौं ।

विषय :- कागजात, विवरण तथा जानकारी उपलब्ध गराइने सम्बन्धमा ।

सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा. उपर नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम ९६१ बमोजिम प्रतिनिधि सभाका एक तौपाईभन्दा बढी सदस्यहरुले महाभियोग प्रस्ताव पेश गर्नु भएकोमा सो महाभियोगको प्रस्ताव सम्बन्धमा नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम ९६२ बमोजिम प्रतिनिधि सभाबाट गठित महाभियोग सिफारिस समितिको मिति २०७९/५/८ को बैठकले "महाभियोग लगाइएको अख्तियारसँग सम्बन्धित विषयमा कानुन तथा न्याय क्षेत्रसँग सम्बन्धित संवैधानिक तथा संस्था का निकायसँग पत्राचार गरी सम्बन्धित कागजात, विवरण तथा जानकारी माग गर्ने" निर्णय गरेकोले महाभियोग लगाइएकै आरोपसँग सम्बन्धित विषयका कागजात, विवरण तथा जानकारी तीन (३) दिनभित्र समिति समक्ष उपलब्ध गराई दिनु हुन मिति २०७९/०५/०८ को महाभियोग सिफारिस समितिको निर्णयानुसार अनुरोध छ। महाभियोग प्रस्तावसँग सम्बन्धित देहाय बमोजिमका कागजात यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा समेत अनुरोध गर्दछु।

संलग्न कागजातः

१. सम्माननीय सभामुखज्यू समक्ष पेश गरेको महाभियोग प्रस्तावको छायाप्रति पाना- ६
२. संसद सचिवालयको च.नं. ०७८/७९, च.नं. ४६, मिति २०७८ फागुन १ को पत्रको छायाप्रति पाना-१

(लक्ष्मी प्रसाद गौतम)
समिति सचिव

०/८

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

फोन नं.: ०१-४२००३३१, ४१-४१०१३८

च.नं.: ०६१/८७
च.नं. ३५

मिति:- २०७९/०५/०९

श्री जालुन व्यवसायी संघ,
बबरमहल, काठमाडौं ।

विषय :- कागजात, विवरण तथा जानकारी उपलब्ध गराइदिने सम्बन्धमा ।

सम्माननीय प्रधान न्यायाधीश श्री गोविन्द शमशेर जबरा, उपर नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम १६१ बमोजिम प्रतिनिधि सभाका एक चौथाईभन्दा बढी सदस्यहरुले महाभियोग प्रस्ताव पेश गर्नु भएकोमा सो महाभियोगको प्रस्ताव सम्बन्धमा नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम १६२ बमोजिम प्रतिनिधि सभाबाट गठित महाभियोग सिफारिस समितिको मिति २०७९/५/८ को बैठकले महाभियोगमा लगाइएको आरोपसँग सम्बन्धित विषयका कानून तथा न्याय क्षेत्रसँग सम्बन्धित राष्ट्रियस्तरका संघ संस्था वा निकायसँग पत्राचार गरी सम्बन्धित कागजात, विवरण तथा जानकारी माग गर्ने निर्णय भरेकोले महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयका कागजात, विवरण तथा जानकारी तीन (३) दिनभित्र समिति समक्ष उपलब्ध गराई दिनु हुन मिति २०७९/०५/०८ को महाभियोग सिफारिस समितिको निर्णयानुसार अनुरोध छ। महाभियोग प्रस्तावसँग सम्बन्धित देहाय बमोजिमका कागजात यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा समेत अनुरोध गर्दछु।

संलग्न कागजात:

१. सम्माननीय सभामुखबाट समक्ष पेश गरेको महाभियोग प्रस्तावको छाँयाप्रति पत्र- ६
२. संघीय संसदको च.नं. ०७८/७९, च.नं. ४६, मिति २०७८ फागुन १ को पत्रको छाँयाप्रति पत्र-१

(लक्ष्मी प्रसाद गौतम)
समिति सचिव

O/C

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

संसद भवन, सिंहदरबार
काठमाडौं, नेपाल
फोन नं: ०१-४२००३९९, ०१-४२००१२८

च.नं. : ०६९/२०
पत्र सं. : २२

मिति : २०७१/०५/०९

श्री नेपाल डेमोक्रेटिक लायर्स एशोसिएसन,
बागबजार, काठमाडौं ।

विषय : कागजात, विवरण तथा जानकारी उपलब्ध गराएको सम्बन्धमा ।

सम्माननीय प्रधान न्यायाधीश श्री बोलेन्द्र शमशेर ज.ब.रा. उपर नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६१ बमोजिम प्रतिनिधि सभाका एक चौथाईभन्दा बढी सदस्यहरुले महाभियोग प्रस्ताव पेश गर्नु भएकोमा सो महाभियोगको प्रस्ताव सम्बन्धमा नेपालको संविधानको धारा १०९ को उपधारा (३) र (४) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६२ बमोजिम प्रतिनिधि सभाबाट गठित महाभियोग सिफारिस समितिको मिति २०७१/५/८ को बैठकले महाभियोगमा लगाइएको आरोपसँग सम्बन्धित विषयमा कानुन तथा न्याय क्षेत्रसँग सम्बन्धित राष्ट्रियस्तरका सेवा संस्था वा निकायसँग पत्राचार गरी सम्बन्धित कागजात, विवरण तथा जानकारी माग गर्ने निर्णय गरेकोले, महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयका कागजात, विवरण तथा जानकारी नीति (३) दिनभित्र समिति समक्ष उपलब्ध गराई दिनु हुन मिति २०७१/०५/०८ को महाभियोग सिफारिस समितिको निर्णयानुसार अनुरोध छ। महाभियोग प्रस्तावसँग सम्बन्धित उहाँ बमोजिमका कागजात यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा समेत अनुरोध गरिन्छ।

संलग्न कागजात:

१. सम्माननीय सभामुखज्यू समक्ष पेश गरेको महाभियोग प्रस्तावको छायाप्रति पाना- ६
२. संघीय संसदको प.स. ०७८/७९, च.नं. ४६, मिति २०७८ फागुन १ को पत्रको छायाप्रति पाना-१

(लक्ष्मी प्रसाद गौतम)
समिति सचिव

०/८

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

संसद भवन, सिंहदरबार
काठमाडौं, नेपाल
फोन नं.०१-४२००२३१, ०१-४२००१२८

च.नं. : ०६३ / २०
च.नं. : २६१

मिति: २०७९/०४/०१

श्री गणतान्त्रिक प्रगतिशील कानुन व्यवसायी संगठन,
काठमाडौं ।

विषय :- कागजात, विवरण तथा जानकारी उपलब्ध गराउने सम्बन्धमा ।

सम्माननीय प्रधान न्यायाधीश श्री बोलेन्द्र शमशेर ज.ब.रा. उपर नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम १६१ बमोजिम प्रतिनिधि सभाका एक चौथाईभन्दा बढी सदस्यहरुले महाभियोग प्रस्ताव पेश गर्नु भएकोमा सो महाभियोगको प्रस्ताव सम्बन्धमा नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम १६२ बमोजिम प्रतिनिधि सभाबाट गठित महाभियोग सिफारिस समितिको मिति २०७९/०४/०८ को बैठकले "महाभियोगमा लगाइएको आरोपसँग सम्बन्धित विषयमा कानुन तथा न्याय क्षेत्रमा सम्बन्धित राष्ट्रियस्तरका संघ संस्था वा निकायसँग पत्राचार गरी सम्बन्धित कागजात, विवरण तथा जानकारी माग गर्ने" निर्णय गरेकोमा महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयका कागजात, विवरण तथा जानकारी पाँच (३) दिनभित्र समिति समक्ष उपलब्ध गराई दिनु हुन मिति २०७९/०४/०८ को महाभियोग सिफारिस समितिको निर्णयानुसार अनुरोध छ। महाभियोग प्रस्तावसँग सम्बन्धित देहाय बमोजिमका कागजात यथासाध्य सक्षम गरी पठाइएको व्यहोरा समेत अनुरोध गर्दछु।

संलग्न कागजात,

१. सम्माननीय सभामुखज्यू समक्ष पेश गरेको महाभियोग प्रस्तावको छाँयाप्रति पाना- ६
२. संसदीय संसदको च.नं. ०७८/७९, च.नं. ४३, मिति २०७८ फागुन १ को पत्रको छाँयाप्रति पाना-१

(लक्ष्मी प्रसाद गौतम)
समिति सचिव

O/C

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

सिंह दरबार, सिंहदरबार
काठमाडौं, नेपाल
फोन नं. ०१-४२००१३१, ०१-४२००१३८

च.नं. : ०७९/८०
पत्र सं. : ४७

मिति:- २०७९/०५/०९

श्री प्रतिनिधीगत तथा पेशागत कानुन व्यवसायी संगठन,
बुढानगर, काठमाडौं ।

विषय :- कागजात, विवरण तथा जानकारी उपलब्ध गराउने सम्बन्धमा ।

सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा. उपर नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६६ बमोजिम प्रतिनिधि सभाका एक चौथाईभन्दा बढी सदस्यहरुले महाभियोग प्रस्ताव पेश गर्नु भएकोमा सो महाभियोगको प्रस्ताव सम्बन्धमा नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६६ बमोजिम प्रतिनिधि सभाबाट गठित महाभियोग सिफारिस समितिको मिति २०७९/५/८ को बैठकले "महाभियोगमा लगाइएको आरोपसँग सम्बन्धित विषयमा कानुन तथा न्याय क्षेत्रसँग सम्बन्धित राष्ट्रिय स्तरका संघ संस्था वा निकायसँग पत्राचार गरी सम्बन्धित कागजात, विवरण तथा जानकारी माग गर्ने" निर्णय समितिले महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयका कागजात, विवरण तथा जानकारी तीन (३) दिनभित्र समिति समक्ष उपलब्ध गराई दिनु हुन मिति २०७९/०५/०८ को महाभियोग सिफारिस समितिको निर्णयानुसार अनुरोध छ। महाभियोग प्रस्तावसँग सम्बन्धित देहाय बमोजिमका कागजात पत्रैसँगै संलग्न गरी पठाइएको व्यहोरा समेत अनुरोध गर्दछु।

संलग्न कागजात:

१. सम्माननीय सभामुखलाई सम्बोधन पेश गरेको महाभियोग प्रस्तावको छायाप्रति पाना- ६
२. संघीय संसदको च.नं. ०७८/७९, च.नं. ४६, मिति २०७८ फागुन १ को पत्रको छायाप्रति पाना-१

(लक्ष्मी प्रसाद गौतम)
समिति सचिव

O/C

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

संघीय संसद सचिवालय
सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. ०१-४२००४३३, ०१-४२००४३८

च.नं. : 0681/20
पत्र सं. : 22

मिति: २०७९/०५/०९

श्री संघीय कानुन व्यवसायी संघ,
ललितपुर ।

विषय :- कागजात, विवरण तथा जानकारी उपलब्ध गराइने सम्बन्धमा ।

सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा. ज्यर नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ९६१ बमोजिम प्रतिनिधि सभाका एक चौथाईभन्दा बढी सदस्यहरुले महाभियोग प्रस्ताव पेश गर्नु भएकोमा सो महाभियोगको प्रस्ताव सम्बन्धमा नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६२ बमोजिम प्रतिनिधि सभाबाट सहित महाभियोग सिफारिस समितिको मिति २०७९/५/८ को बैठकले महाभियोगमा लगाइएको आरोपसँग सम्बन्धित विषयमा कानुन तथा न्याय क्षेत्रसँग सम्बन्धित राष्ट्रियस्तरका सेवा संस्था वा निकायसँग पत्राचार गरी सम्बन्धित कागजात, विवरण तथा जानकारी प्राप्त गर्ने निर्णय भएकोले महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयका कागजात, विवरण तथा जानकारी तीन (३) दिनभित्र समिति समक्ष उपलब्ध गराई दिनु हुन मिति २०७९/०५/०८ को महाभियोग सिफारिस समितिको निर्णयानुसार अनुरोध छ। महाभियोग प्रस्तावसँग सम्बन्धित देहाय बमोजिमका कागजात यसैसाथ संलग्न गरी पठाइएको जानकारी समेत अनुरोध गर्दछु।

संलग्न कागजात:

१. सम्माननीय प्रधानन्यायाधीश समक्ष पेश भएको महाभियोग प्रस्तावको छायाप्रति पाना- ६
२. संघीय संसदको प.स. ०७८/७९, च.नं. ४६, मिति २०७८ फागुन ५ को पत्रको छायाप्रति पाना-१

(लक्ष्मी प्रसाद गौतम)
समिति सचिव

०७९/५/१०

O/C

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

फोन नं: ०१-४१००१३१, ०१-४१०४११८

च.नं. : 068/20
च.नं. : 28

मिति: २०७९/०५/०९

श्री समाजवादी कानुन व्यवसायी संगठन,
अनामनगर, काठमाडौं ।

विषय :- कागजात, विवरण तथा जानकारी उपलब्ध गराउने सम्बन्धमा ।

सम्माननीय प्रधान न्यायाधीश श्री बोलेन्द्र बानियाँ ज्यू, उपर नेपालको संविधानको धारा ९०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ९६१ बमोजिम प्रतिनिधि सभाका एक चौथाइभन्दा बढी सदस्यहरुले महाभियोग प्रस्ताव पेश गर्नु भएकोमा सो महाभियोगको प्रस्ताव सम्बन्धमा नेपालको संविधानको धारा ९०१ को उपधारा (३) र (४) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ९६२ बमोजिम प्रतिनिधि सभाबाट गठित महाभियोग सिफारिस समितिको मिति २०७९/५/८ को बैठकले "महाभियोगमा लगाइएको आरोपसँग सम्बन्धित विषयमा कानुन तथा न्याय क्षेत्रसँग सम्बन्धित राष्ट्रियस्तरका संघ संस्था वा निकायसँग परामर्श गरी सम्बन्धित कागजात, विवरण तथा जानकारी माग गर्ने" निर्णय गरेकोले महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयका कागजात, विवरण तथा जानकारी तीन (३) दिनभित्र समिति समक्ष उपलब्ध गराई दिनु हुन मिति २०७९/०५/०८ को महाभियोग सिफारिस समितिको निर्णयानुसार अनुरोध छ। महाभियोग प्रस्तावसँग सम्बन्धित पेशमा कागजात फर्सेसाथ संलग्न गरी पठाइएको व्यहोरा समेत अनुरोध गर्दछु।

संलग्न कागजात:

१. सम्माननीय सभामुखज्यू समक्ष पेश गरेको महाभियोग प्रस्तावको सूचीपत्रको पाना- ६
२. संसद सचिवालयको प.स. ०७८/७९, च.नं. ४६, मिति २०७८ फागुन १ को पत्रको सूचीपत्रित पाना-१

लक्ष्मी प्रसाद गौतम
समिति सचिव

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति



सभा कक्ष, सिंहदरबार
नारायणहिटी, नेपाल
फोन नं. ०१-४२००१११, ०१-४२००१२८

पत्र सं. : ०६९।८०
च.नं. : ३०

मिति: २०७९।०५।०९

श्री गौरखापत्र संस्थान,

नयाँसडक, काठमाडौं।

विषय: सूचना प्रकाशन गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा महाभियोग सिफारिस समितिबाट सूचना मिति २०७९।०५।१० गतेको गोरखापत्र दैनिकको प्रथम पृष्ठमा प्रकाशित गर्ने व्यवस्था हुनका लागि सूचनाको एक (१) प्रति यसै पत्रसाथ संलग्न राखि पठाइएको व्यहोरा अनुरोध गर्दछु। साथै, बिल बापत भएपश्चात भुक्तानी हुने व्यहोरा अनुरोध छ।

बोधार्थ:

१) आर्थिक प्रशासन शाखा : बिल बिल भरपश्चात भुक्तानी गर्नुहुन।

(अनन्त प्रसाद अधिकारी)
उपसचिव

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

[illegible]
[illegible]
फोन नं.: [illegible]

च.नं. : ०६९/०८७
पत्र : ९९

मिति: २०७९/०५/०९

श्री पूर्व न्यायाधीश फोरम, नेपाल
अनामनगर, काठमाडौं ।

विषय :- कागजात, विवरण तथा जानकारी उपलब्ध गराईदने सम्बन्धमा ।

सम्माननीय प्रधान न्यायाधीश श्री गोविन्द रामचन्द्र के.सी. उपर नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम ३९१ अनुसार प्रतिनिधि सभाका एक चौथाईभन्दा बढी सदस्यहरुले महाभियोग प्रस्ताव पेश गर्नु भएकोमा सो महाभियोगको प्रस्ताव सम्बन्धमा नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम १३२ अनुसार प्रतिनिधि सभाबाट गठित महाभियोग सिफारिस समितिको मिति २०७९/५/८ को बैठकले न्यायाधीशलगायत लगाइएको आरोपसँग सम्बन्धित विषयमा आनुषंगिक तथा न्याय क्षेत्रसँग सम्बन्धित व्यक्ति/संस्था वा निकायसँग पत्राचार गरी सम्बन्धित कागजात, विवरण तथा जानकारी माग गर्ने निर्णय गरेकोले महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयका कागजात, विवरण तथा जानकारी तीन (३) दिनभित्र समितिमा समक्ष उपलब्ध गराई दिनु हुन मिति २०७९/०५/०८ को महाभियोग सिफारिस समितिको निर्णयानुसार अनुरोध छ। महाभियोग प्रस्तावसँग सम्बन्धित देहाय बमोजिमका कागजात तत्सम्बन्धमा संलग्न गरी पठाइएको व्यहोरा समेत अनुरोध गर्दछु।

संलग्न कागजात:

१. सम्माननीय सभामुखबाट समक्ष पेश गरेको महाभियोग प्रस्ताबको छायाप्रति पाना- ६
२. संघीय संसदको प.सं. ०७८/७९, च.नं. ४६, मिति २०७८ फागुन १ को पत्रको छायाप्रति पाना-१

(लक्ष्मी प्रसाद पौडेल)
समिति सचिव

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

[illegible]
[illegible]
फोन नं. ०१-४२००१३१, ०१-४२००१९८

पत्र सं. : ८७६/८७
चलानी नं. : ३९८

मिति: २०७९/४/२९

सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री दीपककुमार कार्कीज्यू,
सर्वोच्च अदालत,
रामशाहपथ, काठमाडौं ।

विषय: पेशीमा उपस्थित हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा सम्माननीय प्रधान न्यायाधीश श्री गोविन्द भण्डारी उच्च र दो. संविधान विशेषज्ञ तथा पदीय जिम्मेवारी निर्वाहका कार्यहरु गरी नेपालको संविधानको धारा १०५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम निजले संविधान र कानूनको व्यापक ज्ञानबाट गरेको कार्यक्षमताको अभाव भएको, खराब आचरण भएको, इमानदारी पूर्वक चाल्ने पदीय कर्तव्य पालना नगरेको र आचार संहिताको गम्भीर उल्लंघन गरेको भनि नेपालको संविधानको धारा १०५ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६९ समेत बमोजिम महाभियोग प्रस्ताव पेश भई नेपालको संविधानको धारा १०५ को उपधारा (३) र (४) बमोजिम गठित महाभियोग सिफारिस समितिमा छलफल कारवाहिको क्रममा पक्ष रहेको र निजले सरकारको कममा नाम उल्लेख गरेका व्यक्ति तथा पदाधिकारीहरु बुझ्नुपर्ने भएकोले समितिको निर्णयानुसार देहाय बमोजिम तपाई पेशीमा उपस्थित भै छलफलमा सहयोग गर्नुहुन अनुरोध छ ।

देहाय :-
मिति: २०७९/०४/३० गते
समय: दिनांक ८:३० बजे
स्थान: राज्य व्यवस्था तथा सुशासन समितिको हल ।

(लक्ष्मी प्रसाद पौडेल)
समिति सचिव

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

फोन नं.: ४१७१/८०
फ.नं.: ३९

फोन नं.०१-४००३३१,०१-४००१३८

मिति: २०७९/४/२९

माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउतज्यू
सर्वोच्च अदालत,
रामशाहपथ, काठमाडौं ।

विषय: बैठकमा उपस्थिति हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.ले संविधान विपरीत तथा पदीय जिम्मेवारी विपरीतका कार्यहरु गरी सेवाको संविधानको धारा १०६ को उपधारा (२) मा व्यवस्था भए बमोजिम निजले संविधान र कानुनको गम्भीर उल्लंघन गरेको, कार्यक्षमताको अभाव भएको, खराब आचरण भएको देखाएपछी पदीय कर्तव्य पालना नगरेको र आचार संहिताको गम्भीर उल्लंघन गरेको भनि नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६१ समेत बमोजिम महाभियोग प्रस्ताव पेश भई नेपालको संविधानको धारा १०५ को उपधारा (२) र (४) बमोजिम गठित महाभियोग सिफारिस समितिमा छानविन कारवाहिको प्रक्रिया चलिरहेको र निजले आफ्नो नाम उल्लेख गरेका व्यक्ति तथा पदाधिकारीसँग जुडेनुपर्ने मुद्दाको समितिको निर्णयानुसार देहाय बमोजिम हुने बैठकमा उपस्थित भै छानविन कार्यमा सहयोग गर्नुहुन अनुरोध छ ।

देहाय :
मिति: २०७९/०४/३० गते
समय: बिहान ८:३० बजे
स्थान: राज्य व्यवस्था तथा सुशासन समितिको कक्ष ।

(गणेश प्रसाद गौतम)
समिति सचिव

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

[illegible]
[illegible]
[illegible]

च.नं. : ७७१/८०
पत्र : १०

मिति २०७९/८/२२

माननीय न्यायाधीश श्री [illegible]
सर्वोच्च अदालत,
सम्बोधनमा, ज्याहमाडौं ।

विषय: [illegible] उपस्थित हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा सम्माननीय प्रधान न्यायाधीश श्री [illegible] विरुद्ध संवैधानिक विपरीत तथा पदीय जिम्मेवारी विपरितका कार्यहरु गरी नेपालको संविधानको धारा ९०१ को उपधारा (२) मा व्यवस्था भए बमोजिम निजले संविधान र कानुनको गम्भीर उल्लंघन गरेको, कार्यक्षमताको अभाव भएको, खराब आचरण भएको, इमानदारी पूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको र आचार संहिताको गम्भीर उल्लंघन गरेको भनि नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम १६९ समेत बमोजिम महाभियोग प्रस्ताव पेश भई नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) बमोजिम गठित महाभियोग सिफारिस समितिमा छलफल अगाडि बढाउने प्रक्रिया चलिरहेको र निजले जवाफको क्रममा साक्ष उपलब्ध गराउने व्यक्ति तथा पदाधिकारीसँग सूचनाको माध्यमबाट समितिको निर्णयानुसार दिनांक बमोजिम हुने बैठकमा उपस्थित भै छलफलमा कार्यमा सहयोग गर्नुहुन अनुरोध छ ।

देखाय ।
मिति: २०७९/०४/३० गते
समय: बिहान ८:३० बजे
स्थान: राज्य व्यवस्था तथा सुशासन समितिको हल ।

(लक्ष्मी प्रसाद गौतम)
समिति सचिव

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

पत्र सं.: ०७३/७४
च.नं.: ४१

मिति २०७५/५/२१

माननीय न्यायाधीश श्री आनन्दमोहन भट्टराईज्यू,
सर्वोच्च अदालत,
रामशाहपथ, काठमाडौं ।

विषय: बैठकमा उपस्थिति हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा सम्माननीय प्रधान न्यायाधीश श्री गोविन्द शमशेर जबरा ले संविधान विपरित तथा पदीय जिम्मेवारी विपरितका कार्यहरु गरी नेपालको संविधानको धारा १०१ को उपधारा (२) मा व्यवस्था भए बमोजिम सिध्ने संविधान र कानुनको सम्मान उल्लंघन गरेको, कार्यक्षमताको अभाव भएको, खराब आचरण भएको, इमानदारी पूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको र आचार संहिताको गम्भीर उल्लंघन गरेको भनि नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम १६१ समेत बमोजिम महाभियोग प्रस्ताव पेश भई नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) बमोजिम सहित महाभियोग सिफारिस समितिमा छलफल कारवाहिको प्रक्रिया पोहरेको र तिनले बयानको क्रममा नाम उल्लेख गरेका व्यक्ति तथा पदाधिकारीसँग छलफलपर्ने भएकोले समितिको निर्णयानुसार देहाय बमोजिम हुने बैठकमा उपस्थित भै छलफलमा सहयोग गर्नुहुन अनुरोध छ ।

देहाय :
मिति: २०७५/०५/३० गते
समय: बिहान ८:३० बजे
स्थान: राज्य व्यवस्था तथा सुशासन समितिको हल ।

(लक्ष्मी प्रसाद पौडेल)
समिति सचिव

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

संसद भवन, सिंहदरबार
काठमाडौं, नेपाल
फोन नं: ०१-४२००३३१, ४१-४२००११८

पत्र सं.: ०६३/७७
च.नं.: ४२

मिति: २०७९/५/२१

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाँलज्यू
सर्वोच्च अदालत,
रामशाहपथ, काठमाडौं ।

विषय: बैठकमा उपस्थित हुने सम्बन्धमा।

प्रस्तुत विषयमा सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.ले संविधान विपरीत तथा पदीय जिम्मेवारी विपरीतका कार्यहरु गरी नेपालको संविधानको धारा १०१ को उपधारा (२) मा व्यवस्था भए बमोजिम निजले संविधान र कानुनको गम्भीर उल्लंघन गरेको, कार्यक्षमताको अभाव भएको, खराब आचरण भएको, इमानदारी पूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको र आचार संहिताको गम्भीर उल्लंघन गरेको भनि नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम १६९ समेत बमोजिम महाभियोग प्रस्ताव पेश गर्दै नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) बमोजिम गठित महाभियोग सिफारिस समितिमा छलफल कारवाहिको प्रक्रिया चलिरहेको र निजले बयानको क्रममा साथ उल्लेख गरेका व्यक्ति तथा पदाधिकारीलाई बुझ्नुपर्ने भएकोले समितिको निर्णयानुसार देहाय बमोजिम हुने बैठकमा उपस्थिता भै छलफल कार्यमा सहयोग गर्नुहुन अनुरोध छ ।

देहाय

मिति: २०७९/०५/३० गते
समय: बिहान ८: ३० बजे
स्थान: राज्य व्यवस्था तथा सुशासन समितिको हल ।

(लक्ष्मी प्रसाद गौतम)
समिति सचिव

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

सिंह दरबार, सिंहदरबार
काठमाडौं, नेपाल
फोन नं. ०१-४२००३३१, ०१-४२००११८

पत्र सं. : ४३८७/८०
च.नं. : ४२

मिति २०७१/५/२९

माननीय न्यायाधीश श्री इश्वरप्रसाद खतिवडाज्यू,
सर्वोच्च अदालत,
रामशाहपथ, काठमाडौं ।

विषय: बैठकमा उपस्थित हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा सम्माननीय प्रधान न्यायाधीश श्री बोलेन्द्र शमशेर ज.ब.रा.ले संविधान विपरीत तथा गंभीर जिम्मेवारी विपरीतका कार्यहरु गरी नेपालको संविधानको धारा १०१ को उपधारा (२) मा व्यवस्था भए बमोजिम निजले संविधान र कानुनको गम्भीर उल्लंघन गरेको, कार्यक्षमताको अभाव भएको, खराब आचरण गरेको, इमानदारी पूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको र अपचार सहितको गम्भीर उल्लंघन गरेको भनि नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम १६१ समेत बमोजिम महाभियोग प्रस्ताव पेश भई नेपालको संविधानकी धारा १०१ को उपधारा (३) र (४) बमोजिम गठित महाभियोग सिफारिस समितिमा छलफलमा उपस्थितको प्रक्रिया चलिरहेको र निजले बयानको क्रममा नाम उल्लेख गरेका व्यक्ति तथा पदाधिकारीसँग सुझनुपर्ने भएकोले समितिको निर्णयानुसार देहाय बमोजिम हुने बैठकमा उपस्थित भै छलफलमा सहयोग गर्नुहुन अनुरोध छ ।

देहाय :
मिति: २०७१/०५/३० गते
समय: बिहान ८ ३० बजे
स्थान: राज्य व्यवस्था तथा सुशासन समितिको हल ।

(लक्ष्मी प्रसाद पौडेल)
समिति सचिव

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

फोन नं.: ०६१-५२०१२१, ५२०१०१२८

च.नं.: ०६१/८७
मि.नं.: ४४

मिति २०७९/४/२९

पूर्व प्रधान न्यायाधीश श्री अनुरोधन शर्मामा,
काठमाडौं ।

विषय: बैठकमा उपस्थित हुने सम्बन्धमा।

प्रस्तुत विषयमा सम्माननीय प्रधान न्यायाधीश श्री जोलेन्द्र शमसेर ज.ब.रा.ले संविधान विपरित तथा पदीय जिम्मेवारी विर्मोचकको कार्यद्वारा श्री नेपालको संविधानको धारा १०१ को उपधारा (२) मा व्यवस्था भए बमोजिम निजले संविधान र कानुनको गम्भीर उल्लंघन गरेको, कार्यक्षमताको अभाव भएको, खराब आचरण भएको इमानदारी पूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको र आचार संहिताको गम्भीर उल्लंघन गरेको भनि नेपालको संविधानको धारा १०१ को उपधारा (८) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम १६१ समेत बमोजिम महाभियोग प्रस्ताव पेश भई नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) बमोजिम गठित महाभियोग सिफारिस समितिमा छलफलित कार्यसूचीको प्रक्रिया अघिबढेको र निजले बयानको लागमा नाम उल्लेख गरेको व्यक्ति तथा पदाधिकारीहरुमा बुझ्नुपर्ने भएकोले समितिको निर्णयानुसार देहाय बमोजिम हुने बैठकमा उपस्थित भै छलफलमा सहयोग गर्नुहुन अनुरोध छ ।

देहाय :
मिति: २०७९/०४/३० गते
समय: दिनको ११:०० बजे
स्थान: राज्य व्यवस्था तथा सुशासन समितिको कक्ष ।

(लक्ष्मी प्रसाद गौतम)
समिति सचिव

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

बबर महल, सिंहदरबार
काठमाडौं, नेपाल
फोन नं.: ४२११२३३, ४१८४११८

च.नं.: ७७३/२०
पत्र: ४४१

मिति: २०७९/५/२९

पूर्व प्रधान न्यायाधीश श्री मिल बहादुर रायमाझीज्यू,
काठमाडौं ।

विषय: बैठकमा उपस्थित हुने सम्बन्धमा।

प्रस्तुत विषयमा सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.वि संविधान विपरीत तथा पदीय जिम्मेवारी विपरीतका कार्यहरु गरी नेपालको संविधानको धारा १०१ को उपधारा (२) मा व्यवस्था भए बमोजिम नियले संविधान र कानुनको गम्भीर उल्लंघन गरेको, कार्यक्षमताको अभाव भएको, खराब आचरण भएको, इमानदारी पूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको र जानाजान सहितको गम्भीर उल्लंघन गरेको भनि नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम १६१ बमोजिम महाभियोग प्रस्ताव पेश भई नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) बमोजिम गठित महाभियोग सिफारिस समितिमा छानबिन कारवाहिको प्रक्रिया चलिरहेको र निजले जवाफको क्रममा मौखिक धुनासो गरेका व्यक्ति तथा पदाधिकारीमध्ये केहीलाई समितिले निर्णयानुसार देहाय बमोजिम हुने बैठकमा उपस्थित भै छलफलमा सहयोग गर्नुहुन अनुरोध छ ।

देहाय :
मिति: २०७९/०५/३० गते
समय: दिनको १:०० बजे
स्थान: राज्य व्यवस्था तथा सुशासन समितिको हल ।

(लक्ष्मी प्रसाद गौतम)
समिति सचिव

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

सिंह दरबार, सिंहदरबार
काठमाडौं, नेपाल
फोन नं. ४१-४२००३१, ४१-४२००३२

पत्र : ०७९।८०
चलानी नं. : ४६

मिति: २०७९/५/२९

पूर्व प्रधान न्यायाधीश श्री सुशिला कार्कीज्यू,
काठमाडौं ।

विषय: बैठकमा उपस्थित हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा सम्माननीय प्रधान न्यायाधीश श्री गोविन्द बाम्सेर ज.ब.रा.ले भौतिक विवरण तथा पदीय जिम्मेवारी विपरितका आधारहरु गरी नेपालको संविधानको धारा ९०१ को उपधारा (२) मा व्यवस्था भए अनुसारको निजले संविधान र कानुनको गम्भीर उल्लंघन गरेको, कार्यक्षमताको अभाव भएको, भ्रष्ट आचरण भएको, इमानदारी पूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको र आचार संहिताको गम्भीर उल्लंघन गरेको भनि नेपालको संविधानको धारा ९०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम ९६१ समेत अनुसार महाभियोग प्रस्ताव पेश भई नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) अनुसार माथि महाभियोग सिफारिस समितिमा छलफल कार्यसूचिको प्रक्रिया चलिरहेको र निजले बयानको क्रममा नाम उल्लेख गरेका व्यक्ति तथा पदाधिकारीहरु छुट्टुपुर्ने भएकोले समितिको निर्णयानुसार देहाय बमोजिम हुने बैठकमा उपस्थित भै छलफलमा आवश्यक सहयोग गर्नुहुन अनुरोध छ ।

देहाय :
मिति: २०७९/०५/३० गते
समय: दिनको ११:०० बजे
स्थान: संसद व्यवस्था तथा सुशासन समितिको हल ।

(लक्ष्मी प्रसाद गौतम)
समिति सचिव

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

प्रदेश सभा सिंहदरबार
सानामाली, नेपाल
फोन नं.: ०१-४२००३३३, ४१-४२००११८

च.नं. : ८८६१८७
च.नं. : ४८७

मिति: २०७९/५/१९

पूर्व प्रधान न्यायाधीश श्री कल्याणश्रेष्ठ क्षेत्रज्यू,
कोटेश्वर ।

विषय: बैठकमा उपस्थित हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.ले संविधान विपरीत तथा पदीय जिम्मेवारी विपरीतका कार्यहरु गरी नेपालको संविधानको धारा १०५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम सिर्जले संविधान र कानूनको गम्भीर उल्लङ्घन गरेको, कार्यक्षमताको अभाव भएको, अशोभनीय आचरण भएको ठहराई पूर्वक आफ्नो पदीय कर्तव्य पालन नगरेको र आचार संहिताको गम्भीर उल्लङ्घन गरेको भनि नेपालको संविधानको धारा १०५ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम १६१ सहित बमोजिम महाभियोग प्रस्ताव पेश भई नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) बमोजिम गठित महाभियोग सिफारिस समितिमा छलफलित कारबाहिको क्रममा थप्नुपर्ने कुराहरुको र निजले प्रधानको कममा साथ उल्लेख गरेका व्यक्ति तथा पदाधिकारीसँग बुझ्नुपर्ने भएकोले समितिको निर्णयानुसार देहाय बमोजिम हुने बैठकमा उपस्थित भै छलफलिन कार्यमा सहयोग पाउँहुन अनुरोध छ ।

देहाय :
मिति २०७९/०५/३० गते
समय: दिनको १:०० बजे
स्थान: दरबार व्यवस्था तथा सुशासन समितिको हल ।

(लक्ष्मी प्रसाद गौतम)
समिति सचिव

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

सिंहदरबार, काठमाडौं
फोन नं. ०१-४२००३४१, ०१-४१००१५८

पत्र सं.: ०७५।८०
चलानी नं.: ४८

मिति: २०७९/४/२९

बरिष्ठ अधिवक्ता श्री हरिहर दाहालज्यू
नेपाल बार एसोसियसन,
रामशाहपथ, काठमाडौं ।

विषय: बैठकमा उपस्थित हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.ले संविधान विपरित तथा पदीय जिम्मेवारी विपरितका कार्यहरु गरी नेपालको संविधानको धारा १०१ को उपधारा (२) मा व्यवस्था भए बमोजिम निजले संविधान र कानूनको गम्भीर उल्लंघन गरेको, कार्यदक्षताको अभाव भएको, खराब आचरण भएको, इमानदारी पूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको र आचार संहिताको गम्भीर उल्लंघन गरेको भनि नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ५६१ बमोजिम महाभियोग प्रस्ताव पेश भई नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) बमोजिम गठित महाभियोग सिफारिस समितिमा छलफल कारवाहिको प्रक्रिया चलिरहेको र निजले अदालतको कामका साथ उल्लेख गरेका व्यक्ति तथा पदाधिकारीसँग छुट्टयाई भएकोले समितिको निर्णयानुसार देहाय बमोजिम हुने बैठकमा उपस्थित भै छलफल कार्यमा सहयोग गर्नुहुन अनुरोध छ ।

देहाय :
मिति: २०७९/०४/३० गते
समय: दिनको ३:०० बजे
स्थान: राज्य व्यवस्था तथा सुशासन समितिको कक्ष ।

(लक्ष्मी प्रसाद गौतम)
समिति सचिव

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

[illegible]
[illegible]
[illegible]

पत्र सं.: ०८८/१८०
च.नं.: ४८

मिति: २०७९/४/२९

वरिष्ठ अधिवक्ता श्री रमणकुमार श्रेष्ठज्यू,
नेपाल बार एशोसियसन,
रामशाहपथ, काठमाडौं ।

विषय: बैठकमा उपस्थित हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.ले संविधान विपरित तथा पदीय जिम्मेवारी विपरितका कार्यहरु गरी नेपालको संविधानको धारा १०१ को उपधारा (२) मा व्यवस्था भए बमोजिम निजले संविधान र कानुनको गम्भीर उल्लंघन गरेको, कार्यक्षमताको अभाव भएको, खराब आचरण भएको, इमानदारी पूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको र आचार संहिताको गम्भीर उल्लंघन गरेको भनि नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम १६१ समेत बमोजिम महाभियोग प्रस्ताव पेश भई नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) बमोजिम गठित महाभियोग सिफारिस समितिमा छलफलपछि कारवाहिको प्रक्रिया अघि बढेको र निजले आफ्नो कथनमा लान उल्लेख गरेका व्यक्ति तथा पदाधिकारीसँग बुझ्नुपर्ने भएकोले समितिको निर्णयानुसार देहाय बमोजिम हुने बैठकमा उपस्थित भै छलफलमा आवश्यक सहयोग गर्नुहुन अनुरोध छ ।

देहाय :
मिति: २०७९/०४/३० गते
समय: बिहानको ९:०० बजे
स्थान: प्रथम व्यवस्था तथा सुशासन समितिको हल ।

(लक्ष्मी प्रसाद गौतम)
समिति सचिव

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

फोन नम्बर विवरण
सम्पर्क रेखा
फोन नं. ५३१७०११, ५३१७१३५

च.नं. : ०६४१८०
पत्र सं. : ८०

मिति: २०७९/५/२९

विशेष अधिवक्ता श्री शम्भु थापाज्यू,
नेपाल बार एशोसिएशन,
रामशाहपथ, काठमाडौं ।

विषय: बैठकमा उपस्थित हुने सम्बन्धमा।

प्रस्तुत विषयमा सम्माननीय प्रधान न्यायाधीश श्री गोविन्द भण्डारे उ.अ.हु.ले संविधान विपरित तथा पदीय जिम्मेवारी विपरितका कार्यहरु गरी नेपालको संविधानको धारा १०१ को उपधारा (२) मा व्यवस्था भए अनुसार निजले संविधान र कानुनको गम्भीर उल्लंघन गरेको, कार्यक्षमताको अभाव भएको, खराब आचरण भएको, इमान्दारी पूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको र आचार संहिताको गम्भीर उल्लंघन गरेको भनि नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम ५६ समेत अनुसिम महाभियोग प्रस्ताव पेश भई नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) बमोजिम गठित महाभियोग सिफारिस समितिमा छानविन कारवाहिको प्रक्रिया चलिरहेको र निजले बयानको क्रममा नाम उल्लेख गरेका व्यक्ति तथा पदाधिकारीहरुलाई बुझ्नुपर्ने भएकोले समितिको निर्णयानुसार देहाय बमोजिम हुने बैठकमा उपस्थित भै छानविन कार्यमा सहयोग गर्नुहुन अनुरोध छ ।

देहाय :
मिति: २०७९/०५/२० गते
समय: दिनको ३:०० बजे
स्थान: राज्य व्यवस्था तथा सुशासन समितिको हल ।

(लक्ष्मी प्रसाद गौतम)
समिति सचिव

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

संघ संसद सचिवालय
काठमाडौं नेपाल
फोन नं.०१-४२००२४१,०१-४२००१५८

च.नं. : ४८५/८०
फा.नं. : ४८१

मिति: २०७९/४/२१

वरिष्ठ अधिवक्ता श्री बहादुर कार्की ज्यू
नेपाल बार एसोसियसन,
बबरमहल, काठमाडौं ।

विषय: बैठकमा उपस्थित हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.ले संविधान विपरित तथा प्रदीप जिम्मेवारी निरीतरका कार्यहरु गरी नेपालको संविधानको धारा १०१ को उपधारा (२) मा व्यवस्था भए बमोजिम निजले संविधान र कानुनको गम्भीर उल्लङ्घन गरेको, कार्यक्षमताको अभाव भएको, खराब आचरण भएको, इमानदारी पूर्वक काम्ने पदीय दायित्व पालना नगरेको र आचार संहिताको गम्भीर उल्लङ्घन गरेको भनि नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम १६१ समेत बमोजिम महाभियोग प्रस्ताव पेश भई नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) बमोजिम गठित महाभियोग सिफारिस समितिमा छलफल कारवाहीको प्रक्रिया पनि(२०७९ र निजले व्यवसायको क्रममा नाम उल्लेख गरेका व्यक्ति तथा पदाधिकारीलाई बुझनुपर्ने भएकोले समितिको निर्णयानुसार देहाय बमोजिम हुने बैठकमा उपस्थित भै छलफलिन कार्यमा सहयोग गर्नुहुन अनुरोध छ ।

देहाय :
मिति: २०७९/०४/३० गते
समय: दिनको ३:०० बजे
स्थान: संघीय व्यवस्था तथा सुशासन समितिको हल ।

(लक्ष्मी प्रसाद गौतम)
समिति सचिव

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

[illegible]
[illegible]
[illegible]

पत्र : तसु।८७
च.नं. : ४९

मिति: २०७९/५/२१

वरिष्ठ अधिवक्ता श्री पण्डितज्ञ भेटवाल
नेपाल बार एसोसियसन,
रामशाहपथ,काठमाडौं ।

विषय: बैठकमा उपस्थित हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.ले संविधान विपरीत तथा पदीय जिम्मेवारी विपरीतका आधारमा गरी नेपालको संविधानको धारा १०१ को उपधारा (२) मा व्यवस्था भए बमोजिम लिखले संविधान र कानूनको गम्भीर उल्लंघन गरेको, कार्यक्षमताको अभाव भएको, खराब आचरण भएको, इमान्दारी पूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको र आचार संहिताको गम्भीर उल्लंघन गरेको भनि नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम ९६१ समेत बमोजिम महाभियोग प्रस्ताव पेश भई नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) बमोजिम सहित महाभियोग सिफारिस समितिमा छलफल कारवाहिको प्रक्रिया अघिबढेको र लिखले बयानको क्रममा माथि उल्लेख गरेका व्यक्ति तथा पदाधिकारीलाई बुझ्नुपर्ने भएकोले समितिको निर्णयानुसार देहाय बमोजिम हुने बैठकमा उपस्थित भै छलफल आदिमा सहयोग गर्नुहुन अनुरोध छ ।

देहाय :
मिति २०७९/०५/३० गते
बिहान दिनको ३:०० बजे
स्थान: राज्य व्यवस्था तथा सुशासन समितिको कक्ष ।

(लक्ष्मी प्रसाद गौतम)
समिति सचिव

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

पत्र सं. : ०७९/८०
च.नं. : ५३

मिति: २०७९/५/२९

वरिष्ठ अधिवक्ता श्री लिलामणी पोडेलज्यू,
नेपाल बार एसोसिएशन,
रामशाहपथ,काठमाडौं ।

विषय: बैठकमा उपस्थित हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.ले संविधान विपरित तथा पदीय जिम्मेवारी विपरितका कार्यहरु गरी नेपालको संविधानको धारा १०१ को उपधारा (२) मा व्यवस्था भए बमोजिम निजले संविधान र कानुनको गम्भीर उल्लंघन गरेको,कार्यक्षमताको अभाव भएको, खराब आचरण भएको इमानदारी पूर्वक आफ्ने पदीय कर्तव्य पालना नगरेको र आचार संहिताको गम्भीर उल्लंघन गरेको भनि नेपालको संविधानको धारा १०५ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम १६१ बमोजिम महाभियोग प्रस्ताव पेश भई नेपालको संविधानको धारा ३०१ को उपधारा (३) र (४) बमोजिम गठित महाभियोग सिफारिस समितिमा छलफल कारवाहिको प्रक्रिया: वारेको र निजले बयानको क्रममा साथ उल्लेख गरेका व्यक्ति तथा पदाधिकारीसँग अनुरोध गर्नुपर्ने भएकोले समितिको निर्णयानुसार देहाय बमोजिम हुने बैठकमा उपस्थित भै छलफलमा कार्यमा सहयोग गर्नुहुन अनुरोध छ ।

देहाय :
मिति: २०७९/५/३० गते
समय: दिनको ३:०० बजे
स्थान: राज्य व्यवस्था तथा सुशासन समितिको हल ।

(लक्ष्मी प्रसाद गौतम)
समिति सचिव

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

संसद भवन, सिंहदरबार
काठमाडौं, नेपाल
फोन नं.: ०१-४२००३४१, ०१-४२००३३८

च.नं.: ०७७।७८
पत्र सं.: ४८४

मिति: २०७९/५/२१

अधिवक्ता श्री अोमप्रकाश अर्याल
नेपाल बार एसोसिएशन,
सम्माहपछ,काठमाडौं ।

विषय: बैठकमा उपस्थित हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.वे संविधान विपरीत तथा पदीय जिम्मेवारी विपरीतका कार्यहरु गरी नेपालको संविधानको धारा १०१ को उपधारा (२) मा व्यवस्था भए बमोजिम निजले संविधान र कानुनको गम्भीर उल्लंघन गरेको,कार्यक्षमताको अभाव भएको, खराब आचरण भएको, इमानदारी पूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको र आचार संहिताको गम्भीर उल्लंघन गरेको भनी नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम ९६१ समेत बमोजिम महाभियोग प्रस्ताव पेश भई नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) बमोजिम सदर महाभियोग सिफारिस समितिमा छानविन कारवाहिको प्रक्रिया अगाडि बढेको र निजले बयानको क्रममा नाम उल्लेख गरेका व्यक्ति तथा पदाधिकारीहरुलाई बुझ्नुपर्ने भएकोले समितिको निर्णयानुसार देहाय बमोजिम हुने बैठकमा उपस्थित भै छानविन कार्यमा सहयोग गर्नहुन अनुरोध छ ।

देहाय:
मिति: २०७९/०५/३० गते
समय: दिनको ३:०० बजे
स्थान: राज्य व्यवस्था तथा सुशासन समितिको हल ।

(लक्ष्मी प्रसाद गौतम)
समिति सचिव

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

सिंह दरबार, सिंहदरबार
काठमाडौं, नेपाल
फोन नं. ०१-४२००११६,०१-४२००११८

पत्र सं.: ८७/८७
च.नं.: ५२

मिति: २०७१/६/२९

श्री पूर्णमान शाक्यज्यू,
अध्यक्ष, सर्वोच्च अदालत तथा एकीसिगभान,
रामशाहपथ, काठमाडौं ।

विषय: बैठकमा उपस्थित हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा सम्माननीय प्रधान न्यायाधीश श्री बालेन्द्र शाहबाट उच्च राजनीतिक संविधान विपरित तथा पदीय जिम्मेवारी विपरितका कार्यहरु गरी नेपालको संविधानको धारा १०१ को उपधारा (२) मा व्यवस्था भए अनुसारको निजले संविधान र कानुनको गम्भीर उल्लंघन गरेको, कर्तव्यहीनताको प्रमाण भएको, खराब आचरण भएको, इमान्दारी पूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको र आचार संहिताको गम्भीर उल्लंघन गरेको भनि नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम १६१ समेत बमोजिम महाभियोग प्रस्ताव पेश भई नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) बमोजिम गठित महाभियोग सिफारिस समितिमा छानबिन कारवाहिको प्रक्रिया चलिरहेको र निजले व्यानको कममा साथ उल्लेख गरेका व्यक्ति तथा पदाधिकारीसँग अनुनयमै भएकोले समितिको निर्णयानुसार देहाय बमोजिम हुने बैठकमा उपस्थित भै छानबिन कार्यमा सहयोग गर्नुहुन अनुरोध छ ।

देहाय :
मिति: २०७१/०६/३० गते
समय: दिनको ३:०० बजे
स्थान: राज्य व्यवस्था तथा सुशासन समितिको हल ।

(लक्ष्मी प्रसाद गौतम)
समिति सचिव

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

फोन नं. ०१-४२००११९,०१-४२००१९८

पत्र सं. : सि.म.स.स.स./८७
च.नं. : ४६

मिति: २०७९/५/२९

श्री महालक्ष्मी उपाध्याय "शिनाप्यु"
काठमाडौं ।

विषय: बैठकमा उपस्थित हुने सम्बन्धमा।

प्रस्तुत विषयमा सम्माननीय प्रधान न्यायाधीश श्री बोधेन्द्र शमशेर जबरा ले संविधान विपरित तथा पदीय जिम्मेवारी विपरितको कार्यहरु गरी नेपालको संविधानको धारा १०१ को उपधारा (२) ख. व्यवस्था भए बमोजिम निजले संविधान र कानुनको गम्भीर उल्लंघन गरेको, कार्यक्षमताको अभाव भएको, धुतराष्ट्र बानर्ण भएको, इमानदारी पूर्वक आफ्नो पदीय कर्तव्य पालना गर्नेको र अत्यार संहितालको गम्भीर उल्लंघन गरेको भौं नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७४ को नियम ९६ सँग समेत बमोजिम महाभियोग प्रस्ताव पेश भई नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) बमोजिम गठित महाभियोग सिफारिस समितिमा छलफल गरी प्रक्रिया पुर्‍याउने र निजले बयानको क्रममा नाम उल्लेख गरेका व्यक्ति तथा पदाधिकारीलाई तहनुपर्ने भएकोले समितिको निर्णयानुसार देहाय बमोजिम हुने बैठकमा उपस्थित भै छलफल कार्यमा सहयोग गर्नुहुन अनुरोध छ ।

देहाय :
मिति २०७९/०५/३० गते
समय: दिनको ३:०० बजे
स्थान: राज्य व्यवस्था तथा सुशासन समितिको हल ।

(लक्ष्मी प्रसाद गौतम)
समिति सचिव

संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति

सभा कक्ष, सिंहदरबार
काठमाडौं, नेपाल
फोन नं.: ०१-४२००३३९, ०१-४२००९२८

च.नं.: ७८७/८०
चलानी नं.: ५८७

मिति २०७९/५/३१

श्री व्यवस्थापिका संसद सचिवालय,
सिंहदरबार, काठमाडौं ।

विषय: सम्पत्ति विवरण उपलब्ध गराइदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.ले यस समितिसमक्ष पेश गर्नुपर्ने आ.व. २०७८/७९ को सम्पत्ति विवरण अभिलेख समितिलाई उपलब्ध गराइदिनु हुन समितिको मिति २०७९/५/३० को बैठकको निर्णयानुसार अनुरोध गर्दछु ।

(लक्ष्मी प्रसाद गौतम)
समिति सचिव

अनुसूची ११ : सम्माननीय प्रधान न्यायाधीशज्यूले समिति समक्ष गरेको बयान

संघीय संसद, प्रतिनिधि सभा, महाभियोग सिफारिस समिति समक्ष महाभियोग आरोपका सम्बन्धमा सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबराले गरेको बयान।

मितिः १५ भदौ २०७९, बुधवार

<u>माननीय सभापतिज्यू:-</u> माननीय सदस्यहरू, समितिको आजको बैठकको कार्यवाही प्रारम्भ भैसकेको छ। माननीय सदस्यहरू, आज प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरासँग महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयमा सोधपुछ तथा बयान दिने कार्यसूची रहेको छ।

सर्वप्रथम म प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरालाई समितिको बैठकमा उपस्थित हुनुभएकोमा धन्यवाद दिन चाहन्छु। अब म प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरालाई महाभियोग लगाएको आरोपसँग सम्बन्धित विषयमा बयान दिन समय दिन्छु। यसको निमित्त म उहाँलाई पहिलो प्रश्न सोध्न चाहन्छु।

<u>प्रश्न नं. १:-</u> तपाईंको शारीरिक र मानसिक अवस्था कस्तो छ? सोधिएका प्रश्नहरूको जवाफ दिन सक्नुहुन्छ/हुँदैन? नियमित औषधी सेवन गर्नुपर्ने कुनै रोग छ/छैन?

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:</u> सोधिएको, सम्माननीय सभापतिज्यूबाट सोधिएको प्रश्नमा मेरो शारीरिक अवस्था मानसिक अवस्था ठिक छ र म बयान दिनलाई सक्षम छु।

<u>प्रश्न नं. २:-</u> तपाईको बाजे, बुवा, आमा र आफ्नो नाम थर, वतन, उमेर, पेशा, शैक्षिक योग्यता, धर्म, आय-आर्जन, जग्गा-जमिन, पारिवारिक संख्या र अवस्था, नागरिकताको प्रमाणपत्र नम्बर, इमेल प्रयोगमा रहेको मोवाइल नम्बर र आफ्नो हुलिया समेत खुलाइदिनुहोस्।

प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा: मेरो बाजेको नाम इन्द्र शमशेर जबरा, बुवाको नाम युवराज शमशेर जबरा, आमाको नाम बुमा राजेश्वरी राणा, मेरो उमेर अहिले ६४ वर्ष, ६४ वर्ष ९ महिना भाछ ३ महिना जस्तो यौंकी छ। मेरो शैक्षिक योग्यतामा मेरो कानुनमा स्नातक हो। धर्म मेरो हिन्दू हो। आय-आर्जन जग्गा जमिन मेरो यो मैले जागिरमा मैले अहिले न्यायाधीशको रुपमा र प्रधान न्यायाधीशको रुपमा भएको हुनाले मैले आफ्नो निकायमा मैले पेश गरेको छु। पारिवारिक संख्या मेरो म, मेरो श्रीमती रेजी राणा, मेरो छोरा सचिन्द्र, मेरो बुहारी सोफी हो। र अरू छोरी दुईवटा सृष्टि र समृद्धि छ उहाँहरूको विवाह भैसकेको छ। नागरिकता मैले २०३६ सालमा लिएको छु। इमेलको रुपमा सर्वोच्च अदालतकै इमेल प्रयोग भैराछ। र मोवाइल नम्बर मेरो ९८५११०४५७८ हो र मेरो आफ्नो हुलियामा अहिले हुलियामा मैले नागरिकता लिँदाखेरि देखाएको मेरो नाकको दायाँपट्टि कालोकोठी छ।

माननीय सभापतिज्यू:- माननीय यशोदा गुरुङ।

माननीय श्री यशोदा गुरुङ सुवेदी:- पारिवारिक अवस्थाको बारेमा जो कुरा चाहिँ यहाँले राख्नुभएको छ। यसमा थोरै प्रस्ट अझै थप केही विवरणहरू राख्नको लागि यहाँको वैवाहिक अवस्था र त्यसपछि दिदी भाईबहिनीहरूको अवस्था, अनि त्यसपछि यो वैवाहिक सम्बन्धबाट चाहिँ भएका सम्बन्धहरुको अवस्था के कस्तो छ थोरै जानकारी पाउँदा राम्रै हुन्छ कि जस्तो लागेको समितिलाई।

माननीय सभापतिज्यू:- हजुर बोल्न सक्नुहुन्छ प्रधान न्यायाधीश।

प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:- यो प्रश्नको जवाफ माननीय सदस्यज्यूले सोध्नुभएको छ। अब कानूनको ढाँचाभित्रको त यो पर्दैन तर के भने म मेरो बुवातर्फको सन्तान भन्ने हो भने मेरो युवराज शमशेरको तर्फबाट जन्मेको सन्तानमा अहिले संख्या गर्दाखेरि हामीहरू चार जना दाजुभाइ चार जना दिदिबहिनी हो। सबै विवाहित हो। सबैको नातिनातिना भैसक्या हुनाले करिब ७५/७६/७७/७८ जना हामी यो उसमा छौं। तर यतिका नाम लिएर गर्दाखेरि त्यो समय पनि लाग्ला। मेरो छोरापट्टिकोमा चाहिँ मेरो बुहारीकोमा अब बुहारी यही उसको अब प्रश्नको मैले जवाफ दिँदाखेरिकोमा मेरो सम्धिको चाहिँ यो कलंकीमा उहाँहरू स्थायी बसोवास हो। उहाँहरूचाहिँ रामशरण थापा हो। र अब मेरो अर्को मेरो छोरीको ठूलो छोरीको वैवाहिक सम्बन्ध काठमाडौं कै बासिन्दा हुनुहुन्छ तर उहाँहरू अछाम भएर पछि यता बस्नुभाछ। तिलक रावल हो। र मेरो ज्वाईंको नाम विनय रावल हो। र अब मेरो उता अर्को छोरीको नाम त म भनिहालें। अरु अरु जिज्ञासा छ भने आज्ञाहोस्। (विचमा प्रश्न भएको)

यस्तो हो त्यो त त्यो सुनेको कुरा एकदमै सत्य हो। माननीयज्यूले सुन्नुभा कुरा एकदमै सत्य हो। मेरो विवाह चाहिँ नेपालगञ्ज निवासी बोधेन्द्र बहादुर हमालको छोरी हो पहिलो मेरो विवाह भएको उमा हमालसँग उहाँको स्वर्गारोहण भएको ४१ सालमा स्वर्गारोहण भएको हो। अनि उहाँको तर्फबाट मेरो छोरा एउटा, एउटा छोरी छ र अर्को श्रीमती चाहिँ पछि मैले विवाह गरेको श्रीमतीबाट एउटा छोरी छ।

माननीय सभापतिज्यू:- माननीय श्री विष्णु पौडेल।

माननीय श्री विष्णु प्रसाद पौडेल: जानकारीका लागि धेरै धेरै धन्यवाद छ। एउटा चाहिँ यो तालुक अड्डामा आफ्नो चाहिँ पैत्रिक सम्पत्तिको विवरण बुझाउनुभएको कुरा यहाँ जानकारी दिनुभयो त्यसको लागि धन्यवाद छ। सँगसँगै आफ्ना परिवारका सदस्य र नजिकका नातेदार परिवारका सदस्य र नजिकका नातेदारहरूको स्वामित्वमा रहेको चल अचल सम्पत्तिको विवरण पनि समितिलाई उपलब्ध गराएर सहयोग गर्नुहुनेछ भन्ने अपेक्षा गर्दछु।

प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा: माननीयज्यूको यो प्रश्नको मैले फेरि आज त्यो चाहिँ त्यो लिएर आएको छैन तर मेरो त सर्वोच्च अदालतबाट झिकाउँदाखेरि नै भैहाल्छ। त्यो न्यायपरिषद्मा हामीले फर्म बुझाएका हुन्छौं त्यहाँबाट झिक्दाखेरि पनि भैहाल्छ।

माननीय सभापतिज्यू:- माननीय श्री मिन बहादुर विश्वकर्मा।

माननीय श्री मिन बहादुर विश्वकर्मा:- माननीय विष्णु पौडेलले भन्नुभएको कुरासँग चाहिँ यहाँले बुझाउनु भएको सम्पत्ति विवरण तालुक अड्डामा चाहिँ व्यक्तिगत होला हामीले अलिकति पारिवारिक सम्बन्धको दाजुभाइको पनि विवरण हजुरबाट मात्रै प्राप्त हुनेभएको हुनाले त्यो माग गर्न खोजिएको हो जस्तो लागिराछ। त्यसलाई चाहिँ अहिले नसक्दाखेरि पनि पछि पनि बुझाइदिनुभए हुन्छ।

माननीय सभापतिज्यू:- माननीय श्री रेखा शर्मा।

माननीय श्री रेखा शर्मा:- माननीय सभापतिज्यू, अब त्यस्तो धेरै त मेरो छैन तर अलिकति लाग्ने के हुनत हाम्रो अलि समाज अलि पितृसत्तावादी समाज छ। परिवार भनेपछि हामी उहीं आफ्नो घरको बाउ, बाजे, हजुरबुवा, यतातिर अनि आफ्नो बाउको सन्तान मात्रै बुझ्छौं। अनि आमाको तिर मावलीतिर ससुरालीतिर अलि धेरै कम ध्यान जान्छ, के हाम्रो। त्यसो भएको हुनाले हामी फेरि अलि महिला नि भयौं केरे त्यो भएर हाम्रो त्यतातिर अलि बढी ध्यान जान्छ। त्यसो भएको हुनाले मैले सोधेको कस्तो भन्दाखेरि जस्तो पारिवारिक सम्बन्ध उहाँले अब जस्तो विवाह गरेको

कुरा गर्नुभयो। ससुराको नाम पनि भन्नुभयो हैन त्यस्तै ज्वाईं जेठान सालासालि पनि हुनुहोला उहाँहरूको पनि यसो नाम थर ठेगाना भएदेखि हामीलाई सजिलो हुन्थ्यो। त्यति भन्न चाहें धन्यवाद।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> यो मैले अलिकति माननीयज्यूको अलिकति ककसको भन्नु भएको ? (हजुरको मावली यस्तो अलिकति यता) यस्तो छ अब यो एउटा कुरो म गरिमामय यो संसदलाई संसदको सुनुवाई समितिलाई गरिमामय समितिलाई हृदयपूर्वक म अनुरोध के गर्छु भने नेपालको संविधानले सबै नागरिकलाई उमेर पुगेपछि स्वतन्त्र अस्तित्व मान्छ। अब सबैको हरहिसाब खोज्दाखेरि त मैले खोज्न जाने भन्नलाई त अहिले समय पनि छैन हालकि मेरा सन्तान हुन् उहाँहरूले सबै कुरो उपलब्ध गराउन मैले चाहें भने मैले चाहिं मागे भने दिनुहोला यो त अति सम्भावना भन्दा बाहिरको चिजहरू भयो। र मेरो अब नातागोताकै हिसाबले त मैले सबै भनिहालें मेरो मावलीपट्टि त अब सबै मामाहरू माइजूहरू सबै स्वर्गीय भैसक्यो। अब दाजुभाइहरू कहाँ कहाँ हुनुहुन्छ त्यो पनि थाहा छैन। र अहिले नजिकमा रहेको भनेको चाहिं मेरो साइलो मामाको छोराहरू चाहिं अहिले एउटा लोहितचन्द्र शाह। अब दुईटा एउटा ठूलो भानु चाहिं उहाँ स्वर्गीय भैसक्यो। अर्को एउटा मेलिटरी क्याप्टेन मेजर जनरलसम्म पाइलट मेजर जनरल हुनुहुन्थ्यो। उहाँको चाहिं रवि हो। त्यसपछि अर्को मामाको छोरा भने एउटा छ अहिले न्यायाधीशमा पहिला सर्वोच्च अदालतकै रजिस्टार हुनुहुन्थ्यो। अहिले उसमा न्यायधीशमै हुनुहुन्छ उच्च अदालत न्यायाधीशमा हुनुहुन्छ लोहितचन्द्र शाह अब दिदिबहिनीहरू त सबै विवाह गरेर गैसक्या हुनाले उहाँहरू कहाँ कहाँ हुनुहुन्छ अहिले मैले यो विवरण दिनै सक्दिनँ। (बिचमा छलफल)

<u>माननीय सभापतिज्यू:-</u> माननीय श्री लाल बाबु पण्डित।

<u>माननीय श्री लाल बाबु पण्डित:-</u> माननीय सभापतिज्यू, न्यायपरिषद्मा बुझाइएको सम्पत्ति विवरण मगाउने कुरा त छँदै छ तर यो समितिलाई बुझाइएको भन्दा थप विवरण पनि हुन सक्छ। त्यसकारणले न्यायपरिषद्मा बुझाइएको कपि पनि यहाँसँग हुन्छ र त्यो कपि र त्यसमा बढे घटेको हो भने त्यो समेत यो समितिलाई बुझाउन कुनै अप्ठ्यारो छ र?

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:</u> छैन छैन, अहिले मैले अहिले लिएर माननीयज्यूको यो हृदयपूर्वक मैले अनुरोध गर्न खोज्या के भने उपलब्ध गराउन नसक्ने त छैन मैले उपलब्ध गराइदिन्छु। अब त्यो म सचिवज्यूसँग राखेर म गरौंला यो त म सँग हुन्छ नै छँदैछ।

<u>माननीय सभापतिज्यू:-</u> माननीय कल्याणी कुमारी खड्का।

माननीय कल्याणी कुमारी खड्का:- सभापतिज्यू, मेरो सानो जिज्ञासा मात्रै हो। इमेल नम्बर अफिसियल मात्रै प्रयोग गरेको छु भन्नुभयो। अक्सर व्यक्तिहरूले व्यक्तिगत इमेल पनि हुन्छ हामीसँग पनि छ। यहाँको व्यक्तिगत इमेल छैन र हो कि? मैले खालि त्यति मात्रै प्रश्न गरेको।

प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा: हजुर हैन, यो मैले व्यक्तिगत इमेलहरू मैले अहिले सञ्चालन चलाउने गरेकै छैन। कुनै पनि छैन सर्वोच्च पनि त्यो सर्वोच्चको निजी सचिवालयबाट मात्र प्रयोग हुन्थ्यो। त्यो मैले अहिलेसम्म चलाएकै छैन। (बिचमा प्रश्न:- इमेलकै कुरामा अहिले पनि सर्वोच्चकै इमेल चलाइरहनुभाछ या आफ्नो?) हैन, मैले त इमेल नै चलाएकै छैन सर्वोच्चबाट मलाई एउटा खोलेर दिएको हुन्छ मलाई। किनभने हाम्रो एउटा सुविधाको रुपमा आइफोन या मोवाइल दिएको हुन्छ। त्यो मोवाइलमा नम्बरहरू इमेलहरू हाल्दिएको हुन्छ। त्यसलाई मैले प्रयोग गरेकै छैन। यसमा आकै छैन। (बिचमा प्रश्न:- भनेपछि त त्यो अफिसियल इमेल अफिसियल इमेल आफैं चलाइरहनु भाछ कि?) हैन, त्यो इमेल सञ्चालन गरेकै छैन। अफिसले खोल्दिया हुन्छ अफिसमै राख्या हुन्छ त्यो।

माननीय सभापतिज्यू:- अर्को प्रश्नमा जाऊँ?

प्रश्न नं. ३:- तपाईंको विरुद्धमा परेको महाभियोगको आरोपमा लोकतन्त्र, मानवअधिकार, जनताको न्याय, विधिको शासन संवैधानिक सर्वोच्चता एवं स्वतन्त्र, स्वच्छ, निष्पक्ष र जिम्मेवार न्यायपालिकाको जगेर्ना गर्न वर्तमान प्रधान न्यायाधीश असक्षम रहेका छन् भन्ने आरोप छ यसमा आफ्नो भनाइ के छ खुलाउनुहोस्।

प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा: मलाई प्रस्ताव गरिएको महाभियोग प्रस्ताव गरिएको जुन विषयवस्तु छ यो अब मेरो धेरै भन्न बाँकी त म पछि भनौंला। पछि म फेरि भन्ने नै छु। जुन यो प्रश्न आफैंमा एउटा जटिल एउटा गम्भीर प्रश्न हो। र संविधानले मैले म प्रधान न्यायाधीश नियुक्त भएपश्चात् मैले ईश्वरको तथा राष्ट्रको नाममा सपथ लिएको हुँ। मेरो उत्तरदायित्व नेपालको संविधान, संवैधानिक व्यवस्था र संसद्ले बनाएको कानुनप्रति रहेको छ। नेपालको संविधानले अंगिकार गरेको आधारभूत सिद्धान्तको आधारमा लोकतन्त्र, मानवअधिकार, विधिको शासनलाई संरक्षण र सम्वर्धन गर्ने मैले काम गरिआएको छु। मैले स्वतन्त्र, सक्षम, निष्पक्ष न्यायापालिकाको अवधारणा अनुसार कसैको दबाव प्रभावमा नपरि काम गरेको छु। हामीले महाभियोग प्रस्ताव छलफल गर्दा सोधिएको अहिले जुन प्रस्तावित गरिएको बुँदा छ, गर्दा त्यो प्रस्ताव वस्तुनिष्ठ वास्तविक कुरा उल्लेख गर्नुपर्नेमा सैद्धान्तिक कुरा उल्लेख गरेबाट नै मलाई महाभियोग लाग्नुपर्ने अवस्था नभएको स्पष्ट हुन्छ।

माननीय सभापतिज्यू:- माननीय सदस्यहरूको केही छ यसमा? (विचमा बोलेको) माननीय श्री कृष्ण भक्त पोखेल।

माननीय श्री कृष्ण भक्त पोखरेल:- माननीय सभापतिजी यहाँले वस्तुनिष्ठ प्रमाणहरू छैनन् यो भन्ने यो प्रश्नमा जो जवाफ दिनुभाछ तपाई उपर यो महाभियोग प्रस्ताव पर्नको कारण के होला त? वस्तुनिष्ठ छैन भने अरु कसैलाई नपर्ने अनि तपाई उपरै चाहिँ पर्नाको कारण चाहिँ के होला त?

प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा: माननीयज्यूको गम्भीर प्रश्न आयो यो प्रश्न अति मार्मिक पनि छ। प्रधानन्यायधीश जस्तो गरिमामय व्यक्तित्वलाई महाभियोग लाग्नु आफैमा उचित, न्यायोचित्त हुने हुनुपर्छ भन्ने पक्षमा म पटक्कै छैन। विषयवस्तुको गम्भीरताको प्रश्न छ किन प्रधान न्यायाधीशलाई महाभियोग लाग्यो? किन लगाउनु पऱ्यो? यो प्रश्न आफैं जटिल प्रश्न हो। मैले यसको जवाफ यो सहज र सरल तरिकाले दिने प्रयास गर्छु। म नेपालको प्रधान न्यायाधीश भैसकेपछि यहाँ धेरै वस्तुगत कुराहरू छन्। अब सबै कुरा सार्वजनिक गर्दा पनि मलाई त्यति उचित लाग्दैन। गर्नु पनि हुँदैन। प्रधान न्यायाधीशले एउटा आफ्नो गरिमा आफ्नो महत्त्वलाई कायम राख्नु पर्छ। आखिर देश राजनीति र राजनीतिक दलले नै सञ्चालन गर्ने हो, विकास गर्ने हो, समृद्धि गर्ने हो र सबै नेपालीलाई शान्ति स्थायित्व र महत्वमा राख्ने हो। यसमा दुई मत हुनै सक्दैन। म यति भन्दा राजनीतिक सञ्चालक, सञ्चालन गर्ने व्यक्तित्वहरूलाई अति सम्मान गर्छु। म उहाँहरूको व्यवहार उहाँहरूको सोचाइको विषयमा म त्यति गम्भीर रुपमा म जान्न तर पनि यहाँ राजनीतिले राजनीति सञ्चालन गर्दाखेरि सही ट्र्याकमा नलादाखेरिको परिस्थितिहरू सिर्जना भयो। देशमा दुईपटक संसद् विघटनको स्थिति सिर्जना भयो। मुद्दामा पक्षले जस्तो हार र जितको लडाईंमा हामीले नामको स्वभिमानको लागि हामीले युद्ध गऱ्यौं। त्यसबाट प्रभावित भयौं। यो कुरो आफैं गम्भीर छ न्यायपालिका संविधानको प्रस्तावनाले अति मर्मज्ञ ठाउँ हो। यो निष्पक्ष स्वतन्त्र र सक्षम हुनुपर्छ यसको प्रस्तावनाले मै छ। तर यसको प्रस्तावनाबमोजिमको यसको भूमिका यसको स्वतन्त्र भूमिका, यसको निष्पक्ष भूमिका, यसमा सक्षम भूमिका कायम गर्नलाई हामीले कति इन्हान्स (enhance) गर्यौं, कति सहयोग गर्यौं यो कुरोको कडी पहिल्याउनुपर्छ। हामी राजनीतिक प्रणालीलाई भन्दा पनि संवैधानिक प्रणालीलाई भन्दा पनि जित र हारलाई अगाडि सारेर अगाडि बढ्दाको अवस्थामा त्यसपछि यो समस्या प्रधान न्यायाधीशको विरुद्धमा समस्या आयो। बजारभरी सबै पत्रपत्रिकामा प्रधान न्यायाधीश चाहिँ यो संसद् विघटनको पक्षमा छ, संसद् पुनः स्थापनाको पक्षमा छैन भन्ने सबै पत्रपत्रिका मिडियाहरूदेखि लिएर सबै कुराहरूमा यी प्रश्नहरू आए। सबै कुरा आए, आएका छन् यी सबै दैनिक रुपमा सबै माननीय सदस्यज्यूहरूले र अहिले अध्यक्षता गरिरहनुभएको माननीय

सदस्यज्यूले पनि नि महशुस गर्नुभएकै होला। को पक्ष को विपक्ष? आज हामीले मिडिया ट्रायलमा लिएर गयौं। त्यसपछाडि पक्षमा रहेका यी न्यायाधीश, विपक्षमा रहेका यी न्यायाधीश प्रधान न्यायाधीश विपक्षमा रहेका छन् है भन्ने प्रश्न आएपछि विश्वास र अविश्वास खडा भयो। यसैको परिणाम हो यो महाभियोगको प्रस्ताव। न्यायपालिकालाई म अहिले पनि म हार्दिकतापूर्वक भन्छु यो गरिमामय सम्प्रभु सम्पन्न जनताको अधिकार प्रयोग गर्ने संसदले न्यायपालिकालाई स्वतन्त्र राख्नलाई अक्षुण भूमिका निर्वाह गर्नुपर्छ। न्यायपालिकालाई यति हलुका तरिकाले यति, यति निम्नस्तरको तर्फबाट भन्छु म यति अलिकति पनि विचार र विवेक हिनताको कारणले गर्दाखेरि आज न्यायपालिकालाई अस्थिरता बनाइयो। त्यसैको साथसाथमा मैले अहिले धेरै कुराहरू भन्नुपर्छ. म भन्छु एकातर्फ फ्लोरमा सबै सबै पत्रपत्रिकालाई विरुद्धमा लेख्न लगाइयो। बारमा बारका पदाधिकारीहरूलाई विरुद्धमा उपस्थित गराइयो र त्यही आधारबाट बारले प्रभावित पारेर न्यायाधीशहरूलाई विपक्षमा उभ्याइयो। यो के को लागि? यो एउटा चोलेन्द्र मात्र हो? के चोलेन्द्र प्रधान्यायाधीश मात्रै हो यो संस्थाको एउटा जगेर्ना राख्ने इकाइ हो, एउटा युनिट हो यो त समष्टि रुपमा चाहिं सिङ्गो एउटा समष्टि रुपमा देशको सबै अंगहरू अंग र अरु अंशहरू मिलेर चाहिं प्रतिनिधित्व गर्ने संस्था हो नि। यो संस्थालाई सिङ्गो एउटा प्रधान न्यायाधीशलाई कमजोर बनाएर यो प्रधान न्यायाधीशलाई विस्थापन गराएर यो न्यायपालिकाले श्रीवृद्धि र विकास र यसले स्थायित्व र भनेको जस्तो चिजहरू गर्न सक्छ र? यी प्रश्नहरू धेरै गम्भीर छन्। मैले मलाई त मलाई त यो विषयमा महाभियोग लाग्नुभन्दा अगाडि पनि र महाभियोग लागिसकेपछाडि पनि धेरै ठाउँबाट म अहिले यी को आउनु भो को जानु भो कसले यस्तो गर्नु भो भनेर म भन्दिनँ। मेरो. आफ्नो दायित्व र कर्तव्य छ। यी कुराहरू इतिहासमा कुनै बेला प्रकाशन गरौंला कुनै बेला यी चिजहरू आउलान्। तर प्रधान न्यायाधीशले चाहिं राजीनामा दिएर गए सजिलो हुन्थ्यो हामीलाई भन्ने यो प्रवृत्तिहरू जहाँ चाहिं भयो। मैले भनें प्रधान न्यायाधीश विधि र प्रक्रियाबाट स्थापना भएको पद हो म त्यो पदमा विधि र प्रक्रिया बमोजिम स्थापना भएको हुँ र त्यो पदमा पुगेको व्यक्ति हुँ। म त्यही विधि र प्रक्रियाबाट मलाई जानलाई मञ्जुर छ। तर बारको दबाबमा, राजनीतिक पार्टीको दबावमा त्यसपछाडि पत्रकार पत्रपत्रिकाको दबावमा म कुनै पनि हालतमा पदबाट जान्नँ भन्ने मेरो चाहिं अठोट हो। म त्यसैकारण चाहिं म गरिमामय यो चाहिं गरिमामय सम्प्रभु सम्पन्न संसदले चाहिं विचार गर्नुपर्छ। यो सम्प्रभु सम्पन्नले सम्पन्न जुन अधिकार प्राप्त यो जनताको लागि अन्योन्याश्रित रुपमा प्राप्त गरेको अधिकार हो यो संसदले। यो संसदले जहिले पनि जनतालाई निराश पार्नु हुन्न। म अहिले पनि म भन्छु मेरो अहिले म त अब निलम्बित भएँ निलम्बित प्रधान न्यायाधीशको हिसाबले तर म यति पनि भन्छु कानुनभन्दा बाहिर गएर मलाई चाहिं संविधानभन्दा बाहिर गएर निलम्बनको पत्र महासचिवले पठाउनुभएको छ। तर पनि मैले

स्वीकार गरें। मैले स्वीकार गरें किनभने यो महाभियोगको प्रस्ताव सम्प्रभु सम्पन्न संसदमा उत्पति भएको छ। र त्यसको प्रक्रिया नपुगिकन एकचोटी पत्र पठाएर तपाईले चाहिँ काम सम्पन्न गर्न पाउनुहुन्न भनेर भन्नुभयो। यसमा मलाई दुःख छैन। यति गरिमामय संसदबाट आफूले बनाएको संविधानको आफूले बनाएको त्यसपछाडि गएर यो महाभियोग प्रक्रियाको नियमावलीको पनि पालना हुँदैन भने पालना गर्ने हैसियत राख्दैन भने यसमा मेरो भन्नु केही पनि छैन। म त एउटा नागरिक हुँ। म नागरिकको हैसियतले म सर्वोच्च अदालतमा म अहिले पेशाको हिसाबले पुर्ग प्रधान न्यायाधीश भएँ। मलाई यसमा मलाई गौरव छ। यो देशको प्रधान न्यायाधीश हुन पाएँ मलाई गौरव छ। यो गौरव मलाई चाहिँ यो संसदीय सुनुवाइ समितिबाट यही संसदबाट सिफारिस गरेर पठाइएर म चाहिँ अनुमोदन भएर गएको व्यक्ति हुँ। म यो संविधान यो यो संसदप्रति पनि म यो गरिमामय संसदलाई पनि म सम्मान गर्छु। मेरो यो छैन। तर यो आज प्रधान्यायाधीशलाई यो महाभियोगको प्रस्ताव आइसकेपछाडि ७ दिनभित्र त्यहीं जुन संसदमा चाहिँ जुन अधिवेशनमा उत्पत्ति हुन्छ त्यही संसदमा ७ दिनभित्र प्रक्रियामा जानुपर्नेमा आज साढे ६ महिना लगाउँदाखेरि पनि यसलाई निकास गर्नेतिर भएन र यस्तो, यस्तो यो जुन चाहिँ नियमावली संसदको यही संसदीय कार्यव्यवस्था नियमावलीमै व्यवस्था छ यो नियम ६५ मा यदि यसरी त्यो संसदमै ७ दिनभित्र प्रक्रियामा गएन यो महाभियोग समितिमा गएन भने त्यस्तो त्यो संसदको त्यो अधिवेशनको टुंगोपछाडि यो स्वतः निष्कृय हुने ६५ मा व्यवस्था छ। यो महाभियोग त त्यो व्यवस्थाले स्वतः निष्कृय भैसक्यो। तर पनि म as a, म देशको नागरिकको हिसाबले म आज प्रधान न्यायाधीशको हिसाबले म उपस्थित पटक्कै भएको हैन। म आज नागरिकको हिसाबले उपस्थित भएको हुँ। मैले पनि न्याय पाउनुपर्छ। मैले चाहिँ न्याय नपाउनुपर्ने र अन्य परिस्थिति यसरी सिर्जना गरिनु भनेको कथापि अति दुःखद कुरा हो। म यसलाई कुनै पनि मानेमा कुनै पनि मानेमा स्वीकार योग्य चिजहरू हैनन्। यो अहिले हामीले जुन सुनुवाइ गरिराखेका छौं महाभियोग प्रस्तावको विषयमा यो प्रस्ताव त निष्कृय भैसकेको प्रस्ताव हो र पनि अब यो गरिमामय संसदले मलाई उपस्थित हुन बोलाएको हुनाले म उपस्थित भएको छु। नियमावलीहरू सबै यो संसदीय नियमावलीको सबै अहिले माननीय सदस्यज्यूहरू अध्यक्षज्यूको अगाडि नै होला सचिवज्यूले उपलब्ध गराउनुहोला, त्यही व्यवस्थाले पनि यो छैन।

<u>माननीय सभापतिज्यू:-</u> माननीय श्री प्रमोद शाह।

<u>माननीय श्री प्रमोद साह:-</u> सम्माननीयज्यू, यो हजुरले जुन कुराहरू भन्नुभयो त्यसमा तपाइसँगै बस्ने समकक्षिहरूले अत्यधिकले लोकतन्त्र यो मानव अधिकार यो विधिको शासन सबैलाई अवमूल्यन

गरेर अगाडि बढेको कुरा त तपाईसँगै बस्ने ९९ प्रतिशत न्यायाधीशहरूले तपाईमाथि आरोप लगाएका छन् नी?

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:</u> माननीय सदस्यज्यू, अब यो दुःखका साथ भन्नुपर्छ। माननीयज्यूले सोध्नुभएको प्रश्न अति गम्भीर छ। म तत्काल अवस्थामा म सर्वोच्च अदालतको प्रधान न्यायाधीश हुँ। त्यहाँ मैले न्यायाधीश विचमा कहिले पनि गुट, उपगुट फुट मेरो र अर्काको भनेर कहिले पनि बसिनँ र भविष्यमा यदि मौका पाएँ भने पनि फेरि पनि त्यो गर्ने छैन। जहाँसम्म प्रश्न हो विरुद्धमा सबै न्यायाधीशहरू भन्नु न्यायाधीशहरू चाहिँ तपाईंको विपक्षमा हुनुहुन्थ्यो नि भन्ने जुन अहिले व्यापक पत्रपत्रिकामा आएको छ नि यो १०० को १०० प्रतिशत गलत हो। १०० को १०० प्रतिशत गलत हो। मेरो विरुद्धमा त्यहाँ उपस्थित हुनुहुने भनेको यो महत्वकांक्षाले, महत्वकांक्षा भन्नाले मैले फेरि पनि अब माननीय सदस्यज्यूले भन्नुभयो मैले खोल्नै पर्छ म पछाडिको व्यक्तिलाई प्रधान न्यायाधीश तपाईलाई बनाइदिन्छु भनेपछाडि एउटा गुट हुँदैन? यो त स्वभाविक हो नि। उहाँलाई अहिलेलाई प्रधान न्यायाधीशलाई एक डेढ महिना भएपनि तपाईले चाहिँ यो फिर्ता लिदिन्छु बनाइदिनुस् भनेर त यसरी नै आयो त प्रस्ताव मकहाँ म त्यो खुल्ला गर्दिन्छु। आज यो संसदमा यो समितिमा मैले लुकाउन पर्ने केही पनि छैन। मलाई पटक पटक आयो नि। तपाईले एक डेढ महिना भएपनि फलानोलाई चाहिँ दिपक जिलाई भनौं दिपक कुमार कार्की अब अरु कुरो के छ र खुल्ला रुपमा दिपक कुमार कार्कीलाई चाहिँ प्रधान न्यायाधीश बनाउनलाई सहयोग गर्दिनुस् हामी फिर्ता लिइदिन्छौं भन्नुभयो नि। मैले भने न्यायापालिकाको गरिमाको लागि यो क्रिया गलत छ। आज तपाइले यो गर्नुभयो र मैले छोडें भने भोलि अर्कोले त्यहि महत्वाकांक्षा राख्छ २ नम्बर र ३ नम्बरले अनि कतिजनालाई तपाइहरूले महाभियोग लगाउने र अर्कोलाई बनाउँदै जानुहुन्छ? यो क्रियालाई नगर्नुस् यसले कुनै पनि हालमा सुदृढ न्यायपालिका सक्षम न्यायपालिका स्वतन्त्र न्यायपालिकाको भूमिका यसले कायम राख्न सक्दैन। त्यसमा मेरो स्वीकार छैन भनेर मैले भनेकै हुँ। (बिचमा प्रश्नः- फेरि पनि हजुरको एउटा प्रश्न अरु पनि आएको थियो- कि जब मैले लोकतन्त्रलाई बचाउनको निम्ति हैन २/२ चोटी संसद विघटन भएपश्चात् मैले संविधानको मर्म र भावना विपरीत जान सकिन संविधानको मर्म र भावनाको पक्षमै मैले फैसला दिएकोले पनि यस्तो आएको छ भने अहिले जो दल सरकारमा छन्। तिनै दलले फेरि तपाईमाथि प्रश्न उब्जाएको छ नि त। मैले सुरुमा पनि अलिकति व्यक्त मैले गरेको थिएँ। सुरुमा पनि मैले व्यक्त गरेको थिएँ माननीयज्यू, के भने यो न्यायाधीश फर्मा छ यो न्यायाधीश फर्मा छैन यो प्रधान न्यायाधीश विघटनको पक्षमा छैन भन्ने व्यापक बाहिर आएको थियो। त्यही स्थिति त्यहाँ सिर्जना भयो। यो कुरो धेरैले खुलिसक्यो अझ

मैले के खोल्नु? धेरै खुलिसक्यो नि इमेलदेखि सबै चिजवाट त खुलिसक्यो त धेरै चिज पत्रपत्रिकामा आइसक्या छ इमेलदेखिबाट सबै आइराख्या छ नि। सबै कुरा आइराख्या छ। यो न्यायाधीश सबै स्वतन्त्र हुन्छ। प्रधान न्यायाधीश भन्नाले प्रधान न्यायाधीश पनि न्यायाधीश नै हो। न्यायाधीशमध्येको एउटा लिडर मात्रै हो, न्यायाधीश मध्येको एउटा लिडर मात्रै हो प्रधान न्यायाधीश। सबै न्यायाधीश मुद्दाको [illegible]वाइ गर्दाखेरिको अवस्थामा सबै न्यायाधीश आफ्नो विवेक प्रयोग गर्न फैसला गर्नलाई स्वतन्त्र हुन्छ। त्यहाँ कसैले एकले अर्कोलाई हस्तक्षेप भन्ने कुरोको त हामीहरू कल्पनै गर्दैनौं। हालाकी अब कसैले राखेको विचार चाहिँ राम्रो लाग्यो भने त्यसमा गएर तपाई कै विचार ठिक छ मलाई यो विचार चाहिँ राम्रो लाग्यो भनेर एउटा सहमति जनाउनेसम्म मात्रै हो। तर मैले अघि पनि भने नि यो संसद् विघटनको मुद्दामा स्वतन्त्र रुपमा न्यायपालिकालाई अदालतलाई फैसला गर्न दिएको भए आज यस्तो स्थिति आउँदैनथ्यो। मैले अघि पनि भनेकी छु स्वतन्त्र रुपमा न्यायापालिकालाई फैसला गर्न दिएको भए यो आउँदैनथ्यो। तर मैले दुःखका साथ भन्नुपर्छ त्यो फैसला गर्न गराउनलाई सबै यन्त्र प्रयोग भयो यो त दुःखद हो नि! म त त्यहाँको त जिउँदो साक्षी हुँ। मैले यो कुरो मैले भनिराछु माननीयज्यू यो कुरो जिउँदो म साक्षी हुँ। त्यसले गर्दा दुवैपटकको फैसलामा फैसला गर्ने न्यायाधीशको विचार आयो नि बाहिर प्रधान न्यायाधीश चाहिँ विघटनको विरुद्धमा हुनुहुन्न। यो त आयो त त्यहाँ भएको छलफल त सबै बाहिर आयो नि।

<u>माननीय सभापतिज्यू:-</u> माननीय लाल बाबु पण्डित।

<u>माननीय श्री लाल बाबु पण्डित:-</u> माननीय सभापतिज्यू, मलाई एउटा प्रश्न उब्जिएर आयो। एउटा त जे फैसला भएका छन् त्यतिखेर कतिपय मिडिया, बार लगायतकाले जे माग गरेका छन् त्यही फैसला भएको छ। त्यो फैसला हुँदा त स्यावासी खुशी हुनुपर्ने के भएर उल्टै विरोधमा जानुपर्ने एउटा स्थिति पैदा भयो? के न्यायपालिकाभित्र राजनीतिक द्वन्द्व पसेको हो? र प्रधान न्यायाधीश हुनको निम्ति लुछाचुँडी हुन थालेको हो? राजनीतिक दवावको कारणले गर्दा फैसलाहरू प्रभावित हुन थालेको हो? जनताले अदालतबाट साँच्चै सही न्याय पाइन्छ भनेर आश गर्ने कुरामा संकट उत्पन्न भएको हो? यी कुराले अहिले बजारमा घर गर्न थालेकोले गर्दा यदि यस्ता दुःखद कुरा हुन् भने म संविधानको १३६ तिर पनि म आकर्षित भएर यो प्रश्नको जवाफ खोजिरहेको छु जसमा अदालतभित्र भएका सम्पूर्ण कुराको मुख्य जिम्मेवारी प्रधान न्यायाधीशज्यूले लिनुपर्ने हुन्छ। त्यो १३६ को व्यवस्था हो र त्यहाँभित्र विश्वासको कमि प्रणालीमा व्यवधान र वर्तमान र भूपू लगायत बार समेत सबै यो अहिलेको संकटको जड हो यसको जवाफ चाहन्छु।

प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा: माननीय सदस्य ज्यू, संविधानको धारा १३६ ले प्रधान न्यायाधीशलाई न्याय प्रशासनको जिम्मेवारी सुम्पेको छ। यति भन्दाभन्दै पनि कहिले कहिले अब यो सबै मुद्दामा भन्दा पनि Political मुद्दाहरूमा चाहिँ अलि फरक दृष्टिकोणहरू रहँदो रहिछ। व्यवहार फरक हुँदो रहेछ। सोचाइ फरक हुँदो रहेछ र कियाहरू फरक हुँदो रहेछ यो कुरो चाहिँ सत्य हो। एउटा म अहिले करिब ५३ सालबाट म न्यायाधीश भएको हो। ५३ र १०/१० ७३ २० र अहिले ६ ले करिब २६/२७ वर्ष म न्यायाधीश र अहिले प्रधान न्यायाधीशमा रहिरहेको छु। हामी अब माननीय सदस्यहरू कानुन व्यवसायी हुनुहुन्छ। हामी कानुन व्यवासयी हुँदा हामी अदालत र न्यायाधीशलाई यति मर्यादाका साथ आदार गर्थ्यौं हामी मुख उठाएर बेन्चमा पनि हेर्न सक्दैनथ्यौं। त्यो किसिमको हाम्रो व्यवहार हाम्रो शैली थियो। हामी पनि कानुन व्यवसायी नै हौं। म अठार बर्ष कानुन व्यवासयी गरेको पदाधिकारी हुँ। न्यायाधीशसँग भेटघाट गर्ने, न्यायाधीशसँग कुरा गर्ने भन्ने कुरो त हामी कल्पना पनि गर्दैनथ्यौं। कल्पनै गर्दैनथ्यौं। यो थिदैथिएन। पटकै थिएन। तर अहिले दुःखका साथ भन्नुपर्छ प्रधान न्यायाधीशलाई एक्लो बनाएर न्यायापालिकालाई अगाडि बढाउन सकिन्छ भन्ने भ्रम राजनीतिक दलहरूमा भयो, बारमा भयो, त्यसपछि न्यायाधीशहरूमा महत्वाकांक्षा जाग्यो। यो प्रस्ट छ, यसमा दुई मतनै छैन। एकदम प्रस्ट छ। आज प्रधानन्यायाधीसलाई जिम्मेवारी दिइसके पछाडि नेपाल बारलाई सर्वोच्च परिसरभित्रै नारा र जुलुस लगाएर जहाँ निषेधित क्षेत्र हो। नारा र जुलुस लगाएर माइकबाट प्रधानन्यायाधीस र न्यायापालिका विरूद्धमा बोल्न लगाउँदा खेरी पनि सरकार मौन बस्यो। एउटा त्यो यो गल्ती प्रधान न्यायाधीशको या बारको? यो मैले बुझ्नै सकिन। बारलाई कार्वाही हुनुपर्ने थियो कि प्रधान न्यायाधीशलाई महाभियोग लाग्नुपर्ने थियो? यो पनि मैले बुझिनँ, त्यसपछाडि यहीं बारको दवावमा केही न्यायाधीशहरू पोलिटिकल नियुक्ति, सबै पोलिटिकल नियुक्ति भएका छन्। ती न्यायाधीशहरूको सक्रियतामा बार र बेन्चको सक्रियतामा प्रधान न्यायाधीशको विरूद्धमा बेन्च बहिष्कार गरेर बस्यो। कार्वाही हुनुपर्ने छ न्यायाधीशलाई, महाभियोग लाग्नुपर्ने आज प्रधान न्यायाधीशलाई यो दुःखको कुरो छ। ती न्यायाधीशहरूलाई कार्वाही गर्न नपर्ने? त्यता प्रति त हामी कोही पनि लागेनौं। ती न्यायाधीशहरूको जिम्मेवारी होइन, प्रधान न्यायाधीशको विरूद्धमा न्यायाधीशले आन्दोलन गर्न सक्छ, मिल्छ? कुन ऐन कानुनमा छ? यिनीहरू भातृसंगठन हुन्? यी न्यायाधीशहरूले यसरी हडताल गरेर बेन्च बहिष्कार गरेर बस्न मिल्ने कुनै व्यवस्था छ? कुनै संविधानमा छ? कुनै आचरणले दिन्छ? उनीहरूको कुनै पनि न्यायाधीशको आचरण र व्यवहारले दिन्छ? कुनै कानुनले दिन्छ? कुनै संविधानले दिन्छ? त्यो अधिकार उसलाई? तर तिनलाई कार्वाही गर्नुपर्ने ठाउँमा कसलाई कार्वाही गर्न लगाइयो। आज हामी कसको विरूद्धमा लागि राखेका छौं, प्रधान न्यायाधीश। ती न्यायाधीशलाई मैले के

मा कार्वाही गर्ने, कार्वाही गर्ने अधिकार त सबै संविधानले त गरिमामय संसदलाई छ। मैले कहाँ गएर यी न्यायाधीशलाई कार्वाही गर्ने तर मैले ढोका बन्द गर्न भएन, मैले यिनको मोटरको चाबी खोस्न भएन। तिनलाई नआउनु भन्न भएन, त्यो पनि अधिकार त मलाई कानुनले दिनुपन्यो त्यो त छैन तर ती न्यायाधीशहरूलाई कार्वाही हुनुपर्ने थियो। म दुःखका साथ भन्छु। केही न्यायाधीशको चरित्र यति खराब थियो। तिनको हकमा मैले प्रश्न गरेको थिएँ। यो प्रश्न अब मैले यहाँ सार्वजनिक रूपमै राख्दिन्छु। जस्तो न्यायाधीशको रूपमा प्रकाशमान सिंह राउत यो कुरो नोट होस्। प्रकाशमान सिंह राउतलाई मैले तीनवटा उसले गरेको गम्भीर अपराधको विषयमा प्रश्न गरेको थिएँ। एउटा मुद्दा हेदहिर्दै राख्ने अनि आफू बसेको भन्दा माथिल्लो अहिले उहाँ डिल्लीबजारमा बस्नुहुन्छ। त्यो भन्दा माथि पेन्सन बासना होटलमा पक्षहरूलाई बोलाएर अनि बार्गेनिङ गर्ने गर्नु भयो अनि मैले यो कुरोमा मैले प्रश्न उठाएँ। त्यसपछाडि उहाँ हरेक साँझ भएपछाडि भट्टीमा गएर जाँड रक्सी खाएर, उहाँलाई चाहिँ पिएसओ र डाइभरले उचालेर हिँड्न नसक्ने अवस्थामा भएर उचालेर उहाँलाई मोटरमा हालेर बेडमा राखुपर्ने अपराध गरिराखुभएको छ। सधैंभरि यसमा मैले प्रश्न गरें, त्यस पछाडि आफ्नै श्रीमतिलाई सम्बन्ध विच्छेद गर्न बाध्य तुल्याएर महिला हिंसा गर्नु भयो। त्यसमा पनि मैले प्रश्न गरे? तपाईलाई यदि मैले दुई चिज, मैले तीन चिजकै मैले उहाँलाई भनेको थिएँ। या तपाई सुधिनुस् या तपाईले राजीनामा दिनुहोस्। नभए म लेखेर पठाउँछु भन्दा आज उहाँले बारसँग मिलेर यो षड्यन्त्र गर्नुभयो। अर्को म सहजताका साथ भन्छु। हरेक मुद्दामा अर्को हुनुहुन्छ। अहिले हाम्रा अब दिपक काकी पछिको हरि कृष्णजीको म प्रश्न गर्छु। हरि कृष्णजी हरेक वरिष्ठको हिसाबले हरेक मुद्दामा राख्यो। उहाँ हरेक मुद्दाबाट पन्छिनु हुन्छ। मुद्दा हेर्दा-हेर्दा-हेर्दा महिनौं दिन राखुहुन्छ। उहाँ त्यस पछाडि पन्छेर चाहिँ त्यो मुद्दाबाट जानुहुन्छ। हरेक पटक छिनमा उहाँले आदेश गर्नुहुन्छ। यहीअहिले यो संसद विघटनको मुद्दामा पनि उहाँ बस्नु भयो। बसे पछाडि उहाँले हेर्दै हेर्दै जानु भयो। त्यस पछाडि म यो मुद्दामा बस्दिनँ। उहाँ त्यसबाट पनि जानु भयो। कारण के दिनुभयो, म त प्रधानमन्त्री केपी शर्मा ओलीजीले नियुक्ति गरेको महान्यायाधिवक्ता हु त्यसले गर्दा म उहाँको यो मुद्दा पन्यो म हेर्दिन भन्नु भयो। एकातर्फ र अर्को तर्फ उहाँले फेरि सबै मुद्दा केपी ओलीजीले निर्णय गरेका अहिलेका जति पनि नियुक्तिहरूका विषय छन्। त्यो पनि त केपी ओलीले गरेको हो नि, त्यो चाहिँ सबै फेरि हेर्नुहुन्छ। यस्ता द्वैध चरित्रका व्यक्तिहरू बारको उसबाट आएर त्यस पछाडि यो चाहिँ बारसँग मिलेर षड्यन्त्र गरेर आज न्यायपालिकालाई, न्यायपालिकालाई यो अवस्थामा आज न्यायाधीश हुन अहिले माननीय सदस्यज्यूहरूलाई म भनौं मलाई अहिले यहाँसम्म आउँदाखेरी त गौरवको विषय छ। कसमेकम मैले फोरम त पाएँनि! मैले यी कुराहरू व्यक्त गर्न त पाएँनि। यस्तो प्रवृतिका न्यायाधीशहरू भए पछाडि संस्था चल्दैन। अहिले जति पनि प्रश्न पूर्व

केही बौद्धिक न्यायाधीशहरू हुनुहुन्छ। उहाँहरूले प्रश्न उठाउनु भएको छ। न्यायपालिकाको ओभरअल गर्नुपर्छ भनेर त्यो उठाउनु भएको छ। त्यो विचारसँग मेरो सहमत छ। ओभरहल गर्नुपर्ने अवस्था भइसकेको छ। अर्को, अरू माननीयज्यूको म धेरै भन्दिनँ। धेरै यी चिजहरू छन्। उहाँहरूले दुईजनाले नेतृत्व गर्नु भयो बारलाई हरिकृष्ण र प्रकाशमान ज्यूले त्यही कारणले गर्दा यो स्थिति सृजना भयो। अब बारले मलाई अहिले म प्रमाणहरू सबै सचिवज्यूलाई दिउँला। माननीय सदस्यज्यूहलाई उपलब्ध भई हाल्छ। बारले बेन्च गठनको विषयमा उहाँहरूले प्रश्न उठाउनु भयो। बेन्च गठन अब पहिलो पटकमा त उठाउनु भएन। उहाँहरूले बेन्च गठनको दोस्रो पटक संसद विघटनको चाहिँ अब त्यहाँ न्यायाधीशहरूको बिचमा अब सुन्दासुन्दै बहस सुन्दासुन्दैको अवस्थामा बहस गर्नु हुने बकिल साथहरूले प्रश्न उठाउनु भयो। प्रश्न उठाए पछाडि केही न्यायाधीश बस्नु पर्छ केही न्यायाधीशहरू बस्नु हुन्न भन्ने कुरा आयो। दुई ओटा माननीय न्यायाधीशहरू, दुई ओटा माननीय न्यायाधीशले फलानो- फलानोलाई चाहिँ न्यायाधीशलाई चाहिँ बेन्च उहाँहरूले मुद्दा हेर्नु हुँदैन। उहाँहरू बस्ने हो भने हामी चाहिँ हेर्दैनौं भनेर, उहाँहरूले एक किसिमले रेक्युजल गर्नु भयो अनि जानु भयो। त्यसपछाडि उहाँहरूले बारलाई उठाउनु भयो। बारबाट पूर्णमान शाक्यज्यू आउनु भयो। अब यो पूर्णमान शाक्यज्यूको विषयमा पनि म गरिमामय संसदलाई उजागर गरौंला। यो पूर्णमान शाक्यज्यू आउनु भयो। पूर्णमान शाक्यज्यू मैले बारको म्यानडेट समेत लिएर आएको छु। त्यसले गर्दाखेरी यो चाहिँ श्रीमानकोले चाहिँ यो बरिष्ठको हिसाबले बेन्च गठन गर्नु पर्ने अब भैदियो भने चाहिँ राम्रो हुन्थ्यो भन्ने कुरो उहाँले गर्नु भयो। त्यस पछाडिले हाम्रो बेन्च थियो। बेन्चमा गए पछाडि हाम्रा न्यायाधीशहरूले होइन यो बरिष्ठको न्यायाधीशबाट गर्ने हो भने चाहिँ यो दुईजना जो चाहिँ रेक्युजल गर्या छ। दिपक काकी र मिस्टर आनन्द मोहनको हो रेक्युजल गर्ने। उहाँहरूलाई चाहिँ राख्यो भने चाहिँ हामी बेन्चमा बस्छौं नभए बस्दैनौं उहाँहरूले यो भन्नु भयो। दुई जनालाई राख्यो भने बस्ने, दुई जनालाई राखेन भने नबस्ने भन्नु भयो। हामी बेन्च बस्दैनौं भन्नु भयो। संवैधानिक यो चाहिँ संवैधानिक इजलासको एउटा दायरा छ। यो न्यायपरिषदले तोकेको न्यायाधीशबाहेक अरू बस्न पाउँदैन। त्यो बेलामा चाहिँ उहाँहरूले चाहिँ अब हामी बस्दैनौं भन्यो। पहिला हेरि सक्या न्यायाधीश बस्न भएन। म एउटा मात्र संविधानले प्रधान न्यायाधीश अनिवार्यता भएकाले गरेको हो। अहिले त व्याख्या गरेर त्यो पनि नपर्ने भनेर भन्दिहाल्यो। भनेको छ, अब दुई ओटा बस्छु भनेको न्यायाधीशलाई राख्यो भने उहाँहरू नबस्ने, अनि बस्दिन भनेको न्यायाधीशलाई राख्यो भने मात्र बस्ने भन्ने मिस्टर इश्वर प्रसाद खतिवडा र त्यस पछाडि मिरा मैयाँ सिंह, मिरा श्रेष्ठले यो प्रश्न राखु भएपछि अब मलाई दुविधा भयो। अब यत्रो संसदको विषयवस्तु छ। अब गम्भीर विषयवस्तु छ। छिटो किनार गर्ने भए पछाडि ल तपाईहरूले भनेकै जसरी बसौं न त निर्णय त आफ्नो

आफ्नो होनि भनेर हामीले त्यसपछाडि अनि त्यही दिपक कार्की, अनि त्यही आनन्द मोहनलाई राखेर बेन्च गठन गर्नु पऱ्यो। यही हो स्थिति। अब त्यस पछाडि म त अहिले त झसङ्ग भएँ मेरो विरूद्धमा महाभियोग आइसकेपछाडि हाम्रो तत्कालीन प्रधानमन्त्री नेकपा एमालेको अध्यक्ष केपी शर्मा ओलीज्यू त अति शालिन, अति दूरगामी नेता हुनुहुँदो रहेछ। यस्तो उहाँलाई त सबै इन्फरमेसन थियो सबै थाहा थियो। तर यस्तो बदमासी गर्ने न्यायाधीशलाई चाहिँ उहाँले महाभियोग लिएर आउनु भएन। मैले त हातनै जोडेको थिएँ हजुर भएदेखि त यो चाहिँ गल्ती नै भयो। यो सबै प्रक्रियाको विषयमा न्यायाधीशहरूको यस्तो बस्छु भन्या न्यायाधीशलाई राख्न सकिएन बरू बस्दिनँ भन्या न्यायाधीशहरूलाई राखु पऱ्यो। अब बारनै आएर सबै न्यायाधीशहरू हडताल सबै क्रियाहरू गरेर गरे। मलाई त दुःख लागेको छ। दुःख लाग्या छ। हामी पाँचौं जनालाई ल्याइदिँदाखेरी हुन्छ भनेर समेतपनि मैले भन्या थिएँ। मैले अनुरोध गऱ्या थिएँ। यस्तो स्थिति पैदा गर्यो। अब माननीय सदस्यज्यूले भन्नु हुन्छ। न्यायापालिका त साहै कतापट्टि कमजोर भयो। ९९ प्रतिशत मैले प्रतिवद्धता जनाएँ। जनताको मुद्दामा जो चाहिँ, जनताका मुद्दाहरू छन्। त्यसमा पटक्कै पनि के भन्छ निष्पक्षतामा कमी कमजोरी छैन। तर यो पोलिटिकल दुई ओटा मुद्दामा चाहिँ म अहिले पनि सपना जस्तो भईराखेको छु। मैले यो विषयमा बोल्नै सक्दिन। सबै पत्रपत्रिकादेखि लगेर, सडकदेखि लिएर, न्यायाधीशदेखि लिएर, बारदेखि लिएर। सबै कब्जा गरेर भएको फैसलाको विषयमा मैले के बोल्ने? यो विषयमा म धेरै बोल्दै बोल्दिनँ तर त्यस्ता न्यायाधीशलाई कार्वाही हुनुपर्ने ठाउँमा चाहिँ अहिले हामी प्रधान न्यायाधीशको विरूद्धमा लागिराखेका छौं। (विचमा प्रश्न सोधियोः- यो अहिले हजुरले लास्ट भन्नु भयो नि यो विषय) जवराः- यो दुई ओटा फैसला भन्या संसद विघटनको मुद्दामा दुई ओटा फैसला पुनस्थापनावाला, सडक जाम हैन, सडक पुरै कब्जा, बार पुरै कब्जा, त्यस पछाडि न्यायाधीश पुरै कब्जा भएर भएको फैसलाको औचित्यको विषयमा मैले के भन्ने?

<u>माननीय सभापतिज्यूः-</u> माननीय श्री मिन बहादुर विश्वकर्मा।

<u>माननीय श्री मिन बहादुर विश्वकर्माः-</u> अगि हजुरले राखु भएको सरसर्ती कुरा चाहिँ घटना क्रमलाई सरसर्ती राखु भयो। त्यो केही जानेका, केही बुझेका, केही नजानेका कुराहरू पनि आए। समग्रमा चाहिँ फैसलामा राजनीतिक प्रकृतिका मुद्दाहरूमा चाहिँ राजनीतिक दवाव र प्रभाववाट फैसला गर्न बाध्य भए भन्ने कुरा हो? यहाँको किनभने जिम्मेवारी त प्रधान न्यायाधीशको हुन्छ।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवाराः-</u> अब मैले अघिपनि भने संविधानले यो जिम्मेवारी न्यायप्रशासनको जिम्मेवारी, फैसलाको जिम्मेवारी न्यायाधीशको होइन। न्यायप्रशासनको

जिम्मेवारी मात्रै प्रधान न्यायाधीशको हो। फैसला त सबै न्यायाधीशले स्वतन्त्र रुपमा गरिने क्रिया हुन्। यसमा चाहिँ त्यो सबै न्यायाधीशले आफ्नो स्वतन्त्र विचारले फैसला गर्ने हो यो। (बिचमा प्रश्नः-हैन यसमा त संवैधानिक इजलासबाट गरिएका फैसलाको त प्रधान न्यायाधीशले गर्ने हो नि?) होइन, नेतृत्व त जुनसुकै इजलासमा पनि वरिष्ठले गर्ने हो। म त्यो संवैधानिक इजलासमा चाहिँ प्रधान न्यायाधीश वरिष्ठ हुने हुनाले मेरो नेतृत्वमा हुने हो। (बिचमा प्रश्नः- तर त्यसको जिम्मेवारी लिन तयार हुनु हुन्न)। होइन, फैसलाको जिम्मेवारी त फैसलालाई मान्नु पर्छ भन्ने सिद्धान्त संविधानको सबैले मान्नै पर्छ। त्यो संविधान त्यो फैसला जिम्मेवारी त अब मैले फैसला म गर्‍या छु। मैले पनि सही गर्‍या छु। म त्यो जिम्मेवारीबाट मेरो जाने भन्ने होइन तर मैले भन्न खोज्या के हुने यो वास्तविकता र अवास्तविकतामा फरक यति नै हो। फरक मैले माननीयज्यूको प्रश्नको भनें सडक, बार, न्यायाधीश सबैलाई कब्जा गरेर भएको फैसलाको औचित्य यो संविधानले पुष्टि गर्‍या छ? यति हो।

माननीय सभापतिज्यूः- माननीय श्री शिव माया तुम्बा हाङफे।

माननीय डा. शिव माया तुम्बाहाङफेः- माननीय सभापतिज्यू, अहिले जवाफ दिने क्रममा प्रधान न्यायाधीशले आफ्ना कुरा राखिराको सन्दर्भमा यहाँ कुरा एकपटक दुईपटक दोहोरिर के आयो भने, त्यहाँभित्र भएका जुन फैसला गरिरहँदाखेरी म पनि थिएँ। म लगायत हामी पाँचजना थियौं। पाँच मध्ये मलाई महाभियोग लगायो ४ लाई छोडियो भन्ने एउटा प्रश्न उठेको छ। अर्को प्रसङ्ग राजनीतिक दलहरूसँग पनि जोडियो। मेरो एउटै मात्र जिज्ञासा यहाँहरूले फैसला गरिरहँदा खेरी कुन चाहिँ राजनीतिक दलले यहाँहरूलाई प्रभावमा पार्न खोजेर यहाँ एक्लैलाई महाभियोग लगाएर अरू चार जनालाई नछोएको अवस्था आफूलाई महसुस हुन्छ त?

प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबाराः- मैले माननीयज्यूको प्रश्न अति गम्भीर छ। मैले अघि नै पनि भनें देशमा शान्ति, स्थायित्व, विकास, नगरिकको हकहित, नागरिकको मौलिक अधिकारको विषयमा राजनीतिक दल र त्यसैबाट बनेको सरकारले नै गर्ने हो। त्यसले गर्दा खेरी राजनीतिक दलप्रति मेरो पूर्णरूपमा सम्मान छ। आस्था छ। त्यसले गर्दा खेरी मैले यतिमात्र भनेको हुँ। संविधानको बर्खिलाप दलहरू नगाइदिए हुन्थ्यो। न्यायापालिकालाई निष्पक्ष, स्वतन्त्र भएर, आफ्नो कार्यसम्पादन गर्न दिएको भए यस्तो अवस्थाहरू आउँदैन थियो। मैले यतिमात्र भन्न खोजें।

माननीय सभापतिज्यूः- माननीय श्री रेखा शर्मा।

माननीय श्री रेखा शर्मा:- माननीय सभापतिज्यू, धेरै गहमी र गम्भीर र सिरियस कुरै भए, अब कुरा अलि गम्भीर नै लाग्यो। अब एकदमै अब उठ्न त उठि सकेको छ। अघि पनि सकेको छ नदोहाएपनि हुने हो। पटक पटक के भन्नु भयो भने न्यायापालीकालाई स्वतन्त्र रूपमा निर्णय गर्न दिएको भए भन्ने धेरै चोटि दोहोरियो के भने हामीले जुन हाम्रो संविधानले जुन व्यवस्था गरेको छ। शक्ति पृथकिकरणको कुरा, न्यायालयको कुरा भयो। अहिलेसम्म त अब अन्तिममा भरोसा भनेको त न्यायालय हो। नेपाली जनताको लागि त्यसरी आइराखेकोमा कयौं कुरामा कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका बिचमा अन्तर सम्बन्ध पनि छ। फेरि स्वतन्त्र-स्वतन्त्र आफ्नो अधिकार पनि छ। त्यसो हुँदाहुदै न्यायापालिकाले यत्रो पटक-पटक यहाँ जस्तो व्यक्ति नेतृत्वमा हुँदा र जुन निर्णयहरू गरे ती निर्णयहरू नै स्वतन्त्र भएनन् भन्ने जुन कुराहरू आयो। त्यसमा नेतृत्वका हिसाबले अब हैन यो किन यस्तो भयो? नेतृत्वका हिसाबले तपाईले किन यस्तो यसको प्रतिवाद गर्न सक्नु भएन? किन संरक्षण गर्न सक्नु भएन? स्वतन्त्र न्यायापालिका यो गर्न नसक्नु पछाडि त जसरी महाभियोगमा असक्षमताको आरोप लाग्यो। त्यो त एक खालले पुष्टि भएको जस्तो भयो नि त, हैन हजुरले आफैं के स्वीकार गर्नु भयो भने, "पटक-पटक यस्तो भयो, सडकदेखि लगेर, बारदेखि लगेर सबै कब्जा गरेको भएर यस्तो निर्णय", त्यस्तो त कसरी हुन सक्छ त? त्यो निर्णय गर्ने बेला त न्यायापालिका स्वतन्त्र ढङ्गले गर्नुपर्‍यो र त्यो गर्ने कुरामा त त्यहाँको नेतृत्व जवाफदेहीता हुनुपर्ने होला नि? त्यो जवाफ त दिनुपर्ने होला। त्यसकारणले झन कतै अब हजुरले भन्नुभए जस्तै गर्दाखेरी त कतै महाअभियोग लागेको आरोप पुष्टि हुने जस्तो देखियो। भन्ने मैले अलिकति थपें नेतृत्वको हिसाबले त्यतिबेला निर्णय गर्ने बेलाको नेतृत्वका हिसाबले यहाँले अलिकति स्पष्ट जवाफ दिनुपर्छ जस्तो लाग्छ। धन्यवाद।

प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा: माननीयज्यूको प्रश्न गम्भीर छ। मैले त्यो जिम्मेवारीबाट पन्छेको, भागेको भन्ने अर्थ नलागोस्। मैले यो सधैं भन्ने गरेको छु तर त्यो भन्दैमा हामीले सबै परिस्थितिमा माननीयज्यूहरु मर्मज्ञ हुनुहुन्छ, बुझ्नुभएको छ। प्रधानन्यायधीशलाई जिम्मेवारी चाहिं दिइयो तर सबैबाट चाहिं बाँध साँध सबै छोडेर चाहिं लिएर गएर थुनेर राख्यो भने यो स्थिति आउँदो रैछ, हुँदो रहेछ। यस्तो हुँदो रहेछ मैले त्यसैकारण त मैले भने नि यो गरिमामय अहिले यो समितिले प्रयोग गर्ने त यो जनताको sovereign अधिकार हो नि। जनताको अधिकार प्रयोग गर्ने हो। यो जनताको अधिकारलाई प्रयोग गर्दाको अवस्थामा सत्य कुरा वास्तविकता आओस्। सत्य आओस्। त्यसैबाट निचोड गर्ने हो। मेरो योग्यता पुगेको छैन। मेरो क्षमता पुगेको छैन, म असक्षम छुँ। यो माननीयज्यूहरुले को प्रतिवेदनमा भर पर्छ। माननीयज्यूहरुले यो प्रतिवेदनबाट मैले अवकाश जानुपर्छ, भने मैले त

स्वीकार गरेको छुँ नि। म अस्वीकार गर्ने भए त म राजीनामा दिएर भागिहाल्थें नि। म यो त कदापि होइन नि मैले भनेको के भने मेरो त भनाइ के भने यो भएको व्यवस्थामा अब हामीले परिमार्जन गर्नुपर्छ, सुधार गर्नुपर्छ। न्यायपालिकालाई स्वतन्त्र छोड्नुपर्छ। न्यायपालिकालाई निष्पक्ष छोड्नुपर्छ। न्यायपालिकालाई सक्षम बनाउने पट्टिचाहिँ के के चिजहरु दिन सकिन्छ त्योतर्फ जानुपर्छ। तर बाँनिर राखेर, हरेक चिजमा हरेक उसमा Political Issues मा चाहिँ हार र जितलाई चाहिँ लिएर गएर आज एक दिनको कुरो होइन नि! सरकार त आज एउटा पार्टीको बन्छ भोलि अर्को पार्टीको बन्छ। यो त ठुलो कुरो होइन नि। जनताको यो पार्टी के आज अहिले सरकारमा बन्न नपाए अहिलेको गठबन्धन सरकारमा बन्न नपाएँ भोलि बन्दैन र? हिजोको रहेको सरकारको पार्टीमा रहेको सरकारले फेरि भोलि सरकारमा आउन सक्दैन र? यो त निरन्तर परम्परा हो नि। राजनिति त जहिलेसम्म यो संविधान कायम रहन्छ यो संविधानको राजनितिक दलहरु कायम रहन्छ उहाँहरुको त यसैमा जाने हो नि। तर यसलाई स्वार्थबस प्रयोगमा लिएर आउँदाखेरी न्यायपालिकाले स्वतन्त्र भूमिका कायम गर्न चाहिँ सक्दैन रहेछ है भन्ने त्यसमा चाहिँ महसुस होस् मनन् होस् भन्ने चाहिँ मेरो अनुरोध हो।

<u>माननीय सभापतिः-</u> माननीय श्री कृष्ण भक्त पोखरेल।

<u>माननीय श्री कृष्ण भक्त पोखरेलः-</u> माननीय सभापतिज्यू, जननिर्वाचित सरकारलाई तपाईंसमेतको परमादेशी आदेशबाट विस्थापन गरी नयाँ सरकार गठन गर्दापनि तपाईंसँग चित्त बुझाएको देखिएन। वर्तमान सरकार वा गठबन्धन दलहरुले अरु पनि केही गराउन चाहन्थें कि? त्यो पूरा गर्न नसकेर हो कि वा अभियोग पेस गर्न हुने माननीय सदस्यहरु वा दलले तपाईंलाई अरु थप केही गर्न वा नगर्न दबाव दिएको थियो कि? त्यो दबाब पूरा गर्न नसकेर महाभियोग लगाएको हो कि भन्ने केही तपाईंको त्यस्तो भनाइ छ भने त्यसलाई अलिकति प्रस्ट गरिदिनुहोस्।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबराः-</u> माननीय सदस्यज्यू त्यस्तो म चाहिँ मेरो एउटा यो मेरो एउटा स्वभाव छ, अति जटिल स्वभावमा स्वभाव छ मेरो। म न्यायपालिकाको मा म जहिलेदेखि न्यायाधीशमा भएँ। म बारबाट आएको व्यक्ति हुँ। ०५३ सालमा बारबाट न्यायाधीशमा आइसकेपछाडि मैले त्यो बारलाई आफ्नो मातृसंस्था मानेपनि त्यो बारका पदाधिकारीहरुसँग कहिलेपनि चिया समेत पनि बसेर खाएको छैन। कुनै पनि कानुन व्यवसायहरुसँग अहिलेसम्म मैले बसेर चिया खाएको छैन। यो एउटा मेरो उ हो। त्यसपछाडि म जहिलेदेखि सर्वोच्च अदालतको प्रधान न्यायाधीश भए। त्यो प्रधान न्यायाधीश भइसके पछाडिकोमा मेरो अब मैले अन्य समितिमा पनि मैले पहिला पनि व्यक्त गरेको थिएँ। बालुवाटारलाई मछली बजारको रूपमा प्रयोग गरियो।

त्यो म हुन दिन्नँ म त्यहाँ कुनैपनि अवैध क्रियाहरू मै हुन दिन्नँ र मैले भेट्घाट केही पनि गर्दिनँ भनें। मैले त्यही प्रतिवद्धतामा मैले आजसम्म र मेरो उसमा कसैलाई पनि भेटघाट कुनै पनि व्यक्तित्वलाई भेटघाट गर्न दिएको, गरेको केही छैन। मलाई मैले भनिहालें नि यो प्रधान न्यायाधीश अघिपनि मैले घुमाउरो तर्फबाट माननीयज्यूले बुझ्ने तरिकाले मैले अघि आफ्नो मैले बयानको क्रममा कुरा के भने मलाई त्यो अब त्यो मभन्दा पछाडिको लाई महत्वकाङ्क्षा दिएर अनि यसले चाहिँ असहयोग गर्छ। यसले चाहिँ हाम्रो फर्ममा छैन भन्ने आरोप लागेर त आज यो स्थिति सृजना गरियो नि। त्यो महत्वकाङ्क्षा दोस्रो पदाधिकारीहरूलाई महत्वकाङ्क्षा दिएर गरियो। त्यसै कारण त मैले, अघिदेखिबाट भनिराखेको छु नि। बस्छु भनेको न्यायाधीशलाई बिना आधार वस्न दिएन। वस्दिनँ भनेर भनेको चाहिँ न्यायाधीशलाई दियो। एक न्यायाधीशले चाहिँ अर्को न्यायाधीशलाई तँ बसेपछि म वस्दिनँ भनी यी चिज सबै सृजना गरियो। मैले भने नि यी सबै क्रियाहरू गरेर त गरिएको छ। म न्यायाधीश अहिले यो गठबन्धनमा भनौं गठबन्धनलाई चाहिँ यो प्रधान न्यायाधीशले सहयोग गर्ने किसिमको वातावरणहरू हिजो थियो, आज छ र भोलि हुन्छ भनेको भए त यो स्थिति आउँदै आउँदैन थियो। किन आउने थियो र आउने अवस्था नै थिएँन।

(बिचमा प्रश्न)

<u>माननीय कल्याणी कुमारी खड्का:-</u>: माननीय सभापतिज्यू, मेरो एक दुई ओटा जिज्ञासा छ। यहाँले जवाफका क्रममा वकिलहरू, न्यायाधीशहरूलाई उचालेर विपक्षमा उभ्याइयो भन्नु भयो। जिम्मेवारीका हिसाबले यहाँ सर्वोच्चको नेतृत्वमा प्रधान न्यायाधीश हुनुभयो तर जो सर्वोच्चमा न्यायाधीशको रुपमा हुनुहुन्छ। उहाँहरू चाहिँ के उहाँहरूको व्यक्तित्व माथि नै, कार्यक्षमता माथि नै प्रश्न उठेन। यसरी कसैले उचालेर ..... व्यक्तित्वहरूलाई लामो समय बिताएर धेरै खालका अनुभवहरू लिएर त्यहाँ सर्वोच्चमा गएको हुन्छ मान्छे, हामीले फेरि सर्वोच्चमा न्यायाधीश बन्नको लागि विभिन्न खालका मापदण्डहरू राखेका हुन्छौं। योग्यतम भएपछि मात्रै त्यहाँ पुग्ने हुन्छ। त्यसो भएकोले न्यायाधीशलाई कसैले उचालेर संविधानका विरूद्ध, कानुनका विरूद्ध उचाल्दाखेरी उहाँहरूको कार्यक्षमता योग्यतामाथि चाहिँ प्रश्न चिन्ह खडा भयो। त्यसै गरेर वकिलहरूको कुरा पनि धेरै त्यस्ता वरिष्ठतम वकिलहरू, पूर्व न्यायाधीशहरू जसले चाहिँ कोही एउटा राजनीतिक पार्टीले उचालेर उचालिएको हो या यहाँ प्रमुख भएको कारणले प्रमुखले गरेका कमजोरीको कारणले वाध्यता भएको हो। एउटा त्यो कुरा हो। दोस्रो कुरा त मैले के देखेको भने यो भन्दा अगाडि पनि न्यायालयमा, सर्वोच्चमा प्रधान न्यायाधीश हुनुहुन्थो र राजनीतिक पार्टीहरूपनि थिएँ तर यहाँकै पालामा चाहिँ त्यस्तो एउटा चाहिँ महिनौं दिनसम्म न्यायालय अवरूद्ध हुने। त्यसपछि

राजनीतिक पार्टीहरू अथवा चाहिँ विभिन्न आम नागरिकहरू, आन्दोलनमै उत्रिनु पर्ने। त्यस्तो के कारणले भयो त, नेतृत्वको असक्षमताले हो भन्ने कुरा यसले प्रस्ट हुँदैन र एउटा, दोस्रो कुरा तेस्रो चाहिँ मैले के देखे भने तपाई आफैले के भन्नु भएको छ भने स्वतन्त्ररूपमा के भन्नु भयो भने कसैको कुनै कसैको दवावमा मैले निर्णय गर्दिनँ अथवा न्यायालयले निर्णय गर्नु हुँदैन र फैसला हुदैन। न्यायालयको जे खालको मान्यता, मापदण्ड जे हो। त्यही हिसावले गर्नुपर्छ र त्यसै अनुसार भएको पनि छ भनेर भन्नुभयो र दोस्रो कुरा चाहिँ के भन्नु भयो स्वतन्त्र रुपमा फैसला गर्ने दिएनन् भन्नुभयो र यो फेरि यहाँहरूले नै के भन्नुभयो विभिन्न पत्रकारहरू, विभिन्न चाहिँ बार अथवा पत्रकारहरू अथवा चाहिँ अन्य राजनीतिक दलहरू दवावका कारणले केही पनि यहाँ हुँदैन र त्यो हामी त्यस्तो खालको फैसलापनि गर्दैनौं पनि भन्नुभयो र यता फेरि दवावको कारणले फैसला भयो यो नि यस्तो हेर्दाखेरी यहाँहरूले गर्नु भएको आफ्नै फैसलालाई के भन्नु भयो भने यो चाहिँ म वाध्यता भएर यो फैसलाभएको हो र अब म यसरी मान्दिनँ त भन्नुभएन किनभने न्यायलयले गरेको हरेक फैसलामा हरेक नागरिकहरूलाई मान्न वाध्य हुन्छ त्यसकारणले वाध्यता भएको भन्ने कुरा यहाँहरूको आफ्नै कुरा वाझिएको छ र अर्को कुरा यो कुनै न्यायाधीशलाई उचालियो र अथवा चाहिँ कुनै न्यायाधीशलाई चाहिँ वेन्चमा राख्न र नराख पनि वाहिरवाट दवाव भयो। यहाँहरूले जसरी चाहिँ दवाववाट काम हुदैन भनिराख्नु भएको छ। त्यही कुराचाहिँ कुराले के वताउँछ भने जवाफले के वताउँछ भने फलानोलाई राख्नु पर्ने थियो अथवा चाहिँ विधिले त्यो भन्थ्यो तर दवावले गर्दाखेरी अर्को मान्छे राख्न वाध्य भइयो। अर्को न्यायाधीश राख्न वाध्य भइयो भन्ने कुराले त यहाँको नेतृत्वको क्षमतामाथि त आफैले आफैले दिएको जवाफले प्रश्न खडा भयो यसकारण पनि अव यो कार्वाही अथवा चाहिँ पाँचै जनालाई हुनुपर्थ्यो वा हुनुपर्दैन थियो भन्ने कुराभन्दा नि यहाँले गर्न नसकेको कुरा जो विधिमा छ, नियममा छ। ठिक छ, राजनीतिक पार्टीहरूले चाहिँ संसदका आरोप लगाउने मान्छेहरूले संविधान मिच्ने काम, कानुन मिच्ने काम गर्छ भनेर नै यो न्यायालयको संरचना खडा भएको भन्ने लाग्छ मलाई। त्यसो भएको हुनाले, यसलाई होइन है तपाईहरूले गरेको कुरा वेठिक छ भनेर उभिनको सट्टा कुनै नागरिकले, कुनै राजनीतिक दलले, कुनै निकायले यहाँहरूले गरेको गतिविधिलाई चित्त नवुझेर कसैले विरोध गर्न सक्छ, कसैले समर्थन गर्न सक्छ। यो पनि त नागरिकको स्वतन्त्रताको विषय हो। त्यसकारण त्यहाँ विरोध भयो भन्दैमा यहाँहरूले प्रभावित भएर त्यस्तो खालको निर्णय गर्न पर्यो र यो महाभियोग प्रस्तावसँग जानु पर्यो भने पछि अनि यहाँकै चाहिँ उत्तरले के वताउँछ भने त्यतिवेला यहाँनै अव चाहिँ यो न्यायालयको प्रमुख, प्रधान न्यायाधीशको सक्षमतामाथि नै प्रश्न उठ्यो। त्यसकारणले अरू कसैले लगाको भन्दापनि यहाँले दिएको उत्तरले त्यो देखाइराखेको छ। यहाँले के भन्नु हुन्छ? धन्यवाद।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:-</u> मैले अलि अलि अलि चाहिँ यो न्यायिक भाषाहरू माननीयज्यू अलिकति अलिअलि प्रस्ट हुँदैन। त्यसकारण चाहिँ मैले यो भन्न खोजेको हुँ के भने सबैभन्दा ठूलो कारण त हामी कसैले पनि अहिले, अहिले जुन अब अदालतको परमादेशबाट सिर्जना भएको सरकार छ, त्यो सरकारले, त्यो सरकार, त्यो संलग्न दल छ। उहाँहरूले यदि भन्नु पऱ्यो। आज यहीं नभनेको कारणले गर्दाखेरी आज मैले अघि माननीयज्यूबाट घुमाउरो पाराले यो कोही न कोही माननीज्यूबाट प्रश्न आउँछ होला भन्ने मेरो मनमा थियो र मलाई लागेको थियो। यदि यो यो यो फैसला चाहिँ ठिक थियो भन्यो भने अनि यहीं फैसलाको नेतृत्व गर्ने प्रधान न्यायाधीश बेठिक कसरी भएर महाभियोग आउन सक्यो? यसको जवाफ उहाँहरूले दिनुपर्थ्यो नि दिनुपर्छ नि। म त त्यही बेन्चको दुई-दुईचोटि नेतृत्वको गरेर बसेको, दोस्रोचोटि नेतृत्व गरेर परमादेश जारी गरेर अहिले बनेको सरकार हो नि। दलको चाहिँ दलको अहिले जुन चाहिँ गठबन्धनको सरकार छ। त्यो सरकार त परमादेशबाट बनेको सरकार हो। यदि यो परमादेशको आदेशबाट बनेको सरकार चाहिँ उहाँहरूको अहिले यो कियाबाट नै अहिलेको जुन महाभियोगको प्रस्ताव छ। योबाट त त्यो फैसला ठिक छैन भनेर उहाँहरूले स्वीकार गरेर यसलाई दिनुभयो नि, अदालत निष्पक्ष भएन, अदालतको प्रधान न्यायाधीश निष्पक्ष भएन। अनि यो प्रधान न्यायाधीशले यो फैसला गर्ने नहुने थियो यस्तो फैसलामा सही छाप गर्यो त्यसपछि न लाग्या हो आरोप यो प्रधान न्यायाधीशको विरूद्धमा महाभियोग आएको न हो। अरू त विषय नै होइन नि, त्यसमा त्यसैलाई त्यही फैसला गराउनको लागि यहीं किसिमको फैसला गराउनको लागि बारले त्यत्रो आवाज उठायो। बारले आन्दोलन गऱ्यो। पत्रपत्रिकादेखि सारा कान्तिपुर देखिबाट लगेर सबैले चाहिँ यहीं प्रश्न उठाइ खडा गरेर न यो सरकार बनेको छ। त्यहीं नेतृत्व गर्ने प्रधान न्यायाधीशलाई चाहिँ किन महाभियोग लाग्यो? यहीं त मैले बुझेको छैन। यदि त्यो फैसला ठिक थियो भने मलाई महाभियोग नलाग्नु पर्ने। यदि फैसला गलत थियो। यदि परमादेशको आधारबाट बनेको सरकार चाहिँ गलत थियो भने सही थियो भने महाभियोग नलाग्नु पर्ने। गलत थियो भने लाग्नु पर्यो। त्यसकारण त मैले अघि पनि भने लिएर आउनुपर्ने चाहिँ महाभियोगको प्रस्ताव आउनुपर्ने नेकपा एमालेबाट आउनुपर्ने थियो तर आयो चाहिँ गठबन्धनकोबाट आयो। यहीं त मिलेन यहीं त भनिराखेको छु।

(बिचमा प्रश्न)

<u>माननीय श्री एकबाल मियाँ:-</u> सानो जिज्ञासा फेरि आयो के यहाँको जवाफ पछि छोटो के हो भने, हामी एउटा मात्रै फैसलालाई हेरेर यो महाभियोग लागेको जस्तो मलाई लाग्दैन? थुप्रै यहाँ भित्र छन् अब यो चाहिँ समय क्रममा आउला त्यसकारणले गर्दाखेरी एउटा फैसलालाई लिएर कसैलाई

ठिक लाग्यो र बैठिक लाग्यो भन्ने हिसाबले महाभियोग आएको हो जस्तो लाग्दैन। त्यसो भएकोले यहाँ थुप्रै विषयहरू छन्। यहाँले कति कोट्याउनु भएको छ। हामी त सुरूवातमै छौं। एउटा फैसलाले चाहिँ महाभियोग चाहिँ लाग्ने नलाग्ने कुरै भएन। कसैलाई पोजेटिभ भयो होला, कसैलाई नेगेटिभ भयो होला। सकारात्मक र नकारात्मक भयो होला तर सकारात्मक छ रे भन्ने मान्छेले चाहिँ अरू विषयहरू छोडिदिने, त्यसको चाहिँ अरू विषयहरूलाई गलत भएका पक्षहरूलाई छोडिदिने कुरा हुन्छ र त्यो त हुँदैन नि?

<u>माननीय सभापतिज्यू:-</u> माननीय श्री एकवाल मियाँ।

<u>माननीय श्री प्रमोद साह:-</u> अब मेरो एउटा question को त लगभग लगभग जवाफ आइसक्यो। मेरो एउटा के question थियो कि परमादेशबाट जुन सरकार गठन गरियो। त्यो गर्दा पनि त्यहिँ सरकारलेनै तपाई माथि चाहिँ महाभियोग लगायो भन्ने अब के कारण थियो? त्यो चाहिँ किन गर्यो? अब एउटा मेरो के छ कि संसद विघटन एउटा पुस पाँच गते भयो र अर्को जेष्ठ सात गते भयो। पुस पाँच गतेको संसद विघटन हुँदाखेरी त्यसपछि मन्त्रीमण्डल गठन भयो। त्यसमा पनि मुद्दा परेको थियो। त्यो मुद्दा त्यसपछि पनि यो जेष्ठ सात गते संसद विघटन हुँदा पनि मन्त्रीमण्डल गठन भयो। त्यसमा पनि मुद्दा गयो। त्यसमा चाहिँ १३ दिनमा आफ्नै नेतृत्वमा चाहिँ त्यसलाई चाहिँ एकदम फैसला चाहिँ चाँडै गरिदिनुभयो र उतातिर जुन पुस पाँच गते मन्त्रीमण्डल गठन हुँदा हुँदै त्यो मुद्दा जस्ताको त्यस्तै रहयो। त्यसलाई केही गर्नु भएन भने के कारण थियो कहाँबाट दबाव थियो कि भनेर त्यो चाहिँ त्यति चाँडो चाहिँ फैसला गरिएको हो।

<u>प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जवरा:-</u> फैसला भइसक्या छ र? त्यो चाहिँ मेरो उसमै छैन। त्यो अहिले पनि अन्तरिम आदेशमात्र जारी भयो।

(माननीय प्रमोद साह थप कुरा गर्दै)

<u>प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जवरा:-</u> कुन चाहिँनी?

(माननीय प्रमोद साह थप कुरा गर्दै) : त्यो जेठ ७ गतेको ..... दोस्रो विघटनको मन्त्रीमण्डल .....

<u>प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जवरा:-</u> त्यो त यस्तो हो मन्त्रीमण्डलको विषयमा त्यो मन्त्रीमण्डल गठनको मा? गठनको मा त यस्तो हो। अब हाम्रो संविधानको धारा ७६ र ७७ मा अझ प्रस्ट व्यवस्था छ। त्यसमा चाहि के भने त्यसमा भएको व्यवस्था, व्यवस्था त माननीयज्यूहरुलाई सबैलाई अवगत नै छ। संविधानको व्यवस्था हो। अब पहिलाको चाहि के हो

मैले बुझिन। दोश्रोमा चाहि अब प्रधानमन्त्री संविधानको व्यवस्थाले ७७ को व्यवस्थाले प्रतिनिधि सभामा रहन्जेल मात्रै प्रधानमन्त्री रहनुहुन्छ। प्रतिनिधि सभाको सदस्य नभएको व्यक्ति प्रधानमन्त्री हुने व्यवस्था संविधानले गरेको छैन। भइरहेको प्रधानमन्त्री चाहि प्रतिनिधि सभा विघटन भए पछाडि प्रधानमन्त्री रहदैन। कामचलाउ अर्को प्रधानमन्त्री नहुनजेलसम्म मात्रै त्यो प्रधानमन्त्री र मन्त्रिपरिषद् रहन्छ र ७७ को व्यवस्थाले अब त्यो वेलामा अब तत्कालिन प्रधानमन्त्रीज्यूले अब विघटन गरिसक्नुभए पछाडि मन्त्रीमण्डल फेर बदल गर्नु भो। नयाँ ल्याउनु भो। पुरानोलाई राखेर, पुरानो केहीलाई राखु भो केहीलाई सबलाई हटाउनुभो। नयाँ नियुक्ति गर्नुभो हटाएर नयाँ गर्नुभो। त्यो चाहि संविधानले सोही मन्त्रिपरिषद्ले भनेको हुनाले काम चलाउ प्रधानमन्त्रीले मन्त्री हटाएर नयाँ मन्त्री नियुक्ति हुने व्यवस्था संविधानले निषेध गरेको हुनाले त्यो स्थिति भाको हो।

(माननीय प्रमोद साह थप कुरा राख्दै) पुष ५ गतेको संसद् विघटन ..... केही मन्त्रीमण्डल गठन भो। त्योलाई १३ दिनमै चाहिँ एकदम परमादेश लागूभयो। शुरुको चाहिँ भएन। यो चाहिँ के, कहाँको दवावले यति चाँडो भएको भनेर मेरो Questions त्यहाँ छ।

<u>प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जवरा:-</u> होइन, त्यो कुनै दवाव प्रभाव होइन। त्यो चाहिँ पहिलो निवेदन परेको पहिलो Knowledge मै छ । पहिलोवालामा, पहिलोवालामा चाहिँ ६ महिना पछाडि ६ महिनाको जुन चाहिँ ६ महिना पछाडि पनि नि केही मन्त्रीज्यूहरुलाई त्यो ६ महिना पछाडिको मापनयुक्त ७७ को व्यवस्थाले, ७८ को व्यवस्थाले केही मन्त्रीज्यूलाई चाहिँ ६ महिना पछाडि पनि राखिया थियो। त्यो चाहिँ त्यो त्यसलाई पनि निषेध गऱ्या त होनि, रोक्या हो। अरु त होइन।

<u>माननीय श्री एकवाल मियाँ</u>:- मैले अलिकति भने ..... मैले ..... मैले सोधेको Questions मा, मैले सोधेको Questions मा के भो भने कानूनी भाषा तपाईले नबुझ्या भन्नुभो कि अथवा चाहिँ यो मैले उठाएका कुरा उत्तर आएन त्यही मात्र भने

<u>प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जवरा:-</u> हजुर के रे माननीयज्यू हजुर

<u>माननीय श्री एकवाल मियाँ</u>:- एक दुई वटा Question गऱ्या थियो मैले, न्यायाधीशहरु र उलाई चाहिँ वकीललाई उचालेको कुरा गरेका थिए। त्यसपछि स्वतन्त्र फैसला गर्न पाईएन भने भन्नुभएको थियो। त्यसपछि न्यायाधीसहरु, नराखुपर्ने न्यायाधीशहरु राख्नुपर्ने बाध्यता भो भन्नुभो। त्यसपछि यो चाहिँ संसद विघटनको फैसला चाहिँ राजनीति प्रभावमा परेर भयो। भन्नुभो। यो एउटै कानूनी भाषा बुझ्नु भएन भन्या जस्तो मात्र कुरा आयो। उत्तर चाहिँ आएन भन्नुभयो।

प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जवरा:- मैले उत्तर पहिल्यै दिईसक्या थिए। यस विषयमा .....

माननीय सभापतिज्यू:- माननीय यशोदा गुरुङ सुवेदी।

माननीय यशोदा गुरुङ सुवेदी:- माननीय सभापतिज्यू, माननीय सदस्यहरु पहिलो कुरा म के राख्न चाहन्छु। भन्दाखेरी नेपालको एतिहासमा यो एउटा असाध्यै जिम्मेवारीपूर्ण जिम्मेवार, जिम्मेवारी चाहिँ हाम्रो काँधमा आएको छ। हामीले यो चाहिँ असाध्यै क्यारे तटस्थ भएर हिजो यो कमिटि बस्नुभन्दा अगाडि र संघ बैठकमा बस्नुभन्दा अगाडि हामी जे जस्तो अवस्थामा भएपनि अब यो कमिटिमा बैठक क्यारे यो कमिटिमा बसिसकेपछि पछाडि र यो बैठकको यो पकिया शुरु भइसकेपछि हामी असाध्यै जिम्मेवार भएर तटस्थ रुपले चाहिँ विषयलाई चाहिँ बुझ्ने प्रयत्न गर्नुपर्छ भन्ने कुरामा चाहिँ मेरो मित्रैदेखि चाहिँ एउटा प्रतिबद्धता छ। म यो जानकारी गराउन चाहे। पहिलो कुरा, दोश्रो कुरा चाहिँ के भन्न चाहे भन्दा खेरी यतिबेला हामी दुईवटा कोणबाट विषयलाई हेरिरहेका छौं। एउटा के हो? भन्दाखेरी एउटा प्रधान न्यायाधीश जस्तो पदमा पुगेको व्यक्ति जसले चाहिँ आफ्नो जीवनको सबै समय चाहिँ यो देशको न्याय प्रणालीलाई सुव्यस्थित गर्नको लागि आफ्नो सबै जीवन चाहिँ त्यहाँ न्यूछ्यावर गरिराखेको छ। प्रधान न्यायाधीश जस्तो पदमा पुगेको छ। र त्यो पदमा पुग्दा राज्यले चाहिँ धेरै लगानी उहाँलाई गरेको छ। उहाँको धेरै पसिना चाहिँ यो राज्यको लागि बगेको छ। त्यसको संरक्षण र सुरक्षा गर्नुपर्छ। त्यसको चाहिँ न्याय गर्नुपर्छ भने जिम्मेवारी एउटा काँधमा छ। त्यो हिसाबले हामी यो छलफल गरिरहेका छौं। यो अनुरोध गर्न चाहे। अर्को त्यसको अर्को पाटो फेरि के हो? त भन्दा खेरी चाहिँ प्रधानन्यायाधीस, जस्तो गरिमामय पदमा पुग्दै गर्दा खेरी चाहिँ यहाँको चाहिँ के हो? त भन्दा खेरी आम जनताले चाहिँ अब यहाँबाट सुविधा धेरै लिए। यहाँबाट चाहिँ योग्दान धेरै लिए कि यहाँले जनताको शोषन र दोहन गरेर चाहिँ न्याय प्रणालीलाई समाप्त पार्ने प्रक्रियामा जानुभयो भने प्रश्नको पनि हामीले चाहिँ जवाफ दिनुपर्ने हुन्छ। त्यसैले जनताबाट चाहिँ जनतालाई न्याय भए कि भएन? भन्ने कुरा हामीले यहाँबाट हेर्नुपर्नेछ। यो जिम्मेवारीको बोधबाट चाहिँ, यो जिम्मेवारीबाट पन्छेर हामीले छलफल गर्न सक्दैनौं। विनम्रतापूर्वक मेरो अनुरोध यो हो। यहाँ बसिरहँदाखेरी हामी छलफल गरिरहँदा खेरी एउटा-एउटा राजनीतिक दलको ट्याग लाग्ने र त्यो ट्याग बमोजिम चाहिँ यहाँ भोलि भविष्यमा त्यो ढंगले चाहिँ लिने भयो भने पछि त्यो राम्रो अथवा भविष्य भन्दा पनि अब यो छलफललाई त्यो ढंगले लिने भयो भने त्यो चाहिँ राम्रो हुँदैन भने कुरामा म एकदम सतर्क छु, मैले यो अनुरोध गर्न चाहे पहिलो कुरा त्यसपछि यहाँको यो प्रश्नका साथसाथमा उठेका केही छलफलहरुसँग सम्बन्धित रहेर चाहिँ मैले केही कुरा सोध्छु। जिज्ञासाहरु हो मेरो होइन। पहिलो कुरा जिज्ञासा कस्तो रह्यो भन्दाखेरी चाहिँ यहाँलाई महाभियोगको प्रस्ताव लगाई रहँदा खेरी अब

महाभियोगको प्रस्ताव दर्ता गरी रहँदा खेरी बार पनि आन्दोलित थियो। बेन्च पनि बहिष्कारको स्थितिमा थियो र एकढंगले हेर्नुपर्दाखेरी करिब करिब एक्लो यहाँको बयानबाट पनि अब त्यो कुरा पुष्टि हुन्छ। एकढंगले एक्लो एक्लो परेको जस्तो स्थितिमा थियो। सबै एकातिर म एक्लै म एकातिर, मै सही हुँ भनेर तपाईले कसरी पुष्टि गर्नुहुन्छ त ? एउटा यो जिज्ञासा चाहिँ उठिराख्या छ मलाई हैन। अर्को चाहिँ अब न्याय प्रशासनको उसमा चाहिँ क्यारे ... यो चाहिँ अलि वढी यो छलफलको बिचमा के देखियो त भन्दा खेरी चाहिँ यो उसँग चाहिँ खासगरी संसद पुनःस्थापनाको फैसलासँग जोडिएर आएको छ। यो चाहिँ संसद पुनःस्थापनाको फैसलासँग जोडिएर आएको, विषयको रुपमा चाहिँ यहाँले जो प्रस्तुत गर्नुभएछ। यो विषयमा चाहिँ यहाँको फरक मत पनि त देखिएन त? संसद फैसला, न्युजहरुले के लेखे, उले के लेखे भने कुरामा भन्दा पनि त्यो फैसला गर्ने बेलामा चाहिँ यहाँको मत बाँझिएको पनि देखिएन? त्यसैले मत, त्यता मत नवजाउने, फरक मत नराख्ने, अनि यता आएर चाहिँ त्यही कारणले चाहिँ मलाई महाभियोग लगाईयो। भने कुराको प्रश्नमा जाँदा कति जायज हुन्छ ? यो। उत्तर एउटा, एउटा जिज्ञास, अर्को जिज्ञासा यसैसँग जोडिएर त्यो मत नबझाई जाँदा यहाँले जसरी आरोपित गर्नुभएछ। अरु सबै राजनिति दलहरु प्रति चाहिँ ..... राजनीतिक दलहरुले देखाएको विभिन्न प्रकारका प्रलोभनमा गए। भने कुरा चाहिँ यहाँ जो भनिरहनुभएछ। त्यहीसँग सम्बन्धित रहेर चाहिँ अर्को प्रश्न के जाग्यो त के भन्दा त्यतिबेला मिडियाहरुमा आएको थियो। यहाँले राजनीतिक दलहरुसँग बार्गेनिङ्ग गर्नुभएको हो? मन्त्रीपरिषदमा आफ्ना नजिकका मान्छेहरुलाई चाहिँ समावेश गर्नको लागि राजनीतिक दलहरुसँग बार्गेनिङ्ग गरेर त्यो निर्णयमा पुग्नुभएको हो त प्रश्न चाहिँ यहाँ त्यतिखेर अब गजेन्द्र. जि हमालजीको प्रश्न व्यापक रुपमा उठेको थियो। उहाँले तुरुन्तै फेरि त्यो प्रश्न उठेपछि राजीनामा पनि दिनुभो। उहाँको आगमन र राजीनामा जो अस्भाविक ढंगले देखिएया छ। यहाँको सम्बन्ध पनि त्योसँग देखिन्छ। अनि अहिले यहाँले चाहिँ यो प्रश्नको जवाफ दिदै गर्दाखेरी त्यो बार्गेनिङ्ग त्यहाँ जोडिएको हो? यो जवाफ सँगसँगै यो प्रश्न चाहिँ मेरो अहिले उठिराखेको छ। हैन, त्यस्तै गरेर यो चाहिँ न्याय त अहिले यो चाहिँ राजनीतिक प्रतिशोधको आधारमा चाहिँ मलाई चाहिँ लगाईयो। महाभियोग लगाईयो भने ढंगको जो गर्नुभएछ। मैले चाहिँ शक्ति पृथकीकरणको कुरा गरेर न्यायलाई स्वतन्त्र ढंगले काम गरेर दिनुपर्छ भने यहाँ जो भन्नुभएको छ। यहाँको कुरासँग म शत प्रतिशत सहमत रहदै शक्ति पृथकीकरणको सिद्धान्त सँगसँगै चाहिँ शक्ति सन्तुलनको सिद्धान्त पनि सँगसँगै जोडिएको हुन्छ। होइन, Check and Balance को सिद्धान्त सँगसँगै जोडिएको हुन्छ। शक्ति सन्तुलनको क्यारे यहाँ माथि यसरी यतिका धेरै प्रश्न उठेर बार र बेन्च चाहिँ आन्दोलित भईराखेको अवस्थामा चाहिँ यतिका धेरै चाहिँ आरोपहरु जुटिराखेको अवस्थामा त्यही सन्दर्भमा म एउटा महिला भएको नाताले रञ्जन कोईरालाको मुद्धामा चाहिँ म चाहिँ

डेलिगेसन समेत चाहिँ गएको अवस्थामा यतिकै धेरै मुद्धा उठिराखेको वेलामा चाहिँ यहाँले चाहिँ क्यारे जो भन्नुभो शक्ति पृथकीकरणको सिद्धान्तमा स्वतन्त्र न्यायलयको कुरा गर्नुभो। सन्तुलन गर्नको लागि संसद यो महाभियोग लगाउनु चाहिँ कसरी गलत हुनसक्छ र? यो महाभियोग त शक्ति सन्तुलन सिद्धान्तको बमोजिम यहाँलाई Check and Balance गर्ने चाहिँ निकाय भनेको चाहिँ केवल संसद मात्र हो नि त। त्यसैले के हो त ? भन्दाखेरी यो मुद्धालाई चाहिँ यहाँ चाहिँ उठेका प्रश्नहरुको जवाफ लिने प्रतिशोधका विषयभन्दा प्रश्नहरुको जवाफ लिने गरेर चाहिँ कसरी लिनुभएको छ। समग्रमा आफूलाई समीक्षा गर्ने, समग्रमा आफूलाई समीक्षा गर्दा यो अभियोग आईरहँदाखेरी आफुलाई समिक्षा कसरी गर्ने। आफैप्रति फर्केर निर्मम भएर कसरी हेरिरहनुभएछ भने कुरा मैले जान्न चाहे। धन्यवाद। **(बिचमा प्रश्न गरिएको)**

<u>माननीय श्री एकवाल मियाँ</u>:- मेरो सानो कुरा छ है। मेरो त प्रश्नको उत्तर नै आएन। त्यो भएर भन्या मैले। उहाँले अघि नै दिएको भन्नुभो। त्यही भएर दुई पटक तीन पटक .....

<u>माननीय सभापतिज्यू</u>:- अब यसो गरौं है साथीहरुलाई म अनुरोध गर्न चाहन्छुँ। जुन प्रश्न सोधिन्छ त्यसको सेरोफेरोमा रहेर मात्र प्रश्न गरौं। अरु कुरा धेरै छ त यहाँ।

(बिचमा प्रश्न गरिएको र छलफल भएको)।

<u>माननीय कृष्ण भक्त पोखरेल</u>:- त्यसमा म फेरि भन्छु है। २ हरफ वा ३ हरफको प्रश्न हुनुपर्छ। प्रश्न ५ मिनेट १० मिनेटको प्रश्न हुदैन। .....

(छलफल भएको)

छोटकरीमा सोध्दाखेरी छोटकरीमा सोधौं। अनि जवाफ भन्दा प्रश्न लामो भए के हजुरको। केही भन्नु छ प्रधानन्यायाधीशज्यू यस विषयमा?

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा</u>: अब सिलसिलेवार सबै १ २ ३ ४ गरेर गएको भए सजिलो हुन्थ्यो। (सभापति:त्यही त्यसरीनै जाउँ भनेको)। त्यसो गएको भए सजिलो हुन्थ्यो।

(बिचमा प्रश्न गरिएको)

माननीयज्यूको यो मैले यो प्रश्नको मैले जवाफ त मैले अघि पनि भनिसकेको थिएँ भनेको थिएँ मैले। बार एकदम स्वतन्त्र हो। यसमा नियन्त्रित हुनै सक्दैन। यो सिद्धान्त हो। मैले पटक पटक भन्ने गरेको छु। यो सिद्धान्त हो। अहिले बारलाई एकछिन मानौं बारमा चाहिँ Political भातृसङ्गठनको रुपमा प्रस्तुत भएको छ। यो हुन नपर्ने थियो। न्यायपालिकाको अङ्गरक्षक,

न्यायपालिकाको संरक्षक,न्यायपालिको फरमा प्रतिवाद गर्ने निकाय भनेको बारनै हो। यसमा दुईमत हुनै सक्दैन। म त्यही बारकै प्रतिनिधित्व गरेर आएको व्यक्ति हुँ तर त्यो बार,बारको रुपमा रहेन। मैले भन्न खोजेको मात्र यति हुँ उहाँहरुले न्यायपालिकाको मूल्य मान्यतालाई ध्वस्त पार्ने तरिकाले उहाँहरुले चाहिँ आन्दोलन गरेर चाहिँ सर्वोच्च अदालत परिसरभित्रै बसेर माइक लिएर चाहिँ आन्दोलन गर्नुभयो। यो चाहिँ गरिमामय स्वतन्त्र निकाय हुनुपर्ने बारले त्यो भूमिका निर्वाह गर्यो? यो गलत छ भन्ने मैले भन्न खोजेको हुँ र त्यसको अलावा पनि नि यो प्रधान न्यायाधीश सँग धेरै स्वार्थहरु बारका पदाधिकारी बार र बारका पदाधिकारी फरक हुन्। मैले यो सधैंभरी भन्ने गरेको छु। बार र बारका पदाधिकारीहरु फरक हुन्। बार निकाय हो सिद्धान्तमा चल्नुपर्छ। पदाधिकारी हो स्वार्थमा चल्छ उनीहरु स्वार्थमा हुन्छ। मेरो विरुद्धमा जुन अहिले प्रश्न आइराखेको छ त्यो बेलामा बारले निर्णय गरेको हो मेरो विरुद्धमा तर बारले आह्वान गर्दाखेरी त्यो बेलाको तत्कालीन,तत्कालीन रुपमा रहेको DLA अर्थात् नेपाली काग्रेस अन्तर्गतको DLA कानुन व्यवसायको छुट्टै संस्था छ। उसले विरोध गरेको छ? त्यसपछि एमालेको PPLA छ। उहाँहरुले विरोध गरेको छ। उहाँहरुको यो अरु त्यसमा धेरै अरु त्यस्ता स्वतन्त्र कानुन व्यवसाय निकायहरु छन्। उहाँहरुले यसमा सहभागिता नै जनाउनु भएको छैन। बारका पदाधिकारी बाहेक त्यहाँ आन्दोलनमा बस्ने अरु कोही पनि छैनन्। अरु मधेश उसको तर्फबाट पनि छैन। कोही पनि छैन। उहाँहरुको मात्रै हो र अब धेरै कुराहरु स्वार्थ प्रधानन्यायाधीशसँग स्वार्थ बाझिएको हुन्छ उहाँहरुको। स्वार्थ बाझिएको भन्नाले कसैको मुद्दासँग बाझिएको छ। कसैको न्यायाधीश नियुक्तिसँग बाझिएको छ। कसैको न्यायाधीश सरुवासँग कर्मचारी सरुवासँग बाझिएको. छ। यो मैले अघि नै पनि मैले भने यो गरिमामय संसदले जनताको प्रतिनिधित्व गर्छ। यहाँ आएर मैले दायाँबायाँ गरेर चाहिँ केही कुरा राम्रो सबैलाई मैले प्रियमात्र बोल्न हुँदैन। यो कुरालाई मैले अघि नै पनि भने। यो चाहिँ Sovereign निकाय भएको हुनाले यसले सबै अवस्थाहरु चाहिँ बुझ्नुपर्छ। न्यायपालिकालाई सन्तुलित रुपमा लानको लागि भविष्यमा के गर्नु पर्छ यही गरिमामय संसदले सोच्ने हो। जहाँसम्म शक्ति स्वतन्त्र र शक्ति सन्तुलनको कुरा छ यो कसरी राख्ने हो?न्यायपालिकासँग गरिमामय संसदले कसरी सन्तुलन कायम गर्ने हो?यो पनि यो दायित्व पनि नि कर्तव्य पनि नि संसदकै हो। यसमा त मैले दुईमत गर्नै सक्दिनँ। यो संविधानलेनै गरेको व्यवस्था हो। यो सन्तुलन गर्ने कायम गर्ने गर्नै पर्छ तर त्यसको नेतृत्वलाई मात्र आरोप लगाएर त्यसको नेतृत्वलाई मात्र गरेर यो कुराहरु हुन सक्छ र हुनै सक्दैन। अनि मलाई लगाइएको आरोपहरु जति छ जति पनि आरोपहरु छ जति पनि मुद्दाका विषयवस्तुहरु छ। हिजो मेरो सुनुवाई हुदाखेरीको न्यायाधीश हुँदा सुनुवाई हुदाँको अवस्थामा पनि प्रधान न्यायाधीश हुदाको अवस्थाका पनि सबै हालिराखेकै छ। अहिले पनि त त्यही छ। यदि यो संसदको फैसला हामीले चाहिँ अस्ति

०७८ साल असार २८ गते गर्यौं। त्यो भन्दा अगाडि चाहिँ यो समस्या थिएँन त?रैन रैछ त? त्यो वेलासम्म प्रधानन्यायाधीशको विरुद्धमा किन आएन त महाभियोग? आउनु पर्थेन त? त्यो वेलामा यही बार थियो। यही हाम्रो अहिलेनको यही न्यायाधीश थियो। अहिले पनि त यही महाभियोग लगाउने दलहरु नै त हुनुहुन्छ नि। त्यो वेलामा २८ गतेको भन्दा अगाडिचाहिँ किन आउन सकेन त? यसको प्रश्नको जवाफ कसले दिने त? २८ गते पछाडि चाहिँ मैले के गरे त त्यस्तो? जुन कि मलाई महाभियोग लगाउनेसम्मको स्थिति सिर्जना भयो। मैले २८ गते पछि २०७८ साल असार २८ गते पछाडि के चाहिँ आयो त? के चाहिँ मेरो विरुद्धको सबुत प्रमाण छ त ? यो कुरो त Clear हुनुपर्थ्यो नि महाभियोगमा। किन आएन यो कुराहरु? म न्यायाधीशमा जन्मेदेखि सधैँभरि मेरा विरुद्ध प्रश्नमात्र खडा गर्न मिल्छ र? त्यो प्रश्नहरुको पटक पटक मैले जवाफ दिइसकेपछाडि फेरि त्यँही राखेर फेरि पनि महाभियोग लगाउन मिल्छ र? किन मेरो २८ गतेसम्म चाहिँ असार २८ गतेसम्मचाहिँ मेरो विरुद्धमा महाभियोग आएन ? त्यसपछि अहिले आउनुमा के चाहिँ कारण पर्यो त भन्दाखेरी मैले प्रस्ट रुपमा भने नि प्रस्ट रुपमा भने निवेदककर्ताहरुको तर्फबाट न्यायाधीशहरुलाई Manipulate गरियो। मैले पटक पटक भनिराखेको छु। उनीहरुलाई आश्वासन दिइयो। प्रधान न्यायाधीश बनाउँछु भनियो। त्यसकारण मेरो विरुद्धमा यो स्थिति सिर्जना गरियो। मैले भनिराखेको छु। मैले प्रस्ट रुपमा भनिराखेको छु नि। यो भन्दा मैले अरु के चाहिँ भन्नु पर्यो। प्रमाण दिनुपर्यो माननीय सदस्यहरुले आज्ञा होस्। अब २८ गतेपछाडिको असार २०७८ साल असार २८ गते पछाडिचाहिँ मेरो के क्रिया भयो त ? त्यो वेलासम्म नेतृत्व गर्दा खेरी प्रधानन्यायाधीश ठिक हुने त्यसपछि अहिलेचाहिँ प्रधान न्यायाधीश बेठिक हुने। यो महअभियोगको उसमा १ देखि लिएर २१ सम्मको बुँदामा के चाहिँ आएको छ त त्यस्तो? के चाहिँ मैले क्रिया गरे त? २८ गते पछाडि। असार २८ गतेपछि के आयो त मेरो विरुद्धमा?

<u>माननीय सभापतिज्यू:-</u> माननीय विष्णु प्रसाद पौडेल।

<u>माननीय विष्णु प्रसाद पौडेल:-</u> सभापतिज्यू अब म चाहिँ अलि हाम्रो माननीय कृष्णभक्त पोखेलले एउटा उपयोगी तरीका सुझाउनु भएको छ। प्रश्न छोटो हुनुपर्यो भनेर मलाई ठिकै लाग्यो। एकैचोटी भन्दा पनि मेरो चाहिँ अपेक्षा के रह्यो भन्दाखेरी एउटा प्रश्न म राख्छु त्यसको जवाफ म पाऊँ। फेरि अर्को राख्छु भन्ने ढाँचामा मैले चाहिँ नि प्रस्तुति दिने अनुमति चाहन्छुँ। सभापतिज्यू मैले चाहिँ यहाँसगँ केही Serious Concern हरु राख्न चाहेको छु। एउटा चाहिँ के छ भन्दाखेरी आयो पनि कुराहरु कि प्रतिनीधी सभा पुनर्स्थापनाको प्रश्नमा यहाँले दिनुभएको जवाफबाट केही थप जिज्ञासाहरु मनमा सिर्जना भएको छ। त्यो जिज्ञासा म राख्न चाहन्छु। हामीलाई खासगरी मलाई लागेको के हो भनेदेखिन् यो प्रतिनिधि सभा पुनर्स्थापना सम्बन्धी

फैसलामा फैसला गर्ने माननीय न्यायाधीशज्यूहरु यहाँ समेतलाई म भन्न चाहन्छु र सत्तारुढ गठबन्धन त्यतिबेला त सत्तामा थिएँन होइन गठबन्धनका दलहरु। त्यहाँ बिचमा एउटा गहिरो Understanding रहेछ भन्ने कुरा घटनाक्रमले पुष्टि गरेको मैले महसुस गरें। आजको छलफलबाट र यहाँले दिनुभएको जवाफबाट। त्यो फैसलाको उद्गम त्यसको मुहान के रैछ भने देखिन फैसला गर्नुहुने यहाँ लगायत फैसला गर्नुहुने प्रतिनीधी सभा पुनर्स्थापनाको पक्षमा फैसला गर्नुहुने यहाँ लगायतका संवैधानिक इजलासका माननीय न्यायाधीशज्यूहरु र गठबन्धन दल जसले चाहिँ सरकारमा पुग्नका निम्ति व्यग्रता पूर्वक प्रतिक्षा गरिरहेको थियो प्रयास गरिरहेको थियो। यहाँहरुका बिचमा Deeper Understanding रहेछ र त्यही Understanding को तहमा प्रतिनिधि सभा पुनर्स्थापना भएको रहेछ भन्ने मलाई चाहिँ अनुभूति भयो आजको छलफलबाट। स्वभावैले म के देख्दै छु भनेदेखिन् कस्तोसम्म फैसला भएको छ भन्दाखेरी प्रतिनिधिसभाको सदस्यलाई तिमी प्रधानमन्त्रीको निम्ति Claim पनि गर्न पाउँदैनौ भन्नेसम्मको फैसला भएको छ। मैले बुझेको संविधानले प्रतिनिधि सभाका सबै सदस्यहरुलाई समान हैसियतमा राख्छ। कुनै विशिष्ट हुँदैन। होलान् इतिहासले, अनुभवले, योगदानले, योग्यताले भिन्नता होला तर भूमिका,मर्यादाको दृष्टिकोणले सबै समान छन्। तर अमुक व्यक्तिलाई तिमी प्रधानमन्त्रीको निम्ति दावेदार नै बन्न पाउदैनौ भन्नसम्मको फैसला भएको छ र त्यो फैसला कस्तो छ त भन्दाखेरी गठबन्धनले जे चाहेको छ गठबन्धनले जस्तो चाहेको छ त्यस्तै फैसला भएको छ। एकपटक होइन दुईपटक नि त्यस्तो भएको छ त्यो फैसलाले के बताउँछ भन्दा खेरी वास्तवमा यो चाहिँ फैसलाकर्ता माननीय न्यायाधीशज्यूहरु र गठबन्धन सरकारको प्रतिक्षामा व्यग्रतापूर्वक रहेको अथवा त्यस्का निम्ति दौडिरहेको गठबन्धनका बिचमा एउटा Deeper Understanding थियो भन्ने कुरा यसले बताँउछ भन्ने कुरा मलाई लाग्यो र मैले यहाँले जुन फैसला जुन जवाफ दिनुभएको छ। यहाँको प्रति मेरो पूरक प्रश्न के छ भन्दाखेरी यहाँलाई पर्यो होला। बारको दबाव पर्यो होला। मिडियाको दबाव पर्यो होला। राजनीतिक दलहरुको दबाव पर्यो होला। वाञ्छित,अवाञ्छित विभिन्न खालका प्रस्ताव अफर गए होलान् ती सबै कुराहरु भए होलान्। तर यहाँले चाहिँ आफ्नो विवेकको आधारमा निर्णय गर्नुपर्थ्यो नि। आफ्नो विवेकको आधारमा निर्णय गर्नुपर्थ्यो, आफ्नो विवेक आफ्नो निर्णयमा अंकित गर्नुपर्थ्यो,आफ्नो विवेक बहुमतमा पर्छ कि अल्पमतमा पर्छ कि। आफ्नो विवेक र विश्लेषण निर्णय बन्न सक्छ कि सक्दैन कि त्यो त गहन महत्वको विषय हो। तर यहाँले त आफ्नो विवेक सङ्गत ढङ्गलेनै निर्णय गर्नुपर्ने थियो। अब या त यहाँले चाहि आफू स्वयंमले चाहिँ दबावमा निर्णय गरे भन्नुपर्यो। दबावमा निर्णय गरेको हो मैले अब के गर्ने त यस्तै भयो भन्नुपर्यो। स्वतन्त्र न्यायलय भनेको चाहिँ कानमा लगाउने कुण्डली जस्तै रहेछ भन्ने ठान्नुपर्यो। होइन भने देखिन त वास्तवमा यहाँ स्वयम पनि प्रतिनिधि सभाको पुनर्स्थापनाको पक्षमा हुनुहुन्थ्यो

भन्ने कुरा त घटनाक्रमले छर्लङ्ग पारिदिएको छ। प्रतिनीधी सभाको पुनर्स्थापनाको पक्षमा हुनुहुन्थ्यो भनिसकेपछि अनि त्यसपछि दबावले बारको दबावले सडकको दबावले,मिडियाको दबावले,राजनितिक दलहरुको दबावले यस्तो निर्णय भयो भन्ने कुराचाहिँ म त्यो दबावका सामुनेमा निरही भए भन्ने बाहेक अरु के हुन सक्छ त? मैले एउटा यो प्रश्न राखेँ त्यसपछि अरुपनि मसँग प्रश्न छन्। यसको जवाफ पछि म अर्को प्रश्न राख्छु।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> माननीयज्यूको प्रश्न गम्भीर छ। मैले आफ्नो भनाइलाई अझ म प्रस्ट गर्छुँ। अझ म प्रस्ट गर्न चाहन्छुँ। हामी बिचमा,छलफलमा,बहसमा,बेन्चमा बस्दाखेरीको धेरै कुराहरुको मत भिन्नता हुन्छ। यसमा अझ मैले प्रस्ट गर्न सकेनछु। मेरो त्यो धेरै भनाइहरुलाई अलिकति मैले प्रत्यक्ष अप्रत्यक्ष रुपमा व्यक्त गर्न खोजेको मात्रै हो। माननीयज्यूको प्रश्नमा नेतृत्व मैले भनिहाले दुईटै प्रतिनिधि सभाको बिघटनको मुद्दाको नेतृत्व मैले नै गरेको छु। यसमा त्यो फैसलाको विषयमा त मैले कमेन्ट नै गरेको छैन। त्यो फैसलाको विषयमा अहिलेसम्मको उसमा मैले कमेन्ट नै गरेको छैन। त्यो फैसला भएको छ। त्यो फैसला हामी सबैले मान्नुपर्छ। त्यो फैसलामा मेरो पनि सही छ। मैले अन्यथा मैले भनेकै छैन त्यस्तो तर जुन वातावरण सिर्जना गरियो जुन वातावरण सिर्जना गरियो त्यो वातवारण त घाम जत्तिकै छर्लङ्ग छ नि। यसमा फेरि मैले चाहिँ किन यसमा प्रष्टिकरण प्रस्ट अझ प्रस्ट पार्नुपर्ने छ र घाम जस्तै छर्लङ्ग छ। यसमा मैले भनिहाले नि आज एउटा भोलि अर्को हो भोलि अर्को पर्सि अर्को हो। यसले गर्दा चाहिँ यस्तो स्थितिहरु मैले त एउटा Solution दिएको एउटा न्यायाधीशको हिसाबले त्यसमा बसेर नेतृत्व गरेको हिसाबले एउटा सल्लाह सुझाव एउटा यो Solution जस्तो हो। भविष्यमा मैले भनिराखेको छु भविष्यमा न्यायपालिकालाई यो गरिमामय यस्ता यस्ता विषयहरुमा गरिमामय विषय वस्तुहरुमा सबैले छोडिदिए हुन्थ्यो नि। स्वतन्त्र छोडिदिए हुन्थ्यो। विश्वास गरे हुन्थ्यो भनेको। पत्रपत्रिकाले विश्वास नगर्ने त्यसपछि गएर बारले विश्वास नगर्ने,राजनीतिक दलले विश्वास नगर्ने,अरु विभिन्न संघ सस्था छन्। कसैले पनि विश्वास नगरे पछाडि चाहिँ .. चाहिँ संविधान अनुरुप नहुँदो रहेछ नहुन सक्दो रहेछ भन्ने सम्मको मात्र मेरो भनाइ हो।

<u>माननीय विष्णु प्रसाद पौडेल:-</u> हैन सकिएको छैन मेरो। सकिएको छैन। धैर्य गर्नु न। मैले सभापतिसँग अनुमति मागेको छु। म अनुमति मागेर नै बोल्ने मान्छे हुँ। धन्यवाद यहाँको जवाफको लागि। अझैपनि यही विषयसँग थप मेरो चाहिँ जिज्ञासा के छ भने यहाँको जवाफबाट मेरो मनमा झन् धेरै थप प्रश्न मात्र जन्मियो। यहाँ चाहि यो पुनर्स्थापनाको फैसलाको पक्षमा .... सरसरति सुन्दाखेरी म पक्ष पुनर्स्थापनाको पक्षमा थिइन तर परिस्थितिको दबावले गर्दा पुनर्स्थापनाको

पक्षमा चाहिँ म पनि उभिन पर्यो भन्ने अर्थ लाग्ने गरी यहाँले बिचार व्यक्त गर्नुभएको मैले अनुभुति गरेँ। त्यसकारणले म चाहिँ अब छ्याङ्ने कुरा के बुझ्न चाहन्छुँ भने यहाँ पुनर्स्थापनाको पक्षमा हुनुहुन्थ्यो कि पुनर्स्थापनाको विपक्षमा हुनुहुन्थ्यो। एकछिन एउटा त मेरो यो। पुनर्स्थापनाको पक्षमा हुनुहुन्थ्यो कि विपक्षमा हुनुहुन्थ्यो?यदि पक्षमा हुनुहुन्थ्यो भनेदेखिन् त ठिक छ खेल खतम यसमा केही कुरा भएन। विपक्षमा हुनुहुन्थ्यो भने आफ्ना आस्थाको विरुद्ध यहाँले कसरी निर्णयमा हस्ताक्षर गर्नुभयो? मेरो यो चाहिँ एउटा पहिलो प्रश्न। यति नै जाउ पहिला।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> मैले अब मैले अझ प्रस्ट नै राखेको थिएँ। त्यसमा संसदको यो विघटनको मुद्दामा मैले नेतृत्व गरेको छु फैसला भएको छ। यसमा दुईमत हुनै सक्दैन। त्यहीनै हो फैसला। मैले त्यो भनिराखेको छु नि तर परिस्थिति यस्तो सिर्जना गरिदियो पत्रपत्रिका,कान्तिपुर देखि लगायत बारदेखि लगायत सबै व्यक्तिले Even कि पुर्वप्रधान न्यायाधीश देखी न्यायाधीश सम्म के के हो सबैले सबै व्यक्तिले प्रधानन्यायाधीश संसद विघटनको पक्षमा छ विपक्षमा छैन यो किसिमको अविश्वासको स्थिति सिर्जना गरिदिएको कारणले गर्दाखेरी यो कारणले गर्दाखेरी मैले भने नि हार र जितलाई जितमा परिणत गराउनुपर्छ भन्ने परीणामबाट यो महाभियोग आयो।

<u>माननीय विष्णु प्रसाद पौडेल:-</u> अब ठिक छ यो जवाफ चाहिँ के हुन्छ भने प्रश्न गर्नेले प्रश्न गर्नेले हो। जवाफ दिनेले जवाफ दिने हो होइन?त्यसकारणले(छलफल भएको) मेरो सुरुमै बैठक सुरु हुनुभन्दा अगाडि नै मैले सभाध्यक्षज्यूसँग के भनेको थिएँ भने मेरो बैठकमा अब यहाँहरुको. त अभ्यस्त हुनुहुन्छ होला। मेरो कमजोरी के छ भने आफूले बोल्दै गर्दा अर्कोले घान हालिदियो उहाँहरुले सघाउन नै खोज्नुभएको हो यहाँहरुले। त्यो त्यसले मलाई सहयोग पुग्दैन के त्यसकारणले मलाई चाहिँ अलिकति अप्ठ्यारो पर्छ। त्यसैले यहाँहरुसँग यति मैले अनुरोध गरे सभापतिज्यूको अनुमतिले। सहयोग चाहिँदा म मागिहाल्छुँ यहाँहरुसँग नि साथिहरु सँग। एउटा यो कुरा यसमा खासगरीकन यो यहाँको जवाफबाट मैले के बुझे भने यहाँ स्वयम प्रतिनिधि पुनर्स्थापनाको पक्षमानै हुनुहुन्थ्यो भन्नेनै मैले बुझेँ। पुनर्स्थापनाको पक्षमा हुनुहुन्थ्यो र त्यसो भएकोहुनाले यहाँले आफ्नो विवेक बमोजिमकोनै निर्णय गर्नुभयो तर यो निर्णयमा हाम्रो यो निर्णयमा मैले बुझ्दा हाम्रो संवैधानिक व्यवस्था,लोकतन्त्रको मर्म,सार्भौम सत्ताका अन्तिम अधिकारी जनता, त्यो सार्भौम सत्ताको प्रयोगको विधि लगायतका प्रश्नमा यो फैसलाले धेरै ठुलो चाहिँ चुनौति खडा गरिदिएको छ। म के ठान्दछु भने हाम्रो संवैधानिक व्यवस्थाबाट डिरेल गरेको संवैधानिक व्यवस्थाबाट डिरेल गरेको फैसला हो यो। मेरो एकदम दृढ Conviction के छ भनेदेखिन् यो फैसला संवैधानिक व्यवस्थाबाट डिरेल गरेको फैसला हो यो। यसले चाहिँ के छ

भनेदेखिन् सरकार गठन गर्ने अधिकार संसदलाई दिएन यसले। संसदले सरकार बाहिर बनेपछि थाहापायो। यहाँजस्तो प्रधानन्यायाधीश भएको फैसला अहिले चाहिँ आजको छलफलबाट मैले थाहा पाएँ कि यहाँको स्वयमकोपनि सहमति रहेछ यो फैसलामा। यहाँको चाहि मिडियाले विरोध गरेर वातावरण बनाइदिए भन्ने कुरा रहेछ तर खासमा यहाँ यसको विरोधमा हुनुहुदोरहेनछ। यहाँको आफ्नो समेत अन्तरचेतनाले ठिक ठानेर यो फैसला गर्नुभएको रहेछ। यहाँले गर्नुभएको फैसलाले House भन्दा बाहिर सरकार गठन गर्ने र त्यो बाहिर गठन भएको सरकार पछि House ले थाहा पाउने हैन? त्यो खालको व्यवस्था यहाँले गरिदिनुभयो र प्रतिनिधि सभाको अमुक सदस्यसले प्रधानमन्त्री Claim गर्न पाउँदैन भन्ने सम्मको यहाँले फैसला गरिदिनुभयो। प्रतिनिधि सभाको सबै सदस्यहरु समान हुन्छन्। जो कसैले Claim गर्न सक्छ। House को विश्वास जित्यो भने प्रधानमन्त्री हुन पाउँछ तर अमुक सदस्यले प्रधानमन्त्री Claim गर्न पाउँदैन भन्ने पनि कही फैसला हुन सक्छ? तर त्यो पनि यहाँहरुले गरिदिनुभयो र त्यतीमात्रै होइन हामी दलीय व्यवस्थामा छौं। यो निर्दलीय पञ्चायत होइन,राजतन्त्र होइन। दलीय व्यवस्था हो। दलका सदस्यहरु दलको गर्वबाट जन्मिन्छन् तर तिनलाई जनताले अनुमोदन गरेपछि उनीहरु Parliament Member भएर आँउछन्। त्यस कारणले दलका सदस्यहरुलाई दलको अनुशासन लाग्छ र आफ्ना दलका सदस्यहरुलाई अनुशासनमा राख्ने अधिकार हाम्रो संविधानले,कानुनले,प्रतिनिधिसभाको नियमावलीले सुनिश्चित गरेको व्यवस्था हो यो। तर यहाँले के फैसला गरिदिनु भयो त भन्दाखेरी दल चाहिँ यो दल बदल गरेपनि,दलको अनुशासनमा नरहेपनि आफ्नै प्रधानमन्त्रीका विरुद्धमा हस्ताक्षर गरेपनि त्यो चाहिँ यहाँहरुले सदर गरिदिनुभयो-त्यस्तो। त्यस्ता व्यक्तिहरुको हस्ताक्षरलाई सदर गरिदिनुभयो। यसरी के छ भन्दाखेरी यहाँले अत्यन्तै एउटा यो चाहिँ गठबन्धनको चाहना मुताबिककै फैसला यहाँहरुले गर्नुभएको रहेछ त्यो त अहिले चाहिँ थाहा भइनै हाल्यो केही भएन। यो चाहिँ यहाँहरुले गर्नुभएको त्यो रहेछ। र यसमा एउटा अर्को के छ भने अघि यहाँ By the way आयो पनि र यो चाहिँ खासगरीकन यहाँको बारेमा दुईटा आलोचना बाहिर आउने गरेको छ। एउटा आलोचना के छ भने यहाँ CJ खासगरि राजनितिक दलका नेताहरुसँग यहाँ स्वयं पनि एक ढङ्गले भन्दा Bargaining मानै हुनुहुन्थ्यो। सत्तापक्षसँग पनि प्रतिपक्षसँग पनि। कतिले के भन्छन् भने यहाँको खल्तीमा दाँया खल्तीमा एउटा फैसला बाँया खल्तीमा अर्को फैसला थियो। यो यदि त्यो Bargaining का क्रममा तपाई मान्नुहुन्छ मेरो सर्तमा यो फैसला हुन्छ। तपाई मान्नुहुन्छ यो फैसला हुन्छ भन्ने सम्मका र त्यसैक्रममा कतिपय इष्टमित्र परिवारको सदस्यहरुको लाई चाहिँ मन्त्रीसम्म बनाउनका निम्ति यहाँले गर्नुभएको प्रयासका कुराहरु पनि आएका छन्। त्यसलेगर्दा यो वास्तवमा स्वतन्त्र न्यायलयको जुन यो प्रतिनिधि सभाको पुनर्स्थापनासँग गासिएको विषय छ। यस विषयमा चाहिँ

यहाँले चाहिँ आफ्नो पदीय मर्यादालाई सुरक्षित राख्न सक्नुभयो भनेर विश्वास गर्ने कसरी भन्ने वास्तवमा यो प्रश्नचाहिँ उपस्थित छ।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> सबैभन्दा यो राजनीतिक अब यो अलिकति प्रश्न चाहिँ अलि गम्भीर छ। सबैभन्दा ठुलो कुरो त के हो भने प्रधान न्यायाधीशले मैले पटक पटक यो प्रश्नहरु Bargaining गरेको प्रश्नहरु पटकपटक पत्रपत्रिकादेखि बारले देखि बाट लिएर सबैले यो कुराहरु पत्रपत्रिकाबाट आयो। हामी एउटा निश्चित आधार हामी निश्चित सोचाइभन्दा बाहिर जादाखेरी धेरै चिजहरुको यस्तो अफवाहरु बाहिर आउँदोरहेछ। अब मैले भन्दाखेरी पनि नि यो जवाफ तत्कालीन दललका सबै नेताहरुले नै दिइसक्नु भएको छ। यो प्रधान न्यायाधीशले Bargaining गर्यो। मन्त्री मार्‍यो के मार्‍यो भन्ने जुन विषय बाहिर आइरहेको छ त्यो कुरा उहाँहरुले नै जवाफ दिइसक्नु भएको छ। मैले थप जवाफ यसमा खासै दिनुपर्ने होइन। खासै दिनुपर्ने मेरो यो जवाफ होइन तर पनि नि माननीयज्यूले अहिले प्रश्न सोधिहाल्नु भए पछि मैले यो जवाफ दिनैपर्छ। एउटा नेपालीमा हाम्रो एउटा उखान छ माननीयज्यू एउटा हाम्रो नेपालीमा एउटा उखान छ। मितले दिएको टर्रो चिजपनि मितलाई हार्न नसक्ने हुन्छ खानुपर्ने हुन्छ। म न्यायपालिकाको गरिमामय नेतृत्वमा बसेको व्यक्ति हुँ। न्यायपालिकालाई सधै फरक मतमा लिएर गएर सधै फरक बिचारमा लिएर गएर फरक विचारमा राखेर फरक धारणा राखेर अगाडि बढाउँदा पनि कतिपय त्यसले Solution दिदैन। न्यायपालिकाको प्रमुखले न्यायपालिकाको स्वाभिमानलाई पनि हेर्छ त्यसपछाडि संस्थालाई पनि हेर्छ र त्यसपछाडि अरु अवस्थालाई पनि हेर्छ। त्यसरी मात्रै एककिसिमको आफ्नो आफ्नो विचार हुन्छ। कहिले कहिले अर्को को विचारमा सहमत जनाउनु पर्ने हुन्छ तर यसको मतलब आफ्नो बिचार राख्दैमा त्यसले उन्मुक्ति हुने,आफ्नो बिचार राखी हाल्यो भने हुने र आफ्नो विचार नराखेर अर्काको बिचारमा गरिदिए पछाडि चाहिँ त्यो चाहिँ बिचारमा गएर पतित हुने भन्ने कुराहरु होइन। यो न्यायपालिकाको गरिमाको लागि यस्तो कुराले कहिले पनि सहयोग पुग्दैन। त्यसकारण म माननीयज्यूलाई Frankly भन्नुपर्दा जुन पत्रिकामा आएको हो त्यहीनै सत्य हो। मैले Frankly भन्नुपर्दा पत्रिकामा जुन आएको कुरा हो त्यहीनै सत्य हो। तर एक्लो बृहस्पति एक्लो चिजले चाहिँ पृथक छुट्टै गरिदिएको भए हुन्थ्यो भन्नलाई चाहिँ म न्यायपालिकाको नेतृत्व गरिरहेको हुनाले मैले त्यो जिम्मेवारिबाट मैले न्यायपालिकालाई एउटा विवादरहित रुपमा अगाडि बढाउनु पर्छ भन्ने मेरो दायित्व र कर्तव्य हो र त्यसकारण त्यो स्थिति त्यो रुपमा गएको हो। अब जहासम्म यो Bargaining को कुरो छ। दुईटा कोटमा दुईटा फैसलाको कुरो छ यी सबै नै यो अफवा हुन्। यी झुट हुन्। यसमा म माननीयज्यू लगायतका सबै सभापतिज्यू लगायतका सबैलाई यस्ता कुरामा हामीले विश्वास

गर्नुपनि हुन्न। विश्वास लिनुपनि हुन्न। यस्ता अफवाहरु फैलाउने त हाम्रा त भक्तपुरमा हाडीको के हाडी भन्छ त्यो रङ्गको हाडी फोर्नुपर्यो भने गयो भने त्यसपछाडि कहि नभएको जात्रा हाडीगाँउमा भने जस्तै सबै भेला हुन्छन्। र त्यस्तै स्थिति एकचोटी इराकमा हाम्रो नागरिकहरु ११ जना मर्दा खेरि नेपालभरी हावा लाग्यो। यस्तो अफवाहरु फैलिन्छ। यस्तो अफवाहरुले खासै जोड दिदैन। यसले सहयोग पुग्दैन। Enhancement मा यसको प्रगतिमा यसको उन्नतिमा यसको सुदृढीकरणमा पटकै प्रगति हुँदैन। र जहाँसम्म अर्को Bargaining गरेको भन्ने कुरा छ यो Bargaining भन्ने कुरा त सत प्रतिशत झुटो हो भन्ने कुरा त मैले पटक पटक मैले व्यक्त गरेको छु।

(खाजाको टाइममा सोध्ने र अनि जवाफ दिन गाह्रो हुन्छ अनि १५ मिनेटलाई ब्रेक गरौं)।

<u>माननीय सभापतिज्यू:-</u> माननीय श्री विष्णु प्रसाद पौडेल।

<u>माननीय श्री विष्णु प्रसाद पौडेल:-</u> म आफ्नो भनाइलाई जारी राख्छु, जिज्ञासाहरु। यहाँले चाहिं यो एउटा केही महत्वपूर्ण जानकारी राख्नुभाछ समिति समक्ष। केही प्रत्यक्ष छन्, केही परोक्ष छन्। मेरो अनुरोध के छ भन्देखिन् यो समिति जो सार्वभौमसत्ताको प्रयोग गर्ने एउटा महत्वपूर्ण थलो हो। त्यस्तै गर्दा यो समिति सूचनाबाट बञ्चित हुँदा खेरि सही निष्कर्षमा पुग्न यसलाई गाह्रो पर्छ। यो समितिलाई सही सूचना भएन, यथेष्ट सूचना भएन भने यसले गर्नुपर्ने निर्णय चाहिं त्रुटिपूर्ण पनि हुन सक्तछ। त्यसकारणले यो समितिलाई सही सूचना हुनु र यथेष्ट सूचना हुनु, परोक्ष सूचना नभएर प्रत्यक्ष सूचना हुनु वाञ्छनीय हुने मलाई लाग्दछ। त्यस अर्थमा यहाँले जुन कि महत्वपूर्ण सूचनाहरु राख्नुभएको छ, त्यस विषयमा म चाहिं परोक्ष नभएर प्रत्यक्ष र स्पष्ट जानकारीका लागि म आग्रह गर्न चाहन्छु। त्यस मध्ये एउटा विषय यहाँले भन्नुभाछ- इमेल लगायतका सबै चिजहरु छर्लङ्ग छन् नि भनेर यहाँले भन्नुभो। हामीले पनि पत्रपत्रिकामा पढेका हौं तर त्यो पत्रपत्रिकामा पढेको इमेलको आधिकारिकता पुष्टि गर्न सक्ने हाम्रो सामर्थ्य भएन। यहाँले पनि हामीले पढेकै इमेललाई सङ्केत गर्नुभको अथवा अरु नयाँ केही त्यस्तो चिज हो कि? त्यो इमेल जब त्यस्तो चिज थियो भनेदेखिन छ भनेदेखिन् त्यो इमेल लगायतका चिजहरु जसले चाहिं के भन्देखिन् कोर्टको फैसलालाई प्रभावित गर्नका निम्ति प्रयोग भएका थिए भन्ने कोणबाट यहाँले राख्नुभाछ, ती चिजहरु यो समितिलाई उपलब्ध होस् यहाँले उपलब्ध गराइदिनुस् भनेर म आग्रह गर्न चाहन्छु। यो इमेल लगायतका यहाँले ..... इमेल लगायतका चिजहरु छर्लङ्ग छन् नि भन्नुभाछ। त्यो छर्लङ्ग भएको इमेल लगायतका चिजहरुको आधिकारिक प्रस्तुतिको लागि म आग्रह गर्छु एउटा। दोस्रो यहाँले चाहिं दोस्रो मर्यादाका माननीय न्यायाधीशज्यूलाई प्रधान

न्यायाधीश बनाउने गरिकन राजीनामा गर्ने प्रस्ताव यहाँसँग पनि आएको कुरा आफैंले पनि राख्नुभो। त्यस्तो राजीनामाको प्रस्ताव लिएर आउने महानुभाव श्री/सुश्री/श्रीमान् के हुनुहुन्छ, कुन वतनको, कुन ठेगानाको, कुन दर्जा, मर्यादाको हुनुहुन्छ? उहाँलाई चाहिँ चिन्ने हैसियत चाहिँ नेपाली जनताको होस्, चिन्ने अधिकार नेपाली जनतासँग छ भन्ने मलाई लाग्छ। त्यसकारणले यहाँलाई राजीनामा दिनका निम्ति यहाँले दोस्रो मर्यादाका श्रीमानलाई माननीय न्यायाधिशलाई प्रधान न्यायाधीश बनाउने गरिकन यहाँले राजीनामा दिएका खण्डमा यो चाहिँ महाभियोग लगायतका विषयहरु सटआउट हुनेगरिकन, त्यस्तो प्रस्ताव लिएर आउनुहुने माननीयजनको चाहिँ त्यस्तो व्यक्तित्वको अथवा त्यस्तो पात्र त्यो उहाँले संस्थालाई प्रतिनिधित्व गरेर आउनुभएको छ कि, व्यक्तिगत तवरमा आउनुभएको छ कि, कस्तो हुनुहुन्छ? उहाँको बारेमा यो समितिले जानकारी पाउनु पर्छ भनेर म राख्न चाहन्छु, दोस्रो विषय। तेस्रो विषय यसलाई मैले अलिकति हुन त मैले उठाएका सबै चिजहरु आफ्ना ठाउँमा गम्भीरै लागेर उठाइराछु। तेस्रो विषय चाहिँ यहाँले के राख्नुभएको छ भन्देखिन सुरुमै राख्नुभाछ। म चाहिँ निलम्बित प्रधानन्यायाधिशको हैसियतमा भन्दा पनि एउटा नागरिकको हैसियतमा यो समितिलाई सम्मान गर्नका निम्ति यहाँ आएको छु भन्नुभाछ। हामीले कुनै एउटा स्वतन्त्र नागरिकसँग यो समितिले बयान लिन आवश्यक पनि हुँदैन, उचित पनि हुँदैन, यो समितिको क्षेत्राधिकार पनि त्यो होइन। हामीले चाहिँ निलम्बित ब्रेक लाग्छ, समस्या नै यही छ। मैले चाहिँ के भन्दै थिएँ बिर्सिसकेँ सरी है। निलम्बित प्रधान न्यायाधीशका हैसियतमा होइन नागरिकका हैसियतमा म आएको हुँ भनेर यहाँले भन्नु भाछ र हामीले नागरिकसँग चाहिँ यहाँसँग छलफल गरिरहेका छैनौं। नागरिकसँग बयान लिइरहेका छैनौं। हाम्रो समितिको बुझाई निलम्बित प्रधान न्यायाधीशसँग नै हामी कुराकानीमा छौं भन्ने हो। अरे यदि यहाँले चाहिँ त्यो सँगसँगै यहाँले के भन्नुभाछ भने यो महाभियोग प्रस्ताव चाहिँ निष्क्रिय भैसक्यो भनेर पनि यहाँले अहिले नै यसैक्रममा राख्नुभाछ। प्रस्ताव निष्क्रिय भइसक्यो र चाहिँ म चाहिँ निलम्बित प्रधानन्यायाधिशका हैसियतमा होइन नागरिकको हैसियतमा आइसकेको छु भनिसकेपछि यो बैठकको यो छलफलको यहाँ गरिएका अन्तरसंवादको अथवा यहाँ हामीले सोधिएका प्रश्नहरुको यहाँले दिनुभएका जवाफको, यहाँ स्वयम् पनि एउटा न्यायिक निकायको नेतृत्व गरेर आउनुभएको अहिले व्यक्तित्व हुनुहुन्छ। यो सबै चिजको के अर्थ के प्रयोजन हुन्छ त? त्यसो भए हामी किन छलफल गर्दैछौं त ? अथवा छलफल गर्ने कि नगर्ने ? छलफल यहिँ थाति राखेर हामी घरघर तिर लाग्ने कि? अथवा के गर्ने कसो गर्ने ? यी तिनटा प्रश्न मैले चाहिँ अलिकति पुनःस्मरण गर्छु। इमेल लगायतका चिजहरु जुन चिज न्यायालयको त्यो पनि सर्वोच्च अदालतको फैसलालाई प्रभावित गर्ने त्यसखालका चिजविजहरु जुन यहाँको नोटिसमा आएका छन्, ती चिजहरु यो समितिले थाहा पाओस्। त्यसको ..... विग्रिन्छ क्या यहाँ कुरा।

होइन यो साइड टक गरे पछि म कुरा गर्न जान्दिन क्या मेरो समस्या यो छ। एउटा यो दोस्रो चाहिँ के छ भन्देखिन दोस्रो वरियताका माननीय न्यायाधिश ज्यूलाई प्रधान न्यायाधीश बनाउने गरिकन सही गरेको खण्डमा राजीनामा गरेको खण्डमा समस्या सटआउट गर्ने भनेर चाहिँ प्रस्ताव लिन आउने व्यक्तित्व, व्यक्ति अथवा संस्था को हुन्? तिनीहरुको बारेमा यो समितिले जानकारी राख्न पर्दछ भन्ने म ठान्छु। तेस्रो यहाँले जुन भन्नुभो निलम्बित प्रधानन्यायाधिशको हैसियतमा होइन नागरिकको हैसियतमा म यहाँ आएको छु र यो महाभियोग प्रस्तावको चाहिँ प्रस्ताव निष्क्रिय भइसक्या छ भनेर यहाँले चाहिँ नियमावलीको सायद कुनै एउटा नियमको संख्या पनि स्मरण गर्नुभो। त्यसले गर्दा खेरि नियमावलीको गर्नुभो कि कुन चाहिँ ऐनको गर्नुभो। नियम ६५ को स्मरण चर्चा यहाँले गर्नुभो। त्यसो भएपछि यो छलफलको केही अर्थ छ कि छैन त अथवा चाहिँ यदि यहाँ यही निष्कर्षमा हुनुहुन्छ भन्देखिन त हामीले त यो प्रत्रोत्तर तिर, यो छलफल तिर अथवा चाहिँ कानूनी भाषामा भन्दाखेरी अथवा हाम्रो यो समितिको भाषामा भन्दाखेरि वयानतिर भन्दा अब अर्को चाहिँ clarity तिर पो लाग्नुपर्ने होकि के हो यस विषयमा यी तीनटा प्रश्न मैले सिरियसल्ली यहाँसँग राखें।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> माननीयज्यूले सोध्नु भएको प्रश्नको विषयमा यो इमेलको कुरा त यो न्यायाधीशको विचमा आएको कुरा हो। त्यो त सम्वन्धित इमेल पठाउने न्यायाधीशलाई गरिमामय समितिले उपस्थित गराएर उहाँले यो इमेलको विषयमा अहिले सम्म खण्डन गर्नु भाछैन, उहाँले पठाएको कुरोलाई। त्यसैले गर्दा उहाँलाई बोलाएर यो सोध्यौ भने भइहाल्यो। यो त्यति ठूलो कुरो छैन। उहाँलाई बोलाएर सोध्दा खेर नै तपाईंले इमेल पठाएको होकि होइन। इमेल पठाको इमेलको के छ भनेर समितिले जानकारी राख्दाखेरि भइहाल्छ। दोस्रो कुरो यो चाहिँ अब यो जुन मैले राजीनामा दियो भनि दुई तिन महिना दुई तिन महिनाको लागि दिपकलाई बनाइदिने गरेर चाहिँ महाभियोग फिर्ता लिने कुरोमा चाहिँ अब यो मैले डिस्क्लोज गर्न त्यति मैले अहिले डिस्क्लोज गर्न हुँदैन। अहिले माननीयज्यूले यो सोधे भने पनि म डिस्क्लोज गर्न सक्ने अहिले अवस्थामा म छैन। त्यलले गर्दा खेरि यललाई मैले यति भनें। यतिमा चाहिँ अब माननीयज्यूहरुले अब देशको प्रधानन्यायाधिशको हिसाबले अब मलाई विश्वास गर्दा पनि हुन्छ, अविश्वास गर्दा खेरि पनि माननीयज्यूहरुको कुरो भयो। अब जहाँसम्म मैले भनेको प्रधान न्यायाधीश पनि देशको नागरिक हो। उलले पनि मताधिकारदेखि लिएर सबै कुरो हैसियत राख्छ। त्यलले गर्दा खेरि म स्वतन्त्र नागरिक पनि हुँ मैले भनें। अब क्षेत्राधिकारको विषय अब गरिमामय समितिले विचार गर्नुपर्ने कुराहरु हो। मैले त संसदबाट बनाएको नियमावलीको धारा के रे नियम ६५ भनेर कोटै गरिसकें। त्यो ६५ को व्यवस्था अहिले पढियो

भने पनि त्यही नै छ। जुन संसदमा यो महाभियोगको उत्पति हुन्छ, जुन चाहिँ अधिवेशनमा हुन्छ, त्यो अधिवेशनमा भएकोमा सात दिन भित्र गर्नुपर्छ। होइन संसद नभएको अवस्थामा हो भने महाभियोगको दर्ता भएपछि विशेष अधिवेशन बोलाएर पनि सात दिन भित्र यो महाभियोगको प्रस्ताव प्रस्तुत गर्नुपर्छ। यदि गरे भएन भने ३५ दिन भित्र जान्छ। मेरो यो महाभियोगको प्रस्ताव दर्ता भयो। २२ गते समिति बन्यो, त्यसपछाडि २ गतेलाई यो छलफललाई सदनमा पेश गर्ने भनेर यो कार्यव्यवस्थामा राखियो, १ गतेबाट संसदको अधिवेशन अन्त्य गरियो। अब यो ६५ को व्यवस्था हो। अब यो ६५ को व्यवस्थाको व्याख्या चाहिँ त अब मैले गर्ने होइन, यो चाहिँ अब अहिले गरिमामय समितिले नै गर्ने हो यो, यो चाहिँ। त्यसले गर्दा यो कानूनी प्रश्नको मात्र गरिरहेको छु। त्यो हिसाबले हेर्दा मेरो नजरमा मैले त प्लिड गर्ने हो, मैले त बहस गर्ने हो, यो बहस गर्दा खेरिको अवस्था आउँछ। मैले यो जिकिर लिएँ। यो चाहिँ यो चाहिँ ७ दिन भित्र पेश गर्नुपर्थ्यो, पेश नभाको भन्नाले १५ दिन भित्र पेश गरिसक्नुपर्नेथ्यो, त्यो हाउस नै चाहिँ त्यो बेलाको त्यो अधिवेशन नै अन्त्य भएको हुनाले अहिले यो त एकैचोटि पछि दोस्रो अधिवेशनमा आयो। त्यो अधिवेशनमा पेश भएका जति पनि कुराहरु, जति पनि प्रस्तावहरु छन् त्यो अधिवेशनमा पेश भएन भने त्यो अधिवेशनमा पेश भएर अहिले यो गरिमामय प्रतिनिधि यो अहिलेको समितिमा महाभियोग छानबिन समितिमा आको भए त्यो कानूनी हुन्थ्यो नआएको हुनाले चाहिँ त्यो गैरकानूनी भो। त्यो अब त्यसको चाहिँ निष्क्रिय हुन्छ भन्ने नियमकै व्यवस्था भा हुनाले मैले त्यही नै प्लिड गऱ्या हो।

<u>माननीय सभापतिज्यू:-</u> माननीय श्री लाल बाबु पण्डित।

<u>माननीय श्री लाल बाबु पण्डित:-</u> माननीय सभापतिज्यू, यो सर्वोच्च अदालतमा जुन अमेरिकाबाट आएको इमेल पढिएको जुन थियो, त्यो इमेल त जब पढिएको थियो भने यहासँग हुनुपर्छ र त्यो इमेल हाम्रो यो समितिलाई बुझाईँदिदा के फरक पर्छ? र यदि त्यो इमेल झुटो हो भने कसैले claim गर्न आयो भने अनि उहासँग सोध्दा प्रमाणित गर्ने कुरा हुन्छ एउटा प्रश्न।

अर्को यो एल्लो प्यागोडा ग्याङ बन्याछ रे एउटा। त्यो एल्लो प्यागोडा ग्याङले निर्णयहरुमा प्रभावित बनाउने गर्याछ र त्यो ग्याङबारे यहाँलाई थाहा छ कि छैन? र त्यो ग्याङमा थाहा छ भने को-को छन्? र त्यही ग्याङले चाहिँ निर्णयहरु सर्वोच्च अदालतलाई प्रभावित बनाएर यदि गरिएको छ भने सर्वोच्च अदालत बाहिर रहेका व्यक्तिले सर्वोच्च अदालतको निर्णयमा प्रभावित बनाउने हो भने तिनीहरु अभियुक्त हुन सक्छन् कि सक्दैनन्? त्यसको म जवाफ चाहन्छु।

प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:- माननीय सदस्यज्यू, यो जुन इमेलको कुरो छ, अमेरिकाबाट इमेलमा आएको भन्ने कुरा त्यो चाहिँ अब साधारणतया न्यायाधिशहरुसँगको म बाहेकको म चाहिँ त्यो बेलामा उहाँहरु छुट्टै नै मिटिङ गरेर बस्नुभाथ्यो। त्यसमा पेश भा हो। मेरो उपस्थिति छैन। त्यलले गर्दा खेरि त्यहाँ इमेल त पेश भएको भन्ने कुरा न्यायाधिश ज्यूहरुसँग यसो भन्दा खेरि भयो। त्यसपछाडि तत्कालै यललाई चाहिँ होइन यो त अलि जटिल गम्भिर छ भनेर फिर्ता लिइयो भन्ने कुरो छ, पेश गर्ने जसले पढेर सुनायो उसले गर्नेछ। त्यलले गर्दा यो मसँग छैन। अब यो चाहिँ सम्बन्धित व्यक्तिहरुसँग मात्र हुन सक्छ यो। जसले पढियो, त्यो उहासँग र जसले पठायो उहाँसँगै मात्र हुने भयो। यो चाहिँ न्यायाधीश भएको हुनाले अब राष्ट्रसेवक हो। गरिमामय समितिले उहाँहरुसँग बुझ्दा खेरि अझ प्रस्ट भइहाल्छ। अब बाँकी रह्यो यो एल्लो प्यागोडा रयाङ भन्या चाहिँ अब बाहिर पत्रपत्रिकामा यो चाहिँ आयो तर यसको वास्तविकता चाहिँ मलाई त्यति knowledge छैन।

प्रश्न नं. ४:- सर्वोच्च अदालत लगायत न्यायापालिका भित्र नै निजको कार्यकालमा अतिशय विकृति, विसंगति, भ्रष्टाचार तथा विचौलियाहरुले प्रवेश पाएको र प्रभाव बढाउँदै लगेको अवस्था विद्यमान छ भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ? खुलाउनुहोस्।

प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:- यो प्रश्न धेरैसँग जोडिएको छ। यहीं विषयलाई महाभियोगमा उल्लेख गरिएको छ। यो नेपालको संविधानको धारा १३६ ले सर्वोच्च अदालत र मातहत अदालत विशिष्ट अदालत वा अन्य न्यायिक निकायहरुको वा न्याय प्रशासनको प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्रधान न्यायाधीशको हुने व्यवस्था गरेको छ। मैले आफ्नो जिम्मेवारी निर्वाह गरेको हुँ। मैले प्रभावकारी न्याय प्रशासनको काम गरेको हुँ। कुनै पनि न्यायाधीशलाई मुद्दामा फैसला यस्तो गर्नु, आदेश यस्तो गर्नु भनेर फर्मान जारी गर्ने,गरेको पनि छैन,गर्न पनि मिल्दैन र त्यस्तो मेरो कार्यकालमा कसैलाई पनि भनेको पनि छैन। न्यायाधीशहरुले मुद्दाको पक्ष–विपक्ष मिसिलमा संलग्न प्रमाण, उपस्थित हुने कानुन व्यवसायको बहसको आधारमा निर्णय गर्न स्वतन्त्र हुन्छ र उनीहरुको विवेकमा मैले कुनै हस्तक्षेप गरेको छैन,गरिन। म यो जहाँसम्म भ्रष्टाचार विसङ्गति, विकृति भनेको मेरो कार्यकालमा माननीय सदस्यज्यूहरुले जसलाई बुझ्दा पनि हुन्छ। हिजोको अवस्थामा मैले न्यायपालिका समाल्दाको अवस्थामा न्यायपालिका प्रति धेरै प्रश्न खडा भएको हो। यो प्रश्न यो न्यायपालिकामा विसङ्गति छ, विकृति छ, भ्रष्टाचार छ, विचौलियाहरु पनि छन् र त्यो विचौलियाहरु न्यायाधीश, न्यायाधीशका परिवार, कानुन व्यवसायी, त्यसपछाडी कर्मचारी, पक्ष, विपक्ष र समाजमा संलग्न Easy Money भाव मलाई धेरै भने कुराहरुको गुनासो धेरै आगाडिबाट आइरहेको हो। यहिले पनि छ यस्तो गुनासोहरु अब सायद

भोलिसम्म पनि रहला या न रहला,यो चाहिँ रहिरहन्छ। यो आरोप यो सार्वजनिक पद धारण गर्ने व्यक्तिलाई सबैलाई लाग्छ, सधै लाग्छ तर यसको सत्य तथ्य, यसलाई पुष्टि हुने आधार, पुष्टि गर्ने प्रमाण भने चाहिँ कहीलै पनि फेला पर्दैन र फेला पारिदैन। यो कति सत्य हो। यो चिजलाई हिजोको कालमा, यहीं चिजलाइ न्यायपालिकामा पनि छ भन्ने आयो। एउटा सबैभन्दा ठूलो कुरा भने म यहिले पनि गरिमामय यो संसदलाई मेरो अनुभव म रसियामा प्रधान न्यायाधीशको हिसाबले रसियामा भिजिटको लागि गएको थियो। प्रधान न्यायाधीशले निम्ता गर्नुभएको थियो,म गएको थिए। त्यहाँ उहाँहरुको प्रधान न्यायाधीश लगायत सबै बस्ये र मलाई राखेर छलफल गरेका थियौं। छलफल गरेको पछाडिकोमा अनि मैले उहाँहरुलाई विभिन्न यो सैद्धान्तिक छलफल गरे पछाडि यहीं भ्रष्टाचारको विषयमा पनि र न्यायाधीशको कारवाहीको विषयमा दुईटा चाहिँ प्रश्न मैले उहाँलाई राखेको थिए। कि तपाईको मा, हाम्रो मा त सधैं भरी यस्तो आरोप लाग्छ। विकृति छ, विसङ्गति छ, भ्रष्टाचार छ, विचौलियाहरुले प्रयोगमा आयो, सबै निकायमा प्रयोगमा आईराखेको छ। भन्ने कुरा ठूलो प्रश्नको रुपमा खडा भइराखेको छ। तपाईहरुकोमा छ कि छैन, यस्तो कुरो, प्रश्नमा आउँछ कि आउँदैन भनेर मैले यहाँलाई प्रश्न गरेँ। उहाँले पनि, दुईटा चिज मैले गरेको थिएँ। एउटा त्यो प्रश्न गऱ्या थिएँ अर्को मैले न्यायाधीश अलिकति न्यायिक विचलन, न्यायिक सन्तुलन कार्यमा गर्न सकेन अलिकति आचरणमा बस्न सकेन। अलिकति केही न केही आरोप लाग्यो फैसलामा गल्ती गर्यो, आदेशमा गल्ती गर्यो भने हाम्रो त विकल्प छैन। हामी निकालिदिन्छौ। न्यायधीशलाई ठाडो विरोध हुन्छ। तपाईहरुको मा के छ भने मैले दुई ओटा प्रश्न त्यहाँ लगेर उहाँहरुलाई मैले सोधे। अनि उहाँलाई सोध्दा पहिलो प्रश्न विकृति, विसङ्गति, भ्रष्टाचार, विचौलियाको कुराहरु हाम्रो म त छँदै छैन, यसमा त हामी कहीले पनि विश्वासै गर्दिनौं। हामीले यसलाई त सोध्दा पनि सोध्दैनौं, हाम्रो कुनै पनि निकाय यस्तो विषयमा सोध्दा पनि सोध्दैनौं। न्यायपालिकामा भ्रष्टाचार छ, विचौलिया छ अनि विकृति छ, विसङ्गति छ भन्ने कुरालाई हामीले अनुमान पनि गर्दैनौं, हामीको मा छैन भन्नु भो एउटा। त्यो दोस्रो त्यो चाहिँ न्यायाधीशको लागि कारवाही गर्नुपर्दा अवकाश होइन। यो न्यायाधीश भन्ने माटो जस्तो हो। यो माटो बाट चाहिँ भाडो बनाएर ठूलो चाहिँ गमला बनाउँन धेरै समय लाग्छ। त्यसैले गर्दा न्यायाधीशलाई हामीले step by step सचेतनाहरु गर्दै-गर्दै अनि अन्तिम रुपमा केही नभएमा मात्रै हामीले यसलाई हटाउने गर्याछौं। हाम्रोमा न्यायाधीश हटाउने गर्या त Example नै छैन। यो भन्नु भो उहाँहरुले अनि त्यसपछाडि त वार्ता सिद्धियो हाम्रो। त्यसपछाडी बेलुकी रात्रि भोजको Time थियो। रात्रि भोजमा आएर हामी Mr. प्रधान न्यायाधीश Mr. Chief Justice पहिले हाम्रो छलफल मा यो औपचारिक छलफल भयो। विकृति, विसङ्गति, भ्रष्टाचार, विचौलिया छ कि छैन तिमिहरुका भ्रष्टाचार हुन्छ कि हुन्न तपाईको मैले त प्रश्नको जवाफ त दिए। त्यो कुरा हामी त कल्पना पनि

गर्दैनौ, हुर्दैन भन्यौ तर यो कुरा हामीकोमा पनि छ तर हामी सार्वजनिक गर्दैनौं। किन्न भने समाजमा यदि अदालतमा विकृति छ, विसङ्गति छ, भ्रष्टाचार छ, विचौलिया छ, सबै न्यायाधीश भ्रष्टाचारी, कर्मचारी भ्रष्टाचारी भने पछि त्यो न्यायपालिकाको विश्वसनियता रहन्छ र? त्यो रहेन भने भोलि न्यायपालिका आफ्नो न्याय निरुपन गर्नसक्छ,कुनै काम गर्न सक्छ। यसमा विश्वसनियता हुन्छ र? त्यस पछाडि सिर्जना भइहाल्छ नि। यो रहन्छ हुन्छ तर हामीले कहीले पनि Comment गर्नुहुँदैन। यो चाहिँ कुनै पनि निकायले Comment गर्नुहुँदैन। चाहे त्यो judiciary ले होस्, आफ्नो न्यायपालिकाले होस् ,चाहे बारले होस् ,चाहे त्यसमा संलग्न अरुहरुले होस्। त्यसपछाडि संसदले होस्। यो कुरा कहीले पनि गर्नुहुँदैन। त्यसलाई कसरी न्यूनीकरण गर्ने भन्ने कुरामा त सबै बसेर सरसल्लाह गरेर, यस्तो-यस्तो देख्यो, यसमा यस्तो देखियो, यसरी यस्तो भयो। यसलाई कसरी Solution गर्ने भनेर लाने विषय वस्तु हो। हामी आफैले भ्रष्टाचारमा छौं, हामी कहाँ विचौलिया छ, विसङ्गति छ अनि त्यस पछाडि हामी सबै भ्रष्टाचारि छौ, विचौलिया छ। अब हाम्रो वरिष्ठ अधिवक्ता शम्भु थापाज्यूले टेलिभिजनका Interview मै भनिदियो नि। हामी न्यायाधीशलाई घुस खुवाउछौ, न्यायाधीशले घुस खान्छ, घुस खाने चलन छ। यो त सबै भन्दीनु भो नि हैन। यस्तो कियाले न्यायपालिकालाई सक्षम बनाउन, सुदृढ गर्न, स्वतन्त्र बनाउन, जनताको विश्वसनिता, जनताको आस्थाको केन्द्र नै न्यायपालिका हो। त्यसमै यी सबै कुराहरु छ भने हामीले Lead गर्दै गएपछाडि त्यसको महत्व भुमिका के रहन्छ। त्यसले के संविधानवादलाई अगाडि बढाउन सक्छ। त्यसले के संविधानवादलाई कानुनी शासनलाई अगाडि बढाउन सक्छ। त्यसले गर्दा यस्तो कुराहरुलाई सार्वजनिक रुपमा छलफल गर्नुहुँदैन, गोप्य राख्नुपर्छ। तर. हामी कहाँ पनि यस्तो Example छ। त्यसपछाडि न्यायपालिको न्यायाधीशसको कारवाही अघि पनि भनिसकेँ कि न्यायाधीशलाई परिपक्व बनाउनलाई Young छ भने त्यसरी विश्वास दिलाएर उनीहरुलाई effort दिएर, उनीहरुलाई बौद्धिक ज्ञान दिएर, उनीहरुलाई शिक्षित बनाएर त्यसपछी हरेक चिजको अवसर दिएर त्यसलाई बनाएरमाथि लग्नुपर्छ। अनि मात्र हामी आशा गरे अनुरुपको निस्पक्ष, स्वतन्त्र न्यायपालिका, सक्षम न्यायपालिका प्राप्त गर्न सक्छौं। जनताको धरोहरलाई हामीले कायम राख्ने काम गर्न सक्छौ। संविधानवाद र संविधानको संरक्षण गर्न सक्छौं। नभए देखि त न्यायाधीशलाई त यस्तो गरियो, एउटा उजुरुरीको आधारमा, एउटा पत्रिकाको आधारमा गरियो भने त सिद्धिहाल्यो नि। उहाँले भन्नु भयो एक चोटी उहाँको भिजिटमा नेपाल आउँदा भन्नुभयो। न्यायाधीश भन्ने यस्तो चिज हो। यसलाई त पत्रिकाले झिङ्गालाई हाने पनि मर्छ र न्यायाधीशलाई हाने पनि मर्छ। त्यसले गर्दा यसलाई हामी कसरी लिन्छौं अधिकांश यस्ता विषयवस्तु छ। जसलाई हामीले कान, आँखा, हाम्रो सोँच एक ठाउँमा केन्द्रित भएन। स्वतन्त्र पत्रिकाकोलागि अब संविधानले सुदृढ रुपमा नै व्यवस्था गरेको छ। पत्रिका रहनु पर्छ,

पत्रिका हुनुपर्छ र त्यसको सत्य तथ्यको कुरोमा लिएर मात्र हामीले अगाडि बढाउनुपर्छ। हामी त सबै अहिँले त भनिहालें नी यहींले अब Media trial सबैको मुखमा आइरहेको छ। Media Trial हो। हरेक कुरामा एउटा सानो-सानो मुद्दामा पनि Media ले हस्तक्षेप गर्छ। Media मा प्रचार-प्रसार आयो। Media को एउटा यस्तो बानी हुदों रहेछ। मैले संगत Media सँग गरेको त छैन तर पनि अध्ययनबाट मैले चाहिँ कान्तिपुरको अपहेलना मुद्दा पनि हेरेको छु। अरु बेलामा मुद्दा हेरेको छु, पत्रिकामा। त्यहाँ निर कस्तो किसिमको प्रवृति रहेछ भने, आफुले निकालेको समाचार सत्य साबित गर्नलाई जे पनि गर्ने। यसले समाजलाई सुदृढ गर्न, व्यवस्थालाई सुदृढ गर्न। त्यसपछाडी जनतालाई आत्मविश्वास दिलाउन सहयोग पट्टकै पुग्दैन। अहिले नेपालको पत्रपत्रिकाले यो कुरोको सहयोग गरिराख्नुभएको छैन। यसमा दुख्त हो मलाई दुःख लागिरहेको छ। मैले त्यतिबेला बारलाई, पत्रपत्रिका सबैलाई बोलाए, मैले प्रधान न्यायाधीश भइसकें पछाडी। मैले चाहीं धेरै पछाडी उहाँहरुलाई भने तपाईंहरु सबै न्यायाधीश, कर्मचारीहरु हेरेक मुद्दामा डरायो त्यसले गर्दाखेरी आवाज कानुन बमोजिम कारवाहीहरु हुन्छ है। तपाईंहरुको त्यसले गर्दा अदालतको जवसम्म यो कुरो Satisfy गर्दैन, प्रमाणिकरण गर्दैन, तबसम्म तपाईंहरु समाचारहरु निकाल्नु पाउनुहुन्न। जुन हामीले फैसला गर्छम, जुन आदेश गर्छम त्यसलाई सार्वजनिक सम्पत्तिको विषय हो लेख्नुहोस्। तर त्यसका विरुद्धमा Propagation हुनेगरी, जनतालाई उचाल्ने गरी र सबैलाइ अदालतको आदेश र फैसलाहरु विकृति गरी विकृतपुर्ण गरी तपाईंहरु ननिकाल्नुस्। यो न्यायपालिकालाइ कुनै पनि हालतमा सहि छैन। यसो गर्नु भयो भने तपाईंलाई गम्भीर परिणाम भोग्नुपर्छ भनें मैले भनेको थिएँ। त्यसले गर्दाखेरी यी चीजहरु, यी कुराहरु. सायद सयको सय प्रतिशत असत्य होस्। जति मलाई चाहिँ आरोप लगाएका छन्। यसमा कुनै सत्यता छैन, यो सबै झुट्टा हो।

<u>माननीय कृष्ण भक्त पोखरेलः-</u> माननीय सभापतिज्यू हामी ४ चार वर्ष अगाडि जापान गएको थियौ। त्यहाँका वकिलहरु सबैलाई हामीले सोध्यौ न्यायाधीशले पनि घुस खान्छ? सतप्रतिशत न्यायाधीशले घुस खाँदैन भन्नुभयो। रत्नपार्कमा हामी सबैल लाइन लागाएर नागरिकहरुलाई सोध्यौ भने मेरो विचारमा आजको मितिमा १०० मा ९९ ले घुस खान्छन् होला भन्नेछन्। नेपालमा न्यायाधीशले घुस खादैन्न भन्ने अवस्था रहेको छैन र यसमा एक जना वरिष्ठ वकिल साहबले नै यहाँलाई जोख्दाखेरि १ करोड, १ कुन्टल हुँदो रहेको छ भनेको चाहिँ र त्यो पैसा लिएर गएको पछि त्यो मुद्दामा चाहिँ सकिदैन। अर्को कुनै मुद्दामा मिलाउँछु भनेको भन्ने जस्ता कुरा पनि मिडियामा आएँ। अब यो चिज यहाँका विचारमा यो चिज के हो? हरि कृष्ण कार्कीको प्रतिवेदनले पनि विचौलियाको अवस्था छ, भ्रष्टाचार छ, विकृति छ, विसङ्गति छ भन्ने कुरा यहाँले गठन गरे

Report ले पनि बताइराखेको अवस्थामा यो चिजलाई रोक्न Media मा आए मैले वरिष्ठ वकिल साहबको नाम पनि भन्दीन तर उहाँले जे चिज उठाउँनु भो तर यस बिचमा कहीं न कहीं श्रीमानलाई जोडेका छन्। यसमा कुनै सत्यता छैन भन्ने कुराको आधार चाहिँ के छन्। तपाईं नेतृत्वमा आइसकेपछि यी चीजलाई रोक्नका लागि कुनै प्रयत्न गरेको कसैलाई कारवाही गरेका त्यस्ता तथ्यहरु केही छ भने बताउनुहोस्।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> हामी Sadistic भएम। केही त्यसता व्यक्तिहरु छन् उनीहरु म प्रति Sadistic भए। केही यस्तो व्यक्तिहरु छन् उनीहरु म प्रति Sadistic भए। माननीयज्यूले जुन अधिवक्त भन्नु भयो उहाँको चाहिँ मैले पनि पत्रपत्रिकाबाटै सुनेको थिए। प्रमाणित गराउँ तर्फ पनि मैले जान चाहेंन। यस्तै गर्दाखेरी उहाँले अब यो यही मेरो विषयमा जब षडयन्त्र सुरु हुन थाल्यो तब उहाँले सबै आरोप जति मैलाई लगाए। एउटा आरोप पनि पुष्टि गरिदिएँ हुन्थ्यो नि मैले भनें। मलाई आरोप कहींबाट लगाए तर पुष्टि गर्दियो। किन यो शब्दमात्र प्रयोग गरे, शब्दलाई त पुष्टि गर्नुपर्छ नि। यो शब्दमा आरोप लगाए पछि यी शब्दहरु Dictionary मा त सबै पुष्टि हुन्छ। Dictionary मा छ नेपाली Dictionary मा यो सबै शब्द छ तर यो शब्दले खोजेको चिज कहाँ छ? शब्दले खोजेको चिज कहींले पनि दिनु हुन्न, कहिले पनि व्यक्त गर्नुहुन्न। अब मैले भनिहाले नि यो प्रधान न्यायाधीशको ठाँउमा, ठाँउ चाहिँ यो प्रधान न्यायाधीशको पदमा सबैको त्यही नै हो धारण गरेको व्यक्तिले सबै गाली गलौज सबै जति पर्छ। यसमा इर्सा ठूलो कुरो होइन। मैले भने बिरुद्धमा सबै गर भोलि Audit गर्दा थाहा हुन्छ नि। मेरो विरुद्धमा सबै थाहा भइहाल्छ, के यो कसैले बोलेमा कसैले भनेमा यो कुरो हो र मेरो। यो त Audit भइनै हाल्छ। यो मुद्दा भनेर यसरी लगे, यसरी गरे, भइहाल्यो नि। म कहाँ चाहिँ यो नेपालको संविधान र कानुन भन्दा बाहिरको छु र। मलाई त जति छानविन गरेनि भइहाल्यो नि। मैले पटक–पटक भनिरहेछु मैले मेरो विषयमा गर तर उहाँहरुको के चाहिँ नि,उहाँहरुको Interest छ। अब यो फेरी अब Interest को कुरो गरे अर्को जोडिन्छ यो Link जोडिदै जान्छ। अब न्यायाधीश नियुक्तिको बेला भयो। तत्कालीन बारको अध्यक्ष र महासचिबले नाम दिनु हुन्छ। फलानोलाई गर्देउ, फलानोलाई गर्देउ हैन चण्डेश्वर श्रेष्ठले पुनदेवि महर्जनलाई न्यायाधीश बनाउनै पर्छ भने। त्यो अब सकिएन भएन उहाँ विरुद्धमा लागिहाल्नु भयो। उहाँको फर्मबाट हरेक पटक एक–एक जना हुनुपर्ने। अर्को लिलामणि पौडेल महासचिव हुनुहुन्थ्यो। अति न हो यो त सबै दुई जना गरेको सबै पदाधिकाधिकारी चाही त्यहि त हो भने कुरो भइरहेको छ। अर्को लिलामणि पौडेल हुनुहुन्थ्यो। यहाँले संजिव लामा भन्ने अधिवक्तालाइ न्यायाधीश बनाउनु पर्यो भनेर भन्नुभयो। त्यो पनि हुन सकेन। उहाँलाई चित्त बुझेन त्यसपछि उहाँले आफैलाइ मुख्य

न्यायाधीश बनाइदिनु पर्छ मेरै क्वाटरमा आएर भन्नुभयो। अब तपाई वरिष्ठ पनि हुनुहुन्न र वाहिरबाट मुख्य न्यायाधीश ल्याउने चलन पनि छैन। यो सम्भावना कसरी छ भने पछाडी उहाँ मुख्य न्यायाधीश बन्नुपर्ला फेरी अब अर्को विरोध लाग्नु भयो। यहींले मुख्य न्यायाधीश बन्नलाई तयार हुनुहुन्छ। सर्वोच्चको मुख्य न्यायाधीश पदाधिकारीहरु बनाउनु होला। अब अर्को रह्यो सर्वोच्च बाहिरको अधिवक्ता पूर्णमान साक्यजी। उहाँ त्यत्रो प्राध्यापक, संविधानको विज्ञ, उहाँको गुठी मुद्दा गर्दिएन भनेँर उहाँको पनि विरोध भयो। यहि हो, हाम्रो कसैले सिद्धान्तको आधारमा नैतिकतको आधारमा गरेको त छैन। खाली उहाँहरुको interest भने कुरो चाहिँ मुद्दामा, अनि त्यस पछाडी गएर न्यायाधीश नियुक्तिमा, सरुवामा यस्ता चिजमा नगरेपछि प्रधान न्यायाधीशको विरुद्धमा चाहिँ नारा जुलुस गरेर बस्छन्। मैले उहाँहरूलाई भने कि तपाईंहरुको नचले पछि सकेन, अर्को कुरो त्यसपछाडि अब यो भन्यो भने धेरै कुराहरु चाहिँ, अब बोल्दा पनि नहुने, नबोल्दा पनि नहुने, आरोपित भएर बस्दा पनि नहुने अर्को कुरो मैले हाम्रो यसमा लेखेर लिएर आइदिएको थियो। अब हरेक उहाँहरुको फर्मको एक–एक जना मुख्य न्यायाधीश हुनै पऱ्यो। जहिले पनि सरुवा गरेको उहाँहरुको मान्छे ठाँउ–ठाउँमा हुनै पऱ्यो। यस्तो पनि हुन्छ र? कहींले पनि यस्तो चिजहरु हुनसक्छन्? अब म सम्झौता गरदिने योग्यता पुग्याछ भने हुन्छ, पुग्या छैन भने हुँदैन, यस्तो चिजहरु भयो। अनी त्यो हाम्रो यो अदालतमा एउटा समन्वय समिति भन्ने छ। त्यसमा बारले पठाएको दुई जना प्रतिनिधि हुन्छ। त्यो बेलामा मैले गर्दाखेरी शम्भु थापाज्यू र अर्को चाहिँ हरीहर दहालज्यू हुनुहुन्थियो। उहाँहरु दुई जना वरिष्ठको हिसाबले पठाएको थियो। उहाँहरु हरेक चिजमा Guidance गर्ने। यो बेन्चमा यो हुन्छ, यस्तो मुद्दामा यस्तो हुन्छ,यस्तो पनि चिज हुनसक्छ। तपाईंहरुले भनेको जस्तो कहाँ हुन्छ। यस्तो त बेन्चले सफल गरेको हुन्छ रे, भने पछाडी यस्तै भन्यो यस्तो कुराहरु खोल्दा पनि न राम्रो न खोल्दा पनि न हुने। हरेक प्रश्नमा यस्तो चिजहरु आएको छ भन्नले मात्रमैले भनेको अब उहाँहरुको यही हो। सिद्धिगो, माननीय सभापतिज्यू,नेपालको कानुनलाई प्रयोग गर्ने सन्दर्भमा कानुन अनुसार हुन्छ कि व्यक्तिको अनुहार हेरेर पनि फैसला हुन्छ। मैले बुझेसम्म नजिर र कानुन ले के भन्छ हुने कुराको फैसला हुन्छ। अनि ज्यान मुद्दाको रञ्जन कोइरालाको योसँग पनि जोडिदन्छ। फैसला हुने सन्दर्भ सँग जोडिएर जादा, योसँग जोडिएर आउँदा खेरी यहिले नै आयो। यदि Law Form हरु मुद्दा लड्ने कुरा त हुँदै हो तर न्यायाधीश बन्ने माध्यम पनि Law Form मै हो भने अनि कतिपय न्यायिक क्षेत्रमा हुने अपराधहरुको जिमेवारी र जवाफ देही Law Form ले लिने गर्या छ कि छैन। मैले यस बारेमा जानकारी दिए।

प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवराः- बारसँग जहिले पनि यही कुरामा Doubt पर्ने भो। त्यसले गर्दा खेरी हाम्रो अब संविधान संरचनामा यस्तो छ। संविधानको संरचना वमोजिम न्यायाधीश नियुक्ति गर्ने निकाय भने न्याय परिसदको व्यवस्था छ। त्यसमा अब माननीय ज्यूहरुलाई अवगत नै छ। प्रधान न्यायाधीश र वरिष्ठ न्यायाधीश दुई जना रहन्छ न्याय पालिकाको तर्फबाट त्यस पछाडी दुई जना नेपाल बारले सिफारिस गरेको व्यक्ति एक जना रहन्छ। अनि प्रधान मन्त्री ज्यूले सिफारिस गरेको कानुन विग्य एकजना रहन्छ। त्यस पछाडी कानुन मन्त्री रहन्छ। अब संरचना नै राजनैतिक छ,न्यायपरिसदको संरचना नै राजनैतिक छ। संविधानमा सही व्यवस्था छ। यसै भित्र रहेर गर्ने हो। त्यसले गर्दा खेरी न्याय पालिकालाई कस्तो व्यक्तित्व,कस्तो Source चाहिँन्छ। अब त्यो विषयमा सहमतीले गर्नु पर्छ। अब सबै कुरो न्यायप्रशासनको जिम्मेवारी चाहिँ प्रधान न्यायाधीशलाई हुन्छ तर काम गर्ने विषय वस्तु परेपछि फेरी परिसद मार्फत जानुपर्छ। अब त्यहाँ त त्यो पनि सम्भावना छैन। जिम्मेवारी त फर्महरुले लिने कुरो भएन क्यारे उहाँहरु त्यो त कानुनी दायित्व उहाँहरुको छैन। उहाँहरुको दायित्व भने यस्तै हो। अप्रिय बनाई दिने दायित्व चाहिँ उहाँहरुको हुन्छ। अधिकार,कर्तव्य चाहि परिषदेको हुनेछ हजुर सक्यो ।

माननीय रेखा शर्माः- माननीय सभापतिज्यू सभापतिज्यूले ३ नम्बरको प्रश्न गर्नुभयोन जवाफ पनि पाइयो। यसमा मेरो अलिकति मेरो प्रतिप्रश्न कस्तो रह्यो भने,जस्तो अघिल्लो पटक प्रश्नको उत्तर दिदा खेरी नै अलिकति भन्नु भएको थियो। न्यायाधीशको नाम किटेर र ३ नम्बरको उत्तर दिने वेला भन्नु भएको थियो। न्यायाधीशको नामै किटेर आफ्नो Form मा बोलाएर,Office मा ब्रोलाएर बार्गेनिङ्ग, पसात बहस गर्ने,अनि त्यहाँ गएर बार्गेनिङ्ग गर्ने type को के रे? के नाम भन्ने, मैले नाम अघि टिपेको थिए बिर्सिए। त्यस्ता खालको जस्तो त्यस्तो न्यायाधीशहरु भयो भने,त्यो सबै त्यस्तो हुन भएकोमा यहीं त हुन्छ विकृति,विसङ्गति यति भन्या त हैन Law Form हरु अब विभिन्न Law Form हरु बाट न्यायाधीश बनाउन जोड जबर्दस्ती गर्ने,बारको कुरा सबै न्यायलय भित्र बाहिरको प्रभावमा जब काम गरिन्छ भने त्यहीं त होला विकृति र विसङ्गति। यो विषयमा न्यायलय कसरी हेर्नु भएको छ भने जसरी बाहिर आउदा खेरी विदेशहरु तिरको अन्यत्रको उदाहरण उहाँहरु हुनु भो दिदा खेरी हामीलाई पनि त्यो हो। न्यायलय भन्नले साच्चै हाम्रा संविधानमा व्यवस्था चाहिँ न्यायलयले गरेको निर्णयलाई मान्नु पर्छ भन्ने कुरा त छ हैन तर न्यायलय गर्ने निर्यणहरु पनि त्यो खालको हुनुपर्छ भन्ने पनि हो र अर्को कुरा जुन विकृति र विसङ्गतिको कुरा यहाँ गरिरहेको छ। विचौलियाको प्रवेश जुन कुरा गरिरहेको छ। आखिर यहाँलाई नै अघिल्लो पटक उत्तर दिने वेला यस्तो-यस्तो छ। त्यस्तो खालको छ, अहिले पनि

यस्तो वेलामा न्यायलयमा न्यायाधीश बनाउने विरोध भए, पुराना अगाडि के सबै त्यस्तो थियो। त्यस्तो गर्दा मिलाएर मात्र विरोध भएको थिएन। र अहिले त निलम्बन भएर विरोध भयो,के हो अलिकति Clear गर्दा खेरी प्रश्नको उत्तर आउँदा एकातिर छैन भन्या पनि अर्को तिर फेरी तथ्य र प्रमाणले छ भन्या जस्तो पनि Confuse भयो मलाई। अलि स्पस्ट गरिदिनुहुन्छ कि भन्ने कुरा ?

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> दुईटा Angle बाट मैले यसमा प्रश्नको जवाफ दिएको थिए। एउटा संस्थागत भयो,एउटा व्यक्तिगत भयो। मैले जवाफ दिएको चाहिँ,मैले संस्थागत र व्यक्तिगत अब व्यक्तिगत भने बारको पदाधिकारी आउने,भेट्टहुन्छ। यहाँहरुकोसँग कुरा हुन्छ ,सबै कुरा हुन्छ। उहाँहरु अरुवेला भन्ने चाहिँ यहीं नै हो। किन्न भने उहाँहरुले अब न्यायाधीश कर्मचारीहरुको तर्फबाट,त्यसपछाडी न्यायाधीशको तर्फबाट भवन्ने त्यसपछि बारकोबाट लिदाखेरि व हुन्छ भने विषय वस्तुहरु एउटा भयो। त्यसपछाडी बारबाट पनि लिने व्यवस्था छ। बारको बाट लिदा खेरी उहाँहरुको चाहना हुन्छ। उहाँहरूको फर्मको व्यक्तिहरु होस् भन्ने चाहना हुन्छ। त्यो चाहना को परिपुर्ती संस्थागत रुपमा काम गर्दा खेरी सकिन र सकेपछि विरोध सुरु हुन्छ।

<u>माननीय सभापतिज्यू:-</u> माननीय शिव माया तुम्बाहाङ्फेज्यू

<u>माननीय डा. शिव माया तुम्बाहाङ्फे:-</u> माननीय सभापतिज्यू, मेरो एउटा जिग्यासा,यो बार वकिल Law From हरुसँग जोडिएर भने न्यायाधीश चाहिँयो भन्ने खालको कुरा तर मैले सुनेको र जतिवेला न्यायाधीशहरुले न्युक्ति गरिरहदा खेरी पेपर बाजि पनि भएका हामीले देख्याछौं। त्यतिवेला फलानो न्यायाधीशले यति कोटा भयो न्यायाधीश नियुक्ति भयो,फलानोले सिफारिस गरे यति कोटा भयो,भनेर त्यो भागवन्डा नि भयो भन्ने Media मा देखियो त्यो चाहिँ के रहेको छ ?

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> माननीय ज्यूलाई मैले अनुरोध गरे। नियुक्ति भए पछाडि त्यहाँ चाहिँ पाँच– पाँच जना हुन्छौं। पाँच जनाले न्यायाधीशको लागि त्याहाँ कर्मचारीहरुको बनाउनु पर्ने List,त्यसपछाडी न्यायाधीशको हुन्छ List,त्यसपछी बारको List हुन्छ। त्यसैबाट छान्ने हो। सक्षम व्यक्तिलाई आफूले त्यहाँ सहमति भएको व्यक्तिलाई,पाँचै जनाले फलानालाई चाहिँ Ok भने पछाडि त हो नि। यो गरे पछाडीलाई यसरी गरीन्छ। अब पत्रपत्रिकामा चाहिँ कोटामा भन्ने आएको हुन्छ,कोटा भन्ने चाहिँ होइन। यहाँ चाहिँ त्यहाँ गएर त्यो चाहिँ सबै जना आफुलाई राम्रो लागेको को छ भने, सबै जना छलफल गरेर त्यसपछि सहमतिमा जाने।

<u>माननीय सभापतिज्यू:–</u> माननीय विष्णु प्रसाद पौडेलज्यू।

<u>माननीय विष्णु प्रसाद पौडेल</u>:– माननीय सभापतिज्यू, मेरो दुईटा मात्र जिज्ञासा छन्। एउटा चाहिँ के हो राखुपर्ने भन्दा खेरी यस्ता आरोपहरु सार्वजानिक पदधारण गरेका व्यक्तिलाई आइनै रहन्छन् भन्नु भयो। यो एक– आध सम्म आउँछन् पनि त्यो एउटा कुरा भयो तर यसको पुष्टि गर्न,प्रमाणित गर्न गाह्रो हुन्छ,फेला पारिदैन भन्नु भयो, हैन? अब Supreme Court भित्रको व्यक्तिहरुका भएको कारणले लागि पनि फेला पर्न गाह्रो भएको हो कि हैन? यहाँ भन्ने जस्तो फेला पार्न मत्रै गाह्रो हो कि ? कि हुँदैन भएको एउटा हो। दोस्रो मैले चाहिँ seriously उठाउन चाहेँको कुरा के छ भन्ने अघि माननीय लालबाबु पंडित ज्यूले राख्नु भयो। यो Yellow Pagoda एउटा समूह खासगरीकन सार्वजानिक सञ्जाल माध्यममा हाम्रो नयाँ सम्पादनसँग गासिएर धेरैनै समाचारहरु अए,यो चर्चाको एउटा ढङ्गले भन्दा खेरी उत्कर्समा पनि रहे विषय कि Yellow pagoda एउटा समूह हो भन्दा खेरी एउटा यस्तो समूह हो भन्दा खेरी नियमित रुपमा Yellow Pagoda एउटा Hotel मा भेला हुन्छ,त्यहाँ छलफल गर्छ। त्यसमा निश्चित व्यक्ति– व्यक्तित्व हुनुहुन्छ उहाँहरु। यहाँ विच छलफल हुन्छ त्यहाँ चाही खासगरी एउटा गृहकार्य Home Work हुन्छ। इजलासमा कसलाई कुन इजलासमा कसलाई राख्ने जस्ता विषयहरु र खासगरी सम्वेदन इजलासमा कसलाई राख्ने सुरुमा यस्तो छलफल हुन्छ। त्यहाँ छलफल भए वमोजि नै व्यक्तिहरु चाहिँ त्यसरी इजलासमा राखिन्छ। उनीहरु भोलि फैसला गर्छन्। त्यसमा चाहिँ खासगरी प्रतिनिध सभा पुर्ण गठनको फैसला,प्रतिनिधि सभा पुर्ण स्थापनाको फैसला यो Yellow Pagoda एउटा समूहको निर्णयका कारण एउटा Victim भएको फैसला हो,यो चाहिँ हैन। एक ढङ्गले भन्दा खेरी Open secret जस्तै सानो,पातलो पर्दा एउटा गित छनि माकुराको जालैले छेके पनि छर्लङ्ग देखेको गित छ नि। त्यस्तै यो पनि Open Secret जस्तै माकुराको जालो जस्तै कि यो Yellow Pagoda एउटा समूहले workout गर्ने त्यहीं workout मा workout चाहिँ Apply हुने। तापनि उनको फैसला हुने। खासगरी कन यो म चाहिँ यो त संविधानिक कु भन्छु यस्तो छ भन्छु। पुर्ण स्थापनालाई मेरो आफ्नो Confection हो। यो संविधानिक को दृष्टीमा Yellow Pagoda एउटा समूहको निर्णय त्यस अनुसार चाहिँ फलाना– फलनालाई राखेर इजलास वनाउनु पर्छ। त्यहाँ गरेको निर्णय वमोजिम नै इजलासमा व्यक्तिहरुको चयन भयो र त्यस खालको फैसला भयो। यसकारण संवैधानिक यो प्रतिनिधिसभा पुर्णस्थापना सम्वन्धी होला Yellow Pagoda एउटा समूहको एउटा चाहिँ अनाधिकृत वैठकबाट Victim भएको एउटा जो विषय हो। भने पनि मान्छेले भन्छन। यसमा चाहिँ यसको सच्चहरु र त्यहीं अन्तर्गत त्यहाँ एउटा निर्यहरु यो कि फलाना – फलानालाई चाहिँ संविधानिक इजलासमा त्यस पछी प्रतिनिधि सभाको प्रतिनिधि गरदिने र ओलि सरकारलाई विदा गरि भए भने यसको अर्को यो भन्या जस्तो प्रमाण भेटाउन गाह्रो भन्ने त

होला तर चाहिँ प्रमाण भेटाउन गहो भएपनि यो चाहिँ साच्चि नै यस्तो भयो भने रहेछ। यी दुईटा विषयमा म चाहिँ Seriously जान्न चाहेको।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> माननीय ज्यूले अघि पनि राखेको थियो। मैले भने यो Yellow Pagoda एउटा Group भन्ने चाहिँ मैले पत्रिकामा पनि सुन्या हो तर मैले त्यसको विषयमा चासो लिएको छैन,थाहाँ छैन। जहाँ सम्म यो Bench संविधानिक इजलासमा Bench गठनको कुरो छ। त्यसमा चाहिँ सबै वरिष्ठ १ देखि लिएर ९ सम्मका वरिष्ठ ज्यूहरु आएर मलाई नि चाहिँ वरिष्ठको आधारमै चाहिँ Bench गठन हुनुपर्छ भने उहाँहरु भन्नु भो। त्यहीं हीसावले मैले चाहिँ वरिष्ठलाई वाहिर गर्ने कुरो भएन,वरिष्ठलाई समेत राखेर यी Bench गठन भएको हो। मैले अघी पनि भने त्यस्ता विकृति विसङ्गति पनि हुन्छ, छन् भने त्यसमा चाहिँ गरिमामय संसदले यस विषयमा वहाँसँग राखेर छलफल गर्दा वुझ्दा पनि भयो।

<u>माननीय सभापतिज्यू:</u> माननीय प्रमोद साह

कस्तो यो विकृति विसंगति भ्रष्टाचारको कुरालाई यसो हेर्दाखेरी र अनुभव मेरो जो छ। वास्तवमा प्रमाण त भेटिँदैनन्। तर यो कुरा यहाँलाई पनि अनुभव भएको कुरा हो। र हामी माननीय सांसदहरुलाई पनि अनुभव भएको कुरा हो। र अहिलेसम्म अदालतमा धेरैजसो मुद्धा भनाईको आधारमा र रिलेटिभको वाट, त्यहाँको कर्मचारीहरुवाट, त्यहाँको विचौलिया कसैलाई वनाएको छ भने कुरो कतिचोटी पत्र-पत्रिकामा आइसकेको अवस्था छ। यस किसिमले भईरहेको पहिला पनि छ। यो कुनै दुईमत छैन। तर अहिले तपाई माथि प्रश्न के उठिरहेको छ ? भने यो कुरा तपाईको कार्यकालमा अलि वढी भएको भन्ने कुरो यहाँ प्रश्न आएको छ। यो नभएको, अहिले नै भएको हो भने कुरा यहाँ प्रश्न छ। तर अहिले नै भएको जस्तो छैन। पहिला पनि हुँदै आएको छ। अहिले तपाईको कार्यकालमा अलि वढी नै भएको छ। भने कुरो आएको छ। त्यसले गर्दा यो कुरा वास्तवमा तपाईको कार्यकालमा यो कतिको विकृति विसंगति र भ्रष्टचारको कुरा मौल्याएको छ। भने कुरो प्रस्ट पारिदिनुस।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> माननीयज्यूहरुलाई प्रत्यक्ष अनुभव भएको होला। यो कोभिड अगाडि ७६ साल चैत्रको कति गते हो ? त्यो कोभिड शुरु भयो। १७, १८ गते, ९ महिना त हामीले चैत्र देखिवाट असोजसम्म काम गरेनौं। त्यसपछाडि दोश्रो चोटी कोभिड भयो। त्यसपछि ४। ५ महिना हामीले काम गरेनौं। माननीयज्यूहरुलाई अनुभव भएको होला। हिजो मेरो काल, भनेको मैले हाईली अहिले कोभिडको काल १ वर्ष चानचुन घटाएर त्यसपछाडिको गर्दाखेरीकोमा मैले डेढ वर्षजतिको मेरो कार्यकाल छ। मैले सक्रिय कार्यकाल गरेको छु। अनुभव

भएकै होला। हरेक जिल्ला अदालत देखि लिएर सर्वोच्च सम्ममा त्यस्तो अवस्थाको न्यूनीकरण गर्न मेरो योगदान प्रमुख रह्यो। यतिसम्म पनि बार देखि लिएर त्यहाँका नागरिकहरु समेतले, जिल्लासम्मका सबै नागरिकहरुले न्यायको अनुभूति गरेको काल मेरै काल हो। अहिले यो पछाडिको काल भने मैले भनिहालें असार २८ गते पछाडि को बाट मात्र यो स्थितिको श्रृजना भयो। यो स्थिति श्रृजना भो २८ गतेको फैसला पछाडिको यो स्थितिलाई श्रृजना गरेर मेरो विरुदमा ल्याइयो। मैले अघि पनि भनिहालें नभएदेखि त्यो बेलाकोमा कहिँ पनि, कुनै पनि जिल्लामा, कुनै पनि उच्च अदालतमा र सर्वोच्च अदालतमा एउटा कुनै पनि नागरिकलाई, सेवाग्राहीलाई माननीयज्यूले सोध्नुहुन्छ। कति न्याय थियो ? भनेर , कति न्याय परेको थिएन भनेर। अहिले प्रश्न बढी खडा गरियो। यो सबै नियोजित हुन्।.यो नियोजित गरेको प्रश्नबाट अहिले खडा भएको छ। मैले अघि पनि भने नि, मैले जहिलेदेखिबाट कानुन व्यवसायबाट मैले न्यायाधीशमा भएँ कानुन व्यवसायसँग १ कप चिया बसेर खाएको छैन। जहिलेदेखिबाट सर्वोच्च अदालतको प्रधान न्यायाधीश भए १ कप न्यायाधीशबाट, सर्वोच्च अदालतको न्यायाधीशले भन्दियोस् मसँग बसेर चिया खाएको भनेर र कुनै उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीशले मैले बसेर चिया खाएको भन्दियोस् म यसमा चाहिँ ईमानसाथ मेरोमा भन्दियोस् म राजीनामा दिएर जान्छु।

<u>माननीय यशोदा गुरुङ सुवेदी:</u> माननीय सभापतिज्यू मैले अहिले म भन्दा अगाडि बोल्ने माननीयज्यूले भनेकै कुरामा जोड दिने खोज्या हो। यहाँ Generally हाम्रो मुलुक चाहिँ कुनै एउटा विकृति र विसंगतिको चाहिँ जालोले घेरिएको छ। त्यो जालो भित्र सर्वोच्च अदालत पनि अछुतो छैन। यो General विषय भयो। त्यसको लागि चाहिँ अब सबै नीतिको माउ नीति राजनीति हो। राजनीतिक तहबाट यसलाई सद्धिढीकरण गर्न जोड गर्नुपर्छ। भने कुरामा पनि हामी राजनीतिकर्मीहरु विश्वस्त छौं। हामी क्रियाशील, प्रयत्नशील छौं। पहिलो कुरा, दोस्रो कुरा चाहिँ यहाँ अहिले यहाँ छलफल भएको चाहिँ यहाँको पालामा सर्वोच्च अदालतमा अतिसय चाहिँ विकृति र विसंगति बढ्यो। भने कुरा चाहिँ यहाँलाई लागेको आरोप चाहिँ यो हो। त्यसैले यो अतिसय विकृति बढेको कुरामा चाहिँ छलफल गरिरहेका छौं। यसमा चाहिँ अब पछिल्ला प्रश्नहरुमा पनि आउलान, होइन। यो हाम्रो यो प्रश्न बनाइएका प्रश्नहरुमा पनि पछिल्ला प्रश्नहरुमा पनि आउँलान्। विषयवस्तुसँग सम्बन्धित रहेर अहिले पनि क्यारे केही चाहिँ अब महाभियोग भन्दा बाहिरबाट पनि यहाँ मुद्धाहरु आएका छन्। यसमा थुप्रै मुद्धाहरु छन्। जस्तो विरगंजको छठ पोखरीको प्रश्न छ। त्यस्तै गरेर काभ्रेको चाहिँ पेट्रोल पम्प सम्बन्धित मुद्धाको प्रश्न छ। न्यायाधीशका सेटिङ्ग गरिएका विषयहरु छन्। यिनी विषयहरु तत् मुद्धामा हामी छलफल

गरौंला। फेरि तर यहाँलाई चाहिँ अतिशय विकृति भयो भने कुरामा यहाँले जो भन्नुभो, मैले मेरो प्रश्न अब यहाँका यहाँ हो। यहाँले चाहिँ अदालतलाई अदालतभित्र विकृति विसंगति भएको चिजका विरुद्धमा निरन्तर संघर्ष गरिरहने हो। तेरो यो सार्वजनिक गर्ने होईन। अन्तराष्ट्रिय रुपमा पनि यो खालको अभ्यास छ। भनेर उदाहरण पेश गर्नुभो। त्यस्तै हो भनेपछि यहाँको यहाँ त्यसको अन्याय हुन्छ। यहाँलाई एउटा मुद्धा लाग्यो, क्यारे असहयोग गरे न्यायाधीशहरुले बारले भन्दा बितिकै सिंगो बार र सिंगो बेन्चलाई प्रतिपक्षी बनाएर चाहिँ त्यसका विरुद्धमा चाहिँ अब लागिरहनुभएछ नि त। किन चाहिँ आफ्नो, आफू रहेको ठाउँ र आफ्ना सहकर्मीहरुलाई शुद्धिकरण गर्नको लागि, व्यवस्थित गर्नको लागि यहाँबाट किन प्रयत्न हुन सकेन। किन यो खालको चाहिँ स्थितिमा पुग्यो त। के साँच्चै चाहिँ उहाँहरु, प्रलोभनमा फसेर मात्रै हुन्छ। एउटा व्यक्ति प्रलोभनमा फस्या हुनसक्छ। सबै व्यक्ति प्रलोभनमा फस्छ ? एउटा संस्था प्रलोभनमा फस्या हुनसक्छ। सबै संस्था प्रलोभनमा फस्छ ? त्यसो हो भने त हामी कोही चोखा छैन। हामी सबै चाहिँ प्रलोभनमा फसेका छौं। भनेर बसे भयो त, भने जिज्ञाशा मलाई लाग्यो। त्यसैले के हो त भन्दाखेरी यहाँ सबैलाई किन त्यसरी ब्लेम गरिरहनुभएछ भनि मेरो Question हो। धन्यवाद।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> माननीय सदस्यज्यूको प्रश्न गम्भीर छ। गम्भीर आयो। यो प्रश्नहरु कहिलेदेखिबाट उत्पति भयो। भने कुराको मा हामीले अति मिहिन तरिकाले अध्ययन गर्नपर्छ। पहिलो पटकको संसद विघटन २०७७ पुष ५ गते भएको हुनुपर्छ। मैले अलि त्यति हेर्‍या छैन। ५ गते हुनुपर्छ। ५ गते संसद विघटन भयो। त्यसपछाडि पत्र-पत्रिका देखिबाट लिएर सबै चिजमा गम्भीर यसमा प्रश्नहरु आयो। आयो पछाडि दु:खका साथ भनुपर्छ। पूर्व प्रधान्यायाधीशहरु ५ जनाले संसद Restoration यो बहाली गरेको यो विघटन गरेको संवैधानिक छैन। यो चाहिँ पुनर्बहाली हुनुपर्छ। भनेर विज्ञप्ति निकाल्नु भयो विज्ञप्ति निकाल्नेमा मिन बहादुर रायमाझी, अनुपराज शर्मा, कल्याण श्रेष्ठ त्यसपछि शुशिला कार्की उहाँहरुले चारजनाले विज्ञप्ति निकाल्नुभो। यो विज्ञप्ति निकालिसके पछाडि उहाँहरुको विरुद्धमा अदालतलाई हस्तक्षेप गर्‍यो। न्याय निरुपणमा हस्तक्षेप हुन्छ। यो चाहिँ अदालतको अपहेलनामा कार्वाही गरी पाउँ भनेर मुद्धा आयो। उहाँहरुलाई सोकज भयो तारिखमा बस्नुभो। त्यहाँदेखिबाट यो शुरु भएछ, त्यहाँ देखिबाट यो शुरु भएछ। अनि यो सबै आएको यो येलोपेगोडाको कुरो आएको, अब धेरै ठाउँ छ यस्तो कुराहरु, यो आएको सबै त्यही विज्ञप्ति पछाडिका धारणाबाट यो सबै आयो। त्यस पछाडि सर्वोच्च अदालतमा अब गने पछाडि अहिले ९ जना मध्य मिरा खड्काज्यू त Retired हुनुभो। त्यो ९ जना वरिष्ट सबै उहाँहरुले कल्याण श्रेष्ठ र शुशिला कार्कीज्यूले नियुक्त गरेको न्यायाधीशहरु हुन्। त्यो विषयमा अब गैह्रसंवैधानिक नियुक्ति हो भनेर अब व्यापक भएको कुराहरु छन्। अघिको

कुरो मैले फेरि यलाई रिपिट गरेर रिमाईन्ड गरिरहनुपर्छ भन्ने म चाहादिज म चाहदिन। २ जना सदस्य On the way संसदमा सुनवाईमा बसिरहेको छ। उहाँहरु ३ जना बसेर रातो रात यो निर्णय गर्‍यो। पोल्टिकल भयो भनेर भनिएका छ। सारा पत्र-पत्रिका जागजाहेर छ। यो संवैधानिक छैन। गैह कानुनी निर्णय भएर यिनीहरु नियुक्ति भो, ११ जना भनेर यो व्यापक आएको छ। यो जब कल्याण श्रेष्ठज्यूको, मिन बाजीहरुको ४ जना पूर्व प्रधान्यायाधीशहरुकोमा आयो। त्यसछपछाडि न्यायाधीश विभाजन भो। त्यहाँ देखिबाट यि सबै समस्याहरुको जड शुरु भो। खुल्ला रुपमा छ, यो खुल्ला कितव जस्तो छ। यो कति भन्ने? त्यहाँदेखिबाट अनि यो न्यायाधीशहरु यता र उता भयो। त्यसपछाडि शुशिलाज्यूको कार्यकाल पछाडि यो ११ जना न्यायाधीशको नियुक्तिलाई बदर गर्नलाई रिट निवेदन आयो, निवेदन आयो। त्यसमा व्यापक प्रश्नहरु उठ्यो। हाम्रा गोपाल पराजुलीज्यू प्रधानयायाधीश हुनुहुन्थ्यो। उहाँले यलाई बदर गर्नुपर्छ भने ११ जना भनेको व्यापक भयो। व्यापक भइसकेपछाडि अब यसमा म त त्यो बेलामा यो रिट पर्दा खेरी मेरो छोरीकोमा म अमेरिकामा गएको थिए। अनि हाम्रा अहिलेका वरिष्ठ न्यायाधीशहरुले मलाई फोन गरेर मलाई बोलाउनु भो। यस्तो यस्तो अवस्था भयो। त्यसले गर्दाखेरी ११ जनालाई उनीहरु बदर गर्न लायो। भन्नेभो, अब यो त पत्रिकामा नै आएको थियो। पहिला पनि वैद्यनाथ कामु भएर बस्नुभएको थियो। शुशिलाज्यू यूरोप जाँदाखेरी उहाँले चाहिँ कार्यन्वयन बदर गर्नलाई चाहिँ आदेश जारी गर्नुहुन्छ। भनेर रातो रात शुशिलाज्यू फर्केर आउनुभएको भने कुरा पत्र-पत्रिकादेखि सबै आएछ। त्यसपछि गोपालज्यूले यसलाई बदर गर्छु भन्ने दृष्टिकोणबाट यो आयो। आएर यो सबै भएपछि मलाई पनि बोलाईयो। बोलाए पछि मैले यो चाहिँ अब सर्वोच्च अदालत खाली हुने दृष्टिकोणबाट अगाडि जानु हुन्न भनेर मैले चाहिँ हुँदैन। यसलाई अगाडि बढाउन हुन्न भनेर मैले नै अग्रसरता लिएर यसलाई चाहिँ पछाडी अब मानौं अब यो अग्रसरता जे भए पनि एउटा उसबाट चाहिँ ११ जनालाई राखियो। ११ जनाको नियुक्तिलाई as it is राखियो। त्यो बेलामा यसलाई अगाडि बढाईएन। त्यहाँदेखिबाट अब यो न्यायापालिकामा अब के भनौं। त्यस पछाडिकोमा यो अलिकति ११ जना न्यायाधीश भर्सेज अरु न्यायाधीशहरु भन्ने कुराहरु भइरहेको थियो। त्यस पछाडि गएर यो ७७ सालको यो विघटन पछाडि त अब विष्फोटै हुने जस्तो अवस्था थियो। अहिले त्यस पछाडि अहिले यो दोश्रो निर्णय संसद Restoration को दोश्रो निर्णय पछाडि विष्फोट भयो। यो त केही पनि छैन। किनभने कल्याणजीलाई, उहाँहरुलाई यो अदालतको अपहेलना लागे पछाडि तारिखमा राखिदिए पछाडि अनि उहाँहरुले गिल्टी फिल गर्नुभो। गिल्टी फिल गरे पछाडि अनि यो आयो। यो सबै समस्याहरु यसरी अगाडि बढ्या छन्। यसलाई भोलि इतिहासले जजमेन्ट गर्ला। यो ठिक बेठिक पूर्व प्रधानयायाधीशहरु दिनु ठिक हो, होइन ? यो पुर्व न्यायाधीश समाज भन्या छ। मुहार ठिक हो, होइन। अनि एउटा कुरो छ

मलाई, मैले सधैंभरि उहाँहरुसँग कहिले कहिले यसो छलफलमा म भन्छु। वास्तवमा Example फेरि म भन्छु। यो गरिमामय समितिलाई वास्तवमा रस्सामा न्यायाधीशबाट रिटायर्ड भईसकेपछाडि न्यायालयको कुनै पनि अंशमा उहाँहरुको सहभागिता हुँदैनन्। उहाँहरु रिटार्यड भए पछाडि त्यसपछि न्यायपालिकालाई विर्सेर जान्छ। कहिले पनि न्यायपालिकामा यो मैले यो संस्थामा मैले काम गरेको छु। यो संस्था मेरो भागिदार छ, यो संस्थाबाट मैले केही पाउँनुपर्छ भन्ने सोच उहाँहरुको हुँदैन। उहाँहरुले भन्नुभएको मलाई सत्य असत्य उहाँहरु जानून्। हाम्रो चाहिँ रिटार्यड भईसकेपछाडि पनि उहाँहरुले के भन्नुहुन्छ। सधैंभरि भन्नहुन्छ। यो न्यायपालिकामा हामीले ४०।४२ बर्ष योगदान गरेको यसमा हाम्रो भाग हुनुपर्छ। त्यो भाग भनेको के हो? उहाँहरुको भाग भनेको के हो ? हरेक मुद्धामा, हरेक कर्मचारीमा, हरेक किसिमको नियुक्तिमा, हरेक किसिमको सरुवामा, हरेक किसिमका यस्ता चिजहरुमा उहाँहरु अगाडि षडयन्त्र लाउनुहुन्छ। हामी त संरक्षक हुँ, हामीले भन्या जस्तो गर्नुपर्छ। अनि त्यसपछाडिको मेरो स्वभाव त्यस्तो छैन। म मिल्दैन। नमिले पछाडि यही समस्याहरु आइरहेको छ। यसलाई जतिसुकै उजागर गरे पनि नि एकचोटी म गरिमामय समितिलाई म हार्दिक अनुरोध गर्छु। सर्वोच्च अदालतका सबै न्यायाधीशलाई एकचोटी व्यक्तिगत रुपमा उहाँहरुलाई यहाँ बोलाउन अधिकार छ। किनभने यो प्रश्न प्रधान न्यायाधीश र न्यायाधीशको पनि हो। उहाँहरुले हडताल गरेर बस्नुभएछ, उहाँहरुले बहिष्कार गरेर बस्नुभएको छ। त्यसले गर्दाखेरी यो प्रश्न पनि हो। उहाँहरुसँग एकचोटी बोलाएर व्यक्तिगत एक-एक जना गरेर चाहिँ भएको वास्तविकता के हो? किन तपाईहरुले चाहिँ चोलेन्द्रको चाहिँ विरुद्धमा तपाईहरुले बेन्च बस्नुभएन। माथि फुलकोट बोलाउँदा अनि किन आउनुभएन? बारले ७ गते ७८ साल यो कार्तिक ७ गते आएर चाहिँ उहाँहरुले मलाई सुधारको कार्यक्रममा लगाईदिनुपर्‍यो, भन्यो। ७६ साल, ७७ साल साउनमा चाहिँ हरिकृष्णले १४ गते यो प्रतिवेदन दिनुभो। मैले गठन गरेको हो त्यो समिति, मैले चाहिँ लागू नगर्ने भए त्यो समिति गर्थे र? गठन गर्नुभो। १७ गते देखिबाट मैले सबै जिल्ला र उच्च अदालतमा ..... व्यवस्थापन गर्नु है, मंसिरदेखिबाट गोला व्यवस्थापन गर्नुपर्छ भनेर पत्र पठाए। त्यसपछाडि गएर यो समिति गठन गरिदिएँ। समिति भदौं १८ गते भित्र चाहिँ हामीले गोलाप्रथा सर्वोच्च अदालतमा जानुपर्छ भनेर भने समिति गठन भए। समितिले ७६ असोज १ गते गएर प्रतिवेदन दिन्छ। निरामैया र आनन्द मोहनको नेतृत्वमा गरेको। त्यसरी दिन्छ। ठयाक्कै कसरी हुन्छ। प्रधान न्यायाधीशलाई असफल बनाउने, प्रधान न्यायाधीशलाई विवादमा ल्याउने, यि क्रियाहरुबाट उहाँहरु आगाडि बढ्नुभो। त्यसपछाडि कार्तिककोमा अब धेरै कुराहरु छन्। यसमा अब भनिहाले एउटा उसको अहिलेको गठबन्धनमा रहेको पार्टीको नेताले छाती ठोकेर भन्नु भो नि पुस क्यारे के भन्छ। क्यारे फाल्गुन १ गते उहाँको मुद्धा थियो। उहाँसँग सम्बन्धित, उहाँको पार्टीसँग सम्बन्धित मुद्धा

थियो। त्यसले गर्दाखेरी हामीलाई चाहिँ गठबन्धनलाई सरकार सिध्याउन खोज्ने, हामीलाइ सिध्याउन खोज्ने, छाती पिटेर हामी यही पिटि पिटि गरेर सिध्याउदेउ भनेर उहाँको अध्यक्षज्यूले बोल्नुभो। प्रधान न्यायाधीशलाई महाभियोग फाल्गुन १ गते ल्याएर ल्याई आउनुभो नि, अब यसरी नै अगाडि बढ्दै ..... अगाडि बढाउँदै लाँदा भईहाल्छ, छाति पिटेर भन्नुभो। यो मैले लिएर आएर मैले खतम गर्दिए भनेर भन्नुभो। हजुर, माधव नेपालज्यू अ..हजुरले पत्र-पत्रिकामा आएको कुरालाई किन अगाडि बढाउनुपर्छ। उहाँले बोलिहाल्नुभो। हजुर १ गते उहाँको १४ जना संसदको मुद्धा चलेको थियो। पेशी चढ्या थियो। त्यस पछाडि उहाँले १ गते चाहिँ मलाई महाभियोग ल्याउहाल्नुभो। १० बजे, अनि उहाँले भन्नुभो। गठबन्धन सरकारलाई हामीलाई सिध्याउनलाई, सबै सिध्याउनलाई लिएर आएको, यो चुट्कीभर रात, चुट्कीभर चाहिँ सिध्याइदिएऔं प्रधान न्यायाधीशलाई भनेर उहाँलाई Interview दिहाल्नुभो। यो भन्दा बाइता दुःखद् के छ र? कति चाहिँ भन्नु छ र? त्यस पछाडि अब जुन चाहिँ ..... कहाँ निरबाट आएछ। कार्तिक ७ गते चाहिँ बारले आएर मसँग सुधारका कार्य अगाडि बढाउने, प्रधान न्यायाधीशको हाम्रो राजीनामाको कुनै चिज पनि छैन। ७७ साल भनेर भन्नुभो। कार्तिक ७ गते आएर अनि उहाँ २ वटा चिज भन्नुभो। एउटा वरिष्ठ अधिवक्ताको चाहिँ निर्णय गरदिनुपर्‍यो। अनि एउटा चाहिँ गोलापर्थाको हामी लगाउछु भनेर चाहिँ फुलकोट राखेर गरिदिनुपर्‍यो भन्नुभो। मैले ८ गते फुलकोट बोलाए, ८ गते बोलाए , बारले पनि हामीलाई प्रवेक्षकमा राख्दिनुपर्छ, भन्नभो। अनि ठिकै छ। के भो र बार बेन्च एउटै हो। तपाईहरु परेपछि नबोल्नुभो भने अनि ८ गतेबाट चाहिँ न्यायाधीशहरु चाहिँ त्यो उसमा फुलकोटमा आउनलाई ईन्कार गरेर बस्नुभो। अनि ९ गते फेरि बारले विज्ञप्ति निकाल्नुभो। प्रधान न्यायाधीशको राजीनामा माग्नुभो। मैले भने २४ घण्टाभित्र के त्यस्तो परिवर्तन भो। तपाईहरु चाहिँ राजीनामा माग्नुभो। वार्ता गरेर आउनुस भनेर मैले दुई चोटी पत्र लेखें। उहाँहरु आउनुभएन। एकदमै आउनुभएन। असहयोग गरेर नारा र जुलुश लिएर बस्नुभो। अब त्यो कार्तिकामा अब यो, यो चाहिँ अलिकति गम्भीर विषयवस्तु छ। त्यस पछाडि त्यो कार्तिक १५ गते चाहिँ ७८ साल कार्तिक १५ गते अब त्यो ललिता निवासको फैसला गर्नेछ, निर्णय सुनाउने दिन थियो। मैले हेरिरहेको थिए त्यो। दिन थियो। अब ७/८ गते देखिबाट असहयोग गरेर ९ गते, ८ गते देखि त अब बेन्चमा बस्नै नसक्ने तुल्याई दिहाल्नभो। सबै सिधिहाले, न्यायापालिकालाई भताभुङ्ग पार्दिहाल्नुभो। अब यसको जिम्मेवारी प्रधान न्यायाधीशले लिनुपर्‍यो। अब म त न्याय प्रशासनको जिम्मेवारी बोकेको, बोकेको छु। अब त्यसले गर्दा मैले लिनुपर्‍यो तर हामीले सत्य-तथ्य भन्दा बाहिर जानुहुन्न्। वास्तविकता यहि हो। हरेक चिजहरुमा अब यस्तै किसिमबाट अगाडि बढाउदा न्यायापालिका कता लाने हो? मैले चाहिँ बुझ्या छैन। तर के मैले मौन बसेर मैले यही राजीनामा दिएर हिडया भएदेखि उहाँहरुको

आरोपलाई मैले सबै स्विकार गर्‍या जस्तो हुन्थ्यो। यो भएका कुराहरु यति हो। कार्तिक १५ गते ललिता निवासको मुद्धाको अन्तिम निर्णय गर्ने, निर्णय सुनाउने तारिख थियो। ८ गतेदेखिबाट यो शुरु भयो सबै, ७ गते देखिबाट शुरु भइहाल्यो सबै।

(केही छलफल भएको)

<u>माननीय सभापतिज्यू:-</u> माननीय विष्णु प्रसाद पौडेलज्यू।

जे होस छलफलले नयाँ तथ्यहरु जानकारी हुँदैछ, होइन। यो चाहिँ हामीलाई समिति सूचनाको गहिराईमा पुग्दैछ। यस खालका अवसरहरु हामीलाई प्राप्त भएका छन्। म १/२ वटा जिज्ञासा यहाँहरुसँग के राख्छु? भनेदेखि यो खासगरीकन १/२ प्रसङ्गहरु राखिराख्ने विषयमा त्यो के भन्दाखेरी घुमिघुमी म त्यतातिर गइराखेको छु कि। यो चाहिँ कन्सन पनि जोडिरहेको छ। कस्तो कस्तो फैसला भएछ भनेदेखि ओली सरकारलाई हटाउन पर्दाखेरी म चाहिँ अध्यादेशका विरुद्धमा चाहिँ ओली सरकार हटाउनका निमित्त मद्धत पुग्ने गरिकन अध्यादेशका विरुद्धमा अन्तरिम आदेश गरियो। गठवन्धन जोगाउनका निमित्त फेरि चाहिँ त्यस्तै केशमा अन्तिरिम आदेश गरिएन। उस्तै प्रकृतिको सन्दर्भमा एक ठाउँमा अन्तिरिम आदेश गरियो। ओली सरकारलाई बिदा गर्न सहयोग पुग्ने गरिकन, अर्को सन्दर्भमा गठवन्धनमा जोगाउन सहयोग पुग्ने गरिकन चाहिँ चुपचाप अन्तरिम आदेश गरिएन। एउटै प्रकृतिका मुद्धाहरुमा फरक प्रकृतिका फैसलाहरु हुने जुन स्थिति छ। यहाँहरुले राम्रोसँग बुझिहाल्नुभो। यस्तो स्थिति यहाँको नेतृत्वमा कसरी सम्भव हुन गयो। ओली सरकार हटाउनुपर्ने छ। अध्यादेशको विरुद्धमा उहाँले अघि सारेका अध्यादेशको विरुद्धमा अन्तरिम आदेश आउँछ। गठवन्धन सरकारलाई जोगाउनुपर्ने छ। त्यसले गर्दा त्यो त्यस्तै प्रकृतिको अर्को मुद्धामा अन्तिरिम आदेश आउँदैन। यस्ता खालका पनि घटना क्रमहरु देखिए। प्रकृति एउटै छ। तर फैसला फरक-फरक, निर्णयहरु फरक खालका आउने, यसै के छ भने न्यायपालिकाको गरिमालाई चुनौति दिएको छ भने मलाई लाग्छ। एउटा विषय, दोश्रो विषय के छ भन्दाखेरी यो सरकारको चाहिँ छ महिनासम्म संसदको सदस्य नरहेको व्यक्ति ६ महिनासम्म मन्त्री हुनसक्छ। यो त हामीले सामान्यत बुझेकै व्यवस्था हो, होइन। तर चाहिँ कस्तो स्थिति श्रृजना हो भने त्यो चाहिँ सारा मन्त्रीहरुलाई बिदा गरदिएर सरकार चल्ने नसक्ने तहमा त्यो फैसलाको मन्त्री परिषदको आकार घटेर ४ जनामा खुम्चाईदिने। त्यो सरकारलाई ..... एउटा जन्जालमा फसाईदिने, सरकार चल्ने नसक्ने अवस्थामा पुर्‍याईदिने, मन्त्री परिषदको आकार घटेर ४ जना हुने अनि यो देश चल्दैन, यो सरकारबाट चल्दैन भने नयाँ खालको सन्देश जाने गरिकन संविधानमा जुन व्यवस्था छ। त्यो व्यवस्थामा यही एक मात्र

अकाट्य-यसको चाहिँ परिभाषा हो त। कतिपय प्रश्नमा चाहिँ अलि व्यवहारिक भएर पनि निर्णय गरेको कुरा यहाँ आजकै छलफलमा पनि बताउनुभएछ। व्यवहारिक भएर पनि यहाँहरुले फैसला गर्नुहुँदोरहेछ तर सरकारलाई चाहिँ के भन्दा देखि चल्नै नसक्ने गरीकन त्यसको आकारलाई ४ जनामा खुम्चयाइदिने। उस्तै प्रकृतिको मुद्दामा चाहिँ अन्तरिम आदेश जारी गर्ने। उस्तै प्रकृतिको मुद्दामा अन्तिरिम आदेश जारी नगर्ने, त्यसो गर्दा दल विशेषको अनुहार हेर्ने, त्यो खालको स्थिति देखिएको हो, क्या हो? अथवा दबाव हो कि, अथवा चाहिँ, यो चाहिँ, एउटा चाहिँ लगनगाँठो हो कि? अथवा चाहिँ के यो यस्तो, किन यस्तो हुन्छ? भनेर मैले २ वटा प्रश्नहरु अलिकति राख्न चाहेँ।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> यसमा माननीयज्यूको प्रश्नमा दबाव, प्रभाव त पटकै होइन, छैन, थिएन, रहँदैन पनि जहाँसम्म अब यो अहिले १४ जनाको त सर्वोच्च अदालतको अहिले विचाराधिनमा छ तर त्यो बेलामा अन्तरिम आदेश किन जारी गरिएन? भने विषय चाहिँ अब मैले, अब त्यसको बेन्चको लिड मैले नै गर्‍या। ..... त्यो मैले गरे हुनाले म माननीयज्यूलाई म भन्छु। त्यो र यो ७८ को प्रावधान जुन छ। ७८ को प्रावधानको मन्त्रीहरुको विरुद्धमा भएको आदेश र यो आदेश फरक हो। त्यो आदेश, त्यो चाहिँ ७८ कोमा संविधानले क्लियर बोलेको कुरा हो। त्यो चाहिँ, यो चाहिँ अब यता निर्वाचनको आयोगबाट स्विकार गरेर पठाएको, अनि सभामुखले अब आफ्नो अवधिभित्र १५ दिनको अवधिभित्र नै त्यो सूचना चाहिँ निकालेको, हुनाले चाहिँ त्यसको अलिकति फरक, अलिकति व्याख्या गर्नुपर्ने स्थिति थयो र त्यसले गर्दाखेरी एकलबाट त्यसलाई औचित्यमा जान सक्ने थिएन। अनि त्यसलाई ..... जवाफ लिएर फलानो दिन निर्णायार्थ नै पेश गर्नु भनेर गर्‍या हो। यो चाहिँ, यसले गरेको छ, त्यो आदेश गर्‍या हो। अब त अहिलेसम्म विचाराधीनमा छ, निर्णय भएको छैन। जस्तो लाग्छ मलाई निर्णय भएको छैन जस्तो लाग्छ। अब यो चाहिँ अलिकति फरक हो। यो चाहिँ अलिकति निर्वाचन आयोग र सभामुखको अधिकारको विषय जोडिएको हुनाले अलिकति फरक हो। अब त्यो अर्को चाहिँ संविधानको प्रस्ट व्यवस्था हो। त्यसले गर्दाखेरी यो अन्तरिम आदेशकोमा चाहिँ हाम्रो थप व्याख्या गर्नपर्ने अवस्था नभएको छ भने, स्थिति छ भने त्यसमा अन्तरिम आदेश जारी गर्ने एउटा प्रचलन हो। यो चाहिँ व्याख्या गर्नुपर्ने, थप व्याख्या गरेर निर्णय नै गर्नुपर्ने अवस्थाको भावनाले अलिकति फरक हो।

<u>माननीय विष्णु प्रसाद पौडेल:-</u> एउटा चाहिँ अब कस्तो भाछ भने,

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> हजुर।

माननीय विष्णु प्रसाद पौडेलः- एउटा व्यक्ति चाहिँ कुन दलको हो, कुल दलको हो? दुईवटै दलको सदस्य हुन पाउने गरी यहाँहरुबाट फैसला भएछ। प्रतिनिधि सभाको सदस्य यो दलको हुन पाउने, त्यो दलको पनि हुन पाउने, यता गएर सनाखत पनि गरी पाउने, त्यो परेन, त्यो चाहिँ परेन। त्यस्तोसम्म पनि फैसला कसरी हुन सक्यो भने त। एउटा व्यक्ति दुईवटा दलको सदस्य हुन पाउने हाम्रो सम्माननित सर्वोच्च अदालतको यो फैसला चाहिँ यो त शेषनागले चाहिँ व्याख्या गर्न गाह्रो हुने, ... शेषनागलाई पनि आपत पर्ने खालको हो नि।

प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवराः- त्यस्तो भएको, होइन मैले चाहिँ त गरेको छैन। मलाई त्यस्तो त्यस विषयमा थाहै छैन Knowledge भएन।

माननीय सभापतिः- माननीय सदस्यज्यूहरु अब आजको हाम्रो बैठक अन्तिम चरणमा पुगेको छ र हामीलाई चाहिँ प्रधान न्यायाधीशलाई महाभियोगमा लागेका आरोपका बारेमा बयान लिने सन्दर्भमा हामीले प्रश्न गर्‍यौं। उहाँले जवाफ पनि दिनुभो र हामीले ४३ वटा प्रश्न सोध्ने अनुमान गरेको र तय गरेको मध्येमा ४ वटाको प्रश्नको सवाल जवाफ भयो। अब यी बाँकीको लागि अहिलेलाई प्रधान न्यायाधीशज्यूलाई स-सम्मान बिदाई गर्ने र भोलि ११ बजेफेरि उपस्थित भएर बयान दिने जानकारी गराउँछु र माननीय सदस्य साथीहरुलाई पनि भोलि ११ बजेसम्मको लागि यो बैठक यही स्थगित भएको जानकारी गराउँछु।

प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवराः- हस् हार्दिक धन्यवाद छ।

माननीय सभापतिज्यूः- अब ५ औं प्रश्न नम्बर तर्फ म जान्छु।

प्रश्न नं. ५:- नेपालको संविधानले स्वतन्त्र, सक्षम, निष्पक्ष र जवाफदेही न्यायपालिकाको परिकल्पना गरी तदनुरुपको संवैधानिक प्रबन्ध गरेको छ। संविधानले परिकल्पना गरेको मूल्य आदर्श सहितको न्यायपालिकाको लागि न्यायाधीशहरूलाई सोही अनुरुपको सेवा, सुविधा र सेवाका शर्तहरू संविधान र कानुनद्वारा नै तोकिएका छन्। शक्ति पृथकीकरण र शक्ति सन्तुलन सिद्धान्तका सम्पूर्ण अवयवहरूलाई आत्मसात गरी नेपालको संविधानले न्यायपालिका तथा त्यसमा कार्यरत न्यायाधीशहरूलाई स्वतन्त्र र निर्भिकता को साथ इमान्दारीतापूर्वक ढंगले पदीय कर्तव्य निर्वाह गर्ने संवैधानिक दायित्व सुम्पिई त्यो शर्तमा नेपाली जनताले बुझाएको करबाट स्थापित सञ्चित कोषबाट निजहरूले पारिश्रमिक सेवा र सुविधा प्राप्त गर्ने व्यवस्था गरेको छ। संविधानको पवित्र उद्देश्य र संवैधानिक दर्शनलाई सम्पूर्ण रुपमा भताभुङ्ग र नष्ट गर्ने गरी स्वयं पदासिन तपाई प्रधानन्यायाधीशबाट उक्त संवैधानिक जिम्मेवारीलाई आफ्नो निजी सम्पत्ती सरह स्वच्छाचारी ढंगले दुरुपयोग गरेकोले नेपालको सिंगो न्याय क्षेत्र र कानुनको रक्षा एवम् स्वतन्त्र र सक्षम न्यायपालिकाको श्रीवृद्धि गर्नुपर्ने अहम् दायित्व बोकेका प्रधान न्यायाधीशले सो अनुरुपको कर्तव्य पालना गर्न असक्षम तथा पूर्णताः विफल हुन पुगेका छन् भन्ने आरोप छ। यसमा आफ्नो भनाइ के छ? खुलाउनुहोस्।

प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबराः- सभापतिज्यू लगायत सबै माननीयज्यूहरूमा मेरो हृदयपूर्वक नमस्कार छ। आज यो प्रश्नको जवाफको भन्दा अझ पनि अलि प्रस्ट नभएको कुरालाई अलिकति अगाडि राख्छु। यो नियमावलीको व्यवस्थालाई यो प्रतिनिधि सभा नियमावली, २०७५ को यो नियम ६५ को व्यवस्थालाई अझ म एकचोटी पढेरै यो सम्मानीत यो समिति समक्ष फेरि पनि राख्न चाहन्छु। प्रस्ताव निष्क्रिय हुने र पुनः पेश गर्न नपाइने यो महाभियोगलाई पनि प्रस्तावकै रुपमा पेश भएको छ। यो प्रस्तावको हकमा छ बैठकमा प्रस्ताव पेश गर्ने अनुमति प्राप्त भैसकेपछि पनि पेश नगरिएको प्रस्ताव स्वतः निष्क्रिय हुनेछ। यो नियम ६५ को उपनियम (१) मा त्यसपछाडि ६५ को उपनियम (२) मा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रतिनिधि सभाको चालु अधिवेशनमा कुनै प्रस्तावद्वारा छलफल गरिएको वा निर्णय भैसकेको वस्तुतः उही विषय कुनै अन्य प्रस्ताव वा संशोधनद्वारा पुनः पेश गर्न पाइने छैन। त्यसपछाडि उपनियम (३) मा चालु अधिवेशनमा दर्ता भएको प्रस्तावमाथि छलफल नभएमा स्वतः निष्क्रिय हुनेछ। त्यसले गर्दा खेरि यो प्रस्ताव जुन अधिवेशनमा आएको थियो। त्यो अधिवेशनमा छलफल

हुन सकेन। त्यसले गर्दा यो प्रस्ताव यो महाभियोगको प्रस्ताव निष्क्रिय भएको भन्ने कुरा नियम ६५ को उपनियम (३) को व्यवस्था रहेको हुनाले यसलाई गम्भीरता पूर्वक यो प्रस्ताव निष्क्रिय भैसकेको प्रस्तावलाई छलफल गरेर अगाडि बढाइरहनुपर्ने औचित्वता छैन भन्ने कुराको मैले आज फेरि पुनः मेरो यो जिकिर मैले प्रस्तुत गरेको छु।

माननीय सभापतिज्यू:- माननीय प्रमोद शाह।

माननीय श्री प्रमोद साहः- माननीयज्यूले भनेको कुरामा अब जो हाम्रो प्रस्ताव नै निष्क्रिय छ भने यसमा हामीले प्रश्न उत्तर गर्ने अवस्था छ?

माननीय सभापतिज्यू:- माननीय मिन बहादुर विश्वकर्मा।

माननीय श्री मिन बहादुर विश्वकर्माः- अब सभापतिज्यू, माननीयज्यूहरू, प्रधान न्यायाधीशज्यू अब यो त बहसको कुरा पो भयो यहाँ त। संसदमा पेश भएर छलफल भएर समितिमा आएको हो। अब यहाँ प्रधान न्यायाधीशज्यूले के भन्नु भयो भने यो छलफलनै भाछैन यो निष्क्रिय भैसक्यो। आज दोस्रो दिनमा छौं। निष्क्रिय भैसकेकोले म उपस्थित हुन्न भनेर हिजै अनुपस्थित भैदिएको भए अनि यो प्रश्न उठाउन मिल्थ्यो होला नैतिक रुपमा। जिकिर गर्नलाई फेरि घरबाटै जिकिर गर्नुभा भए हुन्थ्यो। हैन? अर्को कुरा सिँगो संसदमाथि नै यो त अभियोग हो शक्ति सन्तुलनको सिद्धान्तमा हाम्रो आरोप पनि के छ भने कार्यपालिका र व्यवस्थापिकामा हस्तक्षेप गर्नुभयो भन्ने एउटा अभियोग छ त्यो अभियोगलाई यहाँ पुष्टि गर्ने गरी यहाँ पनि दोहोऱ्याइदिनुभयो कि संसदमा छलफल नभई त यो संसदमा आएकै छैन। संसदमा छलफल भएर बहस भएर समितिमा पठाउने निर्णय भएर अनि समितिमा प्रक्रियामा पसेको विषयलाई प्रस्तावलाई यसो भनुभएको हुनाले यसलाई नोट गरौं। भन्ने म अनुरोध गर्दछु। समितिमा धन्यवाद।

माननीय सभापतिज्यू: माननीय कृष्ण भक्त पोखेल।

माननीय श्री कृष्ण भक्त पोखरेलः- माननीय सभापतिजी, प्रधान न्यायाधीशजीले जे प्रश्न कानुनी प्रश्न उठाउनुभएको छ, यस विषयमा हामी पनि गम्भीर भएर छलफल गरेको हो । विशेष गरी महाभियोग प्रस्ताव सदन नचलेको अवस्था पनि १५ दिनभित्र सदन गर्नुपर्ने, ३ दिनभित्र छलफल गर्नुपर्ने, सदन चलेको अवस्थामा ७ दिनभित्र छलफल गरेर समितिमा पठाउनुपर्ने र समिति म नियमावली समितिको सभापति पनि हो। कि समितिमा आउँदै आउँदैन होला भन्ने परिकल्पना गर्छ र? अर्थात् यो ३ महिनाभित्रै साङ्गोपाङ्गो होस् यो स्प्रिटमा साथ हामीले लेख्या हो। यसमा दुविधै छैन। तर ६ महिना तपाईंको लगाएर चाहिँ आयो साढे ५ महिनाजतिमा चाहिँ महाभियोग

सिफारिस समितिमा पठाइयो। हामीले सुरुवात गर्दा ठ्याक्कै ६ महिनाको दिन सुरुवात गर्यौं। यस नाताले यसमा गम्भीर संवैधानिक, कानुनी त्रुटि र गलत नजिर बसेको छ यसमा कुनै दुविधै छैन। तर अब हामी प्रक्रियाको हकमा ६५ (१) ले बैठकमा प्रस्ताव पेश गर्ने अनुमति प्राप्त भैसकेपछि पनि पेश नगरेको प्रस्ताव स्वतः निष्क्रिय हुनेछ। अब यसमा त्यो सेशनमा चाहिँ वास्तवमा यो प्रस्ताव उपर कुनै छलफल भएको छैन, त्यो सेशनमा चाहिँ। अर्को दोस्रो सेशनमा आएर मात्रै हामीले त्यो कुरा कि त संसदभित्रै कुरा हुनुपर्थ्यो। संसदमा हामीले चाहिँ छलफलमा भाग लियौं। छलफलमा भाग लियौं यहाँ बोलाउने निर्णय गर्या छौं उहाँले यहाँ नोट गराउनुभो अब हामी अन्तिममा निर्णय गर्ने वेलामा यस विषयमा प्रवेश त हामीले पहिलो दिनै, फेरि म जोडका साथ भन्छु माननीय विष्णु पौडेलले पहिलो दिन नै यो प्रक्रियाका सन्दर्भमा र डिले गरेर आउने कुरा यो कानुनको सिद्धान्त भन्दा विपरीत कुरा छ भन्ने कुरालाई हामीले नोट गरेका छौं। अब यस विषयमा चाहिँ आज कसलाई पर्यो, आज कसले प्रस्ताव ल्यायौं? भन्ने भन्दा पनि भोलिका दिनमा यस्तो त्रुटि चाहिँ हामीले गर्न नहुने कुरा छ। तर By conduct भन्छ के दुईवटा श्रीमानलाई थाहा छैदैछ। एउटा लिपीवद्ध अर्को आचारणद्वारा कुनै व्यवहार भएपछि स्वीकार गरेको हुन्छ भन्छ। अब आचारणद्वारा हामीले पनि चुनौति दिएर यो कुनै हालतमा छलफल हुन सक्दैन यो निष्क्रिय भयो भनेर संसदमा भन्ने अवस्था रहेन। अनि आचारणद्वारा हजुरले पनि हिजो नै नआएर म यो चाहिँ अब Deny गर्छु म अब प्रधान न्यायाधीशको रुपमा नै जान्छु भन्ने अवस्था रहेन। त्यसकारण By conduct हामीले यसलाई चाहिँ अगाडि प्रोसेस बढाइएको छ तर यो विषयमा समितिले गम्भीरतापूर्वक छलफल गरेर एउटा निर्णय चाहिँ अन्तिम वेलामा चाहिँ अन्तिम निर्णय चाहिँ पुग्नुपर्छ भन्ने मेरो चाहिँ Strong राय छ। यतिनै हो।

<u>माननीय सभापतिज्यू:-</u> माननीय यशोदा गुरुङ सुवेदी।

<u>माननीय श्री यशोदा गुरुङ सुवेदी:-</u> मैले माननीय सभापतिज्यू, यो नियमावलीको जनरल प्रस्ताव र महाभियोग प्रस्ताव भनेर चाहिँ दुईवटा विषय छ। यो दुईवटा विषयलाई चाहिँ अरु संसदीय काम कारवाहीको बारेमा चाहिँ संसदीय काम कारवाहीको बारेमा चाहिँ प्रश्न उठाउन पाईँदैन। प्रश्न उठ्दैन। जहाँसम्म सांसदहरूले नै छलफल गर्ने कुरा हो। त्यो हामी संसदमा छलफल गरेकै छौं के भयो ठिलो आदि इत्यादिका भन्ने कुरा चाहिँ संसदभित्र हुने छलफल भएकै छन्। अरू केरे त्यसपछि यो जनरल प्रस्ताव र महाभियोग प्रस्ताव नियमावलीमा दुईटा विषय दुईटा छन्। यो काम्लोमा सातु मिसाएजस्तो गरेर मिसाएर चाहिँ गजाङ र मजाङ पार्यो भने विषयवस्तुको निष्कर्षमा पुग्न सकिन्न जस्तो लाग्छ मलाई चाहिँ यो केरे काम्लोमा सातु मिसाएर छुट्याउन नि सकिन्न उसमा दालभात तरकारी मिसाइसकेपछि छुट्याउन नि सकिन्न। यस्तो विषयवस्तुलाई

मिसाउन हुँदैन। जनरल प्रस्तावमा न्यायाधीशज्यूले प्रधान न्यायाधीशज्यूले भन्नुभएको विषय नै हो जनरल प्रस्तावको कुरा हो। महाभियोग प्रस्ताव भनेर चाहिँ यहाँ विशेष गरेर व्यवस्था गरिएको छ। त्यो महाभियोग प्रस्ताव चाहिँ कसरी चाहिँ गर्ने त्यसको चाहिँ निष्कर्षसम्म कसरी पुग्ने भनेर गाइडलाइन चाहिँ नियमावलीको परिच्छेद १९ले दिएको छ। त्यो गाइडलाइनमा कहिँकतै यसरी चाहिँ निष्क्रिय हुने प्रावधान चाहिँ त्यो छैन। १४ वटा दफा यसमा उल्लेख छन्। त्यसैले यो १४ वटा दफाभित्रबाट चाहिँ यो चाहिँ गाइडेड हुन्छ यो चाहिँ दफा ६५ चाहिँबाट चाहिँ यो गाइडेड हुँदैन, एउटा कुरा। अर्को कुरा यसको गाइडलाइन भनेको दोस्रो यसको गाइडलाइन भनेको मुख्य दोस्रो मुख्य गाइडलाइन भनेको यसको संविधान हो। संविधानमा व्यवस्था भएको छ। दोस्रो गाइडलाइन भनेको यसको चाहिँ ऐन हो। महाभियोग कार्यविधि ऐन छ। त्यसपछि तेस्रो गाइडलाइन भनेको चाहिँ यो चाहिँ नियमावलीमा भएको व्यवस्था दफा चाहिँ १५४ बाट सुरु भएको छ। यो दफा १४ वटा दफामा चाहिँ यहाँ छन्। यो गाइडलाइन बाट हामीले संसदको जनरल सामान्य मैले हिजो पनि संकेत गर्‍या थिएँ। यो हामीले अहिले जो छलफल गर्दैछौं सामान्य सार्वजनिक महत्वको प्रस्ताव, संकल्प प्रस्ताव जस्तो प्रस्ताव हैन यो महाअभियोग प्रस्ताव हो। यो बिरलै लाग्ने प्रस्ताव हो। जसलाई पायो त्यसलाई छ्यापछ्यापी लगाउँदै हिड्ने प्रस्ताव पनि हैन। यो प्रस्तावले चाहिँ सबैलाई सन्देश दिन्छ। हामीले यो प्रस्तावको निष्कर्षमा जाँदाखेरि चाहिँ यसको सकारात्मक नकारात्मक जे निष्कर्षमा पुग्नेला भोलिका दिनमा यसको जवाफ चाहिँ के हुन्छ यसको सन्देश चाहिँ के हो भनी राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा यसको सन्देश रहन्छ। त्यसैले के हो त भने हामी गम्भीर बनौं, गम्भीर बनौं मैले विनम्रतापूर्वक सबैलाई अनुरोध गरेँ। म पनि एकदमै धेरै मेरो बर्कतले, क्षमताले कति भ्याउँछु मेरो कुरा भयो मेरो Strength को कुरा भयो,तर विषयमा गम्भीर हुनको लागि चाहिँ म सबैलाई आग्रह गर्छु। सम्माननीयज्यूलाई पनि आग्रह गर्छु धन्यवाद।

<u>माननीय सभापतिज्यू:-</u> माननीय विष्णु प्रसाद पौडेल।

<u>माननीय श्री विष्णु प्रसाद पौडेल:-</u> सभापतिजी खासमा यो के भयो भनेनी हामी चाहिँ यो प्रश्न उत्तरको चरणमा प्रवेश गर्नभन्दा अगाडि केके छलफल हामीले गर्या थियौं नि। संविधान मैले चाहिँ वास्तवमा यो मेरो आदत कस्तो छ भन्दाखेरि काम आइसकेपछि त्यो कामसँग जोडिएर अलिकति बुझ्ने त्यो छ। त्यस हिसावले हेर्दाखेरि संविधानको व्यवस्था महाभियोगका सम्बन्धमा संविधानको व्यवस्था केछ ? दोस्रो ऐनमा के व्यवस्था छ? तेस्रो हाम्रो प्रतिनिधि सभा नियमावलीमा के व्यवस्था छ? यी तिनवटा चिजहरू यो सँग interrelated Interlink छन् यी दस्तावेजहरू पनि भन्ने हिसाबले। अब यहाँ त्यही छलफल गरिसक्यौं त्यसलाई चाहिँ म

दोहोन्याउन चाहन्न। वास्तवमा चाहिँ हाम्रो संविधान, संविधानको व्यवस्थालाई यदि संविधानको व्यवस्था ऐन बमोजिम कार्यान्वयन हुन्छ भन्ने हो भनेदेखि ऐनबमोजिम कार्यान्वयन गर्न नै कठिनाइ हुने स्थिति चाहिँ यहाँ देखिसक्यौं। हिजो हामीले यहीं छलफल गऱ्यौं । यहाँ चाहिँ महाभियोग समिति भन्छ संविधानले अब यो ऐनले चाहिँ के भन्देखिन् यो चाहिँ महाभियोग जाँचबुझ समिति भन्छ अब जाँचबुझ समितिमा एउटा न्यायाधीश राख्नुपर्छ कि न्यायिक क्षेत्रको मान्छे राख्नुपर्छ भन्छ। अब यो महाभियोग समितिमा चाहिँ के भन्दा खेरि Parliament Member हरू मात्रै प्रतिनिधि सभाको सदस्यहरू मात्रै रहन्छन्। यस्तो खालको जिकज्याक चाहिँ यहानिर संविधानलाई फलो गरेर ऐन बन्नुपर्ने ऐनसँग चाहिँ Comfortable हुनेगरिकन यो नियमावली बन्नुपर्ने र त्यस्तै चाहिँ भनौं न संविधानको कार्यान्वयन ऐन र नियमावलीका माध्यमबाट हुनुपर्ने हाम्रो जुन एउटा व्यवस्था हो त्यसमा चाहिँ एउटा जिकज्याक त छँदै छ। अब हामी त्यो जिकज्याकका बावजुद अगाडि बढौं न त भनेर हामी अगाडि बढिराछौं एउटा कुरा। दोस्रो चाहिँ के छ भनेदेखिन् माननीय यशोदाजीले जे कुरा राख्नुभयो यो चाहिँ के छ भनेदेखि अमुक यो चाहिँ प्रस्तावका सम्बन्धमा यो अरुका निम्ति यो भनेर चाहिँ त्यस्तो थियो भनेदेखिन् त त्यसरी किटानी नै गरिन्थियो नि त। यो चाहिँ प्रस्ताव महभियोग सम्बन्धि प्रस्ताव चाहिँ यो चाहिँ व्यवस्था अनुसार Procured हुन्छ कागज अगाडि बढ्छ भन्ने हुन्थ्यो। त्यसकारणले चाहिँ मलाई त्यस्तो त लाग्दैन तर जे होस् एउटा चाहिँ Serious कन्सर्न उठ्यो। हामीले चाहिँ Seriously प्रश्न सोधिराछौं उहाँ उपस्थित भएर जवाफ पनि दिइरहनुभाछ। त्यसकारणले हिजो मैले हिजो अलिकति Seriously पनि उठाइपनि राखेँ नि त। यो त चाहिँ हामीले प्रधान न्यायाधीशका हैसियतमा निलम्बित प्रधान न्यायाधीशका हैसियतमा बोलाएको हो यहाँले त के भनदेखिन् म एउटा नागरिकका हैसियतमा उपस्थित छु भन्नुभयो। नियमावलीले चाहिँ यो निष्क्रिय रहेको यसै प्रस्तावै जिवित नरहेको खालको कुरा गर्नुभयो यहाँले भन्ने हिसाबले मैले अलि त्यसलाई Frequentlyउठाइराखेँ। त्यसकारणले यो विषय चाहिँ Ignore गर्ने खालको विषय त रहेन तर मेरो विचारमा के गर्यौं त भन्दाखेरि के गरौं भन्ने विषयमा हामीले चाहिँ यो यहाँ उठेको प्रश्नमा हाउसको लिडरसँग चाहिँ एकचोटि कन्सलटेसन गरौं समितिको तर्फबाट हैन । त्यसपछि हाउसको लिडरसँग हामीले गर्नुपर्ने तर्क छलफल बहस जेजे गर्नुपर्छ त्यही गरौंला अहिलेलाई चाहिँ के छ भने उहाँले उठाउनुभएको विषयलाई हाम्रो चाहिँ भनौंन नोटिशमा राखेर अगाडि बढौं कि भन्ने मलाई लाग्छ। हामी समितिले चाहिँ सभामुखसँग चाहिँ बसेर छलफल गर्नुपर्ने त्यो चाहिँ अवस्था त रह्यो। सभामुखसँग छलफल गरौं, हामीले चाहिँ हामीलाई लागेका कुरा त्यतिबेला त्यही राखौंला अहिले यहाँ सबै डिटेलमा जानु पनि परेन तर

चाहिँ के छ भनेदेखि उहाँले उठाउनुभएको खासगरी प्रधान न्यायाधीशज्यूले उठाउनुभएको विषयलाई हामी चाहिँ नोटिशमा राखेर अहिले अगाडि बढौं जस्तो मलाई लाग्छ।

<u>माननीय सभापतिज्यू:-</u> माननीय कल्याणी कुमारी खड्का।

<u>माननीय श्री कल्याणी कुमारी खड्का:-</u> सभापतिज्यू, माननीयज्यूहरू, प्रधान न्यायाधीशज्यू अब यो कस्तो भयो भने नि जुन विषय जुन वेला प्रवेश गर्नुपर्ने हो त्यतिवेला प्रवेश नगर्ने अनि काम अगाडि बढाउने र त्यसपछि अनि फेरि पछाडि फर्कने कुरा भयो। त्यसकारण उपस्थित हुन्न भन्ने कुरा अथवा चाहिँ मैले बयान किन दिनुपर्छ भन्ने कुरा चाहिँ भएन। त्यसकारणले के हुन्छ भने मलाई के लाग्छ अब यहाँसम्म हामी आइपुगेका छौं। त्यसपछि फेरि यसकै विषयमा छलफल गर्ने वातावरण बन्छ कि बन्दैन? कृष्णभक्त माननीयज्यूले भनेको जस्तो वास्तवमा यो नियम कानुन कार्यान्वयन गर्नुपर्ने महत्वपूर्ण विषय हो। कसैले पनि त्यो नियम कानुनलाई Ignore गर्न मिल्दैन। हामीले यो थाहा पाउँदा पाउँदै पनि अगाडि बढ्न पर्छ भनेर धेरै चोटि डिभेट भएर पनि हामी यहाँसम्म आइपुग्या छौं। त्यसो भएको हुनाले यो विषय गम्भीर छ र यसरी फेरि अर्कोचोटि नजिर नबसोस् नबनोस् भन्नका निम्ति फेरि अन्तिममा हामीले एउटा खालको निष्कर्षमा पुग्नु पर्ला तर अब यसैलाई यही विषयलाई फर्केर फेरि चाहिँ छलफल गर्ने कुराले हामी कहाँ पुग्छौं ? त्यसोभएको हुनाले यो विषयलाई फेरि अन्तिममा वास्तवमा के थियो त वास्तवमा हाम्रो यो विषयमा कसरी निर्णय गर्नुपर्थ्यो भन्ने विषयको एउटा राय रहँला त्यसकारणले अहिले अगाडि बढ्न पर्छ भन्ने लाग्छ। यस्तो विषय राख्दाखेरि के हुन्छ भने हिजो हामी ४ नम्बरमा पुगिसक्यौं- आज अब के भनी त्यतिकै विषय उठिसक्यो अब चाहिँ हामी अब यो अगाडि बढ्दैनौं भन्ने स्थितिमा पुग्न पऱ्यो। हैन भने त हामी यहाँ यति अगाडि बढिसकेपछि अब हाम्रा नियमावली संविधानहरूले पनि कुनै ठाउँमा कुनै ठाउँमा एकथोक चिज बोल्या छ, कुनै ठाउँमा अर्को चिज बोल्या छ। त्यसकारण हामी यहाँ आइसकेपछि जसरी अगाडि बढ्ने परिस्थिति बन्छ त्यही बुँदालाई समातेर टेकेर अगाडि बढ्नुपर्छ। टेक्ने ठाउँ नभएको भएदेखि त हामी यहाँसम्म आइपुग्दैनथ्यौं। त्यसो भएको हुनाले समस्याको समाधान खोज्नु पर्छ र उहाँले भनेका कुरा पनि नोटिस गर्नुपर्छ हिजो भाग लिनुभयो आज चाहिँ आज के भन्नुभयो भन्ने कुराको नोटिसमा रहने कुरा भयो। मैले यत्ति नै राखें, धन्यवाद।

<u>माननीय सभापतिज्यू:-</u> माननीय लालबाबु पण्डित।

<u>माननीय श्री लालबाबु पण्डित:-</u> माननीय सभापतिज्यू, मैले अहिले उठेका प्रश्नको सन्दर्भमा नियमावलीको १६७ तिर चाहिँ आकर्षित गर्न चाहन्छु। १६७ मा यस्तै यसै परिच्छेदबमोजिम

हुने भनेछ। प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि महाभियोग सम्वन्धि कार्वाही यसै परिच्छेदमा व्यवस्था भए वमोजिम हुनेछ भनिसकेपछि अन्यत्र के कुरा लेख्या छ त्यो कुरालाई चाहिँ यो १६७ ले काट्ने भएकोले गर्दा प्रश्न त उठ्या छ, वाझिएको स्थिति हो तर महाभियोग सम्वन्धी १६७ ले यो अहिले महाअभियोसम्वन्धि नियमावलीमा जे व्यवस्था गरेको छ। यो वाहेक अरू वाझे पनि यसैअनुसार गर्ने गरिकन लेखिएको हुनाले गर्दा म त्यता तर्फ ध्यान आकर्षण गर्नुपर्छ। धन्यवाद।

<u>माननीय सभापतिज्यू:</u> माननीय श्री रेखा शर्मा।

<u>माननीय श्री रेखा शर्मा:-</u> माननीय सभापति ज्यू, माननीय लालवावु पण्डित जे भन्नु भयो। मैले पनि १६७ पढिराखेको थिएँ अहिले। फेरि एउटा हामी अहिले यो हामी यसरी छलफल वसह गर्ने, यो विषय मिल्छ कि मिल्दैन निष्कृय भयो कि भएन भनेर आजका दिनमा आएर हामी समितिका सदस्यले चाहिँ वहस गर्ने समय हो जस्तो मलाई लाग्दैन पहिलो कुरा, हामीले अधि कृष्ण भक्त माननीयज्यूले भने जस्तो संसदमा त्यो कुरा उठाएनौं र समितिमा पनि सुरूमा उठेको कुरा के हो नोट गराएको कुरा के हो भने ढिलो भयो यो कुरामा नोटिस गर्न भन्ने चाहिँ हो तर यो प्रस्ताव निष्कृय भइसक्यो। त्यसकारण भन्ने त थिएँन। अस्ति हामी वस्दा पनि थिएँन। त्यसकारण हामी समितिका सदस्यहरूले चाहिँ यो उठाउने विषय हो जस्तो मलाई लाग्दैन पहिलो कुरा र अर्को कुरा के हो भन्दा खेरि हामीले अहिलेपनि हिजोपनि हामीले अलि त्यो महाभियोग सम्वन्धी जुन व्यवस्थित गर्न ऐन छ। त्यो ऐनको कुरापनि गरिराखेका थियौं। अरूपनि कुरा गरिराखेका थियौं। तर आउँदाखेरि १६७ मा के रहेछ भने प्रचलित कानुनमा जुनसुकै कुरा लेखेको भएतापनि महाभियोगसम्वन्धि प्रस्ताव कारवाही यसै परिच्छेदमा व्यवस्था भए। नियमावली व्यवस्था भएपनि भनेन के, यसै परिच्छेदमा व्यवस्था भएवमोजिम हुनेछ भनेर भनि सकेपछि यो परिच्छेदमा त्यो विषय छैन। प्रस्ताव निष्कृय हुने, सक्रिय हुने विषय यहाँ छैन। त्यसकारण अव म कानुनको विज्ञ त होइन। कानुनको विज्ञ साथीहरू हुनुहुन्छ यहाँ अझ न्यायाधीशज्यू झन् विज्ञ भैहाल्नु भयो। छेउमापनि हुनुहुन्छ, यता पनि हुनुहुन्छ, यता नि हुनुहुन्छ। त्यसो भएर यो विषयमा अलिकति उ गरौं। यसलाई चाहिँ कमसेकम हामी वसेर छलफल गर्ने विषय चाहिँ होइन भन्ने लाग्छ मलाई, त्यसकारण यो विषयलाई नोट चाहिँ गरौं, नोटिस गरौं, यसलाई नोट गर्दै अगाडि वढाउने कुरा नै उपयुक्त हुन्छ भन्ने लाग्छ।

<u>माननीय सभापतिज्यू:-</u> निकासको वाटो आयो। ल ठीक छ अगाडि वढौं।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:-</u> यो व्यक्ति भन्दा संविधान कानुन र नियममाथि हुन्छ। सबै पदाधिकारीले मान्नुपर्छ। यो अगाडि बढ्यो, यो पछाडि हट्यो भन्नेसँग कुनै सरोकार राख्दैन। त्यो हिसाबले मात्र मैले अनुरोध गरेको हुँ र यो कानुनको यस्तो यो विषयवस्तु जुन छ। त्यो जुनसुकै समयमा जुनसुकै अवस्थामा पनि क्षेत्राधिकारको विषयमा, कानुनको त्रुटिको विषयमा त्यसपछाडि गएर हदम्यादको विषयमा प्रश्न उठाउन पाइन्छ र यो मेरो कानूनी हक भएको हुनाले मैले सम्मानीत समिति समक्ष पेश गरेको हुँ। अब यो अहिलेको जुन प्रश्न यो महाभियोगको बुँदामा छ। यो प्रश्न अति भेग छ यो प्रश्न। यो महाभियोगको विषयमा प्रस्तावमा उल्लेख भएको यो कुरा बुझ्नै सकिन्न। बुझ्ने अवस्थाकै छैन। यो एकदमै अस्पष्ट छ। यसमा के भन्न खोजिएको हो। यसको उद्देश्य के हो? यसले के प्राप्त गर्ने खोज्छ? यो एकदमै प्रष्ट छैन। मैले त बुझ्नै सकिन यो प्रश्नको। मैले यो प्रश्नको जवाफ दिदाँ खेरि मैले अहिलेसम्म सर्वोच्च अदालतमा अर्थात् पुनरावेदन अदालत देखि सर्वोच्च अदालतसम्मको र प्रधान न्यायाधीशसम्मको जुन हैसियतमा मैले फैसलाहरू गर्दै आएँ, त्यो फैसलाहरूको परिपेक्षमा यो कुराहरू सबै कुराहरू आइराख्या छ। मैले एउटा example दिन्छु। एउटा उदाहरण मैले प्रतिनिधि सभाको विघटनको मुद्दामा प्रतिनिधि सभा पुनःस्थापनाको प्रतिनिधित्व गरेको कारण संविधानको पवित्र उद्देश्य र संविधानको दर्शनलाई सम्पूर्णरूपमा भताभुङ्ग र नष्ट गर्ने कार्य गरेको भन्न यो प्रश्न खोजेको हो? यो अहिले सोधिएको प्रश्नले यो अभियोग लागेको प्रश्नले। यो एकदमै अस्पष्ट छ। यो मैले बुझ्नै सकेको छैन। मैले कोभिडको समयमा कानुन विहिनताको अवस्थामा मुद्दामा हदम्याद तारिक जोगिने फैसलाको नेतृत्व गरेर संविधान विरुद्धको कार्य गरेको हो भन्ने कुरा अहिले यो यो प्रश्नले यो अभियोगले के प्रमाणित गर्न खोजेको हो? मैले कोभिडले आक्रान्त नेपाली जनताको जिउधनु रक्षा गर्न। लकडाउनको समयमा कोभिड सम्बन्धि रिट दर्ता हुने व्यवस्था मिलाइदिएर निजि सम्पतिसरह स्वेच्छाचारी ढङ्गले काम गरेको भन्न यो प्रश्नले खोजिएको हो। नेपालको सिङ्गै न्यायक्षेत्र र कानुनको रक्षा एवम् स्वतन्त्र र सक्षम न्यायपालिको श्रीवृद्धि गर्नपर्ने अहम दायित्व बोकेको प्रधान न्यायाधीशले सो अनुरूपको कर्तव्य पालन गर्ने असक्षम, तथा पूर्ण विफल हुन पुगेको भनेको के हो? एउटा केही त हुनुपर्यो के हो। यो भन्न खोजेको के हो? यस सम्बन्धमा प्रस्टस्पष्ट गरी। अब हाम्रो यो महाभियोगको अघि पनि नि अब माननीय विष्णु पौडेले जीले पनि भन्नुभयो। हाम्रो यी सबै सम्पूर्ण प्रक्रिया नै हामी संविधान अरूपको गरिराखेको छैनौं। मैले यो भन्न, मैले चाहिं यो, यो चाहिं अब, यो कुरो चाहिं, अब देखिएको छ। हामी यो महाभियोग छानविन समितिमा छौं। महाभियोग समितिमै छैनौं। त्यसपछाडि नियमावलीहरूमा भएका व्यवस्थाहरूलाई अब संसदले नै बनाएको व्यवस्थाहरू हो। यो अनुरुप छ। त्यसले गर्दाखेरि मैले कमसेकम देशको न्यायाधीशको हैसियतले, प्रधान न्यायाधीशको

हैसियतले कमसेकम सिङ्गो न्यायपालिकालाई के आधार र के कारणबाट भताभुङ्ग पारेको होला? के हो त यो भन्न खोजेको के हो? यस्तो अमुक प्रश्न राखेर अभियोग लगाउने भन्यात अब यो यसलाई यसलाई के अर्थमा लिन सकिएला? यो त अर्थ न व्यर्थको निरर्थक यो प्रश्न छ। यसको जवाफ त अझै यसलाई अब यो मैले यसलाई न यसलाई संवैधानिक रूपमा, न यसलाई कानूनी रुपमा, न यो मेरो दायित्वको रूपमा वहन गरेको छु। यो एकदमै असान्दिर्भक छ भन्ने मलाई लागेको छ।

माननीय सभापतिज्यू:- माननीय कृष्ण भक्त पोखरेल।

माननीय श्री कृष्ण भक्त पोखरेल:- प्रधान न्यायाधीशज्यूले आफूले संवैधानिक दायित्वहरू चाहिँ निर्वाह गरेको भनेर भन्नु भएको छ। विशेष गरी यहाँलाई प्रश्न संविधानको ह्रस्व, दीर्घ, फुलस्टप पनि परिवर्तन नगरिकन। जन्म सिद्धका सन्तानले नागरिकता पाउने, आमाको आधारमा नागरिकता पाउने भनेर संविधानमा भएको व्यवस्थालाई अध्यादेशको रुपमा राख्दा। मेरिटमै प्रवेश नगरि यहाँले फैसला गर्न भएको छ, रोक्दिनु भएको छ। पछि चाहिँ दल फुटाउने अध्यादेश २० प्रतिशत, संसदीय हाम्रो अभ्यास २०७३ मा मात्रै हामीले त्यो राजनीतिक दल सम्बन्धि ऐन ल्याएको। अब ४० प्रतिशत थियो वा भनेर एमालेले वा भनेर ल्याउँदाखेरि देशमै ठुलो तहल्का मच्चियो। तर यहाँचाहिँ पछि २० प्रतिशत ल्याएर त्यसमा चाहिँ, ठयाक्कै त्यही तथ्य छ। संसदको आज अन्त्य हुन्छ बैठक, भोलिपल्ट ल्याइन्छ, पर्सिपल्ट दल फुटाइन्छ। झन् पर्सिचाहिँ सबै विधेयक फिर्ता अध्यादेशनै फिर्ता ल्याइन्छ। तर समान प्रकृतिको हरूमा चाहिँ कुनै स्टेहरू भएन भन्ने कुरा चाहिँ छ। त्यसकारण कहिन कही यहाँले अहिलेको गठवन्धनको पक्षमा चाहिँ काम गरिराखेको भन्ने जनअभियोग यहाँमाथि छ। यस विषयमा यहाँको के भनाई छ?

प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:- माननीय सदस्यज्यू, सबै भन्दा ठुलो त हामीले संवैधानिक व्यवस्थालाई म फेरि पनि नि सबै सभापतिज्यू लगायत सबै माननीय सदस्यज्यूहरूलाई संविधानको व्यवस्था हामीले हेर्नुपर्छ। मुद्दा मामिलाको विषयमा र मुद्दा मामिलाको आदेश गरेको विषयमा संविधानको धारा १०५ ले संविधान, यो संविधानको व्यवस्थाले संसदमा पनि प्रश्न गर्न पाइन्न र यो पनि संसदको अङ्ग हो भिनि संसद हो यसमापनि प्रश्न गर्न पाइन्न यसमा चाहिँ ध्यानपूर्वक माननीय सभापति लगायत माननीय सदस्यहरूलाई ध्यानपूर्वक यसमा केन्द्र रहौं। यसमा चाहिँ हुनुपर्छ। यस्तो मुद्दाको विषयमा बोल्नै पाईँदैन तर पनि नि अब प्रश्न राखिसके पछाडि मैले केही चाहिँ जवाफ दिनै पर्छ। म दिन्छु, एउटा कुरो नागरिकताको विषयमा आदेशको जुन विषय छ। यो गरेको भन्या यो नागरिकताको विषयमा अन्तरिम आदेश जारी गरेर

रोकियो संविधानको फुलस्टप क का की केही पनि फरक थिएँन अध्यादेश आएको थियो, रोकियो भन्ने माननीयज्यूको गम्भीर चासोको विषय भयो। यो विषय संवैधानिक इजलासमा मेरो नेतृत्वमा यो विषय प्रवेश भएको हो। त्यसमा चाहिँ त्यो आदेशमा अहिले मैले त्यो आदेश त यसरी प्रश्न उठ्छ भनेर संकलन गरेर लिएर आएको छैन तर पनि नि मैले त्यो आदेशमा चाहिँ बोलेको कुरो त्यो आदेशमा लेखिएको कुरो चाहिँ अझपनि मेरो माइन्डमा छ। मैले यो चाहिँ राख्छु। त्यसमा के भनिएको थियो भने २०७५ साल सायद श्रावण हुनुपर्छ। यो विषयवस्तु, नागरिकताको विषयवस्तु समितिमा गएर समितिले प्रतिवेदन पेश भएर पारित हुन मात्र बाँकी रहेको अवस्थामा संसदको क्षेत्राधिकारभित्र रहेर विचाराधीन रहिरहेको अवस्थामा अध्यादेशबाट लिएर आएर त्यसलाई कार्यान्वयन गर्न चाहिँ अहिले संसदको क्षेत्रधिकारको मा फरक-फरक पर्यो है। त्यसले गर्दाखेरि हाललाई यसलाई कार्यान्वयन नगर्नू। अध्यादेश भन्नासाथै संसदले यसको ownership लिएन भने, यो ६० दिनभित्र अन्त्य हुन्छ। यो अध्यादेश त अन्त्य हुन्छ। अन्त्य भइसकेपछाडि त्यसबाट प्राप्त गरेको नागरिकले प्राप्त गरेको जुन चाहिँ नागरिकता न त्यो संविधान अनुरूप हुन्छ न त्यो अध्यादेश अनुरूप हुन्छ। यस्तो अन्यौलको वातवारण राखेर अध्यादेश मार्फतबाट यसलाई चाहिँ लिएर आउनु हुन्छ भनेर चाहिँ त्यो चाहिँ संसदमा रहिरहेको अध्यादेश विषयको छलफल गरेर किनारमात्र आउन बाँकी रहेको अवस्थामा अध्यादेशबाट ल्याएर नागरिकता नदिनु है भनेर अन्तरिम आदेश जारी गरेको जस्तो लाग्छ। यति मात्रै हो यसमा। अब अर्को जुन राजनीतिक दलको, दल सम्बन्धिको अध्यादेशको विषयवस्तु छ। त्यो चाहिँ आदालत प्रवेश गरेको जस्तो मलाई लाग्दैन। त्यसले गर्दा यसमा चाहिँ अब मेरो कार्यकाल मैले-हुन्जेलसम्म चाहिँ मैले यो अध्यादेशको विषयमा चाहिँ प्रवेश गरेको र त्यसमा चाहिँ के आदेश भएको मेरो अनुभवमा छैन।

<u>माननीय सभापतिज्यू:-</u> माननीय विष्णु प्रसाद पौडेल।

<u>माननीय श्री विष्णु प्रसाद पौडेल:-</u> अब यो चाहिँ, म त उही हिजोकै प्रश्न तिर फर्किने स्थिति बनिराखेको छ। वास्तवमा स्वतन्त्र, निष्पक्ष र जवाफदेही न्यायपालिकाको कुरा हामी गरिराखेका छौं र यो हिजो पनि एक ढङ्गले आयो। कि वास्तवमा फैसलाका पृष्ठभूमिमा विभिन्न प्रकारका प्रस्थितिहरू निर्माण गरिए। मैले बुझ्दा त्यहाँ चाहिँ विभिन्न प्रकारको दबाव भन्ने बुझ्छु हैन। परिस्थिति निर्माण गरियो भनिया छ। परिस्थितिको प्रभाम चाहिँ फैसलामा पऱ्यो भन्ने कुरा चाहिँ यहाँले प्रकारान्तरले स्वीकार गर्नु भएको छ। परिस्थितिको प्रभाव चाहिँ फैसलामा पऱ्यो भन्ने कुरा चाहिँ स्वीकार्नु भएको छ हिजो पनि। त्यसले गर्दा परिस्थितिको प्रभाव परेर हुने फैसला स्वतन्त्र, निष्पक्ष र जवाफदाही पूर्ण हुन्छ त? हाम्रो त्यो संविधानको spirit सँग match खान्छ त? भन्ने यो

प्रश्न हिजैपनि राखि सकेको थिएँ। अहिले चाहिँ प्रसङ्ग तादात्म्य मिल्ने भएर पुन recall गरेको मात्रै।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> माननीयज्यूको प्रश्नमा फेरि पनि म अझ प्रस्टगर्न चाहन्छु। यो फैसलामा प्रभाव पर्यो भन्ने प्रकारान्तरले प्रभाव पर्यो भन्ने कुरालाई तपाईले स्वीकार्नु भयो नि भन्ने माननीयज्यूको प्रश्न आएको छ। मैले यो स्वीकारेको भन्ने अर्थमा मैले हिजो पनि भने यो कानूनी भाषा हो। यो कानुनको भाषा अलि बुझ्न अलि बुझ्नउन गाहो हुन्छ। अलि प्रस्ट हुँदैन। अब मैले त्यो अर्थमा गरेको थिएँ। यो सर्वोच्च अर्थात् न्यायपालिकाले गरेको फैसलालाई त्यसैकै प्रक्रियाबाट नै उल्टी र सुल्टी हुने कुरा रहिरहन्छ। यो भइरहन्छ यो प्रक्रिया हो। अब जुन किसिमको फैसलामा जुन प्रश्न उठेको छ। त्यो प्रश्न मैले उठाएको प्रश्न होइन। मैले पटक-पटक भनेको छु। मैले त्यसमा सही गरेको छु। मैले त्यसको जिम्मेवारी लिएको छु। मैले उठाएको होइन। तर त्यसपछाडिका घटनाहरूले यो कुरामा चाहिँ गम्भीर रुपमा प्रभाव पार्ने काम भएको हो भन्ने कुरा चाहिँ पत्रपत्रिका नागरिक समाजदेखि सबै कुरा प्रत्क्षय रूपमा आयो। इमेलदेखि लगेर सबै कुरामा आयो। त्यसकारणले गर्दाखेरि त्यो फैसलामा प्रश्न उठ्यो। मैले यतिचाहिँ हिजो पनि आज पनि मैले अलि प्रस्ट गर्न चाहेँ।

<u>माननीय सभापतिज्यू:-</u> माननीय श्री लाल बाबु पण्डित।

<u>माननीय श्री लाल बाबु पण्डित:-</u> माननीय सभापतिज्यू, तपाईको कार्यकाल र विगत तपाईको कार्यकाल माथि प्रश्न उठेको कारणले गर्दा विगतभन्दा तपाईलाई तपाईको कार्यकाल संविधान सम्मत तरिकाले समय अनुरुपै फैसलाहरू भयो भने तपाईलाई के के आधारमा अनुभूति भएको छ। यसबारे अलिकति खुलाइदिन मैले आग्रह गरेँ।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> माननीय सदस्यज्यू, अब मेरो कार्यकालमा समष्टिमा मैले अहिले मूल्याङ्कन गरेर भन्छु। मेरो कार्यकालमा अदालतमा उठेका प्रश्नहरू विषयमा त्यसपछाडि पेशी व्यवस्थापनको विषयमा समिति गठन गरेर त्यसको प्रतिवेदनको आधारमा कार्यान्यवन गरेर जानुपर्छ भन्ने मेरो मैले त्यही नै प्रतिवद्धता जनाएर गरेको छु। मेरो कार्यकालमा धेरै संवैधानिक प्रश्नहरूको विषयको निराकरण गर्नु पन्यो। धेरै करका ठुला ठुला मुद्दाहरू मेरो कार्यकालमा मैले निराकरण गर्न पर्यो। त्यसपछाडि धेरै सार्वजनिक, सरकारी जग्गाहरूको विषयमा मेरो कार्यकालमा यो निर्णयहरू गर्नु पर्यो। मैले हरेक सार्वजनिक प्रकृतिको जग्गामा व्यक्तिले आफ्नो भनेर दावी गरेकोमा सबै जग्गाहरू जति मेरो कार्यकालमा सार्वजनिक कायम गरेको छु। यो कुरो चाहिँ सार्वजनिक कायम गर्ने मेरो नेतृत्वको इजलासले सबै

सार्वजनिक कायम गरेको छ। धोबी खोलादेखि सरकारले दिएका जग्गाहरू देखि लिएर दर्ता गर्न दिएका जग्गाहरू देखि लिएर। सबै जग्गाहरू चाहिँ मेरो कालमा चाहिँ सबै सार्वजनिक कायम भएको छ। त्यसमा मेरो यो लिष्टै छ। यो धेरै नै लिष्ट नै छ। यो हाल्या छु, यो पछि हालौंला भनेर राखिराख्या छु। यो म पेश गर्दै। त्यसपछाडि सबै ठुला करका मुद्दाहरू जति मेरो नेतृत्वमा मैले चाहिँ गराएको छु। जस्तो कि ऐनसेलको त्यसपछाडि करछलि, यो राजश्व छलिहरूको चाहिनि भाटभटेनी लगायत। धेरै उ वालाहरूको त्यसपछाडि गएर यो सूर्य चुरोट कम्पनिको ठुलो करको चाहिँ अर्बौको करको जति मेरो पालामा मेरो नेतृत्वमा भएका, यो सुर्य त अर्को को हो तर मेरा कालमा भएका यस्ता गम्भीर फैसला जति छ। सबै सरकारीकरण भएको छ, कुरोको म बोध गराउँछु।

<u>माननीय सभापतिज्यू:-</u> माननीय श्री शिवमाया तुम्बाहाङ्फे।

<u>माननीय श्री डा. शिवमाया तुम्बाहाङ्फे:-</u> माननीय सभापतिज्यू, यहाँ हाम्रो प्रश्नले के भनेको छ भने न्यायालयको नेतृत्व तहमा यहाँ वस्तु भएको छ। न्यायालयभित्र भएको जुन विभिन्न गतिविधिको बारेमा हिजोपनि चर्चा भयो। अब पनि हुन्छ, त्यसका बारेमा प्रश्न उठेका छन् र नेतृत्व भइसकेको कारणले गर्दाखेरि न्यायालयभित्र त्यस्ता काम भएनन् भन्ने खालको कुरा उठिरहँदा खेरि। एउटा प्रश्न मेरो के हो भने संविधान र कानुन अनुसार न्यायाधीशले फैसला आदि गर्नुपर्छ भन्ने खालको कुरा छ। तर अहिले यो न्यायापरिषद्ले जुन कारवाही र बर्खास्तीको जुन कामहरू गर्दै गरेको कुराले चाहिँ केलाई सङ्केत गर्छ?

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:-</u> अहिले अब माननीयज्यूको प्रश्नमा मैले अब न्यायपालिकामा न्यायाधीशले गर्ने कार्यसम्पादन र न्यायाधीशको आचरणको विषय पटकपटक बेलाबेलामा प्रश्नहरू उठ्ने गर्छ। त्यो प्रश्नहरू उठेपछाडि न्यायाधीशहरूलाई छानविन गर्न मिल्ने न्यायपरिषद् ऐनमै व्यवस्था छ। संविधानमै व्यवस्था छ। त्यही अनुरुपनै छानविन गर्ने हो र त्यसमा जम्मा मैले हिजोपनि भनें, हिजोपनि मैले आफ्नो अनुभव..... भएको अनुभवलाई व्यक्त गरें। हाम्रोमा न्यायपरिषद् ऐनमा जम्मा दुई ओटा आधारमा, दुई ओटा कारवाही बाहेक, तेस्रो कारवाही नै छैन। एउटा उसको गल्ति देखियो भने, उसलाई सचेतसम्म जराउने, सचेत गराउने एउटा छ। अर्को भनेको उसलाई अवकाश नै दिने छ। यो दुई ओटा वाहेक तीनओटा छैन। यो छदैछैन। अब त्यसपछाडि अहिलेको कार्यकालमा के आधारमा न्यायाधीशहरूलाई कारवाही गरियो। त्यसपछाडि के आधारमा न्यायाधीशलाई बर्खास्त गरियो, त्यो त मलाई पनि थाहा छैन तर सामान्यतय मैले नेतृत्व गरेको बेलामा चाहिँ गम्भीर प्रकृतिको अब सुधार नै गर्न नसक्ने

किसिमका व्यक्तिहरुलाई चाहिँ न्यायाधीशहरुलाई त्यस्तो व्यक्तित्वहरु छन् भने भने एक दुईजनालाई मेरो कालमा अवकाश भएको छ। त्यसदेखि वाहेकलाई चाहिँ सचेतमात्र गराएर हामीले मौका दिएका छौं। पुनःसुधार हुने मौका दिएका छौं।

<u>माननीय श्री मिन बहादुर विश्वकर्मा:-</u> सभामुखज्यू हिजो प्रधान न्यायाधीशले ललिता निवासको मुद्दा मैले फैसला गर्न लागेको थिए। त्यसोभएर मलाई महाभियोगको प्रस्ताव आएको हुन सक्छ भनेर जवाफ दिनुभएको छ। तर त्यसै सँग सम्वन्धित ललिता निवाससँग सम्वन्धित वाही दिप वस्नेत भएको मुद्दामा यहाँले आफूले सुरुमा आफैले आफना इजलासमा राखेको पुर्वपक्षको लागि थुनामा राखेको छ पुर्वपक्ष खुलाउनका लागि त्यसमा ०७७/११/७ मा हरिकृष्ण कार्कीको इजलास तोक्नुभयो र फेरि भन्नुभयो तपाईले हेर्न मिल्दैन नाता पर्छ भनेर सारिदिनुभयो। फेरि दोस्रोपटक ०७७/१२/०६ मै चाहि फेरि हरिकृष्ण कार्कीलाई नै तोकिदिनुभयो फेरि आफैले फेरि भन्नुभयो तपाईले हेर्न मिल्दैन भन्दै सार्नुभयो। त्यसपछाडि अर्को पटक १२/१३ गते फेरि प्रकाशमान सिंह रावतको इजलास तोक्नुभयो वेन्च तोक्नुभयो। तपाईले पनि हेर्न मिल्दैन भन्नुभयो। त्यो आफै तोक्ने अनि ७ दिन पछि फेरि सार्ने र अन्तिममा गएर आफैले आफ्नै इजलासमा राख्नुभयो। आफ्नैमा राख्नुभयो र ७ दिन सारेर फेरि भन्नुभयो म पनि राणा भएकोले मैले पनि हेर्न मिल्दैन भनिदिनुभयो। त्यो राणाको जग्गा रहेछ ललिता निवास, त्यसो भएर मैले पनि मिल्दैन भनिदिनुभयो।यसरी लगातार यसमा Bargaining गरेको लामो समयसम्म न्यायाधीशहरुलाई चाहिँ अल्मलाएको इजलासमा अल्मलाएको र न्यायप्राप्त गर्नुपर्ने व्यक्तिलाई अथवा जे हुन्थ्यो होला त्यसमा चाहिँ न्याय सम्पादनमा लापरवाही गरेको देखिन्छ। त्यसैले यो प्रश्न नं ५ चाहिँ यो सँग त प्रत्यक्ष आकर्षित हुन्छ र अर्कोतिर आरोपचाहिँ के लगाइदिनुभयो भने मैले ललिता निवासको फैसला गर्न लागेको थिए त्यसकारण महाभियोग आएको हो। आफूले यसरी भरपुर लापरवाहि गरिदिने महिनौ सम्म जसको नाममा इजलास तोक्ने अनि फेरि त्यो इजलास तपाई कार्की भएको ले नहुने, रावत भएको ले नहुने, राणा भएकोले नहुने भनेर अनि लगेर यत्रो ठुलो मुद्दालाई आफैले चाहिँ वेवारिसे छोड्ने काम गर्नुलाई न्यायसम्पादनको त्रुटी मानिन्न र? मेरो Question यो।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:-</u> माननीय सदस्य ज्यूको प्रश्न माधव नेपालको १५ गतेको वाटचाहिँ यो पेसी तोकिएको थियो अनि त्यही हिसाववाट चाहिँ मैले महाभियोग आयो भनेर मैले महाभियोग आयो भनेर हिजो मैले आफ्नो वयानमा भनेको नै होइन। मैले भन्न खोजेको चाहिँ के हो भने यो मुद्दाचाहिँ उहाँको मुद्दा १५ गते निर्णय सुनाउनेमा थियो। त्यसपछाडि ७ गतेवाट अदालतमा Disturbance सुरु भयो। त्यो Disturbance सुरु भएपछि १५ गतेको मुद्दा

पनि हेर्न पाइएन भएन भन्ने अर्थमा मैले त्यो भनेको थिए। त्यसपछाडि अर्को जुन यो दिप वस्नेतको माननीयज्यूको कुरा छ। यो मैले पेसी तोक्ने हो र तोकेपछाडि मैले हटाउने होइन। यो हाम्रो त्यो व्यवस्था नै छैन। तोक्ने मान्छेले तपाईले हेर्न मिलेन भनेर हटाउने होइन यो हाम्रो व्यवस्था चाहिँ के भने जसको जुन न्यायाधीशमा पेसी तोकिएको छ त्यो न्यायाधीशले त्यो मुद्दा अब हाम्रो साविको मुलुकी ऐनको ३० नम्बरको व्यवस्था र अहिले को यो देवानी र फौजदारी कार्यविधि संहितामा छुट्टै व्यवस्था छ। आफ्नो नाताभित्रको छ भन्यो भने या आफ्नो सरोकार भित्रको छ भने त्यस्तो मुद्दाचाहिँ हेर्न मिल्दैन।त्यसको भएको हुनाले माननीय हरिकृष्ण कार्कीज्यूकोमा पेस हुँदाखेरि उहाँले यो मुद्दा मैले हेर्न मिल्दैन भनेर उहाले गरेको आदेश हो यो मैले होइन। त्यसपछाडि गएर जुन प्रकाशमान सिंह रावतको छ त्यसै त्यस आदेशबाट जान्छ। हाम्रो यो हुदै होइन। प्रकाशमान जि रावतले पनि मेरो नाता छैन भनेर उहाँ आफैले आदेश गरेर हेर्न नमिल्ने गरेर आदेश गर्नुभएको होला। यो चाहिँ मैले यो आदेश गरेको होइन। र त्यसपछाडि गएर यो जुन चाहिँ जुन यो मैले नै आफैं लम्भ्याएको। तपाईले नै लम्भ्याउनु भयो नि भन्ने जुन छ यो एकदम माननीयज्यूको प्रश्न यो त्यो त्यसको तथ्यले यो पुष्टि गर्दैन। यो होइन यो हुनैसक्दैन। हरेक जम्मा हाम्रो चाहिँ यो आरीको मुद्दा भनेको हप्ताको एकदिन मात्र पेश हुन्छ। शुक्रवार एकदिन पेश हुन्थ्यो। त्यो शुक्रवार एकदिन चाहिँ ..... सबैतिर बाँडेर सबै न्यायाधीश हरुकोमा राख्ने हो। त्यो हिसाबले यो पर्न जाने हो त्यो भन्दा अरु केही पनि होइन र मैले पनि हेर्दाखेरि हुन्छ किनभने म त नेताको नेतृत्व गरेको हिसाबले यस्तो मुद्दाहरु अलि गम्भीर प्रकृतिको मुद्दाहरु मैले पटक पटक भनेको छुँ। प्रधानन्यायाधीशकै न्याय प्रशासनको जिम्मेवारी संविधानले प्रधान न्यायाधीशलाई दिएको छ। प्रधान न्यायाधीश लाई दिएको नाताले चाहिँ यस्तो मुद्दाहरु सकभर प्रधान न्यायाधीशले नै हेर्यो भने नै यसलाई चाहिँ दायित्व निर्वाह हुन्छ भनेको त्यसमा पनि दिप वस्नेत ज्यूकोमा पनि अब यो जुन Issues छ जुन जग्गाको Issues छ त्यो राणाज्यूकै पर्यो त्यसले गर्दाखेरि मैले। (विचमा प्रश्न गरिएको र छलफल भएको।)

(विचमा प्रश्न गरिएको)

<u>माननीय सभापतिज्यू:-</u> माननीय विष्णु प्रसाद पौडेल।

<u>माननीय श्री विष्णु प्रसाद पौडेल:-</u> एउटा चाहिँ विषय के छ भन्दा खेरि यो Ncell को लगानीकर्ता रोनाल होल्डिङ्सले Axiata मलेसिया लाई सेयर बिक्री गरे वापत Ncell ले नै लाभकर तिर्नुपर्ने भन्ने फैसला यहाँले गर्नुभएको थियो। तर पछि चाहिँ त्यो फैसलाचाहिँ Ncell ले जरिवाना नतिर्नुपर्ने गरी भनेर अर्को फैसला भयो।र त्यसबापतचाहिँ राज्यलाई करिब २० अर्ब भन्दाबेसी

को चाहिँ राजस्व घाटा भएको छ। यो यस्तो फैसलाँ यहाँको उपस्थितीमा यहाँले नै गरेको फैसलासँग प्रतिकूल हुने गरी राज्यलाई यत्रो २०-२० अर्वको दायित्वचाहिँ भनौ राजस्व नोक्सानी हुने गरीकन यस प्रकारको फैसला चाहिँ हुने कुरालाई यहाँले कसरी लिनुहुन्छ भनेर मैले चाहिँ जिज्ञासा राख्न खोजेको हो?

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरः-</u> अब Ncell को यो Public Litigation बाट आएको हो। यो Ncell ले लाभकर तिर्नुपर्छ भन्ने कुरा नागरीक समाजको तर्फबाट Public Litigation व्यक्तिले गरेको यो मुद्दा हो। त्यो बेलामा यो सरकारले चाहिँ लाभकर तिर्नुपर्दैन भनेर निर्णय गरेर त्यो रोनाल होल्डिरस.... कि के भन्ने हो के हो। त्यो उसैलाई नै तिर्नुपर्छ उसैबाट लिनुपर्छ भनेर अब निर्णय गरेर गएको हो। हो अदालतमा त हैन यो त Ncell ले नै तिर्नुपर्छ भन्ने आइसके पछाडि अनि अदालतले Ncell बाट नै असुलउपर गर्नु भन्ने फैसला चाहिँ मेरो नेतृत्व हुँदाखेरि को मा यो फैसला भएको हो। अब त्यसपछाडि दोस्रो फैसला मा अलि प्रश्न आएपछाडि मैले पनि अध्ययन गरेको थिए। मैले पनि अध्ययन गरेको हुँ त्यो फैसला तर मेरो नेतृत्वमा त्यो फैसला भएको होइन। हामीले एउटा फैसला गरेपछि अर्को फैसला हामीले हेर्दैनौं। त्यसले गर्दाखेरि त्यता तर्फ होइन। अब तर त्यसमा हेर्दाखेरिमा के थियो भने Ncell लाई Ncell ले लाभकर तिर्नुपर्छ हिजो अर्को कम्पनीमा गरेको ...विरुद्धमा त्यो फैसला भयो त्यो उसले तिर्नुपर्छ भनेर त्यसलाई चाहिँ उसले नतिरेको आधारबाट उसलाई लाग्ने सबै आयकरण बमोजिमका लाग्ने जरिवानाहरु भयो,Delay को सबै लगाइयो। तर यो Ncell लाई त Ncell Company लाई त लाभकर तिर्नुपर्ने विषयमा त सरकारले निर्णय गरेर उसबाट असुलउपर गरेको या उसले चाहिँ नतिरेको कारणले गर्दा जरिवाना तिर्नुपर्ने र उसले Delay गरेको कारणले गर्दा चाहिँ तिर्नुपर्ने भन्ने कुराहरु चाहिँ अब त्यो चाहिँ उसको विरुद्धमा त्यो कारवाही उठेको थिएन। त्यो होइन। जसले गर्दा अदालतले जुन दिनमा फैसला गऱ्यो त्यो फैसला पश्चात उसलाई चाहिँ कर कार्यालयलाई पुनः कर निर्धारण गरेर असुलोपन गर्नु भन्ने हामीले फैसला गरेका छौं। तत् प्रश्चात रुपमा चाहिँ उसलाई लाग्ने लाभकर मात्र लिनुपर्ने थियो। त्यो लाभकरबाट चाहिँ कति अब त्यसपछाडि उसले तिरेन भने जरिवाना लाग्ने त ?After that त्यसपछाडीको यो प्रकृतिको हो त्यो आधारबाट चाहिँ त्यो फैसला भएको त्यो पछिल्लो फैसला माननीयज्यू मैले त्यस्तो अनुभव गरेको छुँ। पहिलाको र पछाडिको त्यो पृथक हो।

(छलफल भएको)

<u>माननीय सभापतिज्यूः-</u> माननीय यशोदा गुरुङ सुवेदी।

<u>माननीय श्री यशोदा गुरुङ सुवेदी:-</u> माननीय सभापतिज्यू प्रधान न्यायाधीशज्यूको चाहिँ यो एउटा चाहिँ यो Prime Commercial Bank का प्रमुख कार्यकारी अधिकृतको चाहिँ यो CEO नारायणदास मानन्धरलाई चाहिँ पदस्थापन गर्ने निर्णय चाहिँ यहाँको इजलासबाट भएको रहेछ। तत्पश्चात चाहिँ सो बैकबाट ठुलो मात्रामा ऋणचाहिँ यहाँ र यहाँको परिवारले प्राप्त गर्नुभएको रहेछ। यो विषय के हो यसको बारेमा जानकारी चाहन्छुँ।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:-</u> माननीयज्यू अब यस्तो यो ऋण लिने भनेको त मैले लिएको ऋण मैले तिर्नुपर्छ। यो चाहिँ अब के भने मुद्दा एउटा उसँग हो व्यक्तिको मुद्दा हो। त्यस्तो हाम्रोमा चाहिँ उसँग जो सँग मैले फैसला गरे मलाई अब त्यो अनुभवै हुँदैन। मैले अब यति धेरै यत्रो वर्षको सर्वोच्च अदालतमा बसेर उच्च अदालत के रे पुनरावेदन त्यो बेलाको पुनरावेदन अदालतमा बसेर गरेका यत्रा फैसलाहरु छन्। अब मैले को व्यक्तिलाई कतावाट के गरेको छु भनेर मैले सबै अनुभव राखेर अनि मैले व्यवहार गर्ने भन्ने कुरा त्यो सम्भावना पनि छैन। र यो न्यायिक मान्य र मुल्यता विरुद्धको यो क्रिया पनि होइन। मैले आफ्नो घर जग्गा जमिन राखेर बैंक बाट ऋण लिने हो त्यो मेरो आफूलाई आवश्कता परे पछाडि लिने र दिने हो। त्यो मुद्दासँग यो सरोकार नै छैन। त्यो नारणदास श्रेष्ठलाई राष्ट्रबैंकले एउटा निर्देशिका जारी गरेर मैले अब अनुभवको आधारबाट मैले आफूले गरेको आदेश भएको हुनाले मेरो Mind मा छ। छ अहिले आयो त्यो माननीयज्यूले भने पछाडि आयो त्यो एउटा के एउटा पत्रिकाबाट नै निस्केको थियो। त्यसले गर्दाखेरि मैले यसलाई गौर गरिराखेको छुँ। त्यो नारणदास श्रेष्ठलाई राष्ट्रबैंकले एउटा निर्देशिका जारी गऱ्यो ।उ चाहिँ अब Executive अब उ Director भइरहेको व्यक्तिहरुलाई त्यो नारायणदासलाई मात्र होइन। त्यो नारायणदासको हकमा मात्र भएको होइन। त्यो धेरै उहाँहरुको चाहिँ धेरै जना आएको छ। सञ्चालक आएको छ, अध्यक्ष आएको छ। त्यसपछि यो नारायणदासको यो Executive यो CEO भन्छ ExecutiveChief Officer छ। यो सबै बैंकको आएको हो यो आएको हो। उहाँहरुलाई एक्कासि Age limit गरिदियो राष्ट्र बैंकले यो त Private company हरु हो नि बैंकहरु हो नि। यस्तो Private company,बैंकहरु लाई उहाँले Age limit गरिदियो। यति वर्ष भन्दा एकचोटी भन्दा यति वर्षको उमेर पछाडि अब सञ्चालक पनि बन्न नपाउने, ED पनि बन्न नपाउने अनि अध्यक्ष नि बन्न नपाउने भन्ने भयो। त्यो कानुनको अभावमा एउटा निर्देशिका मात्र निर्णयमात्र गरेर चाहिँ यस्तो क्रियाहरु गर्न हुँदैन। कानुन बनाएर गर्दा हुन्छ तर एउटा निर्देशिका निर्णयगत र अवदेखिबाट यसलाई चाहि प्रतिबन्ध अब फलानो चाहिँ ६० वर्षभन्दा ६५ वर्षभन्दा केही पनि गर्न पाइदैन भन्ने गरेको हुनाले त्यो कानुनको सिद्धान्त, संविधानको सिद्धान्त कानुनले संविधानले उसलाई व्यवसाय गरेर गरिरहेको काम

गरिरहेको व्यक्तिलाई कानुनले चाहिँ सुरक्षा गरेको तर उहाँहरुको निर्देशन रनीतिले निर्णयले नगरेको कारणले गर्दा त्यो संरक्षण गरिएको हो।

<u>माननीय श्री यशोदा गरुङ सुवेदी:-</u> सभापतिज्यू पुरक एक प्रश्नसँग यसमा चाहिँ अब तपाईले गरेको आदेशलाई चाहिँ प्रयोग गरेर लाभ लिएको त देखियो नि? तपाईले पनि स्वीकार गर्नुभएको ऋण लिएको कुरा चाहिँ (छलफल भएको)

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:-</u> त्यस्तो होइन मैले स्वीकार गरेको होइन माननीय ज्यू यो अर्थमा नलिउँ as a नागरिकले चाहिँ सबै नागरिकले आफ्नो घरव्यवहार चलाउनका लागि ऋण त लिनै पर्छ। अरु उपायनै छैन नि। त्यो विधिपूर्वक लिएको ऋण हो। त्यस्तो त्यो चाहिँ के भन्छ नारायण जी ले चाहिँ मलाई यसमा व्यक्तिगत ल यसमा असुलउपर नगर्न पर्ने दिएको होइन। यो होइन त्यस्तो।

<u>माननीय सभापतिज्यू:-</u> ल अब छैटौं प्रश्न है।

<u>प्रश्न नं. ६:-</u> न्यायपालिका संविधानको अन्तिम व्याख्याता हो भने यसको नेतृत्व गर्ने प्रधान न्यायाधीश न्यायप्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्राप्त पदाधिकारी हुन। प्रधान न्यायाधीशले नियुक्ति हुनासाथ संविधान र कानुनको संरक्षण, सम्वर्धन र रक्षाका लागि सपथ लिएको मानिन्छ। तर, दुर्भाग्य नै भन्नुपर्छ नेपालको न्यायिक नेतृत्वमा पदासीन प्रधान न्यायाधीश श्री चोलेन्द्र शमसेर ज.ब.रा.का कार्यहरु एकपछि अर्को विवादास्पद, आपत्तिजनक पदीय मर्यादा र आचरण विपरीत एवं संविधान र कानुन विपरीत हुँदै गएका छन्। लोकतन्त्रमा न्यायपालिकालाई संविधानको अन्तिम व्याख्याता र राज्यका अन्य अंगहरुमाथि शक्ति सन्तुलन (Check and Balance) कायम राख्ने महत्वपूर्ण निकायका रुपमा लिइन्छ । सक्षम एवं सशक्त न्यायालयको अभावमा सिंगो संविधान र त्यसले परिकल्पना गरेका कुनै पनि व्यवस्थाहरु यथार्थतामा कार्यात्मक (Functional) र जीवन्त हुन सम्भव छैन। यसका लागि न्यायालय सम्पूर्ण रुपमा स्वतन्त्र, सक्षम, निष्पक्ष, स्वच्छ, भ्रष्टाचारमुक्त र जिम्मेवार हुन जरुरी हुन्छ । "न्याय र शीलता" न्यायालयको पहिलो गुण (Virtue) हो। त्यसैले न्यायालयलाई न्यायको अन्तिम उपाय (Last Resort) भनिएको हो। जसको प्राप्ति केवल स्वच्छ, सक्षम र स्वतन्त्र न्यायालयबाट मात्र सम्भव छ। संविधानमा अन्तरनिहित प्रस्तुत दर्शनको यथार्थ कार्यान्वयनका लागि न्यायिक नेतृत्व गर्ने प्रधान न्यायाधीशको सक्षमता, इमान्दारिता, संवैधानिक नैतिकता र आचरण सबैभन्दा अहम् हुन जान्छ । कुनै पनि बहालवाला प्रधान न्यायाधीशसँग एउटा सफल संविधान र स्वन्त्र न्यायपालिकाले अपेक्षा गर्ने र गरेका कुनै पनि गुण र विशेषताहरु प्रधान न्यायाधीश राणासँग अब बाँकी नरहेकोले निजलाई

पदमा कायम राखिरहन न्यायिक मूल्य र मर्यादाले उपयुक्त देखिदैन, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:-</u> यो प्रस्तुत विषय, यो पूर्णत: सैद्धान्तिक कुराहरू हुन्। यसमा संविधानले नै न्यायपालिकाको नेतृत्व प्रधान न्यायाधीशलाई दिएको छ। न्यायप्रशासनको जिम्मेवारी प्रधान न्यायाधीशलाई दिएको छ। Check and Balance र Last Resort न्यायाको अन्तिम अन्तिम निकाय भनेको सर्वोच्च अदालत नै हो। न्यायपालिका नै हो यसमा दुई मत राख्नुपर्ने कुनै उनै छैन्। तर यति भन्दा भन्दै प्रधान न्यायाधीश चोलेन्द्र शमशेर राणाले यो Check and Balance मा राज्यका अङ्गहरुको सन्तुलन कायम गर्नका कहाँ निर सकेन। अनि यो Last Resort का रुपमा न्यायको Last Resort त न्यायपालिकाई हो। यो न्यायपालिकाले यसले चाहिँ यो ठाउँमा गएर चाहिँ अब यसले यो प्रधान न्यायाधीशले Last Resort मा रहेको न्यायपालिकाको अन्तिम अधिकारलाई चाहिँ यसले यसरी दुरुपयोग गऱ्यो, भन्ने कुरा चाहिँ यो यो सैद्धान्तिक धारमा केही पनि छैन। केवल केवल यहाँ लेखिएको के छ भने यसमा आरोप लागेको संविधानमा अन्तरनिहित प्रस्तुत दर्शन यथार्थ कार्यान्वयनका लागि न्यायिक नेतृत्वले गर्ने न्यायाधीशको सक्षमता, ईमान्दारिता, संवैधानिक नैतिकता, आचरण सबैभन्दा अहम हुन्छ। यसमा कुनै दुविधा छैन्। यही हो हुनुपर्ने। कुनै पनि बहाल बाला प्रधान न्यायाधीशसँग एउटा सफल संविधान र स्तन्त्र न्यायपालिकाले अपेक्षा गर्ने र गरेका कुनै गुण विशेषताहरु पनि यही नै हो तर यो यति चिज चाहिँ प्रधान न्यायाधीश चोलेन्द्र शमशेर राणासँग भएन भन्ने जुन यो अभियोग छ। यो जुन महाभियोगको प्रस्तावमा लिखिएको छ यो चाँहि के बाट देखिने हो? यसलाई पुष्टि गर्ने आधार के हो? त्यो धारलाई चाहिँ मैले खण्डन कसरी गर्ने हो ? यो आधार त केही पनि छैन्। मैले के खण्डन गर्ने यसमा मैले यो नै अलिकति आधार नै मैले भेग देखें, मैले हिजो पनि मैले यसको जवाफमा यो चाहिँ शक्ति सन्तुलनको विषयमा मैले हिजो पनि भने र यसमा अब यो अहिले जुन अब यहाँनिर आएर मैले फेरि पनि यो प्रश्न आएपछाडि मैले भन्ने पर्छ। आजको यो समितिमा जहाँ हामी छलफल गरीरहेका छौं। यो समितिमा माननीयज्यूहरु पाँच जना त मलाई अभियोग लगाउने सदस्य ज्यूहरु नै हुनुहुन्छ। पाँच जना त उहाँहरु मलाई यही अभियोग लगाउने नै हुनुहुन्छ उहाँहरु यही नै हुनुहुन्छ। अब यसलाई मैले फेरि पनि भनिरहनु पर्देन। अब मलाई स्पष्ट गर्दिनुस् कि मैले यो स्पष्ट हुन चाहन्छु मैले संविधान र स्वतन्त्र न्यायपालिकाले अपेक्षा गरेको कुन कुरा चाहिँ पूरा गरिन? मलाई त यो त यो आधार छ तपाईले यो कुरामा यो आधारबाट चाहिँ पूरा गरिदिएन भन्ने त हुनुपर्ने थियो र यो पूर्वाग्राही ढङ्गबाट आएको छ। यो महाभियोग पूर्वाग्राही ढङ्गबाट आएको छ। हामीले जतिसुकै मैले हिजो सबै जति पनि कि

महाभियोग सिर्जना हुने कार्तिक यो २०७८ साल कार्तिक ७ गतेदेखि बाट यसको सिर्जना भएर फागुन १ गते आएको छ। यो महाभियोग चाहिँ आउँदाखेरि यो पूर्वाग्राही ढङ्गबाट आएको छ। यसमा माननीय सदस्य ज्यूहरुले अब पाँच जना माननीय सदस्य ज्यूहरु हुनुहुन्छ। उहाँहरुले यो अभियोगमा मलाई लगाएको अभियोगमा सही गर्नुभाछ। अब उहाँहरु यहीं हुनुहुन्छ। अब यो मैले यो न्यायिक मूल्य र माननीयताको विषयमा फेरि मैले प्रश्न गर्दा खेरि फेरि माननीयज्यूहरुलाई चित्त दुख्ला। यो म प्रश्न गर्दिन तर हाम्रो न्यायिक प्रणालीमा - हाम्रो न्यायिक प्रणालीमा स्वच्छ सुनुवाईको व्यवस्था हुनको लागि जसले आरोप लाउँछ, उहि चाहिँ न्यायाधीश हुँदैन। यो यो एउटा चाहिँ जसले आरोप लगाउनु भाछ उहाँहरु आफैं नै यसैमा बसेर म चाहिँ निर्णय गर्छु भनेर बस्नु हुँदा त अब मैले यो चाहिँ यो भन्दा बढ्ता म माननीयज्यूहरुलाई म भन्दिन किनभने मेरो पूर्ण विश्वास छ। हिजो नै यशोदा माननीय यशोदा जीले उहाँले चाहिँ व्यक्त गरिसक्नुभाछ। हामीले सहिछाप जे गरेको भएपनि हामी यो विषयमा एकदम निश्पक्ष ढङ्गले हामीले यसमा भएका सबै कुराहरु केलाएर गछौं। यसमा प्रधान न्यायाधीश ज्यूले चिन्ता गर्नुपर्दैन भन्ने जस्तो गरेर भन्नुभाथ्यो। मलाई त्यसैकारणेले चाहिँ मैले भने तर तर पनि न्यायिक मूल्य र मान्यताको जहिले पनि अगाडि आउँछ, जहिले पनि अगाडि आउँछ। यो जुन अहिले छानविन समिति छ, यो छानविन समितिमा पाँच जना त माननीय सदस्य ज्यूहरु बस्नुभाछ। पाँच जना माननीय सदस्यज्यूहरुले अभियोग लगाउँनुभाछ। अब मैले यसमा चाहिँ यो अभियोगलाई अब मैले यो अभियोगलाई जसरी पुष्टि गर्दा खेरि पनि यसको औचित्य के बाँकी रैछ। न कानूनी दृष्टिकोणले भोलि यसको भ्यालिडिटि हुन्छ, यसको औचित्य रहन्छ, न मैले यसलाई सफाई दिएर. सफाईको रुपमा जुन आइराछ, मैले त माग गर्ने त यहीं नै। त्यलले गर्दा खेरि यसमा विचार हुनुपर्छ तर यो पूर्वाग्रही ढङ्गबाट र न्यायलयबाट भएका कुनै कार्य विवादस्पद, आपत्तिजनक, पदीय मर्यादा, आचरण विपरीत एवम् संविधान र कानुन विपरीत हुन गएको भए त्यसको जिम्मेवार को छन् भन्ने कुराको पहिचान नगरी म मात्रै हो कि, मलाई त लाग्यो। यो आधारबाट केबाट लाग्यो त यत्रो आरोप लाउँदा त एउटा केही त चाहियो नि! सबै सैद्धान्तिक आधारले तँ चाहिँ विचलित भइस्, तँ ..... क्षमता गर्न सकिनस्, तैंले नेतृत्व गर्न सकिनस्, तैंले न्याय सम्पादनमा यस्तो गरिस् भनेर यो सबै मौखिकै मौखिक, यो लिखितै लिखित मात्रै गर्दा खेरि हाम्रो जुन चाहिँ महाभियोग सम्बन्धी व्यवस्थाले संविधानको व्यवस्थाले यसको ऐनको व्यवस्थाले यसलाई पुष्टि गर्छ र ? त्यलले गर्दा खेरि यस्तो पहिचान र पूर्वाग्राहि ढङ्गबाट आरोप लगाउनु पूर्णतः यो त अनुचित हो। मैले भनिराछु यो त एकदमै अनुचित हो। यस्तो क्रिया त गर्नै हुन्न, मैले भनिराख्याछु। कुनै वस्तुनिष्ठ कुरा उल्लेख नगरी महाभियोग दर्ता गर्ने कार्य पूर्णतः गलत छ। यो अभियोग लगाएर मलाई पठाउँदा खेरि समेत मैले भनिराछु। यो महाभियोग सम्बन्धी ऐनमा माननीयज्यूहरुले अझ

अध्ययन गर्नुपर्ने भयो। मैले त हार्दिक अनुरोध छ। मैले भन्न मैले हिजो पनि भनिराछु, मैले आज पनि भनिराछु। यो प्रक्रियागत रुपमै त्रुटि छ। त्यसको अलवा चाहिँ यो महाभियोग मलाई त हरेक चिज प्रस्ताव गर्दा खेरि एउटा दफामा यो मलाई महाभियोगमा अभियोग लगाउँदा खेरि त्यसलाई पुष्टि हुने प्रमाण त मलाई यो महाभियोग साथ-साथै पठाउनुपर्ने थियो। एउटा पनि छैन। खालि यो महाभियोगको २१ बुँदे मलाई पठाउनुभाछ, २१ बुँदे छ। यो त वारले आरोप लगाको नि यही २१ बुँदे हो। क को का पनि छैन। नेपाल वारले यो २१ बुँदे प्रस्ताव यो मेरो विरुद्धमा चाहिँ प्रधानन्याधीशले राजिनामा दिनुपर्ने कारण भनेर जुन निकालेको छ, त्यो २१ बुँदे जुन निकाल्या छ, त्यो २१ बुँदेमा क को का पनि छैन। यो प्रस्ताव कस्तो किसिमको प्रस्ताव हो? मैले त अहिले पनि बुझिराछैन। यस्तो प्रस्तावबाट पनि नि चेक एण्ड व्यालेन्सको हामी कुरा गछौं। हामी चेक एण्ड व्यालेन्समा हामी गरिराछौं। फेरि, फेरि यो अभियोगले चेक एण्ड व्यालेन्सलाई साथ दियो त? सहयोग दियो त? सहयोग पुग्यो त? यसले स्वतन्त्र न्यायपालिकालाई चेक एण्ड व्यालेन्स भन्या के न्यायपालिकालाई छुट्टै अङ्ग उसले चाहिँ चेक एण्ड व्यालेन्स गर्नुपर्ने। त्यसपछाडि संसदले चाहिँ गर्नु नपर्ने? यो, यो कुरो। जे कानुन व्यवसायीले हिजो ११ बुँदे भनेर २१ बुँदे भनेर सार्वजनिक गरेको थियो राष्ट्रको प्रधान न्यायाधीशको महाभियोगको लागि सरी राजीनामाको लागि माग गर्नुभाको थियो। त्यसैमा उहाँहरुले सहिछाप गरेर ल्याउनभाछ। त्यसले गर्दा यस्तो निरर्थक, औचित्यहीन, कुनै पनि आधार र कारणवाट पुष्टि नहुने र यसलाई पुष्टि गर्ने कुनै आधार नै नदिइकन यत्ति एउटा लेखेर लेराको भरमा प्रधान न्यायाधीशलाई आज ६ महिना निलम्बनमा राखियो। जुन निलम्बन मैले हिजो पनि भने हिजो पनि मैले आफ्नो वयानको क्रममा भनेको छु कि संविधानले निलम्बन गर्ने प्रक्रियै चाहिँ एकदम कठिन र गहन तरिकाले राख्याछ। त्यसलाई यति नेग्लिजेन्टली यो गयो। महाभियोग चाहिँ सभामुखज्यूमा गयो। आका भनेर राख्यो मलाई पठाइएकोमा त्यही छ। यहाँ लेख्नु नै भाछ। यी आवश्यक का आका भनेर लेख्नु भाछ। के हो आका भनेको? त्यसपछाडि गएर एकैचोटि महासचिव ज्यूले चै पत्र पठाउँदा चै तपाईंले काम गर्नलाई रोकिएको भनेर पठाउनुभो। कहाँ चै छ यसो-यसो यसरी रोकेर यस्तो लेखेर पठाउने चलन? यो संविधानको यो महाभियोगको हरेक व्यवस्थालाई चाहिँ १०१ को व्यवस्थालाई हेर्दा त, कहाँनेर छ? म यो पढेर म अवगत गराउँछु। अब यो एकको एकको एकमा महाभियोग ल्याउन सक्ने भइहाल्यो। तीनमा कुनै व्यक्तिको विरुद्धमा महाभियोगको प्रस्ताव पेश गर्ने आधार र कारण विद्यमान भए नभएको छानविन गरी सिफारिस गर्ने प्रयोजनका लागि प्रतिनिधि सभामा एक महाभियोग सिफारिस समिति रहनेछ। ४ मा उपधारा ३ बमोजिम समितिमा प्रतिनिधि सभाका ११ जना सदस्य रहने छन्। त्यसपछाडि ५ मा उपधारा २ बमोजिम महाभियोगबाट पदमुक्त व्यक्तिले संविधानको गम्भीर उल्लंघन गरेको वा कार्यक्षमताको अभाव र

खराव आचरण वा पदीय दायित्वको पालन इमान्दारीपूर्वक नगरेको वा आचारसंहिताको गम्भीर उल्लंघन गरेको भन्ने आधारमा प्राप्त सूचना, जानकारी वा उजुरी ग्राह्य रहेको भनी प्रतिनिधि सभाका कम्तिमा तीन जना सदस्यले प्रमाणित गरी पेश गरेमा उपधारा (२) बमोजिम समितिले त्यस्तो उजुरी उपर गरेर त्यसपछाडि (२) मा गएर पहिलाको अझ २ मा अझ जाउँ यो संविधान र कानुन बमोजिम गम्भीर उल्लंघन गरेको, कार्यक्षमताको अभाव र खराब आचरण भएको वाइमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको वा आचारसंहिताको गम्भीर उल्लंघन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको आधारमा प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्यले नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीका विरुद्ध महाभियोगको प्रस्ताव पेश गर्न सक्नेछन्। त्यस्तो प्रस्ताव प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई बहुमतबाट पारित भएमा सम्बन्धित व्यक्ति पदबाट मुक्त हुनेछ। त्यसपछाडि मैले यो समितिको (३) पढिहालें। अब त्यसपछाडि गएर (६) मा यो अब त्यसपछाडि (३) पढें अब ५। उपधारा (२) बमोजिम महाभियोगबाट पदमुक्त व्यक्तिले संविधानको गम्भीर उल्लंघन गरेको वा कार्यक्षमताको अभाव र खराब आचरण वा पदीय दायित्वको पालन इमान्दारीपूर्वक नगरेको वा आचारसंहिताको गम्भीर उल्लंघन गरेको भन्ने आधारमा प्राप्त सूचना, जानकारी वा उजुरी ग्राह्य रहेको भनी प्रतिनिधि सभाका कम्तीमा तीन जना यो अघि मैले पढिहालें मैले। सोबमोजिम छानबिन गरी महाभियोग सम्बन्धीको कारवाहीको लागि प्रतिनिधि समक्ष सिफारिस गरेमा उपधारा (२) बमोजिम. महअभियोगको प्रस्ताव पेश हुन सक्नेछ। यतिसम्म भयो अब (६) मा उपधारा (२) बमोजिम महाभियोगको कारवाही प्रारम्भ भएपछि नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीले त्यस्तो कारवाहीको टुंगो नलागेसम्म पदको कार्य सम्पादन गर्न पाउने छैन। अब यो, त्यसपछाडि उपधारा (१) र (२) बमोजिम अभियोग महाभियोग लागेको व्यक्तिलाई सफाई पेश गर्ने मनासिब मौका दिनुपर्छ। अनि त्यसपछाडि (८) मा यस धारा बमोजिम महाभियोगको प्रस्ताव पारित भई पदमुक्त भएका राष्ट्रपति वा उपराष्ट्रपति, भएपछि नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीले पदमा रहँदा कुनै कसूर गरेको भए त्यस्तो कसूरमा संघीय कानुन बमोजिम कारवाही गर्न बाधा पर्नेछैन। उपधारा (१) बमोजिम अभियोग प्रस्ताव पारित भएमा पदमुक्त भएको व्यक्तिले त्यस्तो पदबाट पाउने कुनै सुविधाहरु पाउने छैन। त्यसपछाडि धारा ८८ बमोजिम शपथ नलिएको वा

संघीय संसदको सदस्य नरहेको कुनै सदस्यको त्यस्तो समितिको बैठकमा उपस्थित भएमा मतदान गर्न गरेमा निजलाई त्यस्तो बैठकको ..... छैन।

विशेषाधिकार, यस संविधानको ..... यो त्यही त मैले भनेको के हो भने यो प्रस्ताव चाहिँ जब छलफलमा जान्छ, छलफलमा गएपछि समितिमा आउँछ, समितिले अनि प्रारम्भिक रुपमा चाहिँ मलाई त्यो यो अभियोग सम्बन्धमा छानबिन हुन्छ अनि महाभियोग लगाउन उपयुक्त छ भनेर प्रतिवेदन दिएपछि अनि वल्ल .....

<u>माननीय सभापतिज्यू:-</u> माननीय मिन बहादुर विश्वकर्मा।

<u>माननीय श्री मिन बहादुर विश्वकर्मा:-</u>..... अब धेरै यसमा छलफल गर्नु ..... प्रासङ्गिक/अप्रासङ्गिक कुरामा समय पनि ..... छ। जुन प्रक्रियाबाट हामी अगाडि बढिसक्यौं फेरि पनि हामी कार्यविधिमै, प्रक्रियामै घुमीफिरी हामी त्यहाँ जाने गरेका छौं। प्रधान न्यायाधीश ज्यूको चाहिँ खालि जिकिर यो प्रक्रियामा नै उहाँहरु गइरहनुभा छ। त्यसोभाको हुनाले अभ्यास पहिलो होइन। यो अभ्यास यो भन्दा अगाडि पनि धेरै भइसकेको छ र धारा १०१ को उपधारा ६ ले कुनै तीन जना सदस्य संसदका तीन जना सदस्य वा एक चौथाई सदस्यले महाभियोग प्रस्ताव संसदमा दर्ता गरेपछि यसले कारवाही प्रक्रिया सुरु भएको मान्दछ, मानेको छ। त्यस्तै उपधारा ६ ले त्यही भनेको हुनाले त्यही अनुसार गरौं। त्यसैले थप व्याख्या यसमा चाहिँ नगरौं भन्ने लाग्छ। धन्यवाद।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:-</u> त्यसकारण यो महाभियोगलाई पुष्टि गर्ने आधार र प्रमाणहरु महाभियोगसाथ पेश भएका छैनन्, आएका छैनन् र त्यसले गर्दा खेरिकोमा यो महाभियोगको दर्ता गर्ने कार्यदेखि यसको क्रिया जुन हुन्छ, यसको सम्पूर्ण गैरकानूनी पूर्णरुपमा गलत छ।

<u>माननीय सभापतिज्यू:-</u> माननीय श्री लालबाबु पण्डित

<u>माननीय श्री लाल बाबु पण्डित:-</u> माननीय सभापति ज्यू, अहिले उत्तरको क्रममा एउटा कुरा चाहिँ गम्भीर प्रश्न उब्जिएको छ कि बारले जुन बुँदा अगाडि सान्यो, त्यही बुँदाहरु सही गरेर माननीय सदस्यज्यूहरुले महाभियोग प्रस्तावको रुपमा दर्ता गर्नुभयो। यो भनाईले कुन ठाउँमा पुगिन्छ भने बार यसको अगुवा र माननीय सदस्यज्यूहरु बारको भारी बोक्नु भो भन्ने चाहिँ देखियो। बार र सही गर्ने माननीय सदस्यज्यूहरु एकपक्ष हुनुभो। यहाँको भनाईबाट एउटा कुरा यसबारे स्पष्ट हुन चाहन्छु। दोस्रो कुरा हिजै उठाउनु भो कि सर्वोच्च अदालतका कतिपय न्यायाधीशहरु, बारका

कतिपय पदाधिकारीहरु र कतिपय ल फर्मका वकिलहरु/अधिवक्ताहरुले गलत र लाभको निम्ति र अझै भन्ने हो भने संविधान र कानुनले वर्जित गरेका कतिपय कुराको आश र मात गर्नुभाको सन्दर्भमा यहाँले उठाउनुभाछ। त्यसकारणले अब वार, सर्वोच्च अदालतका न्यायाधीश लगायत ती व्यक्तिहरुलाई पनि दण्डित गर्न आवश्यक छ भन्ने आशयबाट यहाँले उठाउनुभाछ। त्यसकारणले के-के दण्ड गर्दा तिनीहरुले गलत गरेको कुरा चाहिँ न्यायालयभित्र शुद्धता, बार भित्र शुद्धता र यस्तो गलत कामको पछाडि कोही लाग्ने छैन भन्ने बारेमा यहाँको के भनाई छ?

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:-</u> माननीयज्यूको प्रश्न अति गम्भीर छ। मेरै मात्र विचार मैले म व्यक्त गर्छु। यसमा मेरो विचारलाई नै अगाडि सार्नपर्छ, यही विचार नै लागू हुनुपर्छ भन्ने पक्षमा मेरो भनाई होइन, रहदैन। मैले एउटा सबै यो सैद्धान्तिक ..... सैद्धान्तिकै सैद्धान्तिक भा हुनाले मैले सैद्धान्तिक नै मैले प्रश्नहरु मैले गरिराको हुँ। बार, त्यसै बार भनिएको होइन। बार भन्या न्यायपालिकाको पूर्ण संरक्षण र संवर्द्धन गर्न, सहयोग र साथ दिन न्यायपालिकाको हरेक किसिमका समस्याहरुलाई निकास र त्यसलाई सहयोग गर्नका लागि स्थापना भएको बार हो। मुद्दाको हरेक पक्षले न्याय पाउनुपर्छ तर न्याय पाउने हक सबै नागरिकले कानुनको ज्ञान हुनुपर्छ तर कानुनको प्रकियाहरु नजानेको हुन सक्छ, त्यसमा अज्ञान हुन सक्छ। त्यसले गर्दाखेरि हरेक व्यक्तिको प्रतिनिधित्व चाहिँ कानुन व्यवसायीले गरोस् भन्ने पवित्र उद्देश्य राखेर यो बार भन्ने चाहिँ अब स्थापना भएको हो। नेपालमा बार त बारको सदस्य त म पनि थिएँ, १८ वर्ष सम्म बारको मेम्बरको रुपमा रहेर मैले बारको बारमा चाहिँ वसेर सहयोग गरेकै हुँ। मैले पटक-पटक हिजो पनि मैले भनेको छु। हिजो न्यायपालिका प्रति हामो सद्भाव, सहयोग बाहेक अरु केही पनि हुँदैनथ्यो तर आज परिस्थिति बदलिएको छ। यो बदलिएको परिस्थितिको मैले हिजै चित्रण गरिसकें। सबैले सहयोग, सबैले सहभागी खोज्दा खेरि सप्प कुरो विग्रिराख्या छ। अब यसमा बारको हकमा पनि हरिकृष्ण कार्कीज्यूको नेतृत्वमा जुन समिति गठन भाथ्यो, उसले बारको हकमा पनि नि त्यत्तिकै प्रश्नहरु औंलाएर उहाँले सुझावहरु दिनुभाछ। त्यो सुझाव कार्यान्वयनमा हामीले पठाएका छौं बारलाई दियाछौं तर उहाँहरुले अहिलेसम्म त्यो सुझावमा पल्टाएर हेरेको जस्तो मलाई लाग्दैन। तर त्यो सुझाव समितिमा फेरि बार र बारको महासचिव र सर्वोच्चको बारको अध्यक्ष पनि हुनुहुन्थ्यो। सबै बस्नुभाछ। अहिले मैले भनिहालें यो मैले यहीं अघिकै यही शब्दमा पनि नि एउटा यो यही अघिकै ६ नं को मा बारको यो हुबहु यसमा मैले भनें क को का पनि छैन। यसैमा शब्दमा छ नि यो अब भन्या कहिले हो? यी यहाँनेर यो अन्तिममा यही अघिकै यही जवाफ उहाँको यो प्रश्न छ नि यी- कुनै बाहालवाला प्रधान न्यायाधीश एउटा सफल संविधान र स्वतन्त्र न्यायपालिका अपेक्षा गर्ने गरेको

कुनै पनि गुण र विशेषताहरु प्रधान न्यायाधीश राणासँग अब बाँकी नरहेको के हो यो अब बाँकी नरहेको भन्या? कहिले छ बाँकी नरहेको? यस्तो पनि आरोप हुन्छ? अब बाँकी नरहेको, कहिलेदेखि नरहेको? यो बारले चाहिँ ७ गते, ८ गते, ९ गतेबाट जुन उहाँहरुले ९ गतेबाट मेरो राजीनामा मागनुभयो, ८ गतेबाट अब राजीनामा सर्वोच्च बारले चाहिँ निकास दिनुपर्छ भन्यो। न्यायाधीशहरुले ९ गते चैं अब यो फेरि मैले अब यो भित्रको कुरा भो। लिखित दिनुभा होइन उहाँहरुले। हामी सबै न्यायाधीशहरु आएर अब प्रधान न्यायाधीशज्यूले चाहिँ निकास दिएहुन्छ भन्नुभाथ्यो। अनि राजिनामा दिएर निकास भन्या के हो भन्दा खेरि मैले सोध्याथें उहाँहरुलाई। उहाँहरुले चाहिँ यो राजिनामा दिएर निकास दियो भने अब चाहिँ राम्रो हुन्छ भन्नुभयो। के आधार भने मैले। अब हामीले यति ४ बुँदा कि कति बुँदा ल्याउनुभाथ्यो। मैले भनें पत्रपत्रिकामा मेरो विरुद्धमा, बारमा या कही पनि मेरो विरुद्धमा प्रश्न उठेको आधारवाट मैले राजिनामा दिनुपर्ने हो भने, माननीयज्यू तपाईंहरुको विषयमा पनि त्यत्तिकै प्रश्न उठेको छ। म नाम लिन्छु तपाईंहरूको उठेको पत्रिकामा उठेको नामहरू लिन्छु, तपाईहरूले पनि दिनुस् न्यायपालिका आखिरमा सबैको हो नि सबैको हो नि प्रश्न उठेको व्यक्ति किन बस्ने त मेरो विरुद्धमा प्रश्न उठ्यो तपाईंहरू पनि अब चाहिँ प्रश्न उठेको व्यक्तिहरूको म नाम लिन्छु ल न त अब तपाईहरूले पनि राजिनामा दिनुस् तपाईंहरूले मेरो मागनुभो। तपाईंहरूलाई संविधानले कही पनि यो दायित्व र कर्तव्य दिएको छैन तपाईंहरूले मेरो राजिनामा मागनुभयो। तपाईंहरू त न्याय मूर्ति, न्याय गर्नुपर्ने त्यही संविधान र त्यही कानून हेरेर न्याय गर्नुपर्ने तपाईंहरूले यही संविधान र यही कानुनले माग गर्न तपाईको दायित्व र कर्तव्य भित्र नपरेको प्रधान न्यायाधीशको राजिनामाको माग चाहिँ तपाईले कहाँवाट गर्नुभयो?. अनि तपाईले गर्नुहुन्छ भने मैले पनि गर्छु। त्यसले गर्दा म तपाईंहरूको पनि राजिनामा माग्छु दिउँ न त संयुक्त राजिनामा दिउ हिड्नुस तपाईंहरू आजै राजिनामा लेखुस् म माथि सहि गर्छु तपाईंहरू तल सहि गर्नुस् वा तपाईंहरू माथि सहि गर्नुस् म तल सहि गर्छु भनेपछि उहाँहरूको मुख बन्द भएपछि दोस्रो चोटी उहाँहरू मकहाँ आउदा पनि आउनुभएन छलफल पनि गर्नुभएन। प्रश्न यही नै हो कुरो यही नै हो अब चाहिँ रहेन अब चाहिँ रहेन प्रधान न्यायाधीशका गुण नै रहेन अब ७ गते, ८ गते, ९ गते बारले भनेपछि कि या न्यायाधीशले भनेपछाडि यो प्रधान न्यायाधीशमा गुण नभा हो यो, यो सबै क्षमता नभाको हो नभए यस भन्दा अगाडि प्रधान न्यायाधीशले के गर्‍यो त न्यायीक मूल्य र मान्यतामा विचलन आउने काम के गर्‍यो? भ्रष्टाचार के गर्‍यो, भ्रष्टाचार जन्य के क्रिया गर्‍यो? विचलन आउने के कुरा गर्‍यो? अब यहाँ चाहिँ आएर विचौलियालाई आएर गर्‍यो हुँदा हुँदा त मैले अब म त माथि बसेर प्रधान न्यायाधीशको हैसियतले म माथि बसिरहने तल बारले सधैं २ घण्टा, १ घण्टा, पछि गएर आधा घण्टामा सिमित गर्नुभयो। उहाँहरूको संख्या पनि पहिला ५०/६०/१०० पछि आएर ६/७ जना मात्र भयो। पछि त

बारको अध्यक्षहरूले नै टुल बोकेर बसेर चाहिँ प्रधान न्यायाधीश राजिनामा दे बिचौलियाको नाइके प्रधान न्यायाधीश भनेर चाहिँ नारा र जुलुस लगाएर सर्वोच्च अदालतको ढोकामा बस्नुभयो। यो त सबै यो त छरपष्टै छ यो। यस्तो हुँदाखेरि पनि अब यो गुण चाहिँ अब कतावाट यसलाई खोज्नी हो मैले अलिकति बुझिराखेको छैन। त्यसले गर्दाखेरि जुन चाहिँ सुझावको कुरो छ प्रधान न्यायाधीशको हिसावले हिजो पनि मैले व्यक्त गरिसकेँ। बारमा र न्यायपालिकामा माध्यम जे सुकै होला या राजनैतिक होस्, या पत्रकरिताले होस्, या नागरिक समाजले होस्, या कर्मचारीको हिसाबले होस्, या न्यायाधीश आफ्नै कारणले होस्, या प्रधान न्यायाधीश आफ्नै कारणले होस्, या बारको आफ्नै कारणले होस् यसलाई ओभरल गर्ने बेला यो आइसकेको छ यसलाई पुनः यसलाई संरचना यसलाई पुरै रुपमा परिवर्तन गर्ने बेला आइसकेको छ यसमा मेरो गरिमामय संसदमा म यही अनुरोध गर्छु। यसमा चाहिँ न्यायीक संरचनालाई मात्र हैन बारलाई समेत यो दुईटालाई राखेर पूर्ण संरचनामा गर्नुपर्ने गरी चाहिँ एउटा मानौं अब संसदीय ठूलो एउटा उच्चस्तरको संसदीय समिति निर्माण गरेर कार्वाही हुनुपर्ने अवस्था आइसकेको छ।

<u>माननीय सभापतिज्यू:-</u> माननीय कृष्ण भक्त पोखरेल ।

<u>माननीय श्री कृष्ण भक्त पोखरेल:-</u> माननीय सभापतिजी, यो बुँदा धेरै महत्वपूर्ण छ लोकतन्त्रको व्युटीको रुपमा मुख्य दुईटा कुरालाई हेरिन्छ। एउटा सेप्रेसन अफ पावर अर्को यो चेक एण्ड ब्यालेन्स सेप्रेसन अफ पावरले तिनवटा निकायलाई अलग अलग अधिकार दिन्छ चेक एण्ड ब्यालेन्सले चाहिँ केहि चिजमा चाहिँ फेरि सन्तुलनको कुरा आशा गर्दछ। विशेष गरी न्याय अदालतवाट, विधायन कानून निर्माण संसदवाट र एक्जीक्यूशन कार्यपालिकावाट हुन्छ। तर हामीसँग दुईटा न्यायीक काम हामी गर्छौं संसदले। एउटा Impeachment यही Impeachment को कुरा अर्को विशेषाधिकार उल्लंघनमा हामी सजाय नै गर्छौं संसदले सजाय त गर्ने हैन नि, तर हामी गर्छौं । दुईवटा चिज चाहिँ हामी न्यायीक काम गर्छौं। अहिले यो एउटा न्यायीक कामकै रुपमा बुझिरहनुभएको छ। अब अर्को जस्तो कि तपाईहरूले चेक एण्ड ब्यालेन्स गर्दा कहिलेकाहि कति सम्म बहकिनुभाछ भन्ने कुराको एउटा मात्र दृष्टान्त यहाँलाई दिन्छु यहाँले त्यो बेला आफ्नो फरक मत पनि राख्नुभा छैन। त्यसको तर्क के रैछ। कि सरकार गठन जस्तो विषय विश्वभरि तपाई जहाँ दुनियाँमा जहाँ हेर्नुभयो भने बजेट सरकार गठन जस्ता विषयमा आफ्ना एमपीजहरूलाई जहाँ हीपको प्रवन्धै छैन त भएन। राजनीतिक दल ऐनमा यति प्रष्टसँग ४ वटा विषयमा चाहिँ हीप लागन सक्छ है भन्ने कुरा चाहिँ प्रस्टलेख्या छ। तर यसरी तपाईहरू जो माग पनि छैन केहि पनि छैन त्यस्तो परिस्थितिमानि यहाँहरूले चाहिँ दोस्रो पटकको

मुद्दामा जे बोल्नुभयो नि व्यक्तिगत रुपमा पनि यो जो आज चेक एण्ड ब्यालेन्सको कुरा उठिरहँदा यहाँलाई कस्तो लाग्छ के त्यो चाहिँ संसदको त्यो अधिकार कि राजनीतिक दल सम्बन्धी ऐन बनेको र एउटा MP ले आफ्नो दलको चाहिँ सरकार निर्माण, बजेट पास फेल जस्ता विषयमा पनि ह्वीप नलाग्ने कुरामा सिद्धान्तगत रुपमा यो सर्वोच्च अदालतका प्रधान न्यायाधीश नै भित्रै दिलदेखि नै यहाँको सहमति हो त? म यो प्रश्न गर्न चाहन्छु ।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> यो माननीयज्यूको यो विषयमा मैले हिजो पनि नि उत्तर दिइसक्या हुनाले अब यसैमा फेरि अब फेरि अब के उत्तर दिनु छ र? यसमा त्यस्तो केही छ र? मैले हिजो पनि भनिसक्या छु सबै नै। मैले हिजो आफ्नो भनाइको क्रममा भन्या छु नि सबै कुराहरू अब यसको परिस्थिति यसरी निर्माण भाछ भनेर। सबै मैले हिजो नै व्यक्त गरिसक्या हुनाले हो चेके एण्ड ब्यालेन्समा कार्यपालिका आफ्नो ठाउँमा बस्नुपर्छ, न्यायपालिका आफ्नो ठाउँमा बस्नुपर्छ, व्यवस्थापिका आफ्नो ठाउँमा बस्नुपर्छ र अब त्यसको गम्भीर जिम्मेवारी चाहिँ न्यायपालिका कै हो। कार्यपालिका आफ्नो ठाउँमा बसेन भने त्यो ठाउँमा बस्न लगाउने निकाय न्यायपालिकाकै हो । अब व्यवस्थापिका आफ्नो ठाउँमा बसेन भने पनि नि त्यसलाई पनि नि आफ्नो ठाउँमा बस्नलाई व्यवस्थापन गर्ने त्यो ठाउँमा त्यसलाई आफ्नो ठाउँमा बस्नलाई गर्ने दायित्व न्यायपालिकाकै हो। र न्यायपालिकाले आफ्नो सन्तुलनमा बसेन भने त्यसको चाहिँ फेरि अब कार्यपालिकामा रहँदैन त्यो चाहिँ व्यवस्थापिकामै रहन्छ त्यस्तो अब सन्तुलन भन्दा विपरित भयो लाग्यो महशुस भयो भने अब त्यस्तो सन्तुलन कायम नगर्दाको अवस्थाको निर्णयको परिणामबाट चाहिँ त फेरि बाँकि रहेको त्यो सन्तुलन कायम गर्न असहयोग गर्ने न्यायाधीशहरूको विरुद्धमा त फेरि पनिनि संसदीय अधिकार क्षेत्र रहन्छ। महाभियोग प्रस्ताव रहन्छ। अब त्यसमा ३ कुरा हेर्ने हो। साधारणतया ३ कुरा एउटा भ्रष्टाचारको कुरा हेर्ने हो, एउटा विचलनको कुरा हो, एउटा न्यायिक मूल्य र मान्यतालाई अन्त्य गरेको छ भने पनि त्यो विषयमा आफ्नो त्यो विषयमा न्यायाधीशको विरुद्धमा जान सकिन्छ। अब त्यसमा अब त्यस्तो अवस्था छ भने त अब गरिमामय संसदको अधिकार हो त्यसमा मैले त के भन्नुपर्छ र?

<u>माननीय सभापतिज्यू:-</u> माननीय मिन बहादुर विश्वकर्मा।

<u>माननीय श्री मिन बहादुर विश्वकर्मा:-</u> सभापतिज्यू, अब यहाँ प्रधान न्यायाधीशको मैले चाहिँ न्यायीक विचलन पनि छैन। शक्ति पृथकीकरण र शक्ति सन्तुलनको सिद्धान्त पनि उल्लंघन पनि गर्या छैन। न्यायीक विचलनको कुरा गर्दा ऋषि कट्टेल भन्ने एक राजनीतिज्ञले राजनीतिक पार्टीका नेताले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मेरो पार्टीको नामसँग दोहोरिएर बाझिन, जुध्न

गएको हुनाले मेरो पार्टीको नाम चाहिँ कायम गरिदिनुहोस् भनेर रिट निवेदन हाल्नुहुन्छ। यहाँहरू फैसला गर्नुहुन्छ। के अब नेकपा एमाले र नेकपा माओवादी छुट्टाछुट्टै भएको ठहर गर्दछ भनेर फैसला गर्नुहुन्छ? निवेदकको माग वमोजिम हो त्यो फैसला? त्यो न्यायिक विचलन मानिन्न र? त्यसो भएको हुनाले त्यो न्यायिक विचलनको आधार त यस्तै होलान् नि? एउटा कुरा माग गर्ने अर्को कुरा फैसाल गर्ने यसबारेमा के छ प्रधान न्यायाधीशज्यूको भनाई?

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> ऋषि, अब माननीय सदस्यज्यूले उठाउनुभएको प्रश्नकोमा त्यो ऋषि कट्टेलजीकोमा पुनरावलोकन गर्दा खेरि चाहिँ हामीले मैले म सहितको पूर्ण इजलासले ऋषि कट्टेलको मुद्दामा पुनरावलोकन गर्नु नपर्ने भनेर हामीले गरेका छौं। अब माननीयज्यू कानुनको विज्ञ हुनुहुन्छ त्यसले गर्दाखेरि यो मुद्दा रिटको माध्यमबाट आएको हो। रिटको माध्यमबाट आएको हो। रिटमा चाहिँ सर्वोच्च अदालतलाई असाधारण अधिकार दिएको छ असाधारण अधिकार दिएको छ। त्यसले गर्दाखेरि त्यो असाधारण अधिकारमा निवेदकले नै मागेको हुन्छ। यो किसिमको आदेश र अन्य उपयुक्त आज्ञा आदेश समेत जारी गरिपाम् भनेर माग गन्या हुन्छ। त्यही आधारलाई टेकेर त्यसले गर्छ। यसमा चाहिँ वादीले कति मार्‍यो प्रतिवादीले कति मार्‍यो भन्ने चाहिँ फिरादको कुरो भन्दा बाहिर चाहिँ जान मिल्दैन। तर यो रिटको हकमा चाहिँ यो निवेदकले मागे पनि, नमागे पनि संविधान कानुनको कार्यान्वयनमा गल्ती र त्रुटि छ भने त्यो चाहिँ रिट क्षेत्रबाट सबै बदर हुन्छ र त्यही किसिमको आदेश हुन्छ।

<u>माननीय श्री मिन बहादुर विश्वकर्मा:-</u> यसमा ठीक छ, प्रतिप्रश्न फेरि सभापतिज्यू मैले जोडे, यसमा के देखिन्छ भने नेपाल कम्युनिष्ट पार्टी नेकपा विचको अन्तरकलह चलिरहनु, ऋषि कट्टेलले निवेदन हाल्नु रिट निवेदन हाल्नु र सर्वोच्च अदालतबाट निवेदकको माग भन्दा फरक पार्टी छुट्याइदिने फैसला गर्नु त्यसपछाडि चुपचाप रहनुमा यहाँलाई लाग्दै आएको आरोप चाहिँ राजनीतिक संलग्नता, राजनैतिक दबाव, विचौलियाको प्रभाव, राजनैतिक घुसपैठ जस्ता कुरा त त्यसैले प्रमाणित गरिहाल्यो नि हैन र?

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> यो कुरो यो माननीयज्यूको आरोपसँग म पूर्ण रुपमा असमत छु। यो हुँदै होइन, यो हुनै सक्दैन यो कुनै वस्तुनिष्ठ आधार र प्रमाणले यो हुँदैन। यो अनुमानको आधार मात्रै हो। जुन दिन मुद्दा पेश हुने हो त्यही दिन पेश भाछ, इजलास गठन भाछ इजलासले हेरेर गरेको फैसला हो। त्यसैकारण मैले के भने भने त्यसको विषयमा मैले इजलास तोक्ने सम्म मात्रै हो यो भन्दा बाहिर मेरो भूमिका हुँदैन अब माननीयज्यूहरूले त सबै कुरो प्रधान न्यायाधीश भएपछाडि सबै कुरा चाहिँ अब प्रधान न्यायाधीश

मार्फत नै हुन्छ यो न्याय निसृत नै प्रधानन्यायाधी मार्फत नै हुन्छ। यो जुन किसिमको आदेश फैसलाहरू न्यायाधीशहरूले गरिराखेका छन् यहाँ त्यस्तो आरोपहरू छ धेरै छ अहिले यो आउँदा आउँदा पछि आउँछ सबै न्यायाधीशहरू सर्वोच्च अदालतको प्रधान न्यायाधीशको सबै दास हुन्। यिनले भनेपछाडि यिनकै सबै विचौलिया न्यायाधीशहरू हुन् यो सबै छ उजुरीमा यो वारको उजुरीमा पनि छ यो सबै लेख्या पनि छ यो प्रस्तावमा पनि छ यो प्रस्तावमा पनि लेख्या छ यही प्रस्तावमा पनि छ। सबै जना प्रधान न्यायाधीशले भने बमोजिमको गर्छन् यस्तो कुराहरू स्वतन्त्र न्यायपालिकाको कन्सेप्टमा त्यसपछाडि न्याय निरुपणको प्रश्नमा यी कुराहरू सबै झुट्टा हुन। यो कुराहरू हुनै सक्दैन। प्रधान न्यायाधीशले आफ्नो वेन्च लिदा प्रधान न्यायाधीशको आफ्नो मत मात्रै हुन्छ। त्यसपछाडि त अर्कोको मत हुन्छ। त्यो मतमा हामीले कहिल्यै पनि एक ले अर्काको मतमा चाहिँ मान्नुपर्छ भन्ने छैन। मान्ने ठाउँ पनि छैन। आफ्नो-आफ्नो मत लेखिन्छ। यसमा हुनै सक्दैन यो। अब जहाँसम्म हरेक मैले भनि हाले नि हेरक विषयवस्तु सानो राजनीतिक कुरो आयो भने अनि त्यसपछाडि यसमा सबै समूह चाहिँ लाग्ने। मैले हिजो पनि अनुरोध गरेको थिएँ। कि न्यायपालिकालाई निष्पक्ष, स्वतन्त्र र सक्षम भएर काम गर्न दिउँ। कोही पनि involve नहोऔं तर यस्तो पोलिटिकल मुद्दा परेपछाडि, राजनीतिक मुद्दा परेपछाडि सबै सहभागी हुने। बार पनि सहभागी हुने, पत्रकार पनि सहभागी हुने, नागरिक समाज सहभागी हुने, पूर्वन्यायाधीश सहभागी हुने, पूर्वप्रधानमन्त्री सहभागी हुने, पार्टी सहभागी हुने। सबै सहभागी भएर आफ्नो-आफ्नो विचार राखेर चाहिँ अनि त्यसपछाडि चाहिँ न्यायपालिका ध्वस्त गर्ने काम चाहिँ हुन्छभन्यो भने। यसको जिम्मेवारी प्रधान न्यायाधीशले मात्र लिएर पुग्छ र? कसरी हुनसक्छ-यो? त्यसकारण यस्तो चिजहरूमा हामी जानै हुँदैन। अदालतले जुन देख्यो त्यही किसिमको फैसला भयो। दुई ओटा पार्टी थियो। एउटै पार्टी रहयो। अब फेरि त्यो प्रक्रिया मिलेन, त्यो प्रक्रियावाट प्रक्रियामा जाउँ है भनेर भन्देको छ। त्यसमा चाहिँ के आपत्ति छ। त्यो भन्दा केही पनि छैन। त्यसमा कुनै पनि किसिमको त्रुटि र यसमा कुनै किसिमको अब के भन्छ, संलग्नता, गठबन्धन यो चिज चाहिँ त्यसमा छैन।

<u>माननीय श्री मिन बहादुर विश्वकर्मा:-</u> हैन, यसमा अझै debate नै गरौं। यसमा त नाम वाझिन गएकोमा तपाईले पहिलै नै दर्ता भएको अर्को नामसँग वाझिन गएकोले अर्को वैकल्पिक नाम राखेर आउनु भन्नुपर्ने परम्परागत सर्वमान्य सिद्धान्त त त्यो हो नि त अर्को नाम राखि आउनु भनेर फैसला गर्ने हो त? संघ-संस्थामा पनि त्यही हुन्छ। हामीले त्यहाँ संघसंस्था दर्ता गर्न गयो भने कुनै संघ-संस्थासँग, विद्यमान संघ-संस्थासँग नाम वाझिँन गयो भने अर्को नाम रोज्ने option दिइन्छ तर त्यो पुरानै चाहिँ १० वर्ष, ५ वर्ष, २ वर्ष अगाडिको नाम राखेर छुट्टइदिएर आउनु

भनेर निर्वाचन आयोगमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नामको पार्टी दर्ता छ। दर्ता भएको पार्टीको नाम अर्को लिएर आउ भन्नु पर्नेमा चाहिँ पुरानै पार्टीको नाम राखेर फैसला गर्दिनु त त्यो त गम्भीर त्रुटि नै देखिन्छ नि त्यसमा चाहिँ श्रीमानको जिकिर चाहिँ जायज लागि राखेको छैन?

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> यसैमा माननीयज्यूको यही कुरोमा अझ त्यसमा त मिसिल नै मगाएर हेर्दा हुन्छ। यो अलिकति मिसिलको अध्ययनको कमि भयो। त्यसपछाडि यो बाहिर आएको प्रश्नबाट चाहिँ यो खडा भयो। यसरी जानु हुँदैन माननीयज्यू मेरो चाहिँ हार्दिक अनुरोध छ। यसमा भएको, त्यसमा भएको के छ भन्ने हो भने उहाँहरूलाई १५ दिन भित्र त टाइम भित्र त दुई ओटा पार्टीलाई आफ्नो चाहिँ ..... गरेर जानु भनेकै छ नि। उहाँहरू कहाँ जानु भयो त। उहाँहरू त बेरला-बेरलै जानु भयो। त्यो नजानु जेल चाहिँ आफ्नो-आफ्नो अस्तित्व हुन्छ है। छुट्टाछुट्टै पार्टीको अस्तित्व हुन्छ। जुन पार्टीको एउटै नाम राखेको छ। त्यो चाहिँ बदरहुन्छ। बदर भएपछि हिजोकै नामहरूबाट चाहिँ पार्टी, पार्टी अर्को चाहिँ ..... हैन उहाँनिर गएर उहाँ गएर निर्वाचन आयोगमा गएर दर्ता नगरुन्जेलसम्म छुट्टाछुट्टै हुन्छ न भन्या हो। त्यसपछि कहाँ जानु भयो र उहाँहरू।

<u>माननीय श्री मिन बहादुर विश्वकर्मा:-</u> निर्वाचन आयोगमा दर्ता भएको पार्टीको विषयमा सर्वोच्चले गरेको फैसला हो यो। एकला-एकलै पार्टीको होइन यो। यसरी नि बुझौं।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> हैन, पहिला साविकमा त माओवादी केन्द्रपनि थियो, एमाले पनि थियो (बिचमा प्रश्न:- होइन। उहाँहरू दुईवटा भएर नेकपा भयो। नेकपा भयो कम्युनिष्ट पार्टी भयो अनि यस्तो भयो

(बिच्चमा धेरै माननीयज्यू बोल्नुभयो अनि प्रश्न):-

<u>माननीय श्री विष्णु प्रसाद पौडेल:-</u> मेरो अनुरोध मात्रै यो चाहिँ यस्तो गर्दाखेरि के हुन्छ भन्दा सवाल जवाफ दुईजनाले

(बिच्चमा धेरै माननीयज्यू बोल्नुभयो)

<u>माननीय श्री मिन बहादुर विश्वकर्मा:-</u> हैन मैले भन्न खोजेको कुराचाहिँ अझै पनि जुन जकिर गरिराख्नु भएको छ नि। त्यो गम्भीर त्रुटी नै हो भन्ने कुरामा मैले फेरि पनि के भन्या भने त्यसो भए त नेपाली काँग्रेस २००५ सालमा एक भयो हैन ६ सालमा हामीले पार्टी एक गऱ्यो। अब कुनै नेपाली काँग्रेस नामको पार्टी दर्ता गऱ्यो कसैले भने र सर्वोच्चमा रिट पर्यो भने त हामी त २००५ सालमा पुग्ने भयो नि त त्यो भन्न खोज्या हो र? होइन नि त निर्वाचन आयोगमा दर्ता भइ

विद्यमान नामसँग बाझिँन गएको कुरामा सर्वोच्चको फैसला चाहिँ आशय भन्दा फरक र प्रसङ्गभन्दा फरक निवेदकको मागभन्दा फरक गयो भन्ने कुराको जुन स्पष्टोकि छ। प्रधान न्यायाधीशको त्यो चाहिँ सान्दर्भिक र जायज भएन भन्ने हो मेरो।

<u>माननीय सभापतिज्यू:-</u> माननीय रेखा शर्मा।

<u>माननीय श्री रेखा शर्मा:-</u> माननीय सभापतिज्यू, यसमा जुन हामी ६ नम्बरकोमा छौं के रे। ६ मैं छौं ६ नम्बरको प्रश्नमा जुन छलफलमा हामी छौं अथवा सवाल जवाफमा हामी छौं। त्यसमा म पहिलो कुरा त के राख्न चाहन्छु भने प्रधान न्यायाधीशज्यूले हिजोबाट आजसम्म पनि यो प्रस्तावकै विषयमा यो भैसक्यो भन्ने कुरा हिजो पनि उठ्यो। आजपनि उठ्यो हामीले अब यो १६७ मा अलिकित छलफल गर्‍यो। त्यो अगाडि बढेको छ र आज आएर फेरि के भएको छ भने आरोप लगाउने संसद नै यो समितिमा भएपछि भन्ने question पनि उठेको छ। उहाँको आशंका पनि उठ्या छ। हैन हामी जो समितिमा छौं। हामी हाम्रो संविधानको व्यवस्था र नियमावलीको व्यवस्था अनुसार छौं। त्यसकारण नियमावलीको र संविधानको व्यवस्था अनुसार भइसकेपछाडि यहाँ छानविन कि त यो छानविन समिति पहिल्यै गठन हुने त्यस्तो खालको हाम्रो व्यवस्था भएन, संसद गठन हुने वित्तिकै यो महाभियोग छानविन सिफारिस समिति हुने र त्यो समितिका मान्छेले आरोप लगाउन नपाउने भन्ने त्यो व्यवस्था नभइसकेको अवस्थामा हामी संविधान हाम्रो नियमावली, हाम्रो कानुन अनुसारै हामी यहाँ उपस्थित छौं। त्यसकारण जसरी अब के रे यो प्रस्ताव नै बेठीक छ भन्ने कुरा आउँदा आउँदै समिति नै बेठीक छ भन्ने आशयको जुन कुरा आएको छ। यसमा मैले एउटा गम्भीर असहमित राख्न चाहन्छु र सचिवालयले यो कुरा नोट गरोस् भन्ने पनि म चाहन्छु। यो विषयमा अलिकति हामी छुट्टै समितिमा अलिकति छलफल गर्नुपर्ने होला जस्तो मलाई लाग्यो र अर्को कुरा फेरि के आयो भन्या महाभियोग भन्या अब बारको कुरा ल्याएर यो पेश गरेको हो संसदले भन्ने कुरा जे आएको छ। यसमा पनि एकखालको अपमान मैले महसुस गर्छु। किनभने अब कुनै कुरा मिल्लान, कुनै बुँदा मिल्लान, कुनै भाषा मिल्लान त्यो एउटा कुरा हुन सक्ला। reference विभिन्न ठाउँको हुनसक्ला। reference विभिन्न कारणको पनि हुनसक्ला तर यहाँबाट सारिएको उहाँबाट सारिएको भन्ने जस्ता खालका आरोपहरू लगाइयका छन्। यो पनि एउटा गम्भीर प्रकारको कै आरोप छ भन्ने मलाई लाग्छ र जहाँसम्म प्रमाण मलाई किन दिएनौं भन्ने कुरा जुन प्रधान न्यायाधीशको छ। प्रमाण सबै समितिले उहाँलाई पठाइदिने होइन होला। मैले बुझेको चाहिँ हामी यो उहाँसँग हामी यो एउटा बयानलिने चरणमा छौं.र उहाँसँग बयान लिएर सकेपछि प्रमाणले पुग्यो। प्रमाणले आधार दियो भने यो सफल हुन्छ। यो महभियोगको प्रस्ताव प्रमाणले दिइन भने असफल हुन्छ, यो त छदैं छ। त्यो

त छानविन गर्ने समितिको क्षेत्रअधिकार भित्रको कुरा हो। समितिको क्षेत्राधिकार भित्रको कुरालाई विना प्रमाण, विना आधार, मलाई प्रमाण नपठाइ किन भन्ने कुराको चाहिँ आरोप लगाउँन मिल्दैन जस्तो मलाई लाग्छ। यहाँ पछाडि अरू प्रश्नहरू छन्। हैन जस्तो विभिन्नखालका प्रश्न छन्। जसले प्रमाणको माग गर्छन्। अघि पनि कुरा उठे, एनसेलको कुरा प्रेरणाका कुरा, रन्जन कोइरालका कुरा थुप्रै कुराहरू छन्। पछाडि पनि छन्। जसले यहाँ भन्न खोजेको कुरा के भने जस्तो अब न्यायलय त्यस्तो रहेन। न्यायलयको त्यो जुन सक्षमता, जुन न्यायलयको स्वतन्त्रता, सार्वभौमिता संविधानले गरेको व्यवस्था प्रधान न्यायाधीशले जोगाउँन सकेनन् भन्ने जुन आरोप छ। त्यो आरोपको कुरा हो अहिले भन्ने जस्तो मलाई लाग्छ। त्यसकारणले गर्दाखेरिमा ती कुराहरू सँग जोडेर अरू कुरा पनि आउँछन्। यहाँ प्रश्न पनि उठिसकेका छन्। यहाँले उत्तर पनि दिनु भएको छ। त्यसकारणले गर्दाखेरि मैले यसलाई अन्यथा के रे छलफललाई divert गर्ने, वहसलाई divert गर्ने, त्यतावाट अगाडि वढ्नु उपयुक्त हुन्न भन्ने चाहन्छु र अरू विषय अव हामीले यो विषयमा नभएको र ती प्रश्नहरू पछाडि पनि भएको हुनाले अहिले हामीले उठाएका छैनौं। ती प्रश्नहरू त्यो सम्वन्धित प्रश्नमा नै उठाउँला भन्ने म चाहन्छु र अहिले यहाँले जुन ढङ्गले प्रस्तुत गर्नुभएको छ। तिनीकुराहरूलाई प्रमाण पुष्टि गर्ने गरेर पछाडि पनि questionहरू छन्। ती प्रमाण पुष्टि होलान् न होलान् त्यो पछिको त्यो भोलिको कुरा भयो। समितिको कुरा भयो। त्यसकारण त्यो कुरा समितिमा मै छोड्नुपर्छ भन्ने म ठान्दछु। त्यहाँले जसरी अव आउँदाखेरि सवै कपोलकल्पित, सवै खराव भनेर जुनखलाले आरोप लगाइराखु पर्छ। यसमा चाहिँ मेरो आग्रह के हो भने सवै खराव त्यसकारण म ठीक भन्ने हुनुहुँदैन। प्रधानमन्त्रीले मन्त्रीहरू खराव भए भने त्यो त मन्त्रीको समस्या कुरा हो, प्रधानमन्त्रीको कुरा कहाँ हो भनेर प्रधानमन्त्री उम्किन पाइदैन। किनभने उसको cabinet हो। त्यसैगरेर हामीले वुझेको के हो भने न्यायलयका न्यायाधीशहरू खराव हुन्छन् भने त्यहाँको प्रधान न्यायाधीशले के हेरेर वस्यो त? हैन त्यसलाई सुधार्ने के के गऱ्यो त? भन्ने कुराको प्रश्नको अन्तर्य यो हो भन्ने मलाई लाग्छ। त्यसकारण तपाई त्यहाँको नेतृत्व हो। त्यो नेतृत्व हो त्यो हिसावले त्यहाँ भित्र कतिपय तपाईको कारणले भयो होला। कतिपय अन्य न्यायाधीशको कारणले भयो होला। त्यो विषयमा त्यसलाई पहल गरेर त्यसलाई सुधार गर्न पहल यहाँले के गर्नुभयो? त्यो नगरी सकेपछाडि त अक्षमताको आरोप लागेको हो भन्ने मलाई लाग्छ। यो विषयमा अव त्यस्तो केही भए भन्नु होला अन्यथा मेरो ध्यानाकर्षणको कुरा हो।

<u>माननीय सभापतिज्यू:-</u> अव अगाडि वढौं अव माननी श्री कल्याणी कुमारी खड्का।

माननीय श्री कल्याणी कुमारी खड्का:- सभापतिज्यू, यो १ मिनेट कित वेला लागु हुन्छ भने हामीले question सोधेको उत्तर दियो भने मात्र हुन्छ र यो त सिङ्गो संसदलाई, सिङ्गो चाहिँ समितिलाई तपाईहरूले ल्याएको प्रश्न यसकारण ठीक छैन। हिजो हामी ४ नम्बर ५ नम्बरसम्म ४ नम्बरसम्म आउँदा प्रश्न उत्तर गरिराखेका थियौं। आज पाँच नम्बर प्रवेश गऱ्यौं। यो भेग छ यो, यो यो प्रश्नको औचित्य छैन भनेर सुरू भइसकेपछि १ मिनेटमा प्रश्न सकिँदैन। यसकारण यो लम्बिएको, त्यसैले मैले के भन्न चाहेको भने पाँच नम्बरको question आउँदाखेरि यसको कुनै औचित्य छैन। मैले कुरा बुझेको छैन। यसको चाहिँ उत्तर दिनु पनि कुनै अर्थ छैन। यो चाहिँ यो question कुनै अर्थ छैन। भनेको अवस्थामा हामीलाई मैले यहाँ हेरिराछु हामी साढे ११ देखि सवा ११ देखिनै बैठक सुरू गऱ्यो। पाँच नम्बर भखर सकिएको छ। त्यो औचित्य अर्थ व्यर्थ नभएको questionमा कसरी यहाँले उत्तर दिनुपर्यो र कति माननीयज्यूले चाहिँ यसमा प्रश्न गर्नुभयो। यदि अर्थ न वर्थको थियो भने यसलाई टुङ्गाउन सकिन्थ्यो। यसरी अब ६ नम्बरमा पनि आएर यो कुनै औचित्य छैन भन्नेखालको कुरा भएको छ। यसो गर्दाखेरि के हुन्छ भने अब रेखा माननीयज्यूले भनेको कुरामा मेरो सहमत छ। मैले दोहोइन, नदोहोयाउँ आइसकेको छ। यसर्थ मेरो कुरा के हो भने यो question को अर्थ छैन। यो बुझिँदै बुझिदैन यसको केही पनि छैन हो भने हामीले फेरि यो ६ नम्बरमा गएर छलफल गर्न कि नगर्ने भन्ने जस्तो प्रश्न खडा गर्नुभएको छ यहाँ। यो कुरा के हो भने हामीलाई यहाँले संविधान पढाउनु भयो। कानुन पढाउन थाल्नुभयो। त्यसपछि नियमावलीहरू पढाउन थाल्नु भयो। सर्वोच्चको वार, वार भनेको भन्ने यो कुरा यो भनेर परिभाषा दिन थाल्नुभयो। त्यसपछि न्यायालय भन्या यस्तो हो भनेर पढाउन-थाल्नुभो। त्यसकारणले गर्दा खेरि यो एक मिनेटमा Question गर्ने दुई मिनेटमा उत्तर दिने भन्ने खालको परिस्थिति यहाँ सिर्जना भएन। यो पहिला, पहिला चाहिँ यो ठेगान गर्नुपऱ्यो। कि अब हामी Question ठीक छ कि छैन? हामी वैधानिक हो कि होइन? भनेर बहस गर्ने हो या चाहिँ हामी Question मा प्रवेश गरेर उतर दिने हो? एउटा त्यो प्रश्न। अर्को कुरा के हो भने अब यो महाभियोगको प्रस्ताव ल्याउनुको अर्थै छैन भन्ने कुरा तिर अर्थ थियो भनेर हामीले चाहिँ बहस गर्ने हो कि अब चाहिँ यहाँ आइपुग्दा खेरि एक-एको Question को उत्तर दिने कुरा होला। अब तेस्रो कुरा मैले के भनेनि के प्रमाण छर, प्रमाण के छर? चार महिना सम्म। यो इतिहासमा नभएको कुरा। चार महिना सम्म न्यायालय अवरुद्ध हुनु भनेको त्यो भन्दा ठूलो प्रमाण के चाहिन्छ त। राज्यमा थुप्रै मान्छेहरु मलाई लाग्छ, यो चाहिँ कति मान्छेहरुको चाहिँ यो सजायको म्याद सकिन्छ। अनि त्यो फैसला नभएको कारणले गर्दा खेरि उसले चाहिँ दुई वर्ष, चार वर्ष चाहिँ बस्नु पर्ने अवस्था अहिले पनि न्यायालयमा छ। यी कुराहरु सुधार गर्नुभएको भए अथवा चाहिँ यो सुध्रिएर आएको भए अथवा चाहिँ ४/४ महिना जुन चलेन, यो भन्दा अगाडि पनि त राजनीतिक

पार्टीहरु थिए, न्यायालय थियो, वकिलहरु थिए, संस्था थियो। उहाँहरु आफै १५/१६ वर्ष चाहिँ उसमा बारमा बस्नु भएको भनेर भन्नुभएको छ। अनि अहिले आएर ४/४ महिना चल्न नसक्नुको पछाडि अरु कुनै न्यायाधीश, वकिल अथवा हामी मान्यहरु गएर चाहिँ त्यो अवरोध गऱ्या त होइन। ४/४ महिना नचल्ने परिस्थिति बनाएको त होइन। यो स्थिति आइसकेपछि राज्यमा न्यायालयले जुन दिनु पर्ने न्याय हो, त्यो न्याय सम्पादन गर्न जुन खालको अवरोध आयो, त्यो वेलामा यी खालका प्रश्न उठ्छन् कि उठ्दैन? र अर्को कुरा असारको कति गतेदेखि सम्म चाहिँ राम्रो हुने त्यहाँबाट चाहिँ किन महाभियोगको प्रस्ताव आयो? यो चिज भनेको के हो भने कुनैले कुनै कसैलाई उजुरी हाल्नुभन्दा अगाडि अथवा मुद्दा हाल्ने अथवा चाहिँ विमति राखे कुरा के हुन्छ भने मान्छेको यो घटना क्रममले जोडेर अनि त्यसपछि यो, यो परिस्थितिमा आएको हो नि त। अब त्यहाँ चार महिनादेखि बन्द हुनुको अगाडि पनि थुप्रै घटना क्रमहरु भए होलान्। त्यसपछि अनि यो महाभियोगको प्रस्ताव आउने, चार महिना सम्म नचल्ने। यस्ता कुराहरु भएका होलान् भन्ने मलाई लाग्छ। त्यसो भएको हुनाले यहाँले जसरी पढाउनु भएको छ, अनि त्यहि कुरा हो हामीले वास्तवमा होइन रहेछ क्यारे भनेर उठाउन, उठ्न उठेर हिँड्ने खालको परिस्थिति हिसाबले जुन खालको यहाँ भाषण भइराख्या छ, यो मलाई त्यस्तो त्यो उपयुक्त लागेको छैन। अनि हामीले अहिले यहाँ बसिरहँदा खेरि यो कामै नलाग्ने चिज पो गरिएछ क्यारे भनेर जो अपमान हिसाबले जुन खालको कुरा भाछ, पढ्नु पऱ्यो। जस्तै यो चाहिँ पार्टीको नाम जुधेको कुरा ल्याउनुभो माननीय मिन बहादुर जीले। अब त्यो माननीयज्यूले ल्याइराख्दा खेरि तपाईंले यो चाहिँ नियम बुझ्नु भएन, कानूनका भाषा बुझ्नु भएन। अब कानूनको भाषा पढाउने हो त हामीलाई-यहाँ। यसकारणले तपाईंले जुन भनिराख्नुभाको छ, हामी एकदमै श्रद्धापूर्वक, हामी आदर गर्छौं। सम्माननीय हो यहाँ अहिले आरोप मात्र लाग्या हो। याहाँ निलम्बित मात्र हुनुभा छ तर दोषी करार हुनुभको छैन। हामी यसकारण हामीले हिजो के भन्यौं भने बैठक भन्दा अगाडि एकचोटी हामीले सल्लाह गर्यौं, सचिवज्यूलाई पनि हामीले भन्यौं। तपाईं आग्रह गर्नुस्, एउटा चाहिँ आरोपित मात्र भएको मान्छेलाई त्यसरी एक घण्टा दुई घण्टा ल्याएर राख्नुहुँदैन। तपाईंले सम्पर्क गरेर हामीलाई अलिकति अरु कुरा मिलाउनु छ, बाह्र बजे मात्रै अथवा साँढे बाह्र बजे मात्रै आउने भन्ने कि। किन त्यसरी कुराउने। हामी त्यो, त्यो न्यायालयको इज्जत,सम्मान गर्न चाहन्छौं। तर यहाँले जसरी चाहिँ संसद प्रति, माननीयज्यू प्रति जुन खालको कुरा उठाइराख्नुभा छ, यो के यो उठाउनलाई उपयुक्त कुरा हो? मेरो घोर आपत्त छ, यस्तो कुरामा। यस्तो कुरा गर्न पाइन्छ यहाँ? हामी सम्मान गरिराख्याछौं। यहाँ थुप्रै कुराहरु आकाछन्। भोलि प्रमाण चाहिँ, प्रमाण पुग्ने कुराहरु पनि यहाँ हामी देखिरहेका छौं तर हामीले भनेका छैनौं नि। प्रमाण पुग्छ, यसकारण तपाईं अपराधी हुन सक्नु हुन्छ भनेर हामीले नराम्रो कुरा त हामीले गरिरहेका छैनौं नि। यसको

अर्थ हामीले मान सम्मान गरेर बोलिरहेको वेलामा पूरै चाहिँ अव चाहिँ माननीयहरु यहाँ काम छैन, एउटा चाहिँ केहि थाहा नपाउने मान्छेहरु आको जस्तो गरेर तपाईंले जुन खालको चाहिँ हामीलाई सिकाउने प्रयास गरिरखुभएको छ, त्यो एकदम विलकुल ठीक छैन, मलाई यो ठीक लागेको छैन सभापतिज्यू। यस्तो खालको मा त रुलिङ पनि हुनुपर्छ।

<u>माननीय सभापतिज्यू:-</u> ल यसमा के छ प्रधान न्यायाधीशज्यूको केही छ कि भनाइ?

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> माननीयज्यू, माननीयज्यूले यो, यो चाहिँ कस्तो हुने अव आजको यो प्रस्तुति भनेको माननीयज्यूहरु मेरो हकमा गम्भीर निर्णय गर्न वस्नुभएको हो। यो जति पनि यो अहिलेको अभियोग प्रस्ताव छ, मैले भनिहाले नि, अहिले माननीयज्यूहरुले पनि सही गर्नुभा छ भनेर मैले भन्नुको कारण यही हो। यो चाहिँ प्रक्रिया हो। यो जति पनि अभियोग लागेको छ, यो अभियोगमा मैले यो कारणले गर्दाखेरि मलाई अभियोग लाग्नु पर्ने छैन। यो चाहिँ, यो आधारवाट पुष्टि हुँदैन। यो चाहिँ, यो गलत छ। यो अहिलेको जुन चाहिँ आरोप लाग्या छ, यो आरोपहरु एकदमै कानुनमा निरर्थक छन्। यी लाग्नै सक्दैनन्, यी फर्जी छन्, झुट्टा छन् भन्न पाउने त pledge गर्ने मान्छेको, जसलाई अभियोग लाग्या छ, त्यो मान्छेको, उसको त अधिकार हो नि। मैले त्यो तरिकाले गर्या तर माननीयज्यूहरुको मान सम्मानमा आँच आओस्, माननीयज्यूहरुलाई चाहिँ को उसमा ऊ गन्यो भनेर यो गर्ने भन्ने दृष्टिकोणवाट मैले यसरी व्यक्त गरेकै होइन। आज त हामी त म चाहिँ pledge गर्ने, म चाहिँ मलाई लागेको आरोपको मैले खण्डन गर्ने र माननीयज्यूहरुले चाहिँ त यसमा सवुद प्रमाण, कागज/सागज सप्पै हेरेर मेरा विरुद्धमा निर्णय गर्ने अधिकार त माननीयज्यूहरुलाई छँदै छ नि। मैले यो त्यसरी मैले यो प्रस्तुति गरेकै होइन। कानुनमा भएको व्यवस्था यो, फैसलामा भएको व्यवस्था हो। यस्तो त्यसले गर्दा हामीले प्रमाण, मिसिल हेर्नुपर्छ, कागज हेर्नुपर्छ अनि त्यसपछाडि कानून हेर्नुपर्छ भन्नुको मतलव माननीयज्यूहरुलाई मैले पढाएको भन्ने हो र। मेरो आफूलाई लागेको आरोपको मैले pledge गरेको हो नि, वहस गरेको हो। मैले लागेको आफूनो वयान गरेको हुँ नि यो त। त्यसले गर्दा माननीयज्यूले अन्यथा लिनै पर्दैन, त्यस्तो चाहिँ मनमा लिनु पर्ने यो अवस्थै होइन। हामीले त अहिले त यो त सप्पै हाम्रो त कोर्ट प्याक्टिक्समा पनि नि तपाईंलाई यो आरोप लाग्या छ के छ भन्नुस् भनेर सोधेम् भने जवाफ त त्यही नै हो नि। मैले यो गन्या होइन, यो झुट्टा हो, यो काल्पनिक हो, यो फ्रड हो, यो-यो आकै छैन, यो हुँदै होइन भन्ने, भन्ने आधारवाट न हुन्छ। यो-यो त वयानको क्रममा यो मैले व्यक्त गर्या हुँ नि। मेरो त्यसले गर्दा माननीयज्यूहरुको मा यदि यस्तो मनमा लागेको छ भने मनमा लिनु हुँदैन। माननीयज्यूहरु त न्यायाधीश हो नि। मेरो हकमा निर्णय गर्ने न्यायाधीश हो अहिले। यो forum त त्यसले गर्दा यो आरोप लागेको कुरोमा

मैले चाहिं अब सभापतिज्यूले मलाई भन्नुभाछ। मैले चाहिं भनिराछु। त्यसपछाडि माननीयज्यूहरुले उठाको प्रश्नको मैले कानूनी, संवैधानिक त्यसपछाडि तथ्य, यसमा प्रमाणको आधारबाट मैले pledge गर्या हो नि। त्यसले गर्दा यसमा अन्यथा मेरो यो कुनै पनि होइन। आक्षेप लाग्ने काम मेरो बाट कहिले पनि हुँदैन। म त्यो गरिमालाई आँच आउने काम गर्दा पनि गर्दिन र मेरो आचरण, व्यवहारबाट त्यस्तो हुँदा पनि हुँदैन।

<u>माननीय सभापतिज्यू:-</u> माननीय यशोदा गुरुङ सुवेदी।

<u>माननीय श्री यशोदा गुरुङ सुवेदी</u>:- माननीय सभापति ज्यू, मैले प्रधान न्यायाधीशज्यूलाई चाहिं यहाँलाई जे जति महाभियोगमा जे जति चाहिं विषयहरु लागेका छन् र थप अन्य ठाउँबाट जे जति उजुरीहरु आएका छन्, यी सबै कुरालाई ध्यानमा राख्दाखेरि चाहिं गम्भीर हुनको लागि मैले आग्रह गरिराख्छु। त्यो गाम्भीर्यता अझै भएन कि भन्ने चाहिं महसुस भाछ। यो मैले आग्रह गर्न मिल्छ कि मिल्दैन मलाई थाहा छैन तर मलाई त्यस्तो लाग्या हो। पहिलो कुरा यहाँले जो हाम्रो सहभागीतालाई प्रश्न उठाउनु भो। यो हाम्रो सहभागीतालाई प्रश्न उठाको, यो जवाफ दिनुपर्ने विषय होइन। मेरो आफ्नो clearness हो। मैले अस्ति पनि clearness गर्न्याथे। यही प्रश्न उठ्न सक्छ भन्ने कुरालाई नै इङ्गित गरेर चाहिं मैले प्रश्न/कुरा गर्याथे तैपिन clear भारैन्छ। हामी हाम्रो जिम्मेवारी प्रति गम्भीर छौं। जे जस्तो परिस्थितिमा भए पनि यो हाम्रो समितिको विषय हो, यो संसदको विषय हो। यतातिर तपाईको अँ के रे उसको विषय भएन। चासो, चिन्ताको विषय भएन। मात्रै चिन्ताको विषय मेरो पक्षमा न्याय हुन्छ कि हुँदैन भन्ने कुरामा चाहिं हामी जनताको अदालतमा जाँदा खरो उत्रिन सकौं। जनताको अदालतमा जानु छैन त हामीलाई। तपाईंलाई न्याय दिनु र नदिनुको प्रश्नसँग जोडिएर हामी जनताको अदालतमा जानुपर्छ। तपाई संसदको अदालतमा आउनुभो। हामी जनताको अदालतमा जानुपर्छ। त्यसैले हामी अदालत भन्दा बाहिर चाहिं छैनौं। त्यसैले आत्मा साक्षी राखी मन, वचन, कर्मले सेवा गरौं भन्ने कुरामा जान पऱ्यो। यहाँलाई सोधिएका प्रश्नहरु यद्यपी यहाँ चाहिं सैद्धान्तिक रुपमा छन्। पछाडि-पछाडि जाँदा Practical पनि छन् तर यहाँलाई सोधिएका प्रश्न हचुवा छैनन् है। यो कुरा एकदम बुझि राख्नुहोला। यो प्रश्न चाहिं हचुवा छैनन्। यहाँलाई आर्थिक रुपमा पनि गम्भीर रुपका चार्ज लाग्या छन्, होइन। आर्थिक रुपमा आर्थिक अपचलनका कुराहरु विभिन्न मुद्दाका सेटिङहरुमा चाहिं अपचलनका कुराहरु छन्। अनि त्यस्तै गरेर चाहिं कतिपय चाहिं अब घुस खाएका कुराहरुमा यहाँको संलग्नताको, फोन संवादका कुराहरु समेत पनि छन्। अदालत भित्रकै भवन निर्माणको प्रश्नमा चाहिं यहाँको संलग्नता, यहाँको चाहिं चलखेलको कुरा चाहिं अब यहाँ छन्। त्यसैले विषय गम्भीर छन्। त्यसैले गम्भीरताकापूर्वक यिनै विषयहरुलाई आफ्नो कुरा राख्नुस्। हाम्रो कुरा हाम्रो

समितिमा हामी गरौंला। संसदमा गर्न पर्ने भए हामी गरौंला। जनताका अदालतमा गएर दिन पर्ने कुरा हामी दिउँला, हाम्रो कुरा। तर यहाँको कुरा चाहिँ यहाँ चाहिँ राख्नुस्। यहाँले नै राख्नुस्। यहाँको समय हो यो। हाम्रो समय बाँकी नै छ। हामी कहाँ-कहाँ के-के प्रमाणहरु खोज्न परेर लास्टमा हजुरलाई चाहिँ आफ्नो सफाई पेश गर्ने समय पनि दिएँ। प्रमाण सहित चाहिँ प्रस्तुत गर्दा खेरि सफाई पेश गर्ने समय पनि दिएर चाहिँ काम गरौंला तर के भो त भने अहिले चाहिँ यहाँको कुरा राख्नुस् भन्ने कुरा चाहिँ मैले अनुरोध गर्न चाहें। विषय गम्भीर छन्, चानचुने छैनन्। प्रश्न पछाडि पनि सोधौंला। अहिले उठिराखेकै छन्। मिन बहादुर माननीयज्यूले चाहिँ उठाइसक्नुभएको छ, होइन। त्यस्तै गरेर चाहिँ सम्पत्ति ..... अदालतकै अब भवन निर्माणसँग प्रश्न जोडिएर चाहिँ उठेका विषयहरु पनि छन्। त्यस्तै गरेर चाहिँ मुद्दा फैसलाका विषय मैले हिजो सन्दर्भ जोड्या थिएँ एउटा। छठ पोखेरिको कुरा छ। यता चाहिँ उसको कुरा छ, के रे पेट्रोल पम्प, आयल निगमका उसको सवालसँग कुरा छ। त्यस्तै गरेर चाहिँ इच्छाराम तामाङको मुद्दाको कुरा छ। थुप्रै छन् मुद्दाहरु। जवाफ दिनुपर्ने छ तपाईले। त्यसैले यिनी सबै विषयमा किलियर (clear) हुनेगरेर, यिनी यी आदि कुराहरूले चाहिँ अदालत बेथिति भएको छ। अदालतले चाहिँ न्यायिक सुशासन कायम गर्न सकेको छैन। न्यायिक सुशासन कायम गर्ने जिम्मेवारी त तपाई कै हो नि? त्यसैले यो पाटोबाट गम्भीर भएर चाहिँ आओस् विषयहरू भन्ने चाहिँ अनुरोध गर्न चाहन्छु। धन्यवाद।

<u>माननीय सभापतिज्यू:-</u> माननीय श्री डा. शिवमाया तुम्बाहाङ्फे। उहाँको छोटो छ रे लास्ट गर्नुपर्यो।

<u>माननीय श्री डा. शिवमाया तुम्बाहाङ्फे</u>:- माननीय सभापति ज्यू, एउटा मेरो जिज्ञासा यही प्रसंगसँगै जोडिन्छ। यहाँले जवाफ दिने क्रममा मैले कहाँ भ्रष्टाचार गरेको छु र भन्नु भएको छ। तर यो पूर्व बारका पूर्व उपाध्यक्ष शम्भु थापाको एउटा उहाँको अभिव्यक्ति जुन इम्बोस्ड नम्बर प्लेटसँग जोडिन्छ। त्यो सन्दर्भमा आफ्नो अभिव्यक्तिमा के भन्नु भएको छ भने यसलाई फैसला गरिरहँदा निर्णयलाई सदर गरिरहँदा खेरि पैसाको लेनदेन गरेर घुस खाएर सदर गरियो भन्ने उहाँको अभिव्यक्तिमा यहाँको भनाइ के छ?

<u>माननीय सभापतिज्यू:-</u> माननीय सदस्यहरू बोल्ने क्रममा बयान लिने क्रममा छौं । प्रधान न्यायाधीश यदि हुनुहुन्छ। कुरा के भो भन्दाखेरि कुरा छलफल मै बयान दिनेक्रममा अनि आक्षेप कसैलाई आक्षेप लगाउने विभिन्न कुरा बाहिरका कुरा गर्दाखेरि अलि विवाद हुने अलि विवाद हुने जस्ता कुराहरू सन्तुष्टि नहुने कुराहरू हामीले त तथ्यगत कुरा पत्ता लगाउने हो। हजुरले चाहिँ

म त कसरी निर्दोष छु भनेर सफाइ लिने हो नि, सफाइ हुने कुरामा हजुरले बोल्ने हो र प्रत्र मित्र कमसेकम केन्द्रित भएर हजुरले जवाफ दिनुहोला भनेर अनुरोध गर्न चाहन्छु। र अरु हामी बैठकको अन्त्यमा आइसकेका छौं माननीय सदस्यहरू, अब म प्राधन न्यायाधीश चोलेन्द्र शमशेर जबरालाई बैठकमा भाग लिनु भएकोमा धन्यवाद दिदै विदाइ गर्दछु। अनि साथै छलफलमा भाग लिने सबै माननीय सदस्यहरूलाई हार्दिक दिन्छु। अनि समितिको अर्को बैठक १९ गते, आइतवार ११ बजे बस्नेगरी आजको बैठक स्थगित गर्दछु। हाम्रो प्रधान न्यायाधीशलाई पनि १९ गतेको ११ बजे उपस्थित भइदिन अनुरोध गर्दछु।

प्रश्न नं. ७:- प्रधान न्यायाधीशको उच्च पदीय जिम्मेवारीका अतिरिक्त नेपालको संविधानको धारा १३६ द्वारा पदासीन प्रधान न्यायाधीशलाई अति उच्च विश्वासका साथ प्रदान गरेको संवैधानिक दायित्व पूरा गर्न सम्माननीय प्रधान न्यायाधीश राणा असक्षम रहेको, न्यायालयको साख, इज्जत, प्रतिष्ठा, प्रभावकारिता र जनआस्थालाई श्रीवृद्धि गर्ने संवैधानिक दायित्वबाट निज पूर्ण रुपमा विमुख र विफल भएको तथा प्रधान न्यायाधीश राणामा पदीय जिम्मेवारी, संवैधानिक आचरण र नैतिकता एवं कार्यक्षमता समेत नदेखिएको कारणले निजलाई महाभियोग लगाउनु पर्ने पर्याप्त आधार, कारण एवं अवस्था विद्यमान देखिएको छ, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ? खुलाउनुहोस्।

प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवराः- माननीय सभापतिज्यूको आज्ञाबाट यो ७ नं को अभियोगको जवाफ मैले दिन लागिरहेको छु। नेपालको संविधानले प्रधान न्यायाधीशलाई न्याय प्रशासनको जिम्मेवारी १३६ ले दिएको छ, तोकेको छ। यो प्रश्नमा अहिले जुन सोधिएको प्रश्न छ। प्रधान न्यायाधीश असक्षम, प्रधान न्यायाधीश असक्षम रहेको, न्यायालयको साख, इज्जत, प्रतिष्ठा, प्रभावकारिता र जनआस्थालाई श्रीवृद्धि गर्ने संवैधानिक दायित्वबाट निज पूर्ण रुपमा विमुख र विफल भएको तथा प्रधान न्यायाधीश राणामा पदीय जिम्मेवारी, संवैधानिक आचरण र नैतिकता एवं कार्यक्षमता समेत नदेखिएको भन्ने बुँदाहरु लेखिएको छ। सबै भन्दा ठूलो कुरो त प्रधान न्यायाधीशले न्याय प्रशासनको जिम्मेवारी संविधानको धारा १३६ ले पाएको छ। यसमा प्रधान न्यायाधीशको यो जिम्मेवारी भनेको अब यसलाई सरसर्ति हेर्दै जाँदा खेरि न्याय प्रशासन ऐन देखिबाट लिएर अन्य यो न्यायलय व्यवस्थापन गर्न बनेका सबै ऐनहरुलाई लिएर समष्टि रुपमा प्रधान न्यायाधीशको दायित्व र कर्तव्य के हो? त्यस तर्फ हामीले बुझ्नु पर्छ। प्रधान न्यायाधीशले न्याय प्रशासनको जिम्मेवारी लिदाँ दुई किसिमका अंगहरु हाम्रो संविधानले नै व्यवस्थापन गरेको छ। एउटा प्रशासनिक दायित्व त्यो प्रशासनिक दायित्व भनेको प्रधान न्यायाधीशको निर्देशनमा प्रशासनिक दायित्व अगाडि बढ्छ र अरु सबै त्यसमा मुख्य रजिष्ट्रार सम्मको प्रशासनिक उच्च अधिकारको व्यवस्था भएकाले। सबै त्यसको जिम्मेवारी र त्यसको वहन गर्ने र त्यसको दायित्व र कर्तव्यलाई निर्वाह गर्ने काम सबै मुख्य रजिष्ट्रारको मार्फतबाट प्रशासनिक काम हुन्छ। त्यस पछाडि न्यायिक काम भन्नाले प्रधान न्यायाधीशको न्यायिक काम भन्नाले आफू बेन्चमा बसेर निर्णय गर्ने त्यस पछाडि आफ्ना न्यायाधीशहरुलाई यो Cause List हरु तोक्ने हिजोको अवस्थामा। आज त गोला प्रथाबाट गयो। अब यो जिम्मेवारी पनि छैन। त्यस पछाडि संवैधानिक इजलासमा न्याय परिषद्ले तोकेको सदस्यहरुलाई न्याय परिषद्ले तोकेको न्यायाधीशहरुलाई राखेर त्यसपछाडि इजलास गठन गर्ने। यत्ति कामहरु मात्रै गर्छ र त्यसपछाडि अन्य जति पनि अरु

जति पनि तल्लो निकाएमा अर्थात् आफ्नो सर्वोच्च अदालतको बाहेक त्यसपछाडि उच्च अदालत र जिल्ला अदालत र अरु त्यस्तै न्याय निरुपण गर्न न्यायिक सुपरिवेक्षण गर्ने गरिरहेको छ र त्यसको विशेष अदालतबाट लिएर अरु न्यायिक अरु न्याय निरुपण गर्न गठन भएका न्यायिक निकायहरुको सुपरिवेक्षण र प्रवेक्षणहरु सबै प्रधान न्यायाधीशले गर्छ, गर्ने गरिरहेको छ र त्यसको छानविन गर्ने, त्यसपछाडि गएर न्यायाधीशलाई कारवाही गर्ने अब कर्मचारीहरुलाई कारवाही गर्ने न्याय प्रशासनको बाट गएर चाहि यो चाहि प्रधान न्यायाधीशकै नेतृत्वमा न्याय सेवा आयोग छ, त्यसैले गर्छ। त्यसपछाडि न्यायाधीशहरुलाई कारवाही गर्ने र छानविन गर्ने कार्य न्याय परिषद्ले गर्छ। त्यसको नेतृत्व प्रधान न्यायाधीशले लिन्छ र त्यसको अलावा प्रधान न्यायाधीशको दायित्व र कर्तव्य भनेको न्यायाधीशको सरुवा, काज त्यसपछाडि नियुक्ति मात्रै हो। यत्ति चिज मात्रै हो। अरु यसमा पर्दैन, दायित्व र कर्तव्य रहदैन। त्यसकारण अब यहाँ जुन प्रश्नहरु उठाइएको छ। मैले आफ्नो प्रशासनिक दायित्व जुन छ। प्रशासनिक दायित्व अदालतको प्रशासनिक दायित्व जुन छ त्यो दायित्वमा मुख्य रजिष्ट्रारलाई सामान्य निर्देशन दिने काममा कहाँ निर म चुकेँ? त्यहाँ यो प्रश्नमा यसको साथमा संलग्न भएका कुनै कागजातहरुबाट पनि देखिन्न। त्यसको अलावा म न्यायिक प्रशासन म अब न्यायिक दायित्वको जिम्मेवारीकोमा मैले सबै न्यायाधीशहरुलाई मेरो अहिलेको गोला प्रथा बाहेक हिजोको अवस्थामा मैले मुद्दाको व्यवस्थापन गर्थें, तोक्थें। त्यो तोक्दा खेरि मैले कुन चाहि न्यायाधीशलाई कुन चाहि मुद्दा तोकेँ? कुन चाहि मुद्दा तोकिन? कुन चाहि न्यायाधीशलाई कुन चाहि मुद्दा हेर्न मन थियो, कुन चाहि थिएन? यो उनीहरुको दायित्व र कर्तव्य भित्रको होइन। प्रधान न्यायाधीशले न्याय प्रशासनको जिम्मेवारी स्वयं प्रधान न्यायाधीशलाई दिएपछाडि प्रधान न्यायाधीशले तोकेको मुद्दा मात्रै अरु न्यायाधीशहरुले हेर्ने हो र त्यही सरहको मेरो इजलासमा बस्ने न्यायाधीशहरुले उहाँहरुले स्वतन्त्र रुपमा, निष्पक्ष रुपमा, निर्भिक रुपमा र सक्षम रुपमा उहाँहरुले आफ्नो राय व्यक्त गर्ने, फैसला गर्ने उहाँहरुको जिम्मेवारी र कर्तव्य हो। यसमा प्रधान न्यायाधीशको पटक्कै १ इन्चि पनि, १ इन्चि पनि न्यायाधीशहरुलाई कसैलाई यो मुद्दाको विषयमा भनसुन हुने, मुद्दाको विषयमा Manipulate हुने, उहाँहरुलाई दबाव दिने, कियाहरु मबाट भएको छैन। मैले गरेको छैन। त्यसकारण यो दायित्वबाट प्रधान न्यायाधीश कहाँ चुक्यो? यसमा चाहि कहीं पनि कुनै पनि कुराहरु यसमा उल्लेख गरिएको छैन। अब त्यसको जहाँ सम्म अब अन्य आफू अब अन्य न्यायाधीशहरुको उसमा जति पनि उहाँहरुले आफ्नो दायित्व र कर्तव्य अर्थात् न्यायाधीशबाट विचलन भएका अब न्यायाधीशबाट विवादमा भएका, न्यायाधीशले भ्रष्टाचार गरेका कियाहरुमा न्याय परिषद्को तर्फबाट जति पनि कारवाहीहरु भएका छन्। त्यसमा प्रधान न्यायाधीश कहाँ चाहि चुकेको छ? कहाँ चाहि यो न्यायिक सन्तुलन कायम गर्नलाई प्रधान न्यायाधीश कहाँ निर चुकेको छ? यसमा कुनै पनि आधार र कारणहरु दिएको छैन। यो

सैद्धान्तिक आधारहरु मात्र दिएको छ। यो यस्तो सैद्धान्तिक आधारबाट प्रधान न्यायाधीश जस्तो जिम्मेवार व्यक्तिलाई यस्तो किसिमको आरोप लगाउनु आफैमा यो यसलाई अब मैले अन्य अर्थमा भन्दिन। यो चाहि गैर कानुनी, गैर न्यायिक छ भन्ने कुरा प्रस्ट देखिन्छ। त्यसपछाडि अर्को प्रधान न्यायाधीशको कर्तव्य र दायित्व भनेको न्यायाधीश नियुक्ति, सरुवा र काज हो। यहाँ निर कहाँ निर गएर चाहि प्रधान न्यायाधीश चुकेको छ? न्याय परिषद् मैले अघिल्लो पटकको आफ्नो वयानको क्रममा पनि मैले भनेको छु। न्याय परिषद्को संरचना नै हेर्यौं, संवेधानिक संरचना नै हेर्यौं। त्यहाँ बारको प्रतिनिधि हुन्छ। प्रधानमन्त्रीज्यूले तोकेको एउटा कानुनको प्रतिनिधि हुन्छ। त्यसपछाडि कानुन मन्त्री हुन्छ। त्यसपछाडि बरिष्ठ न्यायाधीश सर्वोच्च अदालतको बरिष्ठतम न्यायाधीश हुन्छ। अध्यक्षता गर्ने काम प्रधान न्यायाधीशको हुन्छ। प्रधान न्यायाधीशले यसरी हरेक काम गर्दा, हरेक नियुक्तिहरु गर्दा कहाँ निर चाहि प्रश्न आयो? कहाँ निर अयोग्य व्यक्तिहरुलाई नियुक्ति गरियो? र सर्वसहमतबाट अहिले सम्मकोमा सर्वसहमत भएर भएका कियाहरु प्रधान न्यायाधीशलाई मात्र आक्षेप र आरोप यो किन लाग्यो? कसरी लाग्यो? यो किन लागिरहेको छ? यो कुरोको अझ पनि यसमा भेग छ। त्यसकारण मैले आफ्नो संविधानले तोकेको दायित्व र जिम्मेवारी प्रधान न्यायाधीशलाई जो तोकेको छ त्यो दायित्वबाट १ इन्चि पनि प्रधान न्यायाधीश विमुख भएको छैन र त्यो दायित्व र कर्तव्य आफ्नो संवैधानिक दायित्व र कर्तव्यलाई मैले एकदम अक्षरशः पालना गरेको छु र यो जुन चाहि आरोप लागेको छ। यो आफैमा निरर्थक र झुटा छ। यो आरोपबाट प्रधान न्यायाधीशलाई महाभियोग लाग्ने सम्मको आधार र कारण छैन भन्ने म सम्मानित छानविन समितिलाई अनुरोध गर्दछु।

<u>प्रश्न नं. ८:-</u> संवैधानिकता परीक्षण गर्न दायर भएका रिट निवेदनहरुको समयमै निज प्रधान न्यायाधीश राणाले निरुपणको व्यवस्था गर्न पर्नेमा पदीय जिम्मेवारी विपरितका कार्य गरी न्यायमा विचलन ल्याएका छन्। वस्तुतः न्यायिक अधिकार न्याय छिटो छरितो निरुपणका लागि हो न कि न्यायिक पदाधिकारीको आफ्नो वा अन्य कसैको निहित स्वार्थ परिपूर्तिको लागि दुरुपयोग गर्ने हो, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवराः-</u> प्रस्तुत यो अभियोगको विषयमा संवैधानिक परीक्षण, न्याय प्रशासन ऐन र संविधानको व्यवस्थाले दुई किसिमबाट हुन्छ। संविधानको व्याख्याको अन्तिम जिम्मेवारी सर्वोच्च अदालतलाई तोकेको छ। त्यसमा दुईवटा आधारबाट जान्छ। संविधानको व्याख्याको विषयवस्तु भयो भने संवैधानिक इजलासमा जाने धारा १३७ को व्यवस्थाले छ। त्यस पछाडि अरु जति पनि कानुनका व्याख्याहरु छन् र संविधान कै पनि त्यसैमा व्याख्यामा जाँदा खेरि पनि संविधानको धारा १३३ ले सर्वोच्च अदालतको अन्य एकल

इजलास, संयुक्त इजलास, पूर्ण इजलास र वृहतपूर्ण इजलासले हेर्ने व्यवस्था गरेको छ। मेरो कालमा संवैधानिक परीक्षणका यो प्रश्नवाटै आफै बोध हुन्छ। यसमा यो प्रश्नवाटै एकदम प्रश्नवाट छर्लङ्ग देखिने विषयवस्तु छ। त्यो वेलामा २०७८ पौषको मसिरको अन्तिममा होला। संवैधानिक परिषद् बसेर नियुक्ति भएको छ। त्यस पछाडि तत्कालै पौषको ५ गते यो संसद् विघटन भएको छ। त्यस पछाडि यो संवैधानिक नियुक्तिको मुद्दा र विघटनको मुद्दा करिब करिब सँगसँगै आएको छ। यसमा विवरणहरु नि छ। त्यो संवैधानिक परीक्षणको क्रममा संसद् विघटनको मुद्दालाई करिब करिब ३ महिना जस्तो त्यसमा समय वेतित भाको छ। हामीले Continue Hearing गरेका छौं। यसमा मैले विवरणहरु ल्याएको छु। म विवरण पेश गरौला। त्यस पछाडि हामीले यो संसद् पुनःस्थापना २०७८ फागुन ११ गते गरेम। त्यस पछि अब यो संवैधानिक फेरि यो इजलासको पनि गठनको गठन जम्मा हप्ताको २ दिन बाहेक ३ दिन हुदैन। बुधवार र शुक्रवार मात्र हुन्छ र त्यसमा पनि अब अहिले त, पछाडि हामीले यो संवैधानिक इलासमा न्यायाधीशहरुको संख्या बढायौं। नभएदेखि पहिला त परिषद्ले जम्मा ५ जना, चार जना न्यायाधीश र एक जना प्रधान न्यायाधीश बाहेको व्यवस्था गरेको थिएन। त्यस पछाडि एकजना न्यायाधीश आएन भने त्यो संवैधानिक इजलास बस्न सक्ने अवस्थाहरु थिएन। पछि हामीले न्यायाधीशहरु बढाइसके पछाडि मात्रै अलिकति सहज र सरल भएको हो। अब त्यसपछि फागुन ११ गते हामीले यो फैसला गऱ्यौं। त्यति अवधिसम्म सायद यो एकदमै प्रस्ट छ। हामीले त्यो सबै संवैधानिक यो संसद् विघटनको मुद्दालाई नै हामीले प्राथमिकतामा राखेर हेरेका छौं। त्यो अवधिमा यो संवैधानिक नियुक्तिको जुन प्रश्न छ। त्यो त्यसलाई अगाडि सार्न सक्ने अवस्थै-थिएन। त्यस पछाडि तत्कालै फेरि अर्को चोटि नि विघटन भएको छ र त्यस पछाडि त्यही समयमा फेरि अर्को चैत्र महिनामा फेरि यो फागुन कि चैत्रमा विघटन भाछ फागुन कि चैत्रमा मैले हेरेको छैन, यो यहाँ छ (हातले इसारा गरेको)। फेरि विघटन भा छ। त्यस पछाडि त्यसैमा हामी फेरि लागेम। चैत्रमा कोरोना पनि भयो। कोरोनाको कारणले गर्दा पनि कुनै पनि इजलासहरु खालि रिटमा यो बन्दी प्रत्यक्षीकरण बाहेक अरु कुनै पनि किसिमका रिटहरु नहेर्ने भनेर हामीले फुल कोर्टले निर्णय गरेका छौं। त्यस पछाडि यो संवैधानिक यो अर्थात् संसद् विघटनको दोस्रो मुद्दामा हामीले लागेम। त्यस पछाडि दोस्रो मुद्दा यो सिद्धि सकेपछाडिकोमा अनि फेरि पनि बिस्तारै निवेदनहरु खोल्ने गरेर हामीले निर्णय गरेपछाडि अनि यो संवैधानिक नियुक्तिको परीक्षणको विषयमा इजलास तोकियो। इजलास तोकिए पछाडि त्यहाँ प्रधान न्यायाधीशको स्वार्थ बाझिन्छ। हेर्ने मिल्ने र नमिल्ने भन्ने विषयमा कानुन व्यवसायीहरुले बहस गर्नुभो। त्यस पछाडि म अरु हाम्रो बाँकी रहेका इजलासमा बसेका न्यायाधीशहरु सँग मैले सल्लाह गर्नलाई हामीहरु भित्र गयौं। भित्र गएपछाडि अरु न्यायाधीशज्यूहरुले चाहि श्रीमान्ले सम्माननीयज्यूले चाहि प्रधान

न्यायाधीशज्यूले यो मुद्दा चाहि अब स्वार्थ बाझिने हुनाले आफुले नहेरिदिए हुन्थ्यो। अर्को इजलास तोकिदिए हुन्थ्यो भन्ने कुरो भयो। त्यसमा तोक्नलाई संविधानले धेरै गहन विषय छ। त्यसमा तोक्न मिल्ने कि नमिल्ने संविधानको १३७ को व्यवस्थाले प्रधान न्यायाधीशलाई नै जिम्मेवार बनाएको छ। तोक्न मिल्छ कि मिल्दैन भन्ने कुरामा त्यसमा चाहि हाम्रा न्यायाधीशज्युहरु सल्लाह चाहि प्रधान न्यायाधीशले तोकेर तोक्नु भन्दा नतोकिकन प्रधान न्यायाधीशले बिदा लिएर बस्दियो भने एक दिन वा दुई दिन बुधवार र शुक्रवार एक दिन हेर्ने दिन मुद्दाको सुनुवाई हुने दिन र अर्को दिन निर्णय हुने दिन चाहि प्रधान न्यायाधीशले बिदा लिएर बस्दियो भने मिल्छ कि भन्ने भयो। अनि त्यही भए पछाडि ठिक छ अब अदालत त प्रधान न्यायाधीशले एक्लैले अगाडि बढाउने भन्ने होइन्। समष्टि विचारमा जाने हो। ठिक छ भनेर मैले त्यही विचार चाहि मैले गएर इजलासमा गएर अब यस्तो किसिमको हाम्रो भयो। त्यसले गर्दा प्रधान न्यायाधीश चाहि संवैधानिक नियुक्तिमा चाहि पृथक बस्छ भनेर गरे। अब यहाँ निर एउटा अझ गम्भीर र जटिल प्रश्न छ यसमा। यसमा यो संवैधानिक नियुक्तिको विषयमा प्रश्न यसैमा मात्र छ। अरु त कसैको पनि यसमा विवाद छैन। हामीले सहज र सरल तरिकाले हामीले संवैधानिक इजलास बसेर सधै गरिरहेको कोरोनाको टाइम र विघटनको बेलामा मात्रै हामीले संवैधानिक इजलास बसेका छैनौ। अरु टाइममा बसेको छ। अब एउटा दुःखको साथ भन्नुपर्छ जनताको अदालत हो यो। म यो चाहि सम्प्रभु शक्ति सम्पन्न छानविन समितिमा म उपस्थित भएको छु, मैले भन्नुपर्छ। प्रधान न्यायाधीशको दायित्व, प्रधान न्यायाधीशको नियुक्ति कसैको कुनै दलको सिफारिसमा दलको प्रतिनिधिको हिसाबले भएको होइन। यत्ति कुरा छर्लङ्ग बुझ्दा, सबैले बुझ्दा हुन्छ। प्रधान न्यायाधीश संविधानको दायरा भित्र, संविधानको विधि र प्रक्रिया बमोजिम नियुक्ति भएको हो। उसले कुनै पनि राजनीतिक दलको नेतृत्व गर्दैन। प्रतिनिधित्व पनि गर्दैन, नेतृत्व पनि गर्दैन। यहाँ निर आएर संवैधानिक नियुक्तिमा दोस्रो संवैधानिक नियुक्तिको जुन प्रक्रिया भयो। त्यस पछाडि त्यो प्रक्रियामा सहभागी नहुनको लागि नेपाली काँग्रेसको तर्फबाट विज्ञप्ति निकालिएको छ र माओवादी केन्द्रको तर्फबाट विज्ञप्ति निकालिएको छ। यो दुःखका साथ भन्नु पर्छ। त्यहाँका सदस्यहरुलाई उपस्थित नहुनका लागि भनेर उहाँहरुले विज्ञप्ति निकाल्नुभा छ। यो विज्ञप्ति बाहिर आएकै छ। त्यस पछाडि प्रधान न्यायाधीश त्यसमा सहभागी नभइदियोस भन्ने जुन राजनीतिक दलको चाहना थियो। त्यो चाहनामा मैले गम्भीर भएर मैले विचार गरे। यो दायित्व त मलाई संविधानले दिएको दायित्व हो। म उपस्थित हुने दायित्व पनि संविधानले नै तोकेको छ, संवैधानिक परिषद्मा। यो दायित्वबाट प्रधान न्यायाधीश विमुख हुँदा आज पार्टीको कुनै दल भरको सिफारिसमा अर्थात् अनुरोधमा प्रधान न्यायाधीश चाहि अनुपस्थित भयो भने त्यसको परिणाम कस्तो होला? भविष्यमा कस्तो जाला? प्रधान न्यायाधीश के दलको प्रतिनिधित्व गर्छ?

दलको प्रतिनिधिले दलहरुले भनेकोलाई मान्दै गयो भने प्रधान न्यायाधीशको जिम्मेवारी र कर्तव्य के पूरा भएको देखिन्छ? त्यसकारण मैले त्यसमा चाहि अस्विकार गरेर म गए। हाला कि त्यो बेलामा पार्टीको अव दलको हिसावले चाहि अव सम्माननीय सभामुखज्यू उपस्थित हुनुभएन। सम्माननीय विपक्ष पार्टीको नेता उपस्थित हुनुभएन। यो सही हो। त्यहाँ चाहि उपस्थित हुने भएको चाहि सम्माननीय प्रधामन्त्रीज्यू त्यस पछाडि म प्रधान न्यायाधीशको हैसियतले म उपस्थित भएर र राष्ट्रिय सभाको सम्माननीय अध्यक्षज्यू उपस्थित हुनुभयो र त्यो बेलाको कानुनले त्यो बेलाको संवैधानिक नियुक्तिसँग सम्वन्धित कानुनले हामीले बसेर नियुक्ति गरेका हौ। त्यो नियुक्तिमा कुनै पनि व्यक्तिहरु अयोग्य छन् भन्ने कही पनि प्रश्न छैन। प्रक्रियाको कुरामा मात्रै विवाद आइरहेका हुन। त्यसकारण आज यो प्रश्नको उत्पत्ति पनि राजनीतिक दलको त्यो नेपाली काँग्रेसको त्यो निर्णय र माओवादी केन्द्रको त्यो निर्णयको आधारवाट यो आरोप लगाइएको छ। यो सतप्रतिशत यसमा यो सत्य छैन। यो असत्य छ। यो झुटा छ। यसवाट चाहि महाभियोग लाग्न सक्ने अवस्था छैन। त्यसले गर्दा मेरो यत्ति मैले यो प्रश्नको सम्वन्धमा मैले आफ्नो वयान लेखे।

<u>प्रश्न नं. ९:-</u> संवैधानिक परिषद्को सदस्यको हैसियतमा प्रधान न्यायाधीश राणा आफू समेत संलग्न भई विभिन्न संवैधानिक अंगका पदाधिकारीहरुको नियुक्ति सम्वन्धमा परेका रिट निवेदनहरुको एक वर्ष सम्म पनि प्रारम्भिक सुनुवाईसम्म पनि नगरी न्यायमा गम्भीर अवरोध र विचलनको अवस्था सृजना गरेको सार्वजनिक भएको यथार्थ हो। प्रधान न्यायाधीश राणावाट गरिएको विचलन, अवरोध छिप्न सक्दैन र जगजाहेर भइसकेको छ। प्रधान न्यायाधीशले आफूले अध्यक्षता गर्नु पर्ने संवैधानिक इजलासको काम कारवाहीलाई अवरुद्ध गरी संविधानको कार्यान्वयनमै गम्भीर अवरोध सृजना गरेको प्रमाणित तथ्यले निजले पदीय कर्तव्य पालना नगरेको प्रमाणित भएको, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> तल पनि माथि पनि प्रश्न यही नै हो। तल पनि प्रश्न यत्ति नै छ। यसमा अलिकति परिमार्जित गरिएको मात्रै हो। प्रश्न दुइवटा एउटै हो। जवाफ पनि मैले करिव करिव स्पष्टीकरण मैले पेश गरिसकेको छु। यो कुरो सतप्रतिशत असत्य हो। प्रधान न्यायाधीश जस्तो न्याय प्रशासनको जिम्मेवारी बोकेको पदाधिकारीले आफूलाई दिएको दायित्व र जिम्मेवारी भनेकै यही मुद्दा कै र यही पेशी तोक्ने नै जिम्मेवारी छ। यसवाट पन्छिने, भाग्ने कुनै मुद्दालाई लम्बाउने, तर्काउने? मैले अव यसमा अघि पनि मैले भने दायित्व र कर्तव्यवाट त्यसैमा सिलसिलावाट जावोस्। प्रधान न्यायाधीश कहिले पनि विमुख हुन सक्दैन र म विमुख भएको छैन। घटना र त्यस पछाडि यसको प्रकृतिवाट नै अवस्थावाट नै छर्लङ्ग हुन्छ। अघि पनि मैले

भनिसके। यो नियुक्ति त्यस पछाडि संसद् विघटन सँगसँगै भो। दोस्रो चोटि पनि नियुक्ति र संसद् विघटन सँगसँगै भो। यसकारणले गर्दा खेरि हाम्रो प्राथमिकतामा संसद् विघटनको मुद्दालाई चाहि अगाडि गयो र हामीले यो संसद् विघटनको मुद्दा त असार २८ गते सम्म त हामीले यही नै हेरिराछौं। दुईवटा मुद्दालाई अगाडि सारेर हामीले हेरिराछौं। पहिलो ११ गते फैसला भा छ। त्यस पछाडि दोस्रो असारको २८ गते भा छ। यसबाट नै यो देखिन्छ कि यो मुद्दालाई यो संवैधानिक नियुक्तिको मुद्दालाई पन्छाउने भन्ने त यसमा देखिएकै छैन। त्यस पछाडिको श्रावण देखिबाट हामीले विस्तारै खोल्दै गयौं। श्रावणमा फेरि १५ दिन त हाम्रो यस्तो मुद्दाहरु पेश गर्ने चलन नै छैन। सबै Record हरु जति सबै Maintain गरेर नयाँ वर्षमा ल्याउनु पर्ने भा हुनाले यो छैन। त्यस पछाडिको लगत्तै मैले यो मुद्दालाई पेशी चढाछु। मैले यो प्रश्नहरु आइसकेको छ। मैले पनि जवाफ दिसक्या छु। त्यस पछाडि यो सबै प्रश्नहरु आयो। त्यस पछाडि एकल इजलासकोबाट यो संवैधानिक इजलासमा प्रधान न्यायाधीश अनिवार्य हो कि होइन? भन्ने कुराको निवेदन आयो। त्यो निवेदन आएपछाडि एकल इजलासमा गयो। त्यो एकल इजलासको आदेशले केही समय फेरि पनि यसलाई रोकियो। अवरोध भो। त्यस पछाडि अहिले जुन किसिमको म यो संवैधानिक नियुक्तिको विषयमा जुन Heavet Create गरियो। यो ... Create गरेको भन्छु म। मेरो विरुद्धमा यो महाभियोग २०७८ फागुन १ गते आयो। त्यहाँ देखिबाट म फेरि पनि यो अदालतमा त उपस्थित छैन। मैले आफ्नो प्रधान न्यायाधीशले गर्नुपर्ने काम, कर्तव्य मैले गरेको छैन। मैले अहिले गरेको छैन र आज साढे छ महिनासम्म यो मुद्दाको अवस्था कहाँ गयो त? जो न्यायाधीशहरुले बारले यो प्रश्न खडा गर्यो र मलाई महाभियोगको बुँदामा लगाइयो। आज साढे छ महिना हुँदा त्यो मुद्दा कहाँ गयो त? यसको जवाफ कसैले दिनु नपर्ने? त्यो त्यत्ति एक किसिमको हतारको थियो। अनि तुरुन्तै गर्नु पर्ने थियो भने आज साढे छ महिना भन्दा नाघ्यो मलाई १ गते बाट। आज म १९ गते चाहि यो उपस्थित भइरहेको छु। यो मुद्दा कहाँ गयो त? के भयो त? यसको पछाडिको Reason के हो त? त्यसकारण म यो सम्मानित समितिलाई अनुरोध के गर्दछु भने मुद्दामा सुनुवाई हुने प्रक्रिया पुऱ्याएर त्यस पछाडि त्यो प्रक्रिया पुऱ्याउने भन्या पनि उल्लाई प्राथमिकतामा राखे होइन। हरेक दिन हाम्रो पेशी त महिना, दुई महिना अगाडि देखिबाट चढेको हुन्छ। त्यसमा पालो आउनु पर्छ। अनि त्यो पालो आए पछाडि त्यही पालोको हिसाबले चाहि अगाडि बढ्छ। त्यो भन्नासाथै अगाडिबाट ठ्याक्क प्रधान न्यायाधीशले त्यसलाई तानेर ल्याएर १ नं. मा राखेर गर्ने प्रचलन हाम्रोमा छैन। हाम्रोमा Cause List हरु भन्या त पेशी तोक्ने भन्या त महिनौं पछाडि दुई महिना, ६ महिना सम्मको पनि पेशी तोकिएको हुन्छ र त्यो त्यही पालामा मात्रै आउँछ। अनि त्यसमा पनि सबै न्यायीक प्रक्रिया पूरा गरेर मात्र सुनुवाई हुन्छ नि। यस्तो कहाँ भन्न पाछैन? यो प्रश्नले खडा गरेको जस्तो चाहि यसलाई तुरुन्त आज सुनुवाई गरेर आजै

लाने कहाँ चाहि यस्तो सम्भावना छ र? नभएदेखि मेरो कलिमा मैले असारसम्म गरे। असारको २८ गतेसम्म मैले हामीले संवैधानिक यही संसद् विघटनको मुद्दा हेरेर बसिराख्या छम्। त्यस पछाडि मैले तुरुन्त पेश गरेर गरिरहेको छु र त्यस पछाडि Single इसलासले रोक्दे पछाडि यो समस्या आइराछ। मैले कहाँ यो मुद्दालाई चाहि निर लुकाउने र छिपाउने र यसलाई चाहि नतोकेर राखे मैले कहाँ कुन चाहि क्रिया र मैले कर्मले गरे? यो कुरो यसमा छैन। यसमा छदै छैन। यदि यस्तो हुन्थ्यो भनि त साढे छ महिना सम्म यो मुद्दा थाती रहेर बसिरहन सक्थ्यो त? त्यसकारण यो लगाइएको जुन आरोप छ, यो आरोप भ्रामक हो, असत्य हो। त्यसकारण यो आधारवाट प्रधान न्यायाधीशलाई एउटा मुद्दालाई लिएर अनि त्यस पछाडि त्यसैलाई Issue बनाएर त्यहाँ के संवैधानिक इजालसमा यति मात्रै मुद्दा हो र? करिब करिब १००, २०० चानचुन कि ३०० चानचुन थियो मेरो पालामा अहिले कति भो मलाई थाहा छैन। तिनका सबै चाहि दशौं वर्ष अगाडि देखिवाट चाहि त्यहाँ मुद्दा चाहि Pending छन्। अहिलेका अहिले अब माननीयज्यूहरुको कति माननीयज्यूहरुको त्यो निर्वाचनको मुद्दाहरु अहिले पनि As it is छन्। त्यति सजिलो छ र? भन्ना साथै आउन पाछैन यसो हेरेर फट्ट चाहि निर्णय गर्ने हो र? निर्णयका हरेक वुँदाका प्रक्रिया पूरा गरेर सवुत, प्रमाणहरु पुऱ्याएर त्यस पछाडि चाहि निर्णय प्रक्रियामा जान्छ। अन्तिम निर्णय गर्ने प्रक्रियामा पुगे पछि निर्णय हुन्छ। यति हलुका तरिकाले कहाँ चाहि यो चाहि लुकाएर राखे कुराहरु हुन्छ र? त्यसकारण यो पटक्कै पनि यो जुन अभियोग लगाइयाछ यो तथ्यले पनि पुष्टि गर्दैन। यो चाहि यसमा कुनै सत्यता छैन। त्यसकारण यो अभियोग पनि निरर्थक छ।

<u>प्रश्न नं. १०:-</u> सशस्त्र प्रहरीका तत्कालिन वरिष्ठ अधिकृत रञ्जन कृष्ण कोइराला संलग्न ज्यान मुद्धामा मातहत अदालतवाट भएको फैसला उल्टी गरी गैर कानुनी ढंगले कैद घटाएको प्रश्नमा उक्त मुद्धा पुनः सर्वोच्च अदालतमा विचारधीन रहेकोमा त्यस्तो संगीन मुद्धाको शिघ्र सुनुवाई गरी गराई न्यायिक मूल्य पुनर्स्थापित गर्नु पर्नेमा आफैले पटक पटक पेशी स्थगित गरेको र त्यही संवेदनशील विचाराधीन मुद्दालाई प्रभावित गर्ने गरी सार्वजनिक रुपमै फैसलाको व्याख्या गर्दै त्यसको प्रतिरक्षा गरेको देखिएको छ। प्रधान न्यायाधीशले सरकारी प्रवक्ता जस्तो भई इजलास वाहिर आफ्नो फैसलाबारे बोल्दै हिँड्नु र टिका टिप्पणी गर्नु अदालतको गरिमा र पदीय मर्यादा अनुकूलको आचरण होईन, हुन सक्दैन, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> यो रञ्जन कोइरालासँग सम्वन्धित ज्यान मुद्दा यसमा भ्रम नहोस्। यसमा हामी पटक्कै पनि कोही पनि भ्रममा वस्नुहुन्न र भ्रममा राखिनु हुन्न। आम नागरिकलाई यो मुद्दामा, यो मुद्दामा भएको जुन फैसला छ यसले भ्रम सृजना गऱ्यो र भ्रममा

लगियो। दुःखका साथ भन्नुपर्छ हरेक मुद्दालाई हामीलाई एकै किसिममा हेर्छम्। मुद्दामा को संलग्न छ, को असंलग्न छ, कस्ता पदाधिकारी असंलग्न/संलग्न छ? कस्ता पदाधिकारी असंलग्न छ भनेर हामीले त्यसमा हेर्दैनौं। हामीले हेर्ने भनेको कर्तव्य ज्यान मुद्दा मात्रै हो। यसमा रञ्जन कोइराला या कोही व्यक्ति भन्नेसँग त्यसले हामीलाई मुद्दामा कहिले पनि हामीले त्यसरी गर्दैनौं। त्यसरी गर्ने हो भने न्यायाधीशको जुन निष्पक्षता हुन्छ, जुन न्यायाधीशले स्वतन्त्र रुपमा रहेर काम गर्नु पर्ने हुन्छ। जुन सक्षम भएर काम गर्नु पर्ने हुन्छ। त्यसमा आँच आउँछ। त्यसकारण, हामीले मुद्दाको व्यक्तिलाई होइन्। मुद्दाको पक्ष र विपक्षलाई होइन मुद्दाको गहनता र मुद्दाको तथ्यलाई हेरेर हामीले फैसला गर्छौं। यो मुद्दामा भ्रम के पारियो भने? यो मुद्दालाई उल्टि गरेर रञ्जन कोइरालालाई कम सजाय गरियो भन्ने जुन छ यो १०० को १०० प्रतिशत गलत हो। माननीय अध्यक्ष लगायत माननीय सदस्यहरुले यो मुद्दाको मिसिल नै मगाएर हेर्दा खेरि पनि हुन्छ। हाम्रो तत्कालको यसमा रञ्जन कृष्ण कोइरालाले कर्तव्य ज्यान गरेको हो भन्ने कुराको जुन जिल्ला र पुनरावेदन अदालतले फैसला गरेको छ। त्यसैलाई नै यसमा सदर भएको उसलाई कर्तव्य ज्यानको कसुरदार कायम भएको छ।

अब यसमा उहाँलाई जन्म कैद भएको हो। जन्म कैदको मुलुकी ऐनको व्यवस्थाले उसलाई २० वर्षको कैद हुने व्यवस्था हो। हामीलाई चाहि न्यायाधीशलाई एउटा विवेक प्रयोग गर्ने अधिकार चाहि मुलुकी ऐनको तत्कालको मुलुकी ऐनको १८८ को व्यवस्था हो। राय लगाउने, राय लिएर राय लगाउने। कसुरमा होइन सजायमा राय लगाउने व्यवस्था छ। त्यसलाई अहिले यो फौजदारी संहिताले पनि यसलाई स्थापना गर्याछ। यो मिसिलबाट मैले अहिले व्यक्तिको हिसाबबाट गइन। मिसिलबाट यसमा यो कसूर चाहि पारिवारिक छ। यो पारिवारिक कसूर हो। त्यस पछाडि उहाँहरुबाट जायजन्म भएका दुईवटा छोराहरु छन्। एउटा त नाबालकै जस्तो लाग्या छ, मलाई, मिसिलबाट नाबालक छ। उनीहरुले मार्मिक तरिकाले मिसिलमा आफ्नो भनाइ बकपत्र लेखेर त्यो मिसिलमा राखेको छ। मिसिलमा उनीहरुले राख्याछ र अदालतमा समेत त्यो नाबालक त्यो बच्चा छोराहरु उहाँको छोराहरु उपस्थित भएका छन्। त्यो आधारबाट बच्चाहरुलाई अब यो हाम्रा उ चाहि अभियुक्त रञ्जन कृष्ण चाहि २० वर्ष कैद भएकोमा हामीले फैसला गर्दाको अवस्थामा ८ वर्ष ६ महिना साढे ८ वर्ष उ कैदमा बसिसकेको अवस्था थियो। कैदमै बसिसकेको। उलाई त्योबाट छैन बसिसकेको थियो। त्यस पछाडि उसलाई चाहि अनि त्यो मिसिलबाट अलि दयनीय त्यो मिसिलबाट महसुस गर्ने हो। न्यायाधीशलाई एउटा विवेक प्रयोग गर्ने कानुनले दिएको अधिकार हो, कानुनले दिएको व्यवस्था हो। त्यो उसले विवेक प्रयोग गरेर उलाई अब बच्चाबच्चीको लागि दुईवटा बच्चाबच्चीको लागि पनि Guardian चाहिन्छ कि

भन्ने दृष्टिकोणबाट उसलाई अब साढे ८ वर्ष बसिहाल्यो भनेर, आठ वर्ष चार महिना चानचुन बसिसक्याथ्यो होला। साढे आठ वर्षको यसमा राय लगाएको हो। कहिले कहिले यो राय लगाउने, फेरि सबै इजलासबाट भए गरेकै हुन्। यो हिजो पनि थियो, आज पनि छ र भोलि पनि राय लगाउने व्यवस्था छ त्यो मुद्दाको प्रकृति अनुसार, घटनाको प्रकृति अनुसार त्यसपछाडि उसले त्यो बालबच्चाको हिसाब त्यसपछाडि पारिवारिक अवस्थाहरुलाई हेरेर राय लगाएर हामीले राय लगाउने चाहि गरेकै छौं। अब मलाई दुःख लाग्याछ। दुःख यसकारणले लाग्या छ कि साढे आठ वर्षको हामीले राय लगाएर गर्दा खेरि अब त्यसबाट पीडित परिवारहरुले र त्यस पछाडि अब पीडित परिवारले र अब जति त्यसमा जुन भयो पीडित परिवार लगायत चाहि अब त्यसमा प्रश्नहरु उठाइयो। यसबाट मलाई पनि दुःख लाएको छ। यो कुरो नभइदिएको भए देखि हुनेरहेछ भन्ने मैले अहिले Feel गरेको छु। मलाई पनि दुःख लाग्याछ। यसबाट यो गल्ती भाछ। यसैबाट यदि महाभियोग लागेर मलाई चाहि अवकाश दिनुपर्ने अवस्था छ भने म हार्दिकतापूर्वक म जनताको सामु र यो समितिको सामु पनि म अनुरोध गर्दछु कि यहि आधारबाट मैले किनभने कानुनले दिएको र मैले विवेक प्रयोग गरेको हुँ र यो विवेकमा प्रश्न उठाउन पाइदैन र पनि यसबाट गम्भीर गल्ती भएकै हो भन्ने लाग्दछ भने यसमा कुनै पनि अनियमितता त्यसपछाडि भ्रष्टाचार यसमा कुनै किसिमको भएको होइन। कानुनले दिएको अधिकार प्रयोग गरेर ती दुईवटा बालकहरुको लागि ती दुईवटा छोराहरुको लागि उसको बच्चाहरुको लागि भरणपोषण गर्नुपर्ने दायित्व र जिम्मेवारी अब आमाको अभावमा बाउ भएको हुनाले उसलाई चाहि यो घटना पनि पारिवारिक भएको हुनाले दिएको हुँ। यदि यसैबाट यो क्रियाबाट प्रधान-न्यायाधीशबाट यो गम्भीर गल्ती हो भने म अर्को न्यायाधीशलाई फेरि यसमा आरोप लगाउदिन। किनभने यसको जिम्मेवारी मैले लिड गर्याहुँ। देशको म प्रधान न्यायाधीश हुँ। मैले न्याय प्रशासनको जिम्मेवारी लिएको छु। यदि यसबाट चाहि मैले अवकाश हुन पर्छ, महाभियोग लाग्छ भने मेरो हार्दिकतापूर्वक म यसमा क्षमा चाहन्छु। मेरो हार्दिकतापूर्वक म अनुरोध गर्छु यो आधारबाट मलाई महाभियोग लाग्छ भने मलाई यसमा कुनै किसिमको आपत्ति र मैले यसमा Guilty Feel म गर्दिन।

<u>प्रश्न नं. ११:-</u> भ्रष्टाचारको अभियोग लागेका मुद्धाको छिटो छरितो सुनुवाई गर्ने प्रयोजनका लागि विशिष्टकृत अदालतको रुपमा विशेष अदालतको गठन र शिघ्र न्याय सम्पादनको व्यवस्था विगत २ दशक अघिदेखि भएकोमा उक्त अदालतमा महिनौं देखि न्यायाधीशको पदपूर्ती गर्न अनिच्छुक रही निजले सो विशेष न्याय प्रक्रियामा समेत अवरोध सृजना गरेका छन, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> म ११ औं प्रश्नमा गए। मेरो उद्देश्य मनसाय विशेष अदालतमा भएका न्यायाधीशहरुलाई बाहिर पठाउनु पर्ने अवस्था मेरो कारणले पटक्कै पनि भएको थिएन। यो २०७८ फागुन २८ गते हामीले परमादेशबाट सरकार निर्माणको प्रक्रियामा गएपछि २९ गते सरकार बन्यो। त्यसपछि ३० गते यहि ललिता निवासकै भ्रष्टाचार मुद्दामा एउटा प्रतिवादी उपस्थित हुनुभयो। त्यसपछाडि उहाँलाई यस भन्दा अगाडिकोमा विशेष अदालतले अन्य प्रतिवादी सबैलाई थुनामा राख्याथ्यो। ३० गते एउटा प्रतिवादी उपस्थित हुनुहुँदा उहाँलाई तारिखमा राखियो। त्यस पछाडि भोलि पल्टैदेखिबाट लिएर त्यसमा गम्भीर प्रश्नहरु खडा भयो। अनि लगत्तै मैले त्यहाँबाट उहाँहरुलाई अन्य ठाँउ अब एउटा समझदारी बारसँग के भाथ्यो भने। न्यायाधीशलाई अब बोलाएर परिपद्मा नराख्रे। अब कारवाही चाहि गर्दै जाने। अन्त ठाँउ चाहि कुनै ठाँउमा पठाउने भन्ने थियो। त्यही तरिकाले मैले त्यहाँबाट अवधि पुगेका र ती मुद्दामा संलग्न भएकालाई मैले त्यहाँबाट चाहि काजमा पठाए। त्यस पछाडि कानुन मन्त्री बन्नुभो। नयाँ कानुन मन्त्री आउनु भयो। उहाँले समय मागदै, मागदै, मागदै जानुभयो र त्यस पछाडिको अवस्था अब असार भयो साउन, भाद्र, असोज भो कार्तिकबाट त स्थितिहरु आइहाल्यो। त्यो भन्दा अगाडि चाहि कानुन मन्त्री हाम्रो ज्ञानेन्द्र बहादुर कार्कीज्यू हुनुहुन्थ्यो। उहाँले चाहि मेरो अरु धेरै कामहरु भएको हुनाले अहिले म परिषद्मा र आयोगमा आउन सक्दिन भन्नुभयो। त्यस पछाडि कार्तिक ७ गतेदेखिबाट ८ गतेदेखिबाट त प्रधान न्यायाधीशको विरुद्धमा मैले अघिल्लो बयानमा पनि भनि सके। धेरै प्रश्नहरु आयो। प्रश्नहरु आए पछाडिकोमा आयोगहरु, परिषद्हरु बस्न सकेन। मैले बोलाएको हुँ। उहाँहरु आउनु भएन। यो कुरो त सबै छर्लङ्ग भइरहेकै छदै छ। त्यसले गर्दा खेरि यो जुन चाहि यो भ्रष्टाचारको मुद्दाहरु छ। हामीले Serial wise मैले मेरो Cause List नै हेरियोस। हरेक हप्ताको चैत्र यो हरेक हप्ताको एक दिन मैले भ्रष्टाचारको मुद्दाहरु पेश गर्ने गर्याथे र त्यसमा फैसलाहरु भाको छ र धेरै मुद्दाहरु चाहि दुई तीनवटा मुद्दाहरुले भ्रष्टाचारको मुद्दाहरु रोकियो। त्यो रोकिनु पर्ने एउटा युवराज शर्माको मुद्दा Full Bench मा गयो। यो चाहि अकुत सम्पत्तिको विषयमा हो। त्यसको निर्णय नभइकन अरु मुद्दाहरु फैसला हुन सकेन। त्यसले गर्दा त्यसैलाई आधार मानेर राखियो। त्यो आधार मानेर सबै मुद्दा नहेर्ने भनेर राखियो। त्यो राखिएपछि अहिले भर्खरै युवराज शर्माको चाहि फैसला भयो। अब त्यस पछाडि खुल्ला। त्यस पछाडि त्यसले गर्दा खेरि अरु भ्रष्टाचारको मुद्दाहरु सबै पेशी तोकिएका छन्। फैसलाहरु भइरहेकै छन्। त्यसमा अरु कुनै किसिमको भ्रष्टाचारका मुद्दाहरुलाई रोकेर राखिएको भन्ने कुरा चाहि यो उसबाट कहिबाट पनि देखिन्न। कुनै तथ्यले पनि देखिदैन। प्रत्येक हप्तामा एक दिन कि दुई दिन चाहि भ्रष्टाचारको मुद्दा तोक्ने भनेर हामीले गरेकै छम्। इजालस गठन भाछ। इजलासबाट नै यो मुद्दाहरु हेरिरहेकै छ।

मितिः २६ भदौ २०७९, आइतवार

<u>माननीय सभापतिज्यू:-</u> माननीय सदस्यहरू, आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, आज प्रधान न्यायाधिश श्री चोलेन्द्र शमशेर जवरासँग महाभियोग लगाएको आरोपसँग सम्बन्धित विषयमा सोधपुछ तथा बयान लिने कार्य जारी रहने कार्यसूची रहेको छ। सर्वप्रथम म प्रधान न्यायाधिश चोलेन्द्र शमशेर जवरालाई समितिको बैठकमा उपस्थित हुनुभएकोमा धन्यवाद दिन चाहन्छु। प्रधान न्यायाधिश श्री चोलेन्द्र शमशेर जवराले महाभियोग लगाएको आरोपसँग सम्बन्धित मिति २०७९/५/१५, १६ र १९ गते को बैठकमा प्रश्न नम्बर १ देखि ११ सम्म प्रश्नको जवाफ दिनुभएको हुँदा अब म प्रश्न नम्बर १२ बाट बयान गर्नका लागि समय दिन्छु।

<u>प्रश्न नं. १२:-</u> प्रधान न्यायाधिश तथा न्यायाधीशहरुले आफूसँग सम्बन्धित वा आफ्नो स्वार्थ सन्निहित मुद्दाको सुनवाईमा आफू संलग्न नहुने भनि संवैधानिक इजलासबाटै निर्णय गरे पश्चात पनि प्रधान न्यायाधिश राणाले इजलासमा बसेर व्यक्त गरेको आफ्नो राय विपरीतको विषयवस्तु बनाई संवैधानिक इजलासको सुनुवाई रोकी पाउँ भनि परेको रिट निवेदनलाई अस्वाभाविक तरिकाले निजले पूर्व-अभ्यास विपरीत एकल इजलास समक्ष पेशीमा चढाई संवैधानिक इजलासलाई अनिश्चित कालसम्म अवरुद्ध गर्ने प्रबन्ध मिलाउन प्रधान न्यायाधीश चोलेन्द्र शमशेर ज.ब.रा. ले मूख्य भूमिका निर्वाह गरी संविधानको धारा १३७ ले प्रदान गरेको अधिकारको स्पष्ट दुरुपयोग गरेको देखिएको छ, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> यो जुन प्रस्तावित महाभियोगको बुँदा छ, यसको सबै सेरोफेरो संवैधानिक निकायको नियुक्तिसँग सम्बन्धित भएर यो प्रश्न उठाइएको छ, म नेपालको संविधानको विधि र प्रक्रिया बमोजिम प्रधान न्यायाधिशमा नियुक्त भएको हुँ। संविधानले दिएको दायित्व र कर्तव्यभित्र रहेर मैले आफ्नो कार्यसम्पादन निर्वाह गरेर आएको छु। त्यो संवैधानिक नियुक्तिसँग सम्बन्धित मैले धेरै बुँदाहरूमा त्यस विषयमा प्रश्नहरू उठिसकेको र यी सबै प्रश्नहरू सेरोफेरो अब अगाडिका प्रस्तावित यही विषयहरूमा पनि मैले आफ्नो भनाइहरू राखिसकेको छु। स्वच्छ सुनुवाइको व्यवस्था हुनुपर्छ, यो निर्विवाद सत्य हो। न्याय निरुपणको सिलसिलामा स्वच्छ सुनुवाइको व्यवस्था हुनुपर्छ। यसमा दुईमत हुनै सक्दैन तर नेपालको संविधानले धारा १३७ मा यो संवैधानिक Issue को विषयमा प्रश्नको विषयमा प्रधान न्यायाधिश र अरु चारजना न्यायाधीश परिषद्ले तोकेको चारजना न्यायाधीश भनेर व्यवस्था भएको हुनाले त्यो संविधानको त्यो व्यवस्थासँग अन्योन्यता सिर्जना भएको थियो। प्रधान न्यायाधिश अनिवार्य बस्नुपर्ने हो वा होइन

भन्ने विषयमा त्यहाँ धेरै प्रश्नहरू उठिरहेको थियो। यसको निराकरण अहिले भर्खर मात्रै अहिले यही गणेश रेग्मीले दिएको मुद्दाबाट चाहिँ अहिले यसलाई निराकरण भएको छ। नभएदेखि सबै मुद्दाहरू न्याय प्रशासनको जिम्मेवारी नेपालको संविधानले प्रधान न्यायाधिशलाई दिएको हुनाले र त्यसैको व्यवस्थापन तोक्ने व्यवस्थापन पनि सबै प्रधान न्यायाधिशले गरिआएको कुरो यो प्रचलनमा यो प्रचलनमा रहेको छ, यो कानुनले दिएको, न्याय प्रशासनले दिएको र संविधानले दिएको दायित्व र कर्तव्यभित्र पर्दछ त्यो प्रधान न्यायाधिशको अधिकार हो। यो संविधानले नै दिएको हो।

अब बेन्च यसमा तोकिएपछि यो ढिलो भएको भन्ने विषयमा त मैले अगाडि नै सबै अगाडिकै प्रश्नहरूमा मैले भनिसकेको छु। यो बेन्च तोक्ने विषयमा बेन्च तोकियो। म सहितको प्रधान न्यायाधिश सहितको संवैधानिक व्यवस्था अनुरुपको बेन्च तोकियो। त्यो बेन्च तोकिसकेपछाडि अब प्रधान न्यायाधिश आफैं बसेर यो संवैधानिक नियुक्तिमा नियुक्ति गरेको हुनाले संवैधानिक परिषद्का पदाधिकारीहरू नियुक्ति गरेको हुनाले यसमा प्रधान न्यायाधिश बस्नुहुन्छ र हुन्न भन्ने विषयमा त्यहाँ प्रश्न उठ्यो। प्रश्न उठेपछाडि मैले अघिल्लो पटक पनि भने हामी न्यायाधीशहरू छलफल गरेर तपाईहरूलाई जवाफ दिउँला भनेर हामीहरू बाहिर आयौं। बाहिर च्याम्बरमा आएर छलफल गरिसकेपछाडि उहाँ न्यायाधीशज्यूहरूले जो वरिष्ठ न्यायाधीशहरू बस्नुभएको थियो दिपक लगायत त्यो बेलाको त्यो बेलामा उपस्थित हुने न्यायाधीशहरू बस्नुभएको थियो, उहाँहरूले चाहिँ प्रधान न्यायाधिशज्यूले दुई दिन छुट्टी लिइदियो भने एक दिन मुद्दा हेर्दा हेर्दैको अवस्थामा मुद्दा हेर्ने दिनमा, र अर्को चाहिँ मुद्दा निर्णय गर्ने दिनमा चाहिँ बिदा छुट्टी लिएर बसिदियो भने कायममुकाम प्रधान न्यायाधिशको हैसियतले यो चाहिँ हिजो पनि यो परम्परा छ हिजो पनि भैसक्या छ। अर्थात् त्यो परम्परा भन्नाले अब यो एउटा दुर्भाग्यपूर्ण अवस्थाको हिजोको अवस्था सिर्जना भएको थियो। खिलराज रेग्मीजी प्रधान न्यायाधिश हुनुहुन्थ्यो उहाँ अब कार्यवाहक अध्यक्षको हिसाबले जानुभयो। तत्पश्चात् प्रधान न्यायाधिशकै हैसियतबाट जानुभएको हुनाले कायम मुकाम रह्यो कायममुकाम प्रधान न्यायाधिशको रुपमा दामोदर शर्मा हुनुहुन्थ्यो। उहाँको कालमा यो संवैधानिक नियुक्तिका विषयहरूमा के गर्ने भन्ने प्रश्न उठेपछाडि यसमा चाहिँ कायममुकामले हेर्दाखेरि नि हुन्छ भन्ने दृष्टिकोणबाट गयो। त्यसपछाडि त्यही कुरो आयो। अब बहाल रहेको प्रधान न्यायाधिशले बिदा लिएर बेन्च गठन गर्नुपर्ने भन्ने उहाँहरूको भयो कुरा भयो त्यसपछाडि मैले ठिकै छ यसरी गर्दा पनि हुन्छ भने ठिकै छ भनेर भनें। तत्पश्चात् एउटा गणेश रेग्मीजीको एउटा निवेदन आयो त्यो निवेदन आइसकेपछाडि त्यो निवेदनमा अब संवैधानिक इजलासमा बस्ने माथिदेखिबाट तल टंक मोक्तानसम्मको इजलास राख्न सक्ने अवस्था थिएन। तत्पश्चात्का तल्ला

न्यायाधीशहरूकोमा राख्दाखेरिकोमा त्यसपछाडिकोमा हरि फुयालज्यू माननीय हरि फुयालज्यूकोमा यो मुद्दा परेको थियो, उहाँले गर्नुभएको आदेश हो।

अब प्रश्न यहाँ लगाइएको प्रश्न अति अब यो एक किसिमले अब यो अब कुन शब्दमा यसलाई डिस्नेरीमा यो हाम्रो शब्दकोषमा सबैभन्दा घृणित र उच्चारण नै गर्न नहुने यस्तो किसिमको यो शब्द लगाएर यसमा चाहिँ प्रधान न्यायाधिशलाई यस्तो महाभियोग लगाइयो। यसमा के भनियो भने सर्वोच्च अदालतको गरिमामय र स्वतन्त्र निष्पक्ष न्यायाधीशलाई आरोप लगाएर यो प्रधान न्यायाधिशले नियुक्त गरेको न्यायाधीशलाई राखेर यस्तो किसिमको आदेश गराइयो र यो आदेश गराउनलाई सबै प्रधान न्यायाधिशकै भूमिका र संलग्नता रह्यो भनेर उहाँहरूले यसमा यो लगाइयो। यति घृणित कार्य त हुनै सक्दैन यस्तो चिज जुन चाहिँ स्वतन्त्र न्यायाधीशलाई अहिले पनि उहाँ न्यायाधीशको रुपमा Exiting हुनुहुन्छ उहाँको विषयमा कुनै पनि प्रश्न छैन उहाँले गर्नुभएका स्वतन्त्र, स्वतन्त्र र निष्पक्ष रहेर गर्नुभएको उहाँको जुन विवेकपूर्ण कानुन अनुरुपको निर्णय छ त्यसमा प्रधान न्यायाधिशलाई संलग्न गरेर यस्तो आरोप लगाउँदाखेरि के यो न्यायोचित, उचित, संवैधानिक, कानुन यो केही चिजले मिल्छ यस्तो कुराहरू? यस्तो आरोप लगाएर प्रधान न्यायाधिशलाई चाहिँ महाभियोगको यो प्रस्तावमा आएको छ। प्रधान न्यायाधिशले जहिले पनि संविधानले दिएको दायित्व र कर्तव्य कानुनले दिएको अधिकारलाई प्रयोग गरेर इजलास तोक्ने हो। सबै न्यायाधीश समान, सर्वोच्च अदालतमा रहेका सबै न्यायाधीश समान हुन्छन् त्यस मध्ये सर्वोच्च अदालतका न्यायाधीशमध्ये एउटा लिडर जज मात्र हुन्छ प्रधान न्यायाधिश उसको भूमिका कुनै पनि न्यायाधीशको ब्रेनमा पस्ने, उनको चरित्रमा पस्ने कदापि हुन सक्दैन। त्यो न्यायाधीशहरू संविधानबाट आफ्नो योग्यता पुगेर नियुक्ति भएका न्यायाधीशहरूलाई न्यायाधीशहरू जो स्वतन्त्र Presume गर्छौं हामीले, स्वतन्त्र छ त्योसँगको सरोकारमा त्यसरी बसेर इजलासबाट गरेको निर्णयलाई प्रधान न्यायाधिशको दबाब र प्रभावमा परेर भन्यो भनेर गरेर यस किसिमको अभियोग लगाउनु भन्या त अहिले Exiting रहिरहेका माननीय न्यायाधीशलाई समेत पनि यो त गम्भीर आरोप हो। यदि, यदि सम्मानित समितिलाई यो महाभियोग छानबिन समितिलाई यस्तो लाग्छ भने उहाँलाई उपस्थित गराएर बुझ्दा पनि हुन्छ। यो अधिकार समितिलाई छ। यो अधिकार समितिलाई भएको हुनाले उहाँलाई बोलाएर बुझे भैहाल्यो। उहाँले यो स्वतन्त्र रुपमा गर्नुभएको कि प्रधान न्यायाधिशको निर्देशनमा गर्नुभयो? यसरी निर्देशमा प्रधान न्यायाधिशको निर्देशनमा पनि कुनै मुद्दाहरू फैसला हुन्छ भन्ने Presume गर्ने हो र? यस्तो किसिमको आरोप लगाइएको छ, यो आफैंमा निरर्थक असत्य र यस्तो चिज त मैले भनि हाले नि यो डिस्नेरीमा नेपालको यो हाम्रो नेपाली भाषाको डिस्नेरीमा यो जत्तिको चाहिँ अब यसलाई त भनिहाले नि कुन

चाहिँ सबैभन्दा तल्लोस्तरको जुन छ, त्यसैमा यसलाई गाम्दाखेरि हुन्छ। यो आधारवाट प्रधान न्यायाधिश जस्तो गरिमामय पदमा म सबै प्रक्रिया विधि र प्रक्रियावाट चाहिँ नियुक्त भएको पदाधिकारीलाई यस किसिमको आरोप लगाउनु भनेको समुच्च न्याय प्रणालीलाई असफल बनाउनु हो। यो यसले असफल बनाउने क्रियातर्फ गैराछ, यसले न्यायपालिकालाई कमजोर बनाउने क्रियातर्फ गैराछ, सबै न्यायाधीशलाई असक्षम छ भनेर यस्तो गरेर गम्भीर आरोप लगाउने, लगाएर यो गैराख्या छ, यी सर्वोच्च अदालतका सबै न्यायाधीशहरू जति सबै नै विचौलिया हुन्, यिनलाई प्रधान न्यायाधिशले निर्देशन गर्छ, प्रधान न्यायाधिशको निर्देशनमा काम गर्छ भनेर यो जति पनि बुँदाहरूमा चाहिँ आरोप लगाइएको छ यसले त हामीले परिकल्पना गरेको स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिकाको परिकल्पना जुन संविधानले गरेको छ त्यसलाई टिकिखान नदिने, बसिखान नदिने र त्यसपछाडि सबैलाई यो न्यायपालिकालाई ध्वंश र भंङ्ग गर्ने कामबाट चाहिँ यो यस्ता किसिमका आरोपहरू अहिले अगाडि बढिरहेका छन्। यो आरोप मैले भनिराखेको छु, यो आरोप न्यायमा संलग्न व्यक्तित्वहरूको मात्र हैन यो Political Party हरूको यो चाहिँ यो ध्येय हो। त्यसमध्ये म को Political Party छ म भन्दिनँ। तर यो जुडिसियल, न्यायपालिकालाई भंग गर्न सकियो भने आफ्नो स्वार्थ पूर्ति हुन्छ भन्ने मनोभावना राखेर यी क्रियाहरू गैराछ। यसवाट गरिमामय संसद, गरिमामय समिति यदि यसवाट चाहिँ सचेत हुन सकेन भने भविष्यमा हामीले जुन, जुन कानुनको शासन, संविधान अन्तर्गतको शासन भन्ने हामीले परिकल्पना गर्छौं र हरेक नागरिकको हक र अधिकारलाई संरक्षण चाहिँ अदालतले गर्छ, अन्याय परेका नागरिकलाई यो पर्छ र सबै कुराहरूलाई कानुनी शासनमा लाने दायित्व र जिम्मेवारी अदालतको छ भन्ने जुन चाहिँ यो संविधानको मक्सद हो त्यो मक्सदमा घात पुग्छ। यस्तो किसिमको यो प्रक्रियावाट यो किसिमको आरोपवाट हामीले न्यायपालिकालाई सुदृढ, सक्षम बनाउने तर्फ गैराख्या छैनौं। त्यसले गर्दाखेरि म यो गरिमामय संसदमा, यो समितिमा म हृदयपूर्वक म प्रधान्यायाधीशको हैसियतले पनि म आज यहाँ उपस्थित भएको छु। त्यसले गर्दा म भन्छु यो न्यायपालिकाको मर्मलाई, न्यायपालिकाको गरिमालाई आँच आउने क्षीण-क्षीण गर्ने यी जुन किसिमका यी केही तत्वहरूको राजनितिक तत्वहरूको गेम छ, यो प्लान छ यसलाई चाहिँ निरर्थक गर्नुपर्छ। त्यसले गर्दाखेरि यस्तो आदेश यस्तो किसिमको प्रश्नहरूको मैले जुन यो जवाफ दिइरहेको छु यसलाई गम्भीर रुपमा हेर्नुपर्छ यसलाई एकदम गम्भीर रुपमा। न्यायपालिकाको संरक्षण वेगर हामी एक इन्च पनि प्रजातान्त्रिक मूल्य र मान्यतामा हामी जान सक्दैनौं। त्यसले गर्दाखेरि यो जुन यो प्रश्न छ यो प्रश्न आफैंमा भेग, भ्रम र न्यायपालिकालाई ध्वस्त पार्ने किसिमका प्रश्नहरू छन्। यसले यस्तो आधारवाट प्रधान न्यायाधिश जस्तो गरिमामय पदमा वसेको व्यक्तिलाई महाभियोग लगाउनु पटकै सुहाउने र हुने कुराहरू हैन।

माननीय सभापतिज्यू:- माननीय विष्णु प्रसाद पौडेल।

माननिय श्री विष्णु प्रसाद पौडेल:- कस्तो हुँदो रैछ भने नि अस्ति छलफल त गर्‍यौं हामीले अब सबै प्रश्नको जवाफ आएपछि लास्टमा गरौंला भनेर तर केही केही त कस्तो हुँदो रहेछ भने यो प्रश्नको जवाफ चाहिँ गासिएका पुरक प्रश्नहरू नसोधिकन अगाडि बढ्दाखेरि समस्या हुने जस्तो देखें। जस्तै उदाहरणको लागि के गर्ने त सोचौं, यहाँले बताउनुभयो नि यो चाहिँ प्रधान न्यायाधिशलाई चाहिँ दुई दिन छुट्टी लिइदिन चाहिँ अरु न्यायाधीशले भन्नुभयो यहाँले छुट्टी लिइदिएर सघाइदिनुभयो। त्यो छुट्टी माग्ने कुन कानुनि व्यवस्था संवैधानिक व्यवस्था हो? त्यो छुट्टी माग्नुभयो उहाँले यहाँले छुट्टी बसिदिने यो कुन संवैधानिक कानुनि व्यवस्था हो? यसो गर्ने यो चाहिँ छुट्टी माग्ने, छुट्टीमा बसिदिनुस् भन्ने माननिय न्यायाधीशहरू कोको हुनुहुन्छ? उहाँले किन त्यसो भन्नुभयो? यहाँले किन छुट्टीमा बसिदिनुभयो? यो के यहाँहरूकै बिचको मिलोमतो हो कि क्या हो यस्तो यो?

(बिचमा छलफल भएको)

प्रश्न नं. १३:- प्रधान न्यायाधिशको नियुक्तिको क्रममा संसदीय समितिबाट सुनुवाई हुँदाका बखत निज प्रस्तावित प्र.न्या. राणाले सार्वभौम संसद समक्ष गरेका प्रतिवद्धता विपरीत न्यायाधीशको पदपूर्ति र उचित समयभित्र मुद्दाको फर्स्यौट गर्न असक्षम रही निरन्तर न्यायमा अवरोध सृजना गरी आफू संविधानतः प्रधान न्यायाधीशको नेतृत्वको जिम्मेवारी वहन गर्न पूर्ण असक्षम सिद्ध भैसकेको र संसदीय सुनुवाईका बखत व्यक्त निजको प्रतिवद्धता निजका काम कारवाहीबाट झुठो साबित हुन गएको छ, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:- मेरो प्रधान न्यायाधिशमा नियुक्ति २०७५ साल पुस १८ गते भएको हो। त्यसपछाडि मैले संसदीय सुनुवाइको क्रममा मैले संसदीय सुनुवाइको क्रमा शीघ्र न्याय सम्पादन र अनियमितता र भ्रष्टाचारको उन्मूलनको विषयलाई प्राथमिकताको साथ आफ्नो वचनवद्धता गरेको थिएँ। मुद्दा मेरो कालमा करिब करिब २२ हजारको हाराहारीमा थियो त्यो वेलामा त्यो वेलामा २२ हजार चानचुनको हाराहारीमा थियो र त्यो २२ हजारलाई मैले सरकारसँग अनुरोध गरेर न्यायाधीशहरूलाई बढी काम गरे बापतको भत्ता सुविधा पाउने गरी डवल कर्जिष्टको व्यवस्था गरें। डवल कजलिष्टको व्यवस्था गरिसकेपछाडि साना तिना मुद्दाहरू, यो एकल इजलासका मुद्दाहरू, त्यसपछाडि दोहोऱ्याइपाऊँका मुद्दाहरू, अनि अनुमति पाऊँ भन्ने निवेदनहरू, लगायत बन्दी प्रत्यक्षीकरण लगायत यस्ता निवेदनहरूलाई पहिलो इजलासमा त्यसपछाडि मुद्दालाई दोस्रो इजलासमा दोस्रो पटकको इजलासमा गरेर, साढे १० देखि साढे ११

बजेसम्म पहिलो इजलास रहने र त्यसपछाडि दोस्रो इजलासमा दोस्रो इजलास कायम हुने गरेर मैले गरेको थिएँ। त्यसबाट मुद्दाको फछर्यौटको संख्या घटेर करिब १६ हजार चानचुनमा आएको थियो। तत्पश्चात् २०७६ साल चैत्र महिनाबाट कोभिडको कारणले गर्दाखेरि करिब करिब ९ महिना त्यो ७७ साल असोजसम्म हामीले काम गर्न पाएनौं तत्कालको अवस्थामा। त्यसपछाडि केही मुद्दाहरूलाई मात्र हामीले असोजपछाडि यसलाई फछर्यौट दृष्टिकोणबाट हामीले अगाडि बढाएका छौं । यो फछर्यौट भैराख्या छ। त्यसपछि फेरि पनि कोभिड आयो कोभिडले यो फेरि पनि साउनदेखिबाट अर्को ७८ सालको फेरि पनि कोभिड भयो फेरि पनि यही समस्या आयो। त्यो भन्दा बिचमा दुईटा दुईपटक संसद विघटनको मुद्दालाई हामी पाँच जनाले त्यतापट्टि गएर टाइम दिनु पर्यो यही बिचमा। यो मैले अघिल्लो पटक पनि मैले आफ्नो बयानमा सबै कुरा भनिसकेको छु।

मेरो कालमा मैले अस्ति पनि भनेको थिएँ मैले आफ्नो बयानमा मैले उल्लेख गरेको छु। मेरो कालमा कुनै पनि जिल्ला र कुनै पनि उच्च अदालत र सर्वोच्च अदालतमा मुद्दामा यसरी यस्तो किसिमको गरियो, मुद्दामा भ्रष्टाचार गरियो भन्ने कुनै प्रश्नहरू उठेकै छैन उठेकै थिएन। यो सबै माननियज्यूहरूले आफ्नो जिल्लामा सबै जना हुनुहुन्छ। आफ्नो जिल्लाबाट त्यसपछाडि उच्चबाट पनि सबै हुनुहुन्छ सबले हेर्दा पनि हुन्छ। यो आरोप मात्रै हो यो लगाइएको आरोप मात्रै हो त्यसपछाडि जुन अब नियुक्तिमा ढिलो गरियो भनियाछ, यो कहिले पनि हाम्रो नियुक्तिको क्रियामा कहिले पनि ढिलो भएको छैन। यो कुरो अहिले सबै यसमा हाम्रो यसमा यो न्याय परिषद्बाट बुलेटिनमै हेर्दाखेरि पनि नि हाम्रो त सबै गरेका कामहरूको सबै सूचनाहरू बुलेटिनमा आउँछ वार्षिक रुपमा आउँछ। त्यसले गर्दा न्यायाधीश पदपूर्तिमा कहिले पनि कुनै पनि अनुचित ढिलो भएको छैन र कहिले पनि यस्तो यो न्यायाधीश नियुक्तिलाई हामीले ढिलो गरेर गर्ने गर्या पनि छैन। कहिले कहिले परिस्थिति त्यस्तै बन्छ। अब खुल्ला रुपमा भन्दा फेरि अब फेरि प्रश्नहरू बाहिर जान्छन् हामी खुल्ला उसमा समाजमा छौं। त्यसले गर्दाखेरि यो गरिमामय अब जनताको अदालतमा यो कुरो भन्दिएन भनेपनि, खोल्दिएन भने पनि जनताको आकांक्षाभन्दा फेरि फरक हुन्छ। हरेक नियुक्तिमा भागबन्डा हुन्छ। उहाँहरूको चाहना छ। हरेक नियुक्तिमा बारका पदाधिकारीहरूको चाहना छ। मैले यो पटक-पटक मैले आफ्नो बयानमा भनिसकेको छु। हरेक पार्टीले सिफारिसै गरेर पठाएको हुन्छ यो न्यायाधीशलाई चाहिं हाम्रो नियुक्ति गर्नुपर्छ भनेर। यो कुरो त प्रचारप्रसार सामाग्रीमा, त्यसपछाडि गएर लेटर प्याडमै पठाएर चाहिं परिषद्लाई प्रधान न्यायाधिशलाई पठाएका चिजहरू छँदै छन् नि! यसबाट हामी किन छिप्नु पर्छ र किन लुकाउनु पर्छ र। त्यसले गर्दाखेरि पनि योग्य व्यक्ति चयनमा कहिले कहिले अलिकति ढिलो हुन्छ यो

भन्दा ढिलो कहिले पनि मेरो कालमा चाहिँ मैले गरेको छैन, ढिलो गरेको छैन। त्यसले गर्दाखेरि यो जुन छ आरोप छ यो आफैंमा कुनै पनि तथ्यले पुष्टि नहुने, कुनै पनि आधारबाट पुष्टि नहुने, कुनै पनि यो आरोपहरू चाहिँ पुष्टि हुने आधारहरू नभएको हुनाले यो आरोपबाट प्रधान न्यायाधिशलाई महाभियोग लाग्नुपर्ने अवस्थाहरू छैन।

<u>प्रश्न नं. १४:-</u> संवैधानिक परिषद्को पदेन सदस्यको रुपमा कार्यपालिकासंग हिस्सेदारी माग गरी संवैधानिक आयोग तथा अन्य आयोगहरुमा आधार, कारण र मापदण्ड समेत निर्धारण नगरी आफ्ना परिवारका सदस्य तथा निकटका व्यक्तिहरुलाई प्रधान न्यायाधिश राणाले नियुक्तिको सिफारिश गरेको कुरा सार्वजनिक भइसकेकोले पनि त्यस्तो सम्मानित पदमा आसिन व्यक्तिले प्रधान न्यायाधीशको पदको घोर अपमान एवं दुरुपयोग हुने गरेको पुष्टि भएको छ, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:-</u> मैले अब अझै यसलाई पनि अझ प्रष्ट रुपमै म आफ्नो बयानलाई राख्छु। मैले हरेक बयानमा भनेको छु, म नेपालको संबधानको पालना गर्ने सपथ खाएको व्यक्ति हुँ। आफूले सपथ खाएको भन्दा अलिकति पनि आँच आउने काम, गैरकानुनि काम, गैर संवैधानिक काम मैले गरेको छैन। मैले, मैले यो संवैधानिक नियुक्तिको विषयमा जुन प्रश्न अहिले खडा भएको छ, त्यो प्रश्न मैले अघिल्लो पटको बयानमा पनि भनिहालें। नेपाली काँग्रेसले निर्णय नै गरेर संवैधानिक परिषद्का सदस्यहरू उपस्थित नहुन भनेर विज्ञप्ति नै जारी गर्नुभाछ। माओवादी केन्द्रले त्यसरी नै सदस्यहरू अनुपस्थित हुन भनेर, उहाँहरूले विज्ञप्ति नै जारी गर्नुभाछ। यो परिस्थितिमा संवैधानिक परिषद्बाट नियुक्ति भएका छन् यो स्वभाविक रुपमा आरोप लगाउनु र आरोप सहनु यो ..... के हो? म यसमा अन्यथा म भन्दै भन्दैन। मैले भनिहालें नि संविधानको सपथ खाएर प्रधानन्यायाधीमा नियुक्ति भएको हुँ। मैले आफ्नो दायित्व र कर्तव्य मले गर्नुपर्छ, त्यो दायित्व र कर्तव्यबाट म च्युत हुनुहुन्न। उहाँहरूको इशारा त्यो बेलामा त्यो विज्ञप्तिको इशारा प्रधान न्यायाधिश अनुपस्थित भैदियोस् भन्ने मात्रै थियो। यसमा यो घाम जस्तै छर्लङ्ग छ, यसमा मैले थप यसमा विश्लेषण गर्ने पर्दैन। तर मैले अघिल्लो पटक पनि भनें प्रधान न्यायाधिशले न काँग्रेसको नैपाली काँग्रेसको प्रतिनिधित्व गर्छ, न माओवादी केन्द्रको प्रतिनिधित्व गर्छ। प्रधान न्यायाधिश त आफैंमा स्वतन्त्र र निष्पक्ष व्यक्ति हो नि। संविधानले दिएको दायित्व र कर्तव्यबाट प्रधान न्यायाधिशलाई च्युत गर्न विज्ञप्ति निकाल्ने, अनि त्यहाँ भएका प्रक्रियावमोजिम योग्य भएका योग्य व्यक्तिहरू नियुक्त भएका विषयहरूलाई लिएर प्रधान न्यायाधिशलाई टाँस्ने, टाँसेर अनि यो महाभियोगको आरोप लगाइएको छ। यो आफैंमा यो आरोप उचित छैन, अनुचित छ। त्यसको अलवा पनि अब जहाँसम्म प्रधान न्यायाधिशका

मान्छेहरूले यो चाहिँ यो उसमा भाग खोजेर लियो भन्ने छ। त्यहाँको प्रक्रिया या त हामीले बुझेकै छैनौं, यो आरोप लगाउँदा या बुझ्ने प्रयास नै गरेनौं। या बुझेर पनि बुझ पचायौं, यो आरोप लगाउँदा यो मैले बुझ्न सकिनँ। संवैधानिक परिषद्मा अध्यक्षता देशको सम्माननिय प्रधानमन्त्रीज्यूले गर्नुहुन्छ। त्यसमा सबै विशिष्ट अधिकारी त्यसमा रहन्छ। त्यसमध्ये विपक्षी पार्टीको नेता अनुपस्थित हुनुहुन्छ। सभामुखज्यू, सम्माननिय सभामुखज्यू अनुपस्थित हुनुहुन्छ र त्यसपछाडि सम्माननिय उपसभामुख त नियुक्ति नै हुनुभएको थिएन। उहाँ हुने पद नै खाली थियो। अनि यो अवस्थामा बाँकी रहेको पदाधिकारी उपस्थित भएको छ। प्रधान न्यायाधिशले संविधान बमोजिम आफ्नो दायित्व र कर्तव्य निर्वाह गरेर संवैधानिक परिषद्मा उपस्थित हुनु अपराध ह? यसलाई अपराधको रुपमा मान्न सकिन्छ? प्रधान न्यायाधिशले राजनिति गर्ने, राजनिति गर्ने पद हो त्यो? प्रधान न्यायाधिशको पद राजनिति गर्ने पद हो र? अनि फलानो पार्टी, फलानो पार्टीको चाहिँ नवस्तु भनेको छ। म त आउँन सक्दिँन भनेर जानकारी गराउने? यही हो हाम्रो संवैधानिक विधि र प्रक्रिया? यसैलाई enhance गर्ने, यसैलाई प्रोत्साहन गर्नलाई प्रधान न्यायाधिशको पद खडा गरिएको हो र? यदि प्रधान न्यायाधिशलाई त्यसमा राख्न हुन्न भने संविधान संशोधन गर्ने त गरिमामय संसदलाई अधिकार त छँदै छ, नि। त्यसबाट यो प्रधान न्यायाधिशलाई झिक्दै भैहाल्यो नि। यो निष्पक्ष, स्वतन्त्र रहनु गर्नुपर्ने पदाधिकारीलाई फेरि भोलि योग्यताका प्रश्न उठ्यो भने फेरि उसैले नै तोकेर हेर्नुपर्ने स्थिति छ भने प्रधान न्यायाधिशलाई त त्यो संवैधानिक परिषद्मा त प्रधान न्यायाधिशको इच्छाबमोजिम राखिएको त त्यो पद होइन नि? त्यो ठाउँमा त्यो दायित्व र कर्तव्यमा दिएको त प्रधान न्यायाधिशलाई होइन। यदि प्रधानन्यायाधीले त्यहाँ गएर बस्ने मुद्दा तोक्दा पनि आरोप लगाउने, अनि मुद्दामा बसे पनि आरोप लगाउने हो, भने त त्यो पद त्यहाँ लगेर किन राख्ने, किन विवादित बनाउने? मैले यो बुझैकै छैन। त्यसले गर्दा त्यहाँ झिकेको भए भैहाल्न्यो नि यो पद। त्यसको अलावा पनि नि सबै पदाधिकारीहरू अब तल तल पनि प्रश्नहरू धेरै छन् यसैमा छ गाँसिएर आएका छन्। सबै पदाधिकारीहरूको त्यहाँ सबै जति पनि पदाधिकारीहरू मापदण्ड बनेको छ र मापदण्डमै लेखिएको छ। यसमा मापदण्डभित्र नपरेकाहरूलाई पनि नियुक्ति गर्ने सकिने भनेर मापदण्डमै छ। त्यसपछाडि यो सबै जतिपनि नि यो नामवली प्रस्तावित गर्ने हो सम्माननिय प्रधानमन्त्रीज्यूले गर्नु हुन्छ। त्यसपछाडि हामीले चाहिँ आफूलाई लागेको योग्यताहरू चाहिँ हेरेर उमेर पुगेको छ कि छैन? योग्यता पुगेको छ कि छैन? त्यसपछाडि गएर अनि त्यसपछाडि उहाँको कार्यक्षमताहरू कस्तो छ? यी सबै हेरेर चाहिँ त्यसपछाडि नियुक्तिलाई हामीले सहमति जनाउने हो। यस्तो कुरामा पनि प्रधान न्यायाधिशले आफ्ना मान्छे गर्यो भन्ने। कुन चाहिँ हो प्रधान न्यायाधिशको मान्छे? प्रधान न्यायाधिशले अयोग्य व्यक्तिलाई गरेको हो र? क्षमता नभएको व्यक्तिलाई गरेको छ र? यहाँ प्रश्न उठाइएको छ र?

नियुक्ति गरिएका पदाधिकारीहरूको योग्यतामा प्रश्न छ र? Even सम्माननिय सभामुखज्यूले जुन उसमा सर्वोच्च अदालतमा निवेदन दिनुभएको छ सम्माननिय सभामुखज्यूले। त्यसमा पनि योग्यताको विषयमा प्रश्न छैन। प्रक्रियाको विषयमा प्रश्न छ, त्यो अहिले पनि विचाराधीन छ। यस्तो कुरामा पनि अब प्रधान न्यायाधिशले आफ्नो दायित्व र जिम्मेवारी संविधान अनुरुपको सपथ खाएबमोजिमको गर्दा पनि प्रधान न्यायाधिशलाई आरोप र लाञ्छना लगाएर अनि यही आधारबाट महाभियोग लाग्नु पर्छ, भन्नु त अब मैले योभन्दा बढी भन्न सकिनँ यस आधारबाट चाहिँ महाभियोग लाग्नुपर्ने होइन?

<u>प्रश्न नं. १५:-</u> न्यायपालिकाको विकृति, विसंगति र भ्रष्टाचारको सम्बन्धमा अध्ययन गर्न आफैंद्वारा गठित माननिय न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वको समितिको प्रतिवेदन प्राप्त भएपछि पनि सो प्रतिवेदन लागू गर्न अनिच्छुक तथा असक्षम देखिएको र सो प्रतिवेदन बुझ्ने क्रममा तत्काल कार्यान्वयनको प्रतिबद्धता प्रधान न्यायाधिश राणाले व्यक्त गरेपनि सोही प्रतिवेदनका विरुद्धमा अभिव्यक्ति दिई पदीय मर्यादा विपरीत कार्य गरेको प्रष्ट छ, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जवरा:-</u> यो न्यायपालिकामा धेरै सुधारहरू गर्नुपर्छ, गर्नुपर्ने अवस्थाहरू छ भन्ने धेरै विचारहरू आयो र मैले अब बाहिर भए मैले भनिहालें नि बाहिर भएको भए मैले यस्तो विचार राख्दैन थिएँ तर सम्मानित संसद उपर जनताको संसद उपर मेरो विषयमा यो गुनासोहरू आइराखेको हुनाले मैले चाहिँ व्यक्त गर्नै गर्छ। सही कुरो मैले भन्नै पर्छ। न्यायपालिकामा विकृति, अनियमितता, भ्रष्टाचार छ भन्ने आरोप कानुन व्यवसायीले, त्यसपछाडि गएर नागरिक समाजले , त्यसपछि गएर पत्रकार। अहिले नेपालमा एक किसिमको दोस्रो शासकको रूपमा रहेको छ। अब दोस्रो के प्रथम शासकको रुपमा रहेको छ। त्यो पत्रकारहरूले पनि व्यक्त गरेकै कुरा हो। त्यसै आधारबाट प्रतिवेदन यो हरिकृष्ण कार्कीको अध्यक्षतामा नेतृत्वमा मैले समिति गठन गरेकै हो। यो समितिले न्यायपालिका भित्रको म हार्दिकता पूर्वक म भन्छु अझ पनि भन्छु। आजसम्म जतिपनि प्रधान न्यायाधिशले, प्रधानन्यायाधीको पालामा जतिओटा समिति बन्यो। ती समितिकाले दिएका प्रतिवेदनहरू कुन ड्रअरमा छ, कसैलाई थाहा छैन तर मैले यो पारदर्शित हिसाबले यो हरिकृष्ण कार्कीको प्रतिवेदनलाई सार्वजनिक गर्छु, भनेर प्रतिवद्धता जाहेर गरें र कार्यान्वयन गर्छु भनेर, प्रतिवद्धता जाहेर गरें। मैले सार्वजनिक गरें, यो प्रतिवेदनलाई सार्वजनिक गरें। आखिरमा नेपालकै धरोहर हो नि न्यायपालिका। त्यसमा भएका विसङ्गतिहरू जति छन्। त्यसलाई त क्रमिक रुपमा सुधार गर्दै हामीले सक्षम र सबल न्यायपालिका बनाउने न हो हाम्रो लक्ष्य र उद्देश्य हुनुपर्छ। त्यसमानेमा मैले यो बसलाई यो मैले यसलाई सार्वजनिक

गरिदिएँ। यो सार्वजनिक गरिसकेपछाडि रुप त सबैको देखियो नि। अनुहार त सबैको देखियो। अनि उहाँहरूलाई समस्या पर्यो, त्यसपछाडि चण्डेश्वरजी वारका पदाधिकारी आएर। यसलाई त सार्वजनिक नगरेको भए हुन्थ्यो। वारमा मात्र पठाइ दिएको भए हुन्थ्यो। मैले भने म जुन निकायमा बसेको छु। यदि त्यो निकायलाई सफा गर्ने हो भने यसलाई सार्वजनिक गर्नुपर्छ। त्यसले गर्दा मैले सार्वजनिक गरें। एउटा कुरो यो सार्वजनिक भयो। दोस्रो कुरो यो उहाँले प्रतिवेदन दिएको २०७८/४/१४ दिनुभयो। त्यसको लगतै ४/१७ मा मैले अब यो कार्यान्वयन नै गर्नलाई अनिश्चित भयो भने। एउटा कुरो अझ म आफ्नो बयानको क्रममा भन्छु। नोट होस् यो कुरो नोट भैहाल्छ। एउटा कुरो क भने यो प्रतिवेदनलाई कार्यान्वयन गर्छु भन्ने प्रतिवद्धता व्यक्त गर्नु र यो प्रतिवेदनलाई सहमत गर्नु भन्ने कुरा फरक हुन। प्रतिवेदन आइसकेपछाडि मैले यसलाई मैले प्रतिवद्धता जनाएको छु, यसलाई कार्यान्वयन गर्नुपर्छ तर यो नै ठिक छ भनेर मैले पनि भन्नु पर्छ भन्ने मेरो प्रतिवद्धता होइन। यति कुरा clear हुनुपर्छ। त्यसपछाडि यो प्रतिवेदन आइसकेपछाडि यो २०७८/४/१४ मा उहाँहरूले प्रतिवेदन दिनु भयो। त्यो दिएपछाडि ४/१७ मै अलिकति पनि ढिलो गरेको छैन। यो बुझेकोबाट ४/१७ मै उच्च अदालतका सबै इजलास त्यसपछाडि अस्थायी इजलास जिल्ला आदालत सबैलाई यसमा उहाँहरूले सीमा तोक्नु भएको थियो। पङ्क्तिसरसम्ममा गोलाप्रथामा जाने, त्यसपछाडि चाहिँ automation मा जाने। हाम्रो यति मात्र थियो। यो प्रतिवेदनले दिएको यतिमात्र थियो। त्यसपछाडि गोलाप्रथामा जान भनेर मैले लेखें। त्यसपछाडि तत्कालै ४/२४ मा फूलकोर्ट राखेर त्यसपछाडि यसलाई त गोलाप्रथा भनेर आज लिएर आएर आज नै यसरी गोला हालेर झिक्ने भन्ने कुरा त सम्भावना थिएन। हाम्रो त सबै automation मा छ। automation ..... त्यो सबै त आइटी मा छ। हाम्रो त सबै web मा छ। त्यसलाई त सबै मिलाउन पर्यो। मिलाउनको लागि चाहिँ त्यसपछाडि नियमावलीमा ऐनमा संशोधन गर्नु पर्यो भनेर त्यसपछाडि मिरा खड्काको संयोजकत्वमा त्यसमा आनन्द मोहनदेखि लगेर सबै न्यायाधीशलाई यसमा प्रकाश कुमार दुङ्गाना, त्यसपछाडि आनन्द मोहन, हरि प्रसाद फुयाल, नकुल सुवेदी, त्यसपछाडि रजिस्टर नारायण पन्थीलाई समेत राखेर हामीले फूलकोर्टबाट ४/१४ मा उहाँहरूलाई यो सबै प्रतिवेदन हामीले दियौं। कहिलेसम्मलाई त्यसपछाडि त्यसमा अझ दिँदाखेरि नै मैले भनेको थिएँ, हामीले भदौ १६-१७ देखिबाट हामीले यो गोलाप्रथालाई कार्यान्वयन गर्नुपर्छ। तपाईहरूले चाहिँ त्यहीं भित्र दिनुहोस् है भनेर। मैले प्रतिवेदन चाहिँ तपाईहरूले दिनुपर्छ भनेर भनें तर उहाँहरूले एकै चोटि असोज १ गतेमात्र प्रतिवेदन दिनुभयो। २०७८ असोज १ गते दिनुभयो। त्यसपछाडि अब यो यसमा छलफल गर्ने कुरा थियो। दशैं पर्यो त्यसपछाडि गएर अनि, त्यसपछि त अलिकति विवाद भएपछाडि हामीले यसलाई गोलाप्रथामा लाने गरेर पछि कार्तिकमा त हामीले गोलाप्रथामा गैहाल्यौं। अब मैले कहाँ चाहिँ यसमा ढिलो

गरेर? अब जहाँसम्म उहाँहरूको यो प्रश्न उठाइको एउटा उ छ। मुख्यन्यायाधीशहरूको त्यो वेलामा वार्षिक समीक्षा कार्यक्रम थियो। NJ मा, NJ मा चाहिँ वार्षिक समीक्षा भएको वेलामा चाहिँ मैले सवै मुख्यन्यायाधीशलाई र त्यसपछाडि यसैको संयोजकको रूपमा रहेको माननिय हरि कृष्ण कार्कीजी पनि हुनुहुन्थ्यो। मैले के भनें भने उहाँहरूलाई मैले त्यो आफ्नो मन्तव्यको सिलसिलामा गोलाप्रथाले मुद्दाको निश्चितता हुँदैन। हेर्न मिल्ने, नमिल्ने न्यायाधीशहरू पर्छन्। पुराना मुद्दाहरू हेर्न नपर्ने न्यायाधीशकोमा पर्यो भने न्यायपालिकापट्टि पक्षले औंला ठडयाउँछन्। तल गएर तारिखलिने वेलामा झगडा गर्छन्। त्यसपछाडिका विशेष प्रकृतिका मुद्दाहरू संसरमै विशेष प्रकृतिका मुद्दाहरू जुन शिघ्र हेर्नुपर्ने हुन्छ। जुन particular न्यायाधीशहरू अब हामी समान छन्, भन्छौं तर particular ज्ञान र विवेक भएका त्यसैसँग जानकारी भएका न्यायाधीशहरूलाई तोक्नुपर्ने हुन्छ। कतिपय यस्ता किसिमका राजनितिक र यस्ता किसिमका सामाजिक प्रकृतिका कुराहरू आउँछन्। त्यो मुद्दाहरू प्रधान न्यायाधिश आफैंले तोक्नुपर्ने हुन्छ आफैंलाई। त्यसलाई किनभने न्यायप्रशासनको जिम्मेवारी प्रधान न्यायाधिशलाई दिएको हुनाले प्रधान न्यायाधिश आफैंले हेर्नुपर्ने हुन्छ। त्यसले गर्दा गोलाले चाहिँ अनिश्चिता सिर्जना गर्छ, समयमा हुँदैन। त्यसले गर्दा यो गोलाप्रथा पट्टि चाहिँ मेरो पटक्कै म सहमत छैन तर मैले तिनै भने यो गोलाप्रथाबाट निकास नहुने भएकाले मैले न्यायाधीश हरि कृष्ण यही हुनुहुन्छ, यसको संयोजक यहाँहरूले पुनर्विचार गर्नुपर्छ। यो गोलाप्रथाले निकास दिँदैन। खाली न्यायपालिकाको आफ्नो जुन छवि छ त्यसलाई आँच आउँछ। यसले न्यायपालिकालाई धरातालमा पुऱ्याउँछ भनेर मैले व्यक्त गरेको थिएँ। त्यसवाट उहाँहरूलाई के शङ्का लाग्यो भने प्रधान न्यायाधिशले गोलाप्रथालाई कार्यान्वयन गर्दैन। मैले अदालतमा म त प्रधान न्यायाधिश नेता न्यायाधीश हुँ नि । मैले पनि त यो क्षेत्रमा १८ वर्ष कानुन व्यवसाय गरेँर २७ वर्षको चाहिँ मेरो न्यायाधीशको अनुभव छ। त्यसपछि देखेका कुरा, मेरो विचार राख्न चाहिँ म स्वतन्त्र नहुने। यो समितिले जे भन्यो त्यही ठिक छ भनेर मैले आफूले विचार राख्नुपर्ने यो हुन सक्छ र? मैले यो प्रतिवद्धता त यो कार्यान्वयन गर्छु भनेर जनाएँ। प्रतिवद्धता अनुसारको सवै कार्यपनि गरेँ तर यसले पनि निकास दिँदैन है। मैले बारलाई पटक-पटकको बारलाई बारकोलाई उसको के रे चण्डेश्वरजीहरू आउँदाखेरि गोलाप्रथाले निकास दिँदैन। हामी automation मा जाने हो भने वैज्ञानिक होला हुन सक्ला तर त्यसमा पनि शङ्का गर्नुपर्ने ठाउँहरू धेरै हुन्छ। तिमीहरूले अहिले प्रधान न्यायाधिशलाई मात्र चाहिँ यसलाई बाहेक गरेँर तिमीहरूले यो गरेँका छौं भने संविधानले जुन दायित्व र गरिमामयको जुन दायित्व र कर्तव्य चाहिँ संविधानले न्यायप्रशासनको जिम्मेवारी प्रधान न्यायाधिशलाई दिएको छ, यो गोलप्रथाले भोलि automation मा जाँदा समस्या पर्ला हैं। फेरि मैले मैले चाहिँ के भने भने संसारमा यो गोलाप्रथा कहीं छैन। नेपालमा मात्र लागू गरेँर अनि गोलाप्रथाले निकास दिन्छ त

भनेर यो सोच बनाउँदाखेरि हामीले त संसार एकातर्फ हामी अर्कोतर्फ गएको जस्तो हुन्छ। त्यसले गर्दा विश्वास र अविश्वास पैदा गर्ने काम यसले गर्नु हुँदैन। गोलाप्रथाले कहीं निकास दिएको छैन त यहाँ के निकास दिन्छ। त्यसको अलावा बरू कसरी हुन्छ। यसलाई निकस दिऔं। मैले कितसम्म भने भने म यो गरिमामय समितिमा मैले भन्छु। कि ठिक छ, प्रधान न्यायाधिश उपरको तिमीहरूको अविश्वास हो भने वरिष्ठ न्यायाधीशलाई तोक्न दिऊँ। हैन भने पाँच जना तिमीहरू वरिष्ठ न्यायाधीशले तोक भनेको कुराहरू हैन भने हैन भने म एक एक दिन म पठाइदिन्छु। प्रधान न्यायाधिश वाहेकको मा तोक तर गोलाप्रथाले निकास दिँदैन र यो गोलाप्रथाले निकास दिँदैन भन्ने कुरा अहिले पुष्टि भइराखेको छ नि देखिराखेको छ नि। एकदम प्रष्ट छ, गोलाप्रथाले निकास दिँदैन देखिराखेको छ। त्यसले गर्दाखेरि यसलाई मेरो आफ्नो विचार, मैले आफ्नो विचार वमोजिमको बोलेको हुँ। तर मैले यो गोलाप्रथालाई चाहिँ हैन कार्यान्वयन गर्नुपर्छ भन्यो। कार्यान्वयन चाहिँ अब भैनै सक्या छ त यति अवधिभित्र कार्तिक मै कार्यान्वयन भैसक्या छ। चारदेखि लिएर सबै नियमावली बनाएर फेरि यसलाई अब फेरि प्रधान न्यायाधिशले असहयोग गर्यो भन्ने जुन आरोप लगाएको छ। यो सत्य छैन। यो तथ्य ले नै सत्य छैन। यस्तो असत्य आरोपबाट चाहिँ प्रधान न्यायाधिशको विरुद्धमा महाभियोग लाग्नुपर्ने होइन।

<u>प्रश्न नं. १६:-</u> सर्वोच्च अदालतमा साप्ताहिक तथा दैनिक मुद्दाको पेशी र न्यायाधीश तोक्दा कुनै निश्चित आधार, मापदण्ड र मान्य प्रचलन एवं अभ्यासको पालना नगरी, मनोमानि र अपारदर्शी आधारमा इजलास गठन गर्ने र मुद्दा तोक्ने, न्यायाधीश तोक्दा खास खास किसिमका मुद्दाहरु आफ्नो इजलासमा वा नियन्त्रणमा पर्ने गरी इजलास तोकेर न्यायपालिकालाई निरन्तर विवादमा ल्याएको र न्यायपालिकाभित्र न्यायाधीशहरुका विचमा पनि गुट-उपगुट सृजना गरी न्याय दिन बसेका न्यायाधीशबीच नै आशंका, अन्योल र उदासीनताको वातावरण सृजना गरी अदालतको न्यायिक कार्य सञ्चालनमा बाधा-अवरोध पुऱ्याएको, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जवरा:-</u> यो आरोप वस्तुनिष्ठ पनि छैन। तथ्य परक पनि छैन यो आरोप। प्रधान न्यायाधिशलाई संविधानले र न्यायप्रशासन ऐनले दिएको जिम्मेवारीमा फेरि कुन चाहिँ विधि अपनाउने हो त्यो कुरो यसमा छैन। कुन मुद्दा यहाँ त अब अझ मैले यो फेरि भन्दाखेरि धेरै कुरा भन्दाखेरि यो बयान दिँदाखेरि अब सबै सार्वजनिक छ। त्यसले गर्दाखरि ऐनमै चाहिँ, ऐनमै हाम्रो त्यो महाभियोग सम्बन्धी ऐनमै गोप्य राख्नुपर्ने भन्ने थियो। यो गोप्यता नभएको कारणले गर्दाखेरि पनि धेरै चिजहरू आउँछ। अब यो मेरो बयानले अब बाहिर आइराखेको छ। यो त सिङ्गो न्यायपालिकालाई नै असर पर्यो नि तपाईको बयानले त भन्ने कुराहरू आइराख्या छ।

अब यो यसलाई कसरी लाने भन्ने कुरा अब यसलाई मैले कसरी समायोजन गर्ने भन्ने कुरो मैले आफैंले अझै गम्भीर रूपमा बुझ्न सकेको छैन। यो प्रश्न नै यस्तै छ। यो प्रश्न न्यायपालिकाको यो चिज यो आइहाल्छ। मैले भनिहालें नि, हाम्रोमा एउटा बार र बेन्चको समन्वय समिति छ। त्यसमा बारले दुई जना वरिष्ठ अधिवक्तालाई पठाउनु भएको छ। एउटा हुनुहुन्छ शम्भु थापाजी अर्को वरिष्ठ अधिवक्ता हरिहर दहालजी एकातर्फ। अब यो धेरै खोल्दाखेरि पनि के के भएको जस्तो हुन्छ। त्यसले गर्दाखेरि यतापट्टि हुनुहुन्छ। अनि यो समन्वय समितिमा अब यस्तै हो अब अरू सबै मुद्दा त एकै प्रकृतिका हुन, एकै महत्वका हुन्, न्यायाधीशको लागि त तर बारलाई चाहिँ हुँदैन। बारलाई चाहिँ मुद्दाको एकै प्रकृतिको न्यायाधीशलाई हामीलाई चाहिँ सबै समान लाग्छ। सबै महत्वपूर्ण लाग्छ। तर बारलाई हुँदैन। त्यसमा उहाँको interest हुँदो रहेछ। एउटा त्यो भयो अब दोस्रो अब न्यायाधीशमा पनि हामी महत्वकांक्षी छम्। छम् हामी न्यायाधीशमा पनि महत्वकांक्षी अलि महत्वपूर्ण मुद्दाहरू आयो। अर्थात public litigation का महत्वपूर्ण मुद्दा आयो। राजनितिक मुद्दाहरू अलि महत्वपूर्ण आयो भने ठुला करका मुद्दाहरू आयो भने त्यस्ता मुद्दाहरू आयो भने चाहिँ अब हुनसक्छ। उहाँहरूको ज्ञानले त्यसमा अध्ययनले त्यो मुद्दामा चाहिँ म वस्न पाए हुन्थ्यो भन्ने स्वाभाविक चाहन चाहिँ हुँदो रहेछ। यो कुरो भयो, यो कुरो देखियो। संवैधानिक इजलास गठन गर्दा को अवस्थामा यो कुरो देखियो। हामी वस्न पाउनुपर्छ। हामी फलानो वस्यो भने हामी वस्दैनौं भन्ने कुरा आयो। मैले यो त मैले व्यक्त गरिसकें नि। यस्तो हुँदो रहेछ, त्यसले गर्दाखेरि प्रधान न्यायाधिशको यो विवेकभन्दा बाहिरको कुरो, यो चाहिँ कुन न्यायाधीशले कुन मुद्दा तपाईले हेर्न चाहनु भएको हो? भनेर सोधेर उहाँलाई इजलास गठन गर्न भएन। सबै न्यायाधीश समान छन् भनेर मैले सबै न्यायाधीशलाई मुद्दा तोकेको छु। अब उहाँहरूले मुद्दाको गहनतालाई कुन रूपमा लिनु भएको हो। कुन रुपमा चाहिँ कुन चाहिँ आफ्नो कस्तो किसिमका मुद्दा चाहिँ आफूले हेर्न चाहेको हो? कस्तो मुद्दा चाहिँ अब प्रधान न्यायाधिशले नहेर्दिए हुन्थ्यो भन्ने उहाँहरूको हो। बारको र न्यायाधीशज्यूहरूको हो यो? यो आरोप त न्यायाधीशको पनि हो यो आरोप चाहिँ यो त उसको मात्र बारको मात्र त होइन। यो त मिक्स छ। त्यसले गर्दाखेरि कस्तो चाहिँ मुद्दा उहाँहरूले हेर्न चाहेको हो, मसँग भनेको भएँ त म गरिदिने नि। जस्तो संवैधानिक इजलासको मुद्दामा हामी वस्न पाउनुपर्छ भनेर उहाँ नौं जना आएर चाहिँ न्यायाधीशहरूले भन्नु भयो। मैले त राखे नि त मेरो के गल्ती छ र? उहाँहरूले भन्नु भयो मैले राख्दिएँ, परिणाम आइहाल्यो देखिहाल्यो सबै कुरा। त्यसले गर्दाखेरिमा यस्तो कुरो यो चाहिँ जुन किसिमको छ। हामीले त के भनेको पक्षको एक धुरको जग्गा पनि म त तराईमा धेरै वसेको व्यक्ति हुँ म। म जनकपुरमा वसें। म हेटौंडामा वसें। म विराटनगरमा वसें। त्यसगर्दाखेरि यो क्षेत्र, वुटवलमा वसें। यो क्षेत्रको तराई क्षेत्रको म विराटनगर वसें। यो क्षेत्रको क्षेत्रको चाहिँ

सबै जग्गाको स्वामित्व, एक धुर जग्गामा पाने हानाथाप, मारामारी छ त्यति छ। त्यो उनीहरूको जीवन र मरणको कुरो छ। त्यस्तो मुद्दाको महत्वपूर्ण हुँदैन र हामीले कस्तो मुद्दालाई चाहिँ महत्वपूर्ण कस्तो मुद्दालाई चाहिँ अमुर्त, महत्वपूर्ण नभएको भनेको। हरेक व्यक्तिको लागि उसको जीवन मरणको कुरो हुन्छ। हरेकले चाहिँ चाहे त्यो फौजदारी होस्, चाहे त्यो देवानि होस्, चाहे त्यो फौजदारी होस्। त्यतिकै महत्व हुन्छ। न्यायाधीशले त्यतिकै महत्व राखेर हेर्नुपर्छ। त्यसमा फलानो-फलानो मुद्दा भन्ने तोक्ने र फलानो मुद्दा हेर्न, फलानो मुद्दा फलानोले हेर्दिए हुन्थ्यो भन्ने सोच राख्ने भन्ने कुरोले चाहिँ पटक्कै पनि स्वतन्त्र न्यायपालिकलाई यसले महत्वमा आँच आउँछ। यस्तो क्रियाहरूले। यो गर्नुपनि हुँदैन र मैले गरेको पनि छैन। गर्नुहुन्छ भन्ने पक्षमा पनि म छैन। त्यसले गर्दाखेरि यसमा यस्तो अभियोगवाट महाभियोग लाग्ने भन्ने विषयवस्तु नै हुन सक्दैन।

<u>प्रश्न नं. १७:-</u> न्यायपरिषद्को अध्यक्षको हैसियतले सबै तहका अदालतका न्यायाधीशहरुको नियुक्ति गर्दा निष्पक्ष एवं पारदर्शी रुपमा गर्नु पर्नेमा मनोमानि ढंगले नियुक्ति गरेको, नियुक्त भएका कतिपय व्यक्तिहरुको योग्यता, क्षमता र अनुभव नभएकोले त्यस्तो गैर कानुनि नियुक्तिको कानुनि र नैतिक दायित्व निज प्रधान न्यायाधिशवाट पालना नभएको, निजको सक्रियतामा नियुक्त न्यायाधीशहरु स्वीकार्यतामा नै प्रश्न चिन्ह खडा भएको छ, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जवरा:-</u> मैले धेरै चोटि माथिको प्रश्नहरूदेखिवाट लिएर, अघिल्लोमा पनि भने नियुक्ति परिषद्ले गर्छ। परिषद्मा आम सहमति नभइकन, अर्थात् सबैको सहमति नभइकन या बहुमतको सहमति नभइकन नियुक्ति हुँदैन। अब मैले अघिल्लो पटक पनि भने अघिपनि भने मैले आफ्नो बयानमा भनेकै छु। परिषद्को संरचना नै एक किसिमले राजनितिक छ। अब यो संरचना जहिलेसम्म रहन्छ। त्यो अवस्थासम्म अब प्रश्नहरू नियुक्तिको विषयमा प्रश्नहरू खडा हुन्छ, रहिन्छ। भारतमा सबै किसिमका न्यायाधीशहरूको नियुक्तिको सिफारिस कोलिजमले गर्छ। सर्वोच्च अदालतको प्रधान न्यायाधिश सहितको पाँच जनाको कोलिजम गर्छ। नेपालमा चाहिँ न्यायपरिषद् भन्ने व्यवस्था छ। न्यायपरिषद्ले गर्छ। अब न्यायपरिषद्को गठनको प्रक्रिया मैले अघिल्लो पटक पनि भनिसकेँ वारको प्रतिनिधि हुन्छ। प्रधानमन्त्रीज्यूको प्रतिनिधि हुन्छ। अनि कानुन मन्त्री हुन्छ। त्यसपछाडि गएर सर्वोच्च अदालतको वरिष्ठ न्यायाधीश हुन्छ र प्रधान न्यायाधिश हुन्छ। यही संरचनावाट नै देखिहालिन्छ त्यसको चेहरा नियुक्तिको चेहरा। त्यसपछाडि अब अघि पनि मैले भने सबैको यो के भन्छ यो चाहिँ यो भनेको यो नियुक्ति यो appointment भनेको direct appointment हो। सबैको चाहना

हुन्छ। १० वर्ष पुगेका जतिको उच्च अदालतमा चाहना हुन्छ। अनि १५ वर्ष पुगेका जति सबैको सर्वोच्च अदालतमा चाहना हुन्छ। चाहन राखे धेरै भएपछाडि नियुक्ति आफैंमा विवादित हुन्छ। यसमा पनि नि कुनै ठुलो कुरो होइन। यो सामान्य कुरो हो प्रक्रियामा त्यसपछाडि अहिले जुन चाहिँ नियुक्ति प्रश्न उठेको छ। अब नियुक्तिमा प्रश्न उठ्यो भन्ने जुन प्रश्न छ। यो २०४७ सालको संविधान जहिले प्रादुर्भाव भयो। त्यो बेला पनि नियुक्ति भयो त्यो पनि विवाद भयो। २०४८ सालको नियुक्तिमा ठुलै विवाद भयो। ४७ सालमा संविधान आएपछि ठुलै विवाद भयो। त्यसपछाडिका प्रत्येकमा ४९ मा भयो, ५० मा भयो, ५१ मा भयो, ५२ मा भयो, ५३ मा भयो। ५२ पछाडि ५२ को मेरो नियुक्ति मेरो हो। ५२ को अन्तिमा त्यो पनि विवाद भयो। त्यसपछाडि एकै चोटि गएर ६२ सालमा न्यायाधीशहरुबाट मात्र नियुक्ति भयो, उच्च अदालतमा विवाद भएन। सर्वोच्च अदालतको त ४७ सालको नियुक्तिमै आफ्ना भाइलाई राखियो। फलानालाई झिकियो, फलानालाई राखियो यी त सबै यो मेरो कालको मात्र होइन। यो नियुक्तिमा प्रश्न उठ्ने काम, यो नियुक्तको प्रश्न त ..... त्यसपछाडि गएर ६५ सालमा नियुक्ति भयो। ६५ सालको नियुक्ति नि त्यतिकै विवाद भयो। मुख्यन्यायाधीशलाई ल्याइएन बाहिरबाट ल्याइयो। त्यसमध्यका सुशिलाजी प्रधान न्यायाधिश हुनुभयो। यो त भैरहन्छ, त्यसपछाडि गएर कल्याणजीले राती-रात-रातको उसमा दुईजना सदस्य संसदीय सुनवाईमा गइराखेको बेला राती-रात बालुवाटार बसेर नियुक्ति गर्नुभयो। यो नियुक्ति गर्दाखेरि कति ठुलो प्रश्न भयो। त्यसको प्रश्न सबैतिर छलबल्ल भयो। यो त, यो यो प्रक्रियाहरूमा यसमा आहिरहन्छ। त्यसपछाडि अब योग्यताको प्रश्नको कुरो छ भने अब जुन चाहिँ भनिएको छ, यसमा लगाइएका अयोग्यताको प्रश्न छ भन्ने जुन उहाँहरूले भनिराख्नु भएको छ। यो महाभियोग लगाएको आरोपमा छ। कुन व्यक्ति चाहिँ यसबाट अयोग्य देखियो त। एउटा त देखिनु पर्यो नि त। उच्च अदालतमा नियुक्ति गर्दाखेरि कुन चाहिँ अयोग्य भयो। सर्वोच्च अदालतमा नियुक्ति गर्दाखेरि कुन चाहिँ अयोग्य भयो त। भएको भए त अहिलेपनि कानुन वमोजिम त छँदै छ नि। निकाल्दिए भैहाल्यो, हटाइदिए भैहाल्यो। यसमा के फरक छ र विधि पूर्वक गएको छ। अयोग्य छ भने विधिपुर्वक जान्छ। अब त्यसले गर्दाखेरिकोमा अहिले यो जुनचाहिँ प्रश्न खडा गर्नुभएको छ। यो प्रश्न आउनुमा यो यस्तै नै छ त्यसले गर्दाखेरिकोमा हरेक मैले भनिहालें नि नियुक्तिमा सबै वरिष्ठहरु जती अहिले पनि नि अब ठालु वरिष्ठ भनिन्छ हाम्रोमा ठालु वरिष्ठ। म एउटा म अब मैले देखेको कुरो मैले भन्नुपर्छ यो यसले बयानलाई पनि सहयोग पुग्छ। म सर्वोच्च अदालतमा ०७१ सालमा म जेठबाट चाहिँ म नियुक्ति भएर आएको हुँ। सर्वोच्च अदालतमा मैले देखेको वास्तविकता मैले भन्न चाहन्छु। सर्वोच्च अदालतमा बहस गर्ने भनेको ७/ ८ जना वरिष्ठ अभिवक्ताज्यूहरुले १० वटा बेन्च हुन्थ्यो। बेन्चले कुरेर बस्नु पथ्र्यो। तर उहाँहरु पालो पालो बहस गर्नुहुन्थ्यो यसरी आएर

त्यसदेखि बाहेक कुनै महिलाले महिला कानुन व्यवसायीले बहसमा अवसर पाएन उहाँहरुबाट। कुनै Young Boys हरु जती छ उहाँहरुले बहसमा पाएन। मैले आइसकेपछाडि मैले प्रतीवद्धता गरेको मैले आफूले प्रतीवद्धता गरेको यही हो। त्यसपछाडि यही किसिमका बाट सिर्जना भएको छ विचौलिया देखिबाट लिएर भष्ट्राचारको कुरा आएको छ। यसलाई म नष्ट गर्छु भने पछाडि अनि हाम्रा केही वरिष्ठज्यूहरु हाम्रा त्यो सर्वोच्च अदालतको प्राङ्गणमा एउटा गोपालको रेस्टुरा छ त्यँहा बसेर दिनभरी चिया खाएर मलाई गाली गर्नुपर्ने अवस्था सिर्जना भयो। सारा महिलाहरुले व्यवसाय गर्न अग्रसर भएर आउन पाए। सारा Young Boy हरुले आयो। उहाँहरु ठालु ७, ८ जना मध्ये म नाम लिइदिउ नाम लिइदिन पनि म लिइदिन्छु। उहाँ ठालुहरुले चाहिँ जुन किसिमको सर्वोच्च अदालतलाई Dominate गरेर ओगटेर बस्नु भएको थियो त्यो मेरो कालमा मैले नष्ट गरिदिएँ। त्यो उहाँहरुको के भन्छ गिरोहलाई नष्ट गरिदिएँ त्यही गिरोहले अहिले मलाई लाग्नुभयो त्यसको नेतृत्व भनेको यो एकदम देखिएकै छ यसमा उहाँहरुले अस्ति माननीयज्यूले सोध्नुभएको थियो मैले नाम लिइन कुइन्टलको कुरा गर्नुभएको थियो मैले त्यसमा मैले लिइनँ। अझै पनि मलाई लिन मन छैन तर त्यो कुइन्टलको कुरा गर्ने जुन चाहिँ वरिष्ठज्यू हुनुहुन्थ्यो वरिष्ठज्यू हुनुहुन्थ्यो त्यो चाहिँ हाम्रो बारमा व्यक्त गरेको उहाँले हो पछाडि उहाँले भाषणमा पनि बोल्नुभयो Interview मा पनि बोल्नुभयो। त्यो हुनुहुन्थ्यो रमन श्रेष्ठ। रमन श्रेष्ठ हो उहाँ अघि हो रमन श्रेष्ठ हुनुहुन्थ्यो उहाँहरु ठालु हो। एकले अर्कोलाई मुद्दा दिने राख्ने अनि त्यसको सर्वोच्च अदालतलाई त उहाँहरुले यो गिरोहले ओगटेको जस्तो यो ६, ७ जना ७, ८ जनाले ओगटेर चाहिँ सबै गरिरहनु भएको थियो। त्यसलाई मैले तोड्दिएँ। तोडदिए पछाडि अहिले त्यही गिरोहले अहिले फेरि आयो। महाभियोगको त जहिले पनि नि अग्रसरता त हिजोको कालमा पनि नि महान्यायाधिवक्ता हुँदाहुँदै नि रमन जिले लिनुभएको थियो अहिले पनि रमन जि ले लिनुभएको छ। उहाँको हरेक चिज हेर्दा हुन्छ। हरेक चिज खोज्दा हुन्छ। त्यसले गर्दा खेरि को मा यो जुन चाहिँ अहिले मलाई चाहिँ यो आरोप लगाइएको छ यो आरोप चाहिँ उहाँहरुको कुण्ठाको हो। उहाँहरुले सर्वोच्च अदालतमा भूमिका खेल्न पाएन। न्यायाधीश नियुक्तिमा भूमिका खेल्न पाएन मेरो पालामा। त्यसपछाडि गएर मुद्दामा चलखेल गर्न पाएन उहाँहरुले अनि यो आरोप आयो, आरोप लगाउनुभयो उहाँहरुले आरोप लगाउनुभयो। उहाँहरु त एउटा ग्रुपमा बस्नु हुन्थ्यो एकले अर्कालाई सबैलाई गरेर। यो ग्रुपलाई मैले तोडिदिएको कारणले गर्दाखेरि यो आयो। त्यसले गर्दाखेरि यो आरोपबाट मलाई महाअभियोग लाग्नुपर्ने सम्मको कुनै आधार कारण छैन।

<u>प्रश्न नं. १८:-</u> आफ्नै परिवारका सदस्य र नातागोताका व्यक्तिहरु एवं आफूले नियुक्त गरेका कतीपय न्यायाधीश र पदाधिकारीहरुलाई विचौलियाको रुपमा संलग्न गराई भष्टाचार र

अनियमितता गरी अवैध सम्पत्ति आर्जन गर्ने गराउने कार्यमा संलग्न रहेको, निजले आफ्ना परिवारका नाममा जोडेका सम्पत्तिको विवरण सार्वजनिक भएपछिको जानकारीबाट पनि प्रधान न्यायाधिश राणाको आचरण, पदीय मर्यादासँग अमिल्दो र बिल्कुल अस्वाभाविक देखिन आएको छ। त्यतीमात्र होईन, यसबाट प्रधान न्यायाधीशको सम्मानित पद मुलुकको संविधान र कानुनको रक्षा गर्न वा भोका निमुखा अन्यायमा परेका जनताको रक्षाका लागि होइन आफू र आफ्ना परिवार एवं सीमित घेराका निहित स्वार्थी बिचौलियाहरुको हकहितको सम्वर्द्धन र संरक्षण गर्नका लागि निजबाट पदको दुरुपयोग भइरहेको भन्ने जनमानसमा पर्न गई न्यायापालिकाको छविमा गम्भीर असर र अनास्था उत्पन्न हुनगएको छ। साथै प्रधान न्यायाधिश स्वयं भ्रष्टाचार र अनियमितता गरी अवैध सम्पत्ति आर्जन गर्ने गराउने कार्यमा संलग्नरहेको विषयमा सम्पत्ति शुद्धीकरण लगायतका नियमनकारी निकायमा छानविनको माग मै उजुरी समेत परेकोले यस सम्वन्धमा समेत छानविन गर्न महाभियोगको कारवाही चल्न आवश्यक रहेको छ, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> मैले अहिले आफ्नो अघिल्लो पटकको बयानमा पनि भने। यो सम्पती शुद्धीकरणमा अहिले मैले पहिलो म आज अलिकती म यो सम्पत्ति शुद्धीकरणमा उजुरी दिनुहुने चाहिँ के.सी ज्यू। डा. सुरेन्द्र के.सी जानुभएको थियो क्यारे र त्यो सँगसँगै जानुहुने अधिवक्ता चाहिँ ओमप्रकाश अर्यालज्यू हुनुहुन्थ्यो। ओमप्रकाश अर्यालज्यू यो नोट होस यो ओमप्रकाश अर्याल ज्यूको Character एकदमै गम्भीर छ नोट होस्। उहाँलाई अहिले महानगरपालिकाले बालेन ज्यूले कानुन सल्लाहकारमा नियुक्ति गर्नुभएको छ पत्रिकामा मैले पढेको थिएँ। मैले अस्ति पनि भने नि बारको अध्यक्षले चण्डेश्वरीज्यूले न्यायाधीशमा दुईचोटी सिफारिस गर्नुभएको दुवैचोटी मैले इन्कार गरेको भनेर। त्यो चाहि पुनदेवी महर्जन जी हुनुहुन्थ्यो। मैले उहाँलाई इन्कार गरेको थिएँ। यो पुनदेवी महर्जन जी चाहिँ ओमप्रकाश अर्यालज्यूको अर्धाङ्गिनि हो। यती भन्दाखेरि नै पुगिहाल्छ। त्यसकारण उहाँले यसलाई नेतृत्व गरेर अनि यो सम्पत्ति शुद्धीकरण सम्म जानुभयो। सम्पत्ति शुद्धीकरणले यो निरर्थक हो भनेर निर्णय नै गरिसकेको छ यो कुरालाई मैले जानकारी मात्र गराएको। अब माथिको म जान्छु माथिको बयानमा म जान्छु। मेरो Direct परिवारमा र Indirect परिवार भन्ने प्रत्यक्ष परिवार र अप्रत्यक्ष परिवार हुन्छ। प्रत्यक्ष परिवार भनेको मेरो मैले जन्म दिएको मेरो मैले विवाह गरेको मेरो आफ्नो परिवारको। अप्रत्यक्ष भनेको चाहिँ अब मेरो बाउसँग जोडिएको नातावाट हो । मैले अस्ति पनि मैले मेरो नाता सबै खुलाइसकेँ म २०५९ सालबाट म चाहिँ २०५२ सालको मेरो सिफारिस हो। २०५३ साल वैशाख १ गते देखि म न्यायाधीशमा नियुक्ति भएर म चाहिँ काम गरेको र

त्यसपछाडि अधिकाश समय म बाहिर नै छु। २०६२ सालमा मात्र आएर म विशेष अदालतमा म २०६५ सम्म बसेको हुँ। मेरो परिवारको बिचमा मेरो बाउको दाजुभाइको बिचमा हामीहरु २०५९ सालमा अंशवन्डा भएको हो। मेरो घर कालिकस्थान नै हो मैले भनिहालें। कालिकस्थानको घर मैले २०६५ सालमा बिक्री गरेर त्यसपछाडि म पहिला नारायणस्थान बुढानिलकन्ठमा बसे त्यसपछाडि म अहिले सुकेधारामा बसिराखेको छु। म कालिकस्थान छोडेको आज १४ वर्ष करिब १५ वर्ष भयो। अब मेरो परिवार सँग त हामी ४ जना दाजुभाई छुटेको २०५९ साल हो। अब यहाँ सबै दुईटा चिजलाई दुईटा समूहलाई यहाँहरुले मेरो परिवारहरुले बिचौलिया गरेर मैले चाहिँ परिवारलाई लगाएर बिचौलिया गरे न्यायमा भष्ट्राचार गरे भनियो। एउटा चाहिँ मैले नियुक्ति गरेका न्यायाधीशहरुलाई चाहिँ मैले बिचौलिया गराएर गरेको होइन। मैले न्यायाधीश जती पनि नियुक्ति भएका छन् मेरो कालमा भएका छन् जती पनि अरु न्यायाधीशहरु लाई Training को बेलामा मैले जहिले पनि म उद्घाटनको बेलामा भन्दा म समापनको बेलामा म सबै उपस्थित हुन्थें। NGO बाट हुनेमा हुन्थें र म न्यायाधीशहरुलाई एउटा चिज चाहिँ म सधैभरी भन्थे हाम्रोमा Judiciary मा धेरै आरोप छ। न्यायाधीशले प्रधान न्यायाधिशले मुद्दा सिफारिस गर्छ। न्यायाधीश र न्यायाधीशका परिवारहरुले मुद्दा सिफारिस न्यायाधीशहरुले गर्छन् भन्ने आरोप छ। यो आरोपलाई तपाईहरुले यती पढेलेखेको व्यक्ति र देशको संविधानले तपाईहरुलाई यत्रो गम्भीर जिम्मेवारी दिएको छ। त्यसले गर्दाखेरि तपाईहरुले जुन आदेश र फैसला गर्नुहुन्छ त्यो आदेश र फैसला तपाईहरुको घाँटीमा झुन्डिन्छ। त्यसैले बचाए तपाई बच्नुहुन्छ नभए बच्नुहुन्न। त्यसले गर्दाखेरि न्यायाधीश,वकिल या परिवारबाहेक यदि समेत गरेर. यदि प्रधान न्यायाधिशले भन्यो भने पनि नि तपाईहरुले त्यो कुनै पनि हालतमा गैरकानुनि,कानुनभन्दा बिरुद्ध,संविधानभन्दा बिरुद्ध तपाईहरुले आचरण,फैसला,व्यवहार अहिले पनि नगर्नुहोस् गर्नुहुन्न। मेरो सधैभरी मेरो न्यायाधीशहरुलाई निर्देशन यही दिन्थें। मेरो कालमा मैले भने मेरो कालमा Audit गरियोस् मेरो कालमा अहिले यो ६ महिना म अहिले साढे ६ महिना आज त अब साढे ६ महिना भयो साढे ६ महिना नाघ्यो ७ महिना हुन लाग्यो। मेरो काल ६ महिना भन्दा फागुन १ गते भन्दा अगाडिको Audit गरियोस् कति भष्ट्राचार भएको रहेछ। कती अनियमितता भएको रहेछ। मेरो कालमा यो गरियोस्। त्यसपछाडिको अहिलेको कालमा गरियोस् र मेरो कालभन्दा अगाडि गरियोस्। म अहिले पनि भन्छु म छाती ठोकेर भन्छु म इमानका साथ भन्छु। त मेरो यती Audit गरियोस् र त्यसबाट देखिएछ भने म भन्छु तर मैले भने नि यो जुन छ षड्यन्त्रको ग्रुपहरु न्यायालय चाहिँ खरीद बिक्री गर्ने चाहिँ ग्रुपहरुलाई मैले स्थान नदिएको कारणले गर्दा भेटघाट नदिएको कारणले गर्दा आज मेरो विरुद्धमा यो किसिमको षड्यन्त्र भएको हो। भयो हुँदोरहेछ। जहिलेपनि वृहस्पति एक्लो हुन्छ। यो त स्वभाविक हो। मलाई आज

सम्म भनियोस् मैले भने नि मेरा अव यती जना यहाँ गरिमामय जनप्रतिनिधिहरु सांसदहरु हजुरहरु हुनुहुन्छ। उहाँहरु सबैले मलाई भनिदिनु पर्यो ल चोलेन्द्रसँग कसले चाहिँ भेटे त व्यक्तिगत रुपमा? कुनै एउटा व्यापारीले म सँग भेटेको एउटा प्रमाण भेटियोस्। मलाई किन आरोप? कुनै एउटा पत्रकारले मलाई भेटेको दियोस्। मैले अस्ति पनि भने म जहिलेदेखिबाट म वकिलबाट चाहिँ म न्यायाधीश भएँ मैले एउटा वकिल सँग बसेर मैले अहिलेसम्म चिया खाएको छैन। ल एउटा कुनै वरिष्ठ वकिलले म सँग बसेर चिया खाएको छु भन्दियोस् Formal बाहेक। ल कहीं बसेर देखाइदियोस्। कुनै न्यायाधीशले म सँग बसेर म सँग चिया खाएको छ भनेर देखाइदियोस् म हरेक ठाउँमा म सबै चाहिँ म यहाँ सबै सदस्यज्यूहरुको क्षेत्रमा सायद मैले काम गरिसकेको छु। म पहिला जनकपुर बसें। त्यसपछाडि म हेटौडा बसें। त्यसपछाडि बिराटनगर बसें। त्यसपछाडि म सुर्खेत बसें। सुर्खेतबाट म विशेष अदालत आएँ। विशेष अदालतबाट म पोखरा गएँ। पोखराबाट म राजबिराज गएँ। राजबिराजबाट म बुटवल गएँ। बुटवलबाट म सर्वोच्च अदालतमा आएँ। सबै माननिय सदस्यहरुको चाहिँ ल त्यो त्यहाँ उहाँ क्षेत्र पर्ला एकजना म अहिले पनि भन्छुँ। म अहिले पनि म भने। म अहिले पनि म छाती ठोकेर भन्छु एकजना कर्मचारी,एकजना कानुन व्यवसायी,एकजना सेवाग्राहीले चाहिँ यो चोलेन्द्रले चाहिँ हामीलाई दुख दियो। यो मुद्दामा यसरी भष्ट्राचार गर्यो,यसरी लेनदेन गर्यो,अनियमितता गर्यो भनेर भन्यो भने म कानमा धागो बानेर म आजै म पदबाट छोडेर जान तयार छु। र त्यसपछाडि म सर्वोच्च अदालतमा आएँ ल कसैले भनोस् तर मुद्दामा चलखेल गर्ने यी केही वरिष्ठ वकिलहरु जो खुल्ला रुपमा सहृदयले चाहिँ पत्रिकामा बसेर चाहिँ फार साइडमा बसेर चाहिँ हामी न्यायाधीशलाई घुस खुवाउँछौ। न्यायाधीशले घुस खान्छ भन्ने वकिलहरु संलग्न भएर प्रधान न्यायाधिशलाई यो आरोप लगाइया न हो। सबै कुरा यो चाहिँ हरेक कुरा चाहिँ यो पत्रपत्रिकालाई आज हामीले मैले भनिराखेको छु पत्रपत्रिकालाई मैले Threat गरेको थिए म प्रधानन्यायधीश भइसकेपछाडि। सबै चिज गर्नुहोस्। धैर्यता लाई तपाईहरुले चाहिँ हाम्रो सहनशीलता लाई चाहिँ तपाईहरुले चाहिँ कमजोरी आँकलन नगर्नुहोस्। मैले सारा पत्रकारको सम्पादकहरुलाई बोलाएर त्यसका मालिकहरुलाई बोलाएर मैले चाहिँ कुरा Conference गरेर उहाँहरुलाई राखेर मैले Warn गरेको थिए। अदालतले एउटा सीमा सम्म धैर्य गर्छ। त्यो सीमा नाघ्यो भने फेरि तपाईलाई तपाईहरुले फेरि हामी गर्दैनौं। धैर्य हामीले चाहिँ सीमित हुन्छ मान्छेको धैर्य र अदालतको धैर्य भनेको सीमित हुन्छ। त्यसले गर्दाखेरि तपाईहरुले अदालतलाई बढ्ता चिडयाउने काम,अदालतलाई ध्यवस्त गर्ने काम गर्नु भयो भने त्यो सैय हुने छैन भनेर मैले त Warn गरेको थिएँ। झ पत्रिकाहरुको अहिले अहिले हाम्रो मा त अहिले प्रधानन्यायधीशको चाहिँ सम्पत्ति शुद्धीकरणमा जानुपर्छ भनेर उहाँहरुले उजुरी हाल्नुभयो तर ती ठुला सबै पत्रकारका जती पनि ठुला पत्रकारिताहरु सञ्चालन

गरिरहनुभएको छ उहाँहरु के मुद्दामा Involve हुनुहुन्न?के दलालीमा Involve हुनुहुन्न?थाहा छैन कसैलाई ती वकिलहरुदले चाहिँ जुन कुन किसिमबाट चाहिँ आफ्नो सम्पत्ति आर्जन गरीराखेका छन्? तीनका हकमा चाहिँ सम्पत्ति शुद्धीकरणमा परेकोमा कारवाही हुनुपर्दैन? प्रधान न्यायाधिशलाई चाहिँ अनि सम्पत्ति शुद्धीकरणमा जाओस् भन्ने उद्देश्य के हो भने प्रधान न्यायाधिशलाई Paralyze गर्न सकिन्छ । प्रधान न्यायाधिशलाई यती बदनाम गरायो भने बदनाम गराएर यती चाहिँ किसिमबाट चाहिँ घेराउ हाल्यो भने प्रधान न्यायाधिशले राजीनामा देला कि भनेर। प्रधान न्यायाधिशले होइन चोलेन्द्रले चाहिँ राजीनामा देला कि भने। मैले भने म विधि र प्रक्रिया बमोजिम संविधानको विधि र प्रक्रिया बमोजिम आएको हुँ। यही विधि र प्रक्रिया बमोजिम म जान्छुँ। यसमा मैले गलत गरेको छु,अनियमितता गरेको छु,भ्रष्टाचार गरेको छु भने सजाय भोग्न म तयार छु। मेरा सबै परिवारका सम्पत्तिमा छानबिन होस्। मैले आज गरिमामय समितीमा भनेको छु। मैले यो बयानमा भनेको छु मेरा सबै परिवारका सम्पत्ति छानबिन होस्। मेरा सम्धिहरुको सम्पत्ति छानविन होस्। उहाँहरुले जुन किसिमको यो त यो नाममात्र उल्लेख गरेर यसमा कहीं पनि प्रमाण नहालिकन अनि दिनुभयो। मेरो त सबै सम्पत्ति त मैले सम्पत्तिको विवरण त सार्वजनिक गरेकै छु नि। हामीले सार्वजनिक गर्न नपर्ने भनेर चाहिँ ऐन बनेको छ। राज्यले ऐन बनाएको छ। त्यो ऐन बमोजिम परिसदमा राखेको छ। मलाई सार्वजनिक गर्न लाई कुनै आपत्ति छैन छानबिन होस् मेरो सबै परिवारमा। तर यो प्रधान न्यायाधिशलाई आरोप लगाउने यी ठालु वकिलहरुको छ र त्यसपछाडि यो पत्रकार जुन चाहिँ अहिले नेपालमा हरेक किसिमको चाहिँ निर्णयाधार बनाउने भन्ने कान्तिपुर छ। तीनका चाहिँ छानविन हुन पर्छ। हैन भने मैले फेरि पनि. मैले भने तीनै ठालुहरुलाई अदालतलाई जिम्मेवारी लगाइदिए हुन्छ। तीनलाई प्रधान न्यायाधिश बनाइदिए पनि हुन्छ। त्यो कान्तिपुरका कैलाश सिलवाललाई प्रधान न्यायाधिश बनाइदिए हुन्छ। त्यो अरु अरुलाई अरु पत्रकारहरुलाई न्यायाधीश बनाइदिए हुन्छ। त्यसपछि यी ठालु वकिल हरु जुन छन् हिजो म न्यायाधीशमा सर्वोच्च अदालतमा म आउँदिन,आइन। म त प्रधान न्यायाधिश हुन्थे भन्ने जुन वकिलहरु अहिले बडुवा गरिरहनुभएको छ उहाँहरुलाई फेरि पनि म्याद बढाएर प्रधान न्यायाधिश बनाएर हेरुम् न त। न्यायाधीश बनाएर हेरुम् न त। आजको गती छाडा गरेको मान्छेले भोलि कती गतीछाडा गर्दैन रहेछ हेरुम् न त हामीपनि। यो देशको त सबै नागरिक हुन् नि त। त्यसले गर्दाखेरि यो जुन किसिमको यो उजुरु दिएको छ यो सबै कुराचाहिँ के हो भने प्रधान न्यायाधिशलाई जती सक्यो त्यती बदनाम गर्ने प्रधान न्यायाधिशको परिवारलाई जती सक्यो त्यती बदनाम गर्ने अनि राजीनामा चाहिँ माध्यम बनाउने। यो राजीनामा त मैले अघिल्लो पटक पनि भने नि राजीनामा दिने हो भने हामी चाहिँ सहजीकरण गर्छौं। हामी चाहिँ यो फिर्ता लिन्छौं। एक डेढ महिना तपाई काम गर्नुहोस् एक डेढ महिना पछाडि दिपकलाई दिए हुन्छ

भनेर त Political Party का शीर्ष नेताले भन्नुभयो। मैले त यो त खोलिदिएको छु त सार्वजनिक। को नेताले भन्नुभयो त्यो पनि म भन्दिन्छु तर यती हदसम्म जादाँ देशको न्यायपालिकालाई त बिगार्यो बिगार्यो आज न्यायालय त ध्वस्त गर्यो गर्यो फेरि राजनिती पनि ध्वस्त नहोस्। (छलफल भएको)। अब एउटा सोध्ने हो भने नेपाली काग्रेसको डिना ज्यूलाई सोधे हुन्छ है? डिनालाई। उहाँ म कहाँ आउनुभएको हो यसमा चाहिँ मैले प्रचण्डज्यू र शेरबहादुरज्यूसँग सल्लाह गरेर तपाईसँग कुरा गर्न आएको हो। यसलाई चाहिँ हामी फिर्ता लिइदिन्छौं यसलाई चाहिँ उ गर्दाखेरि तपाईलाई यो सबै हामी फिर्ता लिन्छौं। तपाईले चाहिँ यसो मिलाएर राजीनामा दिए हुन्थ्यो भन्नुभयो। (बिचमा प्रश्न गरेको)। हजुर उहाँलाई सोधे हुन्छ। उहाँले होइन भन्न सक्नुहुन्न। मेरै घरमा मेरो चाहिँ Quarter मा आएर भन्नुभएको छ। सोध्दा हुन्छ। त्यसमा प्रचण्डज्यूको नि सहमती त्यसमा अब सम्माननिय प्रधानमन्त्रीज्यूको पनि सँग बसेर कुरा गरेर तपाईकोमा आएको भन्नुहुन्थ्यो। (बिचमा छलफल भएको र प्रश्न गरिएको)।

<u>प्रश्न नं. १९:-</u> मिती २०७८।०७।०८ पश्चात निज प्रधान न्यायाधिश राणामाथिको आशंका र अविश्वास तथा निज स्वयंको गैरन्यायिक आचरणका कारणले इजलासमा निज बस्न नसकेको, संविधानले परिकल्पना गरेको सक्रिय प्रधान न्यायाधिशको अवधारणा निष्कृय हुन गएको छ। प्रधान न्यायाधिश राणाले आफ्नै कार्य तथा आचरणबाट निज प्रधान न्यायाधीशको पदीय जिम्मेवारी पालना गर्न गराउन असक्षम एवं असमर्थ रहेको निर्विवाद सिद्ध छ। कोभिड जस्तो संक्रमणबाट पीडित भई अस्पताल भर्ना भएको अवधिमा समेत बिदामा नबसी प्रचलित कोभिड सम्बन्धी कानुनको उल्लंघन गर्नेकार्य गरी सर्वोच्च अदालतलाई जानि जानि नेतृत्वविहिन बनाई नेपालको संविधानको धारा १२९(६) को ठाडो उल्लंघन गरेको, भन्ने आरोप छ। यसमा आफनो भनाई के छ ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:-</u> पहिलो त म पहिलो मेरो बयान चाहिँ यो कोभिड लाग्दाखेरि बिदा नलिएको भन्नेमा म जान्छु। प्रधान न्यायाधिशलाई अनिवार्य बिदामा बस्नुपर्छ भन्ने अर्थ गर्नु गलत हुन्छ। यो त्यो बेलामा गोला प्रथामा म यो कार्तिक कार्तिकमा होइन मेरो यो मंसिरमा होला यो मेरो विचारमा मंसिर १३ गतेतीर म १३ गते नै हो कि क्या हो। म चाहिँ अदालतमा के रे अस्पतालमा यो सशस्त्र प्रहरीको हस्पिटलमा म भर्ना भएको हुँ कोभिड भएर निमोनिया थियो। यसले गर्दा भएको हो। एउटा दुखद छ यो घटना एकदमै दुखद छ। प्रधान न्यायाधिशले बेन्च तोक्न नपर्ने गोलाबाट बेन्च गइसकेको थियो। मैले बिदा लिनुपर्नेको कुनै अर्थ छैन। मैले हस्पिटलमा बसेर मैले मुद्दा तोक्नु पर्ने भएको भए मैले बिदा लिएर अर्को माननिय न्यायाधीशलाई मैले बिदा लिएपछि अर्को माननिय न्यायाधीश त संविधानले नै स्वत त्यो अधिकार

पाउने अधिकारी हो। भइहाल्थ्यो। तर त्यो वेलामा त्यो स्थिति थिएन। त्यतीमात्र होइन एउटा दुखद कुरो छ एउटा प्रधानन्यायाधीको विरुद्धमा यती ठुलो षड्यन्त्र यती ठुलो राज्यले नै मैले भनेको राज्यले नै अब सरकार चलाउने गठबन्धन अहिले जुन पाँचदलीय गठबन्धन भन्ने छ। अब त्यसले नै यत्रो ठुलो षड्यन्त्र गर्छ प्रधान न्यायाधिशको विरुद्धमा अनि आरोप लगाउँछ भने त अनि अरु कुरो त मैले भनिहाले नि अरु सामान्य व्यक्तित्व भएको भए देखि यो त भागिहाल्थ्यो। यो महाअभियोग लागेपछाडि यस्तो किसिमबाट त भागि हाल्थ्यो। प्रतीकार नै गर्दैनथ्यो। यसमा त प्रतीवाद नै गर्दैनथ्यो भागिहाल्थ्यो। म एउटा भागिन। मैले जनताको अदालतलाई मैले विश्वास गरें। म आएँ। यो संविधानलाई मैले विश्वास गरे। यो संविधानको प्रक्रिया बमोजिम म आएँ। मलाई यो महाअभियोग लाग्छ,पास हुन्छ अनि यस बाट चाहिँ जान्छ भन्ने कुरामा मलाई पटक्कै पनि विश्वास छैन। त्यती बिचमा यती मात्र गरिएन। न्यायाधीशहरुले त्यहाँ बसेर सल्लाह गरेर मलाई फोन पनि गरियो । त्यसको नेतृत्व मिस्टर हरिकृष्ण कार्कीले गर्नुभयो। माननिय हरिकृष्णले गर्नुभयो। फोन गर्नुभयो। यस्तो यस्तो पर्यो तपाई विदामा यसरी बसिदिएको रहेछ। विदा लिइदिएको भएदेखि हुन्थ्यो। मैले भने विदा कुन कानुनले लिने? के आधारमा लिने?र किन लिने? एउटा त भनिदेउ के को लागि लिने? तीमीहरुले थप षड्यन्त्र गर्नाका लागि मैले लिने विदा हो कि? तीमीहरुले फेरि कामुख भएपछाडि अदालतलाई फेरि अर्कै दिशामा लानलाई चाहिँ तीमीहरुले गर्न खोजेको हो कि? के को लागि गरेको हो? तभएदेखि संविधान र कानुनले प्रधान न्यायाधिशले विदा लिनुपर्दैन। यही नेपालभित्र भएको उपचार गर्दाखेरि विदा लिनुपर्ने कहाँ अवस्था छ म त होस हवासमा नै छु। मलाई चाहिँ कुनै लिएर इन्जेक्सन. दिएर बेहोस बनाएर अपरेशन गर्नुपरेको छैन। America मा त Operation गर्नुपर्दाखेरि जती त्यती चाहिँ घण्टा मात्र उहाँले अर्कोलाई अधिकारी तोक्छ भने मैले यहाँ नेपालमा म चाहिँ स्वच्छ स्वस्थ छु। मलाई निमोनिया छ मैले औषधी खाइरहेको छु। म बोल्न सक्छु। म हिड्न सक्छु। मलाई किन? किन मैले विदा लिन पर्यो? भनेर मैले भनेपछाडि उहाँहरुले विदालाई चाहिँ Drop गर्नुभयो। त्यसपछाडि उहाँहरु कहाँ जानुभएछ भने गठबन्धनमा जानुभएछ। गठबन्धनमा जानुभयो। गठबन्धनले निर्णय गरेर प्रधान न्यायाधिशलाई चाहिँ अनिवार्य रुपमा गणबन्धनले निर्णय गर्यो यो त यसमा यो के भन्छ हाम्रो जस्तो यस्तो संवैधानिक कानुनको व्यवस्था बमोजिमको चलेको कानुनि शासन प्रजातान्त्रिक मूल्य र मान्यतालाई अगाडि सारेको मुलुकमा गठबन्धनले चाहिँ एकदमै प्रधान न्यायाधिशलाई विदा लिन लाई चाहिँ अनुरोध गर्ने भनेर गर्नुभयो। त्यसको चाहिँ सञ्चार मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले सार्वजनिक पढेर सुनाउनु भयो। यती दुखद कुरा पनि हुदोरहेछ। प्रधान न्यायाधिशको विदाको कुरामा गठबन्धनले बसेर निर्णय गरेर अनि त्यसपछाडि कुन षड्यन्त्रलाई हो यो त्यो मैले बुझिन। त्यसलेगर्दा खेरि यस्तो यो जुन यो आरोप

लगाएको छ यो चाहिँ भनिहाले नि यो चाहिँ खालि प्रधान न्यायाधिशलाई कसरी हुन्छ Paralyze गर्ने। मैले पटक पटक भन्ने गरेको छु गरिमामय उसमा संसदमा पनि मैले आज यो मैले आज यो समितीमा पनि भन्छु। प्रधान न्यायाधिशलाई बाहेक गरेर प्रधान न्यायाधिशलाई निलम्वन गरेर गैरकानुनि निलम्वन मैले भनिराखेको छु। यो गैरकानुनि निलम्वन हो यो। निलम्वन गर्ने त समितीले प्रतीवेदन संसदमा पेश गरेपछि मात्र निलम्वन गर्ने व्यवस्था छ संविधानमा तर सभामुखले आका गर्ने अनि महासचिवज्यूले निलम्वन भएको भनेर तपाईले कामकाज गर्न नपाउने गरी भनेर लेखिदिने। यो त के भने न्यायापालिकाप्रती लाई न्यायापालिकालाई ध्वस्त गर्न न्यायापालिकालाई अब खुट्टामै नउभिने गरी चाहिँ ध्वस्त पार्नका लागि गरिएको क्रियाकलापहरु हुन्। मैले अस्ति पनि राखें। मलाई यसमा मैले थप व्याख्या पनि म गर्दिनँ। यो संविधान त सबै के सबै जनप्रतीनिधि ले बनाएको संविधान त हो नि। यो संविधान प्रधान न्यायाधिशले बनाएको संविधान हो र? यो चोलेन्द्रलाई मात्र यो संविधान लागू नहुने हो र? अरु सबैलाई लागू हुने चोलेन्द्रलाई चाहिँ यो संविधान लागू नहुने। हुदाहुदा केही कानुन व्यवसायीहरुले भनिन मैले अस्ति पनि भनें नि अब माननिय सदस्यज्यूहरुले आरोप लगाँउनु भएको छ। माननिय सदस्यज्यूहरु ५ जना हुनुहुन्छ। अब तपाईहरु नै निर्णयकर्ता हुनुहुन्छ भनेर पो मैले भने न्यायीक मूल्य र मान्यताका आधारमा मेरो अनुरोध हो नि हैन? तर कतीपय कानुन व्यवसायीहरुले बोल्नुभयो उहाँहरुले टिभीमा बोल्नुभयो। सबैलाई दिएर्पनि यो चोलेन्द्रलाई चाहिँ यो सुविधा दिनुहुँदैन। चोलेन्द्रलाई चाहिँ यो सुविधा दिनुहुँदैन यो सुनुवाइको सुविधा। यो त्यसपछाडि यो त्यस किसिमका यो निष्पक्ष न्याय यो उसको सुनुवाइको चाहिँ अधिकारचाहिँ चोलेन्द्रलाई चाहिँ दिनुहुँदैन पनि भन्यो। उहाँहरुले आफ्नो भन्नुभयो। मलाई खुशी लाग्यो। चोलेन्द्र अरु ग्रहबाट आएको उहाँहरुचाहिँ यही ग्रहभित्रको हुनुहुदोरहेछ। यसलाई नि खुशी लाग्यो। अनि त्यसपछाडि अब मैले भनिहालें नि। प्रधान न्यायाधिश प्रति गठबन्धनले अविश्वास गरेकै हो। सबैबाट देखियो। प्रधान न्यायाधिशलाई यो आरोप, यो प्रधान न्यायाधिशलाई यो पदबाट यसरी झिकेर यतापट्टि राख्नको लागि गठबन्धनले षडयन्त्र गरेकै हो। त्यसपछाडि त्यो षडयन्त्रमा सर्वोच्च अदालतका न्यायाधीशहरु फसेकै हुन्। त्यसमा परिचालन बारलाई गरियो, गरेकै हो। बारलाई परिचालन गरेकै हो। यहीँ लेखियो नि २०७८।०७।०८ बाट। ७, ८ भनेको के हो भने अघि पनि मैले भने यो गोलाप्रथाबाट यो निकास हुँदैन है, अदालत अगाडि बढ्न सक्दैन। अदालत धरातलमा आउछ, Back step हुन्छ। यसले निकास दिँदैन, भन्ने मेरो आफ्नो स्वतन्त्र विचार हो। त्यसले गर्दा त्यो मेरो विचार व्यक्त गरिसकेपछाडि अनि उहाँहरुले भन्नुभो। यो ७ गते अस्ति पनि मैले भनें यो ७ गते कार्तिक ८ गते बारले मलाई विज्ञप्ति दिन आउनुभो। त्यो विज्ञप्तिमा उहाँहरुले आएर भन्नुभो बारका अध्यक्ष लगायत सबै आउनुभाथ्यो। उहाँहरुले भन्नुभो-हामीलाई बाहिर आएजस्तो हामीले प्रधान

न्यायाधिशको राजिनामा मागेका होइनौं। यो हरिकृष्ण कार्कीको चाहिं प्रतिवेदन चाहिं यो लागू गर्नुपर्छ। तपाईंले मुख्य न्यायाधीशको उसको उसमा गर्दाखेरि चाहिं यसले निकास दिँदैन भनेर भन्नुभएछ। तपाईंले चाहिं यसलाई कार्यान्वयन नगर्न लाग्या हो कि क्या हो भन्नुभो। यत्ति हो, उहाँहरुले भन्नुभो। त्यसपछाडि यो वरिष्ठ अधिवक्ताको चाहिं धेरै अवधि भो। प्रकाश राउतले त र त्यो भन्दा अगाडि चाहिं त उनै थियो, दिपक कार्की नै थियो। उसले मानेन। प्रकाश राउत पछि बसेका हुन्। प्रकाश राउतले चाहिं यसलाई ढिलो गर्न लाग्यो। यो चाहिं राखेर गर्दिनुपऱ्यो भन्ने मात्रै थियो। त्यसपछाडि यत्तिमा यो ८ गते यो भएर चाहिं मैले ९ गतेलाई मैले के हाम्रो फूलकोर्ट बोलाको। अनि त्यसपछाडि न्यायाधीशहरुले यत्तावाट न्यायाधीहरु फूलकोर्टमा नआउने, अनि उतावाट वार नआउने। वारले अर्को मिटिङ गऱ्यो। अनि त्यसपछाडि सर्वोच्च वारले चाहिं प्रधान न्यायाधिशले निकास दिनको लागि भन्यो। त्यो-त्यो-त्यो ..... निकाय जसलाई कुनै सरोकार छैन, संविधानले पटक्कै चिन्दैन। त्यस्तो निकायले प्रधान न्यायाधिशको राजिनामा निकास दिनुपर्छ भनेर विज्ञप्ति निकाल्यो। अनि ९ गते फेरि वारले पनि अर्को निर्णय गऱ्यो, प्रधान न्यायाधिशको राजिनामा मागे। मैले भनें अहिले जुन यहाँ बुँदाहरु छ, यही बुँदाहरु नै धेरै बुँदाहरु छ। वारले मसँग राजिनामा माग्यो। मेलै भनें तपाईंहरुले म त विधि र प्रक्रियावाट आएको, तपाईंहरुले राजिनामा कसरी माग्नुहुन्छ? कुन चाहिं दायित्व र कुन चाहिं अधिकारले तपाईंहरुले मागिरहनुभाछ? हिजोसम्म तपाईंहरुले ७-८ गते सम्म चाहिं राजिनामा हाम्रो छैन भन्ने, ९ गते राजिनामा। मैले भनें यो २४ घण्टामा के त्यस्तो प्रलय भयो। तपाईंहरुले त राजिनामा आउनुभयो। वार्ता गर्न आउनुस् भनेर दुईचोटी पत्र लेखें, आएन। त्यसले गर्दाखेरिकोमा चाहिं न्यायपालिकालाई ध्वस्त गर्ने एउटा राजनितिक दलको मनोकांक्षालाई, एउटा उत्कण्ठ इच्छालाई हामीले प्रोत्साहन गरिराछौं। यी सबै गरेर। त्यो प्रोत्साहनलाई नष्ट गर्नका लागि मैले आज पनि मैले भनिराछु त्यो प्रोत्साहनलाई, त्यो-त्यो कलुषित भावनालाई नष्ट गर्नका लागि चाहिं म फेरि पनि नि महाभियोगको प्रस्ताव गरेर राजिनामा नदिएर म आयें। नभएदेखि माननिय ज्यूहरुलाई सबैलाई अचम्म लाग्ला यत्रो दवाव हुँदा नि प्रधान न्यायाधिशले राजिनामा दिएन भनेर। म देशको प्रधान न्यायाधिश हुँ। यो संविधानले नियुक्ति वमोजिमको म प्रधान न्यायाधिश हुँ। न्यायपालिकालाई कमजोर र ध्वस्त वनाएर लाने एउटा राजनितिक दलको उद्देश्यलाई परिपूर्ति हुने गरी चाहिं म रहज़ेलसम्म दिन्नँ। कार्तिक मंसिरको २७ गते मेरो सिद्धिन्छ। त्यो अवधि सम्म चाहिं म कुनै पनि हालतमा त्यो मनोकांक्षालाई पूरा हुन दिन्नँ। यत्ति हो मेरो प्रतिवद्धता। त्यसले गर्दाखेरि मलाई जुन यो आरोप लगाइयाछ, यो आरोप चाहिं एकदमै अव के भन्नु अव यो आरोपवाट प्रधान न्यायाधिशलाई चाहिं महाभियोग लाग्ने होइन।

प्रश्न नं. २०:- अन्य एवं सहकर्मी माननिय न्यायाधीशहरु प्रधान न्यायाधीशसँग इजलासमा सँगै बसी न्याय सम्पादन गर्न तयार नभएको तथ्यलाई निज स्वयंले स्वीकार गर्दै प्रधान न्यायाधिशको रुपमा निजमाथि आक्षेप लाग्दा पनि केवल हाजिर जनाएर निवास फर्कने गरेबाट प्रधान न्यायाधिश राणाको नेतृत्वमा सर्वोच्च अदालत सञ्चालन हुन असम्भव हुन गएको छ, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ? खुलाउनुहोस्।

प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:- यो, यो आरोप, यो आरोप मैले धेरैचोटि मैले अव व्यक्त गरिसकेको छु। यो आरोप चाहिँ यही ७-८ गते पछाडिको यो आरोप हो यो, यो आरोप। यो आरोप चाहिँ ७-८ गते पछाडिको हो। उहाँहरुले मलाई यो गोलाप्रथामा गोलाप्रथामा अदालत गइसकेपछाडि मैले इजलास मैले बसको छैन। यो कुरो मैले मैले राख्नैपर्छ। वातावरण मैले भनिहालें कस्तो वातावरण बनाइयो न्यायपालिकालाई र कहाँ पुऱ्याउन लागियो, यो वातावरण। त्यसपछाडि मैले भनें अब यहाँ हरेक आरोप लाउँदा खेरि चाहिँ उहाँहरुले भन्ने गर्नुभाछ संवैधानिक, यो संवैधानिक इजलासबाट निर्णय भाछ हुन्छन्। त्यो निर्णयमा प्रधान न्यायाधिशले आफ्नो भरौटेहरुलाई न्यायाधीशहरुलाई राखेर फैसला गरियो पनि भन्ने छ भन्ने पनि छ। त्यसपछाडि अघिल्लो Question मा नि भने नि यो त प्रधान न्यायाधिशलाई भनेका ..... मात्रै भनेको यो न्यायाधीश त। त्यसले गर्दा खेरि यो प्रधान न्यायाधिशलाई चलखेल गरेर यो न्यायाधीशलाई लगाएर यस्तो आदेश गऱ्यो पनि भन्नेछ। फेरि यो प्रश्न आउँछ। सबै न्यायाधीश एकतिर प्रधान न्यायाधिश एकतिर। यो कुरो कस्तो होला? यो-यो अभियोगमा लगाउँदा खेरि पनि एउटा कमसेकम तारतम्य त हुनुपर्छ नि। माथिको दफामा तल बाझिने, तलको दफामा माथि बाझिने। यस्तो किसिमको त नहुनु पर्ने हो नि। फेरि सबै न्यायाधीश चाहिँ एकातर्फ प्रधान न्यायाधिश अर्कोतर्फ हो भने कसरी चाहिँ फेरि अरु न्यायाधीशहरु चाहिँ प्रधान न्यायाधिशले भने बमोजिमका काम गऱ्यो भन्या हो यो? यो पनि देखिएन। त्यसले गर्दा खेरि यो, यो चाहिँ के भने यो आरोप चाहिँ मैले भनिहालें यो २०७८ साल कार्तिक ८ गते पछाडि यो सिर्जना गरियो। यो सिर्जना गरिएको भनेको चाहिँ अव सबै कुरो मैले अस्ति पनि भनें। अब फेरि repeat मैले गर्दिनँ। त्यसपछाडिका मुद्दाहरु कस्ता-कस्ता थिए, त्यो पनि नि मैले भन्दिन। मैँले अस्ति नै भनिसकें र त्यसपछाडिकोमा अव हाजिर गरेर यो हामीले फेरि नियमावली जुन बनाएम् गोलाप्रथाको नियमावली। कुनै न्यायाधीश ..... चाहने हो भने नबस्दा पनि हुन्छ भनेर पनि भनें। अव संवैधानिक इजलास अव हाम्रा न्यायाधीशहरुले गोलाप्रथा राख्दाखेरिकोमा उहाँहरुले के भन्नुभो भने बाहिर सार्वजनिक पनि गर्नुभो कि प्रधान न्यायाधिश चाहिँ गोलाप्रथामा नआइदिनको लागि हामीले अनुरोध गरेको छौं। नआउने भनेर वचन दियाछौं उहाँले भन्नुभो। यो त सार्वजनिक

भाछ नि। अब तर नियमावलीमा चाहिँ प्रधान न्यायाधिश र अरु न्यायाधीशहरुले गोला तान्नेछ। अब यस्तो नियमावलीमा एउटा तर उहाँको आचरण र व्यवहारमा अर्को। मैले भनिराछु नि एउटा चोलेन्द्रलाई यो Judiciary बाट विस्थापन गर्नको लागि सबै हतकण्डा अपनाउँदा खेर पनि मैले भनिराछु म विधि र प्रक्रियाबाट आछु, विधि र प्रक्रियाबाट जान्छु र त्यसले गर्दा खेरिकोमा यो जुन यो आरोप छ यो-यो प्रधान न्यायाधिशले नबसेका आफ्ना न्यायाधीशहरु नै उहाँसँग नबस्या। भने यो सबै न्यायाधीशलाई मैले भने नि यो ७/८ जनाको ठालु कानून व्यवासायीहरु जुन हुन्छ बरिष्ठहरु उहाँहरुको दबाव, प्रभाव। अनि बारले हेर तिमीलाई बारसँग डर लाग्दैन। न्यायाधीशहरु बिचरो सोध्दै हुनुहुन्छ सबै न्यायाधीशहरुलाई। सबै ..... छ नि, खुल्ला छ नि। हामी त सबै नेपाली नागरिकहरु त हौं नि। हामीले त्यो institutional लाई कसरी हुन्छ, सक्षम र सबल बनाउने न हो। भने सोहे हुन्छ, समितिबाट सोध्दियोस्, ती न्यायाधीशहरुलाई। कि उहाँहरुलाई के भनेर चाहिँ प्रधान न्यायाधिशको कोठामा पनि नजानुस् तपाईं। उहाँको घरमा, क्वाटरमा पनि नजानोस्। त्यसपछाडि जानुभो भने तपाईंलाई चाहिँ हामी कारवाही गर्छौं। तपाईंलाई हामी ख्याल राख्छौं भनेर चाहिँ ..... ठाल न्यायाधीश हरि कृष्ण, प्रकाशमानहरुले भन्ने, दिपकहरुले भन्ने, मिराले भन्ने। अनि त्यसपछाडि आनन्दमोहनले भन्ने। अनि उनिहरुले अनि बिचरा अरु न्यायाधीशहरुलाई डर, त्रास दिने अनि बारका वकिल, बारका वकिलहरुले रातभरि त्रास र डर त्रासमा देखाए पछाडि बिचरा सबै हामी त मानवै त हौं। सबले हामीले त कानून बमोजिमका आफ्ना-आफ्ना दायित्व र कर्तव्य निर्वाह गर्न जागिर खात हौ नि। म चोलेन्द्र एउटालाई छोडेर चाहिँ बच्छु भने चोलेन्द्रको पछाडि किन लाग्ने? कोही पनि लाग्दैन। लाग्नुपर्ने के छ र। त्यसले गर्दा खेरि सबै न्यायाधीशलाई डर, त्रास र धम्की दिएर यो राजनितिक रुपमा त्यसपछि बारका पदाधिकारीबाट, त्यसपछाडि ठालु न्यायाधीश, त्यसपछि ठालु वकिलहरुले चाहिँ धम्क्याएको कारणले गर्दाखेरि उहाँहरु बस्नु सक्नुभएन। त्यसको अलवा पनि त्यसपछाडि फेरि पनि नि अति भए पछाडि बाँकी रहेका १२/१३ जना न्यायाधीशले त उहाँहरुको त विरोध गर्नुभो नि। यस्तो क्रियाबाट अदालतलाई सधैं भरि विवादमा पार्ने काममा हाम्रो असहयोग रहन्छ भनेर उहाँहरुले भन्नुभएन, आएन? सबै त आइराछ नि। मैले चाहिँ गुटबन्दी गर्ने भए देखि मैले भनिहालें नि मैले गुटबन्दी त्यहाँ अदालतमा हिजो थियो गुटबन्दी। यो आरोप त सुशिला जीलाई पनि लगाको हो गुटबन्दीको आरोप। महाभियोगको आरोप लाग्दा सुशिला जीलाई पनि गुटबन्दीको आरोप लगाछ। यही महाभियोगको यही समयमा। मलाई पनि यही लगाइयो। मैले भनें म गुटबन्दीले न्यायाधीशलाई भनसुन गरेर, दबाव दिएर बस्ने व्यक्तित्व म होइन। प्रशासनको मैले सबैलाई जानकारी छ। प्रशासनको सबै जिम्मेवारी मैले मुख्य रजिष्टरलाई दियाछु। कहिले पनि मैले हस्तक्षेप गर्या छैन। कुनै कर्मचारीलाई मैले भन्ने गर्याछु। सबै कुरो प्रशासनको काम

मुख्य रजिष्टारले गर्ने हो। मुख्य रजिष्ट्रारले गलत गऱ्यो भने त्यो कुरो म कहाँ आयो भने जिम्मेवारी मुख्य रजिष्टार। मेरो होइन। मैले गरिन। त्यसपछाडि गएर मैले जुन चाहिँ न्याय प्रशासनको जुन जिम्मेवारी छ, त्यसमा मैले भनिहालें नि सबै न्यायाधीशहरुलाई स्वतन्त्र बनेर, सक्षम बनेर, स्वाभिमानि बनेर गर्न मैले enhance गर्या छु। उहाँहरुलाई कहिल्यै पनि कुनै पनि मुद्दामा कहिल्यै पनि दबाब दिने, त्यस्ता प्रभावमा पार्ने क्रियाहरु मैले गर्या छैन। मैले गुटबन्दीमा मैलै फलानो न्यायाधीशहरु चाहिँ मेरो हो, फलानो न्यायाधीश अर्काको भनेर कहिल्यै पनि कुनै न्यायाधीशलाई मैले मेरो क्वाटरमा बोलाएर मैले गफ गर्या छैन। उहाँहरुसँग ..... गर्या छैन। केही गरेको पनि छैन। न्यायाधीहरुलाई हजुरहरु यहाँ सम्मानित समितिबाट न्यायाधीशहरुलाई बोलाएर तपाईंले प्रधान्यायाधीशलाई कति पटक भेट्नुभाथ्यो? कति चोटि प्रधान्यायाधीशको फोन आथ्यो? अहिले त हाम्रो डिटेल आउँछ नि। के छ र यसमा। अहिले त त्यो दूरसंचारबाट मागयो भने मेरो न्यायाधीशहरुसँग तल जिल्लादेखिबाट सर्वोच्च न्यायाधीशसँग प्रधान्यायाधीशको कति फोन आयो। हेर्दा भइहाल्छ। कुनै न्यायाधीशले प्रधान्यायाधीशलाई कहिल्यै दबाब दिएर तपाईंहरुलाई गर्याछ भन्यो भने भइहाल्यो नि। प्रधान्यायाधीशले दबाव दिएको भए, प्रधान्यायाधीशले दबाव दिने भए त त्यस किसिमको भए त फरक भइहाल्थ्यो। त्यसले गर्दा खेरि त्यस्तो व्यवहार, आचरण प्रधान्यायाधीशले गर्नुहुन्न। गरेको पनि संविधानको विपरित हुन्छ, कानुनको विपरीत हुन्छ र त्यस्तो क्रिया मैले कहिल्यै पनि गरिनँ र भविष्यमा पनि गर्ने छैन।

<u>प्रश्न नं. २१:-</u> प्रधान न्यायाधिशसहित बसी बैठक सञ्चालन गरी संवैधानिक र कानुनि कर्तव्य पालना गर्नु पर्ने न्यायपरिषद् एवं न्याय सेवा आयोगको बैठक लामो अवधिदेखि बस्न नसकेको, यसका कारण न्यायाधीश एवं न्याय सेवाका कर्मचारीको नियुक्ति, सरुवा, बढुवा लगायत वृत्ति विकासको अनिवार्य कार्यहरु अवरुद्ध हुन पुगेको जानकारी राख्दा राख्दै पनि विगत ३ महिन देखि सर्वोच्च अदालत लगायत सम्पूर्ण न्यायपालिका नेतृत्व विहीन तथा जिम्मेवारी विहीन स्थितिमा पुऱ्याएको साथै अदालतको पूर्ण बैठक समेत कानुन एवं संविधानसम्मत् रुपमा बसाउन नसक्ने लज्जास्पद अवस्था खडा गरेका छन। यसका अतिरिक्त न्यायप्रशासन ऐन, २०७३ बमोजिम न्याय परिषद्ले मात्र न्यायाधीशको सरुवा गर्न सक्नेमा उच्च, विशेष अदालत समेतका न्यायाधीशलाई काज सरुवा गरी पदको दुरुपयोग गरेको अवस्था छ, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:-</u> यो, यो आरोप जुन छ, यो आरोप एकदमै सार्थक छैन। यो आरोप आफैंमा सत्य छैन, यो आरोप। न्यायपरिषद् जम्मा प्रधान न्यायाधिशको

नेतृत्वमा दुइटा निकाय हुन्छ। एउटा न्याय सेवा आयोग। त्यसपछाडि अर्को भन्या न्यायपरिषद् हो। न्यायपरिषद्मा अब यो जुन कर्मचारीको विषयवस्तु छ, यो कानुन सेवा आयोगमा चाहिँ आयोगको ऐनमै छ, त्यो कुरो कि आयोग बस्न नसकेको अवस्थामा प्रधान न्यायाधिशले पछि अनुमोदन गर्ने गरी सिफारिस भएका लोक सेवाबाट सिफारिस हुने हो सबै पदाधिकारी। उनको सबै नियुक्ति गर्न सक्छ र मैले सबै गरेको छु त्यसमा। कसैको पनि रोकेको छैन। सबैलाई मैले गर्दियाछु। पछि अनुमोदन गर्ने हो, त्यसरी नै हुन्छ। कर्मचारीहरुको सरुवाहरु सबै नै काजैबाट हुन्छ, काजैबाट जान्छ। त्यसमा कुनै पनि समस्या छैन। तीन महिना भित्र कहाँ जान्छ र। कर्मचारीको काज त, सरुवा त वर्षको यो मितिमा भनेर तोक्या हुन्छ। त्यो भन्दा अरु दिनमा त काजबाट मात्र जान्छ, अरु जाँदै जाँदैन। यो सबै आफैमा एकदमै झुट्टा छ। अब जहाँसम्म न्यायाधीशको, न्याय परिषद्को परिषद् नबसेको भन्ने छ। न्यायपरिषद्को नबस्ने त यो, यो चाहिँ भनिहालें नि संस्था नै पोलिटिकल संस्था हो, त्यो। पोलिटिकलै देखियाछ। त्यसले गर्दा खेरिकोमा अब यो आषाढ २९ गते सरकार बनेपछि अनि कानुनमन्त्री ज्ञानेन्द्र बहादुर कार्की जी हुनुभो। उहाँले पार्टीगत कारण देखाएर उहाँले जति अवधि सम्म कानुनमन्त्रीमा बस्नुभो, त्यो बेला सम्म परिषद् नराख्नको लागि उहाँले अनुरोध गर्नुभो। यस्तो अनुरोधलाई हामीले स्वीकार गर्याछौं, स्वीकार गर्ने गरेका छौं। यो छोटो समय २/३ महिना भन्या केही पनि होइन, यसले तात्विक असर भिन्नता पनि केही पनि गर्दैन। त्यो गयौं। त्यसपछाडिको मा कानुनमन्त्री परिवर्तन हुनुभयो। उहाँ पछाडि मैले परिषद् बोलाएँ। परिषद् बोलाउँदा खेरि उहाँहरु आउनुभएन। परिषद्को त कोरम पुग्नुपर्छ। ५१ पर्सेन्ट त पुग्नुपर्छ, नभइकन त बस्दैन। अब बोलाउँदा उहाँहरुले आफ्नो दायित्व र कर्तव्य जुन संवैधानिक दायित्व र कर्तव्य हो, त्यो निर्वाह नगर्ने सदस्यहरु र कानुनमन्त्री। अब त्यसको जिम्मेवार चाहिँ प्रधान न्यायाधिश भए पछि त। अब बोलाउन बोलाउँदा आएन भनेर भन्दा खेरिकोमा त यस्तै हो। यो के भयो भने यो-यो संवैधानिक नियुक्तिको जुन प्रावधान छ, जुन चाहिँ नियुक्ति सम्बन्धीको ऐन थियो, त्यो ऐनमा पनि नि अध्यादेश ल्याएर संशोधन गर्नुपरेको आधारै यही हो। किनभने त्यहाँ त्यसको संरचना पनि त्यही नै छ। पाँच जना कोरम अनिवार्य हुनुपर्ने। त्यसपछाडि विपक्ष पार्टी नेता र सभामुख चाहिँ सरकार भन्दा विपरितको पऱ्यो पछाडि त कहिल्यै नआइदिने। अनि ७४ सालदेखिबाट सरकार बनेको कहिल्यै पनि त्यो एक दुई चोटि बाहेक चाहिँ पाँच जना हुनथ्यो पहिला उपसभामुख सम्म चाहिँ अब नेकपाकै थियो, त्यसले गर्दा खेरि आउनुभो। विपक्ष पार्टीको नेता त जहिल्यै आए पनि उहाँले कहिल्यै पनि अहिले होइन भोली गरौंला, पर्सी गरौंला, अर्कोपटक गरौंला। आज मेरो यो कारण छ, कहिल्यै पनि आउनुभएन। यो त मैले देखेर भोगे कुरा न हो। म त सधै ठिक पारेर टायम पारेर म जान्थें। त्यसपछाडि कुऱ्यो-कुऱ्यो मन्त्रिपरिषद्को त्यहाँ बिल्डिङमा कुऱ्यो अनि

विपक्ष पार्टीका नेताजी आउनुभएन। ..... हट्ने छ भन्नुहुन्थ्यो अनि जानुहुनथ्यो। हामी मिटिङ यसरी नै जान्थ्यौं। त्यसपछाडि गएर उपसभामुख खाली भयो। खाली भएपछाडि गएर राखेका मिटिङहरुमा कहिल्यै पनि सभामुख र अब विपक्ष पार्टीका नेता आउनुभएन। नआउनु भएपछि संशोधन भो। संशोधन गऱ्या त हो नि। राज्यका सबै अङ्गलाई/सबै अङ्गलाई फेल गराउने हो भने त कोही नआइदिए भइहाल्यो नि। प्रक्रिया जटिल राख्दिए भइहाल्यो। अब तत्कालको अवस्थामा अहिले संवैधानिक नियुक्ति किन गरियो भन्ने प्रश्न आउँछ, गम्भीर छ। यसो भन्यो भने पनि नि यो राज्यका कुराहरु प्रधान न्यायाधिशले किन खोल्ने भन्ने जस्तो हुन्छ। अब त्यत्रो नियुक्ति र उसका हरेक चिजमा चाहिँ निजामति कर्मचारीबाट देखि लिएर पुलिस, प्रहरी, न्यायिक सबैमा लोकसेवाको भूमिका बेगर कर्मचारी प्रशासन चल्दैन। अब त्यही निकाय चाहिँ सिद्दिसक्यो, खालि भइसक्यो। अब नियुक्ति गर्नलाई चाहिँ मिल्दैन। अब अख्तियार खालि भइसक्यो, मिल्दैन। अनि अरु त्यस्ता सबै आयोगहरु त सबै खालि भइसक्यो, कोही पनि छैन। निर्वाचन आयोगमा दुई जना बाहेक छैन। अनि जहिले पनि मिटिङ बस्यो, उठ्यो, कोरम पुगेन। अनि बाध्य भएर त्यो अध्यादेशमा संशोधन गऱ्यो। अहिले पनि त अहिलेको सरकारले पनि त फेरि त अहिले त विधेयकको रुपमा त त्यही त ल्यायो। के फरक भयो त? बाधा अड्चनहरु, नियुक्ति गर्नलाई राज्यको सबै wings चाहिँ परिपूर्ण गर्नका लागि त बाधा अड्चन छ भने ऐनमा संशोधन हुँदैन? गर्नु मिल्दैन? अब गऱ्यो, नियुक्ति गऱ्यो अनि आरोपै आरोप। आरोपै आरोप लाग्ने वातावरण बनाउने अनि त्यहाँ उपस्थिति नै नभइदेउ भनेर विज्ञप्ति निकाल्ने। अनि उपस्थित भएर गऱ्यो अनि त्यसपछाडि गएर यो हाम्रो र यो अर्कोको भन्ने आरोप लाग्ने रैछ। अब त्यो त मलाई के थाहा। म राजनिति गर्दिनँ, राजनिति बुझ्दिनँ। म त सिधा न्यायपालिकाबाट आएको। सिधा आएँ, वकिल भएँ। त्यसपछाडि गएर चाहिँ न्यायाधीश भएँ। न्यायाधीश पछि प्रधान्यायाधीश भएँ। म त आफ्नो दायित्व र कर्तव्य संविधानले जे लेख्या छ, त्यही जाने हो। त्यहाँ जहाँ बोलाएर उपस्थित हुनुपर्नेछ, त्यहाँ उपस्थित हुनुपऱ्यो, या म विरामी हुनुपऱ्यो या त म चाहिँ नेपाल बाहिर हुनुपऱ्यो। अनि मात्र चाहिँ मैले अनुपस्थित हुने हो। नभए त म उपस्थित हुनुपऱ्यो। अब उपस्थित भएर गऱ्यो, यही हो अवस्था। त्यसले गर्दा खेरि यस्तो कुराहरुमा चाहिँ बेकारमा यो सार्वजनिक भयो। सार्वजनिक हुने भयो। सारा जनताले सुन्ने भयो। यसले न अहिलेको सरकारलाई सहयोग पुग्यो न न्यायपालिकालाई सहयोग पुग्यो न त्यो आरोप लगाउने कानुन व्यवसायी वारलाई सहयोग पुग्यो। आज वार पनि नि गयो। वास्तविकता त यही हो नि। अब उहाँहरुको भन्नुहुन्छ। उहाँहरुले अहिले मलाई धेरै आए। प्रधान न्यायाधिश त अहिले धेरैको गुनासो छ। यसो हेऱ्यो गुनासो हेर्छु म। प्रधान न्यायाधिश त सपथ खाएको, आफ्नो पदीय मर्यादाको सपथ खाछ। म त कानुन बमोजिम बाहेक अरु कुराहरु तपदमा बसेर गऱ्या कुराहरु त म खोल्दिनँ भन्ने त सपथ छ

नि भन्या। मैले अनि उहाँहरुलाई मैले भनें म कहाँ ..... मैले भने मैले सपथ खाएको बमोजिम मैले पत्रिकामा गएर खोलेको छु त? मैले कहीं गएर चाहिँ मैले बोलेको छु त? छैन नि। यो त कानुन बमोजिम मलाई उपस्थित गराइएर त्यसपछि भन्याथ्यो। कानुन बमोजिम त मैले खोल्नुपर्ने कुरा त खोल्नैपन्यो नि। मैले त कानुन बमोजिम खोल्या त हो नि। त्यसले गर्दा जनताको अदालतमा त्यो Sovereign जनताको सम्प्रभु चाहिँ सम्पन्न समितिमा गएर मैले खोलेको छु। मैले त त्यहाँ कानुन बमोजिम मेरो दायित्व र कर्तव्य हो नि। मैले कानुन बमोजिम मैले खोल्न हुन्न भन्या छ। कानुन बमोजिम खोल्न पर्ने निकायमा मैले खोल्नपन्यो। मैले अनि यसरी पनि नभइदिया भए हुन्थ्यो। यस्ता चिजहरु यसरी यस्तो आरोप लगाएर चाहिँ प्रधान न्यायाधिशलाई नल्याइदिया भए हुन्थ्यो। आरोपै लाउँदा त एउटा आरोप लगाएको भए भइहाल्थ्यो नि। तपाईं अयोग्य हुनुभयो, असक्षम हुनुभयो भन्दिया भए त सिद्धिहालाथ्यो नि। के थियो र?

<u>माननीय सभापतिज्यू:-</u> अब एउटा प्रश्न सोधिहालुँ। अब ठिकै हुने। अर्को प्रश्न अगाडि बढाउँ है।

<u>प्रश्न नं. २२:-</u> मुलुकको कानुन प्रणालीलाई दीर्घकालीन प्रभाव छाड्ने विधिशास्त्रीय महत्वको कुनै योगदान पुऱ्याउन निज प्रधान न्यायाधिश असफल भएका छन्। जनताका निमित्त अन्धाकार र विचौलियाका निमित्त सुरक्षित स्वर्गको रुपमा (Safe Heaven) न्यायपालिकालाई स्थापित गर्ने र सञ्चालन गर्ने असंवैधानिक एवं अमर्यादित हर्कतबाट न्यायपालिकालाई मुक्ति दिलाउनु अपरिहार्य भएको छ, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:-</u> यो त, यो सबै आरोपहरु जत्ति पनि छन्, यो तन्काएर चाहिँ तल लग्याछ अनि यो एक-एक वटा जोडियाछ। सबै त्यसरी जोडिएर आइराछ। अब प्रधान न्यायाधिशकै विचौलियासँग सम्पर्क भन्यो, भन्यो। यी यस्तै-यस्तै मात्रै छ। अब मैले पटक-पटक मैले आफ्नो बयानमा भनें मै मात्र यस्तो प्रधान न्यायाधिश हुँ म प्रधान न्यायाधिश भए पछाडि न्यायाधीशको सङ्गतमा म बसिन, मेरो जिम्मेवारी गम्भीर थियो। गम्भीर अवस्थामा म प्रधान न्यायाधिश भएको हुँ। गम्भीर, त्यो भन्दा अगाडि महाभियोग लागेको अर्को प्रधान न्यायाधिशलाई फेरि आरोप लागेको त्यसपछाडिको अर्को प्रधान न्यायाधिशको छोटो अवधि थियो। त्यसपछाडि म भाको हुँ र हामीलाई प्रधान न्यायाधिशलाई भइसकेपछाडि एउटा परम्परा छ। न्यायाधीश भयो पछाडि पनि नि कहीं गयो भने अनि प्रधान न्यायाधिश भयो पछाडि नि त्यसपछाडि बारले चाहिँ एउटा कार्यक्रम गर्छ, अनि त्यो बारमा चाहिँ उपस्थित भएर अनि उहाँहरुले भाषण गर्नुहुन्छ। अनि त्यो भाषणमा प्रधान न्यायाधिशलाई अब मुसो बनाउने-मुसो। एकदम मुसो बनाएर तँ यहाँ आछस्, तैंले चाहिँ यस्तो-यस्तो गरिस् भने तँ चाहिँ यसरी फर्किनुपर्छ

है तँलाई हामी माला पनि लगाउँदैनौं। हँ। तँलाई अहिले हामीले त स्वागत गरेम्। तँ त नयाँ छस् तर जाने बेलामा चाहिँ तँलाई हामी माला पनि लाउँदैनौं, जुत्ता माला लाउन नपरोस् भन्छ। यो एउटा चाहिँ सबै मेरै अनुभव भाको कुरा हो। सबै ठाउँ न्यायाधीश जाँदा आउँदा गर्छ। त्यो भनेको के हो भने त्यो भन्या चाहिँ के भने न्यायाधीश र प्रधान न्यायाधिशले अब बारलाई अक्षरसः सहयोग गरोस्। अक्षरसः सहयोग गरोस्। बारको चाहना अर्थात् कानुन व्यवसायीको चाहना। म पनि कानुन व्यवसायीबाट आएको हुँ। मैले भनें हामी म कानुन व्यवसायी १८ वर्ष हुँदाखेरि हामीले न्यायाधीशलाई यसरी टाउको उठाएर पनि कहिले पनि हेर्न सकेनौं। त्यति मर्यादा थियो। त्यसपछाडिको ४७ साल पछाडिकोमा म भन्छु, त्यो भन्दा अगाडिकोमा बेग्लै हो। ४७ साल पछाडिकोमा जब धेरै कुरोमा परिवर्तनहरु आइसके पछाडिकोमा अनि बार चाहिँ हावी भो। हावी भो-बार जम्मा तीनटा कारणले हावी भो। म तीनटा कारण मैले देखिराछु। त्यो कारण निराकरण हुनुपर्छ। बारलाई पनि सुधारको लागि हरिकृष्णको प्रतिवेदन दियाछ। उहाँहरुले त्यसलाई चाहिँ खल्तीमा के भन्छ ड्रयरमा हालेर राख्नुभो, कहिल्यै पनि काम गर्नुभएन। हामीले चाहिँ पटक-पटक भन्याध्यो। तपाईंको पार्टबाट पनि गर्दियोस् भनेको गरेन। तीनटा कारण छ- यो यसरी न्यायपालिकाको न्यायाधीशलाई, प्रधान न्यायाधिशलाई यो आउन साथै चाहिँ नियुक्त भए पछाडि स्वागत गर्ने कार्यक्रममा धम्काउने क्रिया। यी तीनटा उद्देश्यले हुँदोरहेछ। मैले आफ्नो अनुभव मैले गरें। तीनटा उद्देश्यले। एउटा न्यायाधीश नियुक्तिमा म त पहिला त न्यायाधीश नियुक्ति गर्ने पदाधिकारी थिइँन तर अहिले अनुभव भयो। एउटा न्यायाधीश चाहिँ न्यायाधीश नियुक्तिमा उहाँहरुको सरोकार हुँदोरहेछ। उहाँहरुको फर्मको। कि आफैं चाहिँ. उहाँहरु यसरी नियुक्तिको प्रक्रियामा उहाँहरु संलग्न हुनुहुँदो रहेछ। उहाँहरुले सिफारिस गर्नुहुँदो रहेछ। अब थाहा छैन मलाई। हिजोका न्यायाधीशहरुले प्रधान न्यायाधिशहरुले सजिलो तरिकाले चाहिँ यसलाई स्वीकार गऱ्या हो कि, एउटा कुरो त्यो। दोस्रो उहाँहरुको Interest भनेको न्यायाधीश सरुवामा हुँदो रहेछ। न्यायाधीश सरुवामा। आफूले Practice गर्ने ठाउँमा फलानो-फलानो- फलानो ल्याइदे हुन्थ्यो भन्ने हुँदो रैछ-दुईटा। यो दुईटा कुरो मैले परिषदबाट गरिनँ। यो दुईटा सहयोग गर्ने काम मैले गरिन, उहाँहरुलाई। पटक्कै गरिनँ। मैले, मैले भनिहालें मैले चाहिँ धेरै चोटि भनें मैले गरिन। अब अहिलेको नियुक्तिको प्रक्रियामा सायद अब आउला। देखिहालिन्छ नि। यो त आजको अंध्यारो, आजको अंध्यारो भोलि त उज्यालो भइहाल्छ नि ।यो रात र दिन त हो नि। १२ घण्टे हो ।फेरि देखिहाल्छ नि ।यसमा केही पनि छैन। देखिहालिन्छ। भोलिको नियुक्तिबाट देखिहालिन्छ ।यस पछाडि अर्को एउटा हुदोरहेछ। उहाँको मुद्दामा Interest, मुद्दामा Interest हुदोरहेछ । उहाँहरुको संलग्न, उहाँहरुको लागि ठूलो, न्यायाधीशको लागि ठुला होइन। त्यो चाहिँ फलानोको गरे हुन्थ्यो । फलानोलाई राख दिए

हुन्थ्यो। प्रधान न्यायाधिशले हाम्रो सुनेन। हामीले भनेको ठाउँमा राखदिएन । यी क्रियाहरु हुँदोरहेछ। यो ३ वटा चिज महाप्रधान न्यायाधिशले सम्झौता गऱ्यो बारसँग भने त्यो प्रधान न्यायाधिशलाई त्यति गर्दा पनि, त्यति गरे, गर्दा पनि हिजोको अवस्थामा त्यो हुन्थ्यो । गऱ्या थिए। म अहिले पनि भन्छु। तर त्यति गर्दा पनि जाने वेलामा ४७ साल देखिवाट नियुक्ति भएका प्रधान न्यायाधिशहरुलाई आजसम्म एउटा फूलको गुच्छा दिएर बारले विदाई गरेको मैले इतिहास देखिएन। यही हो हाम्रो अवस्था, त्यति गर्दा पनि कसैलाई विदाई गरेर एउटा फूलको गुच्छा दिएर विदाई गरेको मैले देखिन। यो, यो चाहिँ त्यसले गर्दाखेरि अब यसमा यो कुरोलाई अब मैले अर्को रुपमा यसरी पल्टाएर मैले भने, यो कुरो दिएको भए देखि यो कुरो मैले उहाँहरुले भने जस्तो मुद्दा दिएको भए, मुद्दा चाहिँ फलानो न्यायाधीशलाई तोकिदया भए त्यसपछाडि गएर उहाँले भनेका जस्तो न्यायाधीश, कर्मचारी ठाउँ-ठाउँमा यो हुँदोरहेछ । हरेक ठाउँमा चाहिँ कर्मचारीहरु, श्रेष्तेदार, तहसिलदारहरु अनि कर्मचारीहरु, फाँटवाला चाहिँ त्यो मुद्दा शाखाहरुमा हुँदोरहेछ । उहाँले भनेको जस्तो ल्याईदिएको भए अनि उहाँले भनेको जस्तो न्यायाधीशलाई राखिदिएको भए अनि उहाँहरुले अनान्दकासाथ गर्व गरेर बुझनुभो पक्ष तपाईंको मुद्दा त फलानो ठाउँमा पर्छ भोलि तपाईंले हेर्नुस न मैले भन्या छु। मिलाइहाल्छु नि। भइहाल्छ नि भन्ने उहाँहरुले पाउँने गौरव गर्ने पाउँने रहेछ । उहाँहरुको नजरमा, उहाँहरुको सोचमा अनि कुनै न्यायाधीश नियुक्तिमा चाहिँ उहाँले भनेपछि मैले तपाईंलाई फोन राती फोन गरेर अनि प्रधान न्यायाधिशले हुन्छ भन्यो भने त्यो व्यक्तिलाई कानुन व्यावसायीलाई फोन गरेर तपाईंलाई मैले प्रधान न्यायाधिश कहाँ गएर फ्लानो न्यायाधीश बनाईदिने भने सिफारिस गरेको छु। तपाईंको भोलि पर्सितिर हुन्छ। है मैले भन दिएको छु भनेर भन्न पाउँने उहाँहरुको गौरवको त्यो अवस्था, त्यो चाहिँ उहाँहरुको गौरवपूर्ण कार्यलाई मैले रोकेछु । अनि उहाँहरु मेरो विरुद्धमा जानुभो। त्यो गर्देको भए उहाँहरुलाई Safe heaven हुने रहेछ । त्यो भ्रष्टाचार गर्नलाई बिच-बिचमा, सबै कुरा उहाँहरुलाई Safe heaven हुने रहेछ। त्यो मैले गर्दिन, त्यो आरोप सट्टा म कहाँ पल्टाए। बिचौलियाको आरोप पनि मलाई , त्यसपछाडि गएर मुद्दामा पनि मलाई यो सबै आरोप चाहिँ उहाँले यसरी मलाई पल्टाउनु भो । मैले गौरवका साथ भन्छु। मैले चाहिँ, मैले चाहिँ न्यायाधीश भएपछि कुनै कानुन व्यवसायसँग मैले चिया खाइन। शम्भु थापा त मेरो कलासको साथी हो । हामी वसेको पनि मेरै टोलमै वसेर हुर्केको व्यक्ति हो। सँगै हो उहाँ तर मैले कसैसँग पनि १ कप चिया वसेर खाइन। म न्यायाधीश भएछु। वकिलसाहवसँग चिया खाएन। जहिल्यैदेखिवाट प्रधानन्यायाधीस भए त्यसपछि कुनै पनि न्यायाधीशलाई फोन गर्ने र भन्ने त्यसपछाडि गएर मैले न्यायाधीशहरुसँग वसेर न क्वाटरमा न अफिसमा चिया खाएन। वाहिर त करै छोडदिनु। मेरो वाहिर त मोमेन्ट छैन। त्यसले गर्दाखेरि मेरो काललाई उहाँहरुले यो भनेको हो भने यो एउटा यो त के भन्छ भने

मकाचौला हुनेपर्नेछ। मैले गर्देको भए हुने रहेछ। त्यसले गर्दा यो आधारबाट मलाई महाभियोग लगाउनुपर्ने होइन।

<u>माननीय सभापतिज्यू:-</u> माननीय सदस्यहरु, अब १० मिनेटको लागि बैठक स्थगित हुन्छ ।

<u>माननीय सभापतिज्यू:-</u> माननीय सदस्यहरु, स्थगित भएको बैठक फेरि शुरु हुन्छ । अब प्रश्न नम्बर २३।

<u>प्रश्न नं. २३:-</u> पूर्वन्यायाधीश, न्यायाधीश, नागरिक समाज, नेपाल बार एशोसिएशन एवं सर्वोच्च अदालत बार एशोसिएशन समेतबाट प्रधान न्यायाधिशको कार्यमा गम्भीर प्रश्न खडा गरी अविश्वास प्रकट गरेको र उल्लिखित बार एशोसिएसनले प्रधान न्यायाधीशको सर्वोच्च अदालत प्रवेशमा रोक लगाउन १०० दिन भन्दा अघि देखि धर्ना, जुलुस, सभा सम्मेलन समेतका विभिन्न कार्यक्रम गर्दै आएको र सिंगो न्यायिक प्रणाली अवसद (Depression) को स्थितिमा रही संवैधानिक प्रणाली सुसञ्चालन हुनमा बाधा उत्पन्न भइरहेको र तत्काल यो परिस्थितिबाट न्यायोचित निकास दिनका लागि महाभियोगद्वारा निजको पदमुक्ति अति आवश्यक हुन आएको छ। नेपाल राष्ट्रको सर्वभन्दा सम्मानित एवं मर्यादित राख्नु र देखिनु पर्ने प्रधान न्यायाधीशको पदलाई आफ्नै गैरजिम्मेवारीपन, अधिकारको दुरुपयोग एवं अनैतिक आचरणको कारणले अत्यन्त विवादित बनाई न्यायिक गतिरोध सृजना गरेकोले प्रधान न्यायाधीश श्री चोलेन्द्र संशेर ज.ब.रा.लाई महाभियोग प्रस्ताव पारित गरी पदमुक्त गर्नुको कुनै विकल्प छैन, भन्ने आरोप छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> यो प्रश्नमा यो पूर्व न्यायाधीश भनेको छ । यो पूर्व न्यायाधीश एउटा संस्था छ, पूर्व न्यायाधीश संस्था छ। समाज छ, पूर्व न्यायाधीश भनेको छ । एउटा न्यायाधीश समाज छ। त्यो चाहिँ बहालवाला न्यायाधीश त्यो अर्को र पूर्व पनि बस्न पाउनेछ। एउटा चाहिँ पूर्व न्यायाधीश समाज छ। यो पूर्व न्यायाधीश समाज र हाम्रो न्यायाधीश समाज भने चाहिँ हिजोको नेविसंघ र मण्डले जस्तै हो। यो चाहिँ, यो पूर्व न्यायाधीश समाज भनेको छ। यो मण्डले समाज हो। यो चाहिँ, मण्डले समाज, मण्डयलले नेतृत्व गरेको छ। हिजोका मण्डलेका जति पनि न्यायाधीशहरु थिए पछि न्यायाधीश भएका थिए। त्यो उनले नेतृत्व गरेको छ । जस्तो टोप बहादुर सिंह हिजोको मण्डले हो। उले नेतृत्व गरेको छ। त्यसपछाडि गएर एउटा झाँझा जी अहिले उपाध्यक्ष लेख्नुभएको छ। अस्ति पनि विज्ञप्ति उजुरी हाल्नुभो। उ एउटा अर्को मण्डले हो। त्यसपछाडि यसको सबै गर्ने चाहिँ कमजोर मण्डले भनेको शम्भु खड्का हो। त्यसले गर्दा यसलाई हामी चाहिँ न्यायाधीशहरुमा बस्दाखेरि पनि यसलाई चाहिँ यो मण्डले न्यायाधीश समाज हो भनेर हामी भन्थ्यौं। कहिलेकाही उले विरोध गर्नु भने सभाविक हो। म

त्यसमा केही पनि मेरो उ छैन्। किनभने अब यो न्यायाधीश चाहिँ यो पूर्व भइसकेपछाडि पनि अब पटक-पटक आउने गरेको छ। मैले सम्मानित समिति समेतमा राखिरहेको छु नि यो पूर्व न्यायाधीश, पूर्व प्रधान न्यायाधिश उहाँहरुले Interview मा भन्नुभो नि। अस्ति पनि एउटा हाम्रो प्रधान न्यायाधिश सुशिलाजीले मेरो यहाँ बयान पछाडि उहाँले Interview मा दिनुभएको थियो। त्यो दिँदा के हामीले अब यत्रो वर्ष हामी न्यायाधीश भइसकेपछाडि त्यो न्यायपालिकामा त अब सप्रे विग्रयो भने हाम्रो पनि त उ लाग्छ नि। त्यसले गर्दाखेरि त्यसमा त हाम्रो पनि त हाम्रो पनि चित्त दुख्छ नि, त्यसले गर्दा हामी त्यसमा सहभागी हुन त सवभाविक हो भनेर भन्यौं। यति हो मैले भन्न खोजेको मैले अघिल्लो पटकको वयानमा भनेको थिए । पूर्व भएपछि पूर्वे वस्नुपर्ने, उहाँहरुले मध्यमै वस्न खोज्नुहुन्छ । अर्थात चाहना यति मात्र हो । मैले पटक पटक भनेको पूर्वन्यायाधीश समाज, यो न्यायाधीशहरुको पूर्व भइसकेपछाडि एउटा प्रवृतिमा सुधार आएन । उहाँहरुले जहिल्यै पनि आफुलाई न्यायाधीश नै माग्ने । माग त हाम्रो पहिला पनि त्यही नै थियो । हाम्रो त यो संविधान निर्माणको क्रममा माग त्यही नै थियो । अमरिकामा लाईफ लङ्ग हुन्छ । नेपालमा पनि लाईफ Long गर्नुपर्छ भने थियो । त्यसपछाडि वर्ता गर्दा नभएको पछाडि हामीले ७० राखें, ७० पनि भएन त्यसपछि ६७ राखें, ६७ भएन ६५ मा छ । ६५ त साविककै हो। यो चाहिँ साविक १९ सालदेखि, संविधानदेखि ६५ हो। त्यो ६५ मा हामी अड्केका छौं। अहिले पनि हाम्रो माग चाहिँ ६५ वाट बढाईयोस भन्ने नै छ। सकभर यो पूर्व हुनै नपरोस। यो न्यायाधीशको भइसकेपछाडि संविधानले कुनै पनि किया गर्न दिदैनौं। उच्च अदालतका न्यायाधीशहरुलाई आफ्नो जुन ठाउँमा वस्या छ त्यो ठाउँमा Practice गर्न पाईदैन। सर्वोच्चको न्यायाधीशले त केही पनि गर्न पाईदैन। प्यारालाइज चाहिँ गरेको छ । अनि गर्ने के त भन्दाखेरी यहि न्यायपालिकामा हेर्ने हो। यो न्यायापालिकामा हेर्ने भने के त भन्दाखेरि यसमा पनि तिन नै चिज हो। यही तिन चिज हो। एउटा मुद्दामा, मुद्दामा Interest, एउटा न्यायाधीश नियुक्तमा Interest, एउटा न्यायाधीश सरुवामा Interest, कर्मचारी सरुवामा Interest यो भन्दा वदता केही पनि होइन। त्यसले गर्दा यही भूमिकामा चाहिँ रहिरहन पाउँ भने उहाँहरुको हो। त्यही आधारवाट न्यायाधीश समाजले यतावाट वारको विरुद्ध भएपछि न्यायाधीश समाजले पनि मिटिङ्ग वस्यो। पूर्व न्यायाधीशहरु पनि विज्ञप्ति निकाल्यो। सवै छ, सवै आईरहेको छ। पूर्व न्यायाधीश भन्नाले पूर्व प्रधान्यायाधीश सवै छैन्। ४ जना हुनुहुन्छ। पूर्व प्रधान्यायाधीस उहाँहरुले पटक पटक निकाल्न राख्नुभएछ। मेरोमा निकाल्नुभएको थियो र न्यायाधीश समाजले पनि निकाल्यो। यहि हो न्यायाधीश, पूर्व न्यायाधीश समाज भनेको यो मण्डले समाज हो, यो त्यसले गर्दा यस्तोलाई महत्व दिनुहुन्न। यो संवैधानिक पनि होइन, यो कानुनी पनि होइन, यो एउटा समाज हो। यस्तो समाजले त समाज बनाउन, निर्माण गर्नलाई पनि चाहनुपर्छ त। आफ्नो

कार्यक्षेत्र भन्दा बाहिर गएर गैहकानुनी माग राख्ने, गैह कानुनी Activities गर्ने यस्तोलाई त अब कानुन बमोजिम बन्द गर्नुपर्ने हो। अब बन्द हुँदैन। यो समाजलाई केही पूर्व न्यायाधीशले राखिराखेको छ। यसलाई राखिराखेको कारणलाई न्यायपालिकामा सिला खोज्ने काम चाहिँ गरिरहनुभएछ, उहाँहरुले सिला खोज्ने प्रवृतिबाट न्यायपालिकालाई ध्वस्त बनाउँदै, बनाउनुभएछ। यो एउटा यो छ। त्यसपछाडि बारको विषयमा मैले पटक पटक भनिसके। बारको कारण, आधार कारण त्यति मात्र हो र त्यसमा यो सबै भएको चाहिँ यो स्थिति पैदा भएको भनेकै न्यायाधीशमा महत्वकांक्षा दिइयो, बारलाई प्रयोग गरियो । न्यायाधीश र महत्वकांक्षा भन्नाले चोलेन्द्रलाई हटाएर अब अनुप न्यायाधीशलाई चाहिँ प्रधान न्यायाधिश बनाउँछु भन्दाखेरि न्यायपालिकालाई आज यो अवस्थामा ध्वस्त अवस्थामा पुऱ्याईदियो। पुरेको अवस्थामा छ। अब यसलाई फेरि पनि, फेरि जिम्मेवार भएर गरे कसरी लाने हो। मैले अहिले यसमा केही पनि सोचेको छैन। मेरो कार्यकाल के त बाँकी छ? अब बढी भएदेखि आज २६ गते भो, अब तिन महिना बाँकी छ। मेरो त अब उ सम्म मात्र हो। मंसिरको २७ गते हो। तर न्यायापालिका त हामी सबैलाई चिर कालसम्म रहन्छन्। जहिलेसम्म नेपालको अस्तित्व रहन्छन्। जहिलेसम्म नेपालको संविधानले काम गर्छ। तहिलेसम्म त न्यायपालिका त रहिरहनुपऱ्यो। चिरस्थायी हुनुपऱ्यो। न्यायपालिकालाई, चिरिस्तै बनाउने हो भने के? भन्नाले सबै मिलेर पो फुक्ने त सबै मिलेर आन्द्राभुडी निकालिदिए पछाडि बाँकी रहँला न्यायपालिका? न्यायपालिका सबै टाउकै फोडे पछाडि बाँकी के रह्यो। हामीले त माटोको, माटोको एउटा लिएर न्यायपालिकालाई चाहिँ मूर्तिरुप बनाएर चाहिँ दिनुपर्ने ठाउँमा पवित्र र सुन्दर मूर्ति बनाएर दिनुपर्ने ठाउँमा अब हामी सबैले त्यसलाई ढुङ्गाले हानौं, हानेको छ, टाउकोलाई हानेको छ । ..... पूर्वन्यायाधीशलाई हानेको छ ।प्रधान न्यायाधिशलाई हानेको छ। ..... हानेको छ। सबैले यो नागरिक समाज भने त मैले मेरो विरुद्धमा कोहि नागरिक समाज आएको जस्तो मलाई लाग्दैन। अब कोही नागरिक समाज एउटा कोही आए छ कि त्यो वेला मैले त देखिन। नागरिक समाजको त मैले कहिले पनि देखेको छैन्। कस्तो को हो? नागरिक समाज भने मैले त्यो पनि खोजिन सबै नागरिक त नागरिक हो। त्यसले कुनै समाज निर्माण गरेको छ त होला। नभए उनीहरुको व्यक्तिले नागरिक समाजको पदाधिकारी भने जस्तो अब एउटा यसैमा दिँदाखेरि त मेरो विरुद्धमा नागरिक समाजको अगुवा भनौं। जे भनौं। के के भन्नु भएको छ? अब त्यही सुरेन्द्र के.सी.लाई भन्या हो भने मेरो केही पनि भन्नुछैन्। यसमा सुरेन्द्र के.सी.ले गएर मेरो विरुद्धमा ..... त्यहाँबाट कानुनबमोजिम हुने कुरो भइहाल्छ। मेरो हकमा त उहाँहरुले निर्णय गरिसकेको छ। अब मेरो परिवारको हकमा मैं भनेपछि परिवार मैसँग गाँसिएको छ। मेरो हकमा अब अरु अब मसँग अब जन्मको आधारले जोडेका मेरा उहरु परिवारहरुसँग हो नि। त्यही नै जानुस्। त्यही नै छँदैछ। अब यो

चाहिँ १०० दिनभन्दा बढी भनिहाले, मैले पटक पटक उहाँहरुलाई यसरी न्यायपालिकालाई लानु हुन्न। न्यायपालिकालाई सुदृढ बनाउनुपर्छ। तपाईहरुले मलाई चाहिँ पहिला माग राख्दाखेरि मेरो राजिनामाको माग राख्नुभएको थिएन। पछि आएर एक्कासी तपाईँहरुले २४ सै घण्टाभित्र के चाहिँ माग राख्नुभो? किन मेरो राजिनामा माग्नुभो? त्यसको आधार र कारण तपाईँले दिनसक्नु भएको छैन। त्यसले गर्दाखेरि आधार र कारण बार्ता गर्न आउनुस्। मैले २ चोटि भन्दा पनि आउनुभएन। उहाँहरु अब त्यो अस्ति पनि मैले भने सर्वोच्च अदालतको अध्यक्ष, सर्वोच्च अदालत बारको अध्यक्ष पूर्णमानजी अनि नेपाल बारको अध्यक्ष चन्द्रेश्वरजी अनि महासचिव लिलामणिजी ले आफै-आफैले तुल लिएर चाहिँ ५/६ जनालाई लिएर आफ्नो फर्मको विचारा ति साना भाईहरुलाई अब भनौं तिनलाई त हामीले त एउटा संस्कार दिनुपर्ने हो नि। संस्कार भन्नाले कस्तो संस्कार भने न्यायपालिकाको विरुद्धमा बारले औंला उठाउनुहुँदैन। यो होनि संस्कार त। न्यायपालिकालाई सधैं हामीले शिर झुकेर नमस्ते, हामीले स्विकार गर्नुपर्छ। नभए भित्र पस्दाखेरी पनि सबै बरिष्ठले यसरी झुकेर किन पस्ने र बस्ने, न्यायाधीशले बस्न भने बस्ने र उठ भने उठ्ने हो त्यो ईजलासभित्र त्यो गरिमामय अवस्थालाई चाहिँ अब ध्वंस गर्ने दृष्टिकोणले उहाँले गर्नुभो। १०० दिनको १०७ दिन गर्नुभएको हो। त्यहाँ लेखेकै छ। यसमा त १०० मात्र भर्न पाउँ र न्यायपालिकालाई यो डिप्रेसनमा लगाउने काम त सबैले उहाँले गर्नुभो। त्यो पनि के भनेपछि यहि आषाढ २८ गतेको निर्णय पछाडि सबै भयो त्यसपछाडि गएर कार्तिकमा गएर यो शुरु भो ।कार्तिक पछाडिका मुद्दाहरुको परिणामबाट यो आयो र प्रधान न्यायाधिशलाई कसैगरी विस्थापित गर्न र अर्को प्रधान न्यायाधिश बनाउने उद्धेश्य उहाँहरुको थियो। अब तर दुर्भाग्य भनौं। अब त्यो चाहिँ हुन सकेन ।अहिलेलाई हुन सकेन। अब यो अहिले यो महाअभियोग प्रक्रिया छिटो टुङ्गियो, २/४ दिन भित्र टुङ्गियोस म त यहि भनिरहेको छु। मेरो यो प्रक्रिया छिटो टुङ्गाएर मलाई चाहिँ अब महाभियोग लाग्नेरहेछ भने महाभियोग लगाएर उहाँलाई बनाउने मिल्नेरहेछ भने बनाइहाल्ने। यति मात्र हो त्यसले गर्दाखेरि यो न्यायधीशको प्रधानन्यायधीश बन्ने महत्वकांक्षा त्यसपछाडि चोलेन्द्रलाई हटाएर अर्को प्रधानन्यायधीश बनाउनुपर्छ भन्ने अब गठबन्धनका दलहरुको चाहिँ उहाँहरुको होला ।त्यस्तो के सोच्नुभो उहाँहरुले त्यो हो त्यसपछाडि त्यही बमोजिमको मोमेन्ट भयो ।मोमेन्ट हुँदाखेरिकोमा अब यो धेरै छ। मैले अहिले धेरै भने भने फेरि कति... चोट लाग्ला अनि फेरि मलाई, मलाई फेरि आरोप आउँछ। सबैभन्दा ठूलो कुरो के हो ? भने यहाँ महत्वपूर्ण संस्था भने दुईवटा रहेछ, दुइवटा रहेछ। एउटा महत्वपूर्ण संस्था भने दुईवटा रहेछ। त्यसमा सबै दलको सबैको हानाथाप हुँदोरहेछ। सबै पूर्वप्रधान न्यायाधिशको हानाथाप हुँदोरहेछ। त्यो चाहिँ मैले सकिन। मैले चाहिँ त्यो प्रति त्यो उहाँहरुको ईच्छा, मनोकांक्षा पूरा गर्न सकिन। यो कुरो मैले स्विकार्नुपर्छ। एउटा भने मानव अधिकारको अध्यक्ष बन्नलाई

पूर्वप्रधान न्यायाधिशहरु लडाई रहेछ। कल्याणजी हुन चाहने, मिन बहादुरजी हुन चाहने, अरु जी हरु हुन चाहने त्यो चाहिँ भएन। अब हामीले नियुक्ति गर्दाखेरि टोप बहादुर मगर परे, टप बहादुर मगर परे। अब त्यसले गर्दाखेरि एउटा irritation त्यहाँबाट भो। सधै प्रधान न्यायाधिश हुने त्यो, यो पटक नियुक्तिमा प्रधान न्यायाधिश पाएन। अर्को भनेको चाहिँ महत्वपूर्ण संस्था पनि अख्तियार रहेछ। अख्तियारको प्रमुखलाई चाहिँ सबैको हानाथाप हुँदोरहेछ। यति हो। यसले गर्दा यो दुईवटा निकायले गर्दाखेरि यतातर्फबाट पूर्वप्रधान न्यायाधिशहरु लाग्यो, अर्को तर्फबाट अर्को लाग्यो, सबै लागे, लागे लागे, लाग्यो लाग्यो ..... अब त्यसले गर्दाखेरि त्यो, त्यसमा चाहिँ मैले सहभागी नभाएको भए संवैधानिक नियुक्ति हुँदैनन्थ्यो। किनभने अब २ जना उहाँहरु आउनुहुनथ्यो। सम्माननीय विपक्षी पार्टीको नेता आउनुहुन्थ्यो। सम्माननीय सभामुखज्यू आउँदिन भन्नुभएको थियो। अनि म नभए दिएको भए हुदैनन्थ्यो। त्यो नियुक्ति हुदैनन्थ्यो। अब म गएको कारणले गर्दा नियुक्ति भए पछाडि अब.. अब सबै खनिए त मै मा भो। त्यसले गर्दाखेरि अब मेरो चाहिँ त्यसले गर्दाखेरि मेरो टाउकोमा हानेकै हो। सबै दल मिलेर अहिले राजनैतिक गठबन्धन दल मिलेर, बार मिलेर, न्यायाधीश मिलेर मेरो टाउकैमा हानेको हो। अनि मेरो टाउकै फुट्ला नफुट्ला मेरो आफ्नै कर्म, मेरो आफ्नै भाग्य छ। अब त्यसले फुट्ला नफुटला अब भविष्यले देखाउँछ। त्यसले गर्दाखेरि यी क्रियाहरु जति छन्। यो चाहिँ प्रधान न्यायाधिशलाई विस्थापित गरेर अर्को प्रधान न्यायाधीशलाई ल्याउने उद्धेश्यले मात्र आएको हो। यो आरोप अब भनिहाले नि अब बारले १०० दिन ढोकामा बस्यो भने मैले के गर्ने? त्यो ढोकाबाट सरकारले नहटाईदिने मैले के गर्ने? ..... ढोकाबाट हटाई दिनुपथ्र्यो नि। सर्वोच्च अदालतको परिषद् भित्र - बसेर उहाँहरुले चाहिँ हड्ताल गरेर, नारा र जुलुस लगाएर बस्दाखेरि अहिलेको यो सरकारले हटाएन। नहटाएको कमजोरी के प्रधान न्यायाधीशको? हटाउनुपथ्र्यो नि। त्यहाँ चाहिँ त्यो निषेधितक्षेत्र हो। त्यहाँ चाहिँ नारा जुलुस लगाएर ढोका लगाएर बस्न लागेको। यसको दायित्व त उनिहरुले लिनुपर्ने हो नि। मैले लिने हो र? अब न्याय मैले अस्ति भने न्यायाधीशले काम गरेन। करिब-करिब ३५।३६ दिन उहाँहरुले बेन्च बहिष्कार गरेर बसे। बेन्चमा बसेन। संविधानले दिएको जिम्मेवारी र कर्तव्य पुरा उहाँहरुले नगर्ने अनि ती न्यायाधीशहरुलाइ चाहिँ कसैलाई चाहिँ कारवारी नहुने, प्रधान न्यायाधिशलाई कारवाही गर्ने, प्रधान न्यायाधिशको कारणले न्यायाधीशहरु नबसेका हुन त ।७ गते पछाडि, ७ गते भन्दा अगाडि बसेका थिए त। सबै त बसिरहेको थिए। बिच, फेरि ७ गते पछाडि के त्यस्तो स्थिति आयो? मबाट के त्यस्तो चाहिँ गम्भीर भूलहरु भयो। मलाई महाभियोग लगाउनुपर्नेसम्म के चाहिँ आधार आयो? मैले के चाहिँ नैतिक पतन हुने काम गरे, फौजदारी कसुर गरे , के ७। ८ गते कार्तिक ८ गतेबाट यी क्रियाहरु न्यायाधीशहरु गर्नुपर्ने कहाँबाट आयो त ? भने पछाडि एउटा Whistle आए पछाडि

हुँदोरहेछ यस्ता कुराहरु मैले देखे। तर के भने यस्तो षडयन्त्रलाई सफल हुन नदिनको लागि पनि नै म गरिमामय सम्माननीत जनताको अदालतमा सम्माननीत समिति समक्ष चाहिँ उपस्थित भएर आफ्नो सबै भनाई राख्छु। त्यो भन्दा अगाडि मैले कहिल्यै पनि भनेको छैन । कहीं पनि अहिलेसम्म साढे ६ महिना भयो। मैले मौन बसेको छु। एक शब्द मेरोमा सबै पत्रिकाले, पत्रकारहरुले चाहिँ मलाई फोन गरेर भन्थें। मैले जहिले पनि नि मैले मेरो केही छैन् केही छैन् भनेर मैले भने। त्यसले गर्दाखेरि मेरो भन्ने मेरो चाहिँ स्पष्ट गर्ने ठाउँ भनेको जनताको अदालत हो। म त्यसले गर्दाखेरि सबै कुराहरु एउटा षडयन्त्रबाट आज अदालतलाई डिप्रेसनमा लाने काम सबै उहाँहरुबाट भयो। तर त्यसको आरोप चाँहि मलाई लाग्यो। यसरी पल्टाए । मैले पनि अहिले उहाँहरुलाई पल्टाइरहेको छु। मैले भने तपाईंहरुको क्रियाहरुले गर्दा आज न्यायपालिका डिप्रेशनमा गयो। यो मेरो कारणले होइन। त्यसले गर्दा यस्तो आधारबाट यो यो यस्तो यो जति पनि आरोपहरु छ। जति अहिले संविधानमा गालीगलौजका शब्दहरु जति छन्। संविधान भन्न आयो Sorry, यो चाहि Dictionary मा छ। त्यो सबै शब्द अरु, अरु गाली गर्ने शब्दहरु चाहिँ हालेन तर अनैतिक भन्नुपर्ने शब्दहरु चाहिँ सबै हालेर अनि त्यसपछाडि यी बुँदाहरु बनाइयो। यसले गर्दाखेरि यी बुँदाहरु आफैंमा यो झुठ हो, यो चाहिँ सत्य छैन्। यसबाट महाभियोग लाग्नुपर्ने छैन।

<u>प्रश्न नं. २४:-</u> प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबराले साढे चार अर्वभन्दा बढी पर्ने वीरगञ्ज महानगरपालिका -२ छपकैयास्थित ३ विघा १७ कट्ठा क्षेत्रफलमा फैलिएको ऐतिहासिक र धार्मिक महत्वको सार्वजनिक पोखरी सम्वन्धमा जिल्ला अदालत तथा उच्च अदालतबाट भएको फैसला उल्टी गरी गराई पारिवारिक नाता पर्ने प्रमोद विक्रम शाहको नाममा हुने गरी फैसला गरी सार्वजनिक सम्पत्ति हिनामिना गरी/गराई आफन्तजनलाई लाभ पुऱ्याइ आर्थिक अनियमितता गरी पदको दुरुपयोग गरेको, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर जवरा:-</u> यसमा चाहिँ मेरो एउटा अलिकति सम्माननित समिति समक्ष मेरो अलिकति मैले असहमति जाहेर गर्छु। मलाई लगाइएको कसुर २१ नं. बुंदासम्म थियो। त्यो बुंदा यो थिएन तर पनि नि अब यो आधारबाट यो त मलाई थप पछि त प्रमाणको रुपमा मात्र चाहिँ बुझ्या हो। समितिले तर आरोप चाहिँ, अभियोग हो भने अब फेरि मैले अब म यसमा... जवाफ दिन्छु। किनभने एउटा एउटा चाहिँ म, मेरो एउटा अब के भन्छ? विवेकको कुरो भन्या चाहिँ मैले अहिलेसम्म मलाई यो त मुद्दा मामिला विषय मलाई यहाँ पठाइएको थिएन। मलाई थाहा पनि थिएन। अब तर यो चाहिँ रहेछ, यहाँ पनि रहेछ, म यसमा

जवाफ दिन्छु। मैले अहिलेसम्म जति पनि फैसलाहरु गरेको छु। मैले चाहें त्यो मैले उच्च अदालतमा बसेर कुनै पनि ठाउँमा र सर्वोच्च अदालतमा जति पनि गरेको छु। कुनै पनि मुद्दाको विषयमा मलाई सोधियो भने मेरो यो ब्रेनको हार्डडिस्कमा अहिले पनि as it is छ। म कहाँ रहिरहन्छ। त्यही आधारबाट म यसमा म अहिले जवाफ दिन्छु। यो जग्गा, यो जग्गा, यो प्रमोद विक्रमको परिवार वा प्रमोद विक्रम या परिवार, उहाँको नाममा साबिक देखिबाटै पुर्जा बनेकै, पुर्जा भएकै उहाँहरुकै जग्गा हो यो तर त्यहाँ एउटा पोखरी छ। त्यो पोखरीमा चाहिँ उहाँहरुको, उहाँहरुको भित्रको कम्पाउण्ड भित्रका पोखरी हो यो। यो पोखरी जब नापी भएर उहाँहरुको नाममा दर्ता भइसकेपछाडि तत्कालीन नगरपञ्चायतले उहाँको विरुद्धकोमा मुद्दा गऱ्यो। यो पोखरी चाहिँ सार्वजनिक पोखरी हो। त्यसले गर्दा यसलाई सार्वजनिक कायम गरी पाउँ भने मुद्दा गऱ्यो। मैले मिसिलबाट मैले आफ्नो माइन्डमा रहेको कुरा भन्छु। त्यो मुद्दा जिल्ला चल्यो। त्यसपछाडि के, हेटौंडाको पुनरावेदन अदालत चल्यो। अनि सर्वोच्च चल्यो। अनि फुलबेञ्च सम्म पनि गयो। यो मुद्दा त्यो उहाँको प्रशासनिक अधिकृतले गरेको, त्यो मुद्दा चाहिँ प्रमाण नपुग्ने भनेर खारेज भएर अन्तिम भएर बस्यो। एकचोटी अन्तिम भएर बस्यो। अनि यो दोश्रो चोटी फेरि आयो। यो मुद्दा उनै व्यक्तिले गऱ्यो। यो मुद्दा फेरि, फेरि गऱ्यो। गरेर आएपछाडि मैले फैसला गर्दाखेरिकोमा चाहिँ प्रमाण के लियो भन्नाले त्यही नगरपालिकाले नै जुन उजुरी गरेर फिराद गरेको थियो। त्यसमा जुन प्रमाण उल्लेख गरेको थियो। त्यही प्रमाणको आधारमा फेरि पनि, फेरि पनि गऱ्यो। त्यो प्रमाण भनेको के थियो भने एउटा यो नगरपालिकाले भाडामा लगाएको, अनि सार्वजनिक उपयोगमा आएको भन्ने जुन थियो। त्यही आधारबाट यो मुद्दा फेरि शुरु भयो। शुरु भएर जिल्लाबाट पनि हाऱ्यो। त्यसपछाडि गएर उच्चबाट गयो, त्यसपछाडि सर्वोच्चमा आएपछाडि मैले फैसला गर्दाखेरि त्यसमा २ वटा, २ तर्क गरे, गरेको छु। अब यो मुद्दाको विषयमा त बोल्नुपर्ने छैन। त्यसमा खालि अनियमितता भएको छ, छैन भने कुरोहरु मात्रै हो तर २ वटा आधारबाट मैले फैसला गरेको छु। एउटा आधार भनेको छ के भने यो मुद्दा हिजो नै सम्बन्धित नगरपञ्चायतबाट जसलाई यो सार्वजनिक जग्गाको संरक्षण गर्ने दायित्व र अधिकार छ। उसैलाई मुद्दा गरेर सर्वोच्च अदालतबाट अन्तिम भएर फैसला भइसकेको, एउटा आधार, दोश्रो आधार चाहिँ, यो फिरादीले नयाँ प्रमाण नलिए आएर यो सार्वजनिक भन्ने नयाँ प्रमाण नलिई आएर यो सार्वजनिक भन्ने नयाँ प्रमाण चाहिँ नल्याएर त्यही नगरपालिका, नगरपञ्चायतले चलाएको फिरातमा उल्लेख गरेको प्रमाणको, कै आधारबाट दिएको हुनाले यो प्रमाणहरु त परिक्षण भइसक्योक। यो प्रमाणको आधारमा सार्वजनिक कायम हुन सक्दैन भनेर मैले गरेको हो। त्यसले गर्दाखेरिकोमा यो चाहिँ, यो फैसला उपर अब हिजो पनि मेरो सुनवाई समितिमा पनि उठेको थियो र आज पनि यही आयो। त्यसले गर्दा यसमा चाहिँ मैले गरेको फैसला भनेको

रिपिटेशन मात्र हो। दोश्रो हो, यो पहिलो होइन र त्यसको अलवा पनि नि त्यसलाई सार्वजनिक भन्ने प्रमाणबेगर उसको दर्ताभित्रको, उसको साविक श्रोतभित्रको जग्गालाई पोखरीको रुपमा उपयोग गर्ने त, पोखरी त अब धेरै ठाउँमा खनिएको छ नि, धेरै ठाउँको पोखरी पनि निजी पनि हुन्छ, कुनै सार्वजनिक पनि हुन्छ, कसैले सार्वजनिक छोडिदिएको हुन्छ। त्यस्तो सार्वजनिक छोडिदिइसकेको, घोषणा गरिसकेकोलाई चाहिँ हामीले सार्वजनिक कायम गरेका छौं। जो चाहिँ छोडेको छैन। सार्वजनिक छोडेको छैन। उसको ७ नं. फारममा छ। उसको पुर्जामा छ। हिजोदेखि लगत छ तर सार्वजनिक रुपमा चाहिँ हिजो पोखरी भएपछि त जसले पनि पौडी खेल्न आउने एवं जसले पनि पानि लिन आउने, गाईको, गाईको बाच्छाहरु, भैंसीहरुको त्यहाँ आंलकको लागि त्यहाँ जाने नै भयो। त्यति आधारमा सार्वजनिक चाहिँ सार्वजनिक हुँदैन। व्यक्तिको सम्पत्ति भनेर चाहिँ हामीले भनेको हो र त्यही आधारबाट गरेको हो। यसमा कसैलाई लाभ पुग्याउने, कसैलाई हानि हुने, यो जग्गा फेरि एउटा सार्वजनिक सम्पत्तिको विषयको हकमा चाहिँ अदालतको एउटा निश्चित आधार छ। सिद्धान्त छ। कुनै पनि सार्वजनिक जग्गा त्यसको लागत ऐनको दफा यो २४ मा पनि व्यवस्था छ। ३४ को २४ मा नि व्यवस्था छ। कुनै पनि श्रोताबाट, कुनै पनि श्रोत र आधार र प्रमाण र कागजबाट यदि सार्वजनिक देखिन्छ भने चाहिँ त्यो सार्वजनिक हुन्छ ।त्यसमा चाहिँ फेरि यो फैसलाले त्यसलाई सार्वजनिक गर्न नमिल्ने, कुनै सरकारको निर्णयले गरेको छ भने फेरि त्यो सार्वजनिक गर्न नमिल्ने होइन। यो फैसला आफैंमा बन्धनकारी हुँदैन। यो सार्वजनिक सम्पत्तिको विषयमा त्यस्तो चिज चाहिँ यदि कसैले अब तेश्रो पनि मुद्दा लाग्छ, चौथो पनि मुद्दा लाग्छ तर त्यो सार्वजनिक देखिने प्रमाण चाहिँ अदालतको सामु दिनैपर्छ। तर हिजै परीक्षण भइसकेको कागजातको आधारबाट फेरि सार्वजनिक कायम गरी पाउँ भने चाहिँ त्यसलाई अदालतले स्विकार गर्न सक्दैन र अदालतको नजरमा सबै समान हुन्छ। त्यसले गर्दाखेरि यो प्रतिवादीको हकमा पनि नि त्यही आधार र कारणबाट यसमा गरेको हो। यसमा कुनै किसिमको चाहिँ के भन्छ। अनियमितता गरेर, कुनै उ गरेर मलाई नाताभित्रको भनेर लगाइदियो। यो नाताभित्रको मेरो पारिवारिक व्यक्ति नैं होइन ।त्यसले गर्दा मैले यो पहिला पनि मैले सुनवाई समितिमा पनि यसको जवाफ दिएको थियो । अहिले पनि मैले यहि भन्छु।

<u>प्रश्न नं. २५ :-</u> सार्वजनिक खरिद ऐनअनुसार एक अर्बभन्दा माथिको ठेक्का लगाउन अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गर्नुपर्छ, तर प्रधान न्यायाधिश चोलेन्द्र शमशेर जबराको चासोअनुसार सर्वोच्चको भवन बनाउन राष्ट्रिय बोलपत्रबाटै ५ अर्ब ८७ करोडको ठेक्का लगाइयो, भवन निर्माण विभागले गर्नुपर्ने यो परियोजना "आर्थिक चासो" कै कारण मुख्य रजिस्ट्रारलाई जिम्मा दिइएको छ, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ? खुलाउनुहोस्।

प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर जबरा:- यो सर्वोच्च अदालतको भवन निर्माण सम्बन्धमा अति यो मिहिनेत यसमा परेको छ, मिहिनेत गरिएको छ। त्यसपछाडि तत्कालीन अर्थमन्त्रीज्यू अहिले यहीं नै हुनुहुन्छ। उहाँको सहार्दपूर्ण सहयोगात्मक, सहयोग नभएकोभए र तत्कालीन प्रधानमन्त्रीज्यू चाहिँ सर्वोच्च अदालतको भवन बन्न सकारात्मक नहुनुभएको भए त्यहाँ एकदमै जटिल अवस्था थिए, यो भवन अहिलेको अवस्थामा बन्ने नै थिएन, आउने नै थिएन । यति कोभिडको पालामा पनि तत्कालीन अर्थमन्त्रीज्यूले यो अदालतको भवन त राष्ट्र स्वाभिमानको विषय हो, यो बन्नु पर्छ भनेर उहाँले यो बजेट दिएको कारणले गर्दा यो बनेको हो, बन्नलाई सुरु भयो ।त्यसपछाडि कोभिडको Time मा बजेटै थिएन तैपनि सबैभन्दा नेपालमा सबैभन्दा बढी लगानीको यो भवन हो ।यो भवन चाहिँ हाम्रो अब धेरैचोटि Meeting हरु बसेर पहिला धेरै काल अगाडि भुइँचालोहरु गयो ।गत सालको वैशाख १२ गतेको भुइँचालो पछाडिमा अदालतको भवन जीर्ण भयो । एकदमै जीर्ण रुपमा रहेपछाडि, अब हामी एकदमै कठिन रुपमा कहीं तल पालमा, कहीं उतापछाडि पालमा त्यसरी नै हामीले बेन्चहरु सञ्चालन गरेर आएर यो गरेको हो। यो भवनको यो भवनको यो अहिले जुन छ, यो भवनको विषयलाई चाहिँ एउटा नीतिगत निर्णय गर्ने काम चाहिँ एउटा हाम्रो अदालत व्यवस्थापन समिति छ, त्यो समितिले गर्छ । यो भवनको फेरि यति यस्तो उ थियो कि यो चाहिँ तत्कालीन सरकारलाई मैले चाहिँ धेरै ठाउँमा मैले आभार व्यक्त गरेको छु, तत्कालीन सम्माननीय प्रधानमन्त्री के.पी. ओलीज्यू मैले धेरै ठाउँमा यो आभार व्यक्त गरेको छु, अर्थमन्त्रीज्यूको मैले आभार व्यक्त गरेका छु ।यो कुरो चाहिँ किन भन्दा चाहिँ यो सर्वोच्च अदालतको भवन भन्ने ठाउँमा साहि सैनिकको नेपाल सैनिकको घोडा तबेला थियो । त्यो घोडा तबेला एकातर्फ अर्कोतर्फ चाहिँ यो पुरातत्त्व विभाग अभिलेखालय यतातर्फ छ अगाडि ।यसरी पछाडिको जग्गा चाहिँ त्यो परेछ हाम्रो, हामीलाई दिएको जग्गा त्यहाँ पर्यो अनि अब नक्साहरु सबै बन्यो, हाम्रो भवनहरु जीर्ण छ ।त्यहाँ बस्ने ठाउँ नै छैन, सारा त्यो उहरू लाग्या छ। हामीले तत्कालीन प्रधानमन्त्रीज्यूलाई त लिएर गयौं हामीले देखायौं सबै । त्यो बाटोभरी नै मिसिलै मिसिल छ, हिँड्ने ठाउँ छैन ।Bench Congested छ, भित्र के भन्छ Chamber एकदमै हावा पनि जाने छैन। त्यस्तो अवस्था छ हाम्रो, त्यस्तो गरी दु:खद रुपमा त्यो छ ।त्यसपछाडि धेरै प्रयास गरेकोपछाडि सैनिकलाई त्यहाँबाट हटाउनको लागि अनि उहाँहरु के भन्नु भयो भने, त्यो पश्चिम र उत्तरको सिहंदरबारको भयो भने पश्चिम र उत्तरको जग्गा भयो भने मात्र यत्रो हाम्रो डेढ, दुईसय, तिन, चार सय सेना बस्नुपर्छ। त्यसले गर्दा यो हटाउन सकिँदैन, हामीले कहाँ सक्छौं र? त्यसको विकल्पमा उता भयो भने चाहिँ सक्छौं भन्ने तत्कालीन प्रधान सेनापतिज्यूले मलाई भन्नुभयो र भने पछाडि अनि मैले सम्माननीय प्रधानमन्त्रीज्यूसँग हाम्रो यो भवनको लागि यस्तो-यस्तो पऱ्यो, सेना नहटिकन त मिलेन। त्यसपछाडि यता पुरातत्त्व पनि हट्ने अवस्था पनि

छैन भने पछि पुरातत्त्वलाई हटाइ दियो भने हुन्छ भन्यौं हामीले। पुरातत्त्वलाई हटाएर एकचोटि चाहिँ कुरो भयो। त्यसपछाडि या राजदरबारभित्र लाने या नभएदेखि चाहिँ केशरमहलको भवनभित्र चाहिँ लाने भन्ने कुरो उहाँहरुले मागेको रहेछ त्यही ठाउँको। अनि सम्माननीय प्रधानमन्त्रीज्यूले मलाई के भन्नु भयो भने अब त यो पुरातत्त्व विभाग हामीलाई सदाको लागि चाहिँने, यो त हाम्रो त इतिहास हो नि यो त सदाको लागि चाहिँने। अब यहाँको यस्तो थोत्रो भइसक्यो भवन, यो यस्तो थोत्रो भएको भवनबाट त्यहाँ भएको सामग्रीहरु अति संम्वेदनशिल छ, उचाल्दियो भने पनि त्यो विग्रिन्छ, त्यस्तो तरीकाले लिएर राख्नुपर्छ अनि अर्को थोत्रो भवनमा कसरी राख्ने ? त्यसले गर्दा नयाँ भवन नवनुज्जेलसम्म त त्यो त नहटाउँदा हुन्छ। हटाउनलाई हामीले त्यति सक्दैनौं, प्रधानमन्त्रीले भन्नु भयो। भनेपछाडि ठिकै छ त के फरक भयो र भने पछि ..... त्यो हटाईदिन पर्यो भनेपछाडि एक सय मिटर जग्गा अझ हामीलाई उतापट्टि थप्नु पर्यो। सैनिकले चाहिँ मान्यो तर उहाँहरुलाई विकल्प दिनु पर्नेभो अनि फेरि हामीले सम्माननीय प्रधानमन्त्रीसँग समय लिएर मैले चाहिँ यस्तो-यस्तो भयो भनेर मैले चाहिँ उत्तर-पश्चिम तर्फको सबै जग्गा उहाँले पुतली सडकको उत्तर-पश्चिम तर्फको जग्गा भयो भने सेना त्यहाँबाट हटदिन्छु भन्ने हजूरको के छ भनेको त्यहाँको फूलवारी बनाउने उहाँको योजना रहेछ, फूलवारी बनाउने भन्ने योजना रहेको छ। मैले भने हजूर सर्वोच्च अदालतको भवन नबनाइकन फूलवारी मात्र भए के भयो र। फूलवारीलाई अलिकति Extend गरेर पश्चिमतर्फ टुकुचा पुलसम्म सबै Extend गरेर बनाउँदाखेरि चाहिँ बरु त्यो चाहिँ राम्रो होला, Extend गरेर। किनभने धेरै सरकारी कार्यालय छ त्यहाँ। अलिकति उत्तापट्टि पद्मोदय रहेको साइडसम्म अलिकति बाँसबारीको यतापट्टि मात्रै दुई चार सय घर पर्ला अरु त सबै नै टुकुचा पुलसम्म त सरकारी जग्गा छ ।त्यसले गर्दा त्यतापट्टि चाहिँ त परिसर वृद्धि गरेर फूलवारी गर्दा राम्रो हुन्छ, भनेर हुन्छ हजुर भनिसकेपछाडि म विचार गर्छु नि भनेर भनेपछि अनि प्रधानमन्त्रीज्यूले त्यतापट्टि जग्गा उपलव्ध गराइदिएर अनि सैनिकले छोडेपछाडि यो कुरा भयो ।अब यो टेन्डरको विषयमा चाहिँ, यो टेन्डर अन्तराष्ट्रिय टेन्डर हुने कि यो त कहीं न कहीं सहकार्य गरेर गर्नुपर्ने हुन्छ। यो टेन्डरहरु त्यो वेलामा यो टेन्डरको सम्मको निर्णय गर्दाको अवस्थामा त्यो उसमा चाहिँ हरिकृष्ण कार्कीजी त्यसको त्यो अदालत व्यवस्थापनको संरक्षक हुनुहुन्थ्यो। उहाँले गरेको यो टेन्डरहरु सबै त्यसमा मेरो कुनै पनि भूमिका छैन तर यसको मंतलव भने मैले यो भनिन कि फेरि यसमा अनियमितता भएको छ, यसमा जिम्मेवारी अरु-अरुको हो भने होइन। यसमा कुनै अनियमितता भएको छैन,केही पनि छैन ।त्यसपछाडि त्यस्तो भएदेखि त जम्मा टेन्डर कतिओटा पर्यो, त्यो हेर्दा पनि हुन्छ ।त्यसपछाडि गएर त्यो Tender मा कति ओटा Disqualified भए र अहिले जसलाई हामीले दिएका छौं, त्यो Qualified भएन भने कुरा त हुनुहुपर्यो नि Tender मा त त्यो कहीं पनि छैन ।यो चाहिँ

अन्तराष्ट्रिय टेन्डर गर्ने भन्ने कुरा चाहिँ अन्तर्राष्ट्रिय गर्दाखेरि हाम्रो भवनको अब के-के भयो त्यो वेलामा, त्यसपछाडि त्यो चाहिँ नगरेर अर्को पेश गरे बमोजिकै J.B. मा मात्रै काम गर्नेगरी भएको छ। मैले गरेको त्यसमा चाहिँ सहिछाप गरिएको भन्याँ छ, मेरो Initiation मा भन्ने भो,। अब यसमा यो पहिलाको समितिमा हरिकृष्ण, प्रकाशमान, नृपध्वज ,लालबहादुर नारायण र नारायण रेग्मी छ। समितिकोमा त्यो अदालत व्यवस्थापन समितिमा। उहाँले यो टेन्डर निकालेको मैले यसमा हुँदै होइन त्यो वेलामा। त्यसपछाडि गएर मैले गरेको भने चाहिँ अब यो कति करोडभन्दा माथि भयो भने चाहिँ अनि कार्यलय पहिला हामीले उता मन्त्रालयमा हुने पत्र छ मैले गरेकोमा सम्माननीय प्रधान न्यायाधिशज्यू भनेर मलाई पेश गरेको छ। सर्वोच्च अदालतको नयाँ भवन निर्माणको खरिद प्रक्रिया अन्तर्गत प्राप्त हुन आएको बोलपत्रहरु मूल्याङ्कनको क्रममा सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ६५ क को व्यवस्था देखिन आएबाट सर्वोच्च अदालत हकमा सो सम्बन्धमा अधिकारको प्रयोगका सम्बन्धमा स्पष्टताको लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पठाइएकोमा सार्वजनिक खरिद ऐन, २०६३ तथा आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व ऐन, २०७६ समेतका सान्दर्भिक व्यवस्थाहरुको उल्लेखसहित यस अदालत र मातहतबाट हुने खरिदको हकमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ क को अवस्थामा यस अदालतबाटै आवश्यक निर्णय हुन लेखिआएको अवस्था र माथि पेश भएबमोजिम यस बिचको अवधिमा उक्त बोलपत्रवालालाई अन्य मन्त्रालयहरुबाट मूल्याङ्कन प्रक्रिया समावेश गरेको देखिएको सन्दर्भमा पेश गरेको छु भनेपछाडि यसमा चाहिँ कार्यालय प्रमुखले नै गर्ने भएकोहुनाले प्रशासन प्रमुख भनेको भए देखि मुख्य रजिष्टारले गर्ने, कार्यालय प्रमुख भनेपछि त सर्वोच्च अदालतको प्रधान न्यायाधिशले गर्नेहुने भएकोले पेश गरेको भए सदर मैले गरेको छु यो चाहिँ २०७७।११।०३। यति कष्टका साथ यो भएको हो र यसमा अब मैले भनिहालें नि आरोप खोज्दा-खोज्दा अब वैध अपेक्षा भन्छु, म चाहिँ हाम्रा दिपक कार्कीको अब अहिले वरिष्ठ माननीय न्यायाधीश हुनुहुन्छ। उहाँको वैध अपेक्षा चाहिँ खै त अपेक्षा भन्नाले न्यायाधीश बन्ने लालसामा यो कुरालाई पनि उहाँले उठाउनु भो र अनि त्यसपछाडि उहाँले न्यायपालिकाको गरिमा न्यायपालिकाको जुन चाहिँ संविधानले उन्मुक्ति दिएको विषयवस्तु छ । संविधानले संरक्षण गरेकोमा पनि उहाँले चाहिँ अख्तियारलाई लेखेर पठाउनु भएको छ र अख्तियारले अहिले कारवाही गरेकै होला ।त्यो विषयमा मलाई त्यति Knowledge छैन, त्यसमा अनियमितता भएको भए त्यो अख्तियारले गरिहाल्ला र त्यसले गर्दाखेरिकोमा यसमा चाहिँ यो पाँच अर्ब कति अर्ब मलाई त्यति उ पनि छैन। यो चाहिँ संसद भवनको भन्दा नि बढी भयो तीन अर्ब चानचुन जान्छ, हाम्रो पाँच अर्ब चानचुनको हो। हाम्रो यो सय-दुइसय वर्षको लागि पुग्नेगरी एकदम Comfortable त्यहाँ चाहिँ यति राम्रो छ यो चाहिँ भवन बनेपछि यति राम्रो छ । हाम्रो

अहिले अब यहाँ चाहिँ अहिले मुद्दाको जुन विषय अहिले मुद्दा चाहिँ फछर्यौटमा कमि भो, भन्ने कुरा आइरहेको छ । २०१९ साल देखि २०४७ सालको संविधानसम्मले पनि सर्वोच्च अदालतमा १५ जना स्थायी प्रधान न्यायाधिश र १० जना अतिरिक्त अब २५ जनाको दरवन्दीमा २०७२ सालको संविधानले अब ७२ भन्नाले १९ साल देखिवाट ५३ वर्षपछाडि जुन हिजोको अवस्थामा सर्वोच्च अदालतको लोड तिनहजार, चारहजारदेखि छ हजार, सातहजार थियो। त्यो बेलामा २५ जना न्यायाधीश हुन्थ्यो, २५ जनाको दरवन्दी थियो। अहिले २०७२ सालमा अहिले तिस, चालिस हजारको मुद्दाको चाहिँ उ छ मुद्दाको फछर्यौट छ। त्यसको अलवा पनि संवैधानिक इजलास समेत पनि हेर्नु पर्ने अवस्था भएको छ । अब न्यायाधीशको सङ्ख्या संविधानमा घटाएर २१ जना राखियो। अनि मुद्दा चाहिँ फछर्यौट भएन भन्दा त, न्यायाधीशले फछर्यौट गर्ने वार्षिक फछर्यौट, हिजोको कालमा भएका न्यायाधीशको फछर्यौट भन्दा आज मेरो कालमा भएको फछर्यौटमा वढी छ । अब फछर्यौट त जति गरे नि पुग्नेवाला छैन । एउटा न्यायाधीशले वढी गर्यो भने हजार, वाह सय हो । अब मेरो कालमा सोह्र सय, सत्रसय, अठार सयसम्म फछर्यौट भएको छ, मेरो त्यो पचहत्तर, छयातर सालमा तर पनि मुद्दा त साढे वाइस हजार छ । अब यसमा न्यायाधीश झन् वढाउनु पर्ने ठाउँमा हामीले २०७२ सालको संविधानवाट न्यायाधीशलाई घटायौं ,घटाएपछाडि मुद्दाको सङ्ख्या घट्दैन, मुद्दाको सङ्ख्या वढ्छ हाम्रो एकात्मकको । सवै मुद्दा चाहिँ सर्वोच्च अदालतमा केन्द्रित हुन्छ । रिटदेखि लिएर अब सङ्ख्या चाहिँ कम छ । अनि मुद्दा त न्यायमा ढिलो Naturally हुने भो, त्यसले गर्दा यो चाहिँ यो भवन वन्न एकदम कठिन अवस्था भएर त्यसपछाडि एउटा मात्र Qualified भएपछाडि त्यहीलाई मात्र दिएको हो। अरु त. सवै ऐन, नियमको कहीं पनि कमिकमजोरी र त्रुटि छैन, त्रुटिभएको भएदेखि त पछाडि अरु Bidder हरुले त्यो आर्थिक ऐनवमोजिम जति पनि उजुर गर्नु पाउने थियो, गरिहाल्नु हुन्थ्यो । त्यसले गर्दाखेरी कसैको उजुरी नपरेर यो चाहिँ भएको हो। त्यसले गर्दाखेरी यसमा कुनै किसिमको अनियमितता भन्ने कुराहरु छदै छैन । एउटा मात्र बाँकी छ त त्यसमा के अनियमितता हुन्छ? छँदै छैन। Competition दुई जनामा भएर मैले कमिवालालाई न दिएर वढिवालालाई दिएको भए लौ त्यसलाई हो कि त्यसलाई हो कि भने अदालतले त्यो होइन । त्यसले गर्दा यसमा केहीं पनि छैन, यो प्रमाण योग्य नै छैन ।

<u>प्रश्न नं. २६:-</u> प्रधान न्यायाधिश चोलेन्द्र शमशेर ज.ब.रा. समेतको संलग्नता रहेको खुल्ने Engineer इच्छाराज तामाङको मुद्दामा अधिवक्ता रुद्र प्रसाद पोखरेलद्वारा गरिएको घुस प्रकरणसँग सम्वन्धित संवादको Audio छ । त्यसमा आफ्नो भनाइ के छ ? खुलाउनुहोस् ।

प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबरा:- म यो रुद्र प्रासाद पोखरेललाई बारको कोषाध्यक्षको, तत्कालीन बारको नेपाल बारको कोषाध्यक्ष हो। उहाँहरु म कहाँ समूहगत आउने हो । मेरो व्यक्तिगत भेटघाट भएको पनि छैन । मेरो व्यक्तिगत, मैले भनिहालें नि, मैले कुनै पनि कानुन व्यवसायीलाई न मेरो Quarter मा, न मैले सर्वोच्च अदालतमा बोलाएर उहाँहरुको समूहमा आएको बाहेक अदालतको विषयमा छलफल आएको विषयमा बाहेक केही गरेको हैन। अब रुद्र प्रसादज्यूले कसलाई के भन्नु भएको हो, मैले पनि त्यो Audio चाहिँ बजारमा आएकोबाट मैले पनि सुनेको छु तर यो रुद्र प्रसादज्यूको हो कि होइन, यो त्यो न्यायाधीशको हो कि होइन, यो त सबैले सबुत प्रमाणले जान्ने भयो । रुद्र प्रसादज्यूलाई मैले सहयोग गर्नुपर्ने, रुद्र प्रसादज्यूले भने भए म प्रधान न्यायाधिशलाई भन्न लगाउँछु भनेर भनेको छ। सम्बन्धित न्यायाधीशले भने होला नि, अहिले त उ कारबाहीमा छ, कारवाहीमा भएको न्यायाधीशले भने कि भनेन्, प्रधान न्यायाधिशले भन्नुभएको होला? उहाँले त तत्कालै फेरि मैले पनि हेर्दै त्यो Online मा उहाँले भन्नु भयो कि सम्बन्धित न्यायाधीशले अर्जुन के हो? के हुनुहुन्थ्यो उहाँ ? न्यायाधीश चाहिँ मैले त चिन्दा पनि चिन्दिनँ। त्यो उहाँहरुले आफैंले बोल्नु भो। यो सबै अरु, अरुले भने बारको बरुले भन्या थियो तर प्रधान न्यायाधीश चोलेन्द्रले कहींले पनि मलाई मुद्दामा भन्या छैन भनेर उहाँले Online मा व्यक्त गर्नुभएको रहेछ । त्यसले गर्दा यस्तो कुरा प्रधान न्यायाधीशको नाम ABCD जसले नि लिन्छ । त्यस्तो लिएको आधारबाट प्रधान न्यायाधिशलाई जोड्नु हुँदैन । प्रधान न्यायाधिश भनेको त एउटा संस्था हो । उसलाई धेरै जना त मसँग त फोटो मात्र खिच्न पायो भने मात्र celebrity हो नि प्रधान न्यायाधिश भन्या त । फोटो मात्र खिच्च पाए भने त्यो फोटो त बेच्छ, सँगै बसेको मान्छे कहीं बसेर फोटो खिचेको छ । त्यसले मेरो के प्रधान न्यायाधिशसँग सरोकार छ भनेर लिएर गएर चाहिँ प्रधान न्यायाधीशलाई बेच्छ, न्यायाधीशलाई बेच्छ । यो त स्वभाविक हो नि, यस्तो क्रियाहरूलाई लिएर चाहिँ प्रधान न्यायाधिशलाई प्रश्न खडा गर्नुपर्ने । यो त के प्रमाण भयो र? प्रमाण होइन । यस्तो आधारबाट प्रधान न्यायाधिश आक्षेप लगाउनै हुँदैन ।

प्रश्न नं. २७:- प्रधान न्यायाधिश चोलेन्द्र शमशेर ज.ब.रा.ले आर्थिक अनियमितता गरी कृष्णमान सिंह पुनरावेदन वादी र हंसमान सिंहको मुद्दा सकार गर्ने, प्रकाशमान सिंहसँग प्रत्यासी प्रतिवादी भएको हक कायम दर्ता नामसारी समेत मुद्दामा हुँदैन नभएको तथ्य खुलाई बहुमतबाट गरेको मुद्दा नम्बर ०६९NF003 को फैसला र उक्त मुद्दाको सम्बन्धमा यथार्थ जानकारी सम्बन्धित मुद्दाका पक्ष, विपक्षहरू र कानुन व्यवसायबाट बुझि सो फैसलामा बहस् र निषु समयका उक्त मुद्दाका पक्षहरू तथा चोलेन्द्र ज.ब.रा र निजको भाइ प्रभु शमशेर ज.ब.रा का बिच भएको

Phone call का detail बुझिँ पाँउ भन्ने आरोप तथा उजुरी छ यसमा आफ्नो भनाइ के छ? खुलाउनुहोस् ।

<u>प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जवरा:-</u> यो मुद्दा यो चाहिँ पृथक, पृथक, पृथक फैसला भएर अनि सर्वोच्च अदालतमा आइसकेपछि Division Bench बाट यो हंसमानको हकमा फैसला भएको यो मुद्दा हो। त्यसपछाडि फेरि मैले त्यसमा Review भएर अनि मैले Review बाट अनि मैले यसमा यो मुद्दामा हेरेको छु । यो परिवार यो हंसमानको परिवार भनेपछाडि अब यहाँ आफै अब तत्कालीन अवस्थामा हंसमानज्यू त अब बडाकाजी भए अब धेरै प्रतिष्ठित परिवारको त्यो बेलाको तत्कालीन प्रतिष्ठित परिवारको दाजुभाईको मुद्दा हो यो । अंशवन्डा गर्दाखेरि यो सोह्र,सत्र साल कि उन्नाइस,एकाइस सालमा अंशवन्डाको भएको छ । अंशवन्डा हुँदाखेरि अहिले जसलाई हमीले जितायौँ, कृष्णमान भन्नेलाई त्यो व्यक्तिको र अरु दाजुभाइहरुको हंसमानको समेत उसको बाउले अंशवन्डा गर्दा, यो चाहि बाहेक सरेर अंशवन्डा गरिदिएको थियो । आमाको भागको मात्रै अंशवन्डा गरिदिएको थियो । अरु अंश नलग्ने आफ्नो, आफ्नो हुने भनेर गरिदिएको थियो । त्यो अंशवन्डाको लिखतमा माथि एउटा व्यहोरा तल अर्को व्यहोरा थियो । त्यो व्यहोरामा माथि चाहिँको बाहेक नलाग्ने भनेर तलमा गइसकेपछाडि चाहिँ लाग्ने भने दुई अर्थको थियो । अनि यो मुद्दामा अब तथ्यगत रुपमा यसमा जौँदाखेरि यो मुद्दामा बहस अब यो त ठूलो मुद्दा हो यो । उहाँहरुको परीवार यो उहाँहरुको परिवारै ठूलो अर्थात एकदमै प्रतिष्ठित परिवार भयो । अब त्यो परिवारको मुद्दामा वकील त कानुन व्यवसाय सबै नै वरिष्ठनै भइहाल्यो । यसमा सबै Involve छ, ठूला वकीलजति सबै involve छन् । यसमा शम्भु थापा पनि हुनुहुन्छ, यसमा हरिहर दहाल पनि हुनुहुन्छ, अब सबै हुनुहुन्छ यसमा । उहाँहरुको बहसको आधावाट तत् मिसिलमा रहेको, अंशवन्डाको लिखतको आधारमा यसमा दूधको दूध पानीको पानी छुट्याएको छ । त्यसदेखि बाहेक यसमा अन्यथा छँदैछैन । दुईजना, हामी तिनजनाको Bench बाट गर्दा यसमा बहुमतको आधारबाट यसमा फैसला भएको छ । यसमा माननीय न्यायाधीशको अल्पमत छ र बहुमतको त प्रकिया हो बहुमतको निर्णय Prevail हुन्छ, लागूहुन्छ । त्यसले गर्दाखेरि जुन चाहिँ यो फैसला गर्दा खेरि यो विभिन्न चिज भन्यो भनेको छ यो त सबै मैले त अघि पनि भने अहिले मैले सम्माननीय समितिसँग समक्ष मैले भनिहालेँनि । प्रधान न्यायाधिशलाई विस्थापन गर्नलाई यी कुराहरु आइराखेको छ, यसैमा लिएर गएर मेरो भाइलाई जोडिरहेको छ, मलाई जोडिरहेको छ । त्यसपछाडि यो सबै आइराखेकै छ । त्यसमा त यो भनि हाले नि यो त्यसमा अब यसमा सबै उहिँ वकीलासापहरु उहिँ हुनुहुन्छ । हार पनि एउटा वकीलको भछ अनि जित पनि एउटा विकलको भएको छ, पक्षको तर्फबाट त्यस्तो अनियमितता भएको छ भने मिसिल प्रमाणबाट देखि

नै हाल्छ। त्यसले गर्दाखेरिमा यो हिजो फैसला हुँदाखेरी दुईटा बेन्चबाट हुँदा हंशमानलाई जिताइएको थियो। तत्कालीनको अवस्थामा हंशमानलाई जिताइएको थियो । त्यसमा फैसला गर्ने न्यायाधीश अनि नै तपबहादुर मगर र प्रकाश वस्ती ज्यू हो, दुईजना हनुहुन्थो। मैले नाम लिनुको कारणनै बताए, त्यसले गर्दाखेरि हुनुहुन्थयो हंसमानले जित्नु भएको थियो । अब हंसमानज्यूको परिवार यसमा हान्यौं, यति हो हंशमानको भाइले जित्यो हंसमानज्यूले हार्नुभयो । अब त्यसमा मुद्धाहरु हेर्‍यो भने एकदम Pathetic छ । यो कृष्णमानहरुलाई भाइहरुलाई कृष्णमानलाई केही पनि दिएको छैन । हंसमानज्यू चाहिं यति जग्गा राज्यको शक्ति दुरुपयोग गरेर लिनुभएको छ । त्यो असीमित छ त्यसमा, त्यसले गर्दा उहाँलाई अन्याय परेको हैन ,उहाँले गरेको अन्यायलाई न्याय चाहिं दिलाउने काम चाहिं भएको छ । त्यो पनि जे उनीहरुको लिखित प्रमाण छ त्यसको अक्षरशः व्याख्या गरेर कानुनको आधारबाट भएको छ, यसमा कुनै उ नै छैन ।

<u>प्रश्न नं. २८:-</u> सर्वोच्च अदालतका माननीय न्यायाधीश डा.मनोज कुमार शर्मा र उच्च अदालत जुम्लाका माननीय न्यायाधीश नवराज थपलिया बिच प्रधान न्यायाधीश चोलेन्द्र शमशेर ज.ब.रा.बाट मुद्दा फैसला गराउने सम्बन्धमा पटक - पटक भए गरिएका संवाद मार्फत अनियमितता गरिएको भन्दै सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठद्वारा छानविन भइरहेकोले ती सम्पूर्ण कल डिटेल र संवादमा संलग्न माननीय न्यायाधीशहरुलाई बुझी प्रमाणमा लगाई पाउन भन्ने आरोप तथा उजुरी छ, यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जवरा:-</u> यो विषयमा त्यति Knowledge छैन, छानविनमा के भइरहेको छ? त्यहाँ के गरिरहेको छ भने मलाई Knowledge छैन । यो दुईटै न्यायाधीशको नियुक्ति मेरै कालमा भएको हो, एउटा सर्वोच्च अदालतमा भएको डा. मनोज शर्माको । त्यसपछाडी अर्को यो उच्चमा चाहिं नवराज थपलिया मेरै कार्यकालमा भएको हो । उहाँहरुको योग्ताको प्रश्नै छैन । यसपछाडि यो खै यहाँ किन लेखियो डा. मनोज शर्मा? सर्वोच्च अदालतको न्यायाधीशलाई फेरि परिषद्लाई कारवाही गर्ने अधिकार छैन । त्यो यो किन लेखियो यसमा त्यो उहाँनै जानोस्, यो किन लेखियो यसमा । यो खालि पत्रपत्रिकामा आएको भने त्यो हिसाब यो प्रस्ताव गरिएको हो भने, मेरो भन्नु केही पनि छैन । नभए यसमा चाहिं छैन अब त्यो छानबिनबाट देख्याछ भने के छ ? त्यो त समिति तिल प्रसादकोमा समिति छँदैछ क्यारे । Details उसले ल्याएको होला ? उसले प्रतिवेदन दिइहाल्ला। त्यसपछाडि के रहेछ त्यसपछाडि मात्रै मैले जवाफ दिन सक्ने भएँ । यसमा त अब अरु त यसमा मैले केहीं पनि देखिनँ त्यस्तो । अब बाँकी रह्यो फैसला गराउने भन्ने कुरा जुन आएको छ । अब यो नवराज थपलिया उच्च

अदालतमा छ, मैले के फैसला गराउने ? त्यसपछि सर्वोच्च अदालतमा डा. मनोज शर्मा हो । उहाँ अब विधिपूर्वक योग्यता पुगेको व्यक्ति न्यायाधीश हुनुभएको छ उहाँ । उहाँको विषयमा त उहाँ आफैले जवाफ दिने हो नि । न्यायाधीशहरुले न्यायाधीशल आफैले जवाफ दिने हो हुन्छ, जस्तै मनोज शर्माले हैन मैल त सबै चोलेन्द्रले भनेबमोजिम प्रधान न्यायाधिशले भनेबमोजिम गरेको छु, भनिदिएभने, उहाँले पुष्टि गर्ला , प्रमाण देला, म दोषी हुँला, नवराजले पनि त्यहीं भनिदेला भोलि प्रधान न्यायाधिश चोलेन्द्रले भनेबमोजिम मैले गरेको छु । अरु त कसैले अरु मैले विवेकै प्रयोग गरेको छैन, भनेर भन्नु भो अनि त्यसपछाडि त्यसलाई प्रमाणले पुष्टि गर्नु भो भने अनि म दोषी हुने होला । अब यो त उहाँहरुले त नभए मैले के लगाएको छु, कुन मुद्धामा लगाएको त । नवराजलाई मैले कुन मुद्धामा भनेर, उहाँले कुन फैसला गरे , मनोजलाई भनेर मनोज शर्माले कुन चाहिँ फैसला गरे ? अब यस्तो प्रश्न यस्तो आधार पनि खडा गरियो भने त झिझा टसाइ हुन्छ, यो झिझा टसाइ त जति गर्दिए पनि हुन्छ । यी यति छ र सर्वोच्च अदालतमा म बाहेक २० जना न्यायाधीश हुनुहुन्छ । २१ जना हौं हामी । त्यसपछाडि उच्च अदालतमा १६० जना छ । अब त्यसपछाडि जिल्ला अदालतमा २००, अहिँले त तिहत्तर,चौहत्तर भइसक्यो । अब त्यो त सबै भन्दिए भइगो। कर्मचारी त मुख्य रजिष्ट्रार देखि सबै तलका कर्मचारीहरु करिब करिब हाम्रोमा आठ सय,नौ सय कर्मचारी हुनुहुन्छ, सबै भन्दिए यो किन दुई ओटा मात्र सँग जोडेको हो मैले बुझ्दै बुझिन ।

<u>प्रश्न नं. २९:-</u> सेवाग्राही प्रेरणा राणाको मुद्दामा चोलेन्द्र शमशेर ज.ब.रा. समेतको सहयोग र सक्रियतामा तत्कालिन प्रधान न्यायाधिश राम कुमार प्रसाद शाहको कार्यकालमा मिलेमतोमा प्रेरणा राणालाई जिताउने गरी भएको फैसला (पछि सुशिला कार्की प्रधान न्यायाधीश भएको वेला पुनरावलोकनको माध्यमबाट उल्टी भएको। भएको। एकपटक पुनरावलोकन भएको मुद्दा पुनः अघि नबढ्ने कानुनी व्यवस्थाको विपरित चोलेन्द्र शमशेर ज.ब.रा. प्रधान न्यायाधिश भएको वेला रिट दर्ता गर्न लगाई उक्त मुद्दामा कानुन विपरितको कार्य गरे गराएको, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जवरा:-</u> यो तत्कालीन अधिराज कुमारी यो प्रेरणा शाह हुनुपर्ने राणा भएछ। यो मुद्दा यो प्रेरणा शाहको मुद्दामा हामी मिहीन तरिकाले गहन तरिकाले प्रमाणको मूल्याङ्कन गरेको छौं । त्यसपछाडि जुन Trust को ऐनको पनि हामीले मिहीन तरिकाले त्यसमा हामीले अध्ययन र त्यसलाई व्याख्या गरेर फैसला गरेका छौं । यो प्रेरणा राणासँगको सम्बन्धित जग्गा भने श्री ५ को होइन। तत्कालीन श्री ५ वीरेन्द्रलाई अपुतालीमा प्राप्त भएको यो जग्गा हो। उहाँको फुपूको नातेदारबाट प्राप्त भएको हो यो जग्गा। अब यो भइसकेपछाडि यो भएको

छ। यो राज्यको त्यसमा लगानी छैन। सरकारले खरिद गरेर राजाको नाममा राखिदिएको राजदरबार जस्तो होइन। त्यहाँ बनेको घर जस्तो यो होइन। यो नितान्त अपुताली र व्यक्तिगत सम्पत्ति हो यो। त्यो सम्पत्तिमा राजा वीरेन्द्रको स्वर्गारोहणपछाडि, राजा ज्ञानेन्द्रमा आयो, राजा ज्ञानेन्द्रले यो चाहिँ प्रेरणालाई दाइजोस्वरुप दियो। दाइजो स्वरुप दिएपछाडि लिखित पास गर्न मालपोत कार्यालयमा पास गर्नलाई सबै कुराहरु दाइजो स्वरुप दिएकोलाई पास गरिदिन भनेर खेरेर गयो। त्यही विधिले मालपोत कार्यालयले पास गर्नेरहेछ। पास गर्न मात्र बाँकी रहेको यो जग्गा हो। अब हाम्रो यो ट्रष्ट ऐन बन्यो जुन चाहिँ ट्रष्ट ऐन बन्यो, अब दुर्भाग्य पूर्ण भन्नु पर्छ। सम्पत्ति अथवा पदमा बसेकाको राजाको सम्पत्ति दुई किसिमका हुन्छन्। एउटा निजी सम्पत्ति हो। एउटा सार्वजनिक सम्पत्ति हुन्छ। सार्वजनिक सम्पत्ति भनेको राज्यको हो त्यो। त्यो चाहिँ ठिकै हो तर अब ऐन बन्दाखेरि चाहिँ श्री ५ विरेन्द्रको स्वर्गारोहण हुनुभन्दा अगाडिका सबै सम्पत्ति बन्द गरियो। त्यसो भन्यो हो भने त त्यो ऐन को त्यसरी व्याख्या गर्दियो भने त हिजो दिएका जति पनि पदाधिकारीहरुलाई दिएका छन। Even अहिले यही हंसमान ज्यूले पनि धेरै जग्गाहरु लिनुभएको छ। त्यो त सबै नै अहिले खोजेर सार्वजनिक गर्दे भइहाल्यो त्यही अर्थमा लाग्ने हो भने। तर त्यस्तो होइन। कानुनको अर्थ, संविधानको अर्थ त्यस्तो तरिकाले व्याख्या गरेर निकास हुँदैन। तर यो बदर भएर अहिले फेरि सरकार कै नाममा, ट्रष्ट कै नाममा गइसक्यो। त्यही भएर तुक मैले फैसलाको फेरि बर्खिलाप जानखोजेको पनि होइन, म जान पनि सक्दिन, मैले त्यो पनि जान्न। तर हामीले फैसला गर्दाको अवस्थासम्ममा चाहिँ यो प्रेरणालाई दाइजो स्वरुप दिइएको, पास गर्नलाई मालपोत कार्यालयमा गएको, पास हुनु मात्र बाँकी रहेको यो सम्पत्ति निजी सम्पत्ति हो र ट्रस्टमा बन्दाखेरि चाहिँ त्यसको अर्थ हामीले लगाइरहेको छौं। व्याख्या हामीले गरिरहेका छौं। यो त ट्रस्टमा गएको त राजा विरेन्द्र र विरेन्द्रको परिवारको। भनेको न विरेन्द्र र विरेन्द्रको परिवारमा रहेको सार्वजनिक प्रकृतिको अर्थात राज्यको सम्पत्तिसम्म त्यसमा चाहिँ जानुपर्ने हो, यस्तो व्यक्तिका सम्पत्ति जो चाहिँ व्यक्ति मरे पछाडि त उसको अपुताली त छ नि, अपुताली खाने छँदैन छ नि, राजाको मात्र उ पनि व्यक्ति होइन र? उसको निजी सम्पत्ति उसको सन्तानले अपुताली पाउँदैन र? त्यसले गर्दा खेरि हाम्रो कानुनको भाषा अनुसार, संविधानको त्यसपछाडि मुलुकी ऐनको व्यवस्था र बाट अनि त्यसपछाडि त्यो ट्रस्टमा गरेको व्यवस्थालाई व्याख्या गरेर होइन है? यो त निजी सम्पत्ति राजाकोमा आएको र उसको मृत्यु पछाडि पनि नि राजा ज्ञान्नेद्रको सम्पत्तिमा हक लाग्छ र उसले आफ्नो छोरीलाई दिएर पास गर्न मात्र बाँकी भएको र पास गर्ने प्रक्रिया मालपोत कार्यालयले जहिले पनि गर्न सक्छ। दुई जनाको स्वीकृत भएपछि। त्यसले गर्दाखेरि पास गर्नमात्र बाँकी भएको हुनाले यो प्रेरणा कै जग्गा हुनुपर्नेमा ट्रस्टको नाममा गयो हैं यो सार्वजनिक सम्पत्ति प्रकृतिको होइन। ट्रस्टमा गएको

हुनाले यो चाहिँ उसैको नाममा गर्दिने भनेर हामीले गरिदिएकी हौं। अब यस्तो सम्पत्तिलाई अब पछाडि चाहिँ अब यो एक किसिमको म त भनि हालेनि, मैले अहिले भन्नुपर्दाखेरि धेरै कुराहरु भन्दाखेरि यो प्रधान न्यायाधिशको सोच र अरु चाहिँ अलि परकै हुँदोरहेछ। त्यसपछाडि यसमा file Create गरियो। Create गरेपछाडि फैसला परिवर्तन भयो। त्यसपछाडि फेरि त्यो फैसला परिवर्तन भए पछाडि भएकोमा अनि हैन है के भनेर रिट आयो, त्यो रिट मै मेरै मैं इजालाशमा बसे अब त्यो त due Process मा गएको त फेरि बदर हुन सक्दैन भने, त्यो पछाडि आएको। चे फरक हो फेरि पछाडि आएमा चाहिँ यो फरक हो यो चाहिँ ट्रस्ट ऐन र मुलुकी ऐनसँग बाझिँयो, संविधानसँग बाझिँयो, ट्रस्ट ऐन यो नबाझिएन निजी सम्पत्तिमा पनि राज्यको कसरी हुनसक्छ र? अपुताली खाने त उहाँका त्यत्रो सन्तान छन्। छोरा नभए छोरीकोमा जान्छ। छोरी नभए छोरीको छोरीमा जान्छ। हाम्रोमा चाहिँ मुलुकी ऐनमा चाहिँ हाम्रो छोरीसम्मका पुस्ता र छोरासम्मका पुस्ता सबै राख्रे? अनि यो निजी सम्पत्ति चाहिँ फेरि ट्रस्टको हुने गर्दीदिदा यो त हुने भएन भनेर चाहिँ फेरि चाहिँ रिट आएको थियो। त्यो रिट चाहिँ त्यो Process ले गइसक्यो। अब त्यसमा औचित्य भित्र प्रवेश गर्न परेन भनेर मेरै नेतृत्वमा खारेज गरेको छ। अब मैले मुद्दा हाल्न लगाए र मैले खारेज गर्यो भनिदिदा पनि भयो अर्को पक्षले भन्दा त अब उहाँले भन्दिदा त फेरि भने भैहाल्यो नि। ए आफैले मुद्दा लिएर आयो फेरि आफैले खारेज गर्यो यस्तो पनि हुन्छ र? म मुद्दा ल्याउनु पनि पर्दैन यसले कसैलाई ..... गर्छ र? यो हुनसक्छ र? उसका कानुन व्यवसाय छैन र? ..... यो मुद्दा गर्ने फेरि अब अहिले बहस गरेर भन्नु पर्दा बद्री बहादुर कार्कीले गरेको उहाँले लेखेको अब यस्तो पनि प्रधान न्यायाधिशलाई आरोप लगाएको के हो । प्रधान न्यायाधिशले बद्री बहादुर कार्कीलाई use गरेर अनि मुद्दा ल्याइदेउ, लेखिदेउ, बहस गर्देउ भनेको होला त? अब यस्तो यस्तो आरोप लगाएर पनि अनि के भन्नु यस्तो यस्तो चिज होइन, एमदमै गलत हो, झुट्टा हो।

प्रश्न नं. ३०:- उच्च अदालतहरुको न्यायाधीश नियुक्ति गर्दा संविधान र कानुनले निर्दिष्ट गरेको योग्यता नै नपुगेका, कानुन र न्याय क्षेत्र बाहेकका अन्य क्षेत्रमा संलग्न रहेका, कोर्ट प्राक्टिसमा नरहेका कानुन व्यवसायीलाई मोलाहिजा र आर्थिक अनियमिततामा परी न्यायाधीश नियुक्त गरेको। ती मध्ये केहि माननीय न्यायाधीशलाई न्याय परिषदबाट कारवाही गरी बर्खास्त गरिएको र केहि अनुसन्धानको दायरामा रहेको बुझिएको हुँदा न्याय परिषदबाट सो सम्बन्धमा सत्य तथ्य बुझि प्रमाणमा लगाई पाउन अनुरोध गरिन्छ, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:-</u> एउटा न्यायपरिषद्ले नियुक्ति गर्छ। न्यायाधीशको नियुक्ति सबै न्यायापरिषद्ले गर्छ। त्यसपछाडि सबै योग्यता पुगेको व्यक्तिहरुकोलाई नै न्यायाधीश नियुक्ति गर्ने हो न्यायापरिषद्ले र मेरो कालमा न्यायापरिषद्मा न्यायापरिषद्बाट नियुक्ति हुँदा सर्वसवंत भएको छ। कहिले पनि नि त्यसमा उ छैन्। तर एक जना जिल्ला न्यायाधीश एउटा हुनुहुन्थ्यो अर्जुन कोइराला उहाँको हकमा पनि अहिलेका वरिष्ठ न्यायाधीश दिपक कुमार कार्कीले असहमति जनाउनु भएको छ। त्यो बाहेक अहिलेसम्मको कुनै पनि न्यायाधीशको योग्यताको विषयमा अर्थात न्यायाधीशको नियुक्तिको विषयमा सर्वसहमत छ। कहिँ पनि हाम्रो चाहिँ बहुमत भन्ने पनि छैन। त्यसरी नियुक्ति भएका न्यायाधीशहरु हुन्। तर अहिले पछिल्लो कालमा पछिल्लो कालमा चाहिँ अब उहाँहरुले कारवाही सुरु गर्नु भएको रहेछ। एउटा न्यायाधीशलाई बर्खास्त पनि गर्नुभएको रहेछ। एउटा महिला न्यायाधीश एउटा तराई मुलको महिला न्यायाधीश पूर्व प्रधान न्यायाधिशको छोरी, कानुनविद्धलाई उहाँहरुले बर्खास्त गर्नुभएछ। अब त्यस विषयमा सर्वोच्च अदालतमा मुद्दा छ। परिसकेको छ। अस्ति मैले पत्रिकामा हेरेको थिएँ। सोगज भएको छ। त्यसैबाट भईहाल्यो। अब अहिलेको यसमा चाहिँ अब यो उजुरी जसले गरेको छ। उहाँ उजुरीले भन्नु पर्यो नि के आधारमा कुन चाहिँ न्यायाधीश अयोग्य नियुक्ति भयो। मैले भनिहाले नि बजारमा त न्यायाधीश नियुक्ति भएपछि सधैंभरि विरोध हुन्छ। आकांक्षी धेरै छ। अनि नियुक्ति गराउन सहयोग गराउने पदाधिकारी धेरै छन्। त्यसले गर्दाखेरि यो चाहिँ प्रश्नहरु खडा भइरहेका छन्। जहिलेबाट नियुक्ति भयो उही पञ्चायतकालमा ०४७ साल भन्दा अगाडि चाहिँ विवाद थिएन। ०४७ साल भन्दा पछाडि सधै विवाद छ। कुनै पनि नियुक्ति विवाद रहित छैन। सधैभरि विवाद छ। त्यसले गर्दाखेरिमा अगि बर्खास्त गरिएको भनिएकोमा बर्खास्त कानुन बमोजिम गर्नु भएको होला, गैरकानुनी भए सर्वोच्चले भोली बदर गरी हाल्ला। अब कुन चाहिँ न्यायाधीशको हकमा चाहिँ यो के भन्छ Practice नगरेका, Practice गरेका के ले छुटाउनु उहाँको मापदण्ड के हो। केहि त छैन् कानुनमा स्नातक गरि हिजोको कालमा सर्वोच्च अदालतले, आजको कालमा अहिले ०४७ साल पछाडि बार council ले प्रमाणापत्र दिएको कानुन व्यवसाय गर्न प्रमाणपत्र दिएको व्यक्तिहरुलाई नै योग्य मानेको छ। अब कसले कति बटा फैसलामा बहस गर्यो, कति बटा फैसलामा गरेन भन्ने कुराहरु त गौण विषय हुन। त्यसलाई पनि अहिले चाहिँ हामीले ५० बटा फैसला भनेका थियौं अहिले पछाडि नियुक्ति गर्दा के गरेको छ। त्यो मलाई थाहा छैन्। अहिले मेरो absent मा फेरि गरेको छ मलाई थाहा छैन्। ५० बटा फैसला अनिर्वाय भनिएको छ। त्यो भन्दा अगाडि त्यो पनि थिएन । नभएंको कुरो, नगरेको कुरो अनिर्वाय गर्नुपर्छ भनेर लिएर आएभने अनि समस्याहरु पैदा हुँदोरहेछ। त्यसले गर्दाखेरीकोमा अब अहिले त अचम्मको भइराखेको छ। जुन न्यायाधीशाई

बर्खास्त गरेम भनेर उहाँहरुले गौरव गरिरहनुभएको छ। उहाँहरुले न न्यायीक मुल्यलाई मान्यता दिनुभयो, न त्यसलाई अनुसरण गर्नुभयो, सबै मुल्यू र मान्यता न्यायाका सबै मुल्य र मान्यता छोडेर, मान्यता मुल्यूलाई छोडेर बिगारेर अनि बर्खास्त गर्नुभयो। मैले यहाँ मात्र भने त्यहाँ चाहिँ म भन्दिन यो चाहिँ सर्वोच्च अदालतमा विचारधीन छ। मैले भन्न नहुने हो। किन भन्ने प्रश्न त आउँछ। जसलाई उहाँहरुले हटाउनु भयो त्यो व्यक्तिलाई त्यही निकाएले त्यही परिषद्ले योग्य छ भन्ने नियुक्ति गरेको हो, फेरि त्यही परिषद्ले नै अयोग्य छ भन्न पाउने हो भने त सबै न्यायाधीश अहिलेसम्मका नियक्ति भएका न्यायाधीश त अन्योल हुने भयो नि, त्यही निकायले फेरि अब भोली अर्को मन नपरेको अर्को न्यायाधीश आउला अनि अर्को न्यायाधीशले त योग्य छैनस् भनेर निकालि दियो भने, निकालदै जाने हो भने त त्यो निकायलाई त्यो अधिकार छ। त्यो निकायलाई त्यो कानुनी अधिकार छ, त्यसलाई संविधानले अधिकार दिन्छ। उसले न्यायाधीशमा नियुक्ति पाइसके पनि योग्य भएर नियुक्ति भएको निकाएले फेरि आज अयोग्य भन्न पाइन्छ र तर भन्यो भन्यो यसले न्यायीक मुल्य र मान्यतामा ह्रास आउँछ। यसले पटक्कै पनि यसले विकास दिँदैन यो गलत हो। तर पनि गर्यो त्यसको अलवा पनि फेरि त्यही उसको हकमा पनि मुद्दा परेर हिजो पनि योग्यताको प्रश्नमा मुद्दा पर्यो। फैसला भइसकेपछि त्यसलाई पनि मान्यता दिएन गर्यो तर किन गरियो भन्ने कुरा चाहिँ जोड्दै लग्यो भने फेरि पनि आउछ। अहिलेका कानुन मन्त्री, अहिलेका कामु प्रधान न्यायाधिश अनि त्यसपछाडि गएर अहिलेका अर्का वरिष्ठ न्यायाधीश अब एउटा अचम्म छ। संविधानले प्रधान न्यायाधिश त म existing छु नि, मैले कार्य सम्पादन पो नगर्ने त अनि म पछाडिको न्यायाधीश त पो वरिष्ठ हुने संविधानले चिनेको छ। उ पो परिषद्मा बस्ध्यो त्यो भन्दा मुनिको पो वरिष्ठ भनेर बसिराका छन् यो चाहिँ कुनै चाहिँ संविधानले दिएको छ। यसमा हरिकृष्ण पनि बस्यो, हिजो मिरा कार्की पनि बस्यो अहिले निर्णय गरेर भताभुइग गरिरहेका छन् सबै, हरिकृष्ण कार्की सबै संविधानले उसलाई कहाँ चाहिँ अधिकार दिएको छ त्यहाँ गएर बसेर निर्णय गर्ने तर बसिरहेको छ। सबै गठबन्धनको भएको हुनाले मानिरहेको छ। अब अब मैले के गर्ने यसमा मैले मात्र भनेर त हुँदैन। संविधानले दिँदैन हरिकृष्णलाई बस्न तर हरिकृष्ण बसिरहेको छ। यस्तो गैर संवैधानिक क्रिया कर्म गर्ने व्यक्तिको वाइ वाइ छ। गाउँमा हामीले गुणगाण गाऊ न्यायपालिकालाई यही सतहमा पुर्याँउ। त्यसपछाडि गएर उसलाई कारवाही गरियो, कारवाही किन गरियो भने पछाडि अब प्रधान न्यायाधिशले ल्याएको नियुक्ति गरेका व्यक्ति भनेर अब हटाउन लाग्यो। अब नवराजलाई पनि मैले ल्यायो भन्छ हटाउन, मनोजलाई मैले ल्याए हटाए भैहाल्यो नि के फरक भयो र मैले गरेका नियुक्ति जति सबै हटाए भैहाल्यो नि, हिजो यही अहिले कै ११ जना ११ जना मध्य, २ जना रिटायर भए ९ जना छन् ९ जनामा मिरा रिटायर भयो अहिले ८ जना छन्। यही ११ जनाको हकमा फेरि पनि हिजो चाहिँ

कल्याणले गरेको नियुक्ति गैरसंवैधानिक भो भनेर मुद्दा परेर चाहिँ वेहाल थियो। मैले चाहिँ सर्वोच्च अदालतले मैले अस्ति पनि मैले आफ्नो वयानको क्रममा भने सर्वोच्च अदालतलाई खाली गर्ने तरीकाले वदर गरेर हुँदैन निकाश दिदैन। जे भए पनि नि प्रक्रिया भयो, प्रक्रिया अपुरो थियो थिएन प्रक्रियामा जानु हुन्न। अब भइसक्यो, सिदिसक्यो यसलाई चाहिँ हामीले स्वीकार गर्नुपर्छ भन्यो फेरि आज अब वदलाको भावनाले म पछाडि मैले गरेको नियुक्ति जति वदर गर्ने गर्यो भैहाल्यो नि, के छ अहिले उहाँको जति कार्यकाल छ त्यति भित्र सवै वदर गरे भैहाल्यो। त्यो नियुक्ति गरेको त दिपक कार्कीले हाइन र? दिपक कार्की वरिष्ठ थिएन र? यो महिलालाई जो लाई हटायो भनिएको छ। अहिले छाती ठोकेर अयोग्यलाई हटायौं भनिएको छ। त्यो वेला त नियुक्ति गर्ने त यही दिपक कार्की नै होनि। यसको योग्यताको प्रश्न आउदैन? खै त यिनलाई महाभियोग? यिनी आफैं बसेका हुन्नि त त्यो वेला त, अहिलेका ३ वटा सदस्य पो वाहिरको थियो त हिजो हुनुहुन्थेन न हिजो त दिपक कार्की नै वसेको होनि त्यो निर्णय गर्दा त, त्यो वेला उहाँले के ले योग्यता देखुभयो, आज के ले अयोग्यता देखुभयो। आफ्नो leading मा आइसके पछाडि छ। त्यसले गर्दाखेरिकोमा यस्तो यस्तो प्रवृतिले न्यायपालिकालाई कतै पनि enhance गर्दैन सहयोग हुँदैन। त्यसले गर्दा यो यो अहिले जुन क्रियाहरु अहिले अस्ति पनि प्रश्न आएको थियो। मैले जवाफ दिएको थिएन। तर आज वेग्लै किसिमको प्रश्न भाको अस्ति पनि आएको थियो म माननीय ज्यूले सोध्नु भएको थियो। अहिले नियुक्तिको विषय छ। तपाईलाई कस्तो कसरी भइरहेको छ भनेर मैले skip गरेको थिएँ। तर आज त प्रश्न कै रुपमा अभियोग कै रुपमा आयो त्यसले गर्दाखेरी आज मैले भने अहिलेको न्यायपरिषद्ले यो एकदम गैरसंवैधानिक तरिकाले, गैरकानुनी तरिकाले संविधानले वस्नै नहुने व्यक्ति मान्छे वसेर अहिले परिषद् राखेर जुन वदर गर्न यी क्रियाहरु कारवाही गरिराछन् यो गलत हो। त्यसले गर्दाखेरी यो यो नियुक्तिमा कुनै प्रश्न छैन। मैले मेरो कालमा गरेकोमा कसैको योग्यताको प्रश्न छैन। अब अयोग्यता घोषणा गर्ने मन लागे भने जति वेला गर्दिए भयो।

<u>प्रश्न नं. ३१:-</u> सिद्धवावाको नामले चर्चित कृष्ण वहादुर गिरीको मुद्दामा आफूले आर्थिक अनियमितता गरी माननीय न्यायाधीश अर्जुन कोईरालालाई आफूले भने वमोजिम फैसला गर्न दवाव दिएको। पछि आफुले भने वमोजिम फैसला गरेकोले पुरस्कार स्वरुप उच्च अदालतको न्यायाधीशमा नियुक्त गरेर अनियमिता गरेको, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> यो मुद्दाको विषयमा चाहिँ म पिमा जान्न। मैलेमिसिल पनि हेरेको छैन। मैले कहिले पनि यो मुद्दा हेरेकै छैन्। त्यसले गर्दा मैले यसमा

भन्न सक्दिन जहाँसम्म यो अर्जुन कोइराला यो सुनसरीमा हुनुहुन्थ्यो अनि उहाँले यो मुद्दाहरु हेरिरहनु भएको थियो। उहाँले फैसला गरेको हो। फैसला गर्दाखेरी अब उहाँको आफ्नो विवेक र मिसिलमा रहेको सबुत प्रमाणको आधारबाट गरेको छ। त्यो अहिले विचाराधीन नै छ। त्यता तर्फ पनि मैले जानुहुन् म जान्न। यो सिद्धबाबको मुद्दा परे पछाडि धेरै चर्चित भयो, चर्चामा धेरै आयो धेरै चर्चामा आयो अनि त्यसमा पछाडि यिनलाई तारिखमा छोडियो। फेरि उच्चअदालते थुनामा राख्यो त्यसउपर सर्वोच्च आएको थियो। सर्वोच्च अदालतले पनि उच्चअदालत कै थुनामा राखेर पूर्पक्ष गर्ने आदेशलाई सदर गऱ्याथियो। त्यसपछाडि बीचमा यो फैसला भयो फैसला भएपछाडि यो सबै कुरा भएको भने सहमतिले भएको भन्ने आधारबाट नै यो फैसला भएको भन्ने कुरा बाहिर आयो। मिसिलबाट मैले हेरेको छैन्। अब जहाँसम्म यो अर्जुनलाई यो अर्जुन कोइराला यो यो यो अर्जुन चाहिँ २०६३ सालको न्यायाधीश हो। र सिनियारिटिमा पनि त्यो बेलामा नियुक्ति गर्दाखेरि हामीले दुईजनालाई अझ छोडेका थियौं त्यसपछाडि हामीले नियुक्ति गर्दाखेरिको उहाँ चौथो नम्बरमा हुनुहुन्छ। जम्मा ८ जना बाँकी थियो २०६३ सालको त्यसमध्ये उहाँको लास्टको ८ औं नम्बरमा हुनुहुन्थ्यो दुईजना छोडेपछाडि तिनजना चारजना हामीले लग्यौं उहाँ चौथो नम्बरमा हुनुहुन्थ्यो। उहाँलाई लिँदाखेरिकोमा उसलाई कुनै २०६३ सालको न्यायाधीशलाई लिएर त्यसपछाडि बाँकीलाई ल्याएका छौं हामीले उसलाई कुनै तलबाट लिएर गएर टिपेर गएको उ मेरो मैले लिएको उसलाई यो अहिले मैले भनिहालें नि अर्जुन कोइरालालाई उहाँलाई समितिले बुझ्दा पनि हुन्छ, मैले यो मुद्दामा Manipulation गर्या भए उहाँलाई बुझ्दा पनि हुन्छ। यसमा केही पनि छैन यो अर्जुन कोइरालाई उहाँलाई सिनियारिटि अनुसारमा चाहिँ लिइएको हो। उहाँलाई चाहिँ कुनै मैले मुलाजा गरेर गर्नुपर्ने केही पनि छैन। त्यसपछाडि जम्मा हामीले जिल्ला न्यायाधीशलाई त्यो बेलामा ७/८ सिट हामीले दिया थियौं ७ सिट कि ८ सिट हामीले गर्या थियौं त्यसमध्येमा उ चौथो नम्बरमा पर्या थियो चौथो नम्बरबाट भएको हो। त्यसमा यसमा कुनै किसिमको उसलाई गर्ने उसको बाट गराउने उसलाई काम गराउने मैले भनिहालें नि मैले अहिले सम्म प्रधान न्यायाधिश भैसकेपछाडि मेरा कोही न्यायाधीशसँग बसेर चिया पनि खाएको छैन। यिनलाई फोन गर्ने त कुरै छाड्दिउ। यो एकदमै उनै हैन झुट्टा हो यो।

<u>प्रश्न नं. ३२:-</u> अख्तियार दुरुपयोग अनुसन्धान आयोगको रंगेहात पक्राउ (स्टीङ अपरेसन) परेका व्यक्तिहरुको मुद्दामा आर्थिक अनियमितता गरी आफ्नो आदेश पालना गर्ने इजलासमा कजलिष्ट तोकी फैसला गराइएको, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवराः- यो मुद्दाले चाहिँ धेरै कुराहरू खुल्छ यसले चाहिँ। किनभने मुद्दामा आर्थिक अनियमितता गरी आफ्नो आदेश पालन गर्ने, पालन गर्ने इजलासमा कजिष्ट तोकी। अब यसले चाहिँ धेरै कुरा खुल्छ, यो कुरो चाहिँ। यो मुद्दा संवैधानिक इजलासमा हो, यो। यो चाहिँ संविधानको व्याख्याको विषयवस्तु हो। यसमा वरिष्ठ न्यायाधीशहरु वस्या छ। त्यसपछाडि यो, यो मुद्दाको फैसला लेखेको फैसला लेख्ने माननीय इश्वर प्रसाद खतिवडा हो, यो पनि। २८ को पनि उहाँकै हो, यो पनि उहाँकै हो। उहाँले लेख्नुभाछ। यो सबै वरिष्ठ न्यायाधीश, हरिकृष्ण पनि छ यसमा। सबै छ। अब यिनीहरु चाहिँ मेरो आदेश पालना गर्ने न्यायाधीशहरु हुन् त? यिनीहरु भा भए देखि मलाई यो अवस्थामा हुन्थ्यो। उहाँहरु मेरो आदेश पालना गर्ने मिस्टर हरिकृष्ण, दिपक कार्की, मिरा अनि त्यसपछाडि इश्वर, आनन्दमोहन अनि तलका प्रकाशमान। मेरो आदेश पालना गर्ने न्यायाधीश भा भए देखि अनि मैले उहाँहरुलाई राखेर उहाँहरूको फेसलालाई गर्ने म सहित ..... बसेर गर्या। अनि यस्तो चाहिँ मैले आदेश गर्ने, पालना गर्ने भा भए अहिले मलाई दुःखै हुँदैन थियो। यस्तो यो-यो चाहिँ झुट्टा कुरा हो, यो एकदम।

प्रश्न नं. ३४:- निज प्रधान न्यायाधीश चोलेन्द्र शमशेर ज.ब.रा.ले आफू पदमा रहँदा पदको दुरुपयोग गरी आफै विकृति विसंगतिको संरक्षक भई आफ्ना आफन्त, नातागोता, विचौलिया, साथी भाई परिचालित गरी आर्थिक अनियमितता गरेको। विचौलियाको रुपमा ध्यू साहुको नामले चर्चित ललितपुरका व्यापारी, दीपक तिमल्सिना, अमित श्रेष्ठ समेतको संलग्नतामा भ्रष्टाचारजन्य काम गरे गराएको, निज प्रधान न्यायाधिशले अदालतमा गैर कानुनी रुपमा आर्जन गरेको कालो धन आफ्ना सम्धी तीलक रावल, सम्धी तथा नातागोता लगायतको नाममा राख्ने गरेको हुँदा सो सम्बन्धमा त्यहाँ समितिबाटै निजहरुको खाता तथा सम्पति विवरण झिकाई बुझी प्रमाणमा लगाई पाउँ, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जवराः- यो त धेरै चोटी मैले जवाफ दिइसकेको छु। (सभापतिःआइसकेको छ।) यो त दिइसकेको छु। यो ललितपुरको व्यापारी भन्ने यो ध्यू साहुको नामले चर्चित ललितपुरको व्यापारी भन्या त्यो त्यो अभियोग लगाउने अभिवक्ता होला। मैले होइन दिपक तिमलसिना त अर्कै भयो फेरी। यो दिपक तिमल्सिना त अदालतकै साविकको कर्मचारी हो अनि यो चाहिँ ।ा को काम गर्थ्यो। त्यसैले गर्दाखेरी भाइजस्तै हो मेरो। (बिचमा छलफल भएको)। यो चाहिँ हाम्रो ।ा मा यो ०६१, ०६२ साल देखिबाटै ।ा मा काम गरेर हामी सबैलाई कम्प्युटरको सबै Training दिने उसैले दिएर सबै हाम्रो न्यायाधीशहरुलाई सबैलाई दिएर बसेको व्यक्ति हो पछि २०६६ सालमा २०६६ कि २०६७ सालमा चाहिँ रामप्रसाद श्रेष्ठज्यूको पालामा उहाँलाई त्यहाँबाट हटाइएको हो। त्यसले गर्दाखेरी अब यो चाहिँ भाइ जस्तो

व्यक्ति हो। उसको मैले अनियमितता गर्नुपर्ने केही पनि कुरा छैन। अमित श्रेष्ठ भनेको मैले चिनेको नै छैन त्यो व्यक्ति। अनि अरु अब मैले धन कमाएर मेरो अब के भन्ने मेरो सम्धि तिलक रावल। अब तिलक रावल जस्तो प्रतिष्ठित व्यक्तित्वलाई अब यस्तरी आरोप लगाएको छ। त्यसले गर्दाखेरि अब यस्तो के छ र? यो सबै झुट्टा हो यो केही होइन त्यस्तो के भन्नु भन्न पनि लाज लाग्नेछ। त्यसको जवाफ दिन पनि लाज लाग्ने किसिमको प्रश्न र यो आरोप छ। त्यसले गर्दाखेरि

<u>प्रश्न नं. ३५:-</u> आईप्लेक्स मल, देवकोटा मार्ग, Irish Laung, फोन नं. ०१४४९०५४९ बानेश्वरमा निजको भाइ प्रभु शमशेर ज.ब.रा.ले भाडामा कोठा लिई मुद्दाका पक्षसँग विचौलिया सौदाबाजी गरी बस्ने र बेला बेलामा प्रधान न्यायाधिश चोलेन्द्र शमशेर ज.ब.रा. स्वयं उपस्थित भई सौदाबाजीमा संलग्न भएको। सो कुरालाई पुष्टि गर्नका लागि निज प्रधान न्यायाधिशका भाई प्रभु शमशेर ज.ब.रा.को टेलिफोनको कल तथा म्यासेज डिटेल तथा उल्लिखित स्थान वरिपरिका सीसीटिभि फुटेज समेत हेरि प्रमाण बुझी पाऊँ भन्ने आरोप तथा उजुरी छ, यसमा आफ्नो भनाई के छ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जवरा:-</u> सबै चिज हालेको छ। यो eye plex बानेश्वरमा त्यो रहेको आईप्लेक्स building मा प्रभु शमशेर जबराले भाडामा लिएको भनेको यो असत्य हो। त्यो त उसैको हो यो चाहिँ उहाँ उसको र अर्को एउटा अर्को व्यक्तिको साझा हो यो। उहाँहरूको दुईओटा परिवारको हो यो ५०-५० प्रतिशत हो कि जस्तो लाग्या छ मलाई, उहाँहरूको यो आफ्नै हो। त्यसकारणले भाडामा लिएको भन्ने यो गलत हो र त्यसमा धेरै व्यापारीक संस्थाहरू छ त्यहाँ, पसलहरू छ त्यहाँ, सबै चिज छ त्यहाँ अब त्यो ले गर्दाखेरिकोमा मेरो भाइलाई किन आरोप लगाएको हो त्यो मलाई थाहा भएन। त्यसपछाडि मैले त्यहाँ जाने भन्या त। मैले त्यहाँ यो जुन मैले गरिराएको छु। यो चाहिँ त एकदमै यो त १०० को १०० प्रतिशत नै गलत छ। मेरै भाइको त्यो कम्पेलेक्स भएपनि नि म त्यहाँ गएकै छैन। त्यो यो त यस्तो किसिमको आरोप त हुँदै होइन। त्यसले गर्दाखेरि यो प्रमाण योग्य नै होइन। यो झुट्ट हो यो।

<u>माननीय सभापतिज्यू:-</u> अब म प्रधान न्यायाधिश चोलेन्द्र शमशेर जबरालाई बैठकमा भाग लिनुभएकोमा धन्यवाद दिदै विदाई गर्दछु।

मितिः २८ भदौ २०७९, मंगलवार

<u>माननीय सभापतिज्यू:-</u> माननीय सदस्यहरू, बैठकको कार्यबाही प्रारम्भ भैसकेको छ। आज प्रधानन्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा सँग महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयमा सोधपुछ तथा बयान लिने कार्य जारी रहने कार्यसूची रहेको छ। सर्वप्रथम म प्रधानन्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रालाई समितिको बैठकमा उपस्थित हुनुभएकोमा धन्यवाद दिन चाहन्छु। प्रधानन्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.राले महाभियोग लगाइएको आरोपसँग सम्बन्धित विषयमा मिति २०७९/०५/१५,१६,१९ र २६ गतेको बैठकमा प्रश्न नम्बर १ देखि ३५ सम्मको प्रश्नको जवाफ दिनुभएको हुँदा अब म प्रश्न नम्बर ३६ बाट बयान लिन सुरु गर्न चाहन्छु र यसभन्दा अगाडि प्रथम सुरुमा नै म एउटा कुरामा अलि स्पष्ट पार्दिन अनुरोध पनि गर्न चाहन्छु। हिजो दिएको जवाफमा, अस्ति दिएको जवाफमा प्रश्न नम्बर २५ मा सार्वजनिक खरिद ऐन अनुसार १ अर्ब भन्दा बढीको ठेक्का लगाउन अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गर्नुपर्छ तर प्रधानन्यायाधीश चोलेन्द्र शमशेर ज.ब.राको चासोअनुसार सर्वोच्चको भवन बनाउन राष्ट्रिय बोलपत्रबाटै ५ अर्ब ८७ करोडको ठेक्का लगाएको, भवन निर्माण विभागले गर्नुपर्ने यो परियोजना " आर्थिक चासो" कै कारण मुख्य रजिष्ट्रारलाई जिम्मा दिइएको छ, भन्ने आरोप तथा उजुरी छ। यस विषयमा थप प्रष्ट पार्दिन म अनुरोध गर्दछु।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:-</u> यो अलिकति यो जुन १ अर्ब भन्दा तल र १ अर्ब भन्दामाथि अन्तर्राष्ट्रिय बिडिङ गर्नुपर्छ कि पर्दैन भन्ने विषयको कुरो चाहिँ यो आर्थिक ऐन, बमोजिमकोमा यो सार्वजनिक खरिद ऐनको दफा बमोजिमको हुनुपर्नेछ त्यति अहिले मलाई त्यस विषयमा त्यति मलाई पनि Knowledge मा छैन। किनभने यो सबै प्रशासन तरिकाले यो सबै प्रशासनिक तरिकालेबाट सबै तलदेखि गरिरहेको हुन्छ। अस्ति पनि मैले आफ्नो बयानको क्रममा मैले भनेको थिएँ कि मैले यो सबै अन्तर्राष्ट्रिय बिड गर्नुपर्ने यो होइन अर्को विषय अर्को चाहिँ। यो त खालि हाम्रो योमुख्य रजिष्टारलाई पनि साथै ल्याउन पाए हुन्थ्यो। मलाई उ भएन, यो चाहिँ जेवीबाट यो हाम्रो यो सार्वजनिक खरिद ऐनमा मलाई लाग्छ। यो दुईओटा व्यवस्था छ। त्यसले गर्दाखेरि अन्तर्राष्ट्रिय बिडिङ गर्ने र त्यसपछि जेवीमा जाने यो दुईटै छ। यसमध्य अघिल्लो पटकनै यसलाई जेवीमा लाने गरेर म भन्दा अगाडिको समितिबाट यसमा निर्णय भएको हुनाले यो भएको छ र त्यो सार्वजनिक खरिद ऐनभन्दा विपरीतमा भएको छैन। मैले अस्तिपनि भने कि यसको यो अदालत व्यवस्थापनको संयोजक मैले भइसके पछाडि मैले गरेको भन्या गरेको भन्ने कुरो यो। यो चाहिँ १ अर्बभन्दा माथि यो आर्थिक ऐन यो ६५ बमोजिमकोमा कार्यालय प्रमुखले गर्नुपर्छ। अब न्यायपालिका प्रमुखले गर्नुपर्ने। कार्यालय प्रमुख भन्नाले हाम्रोमा प्रशासनिक प्रमुख

एउटा हुन्छ। त्यसपछि न्यायपालिकाको प्रमुख चाहिँ संविधानले नै प्रधानन्यायाधीशलाई दिएको हुनाले त्यही आधारबाट मन्त्रीपरिषद्मा गएर मन्त्रीपरिषद्बाट यसलाई चाहिँ सर्वोच्च अदालतबाट नै गर्न भनेर आइसकेपछाडि म कहाँ पेश भएको छ र मैले त्यही वमोजिमको प्रक्रियाहरू गर्न भनेर मैले यसलाई कार्यालय प्रमुखको हिसाबले स्वीकृति गरेको हुँ। त्यो भन्दाहरू यसमा सबै यो जति पनि क्रियाहरू भएको छ। यो सार्वजनिक खरिद ऐनको कुनै पनि दफा ,कुनै पनि व्यवस्थाभन्दा विपरीत यो भएको छैन भन्ने मेरो यसमा भनाई छ।

<u>माननीय सभापतिज्यू:-</u> अनि यसमा अलिकता थोरै, अनि त्यति बेला तत्कालीन सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली र अर्थ मन्त्री विष्णु पौडेलको पनि नाम लिनुभएको थियो। उहाँहरू भएका कारण यो building प्राप्त भयो र उहाँहरूलाई आभार पनि व्यक्त गर्छु भनु भएको थियो त्यो अस्ति उसमा आयो। अहिले त्यो पनि जान्न खोजेको प्रष्ट हुनलाई।

<u>प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जवरा:-</u> यो अलिकति अब यो भ्रम चाहिँ माननीय सदस्यज्यूको पत्रकारसँगको भेटघाटको कारणले भएछ। मैले पनि सुनें मैले पनि पछि यताबाट गइसकेपछि, यहाँ आउने बेलासम्म मलाई थाहा थिएन तर बाहिर गइसकेपछाडि मैले सुनें। अलिकति न्यायपालिका र कार्यपालिका यो विचमा जति पनि क्रियाहरू हुन्छ। यो अलिकति अब भ्रम सिर्जना भयो। मैले चाहिँ के भनेको थिएँ भने मेरो आफ्नो बयानमा, अघिको बयानमा सर्वोच्च आदालको भवन साविकको भवन २०७२ सालको भुइचालोले जीर्ण भयो। सबै त्यो काम नै नलाग्ने तरिकाले भयो, जीर्ण भयो त्यहाँ बस्न सक्ने हाम्रो अवस्था थिएन। त्यसले गर्दाखेरि Annex building का साना-साना कोठाहरूलाई हामीले इजलास बनायौं र कतिपय इजलास त हामीले पालमा राख्यौं। त्यसपछाडि गएर तल अर्को तल पछि चौरमा समेत राखेर पाल राखेर त्यसमा पनि हामीले इजलास चलाएर हामीले अगाडि बढेका थियौं। त्यो जुन जग्गा हामीलाई ६६ सालमा हुनुपर्छ प्राप्त भएको जग्गामा भवन बनाउनलाई भनेर नयाँ भवन बनाउने भनेर प्राप्त भएको जग्गामा चाहिँ एकातर्फ राष्ट्रिय अभिलेखालयले करिब अगाडिपट्टि सबै ओगटेर बसेको थियो र पछाडि पट्टि चाहिँ घोडातबेलाको सैनिकले ओगटेर बसेको जग्गा सर्वोच्च अदालतलाई छुट्टयाइएको रहेछ, दिएको रहेछ निर्णय गरेर सरकारले ६६ सालमा होला। त्यो जग्गामा अब यो भुइचालो गइसकेपछाडि निरन्तर प्रयासहरू हामीले गर्यौं। हामीले यो नयाँ भवन बनाउनको लागि प्रयास गर्यौं। त्यसपछाडि सम्माननीय प्रधानमन्त्रीज्यूले यो अगाडि पट्टि अभिलेखालयको जग्गा हटाएर भवन निर्माणलाई चाहिँ सहयोग गरिदिनुपर्यो भनेर अब न्यायपालिकाको प्रमुखको हिसाबले हामीहरूले अनुरोध गरेका हौं र त्यो अनुरोध गरिसकेपछाडि त्यो अभिलेखालयको भवन त हट्ने भएन। पछाडिपट्टि सैनिकको चाहिँ अझ ३५ मिटर चाहिँ नथपिकन नहुने भएकोले हुनाले

सैनिकको जग्गाको यो घोडतबेलाको ३५ मिटर थपेर दिएर सेनालाई चाहिं यतापट्टि अर्को सिंहदरबार उत्तर पश्चिमतर्फको सरकारी जग्गा उपलब्ध गराएर त्यसपछाडि भवन बनाउनलाई हामीले स्वीकृति भयो नक्सा पास भयो। त्यो क्रिया गर्नमा त्यो भवन बनाउनलाई जग्गा छुट्टाइदिएकोमा मैले सम्माननीय प्रधानमन्त्रीज्यूलाई मैले हरेक ठाउँमा चाहिं अदालत भवन बनाउनको लागि अदालत भवन बन्ने किसिमबाट जग्गा उपलब्ध गराइको हुनाले न्यायपालिकाको तर्फबाट र म प्रधानन्यायाधीशको र सम्पूर्ण न्यायपालिकाका न्यायाधीश र कर्मचारीको तर्फबाट र बारको तर्फबाट पनि मैले आभार व्यक्त गरेर गर्दै सबै ठाउँमा मैले व्यक्त गरेको छु भन्ने मैले यो शब्द प्रयोग गरेको हुँ। यसको अलावा भवन कोरोनाको टाइममा बजेट सरकारसँग न्यून बजेट भएको बेलामा पनि बजेटनै थिएन त्यो बेलामा पनि नि यो अहिले हाम्रो सर्वोच्च अदालत अलिकति ठुलो अलिकति लागत धेरै भएको हुनाले संसदको भवनभन्दा पनि यसको लागत धेरै छ। त्यसले गर्दा त्यो भवन बनाउनेलाई बजेट छुट्टाइदिएको मा मैले सहृदयतापूर्वक तत्कालीन माननीय अर्थमन्त्रीज्यूलाई मैले आभार व्यक्त गरेको हुँ। यो क्रियामा उहाँहरू संलग्न हुनुहुन्थ्यो भनेर मैले कहीं पनि कुनै शब्दबाट बया गरेको छैन। त्यो जुन बाहिर आएको छ। अभिव्यक्ति हो मैले भनिहालें नि यो चाहिं यो क्रिया भनेको कस्तो हुन्छ भने तीन किसिमले बुझ्न सकिन्छ। एउटा कम बुझाइ हुन्छ। एउटा बराबरी बुझाइ हुन्छ। एउटा बढी बुझाइ हुन्छ। आधारबाट यो आयो अब बुझाइ त आफ्नो आफ्नो हो। यो आधारबाट आएको हुनाले चाहिं अब यसलाई मैले स्पष्ट गर्नुपर्ने होइन। मैले चाहिं न्यायपालिकाको सर्वोच्चको प्रधानन्यायाधीशको न्यायापालिकाको प्रमुखको हिसाबले न्यायापालिकाको सबै कर्मचारी न्यायाधीश र यसमा संलग्न कानुन व्यवसायीको तर्फबाट पनि सर्वोच्च अदालतको अब यो राष्ट्रिय महत्वको भवन चाहिं बन्नलाई सहयोग पुऱ्याइदिएको मा मैले आभार व्यक्त गरेको हुँ। यति मात्र हो।

<u>प्रश्न नं. ३६:-</u> प्रधान न्यायाधीश श्री चोलेन्द्र शमसेर ज.ब.रा.ले मुद्दाका पक्षहरुसँग बिचौलिया तथा सौदाबाजी गरि काठमाडौंको ठमेलमा श्रीमती रेजी राणाको नाममा २ रोपनी जग्गा खरिद गरेको (उक्त जग्गा बिक्री भैसकेको) हुनाले के कुन आर्थिक स्रोतबाट उक्त जग्गा खरिद गरिएको हो भन्ने कुराको यथार्थ छानविन भएमा भ्रष्टाचार र अनियमितता पुष्टि हुने भएकाले सो सम्बन्धमा आवश्यक प्रमाण बुझिपाऊँ भन्ने आरोप तथा उजुरी छ, यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबरा:-</u> यो उजुरी दुईटै नै यो झुट्टा छ, यो उजुरी यो अभियोग यो भनेको छ यो झुट्टा छ। मैले मेरो कालिकास्थानको घरजग्गा बिक्री गरेर यो ६५ सालमा मेरो श्रीमतीको नाममा यो जग्गा खरीद गरेको हो। यो २ रोपनी होइन १ रोपनी ५ आना १

दाम १ पैसा छ, जम्मा २१ आना १ दामको यो जग्गा छ र अहिले पनि मेरै श्रीमतीको नाममा छ। त्यसमा साविकदेखि नै त्यसमा हामीले व्यवसाय गरेर होटलको व्यवसाय गरेर अहिले पनि छ। यो ६५ सालमा मैले खरीद गरेको हुँ। यो जुन उजुरी छ यो विक्री गरिसकेको भनेको यो पनि झुठो हो र दुई रोपनी भनेको यो पनि झुठो हो। चाहिँ मैले आफ्नै कालिकास्थानको घर जग्गा विक्री गरेर यो खरीद गरेको हुँ।

प्रश्न नं. ३७:- क्यासिनोको मुद्दामा राज्यलाई राजस्व नतिरी क्यासिनो व्यवसायलाई निरन्तरता दिन सघाउ पुऱ्याउने उद्देश्यले क्यासिनो संचालकबाट मोटो रकम लिई राज्यलाई नोक्सानी पुऱ्याएको सम्बन्धमा यथार्थ विवरण छानविन गरि पाउँ, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

प्रधानान्यायधीश चोलेन्द्र शमशेर जवरा:- यो कुरो सतप्रतिशत झुठो हो। यसमा कुनै पनि किसिमको सत्यता छैन। मैले त्यसरी राजश्व हिनामिना हुने गरेर कुनै मेरो इजलासबाट फैसला पनि भएको छैन। यो अहिले पनि यो क्यासिनो सम्बन्धीको यो मुद्दाहरु सरकारले क्यासिनोमा यो नियम बनाएर फरक फरक नीतिहरु बनाएको हुनाले त्यसउपरको अझै पनि कानुनको व्याख्या कानुन बनाएर गर्नु भन्ने हिजो सर्वोच्च अदालतको आदेश थियो फैसला थियो। त्यो बमोजिमको कानुन नबनाएर यो पर्यटन नियमावलीमा हालेको कारणले गर्दाखेरि अहिले पनि यो विवाद छ। अहिले पनि यो फैसला भइसकेको छैन र जहाँसम्म यो क्यासिनोले राजस्व नतिरेको भन्ने छ एउटा मलाई सम्झना भएसम्म यो होटेल यो Everest क्यासिनोको विषयमा थियो। Everest क्यासिनोबाट कर असुलोपर गर्नको लागि सरकारले ल्याएको थियो। उ आएको थियो। आउँदाखेरि मैले तिर्नुपर्ने गरेर नै त्यसलाई आदेश गरेको छु। त्यो भन्दा वढी यसमा कहीं फैसला नै भएको छैन। यो मेरोबाट कुनै पनि यसमा उ छैन।

प्रश्न नं. ३८:- २०७७ साल भाद्र १८ गते संवैधानिक इजलासमा सुनुवाईको लागि पेशी तोकिएको संवैधानिक परिषद ऐन प्रथम संशोधन अध्यादेश सम्बन्धी रिट निवेदनको सुनुवाई नै रोक्ने माग लिएर सर्वोच्च अदालतलाई नै विपक्षी बनाइएको दर्ता नै नहुने रिट निवेदन भाद्र १६ गते दर्ता हुनु, भाद्र १७ गते पेशी तोकिनु, भाद्र १७ गते नै एक न्यायाधीशको इजलास रहेको ३ वटा इजलास गठन हुनु, एउटामा १६ थान, अर्कोमा ९ थान र तेश्रोमा ३ थान मात्र निवेदन तोकिनु र ३ थान निवेदन तोकिएकोमा पहिलोमा कैफियत प्रतिवेदन झिकाउने र दोश्रोमा न्यायिक काम कारवाई रोक्ने निवेदन पर्नु र सोही इजलासले आफ्नो न्यायिक सिमा र वन्देज उल्लङ्घन गर्दै सर्वोच्च अदालतबाट नै स्थापित सिद्धान्त विपरीत (दशरथ कुर्मी विरुद्ध सर्वोच्च अदालत।

भाद्र १८ गतेको संवैधानिक इजलासको सुनुवाई नै रोक्ने गरि अन्तरिम आदेश जारी हुनु र भाद्र १८ को कजलिष्टबाट उक्त मुद्दा हटाइनुले न्यायिक विचलन, विकृति र विसङ्गतिको नमूना प्रस्तुत भएको, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जवरा:-</u> यो विषयमा अघिल्लो पहिलो नि यो भन्दा अगाडिकोमा पनि प्रश्नहरु थियो। त्यो प्रश्नमा मैले सबै खुलाइसकेको छु। यो इजलास गठन गर्ने यो प्रधानान्यायाधीशलाई संविधानले र न्यायप्रशासन ऐनले दिएको जिम्मेवारी हो। यो विषयमा प्रश्न उठाँउन नै सकिन्न। दिएको जिम्मेवारी हो र मैले कुनै पनि मुद्दा न्यायाधीशकोमा नै पेश गर्ने हो र सबै न्यायाधीश आफ्नो बयानमा भनेको छु। सबै न्यायाधीश सक्षम र स्वतन्त्र छ। सर्वोच्च अदालतको न्यायाधीशलाई यसरी शंका गरिनु हुँदैन। यस्तो शंकाले कुनै पनि निराकरण हुँदैन। अस्ति पनि मैले भनिसकेको छु। अघिल्लो पटकको बयानमा पनि मैले भनेको छु। म आज निलम्बनमा भएको साढे ६ महिना आज त सातै महिना हुन लाग्यो। त्यो बेलासम्म आजसम्म पनि यसको फैसला हुन सकेको छैन। त्यसले गर्दाखेरि मुद्दा फैसला हुन त प्रक्रियामा जानु पर्छ। रोक्ने नरोक्ने त प्रश्न नै छैन। मेरो त्यसमा रोक्न लाई कुनै न्यायाधीशलाई भनेर यो रोक्न नलगाएको यो कुनै विषयवस्तु नै होइन र त्यो हुँदा पनि होइन। मैले यो मुद्दा संवैधानिक मुद्दाको कुरा छ तत्कालको अवस्थामा मैले यो दुईटा संसद विघटनको मुद्दाहरुबाट लामो भयो। त्यसपछाडि कोरोनाको कारणले गर्दाखेरि अवरुद्ध भयो। त्यस खुलेपछाडि तत्कालै पेश हुदाँ खेरि को मा प्रश्नहरु उठ्यो। प्रधानन्यायाधीश बस्ने र नबस्ने भन्ने उठ्यो। त्यसपछाडि मैले बस्दिन भनिसकेर मैले अब बस्न नहुने भन्ने कुरा सहकर्मी साथीहरुले चाहिँ नबसिदिएर दुईदिन छुट्टी लिए हुन्छ। हेयरिङ बेला र अर्को निर्णय गर्ने बेलामा बस्दा हुन्छ। कामु बनेर गर्दिँदाखेरि मिल्छ भने पछाडि मैले त्यसैलाई सहमति जनाएर मैले आफैले मैले मुद्दा हेर्दिन भनिसकेपछि फेरि यो मुद्दालाई लम्ब्याउनु पर्ने, म आफैले हेर्नुपर्ने र यसलाई चाहिँ बइग्याउनुपर्ने मेरो के दायित्व र कर्तव्य र के स्वार्थ छ र? मेरो विरुद्धको यो के हो र? यो त मेरो विरुद्धको यो त मुद्दा होइन। त्यसले गर्दाखेरि यस्तो यो जुन उजुरी छ, यो निरर्थक हो, यो गलत हो, यो कुनै पनि तथ्य र आधारले पुष्टि हुँदैन।

<u>प्रश्न नं. ३९:-</u> प्रधानन्यायाधीशको नाताका मानिस मन्त्रिपरिषद्मा समावेश गराइनु र चर्को विरोध पश्चात् मन्त्रीको राजीनामा आउनुले प्रधान्यायाधीशको आचरण र व्यवहारमा नै गम्भीर शङ्का उत्पन्न गराएको छ। राजनीतिक प्रकृतिका अनेकौं संवैधानिक विवादहरु सर्वोच्च अदालतमा विचाराधीन रहेको र यस्ता प्रकृतिका विवादहरु निरन्तर आइरहने तथा कतिपय विवादहरु प्रधानन्यायाधीश कै इजलासले निर्णय सुनाउन बाँकी राखिएको अवस्थामा प्रधानन्यायाधीश र

राजनीतिक दलहरुबीच भागवण्डाको सौदाबाजीको कुरा बाहिरिनुले न्यायपालिकाप्रतिको जनआस्था नै गम्भीर खतरामा पर्न गएको छ। संविधानले प्रत्याभूति गरेको शक्तिसन्तुलन र नियन्त्रणको मूलभूत सिद्धान्त नै समाप्त हुने आशङ्का बढाएको, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> यो प्रश्नलाई सम्मानित समितिबाट समावेश नगराइदिया भए राम्रो हुन्थ्यो किनभने मलाई यो जुन आरोप लगाइयाथ्यो २१ बटा बुँदामा, यो थिएन। यो थिएन। यसलाई किनभने प्रमाण मात्र पछि मगाएर हेर्ने भन्ने थियो तर अब यसलाई यो बनाइयो। यो प्रश्न बनाइएर मलाई यसलाई अब अभियोगमा नै पऱ्यो भनिसकेपछाडि मैले यसको जवाफ दिनै पर्छ। पत्रपत्रिकाहरुमा प्रधानन्यायाधीशले मन्त्रिपरिषदमा भाग माग्यो, माग्या छ र फलानो-फलानो चाहिँ मन्त्री हुँदै छ भनेर आयो। त्यो कुरालाई मैले विज्ञप्ति मार्फत् यो गलत हो, यो होइन भनेर मैले निकालें। त्यसपछाडि हाम्रो एउटा न्यायाधीशको यो न्यायाधीश समाजको वार्षिक, मिटिङ थियो, त्यसमा पनि मैले यस्तो किसिमको आयो। तपाईंहरुले शंका नगर्नुहोस्, यो कुनै यो होइन भनेर मैले यो झुट्टा छ, यस्तो पत्रपत्रिकामा यो होइन भनेर मैले भनें। त्यसपछाडि त्यसपछि यो प्रश्नहरु निरन्तर आयो, आइसकेपछाडि सार्वजनिक भएको नामको नै मन्त्री हुँदै छ भन्ने पनि प्रश्न आयो। मन्त्री हुँदै छ, यो मन्त्री बनाईँदै छ भन्ने पनि आयो। जुन नाम आएको छ, त्यो नामलाई प्रधानन्यायाधीशसँग टाँसिसक्यो। त्यसले गर्दाखेरि त्यो व्यक्तिलाई न्यायाधीश मन्त्री बनाउनु हुँदैन भनेर नबनाइयोस्। यदि हो भने नबनाइयोस् भनेर तत्कालै मैले अब धेरै यसमा म जान्न। मैले सम्बन्धित पदाधिकारीलाई जसले प्रधानमन्त्री जसले मन्त्री नियुक्ति गर्ने हो, जसले यो मन्त्री नियुक्त गर्ने ठाउँमा भएका पदाधिकारीहरु हुनुहुन्थ्यो, अहिलेको गठबन्धनमा उहाँहरुलाई मैले हार्दिकतापूर्वक अनुरोध गरें, तर पनि भयो। भएपछाडि त्यो भोलिपल्टको शनिवारको दिन थियो, मैले अनि मैले फेरि पनि भनें यसले त समस्या पैदा भयो नि। भनिसकेपछाडि फेरि उहाँलाई चाहिँ राजीनामा दिएर जानुभएछ। यो क्रियामा अब यो प्रश्न नआइदिया भए हुन्थ्यो। यो प्रश्नलाई महाभियोगमा अहिले नजोडिदिएको भए हुन्थ्यो। अब यो धेरै कुरो यो सबै सार्वजनिक भा हुनाले धेरै कुरो खोल्दा पनि राम्रो हुन्न। यो चाहिँ अचम्मको छ, यो कुरो धेरै खोल्दाखेरि मलाई लाग्छ, राम्रो हुन्न। मन्त्री बनाउने क्रिया संविधानले प्रधानमन्त्रीको हो। प्रधानमन्त्रीले कसैको दबावमा कसैको प्रभावमा अनि कसैको अनुरोधमा मन्त्रिपरिषद् गठन गर्नुहुन्छ भन्ने कुरो हामीले कल्पना गर्न सक्छौं र? त्यस्तो आरोप पनि प्रधानन्यायाधीशलाई लगाउन मिल्छ र? पटक-पटक प्रधानमन्त्री ज्यूले होइन है यो जुन मन्त्री बनाएको छौं, यो त हाम्रै क्रियाशील सदस्य हो। त्यत्रो सहयोग गरेका सदस्य हो, उसलाई बनाएको हुँ भनेर भन्नु

भो। त्यसपछाडि त्यसमा संलग्न अरु राजनीतिक दलहरुले होइन है त्यो त कांग्रेसले उहाँहरुको आफ्नै मान्छेलाई बनाउनु भा हो। यसमा प्रधानन्यायाधीशको केही भूमिका छैन भन्नु भो र पनि यो टाँस्या-टाँस्यौ नै भो। प्रधानन्यायाधीशसँग टाँस्या-टाँस्यौ भो। यो टाँसिनै नहुने थियो। यस्तो क्रियाहरु प्रधानन्यायाधीशले गर्छ भन्ने कुराको हामीले Presume पनि गर्नु हुन्न, अनुमान पनि गर्न हुन्न। यो पदीय दृष्ट्रिकोणबाट प्रधानन्यायाधीश जस्तो गरिमामय पदमा बसेको व्यक्तिबाट यसरी उसलाई सम्माननीय प्रधानमन्त्री ज्यूलाई दबाव दिने अनि यस्तो सिफारिस गर्ने अनि उहाँले बनाइदिने भन्ने क्रियाहरु हुनै सक्तैन। हुँदै होइन। त्यसले गर्दाखेरि असत्य कुराहरुमा हामीले पछाडि लाग्नुहुन । यसमा सत्यता छैन । यो मलाई लगाएको यो गलत आरोप हो ।त्यसपछाडि अब यसबाट अर्को अब अर्को एउटा गम्भीर एउटा आरोप पनि छ यसमा । प्रधानन्यायाधीश र राजनीतिक दलहरु बिच भागवन्डाको सौदाबाजीको कुरा बाहिर आयो ।यो पनि पत्रिकामा आएको थियो ।त्यसले गर्दा यो नै बसैमा इन लिष्ट यसलाई पुष्टि गर्ने आधार, कारण छैन ।कुनै पनि आधार छैन । कुनै यसमा सत्यता छैन ।प्रधानन्यायाधीशले राजनीतिक दलसँग के सौदाबाजी गर्ने, के को लागि, के विषयमा राजनीतिक दलसँग सौदाबाजी गर्ने, यो सौदाबाजी यौं विषय गरियो भने भइदिएको भए हुन्थ्यो ।त्यो पनि छैन अनि त्यसपछाडि संविधानले प्रत्याभूत गरेको, शक्ति सन्तुलन-र नियन्त्रणको मुलभूत सिद्धान्त नै समाप्त हुने आशंका बढाएको यो कसरी, के ले पुष्टि हुन्छ ? त्यसले गर्दाखेरि सार्वजनिक पदमा बसेको व्यक्तिलाई अब सार्वजनिक पदमा बसेको व्यक्तिलाई आरोप लगाउँदाखेरि संविधानले व्यवस्था गरेका यी सबै आशंकाका आधार र कारणहरु लगाउने चल्न छ ।त्यही अनुसार यो आरोप लगाइयो। यसमा कुनै सत्यता छैन। यो चाहिँ झुठा हो। त्यसले गर्दाखेरि यसलाई यो आरोप बाट प्रधानन्यायाधीशलाई महाअभियोग लगाउनुपर्ने छैन ।

<u>प्रश्न नं. ४०:-</u> २०६९ भाद्रदेखि ओरेण्टल को-अपरेटिभ लि. का तत्कालीन अध्यक्ष सुधिर बस्नेत लगायतबाट आठ हजारजति सर्वसाधारणको झण्डै पाँच अर्ब निक्षेप रकम ठगी भएको, सहकारी ऐन, २०७४ अनुसार सरकारबाट ओरेण्टल को-अपरेटिभ लि. लाई समस्याग्रस्त संस्था घोषणागरी सो संस्थाको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न व्यवस्थापन समितिको गठन भयो। समितिले सम्पत्ति छानविन गरी ठगी भएको निक्षेप रकम सम्बन्धी कागजात पनि प्रमाणित गर्दै संस्थाको दायित्व भुक्तानी कार्य अघि बढाउँदै थियो। सो कार्यलाई रोक्न सुधिर बस्नेतले सर्वोच्च अदालतमा दिएको रिट निवेदनमा प्रधान न्यायाधीश चोलेन्द्र शमसेर ज.ब.रा. समेतबाट, सहकारी ऐन, २०७४ को विपरीत सुधिर बस्नेतको पक्षमा फैसला आदेश गरेर ठगी कार्यलाई प्रोत्साहन गरियो। विभिन्न अनलाइन तथा स्थानीय पत्र पत्रिकामा प्रवाहित समाचार अनुसार सुधिर बस्नेतले प्रधानन्यायाधीश चोलेन्द्र शमसेर ज.ब.रा.का भाई प्रभु शमसेर ज.ब.रा.

मार्फत ठूलो रकम चलखेल मिलाएर आफ्नो पक्षमा फैसला आदेश गराएको, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> यो विषयमा मलाई जहाँसम्म मलाई सम्झना छ ।मैले एउटा अन्तरिम आदेशसम्म यसमा गरेको छु कि जस्तो मलाई लागेको छ ।त्यसदेखि बाहेक यो मुद्दामा मेरो कुनै पनि संलग्नता छैन । यो मुद्दा अहिले पनि यो, यो सुधिर बस्नेत संगको सहकारीको मुद्दाहरु बैंकसँगको यो सहकारी र बैंकसँगका मुद्दाहरु धेरै छन त्यहाँ सर्वोच्च अदालतमा अनि यो ठगी मुद्दामा पनि सुधिर बस्नेतले थुनछेकवाट नै सबै आफ्नो थुनचेकमा बस्नुपर्ने तत्कालिन अवधि जति पनि छ ।ठगी मुद्दाको सबै नै कैद भुक्तान गरिसकेको त्यो मिसिलबाट देखिन्छ ।त्यसले गर्दाखेरि अब यसमा यो सुधिर बस्नेतलाई अहिले पनि सुधिर बस्नेत मुद्दाहरु सबै सर्वोच्च अदालत मै छ ।फैसला भएको छैन, यो किन यस्तो उजुरी गरेको हो ? मैले यो बुझ्न सकिनँ ।त्यसले गर्दा मेरो भाइ सर प्रभु शमशेर मार्फतबाट गऱ्यो, उ गऱ्यो भने कुराहरु चाहिँ सबै गलत हो, झुट्टा हो ।यसमा कुनै सत्यता छैन ।

<u>प्रश्न नं. ४१:-</u> प्रधानन्यायाधीश चोलेन्द्र शमसेर ज.ब.रा.ले भाइ प्रभु शमसेरका नाममा ठमेलमा ८ आना जग्गा गोठाटारमा करिब साढे ३ रोपनी जग्गा भेटिएको तथा परिवारका नाममा अस्वभाविक सम्पत्ति रहेको, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्

<u>प्रधानन्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> यो त मलाई पनि यो विषयमा प्रभु शमशेर भनेको मेरो भाइ हो र हामी बिच, हामी चार जना दाजु भाइको ५९ सालमा अंशवन्डा भइसकेको छ। अब म वहाँहरुको भन्दा धेरै टाढा बसेको छु। त्यसले गर्दा प्रभु शम्शेरको नाममा ठमेलमा के कति जग्गा छ? अनि यो गोठ्ठाटारमा तीन रोपनी जग्गा छ भन्ने विषयको Knowledge चाहिँ मलाई छैन। यसको मेरो जानकारीमा छैन। मेरो परिवारको नामको सम्पत्ति त मैले सबै नै आफ्नो सम्पत्ति विवरणमा देखाएको छु। त्यहीवाट अध्ययन गर्दा भइहाल्छ।

<u>प्रश्न नं. ४२:-</u> प्रधानन्यायाधीश चोलेन्द्र शमसेर ज.ब.रा.ले स्वकीय सचिव पुष्पा तिवारीको आमा सावित्रा कुमारी शर्मा (प्राथमिक विद्यालयको अवकाश प्राप्त शिक्षिका) लाई राष्ट्रिय महिला आयोगको सदस्यमा नियुक्ति दिलाएको तथा राष्ट्रिय मानवअधिकार आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग तथा समावेशी आयोगमा आफ्ना सहकर्मी साथीलाई नियुक्ति दिलाएको, भन्ने आरोप तथा उजुरी छ। यसमा आफ्नो भनाई के छ ? खुलाउनुहोस्।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जवरा:-</u> त्यस विषयमा अघिल्लो मैले बयानमा पनि भनिहालें त्यहाँ एउटा प्रक्रिया छ, त्यो प्रक्रिया बमोजिम योग्य व्यक्तिहरूलाई गर्ने हो त्यसपछाडि यो

कसैको परिवारलाई गर्ने, त्यसपछाडि अब कसैलाई पनि त्यहाँ राजनीतिक आधार पनि हुँदैन। त्यसमा सम्बन्धको आधारबाट पनि नियुक्ति हुँदैन। योग्य व्यक्तिहरूलाई नियुक्ति गर्ने हो। योग्य व्यक्ति नियुक्ति भएको छ। योग्यताको विषयमा कुनै प्रश्न यसमा छैन।

<u>माननीय सभापतिज्यू:-</u> अब अन्तिम प्रश्न।

<u>प्रश्न नं. ४३:-</u> तपाईंलाई लागेका महाभियोग आरोपका सम्बन्धमा निर्दोष छु भन्ने केही प्रमाण पेश गर्न चाहनु हुन्छ भन्ने पेश गर्न सक्नु हुन्छ।

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:-</u> मैले अब मेरो अन्तिम यो मेरो भनाई चाहिँ म भन्छु। म मेरो अन्तिम भनाई राख्छु। मलाई महाभियोग प्रस्ताव भएको छ र यो प्रस्तावमा छानबिन गर्न अनुसन्धान गर्न सम्मानित समितिलाई अधिकार संसदले तोकेको छ। यसमा रहनुहुने सबै माननीय सांसदहरूलाई यो गरिमाको विषय छ। यो इतिहासमा विरलै आउने विषयवस्तु छ र यस्तो महाभियोगको प्रस्ताव विरलै हुन्छ संसारमै विरलै हुन्छ। तर नेपालमा रिपिट भैराख्या छ। यो २०४७ सालदेखि नै यो महाभियोगको प्रस्ताव चाहिँ अब परिवर्तनको सँगसँगै प्रधानन्यायाधीशलाई महाभियोग लगाउने, न्यायाधीशलाई महाभियोग लगाउने चाहिँ निरन्तर आईराख्या छ, यो दु:खद छ। यो यस्तो क्रिया चाहिँ दु:खद छ। अब प्रधानन्यायाधीशलाई महाभियोग लाग्या छ प्रधानन्यायाधीशको पनि न्यायाधीश हुने सौभाग्य चाहिँ यो सम्मानित समितिलाई छ। त्यसले गर्दाखेरि संवैधानिक दायित्व, त्यसपछाडि कानुनको दायित्व, अन्तर्राष्ट्रिय मूल्य र मान्यता त्यसपछाडि न्यायाको मूल्य र मान्यतालाई गम्भीर रुपमा महसुस गरेर यसमा निर्णय लिनुहुने नै छ भन्ने कुरामा म सबै माननीय सदस्यज्यू लगायत सभापतिज्यूसँग मेरो पूर्ण विश्वास छ। त्यसले गर्दाखेरि प्रधानन्यायाधीशले भोलि इतिहासमा प्रधानन्यायाधीशलाई अन्याय पर्यो भन्ने नदेखियोस्। प्रधानन्यायाधीशले गल्ती गरेका यी जति पनि आरोपबाट र यसबाट र सम्बन्धित प्रमाणहरूबाट देखिन्छ भने त्यही किसिमको होस्। मेरो चाहिँ यो छ, त्यसले गर्दाखेरि प्रधानन्यायाधीशको पनि न्यायाधीश हुने जुन सौभाग्य अहिले यो समितिले प्राप्त गरेको छ यसमा सबै गम्भीर भएर र देशलाई एउटा निर्देश र निकास दिने दृष्टिकोणबाट माननीय सदस्यहरूले गम्भीर भएर निर्णय गर्नुहुनेछ भन्ने मेरो विश्वास छ र यसमा मैले थप भनाई राख्नुपर्ने र थप प्रमाण मैले पेश गर्नुपर्ने केही पनि छैन। यो जति पनि आरोपहरू छ यो सैद्धान्तिक आरोपहरू छ, प्रधानन्यायाधीशको योग्यतामा भन्दापनि प्रधानन्यायाधीशले विश्वसनियतामा काम गर्न सकेन भन्ने एउटा आरोप छ। यो आरोप यो जति पनि आरोप छ यो आरोप सबै निरर्थक सबै आधारहीन छन्। मैले यो आफ्नो सबै बयानमा भनेको छु र केही राजनीतिक मुद्दाको

परिणामबाट न्यायाधीशमा फैसलाको पूर्वानुमान गरेर पत्रपत्रिकादेखि लगायत सबैले पूर्वानुमान गरेर यसमा न्यायाधीश र प्रधान्यायाधीशको विचमा विभेद गराइयो र त्यसैको आधारबाट केहीलाई हौसला दिइयो र केहीलाई आश्वासन दिइयो। त्यही आधारबाट प्रधान्यायाधीशलाई चाहिँ प्रधानन्यायाधीशको पदबाट अलि पर राख्नुपर्छ काम गर्न दिनुहुन्न भन्ने वातावरण सिर्जना गर्नको लागि यो महाभियोगको र त्यसपछाडि सबै क्रियाकलापहरू भएको भन्ने कुरा मैले कात्तिक ७ गते यो २०७८ साल कात्तिक ८ गतेबाट यो सबै क्रियाहरू सुरु भएको छ, मैले एकदम प्रष्ट रुपमा राखिसकेको छु। त्यसको जड भनेको दुईटा प्रतिनिधि सभा विघटनको र त्यसको भन्दापनि अझ पछाडिको जुन प्रतिनिधि सभाको २०७८ विघटनको २०७८ हामीले आषाढ २८ गते जुन फैसला गर्यौं, त्यसपछाडिको परिणाम हो यो। त्यसले गर्दाखेरि यो जतिपनि आरोपहरू छ यो आरोपहरू यो यो आरोपहरू चाहिँ अब कृत्रिम निर्मित हो। यो आरोपबाट प्रधानन्यायाधीशको विरुद्धमा महाभियोग लाग्न सक्ने छैन। मैले त्यसले गर्दाखेरि यो अभियोगलाई निष्कृय गरिनुपर्छ र निष्कृय होस् भन्ने मेरो बयान छ, दावी छ।

४४. तपाईंलाई सवाल-जवाफ १ देखि ४३ सम्मका सम्पूर्ण व्यहोरा देखाई पढी वाची सुनाईन्छ। यसमा तपाईंले भने बमोजिमको व्यहोरा ठीक छ छैन?

<u>प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरा:-</u> सवाल जबाफ १ देखि ४३ सम्मका सम्पूर्ण व्यहोरा पढी सुनी मैले भने बमोजिमको व्यहोरा ठीक छ।

इति संवत् २०७९साल ०६ महिना ०१ गते रोज ०७ शुभम्।

अनुसूची १२ : कर्मचारीहरुको विवरण

क्र.स.	पद	कर्मचारीको नाम, थर	कैफियत
समिति सचिवालय तर्फ			
१.	सहसचिव (कानून)	श्री लक्ष्मी प्रसाद गौतम	समिति सचिव
२.	उपसचिव (कानून)	श्री चन्द्र प्रसाद अधिकारी	
३.	शाखा अधिकृत	श्री राजन घिमिरे	
४.	शाखा अधिकृत (कानून)	श्री जलेश्वर राम	
५.	नायब सुब्बा	श्री नबिन कुमार सिंह	
६.	कम्प्यूटर अपरेटर	श्री किरण अर्याल	
७.	कम्प्यूटर अपरेटर	श्री कमल बोहरा	
८.	कार्यालय सहयोगी	श्री शर्मिला ढुंगाना	
प्रविधि तर्फ			
१.	माइक संचालक/ रेकर्डिङ अपरेटर	श्री केशब बहादुर कार्की	
२.	माइक संचालक/ रेकर्डिङ अपरेटर	श्री शंकर प्रसाद वस्ती	
३.	क्यामेराम्यान	श्री पुरुषोत्तम मगिया	
४.	भिडियो एडिटर	श्री सुरज ढकाल	
५.	फोटोग्राफर	श्री शालिग्राम तिवारी	
मुद्रण तथा प्रकाशन तर्फ			
१.	सिनियर प्रेस टेक्निसियन	श्री राजेन्द्र प्रसाद लामिछाने	
२.	सिनियर प्रेस टेक्निसियन	श्री गम्भीर मान सिंह	
३.	कार्यालय सहयोगी	श्री मदन गिरी	
भर्चेटिम तर्फ			
१	कम्प्यूटर अपरेटर	सुरज पाण्डे	
२	कम्प्यूटर अपरेटर	जनक राज तामाङ्ग	
३	कम्प्यूटर अपरेटर	दिपेश कंडेल	
४	कम्प्यूटर अपरेटर	अरुणा भण्डारी	
५	कम्प्यूटर अपरेटर	सन्तोष कुमार यादव	
६	कम्प्यूटर अपरेटर	उपेन्द्र राय यादव	

अनुसूची १३ : महाभियोग सिफारिस समितिको काम कारबाहीका तस्बीरहरु







